नेपाल कानून पत्रिका

भाग - ५८ | २०७३ पुस | अङ्क - ९

नेकाप २०७३ पुस अङ्क ९

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत	- सदस्य
नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री शैलेन्द्र दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री गजेन्द्रबहादुर सिंह

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री विनोदकुमार यादव
ना.सु.श्री पुष्पराज शर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

भाषाविद् : उपप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७३... ... ... , नि.नं. ... , पृष्ठ ...

(साल) *(महिना)*

उदाहरणार्थ : *नेकाप* २०७३, पुस, नि.नं.९६६४, पृष्ठ १६०९

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन २०७३ ... ... १ वा २, पृष्ठ ...

(साल) *(महिना)*

उदाहरणार्थ : सअ बुलेटिन, २०७३, पुस – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ नेपाल कानून पत्रिका तथा त्यसको तल सर्वोच्च अदालत बुलेटिनमा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

www.lawcommission.gov.np

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	९६६४ पूर्ण लुटपिट	रमेशप्रसाद पुडासैनी विरूद्ध ज्ञानुदेवी राय यादवसमेत	▪ कानून कार्यान्वयनको सिलसिलामा आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी कुनै कार्य गर्दा कसैलाई क्षति हुन गएमा क्षतिको परिपूरण त्यस्तो निकायले बहन गर्ने अलग विषय हो । कानून उल्लङ्घन गरी कसैले मापदण्डविपरीत घर बनाएको छ भने त्यसरी घर बनाउने व्यक्ति स्वयम्ले त्यस्ता संरचना हटाउनु पर्ने हुन्छ । मापदण्डविपरीत बनाएको घर आफैँले उठाई लैजानु पर्ने वादीको कानूनी दायित्व भएकोमा वादीले सो दायित्व पूरा नगरेबाट नगरपालिकाले कानूनबमोजिम गरेको कार्यलाई लुटपिटको दायराभित्र पारी दायित्व बहन गराउनु सर्वथा अनुचित हुन जाने	१६०९
२.	९६६५ पूर्ण उत्प्रेषण / परमादेश	दीपेन्द्रनाथ शर्मा विरूद्ध महेश जाजु	▪ परमादेशको आदेश जारी हुनका लागि सार्वजनिक दायित्व बहन गर्ने अधिकारीले कानूनबमोजिम गर्नु पर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको अवस्था रहेको देखिनु पर्ने हुन्छ । कानूनबमोजिमको अख्तियारी पाएको निकायले कानूनको अख्तियारी प्रयोग गरी गरेको काम कारबाहीका सम्बन्धमा परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिने ।	१६१७
३.	९६६६ संयुक्त अंश दर्ता चलन	विष्णुमाया मगर्नीसमेत विरूद्ध डुकुमाया क्यापछाकी	▪ सामान्यतया सन्तानले आफ्नो बाबुआमाबाट नै अंश पाउने हो । बाबुले आफ्नो पुख्यौंली सम्पत्तिबाट आफ्ना अन्य अंशियारबाट अंश पाउने हो । तर सगोलमा बसेको अवस्थामा बाबुबाजे छोरानाति पनातिसमेत एक आपसमा भरपर्ने गरेको हुन्छ । अविभाजित सम्पत्तिबाट नै सबैको निर्वहन गर्नुपर्ने हुन जाने ।	१६२६
४.	९६६७ संयुक्त उत्प्रेषण / परमादेश	पृथ्वीबहादुर पाँडेसमेत विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत	▪ पारस्परिक कानूनी सहायता अन्तर्गत प्रदान गरिने बैंक खातासम्बन्धी कुनै विवरणलाई प्रमाणको रूपमा प्रस्तुत गरी अभियोग लगाउँदा वा त्यसलाई ग्रहण गर्दा सम्बन्धित व्यक्ति (अभियुक्त) लाई प्रतिवादका लागि उचित सुनुवाइको मौका प्रदान गर्नु नै पर्ने	१६३३

			हुन्छ । यस प्रकारको सुनुवाइको मनासिब अवसर नै प्रदान नगरी सम्बृद्ध न्यायिक परम्परा भएको अष्ट्रेलियन न्याय प्रणालीमा रिट निवेदकहरूका विरूद्धमा कुनै निर्णय गरिन्छ होला भनी सम्झनु उचित नहुने ।	
५.	९६६८ संयुक्त बन्दीप्रत्यक्षीकरण	रविन श्रेष्ठ विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत	▪ निवेदकले डाँका उद्योग र हातहतियार खरखजाना मुद्दामा भएको फैसलाउपर पुनरावेदन नगरी दुवै फैसला अन्तिम भएर बसेको देखिन्छ । मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. मा माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार डाँका उद्योग मुद्दामा तीन वर्ष कैद सजाय हुने भएपनि निवेदक एउटा कलमको तीन वर्ष मात्र थुनामा बस्नु पर्नेमा मिति २०६९।२।१९ देखि नै थुनामा रहेकोले डाँका उद्योग मुद्दाको कैदी पुर्जीअनुसार मिति २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने भन्न नमिल्ने ।	१६५०
६.	९६६९ संयुक्त दूषित निर्णय बदर	कर्णबहादुर चन्द विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९/६/१६ मा निर्णय भई विभागीय सजायको लागि लेखी पठाएको सम्म देखिन्छ । सजायको लागि कुनै कानून वा दफा किटान गरेको वा सजाय नै प्रस्ताव गरी लेखी पठाएको अवस्था देखिँदैन । यस्तो अवस्थामा आयोगको काम कारबाही किन र कसरी दूषित हुन गएको हो, सोको कुनै ठोस आधार र तर्कसम्म पनि पुनरावेदकले प्रस्तुत गर्न सकेको देखिँदैन । निर्णय दूषित भएको दाबी लिने पक्षले केवल दाबी लिन मात्र पर्याप्त हुँदैन, सोको पुष्टि हुने प्रमाण पुर्‍याउनु पर्ने दायित्व पनि प्रमाण ऐन २०३१ को दफा २७ बमोजिम निजमा नै रहेको मान्नुपर्ने ।	१६५५
७.	९६७० संयुक्त उत्प्रेषण	अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत विरूद्ध नेपाल सरकार	▪ कुनै पत्रिकामा प्रकाशित सामग्रीले कसैको मान प्रतिष्ठा र ख्यातिमा आँच आएमा सोको उचित क्षतिपूर्ति तिर्नु बुझाउनु पर्ने नै हुन्छ । पत्रपत्रिका अति संवेदनशील व्यवसाय हो । यसले जनताको सुसूचित हुने अधिकारलाई सुनिश्चित गर्दछ । जनताको यो अधिकार कुण्ठित नहोस् भन्ने अभिप्रायबाट व्यवसायलाई संविधान र कानूनले सजगताका साथ सुरक्षित गरेको छ । तर यो अधिकारको प्रयोग गर्दा अनावश्यक तवरबाट	१६६३

			आफ्नो व्यक्तिगत फाइदाको लागि वा बदला लिन आत्मसन्तुष्टिको लागि कसैको मान मर्दन गर्न नहुने ।	
८.	९६७१ संयुक्त परमादेश	कुमार पुरी विरूद्ध वैदेशिक रोजगार विभाग, काठमाडौंसमेत	▪ वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नका लागि अनुमति दिनबाट रोक लगाउने व्यवस्था रहे भएको देखिँदैन । कुनै कानूनले कुनै पेसा वा व्यवसाय सञ्चालन गर्नमा कुनै किसिमको रोक वा प्रतिबन्ध नलगाएको स्थितिमा बिना कानूनी आधार कार्यकारी आदेश वा निर्णयका आधारमा मात्र नागरिकलाई संविधान र कानूनले प्रदान गरेको पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने हकमा रोक लगाउन नमिल्ने ।	१६७०
९.	९६७२ संयुक्त कर्तव्य ज्यान	दानविक्रम थापासमेत विरूद्ध नेपाल सरकार	▪ दण्ड सजायको १ नं. अन्तर्गत सजायबाट छुट पाउनका लागि कसुरदार वा प्रतिवादीको मानसिक अवस्था आरोपित आपराधिक कार्य गर्दाको बखत त्यस्तो कार्यको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको हुन अनिवार्य हुन्छ । अन्यथा प्रतिवादीलाइ यो प्रावधानअन्तर्गतको सजायमा छुटको सुविधा वा उन्मुक्ति प्राप्त हुन सक्ने नहुने ।	१६७६
१०.	९६७३ संयुक्त परमादेश	दिवाकर क्षेत्रीसमेत विरूद्ध नेपाल सरकार	▪ नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्त्वपूर्ण प्रमाणपत्र हो । नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानून निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरू तय गरेको हुन्छ । कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा वा रोजगार, पेसा, व्यवसायमा संलग्न हुँदैमा त्यो राष्ट्रको नागरिक भई हाल्दैन । राज्यको नीतिको अधीनमा रही कानूनले नागरिकता प्राप्त गर्ने खास आधार र प्रक्रियाहरू तय गरेको हुन्छ । यस्ता आधार र प्रक्रियाहरू पूरा गर्ने व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी हुने	१६८२
११.	९६७४ संयुक्त वैदेशिक रोजगार कसुर	नेपाल सरकार विरूद्ध तुलसीप्रसाद गिरी	▪ प्रमाण कानूनले लिखत प्रमाणलाई सर्वोत्तम प्रमाण मान्दछ । त्यसैले लिखतमा उल्लेख भएको कुरा अन्यथा प्रमाणित भएमा बाहेक सोमा उल्लेख भएको कुरालाई भरपर्दो र बस्तुपरक प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्ने ।	१६८७

१२.	९६७५ संयुक्त कर्तव्य ज्यान र अपहरण	नेपाल सरकार विरूद्ध विकाउ भन्ने रामस्वरूप मुखिया विनसमेत	▪ कुनै काम, घटना वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने व्यक्ति वा सो काम, घटना वा अवस्थाबाट पीडित भएको व्यक्तिले कुनै काम वा घटनाका सम्बन्धमा मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा १० मा भएअनुसार पनि घटनाका पीडित र प्रत्यक्षदर्शी दुवै रहेका यी पीडितहरूको मौकाको भनाइलाई अदालतमा आइ बकपत्र नगरेको आधारमा मात्र प्रमाणमा लिन नमिल्ने भन्न नमिल्ने ।	१६९४
१३.	९६७६ संयुक्त कर्तव्य ज्यान	नेपाल सरकार विरूद्ध वीरबहादुर लुहारसमेत	▪ प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी परे तापनि उक्त जाहेरी जाहेरवालाको बकपत्रबाट नै खण्डित भइरहेको अवस्थामा जाहेरी व्यहोरा केवल आवेशमा आई शंकाका भरमा मात्र दिएको प्रस्ट हुन्छ । त्यसमा पनि जाहेरी आफैँमा प्रमाण हुन सक्दैन । यो घटना भएको, घटनाको सम्भावना रहेको जस्ता अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्ने (First Information Report) का रूपमा मात्र दिइने हो जसलाई सत्य नै हुन्छ भनी भन्न सकिँदैन । यी प्रतिवादीको समेतको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि नभएको र स्वयम् जाहेरवालाको बकपत्रबाट समेत समर्थित नभएको अवस्थामा यसको प्रामाणिक मूल्य रहेको मान्न नसकिने ।	१७०९
१४.	९६७७ संयुक्त मानव बेचबिखन ओसारपसार	नेपाल सरकार विरूद्ध सोमबहादुर तामाङ	▪ कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी कानूनले अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ । प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपुरक भने होइनन् । ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा वेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने	१७१९

			वा वेश्यावृत्तिमा लगाएकोनै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसार पसार भने गरेको नै मानिने ।	
१५.	९६७८ संयुक्त बन्दीप्रत्यक्षीकरण	विनोद भण्डारी विरूद्ध महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंसमेत	▪ ठगी मुद्दा सरकारवादी फौजदारी भई चल्ने मुद्दा हो । ठगी नै हो वा विशुद्ध लेनदेनको विषयलाई ठगी भनिएको हो अर्थात् ठगी गरेको ठहर्ने नठहर्ने विषय अदालतको फैसलाबाट निरूपण गरिने विषय हो । तर ठगीमा जाहेरी नै नलिने, सोमा अनुसन्धान नै नगर्ने भन्ने हुँदैन । ठगीमा जाहेरी परी अनुसन्धानका लागि म्याद थप गरिपाउँ भनी आएकोमा अदालतले उपयुक्त देखेमा कानूनको परिधिभित्र रही म्याद थप गर्न पाउने नै हुन्छ ।	१७२९
१६.	९६७९ संयुक्त उत्प्रेषण	कैलाश मिश्र विरूद्ध श्रम अदालत, काठमाडौं, अनामनगरसमेत	▪ लगातार ३० दिनभन्दा बढी प्रतिष्ठानमा उपस्थित नभई गयल भएमा सेवाबाट हटाउन सकिनेछ भन्ने उल्लेख भएको हुँदा उक्त नियमावलीको व्यवस्थाले स्वत: कामदार कर्मचारीलाई ३० दिनभन्दा बढी गयल हुने बित्तिकै हटाइहाल्ने भन्ने होइन, त्यसका पनि निश्चित सर्तहरू पूरा गर्नुपर्ने देखिन्छ । श्रम ऐनको दफा ५१(ग२) मा उक्त लगातार ३० दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा भन्ने खराब आचरणमा कारवाही गर्दा दफा ५३ बमोजिम सुनुवाइको मौका दिन स्पष्टीकरण सोध्नुपर्छ त्यसरी स्पष्टीकरण सोध्दा जवाफ दिन पनि ७ दिनको म्याद दिनुपर्ने हुन्छ । उक्त नियमावलीको नियम ३७(२) बमोजिमको कसुर र दफा ५१(ग२) बमोजिमको कसुर एउटै भएको हुँदा समान कसुरमा एउटामा सुनुवाइको मौका दिएर हटाउनु पर्ने र अर्कोमा सुनुवाइको मौका नदिई हटाउन सकिन्छ भन्ने अर्थ गर्न नमिल्ने ।	१७३४
१७.	९६८० संयुक्त उत्प्रेषण	दुलारी देवी विरूद्ध सम्पत्ति शुद्धीकरण विभाग केशरमहल, काठमाडौंसमेत	▪ गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी उजुर परी सो उजुरीउपर अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धानबाट जे निष्कर्ष निस्कन्छ सोहीबमोजिम हुने नै हुँदा सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भइरहेको काम कारवाहीलाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।	१७४१

१८.	९६८१ संयुक्त निर्देशन बदर	बीरभद्र विक्रम शाह विरूद्ध अन्सल चौधरी डेभलपर्स प्रा.लि.	▪ बाह्य विकास भनेको यो यो कार्यको लागि हो र सो कार्यबापत यति शुल्क लाग्छ भनी ऐनको दफा १८ अनुसार सम्झौतामा नै उल्लेख हुनुपर्ने देखिन्छ । वस्तुतः सम्झौतामा स्पष्ट उल्लेख नभएको गोलमटोल भाषामा बाह्य विकासको शुल्क बुझाउनेछु भनी खरिदकर्ताले सम्झौता गरेको छ भनी संस्थापकको स्वइच्छाअनुसार बाह्य विकासको परिभाषाले सम्झौताको रूप धारण गर्न सक्दैन । सम्झौतामा स्पष्ट खुलाएको खर्चको हकमा सम्झौताअनुसारको आर्थिक दायित्वको विषय बन्न सक्दथ्यो । सो नभएको र बाह्य विकास शुल्कको परिभाषाले यो यो कार्यहरू समेट्ने भनी सम्झौतामा स्पष्ट नभएको हुँदा यो विषय शुद्ध करारीय दायित्वअन्तर्गत पर्ने न्यायिक अधिकारक्षेत्र ग्रहण हुनेसम्मको अवस्था पनि नदेखिने।	१७४६
१९.	९६८२ संयुक्त उत्प्रेषण / परमादेश	शारदा देवी पौडेल विरूद्ध नेपाल सरकार	▪ निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा ३ बमोजिम अनिवार्य अवकाशको गणनाको प्रयोजनको लागि कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक विवरणमा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने कानूनी व्यवस्था भएको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाले प्रस्ट तथा द्विविधारहित व्यवस्था गरेको छ। यस्तो अवस्थामा कानूनी व्यवस्थाको स्पष्ट प्रावधानको स्थानमा व्याख्याको गुन्जायस रहँदैन । उल्लिखित कागजात, प्रमाणपत्रहरू मध्ये जुन कागजमा उल्लिखित जन्म मितिको आधारमा पहिले अवकाश हुन्छ सोही मितिबाट कर्मचारीको अनिवार्य अवकाश हुने निर्विवाद हुने।	१७५९

२०.	९६८३ संयुक्त उत्प्रेषण	रामबहादुर धिमिरे विरूद्ध नेपाल सरकार	▪ क्षति भएको बसको प्राविधिक मूल्याङ्कन रू.१०,९७,३७७।- रहेको, अवशेष मूल्य (scrap value) रू.४०,०००।- घटाउँदा हुन आउने रकम रू.१०,५७,३७७।- रहेको कुरा मिति २०६२।१२।१४ को सवारी साधन क्षतिको मूल्याङ्कन फारामबाट देखिएको छ । बिमाको सम्बन्धमा कुनै प्रमाण पेस भएको छैन भनी प्राविधिक मूल्याङ्कनमा खुलाइएको देखिन्छ । राहतस्वरूप रू.८४,०००।- बुझिसकेको भनी निवेदनमा नै खुलाएको देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निवेदकले पाउनु पर्ने रकम भुक्तानीको लागि बारम्बार अर्थ मन्त्रालयलाई निकासाको लागि पत्राचार भएको कुरा मिसिल संलग्न पेस भएका कागजात र उक्त मन्त्रालयको लिखितजवाफबाट समेत देखिएको अवस्था हुँदा उक्त कार्यविधिको प्रकरण ४.२ बमोजिम राहत / क्षतिपूर्ति दिनु पर्नेमा नदिई रकम निकासा दिन नसकिने भन्ने अर्थ मन्त्रालयको निर्णयलाई मनासिब र उपयुक्त निर्णय भनी मान्न नसकिने ।	१७६५
२१.	९६८४ संयुक्त मानव बेचबिखन तथा ओसारपसार जबरजस्ती करणी	लाक्पा शेर्पासमेत विरूद्ध नेपाल सरकार	▪ कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन नसक्ने ।	१७७३
२२.	९६८५ संयुक्त उत्प्रेषण / परमादेश	सुवास थापासमेत विरूद्ध नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंसमेत	▪ कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समय अवधिभित्र ऋण बुझाउनु निजको बाध्यात्मक दायित्व हो । ऋण लिँदा कबुल गरेको सर्तअनुसार ऋण तिर्ने जिम्मेवारीबाट पन्छन खोज्ने कसैलाई पनि कानूनले सहयोग गर्न सक्दैन । सञ्चालकहरूका बीचमा भएको विवादका कारण निर्धारित समयभित्र आफूले लिएको ऋण रकम चुक्ता गर्नुपर्ने दायित्वबाट पन्छिन मिल्दैन भने नियमबमोजिम साँवा ब्याजसमेत तिर्ने ऋणीको हकमा दायित्व निरन्तरता रहिरहन पर्ने पनि होइन । तसर्थ नेपाल राष्ट्र	१७९२

			बैंकले मिति २०७२।२।२४ मा दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले मिति २०७२।९।३० मा धितो फुकुवा गर्ने निर्णय गरी सो निर्णयको कार्यान्वयनसमेत भएको कानूनसम्मत् नै देखिने।	
३३.	९६८६ संयुक्त परमादेश	अधिवक्ता अर्जुन कुमार अर्यालसमेत विरूद्ध नेपाल सरकार	▪ गढीमाई मेलाका क्रममा हुने गरेको वातावरणीय प्रदुषण नियन्त्रण गरी स्वस्थ्य र स्वच्छ वातावरण कायम राख्न बली दिइएका पशु पन्छीको मासुलगायतका पदार्थको उचित व्यवस्थापन गर्न, मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्न, पशु बधशाला र मासु जाँच ऐन, २०५५ लागू गर्न तथा गढीमाई मन्दिर र आसपासका क्षेत्रमा स्वच्छ र स्वस्थ वातावरण कायम गर्न तथा बली दिइएका पशुको रगत, मासु, छालालगायत अन्य कारणबाट स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन आवश्यक प्रबन्ध मिलाउनु भनी विपक्षीहरूका नाउँमा आदेश जारी गर्नु आवश्यक देखिन आउने।	१७९८
३४.	९६८७ संयुक्त परमादेश	सृजन खरेल विरूद्ध नेपाल सरकार	▪ नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन । राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ । मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण नहुने।	१८३३

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

निर्णय नं.९६६४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति :२०७२।९।९
०७२-CF-०००१

मुद्दा : लुटपिट

पुनरावेदक / प्रतिवादी : भीमदत्त नगरपालिका कार्यालयका तर्फबाट कार्यकारी अधिकृत रमेशप्रसाद पुडासैनी

विरूद्ध

प्रत्यर्थी / वादी : कञ्चनपुर जिल्ला साबिक महेन्द्रनगर नगरपालिका हाल भीमदत्त नगरपालिका वडा नं. ४ बस्ने ज्ञानुदेवी राय यादवसमेत

- **वादीले मापदण्डविपरीत घर निर्माण गरेको कारणबाट महेन्द्रनगर नगरपालिकाबाट मिति २०५८।९।१९ मा घर भत्काउन आदेश दिएको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम घरलगायतका स्थायी संरचनाहरू निर्माण गर्नुपूर्व स्वीकृति लिनुपर्ने बाध्यात्मक कानूनी सर्तहरू पालना नगरी उल्लङ्घन गरेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) ले दिएको अधिकार प्रयोग गरी मापदण्डविपरीत निर्माण भएको घर भत्काउने आदेश जारी गरी घर भत्काएको कार्यलाई कानूनविपरीतको कार्य भन्न नमिल्ने ।**
- **नगरपालिकाको निर्णयमा चित्त नबुझेमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्ने कानूनी मार्ग भएकोमा वादीले उक्त मार्ग अनुशरण नगरी बसेको पाइन्छ । नगरपालिकाको उक्त आदेश बदर नभएसम्म सो आदेशबमोजिम भए गरेका काम कारवाहीहरू कानूनसम्मत मान्नु पर्ने ।**

(प्रकरण नं. ४)

- **कानून कार्यान्वयनको सिलसिलामा आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी कुनै कार्य गर्दा कसैलाई क्षति हुन गएमा क्षतिको परिपूरण त्यस्तो निकायले बहन गर्ने अलग विषय हो । कानून उल्लङ्घन गरी कसैले मापदण्डविपरीत घर बनाएको छ भने त्यसरी घर बनाउने व्यक्ति स्वयम्ले त्यस्ता संरचना हटाउनु पर्ने हुन्छ । मापदण्डविपरीत बनाएको घर आफैँले उठाई लैजानु पर्ने वादीको कानूनी दायित्व भएकोमा वादीले सो दायित्व पूरा नगरेबाट नगरपालिकाले कानूनबमोजिम गरेको कार्यलाई लुटपिटको दायराभित्र पारी दायित्व बहन गराउनु सर्वथा अनुचित हुन जाने हुन्छ । यसकारण नगरपालिकाले कानूनबमोजिम घर भत्काएको कार्यलाई लुटपिट भन्न नमिल्ने हुँदा वादी दाबी पुग्न सक्ने नदेखिने ।**

(प्रकरण नं. ६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू विनय स्थापित, बामदेव ज्ञवाली र विजय मैनाली

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् अधिवक्ता प्रेमसिंह

धामी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- स्थानीय स्वायत्त शासन ऐन, २०५५

सुरू कञ्चनपुर जिल्ला अदालतमा फैसला गर्ने:-

मा.जिल्ला न्या. श्री रामप्रसाद अधिकारी

पुनरावेदन अदालत, महेन्द्रनगरमा फैसला गर्ने :-

मा.मु.न्या. श्री लक्ष्मणमणि रिसाल

मा.न्या. श्री बमकुमार श्रेष्ठ

सर्वोच्च अदालत संयुक्त इजलासमा फैसला गर्ने :-

मा.न्या.श्री बैद्यनाथ उपाध्याय

मा.न्या. श्री दीपकराज जोशी

फैसला

न्या. सुशीला कार्की : पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६५।१२।१० को फैसलामा सर्वोच्च अदालतको संयुक्त इजलासका माननीय न्यायाधीशबीच रायमा मतैक्य नभई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

जिल्ला कञ्चनपुर महेन्द्रनगर नगर विकास समितिबाट प्राप्त म ज्ञानुदेवीको नाउँमा दर्ता रहेको महेन्द्रनगर नगरपालिका वडा नं. ४ कि.नं. १९८ को श्रेणी क को क्षेत्रफल ६०×१०० वर्गफुट ज.वि.०-१-१३ को घडेरी जग्गामा २०५३ साल फाल्गुण महिनामा घर निर्माण सुरू गरी २०५४ साल आषाढ महिनामा घर तयार भएको हो । उक्त १ तले पक्की घर रू.१५,००,०००।- को लागतमा निर्माण भएको हो । अंशियारहरूका बीचमा जिल्ला अदालतमा अंश मुद्दा चली सोमा भएको मिलापत्र कार्यान्वयन हुन नसकेको कारण समयमै नक्सा पास हुन सकेको थिएन । विपक्षीहरूले मिति २०५८।०९।१६ मा घर पर्खाल भत्काउने भनी मौखिक जानकारी गराएपछि पुनरावेदन अदालतमा निषेधाज्ञाको निवेदन गर्दा सो अदालतबाट मिति २०५८।९।१९ मा विपक्षीबाट लिखित जवाफ माग्ने र रिटको टुङ्गो नलागेसम्म यथास्थितिमा राख्ने भनी अन्तरिम आदेश जारी भएको थियो । पुनरावेदन अदालतबाट भएको आदेशको पालना नगरी विपक्षीले मिति २०५८।९।१९ का दिनमा नै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ को प्रक्रिया पूरा नगरी दफा १६२ बमोजिमको कानूनी उपचारको बाटो नै नदिई दफा १६१, १६२ र १६३ विपरीत नगर प्रमुखसहितका नगरपालिकाका कर्मचारी र अन्य अपरिचित व्यक्तिसमेत भई मेरो घर भत्काई घरभित्र रहेका सामानहरू तोडफोड गरी हानि नोक्सानी पुर्‍याई लुटपिटको १ नं. को कसुर गरेकोले सोही महलको ७ नं. अनुसार नालिस गर्न आएको छु । विपक्षीहरूबाट लुटपिट भएको जम्मा बिगो रू.१४,१८,०००।- ऐ. को ६ नं. अनुसार सबै विपक्षीबाट दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको ज्ञानुदेवी राय यादव र बुद्धन यादवको संयुक्त फिराद दाबी ।

वादीले भनेबमोजिम हामीहरूले कुनै पनि सामान लुटपिट गरेको होइनौं । महेन्द्रनगर विकास समितिअन्तर्गतको आवासीय श्रेणी क कि.नं. १९८ को जग्गामा वादीहरूले नक्सा पासको पूर्व स्वीकृति नलिई घर निर्माण गरेको हुँदा यस कार्यालयको च. नं. १०७४ मिति २०५४।०३।१६ को पत्रमार्फत रोक्का गर्न पत्राचारसमेत गरिएकोमा वादी यस नगरपालिकामा आई नक्सा पास गर्न २० दिनको समय माग गरेका थिए । सो समयभित्र पनि अटेर गरी बसेकोले मिति २०५८।०९।१९ गते बिहान १०:३० बजे देखि उक्त घर भत्काउने कार्य भइरहेकोमा दिनको ३:३० बजे अदालतको आदेश प्राप्त हुँदासाथ उक्त घर भत्काउन छोडी टोली फर्केको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले नगरपालिकालाई प्रदत्त कानूनी अधिकार

प्रयोग गरी नगर विकास समितिको मापदण्डविपरीत अनियमित तरिकाले नक्सा पाससमेत नगरी बनाइएको घर र तोकिएको मापदण्डविपरीत बनेक संरचनाहरू मात्र भत्काइएको हो । निजको नगदी तथा जिन्सी समानहरू लुटपिट गरेका छैनौं । झुठ्ठा फिराद गर्ने विपक्षीहरूलाई दण्ड सजायको १८ नं. अनुसार सजाय गरी ऐ. का १९ नं. अनुसार क्षतिपूर्तिसमेत दिलाई वादी दाबीबाट फुर्सद पाउँ भन्नेसमेत व्यहोराको नगर प्रमुख सूर्यबहादुर कुँवर, उप-प्रमुख ईश्वरीप्रसाद खरेल, परियोजना संयोजक खेम भण्डारी र कार्यालय प्रमुख बलदेबप्रसाद भट्टसमेतको संयुक्त प्रतिउत्तर पत्र ।

नगर प्रमुख, उप-प्रमुख तथा खेम भण्डारीको निर्देशनमा १०।१२ जना व्यक्ति भई गाडी औजारसमेत प्रयोग गरी मिति २०५८।०९।१९ गते ६ बजेसम्म घर तोडिरहेका थिए । बुधन यादवको घर तोडफोडबाट लुटपिट गरी १४ लाख जतिको नोक्सानी भएको छ । परिवारका मानिसलाई सो समयमा देखिएन । तोडफोड गर्ने सबै व्यक्तिहरूलाई नामबाट चिन्दिन भन्नेसमेत व्यहोराको करिब एकै मिलानको वादी ज्ञानुदेवीका साक्षी धनिकलाल र विशेश्वरप्रसाद शाहले गरेको बकपत्र ।

लुटपिट गरेको भनेको मितिमा प्रतिवादीहरू आफ्नै अफिसमा नै थिए । निजहरूले लुटपिट गरेका होइनन् । नगरपालिकाको प्रत्येक शाखाले गर्ने काम सबै कर्मचारीलाई जानकारी हुनुपर्छ भन्ने छैन भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका साक्षी पुष्पराज भट्ट र अर्जुनदेव जोशीले लेखाइदिएको बकपत्र ।

नगरपालिका क्षेत्रमा घर निर्माण गर्नुअगावै नक्सा पास गर्नुपर्ने कानूनी व्यवस्था छ । मिति २०५४।०३।१६ मा नगर विकास समितिबाट निर्माण कार्य रोक्का राख्नु भनी पत्राचार भएको देखिन्छ । तत्पश्चात् २० दिनको समय माग गरी सो समय गुज्रेको र नक्सा पास गर्नेतर्फ वादीले कारवाही अगाडि बढाएको कुनै कागजातबाट देखिन्न । मापदण्डअनुरूप घर निर्माण गर्न लगाउने र नगर्नेलाई आवश्यक कारवाही गर्ने अधिकार नगरपालिकामा सुरक्षित हुन्छ । वादीहरूबाट दायित्व उल्लङ्घन भएको कुरामा विवाद छैन । नगरपालिकाबाट पुनरावेदनको म्याद दिनु पर्नेमा नदिई कार्यविधिगत त्रुटि हुन गएको अवस्थासम्म विद्यमान रहेको छ । अदालतमा कानूनबमोजिम उपचार माग्न आउने व्यक्तिले पहिले स्वयम् कानूनी दायित्व पालना गरेको हुनुपर्दछ । यी वादीले मिति २०५४।०३।१६ पछि मिति २०५८।०९।१८ सम्म नक्सा पासका लागि आवेदनसम्म नगरी धिङ्न्याई गरेबाट नगरपालिकाबाट घर भत्काउने कार्य गरेको अवस्था देखिँदा यी वादीको दाबीसँग सहमत हुन सकिएन । अत: लुटपिटको बिगो दिलाई सजायसमेत गराई पाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६४।०३।०७ मा भएको फैसला ।

विपक्षीहरूले मिति २०५८।०९।१९ गते सबै डकुमेन्ट एकै दिन खडा गरी कलुषित भावना राखी नक्सा नै पास नगरी घर बनाए पनि जरिवाना लिएर नक्सा पास गरिदिनेतर्फ कुनै कारवाही नचाली हामीहरूको हक भोगको जग्गामा बनेको घर तोडफोड गरेका हुन् । उक्त कार्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१, १६२ र १६३ विपरीत छ । यसै विषयलाई लिएर दर्ता भएको निषेधाज्ञाको निवेदनमा आदेश जारी हुने र अवहेलनामा विपक्षीहरूलाई सजाय हुने ठहर पुनरावेदन अदालतबाट भएतर्फ पनि सुरू अदालतबाट ध्यान नदिई फैसला भएको छ । यसरी कञ्चनपुर जिल्ला अदालतले सबै प्रमाण नबुझी मिसिल संलग्न प्रमाणसमेतको कुनै मूल्याङ्कन नै नगरी हचुवा तर्क लगाई अन्यायपूर्ण फैसला गरेकाले विपक्षी झिकाई पुनरावेदनमा उल्लिखित तथ्यगत आधार एवं प्रमाणसमेतको मूल्याङ्कन गरी सुरू फैसला बदर गरी वादी दाबीबमोजिम न्याय पाउँ भन्नेसमेत व्यहोराको वादीहरू बुधन यादव र ज्ञानुदेवी

राय यादवको पुनरावेदन अदालत, महेन्द्रनगरमा परेको पुनरावेदन पत्र ।

यसमा आफ्नो नाम दर्ताको जग्गामा बनाएको घर भत्काएको देखिँदा वादी दाबी नपुग्ने ठहर्‍याएको फैसलामा अ.बं. २०२ नं. को विद्यमानता देखिँदा प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६४।११।८ को आदेश ।

नगर प्रमुख सूर्यबहादुर कुँवर, उपप्रमुख ईश्वरीप्रसाद खरेल र संयोजक खेम भण्डारीको हकमा वादी दाबी कानूनसम्मत एवं मनासिब देखिन नआएकोले निजहरूको हकमा दाबी पुग्न नसक्ने ठहर्‍याएकोसम्म सुरूको इन्साफ मिलेकै देखियो । तर नगरपालिकाको तर्फबाट भवन भत्काउने आदेश दिँदा दफा १६१(६) अनुसार वादीलाई सफाइको मौका नदिइएको बीस (२०) दिनभित्र नक्सा पास गर्न आउनेछु भनी वादीको कागज गराएको रजिस्ट्रको पानाबाट देखिए पनि त्यसलाई सफाइको मौका दिएको भन्न नमिल्ने हुँदा मिति २०६०।६।१४ मा जिल्ला प्राविधिक कार्यालय, कञ्चनपुरबाट भएर आएको मूल्याङ्कनअनुसार घरसमेतको जम्मा मूल्य रू.८,९७,५५०।- वादीले महेन्द्रनगर नगरपालिका कार्यालयबाट भराई पाउने ठहर्छ । वादी दाबी पूरै पुग्न नसक्ने ठहर्‍याई मिति २०६४।३।७ मा कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला नमिलेको हुँदा केही उल्टी हुन्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६५।१२।१० मा भएको फैसला ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ ले नगरपालिका क्षेत्रमा भवन निर्माण गर्दा प्रमुखबाट अनिवार्य अनुमति लिनुपर्ने, अनुमति नलिई भवन निर्माण गर्न नहुने प्रस्ट कानूनी व्यवस्था गरेको तर वादीबाट त्यसको पालना हुन सकेको छैन । महेन्द्रनगर नगर विकास समितिले विपक्षी र नगरपालिकासमेतलाई बोधार्थ दिई मापदण्डविपरीतको निर्माण कार्य रोक्न मिति २०५४।०३।०६ मा च.नं. १०७४ को पत्रबाट जानकारी गराएको छ । त्यसैगरी वादी स्वयम् नगरपालिकामा आई नक्सा पास गर्न २० दिनको समय माग गरेकोमा सो समयभित्र अटेर गरी बसेको र निजले निर्माण गरेको संरचनाले नगरपालिकाद्वारा निर्मित मुख्य ढल बन्द हुन गई दुर्गन्धसमेत फैलिन गएकाले सो रोक्नका लागि सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएको संरचनाको केही भाग भत्काइएको हो । कानूनविपरीत कार्य गर्ने व्यक्तिलाई छुट दिँदा झन प्रोत्साहन पाई स्थानीय स्वायत्त शासन ऐन नै निष्क्रिय हुने हुँदा नगरपालिकाले गरेको कानूनबमोजिमको कार्यलाई लुटपिट ठहर गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको फैसला न्यायसङ्गत नहुँदा उल्टी गरी कञ्चनपुर जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भनी महेन्द्रनगर नगरपालिकाको तर्फबाट यस अदालतमा दायर भएको पुनरावेदन पत्र ।

यसमा प्रतिवादी पुनरावेदक ऐनद्वारा गठित स्वायत्त निकाय भएकोले सो निकायको निर्णयानुसार गरिएको कार्यको परिणामस्वरूप फौजदारी दायित्व सिर्जना हुनसक्ने अवस्था नहुनुका अतिरिक्त त्यस्तो निकायले कानूनविपरीत कार्य गरेको भए त्यस्तो कार्यबाट व्यक्तिको क्षति पुग्न गएमा कानूनबमोजिम क्षतिपूर्ति भराउन नालिस उजुर गर्न सक्नु पर्नेमा त्यसो नगरी लुटपिट भनी फौजदारी अभियोग लगाई दायर भएको प्रस्तुत मुद्दाबाट वादीलाई नोक्सान भएको घरसमेतको बिगो नगरपालिकाबाट भराउने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला कानूनी त्रुटिपूर्ण भई फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं.बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०६७।१२।२४ मा भएको आदेश ।

यसमा जुन घर लुटपिट भएको भनी दाबी लिइएको हो सो घर भत्काउन भनी भीमदत्त

नगरपालिकाले गरेको निर्णयसहितको मिसिल उक्त नगरपालिकाबाट र महेन्द्रनगर नगरपालिका विकास समितिले यही घर निर्माण सुरू गर्ने कार्यलाई रोक्का गर्न गरेको कार्यसहितको मिसिल सोही नगर विकास समितिबाट झिकाई आएपछि पेस गर्नु भनी यस अदालतबाट मिति २०७०।०३।१८ मा भएको आदेश।

यसमा आदेशानुसार माग भएका कागजातसहितको सक्कलै फाइल द्वन्द्वकालीन समय २०६२ पौष महिनामा तत्कालीन विद्रोही पक्षबाट यस कार्यालयको कोठाभित्र बम विष्फोट गराइएको कारण कतिपय फायलहरू नष्ट हुन पुगेको कारण फेला पार्न नसकेको भन्ने साबिक महेन्द्रनगर नगरपालिका हाल भीमदत्त नगरपालिका कार्यालयको च.नं. १७८६ मिति २०७०।६।९ को पत्र।

वादीले निर्माण गरेको घर नगरपालिकाले भत्काउने निर्णय गरेकोमा सो निर्णयउपर चित्त नबुझेमा कानूनबमोजिम पुनरावेदन वा अन्य कानूनी मार्ग अवलम्बन गर्नुपर्नेमा दुनियाँ दुनियाँबीचको लुटपिट मुद्दा जस्तो गरी प्रस्तुत विवाद लुटपिटको महलअन्तर्गत आदेश कार्यान्वयन विरूद्ध आएको देखिँदा वादी दाबी यथोचित मान्न मिलेन। नगरपालिकाको मिति २०५८।९।१९ को घर भत्काउने आदेश विरूद्ध कुनै चुनौती नै नपरी यथावतै रहेको र सोही आदेशबमोजिम साबिक महेन्द्रनगर नगरपालिका हाल भीमदत्त नगरपालिकाले वादीको घर भत्काउने गरेको कार्य लुटपिटअन्तर्गत पर्ने नभई स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तोकेको दायराभित्र रही भएको देखिँदा सुरू फैसला उल्टी गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६५।१२।१० को फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर हुने ठहर्छ। वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सदर गर्नुभएको माननीय न्यायाधीश श्री दीपकराज जोशीको रायसँग असहमत भई छुट्टै राय व्यक्त गरेको छु भन्ने व्यहोराको माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायको छुट्टै राय।

वादीले निर्माण गरेका घर लगायतका संरचनाहरू भत्काउनुपूर्व नगरपालिकाले वादीलाई सुनुवाइको मौका दिएको पाइएन। महेन्द्रनगर नगर विकास समितिले वादी ज्ञानुदेवी राय यादवलाई मिति २०५४।३।१६ मा निर्माण कार्य रोक्का गर्ने भनी दिइएको जानकारी पत्रलाई सुनुवाइको प्रयोजनका लागि दिइएको भनी मान्न पनि मिल्दैन। सम्पत्ति लुटपिट भएमा प्राकृतिक व्यक्तिले उपचारको बाटो रोज्ने अधिकार रहेको हुन्छ। सोही अनुरूप प्रस्तुत मुद्दामा वादीले मुलुकी ऐन, लुटपिटको महलअन्तर्गत उपचार माग गर्न मिल्दैन भन्ने देखिएन। यस प्रकार वादी दाबीको घर भत्काउनुपूर्व सफाइको मौका नदिई भत्काइएको देखिँदा वादीको घरलाई भत्काई नगरपालिका कार्यालयबाट प्रत्यर्थी वादीलाई नोक्सान पुर्‍याएको देखिँदा महेन्द्रनगर नगरपालिकाले वादीको घर भत्काई नोक्सान पुर्‍याउने काम गरी लुटपिट गरेको देखिँदा प्राविधिकबाट कायम भई आएको मूल्य रू.८,९७,५५०।- वादीले महेन्द्रनगर नगरपालिका कार्यालयबाट भराई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६५।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरी व्यक्त गर्नुभएको माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायको रायसँग असहमत भई यो छुट्टै राय व्यक्त गरेको छु भन्नेसमेत व्यहोराको माननीय न्यायाधीश श्री दीपकराज जोशीको छुट्टै राय।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट विद्वान् अधिवक्ताहरू श्री विनय स्थापित, श्री बामदेव ज्ञवाली र श्री विजय मैनालीले

नगरपालिका क्षेत्रभित्र कुनै पनि किसिमको निर्माण कार्य सुरू गर्नुपूर्व नगरपालिकाको स्वीकृत लिनुपर्ने हुन्छ । स्वीकृत नलिई निर्माण गरिएको संरचनाहरू भत्काउन पाउने अधिकार नगरपालिकालाई छ । कि.नं. १९८ मा घर निर्माण गर्नुपूर्व वादीले स्वीकृत लिएका छैनन् । २० दिनभित्र नक्सा पास गर्नेछु भनी निवेदकले कागज गरेपनि नक्सा पास गर्नतर्फ वादीले कुनै पहल नै गरेनन् । वादीले सार्वजनिक जग्गासमेत च्यापी घर निर्माण गरेको कारणबाट सार्वजनिक ढल निकासमा असर पुग्न गएकोले नगरपालिकाले त्यस्तो संरचना भत्काएको अवस्था हुँदा लुटपिट गरेको नठहर्ने भनी माननीय न्यायाधीश बैद्यनाथ उपाध्यायबाट व्यक्त भएको राय मनासिब हुँदा उक्त राय कायम हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी वादीहरूका तर्फबाट विद्वान् अधिवक्ता श्री प्रेमसिंह धामीले मापदण्डविपरीत संरचना निर्माण भएमा त्यस्तो संरचनाले जति मापदण्ड मिचेको हो त्यति भागसम्म मात्र भत्काउन पाउने हो सम्पूर्ण संरचना भत्काउन मिल्दैन । संरचना भत्काउन परेमा सम्पत्तिधारकलाई सुनुवाइको मौका दिएको हुनुपर्दछ यो बाध्यकारी व्यवस्था हो । तर सुनुवाइको मौका नै नदिई वादीले निर्माण गरेको घरको संरचना भत्काइयो । यसरी नगरपालिकाले मेरो पक्षको घर भत्काई हानि नोक्सानी पुर्‍याएको अवस्था हुँदा लुटपिट गरेको ठहर्ने भनी माननीय न्यायाधीश दीपकराज जोशीबाट व्यक्त भएको राय मनासिब हुँदा उक्त राय कायम हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक तथा प्रत्यर्थी दुवैतर्फका विद्वान् अधिवक्ताहरूको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू फैसला केही उल्टी गरी महेन्द्रनगर नगरपालिकाले दाबीको कि.नं.१९८ मा बनेको घर भत्काई लुटपिट गरेको ठहर गरी महेन्द्रनगर नगरपालिकाबाट वादीले रू. ८,९७,५५०।- भराई पाउने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट फैसला भएको देखिन्छ । पुनरावेदन अदालत, महेन्द्रनगरको उक्त फैसलाउपर महेन्द्रनगर नगरपालिकाको तर्फबाट परेको पुनरावेदनमा यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीशबीच रायमा मतैक्य नभई फरक फरक राय व्यक्त भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा देहायका विवादित विषयमा निरूपण गर्नुपर्ने देखिन आयो ।

(१) मापदण्डविपरीत बनाएको घर नगरपालिकाले भत्काएको अवस्थामा त्यस्तो कार्य लुटपिटको कसुर हुने हो होइन ?

(२) लुटपिटमा दाबी नपुग्ने भन्ने माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायको राय वा लुटपिट गरेको ठहर गरी वादीले प्रतिवादी नगरपालिकाबाट लुटपिटको बिगो भराई पाउने भन्ने माननीय न्यायाधीश दीपकराज जोशीबाट व्यक्त भएको रायमध्ये कुन राय कायम हुनु पर्ने हो ।

२. पहिलो प्रश्नतर्फ विचार गर्दा ज्ञानुदेवी यादवका नाउँमा दर्ता रहेको महेन्द्रनगर नगरपालिका वडा नं. ४ को कि.नं. १९८ मा निर्माण भएको घर नगरपालिकाले भत्काई बिगो रू. १४,१८,०००।– बराबर लुटपिट गरेकोले मुलुकी ऐन, लुटपिटको महलको ६ नं. ले लुटेको बिगो भराई सजाय गरिपाउँ भन्ने वादी दाबी रहेको छ । कि.नं.१९८ को जग्गामा वादीले घर बनाउँदा नगरपालिकाबाट नक्सा पास नगरेको र सार्वजनिक जग्गासमेत मिची निर्धारित मापदण्डसमेत उल्लङ्घन गरेको कारणबाट कानूनले तोकेको सीमामा रही मापदण्डविपरीत निर्माण भएको भागसम्म भत्काइएको हो भन्ने प्रतिवादी नगरपालिकाको प्रतिवाद रहेको देखिन्छ । वादी र

प्रतिवादी लेखबाट कि.नं. १९८ मा निर्माण भएको घर नगरपालिकाले भत्काएको विषयमा विवाद भएन।

३. कि.नं. १९८ को जग्गामा २०५३ साल फाल्गुनदेखि घर निर्माण गर्न सुरू गरी २०५४ आषाढ महिनामा सम्पन्न गरेको र नक्सा पास नभएको भनी वादीले फिरादमा उल्लेख गरेको हुँदा नक्सा पास नगरीकन घर बनाएको कुरा वादीले स्वीकार गरेको देखिन आयो । नगरपालिका क्षेत्रभित्र घरलगायतका स्थायी संरचना निर्माण गर्दा पुर्‍याउनु पर्ने कार्यविधि र पालन गर्नुपर्ने कानूनी सर्तहरूका विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विविध व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ देखि १६४ सम्म भवन निर्माणसम्बन्धी व्यवस्था गरेको छ। नगरपालिका क्षेत्रमा प्रमुखबाट भवन निर्माण गर्ने अनुमति नलिई कसैले पनि भवन निर्माण गर्न हुँदैन भन्ने व्यवस्था दफा १४९ मा रहेको छ भने सोही ऐनको दफा १५०(१) मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले नक्सासहित तोकिएको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने व्यवस्था गरेको छ । भवनको नक्साको आवश्यक जाँचबुझ गरी भवन निर्माण गर्न मिल्ने नमिल्ने सम्बन्धमा प्रतिवेदन प्राप्त भएपछि ७ दिनभित्र प्रमुखले भवन निर्माण गर्न अनुमति दिनुपर्ने व्यवस्था सोही ऐनको दफा १५५(१) मा रहेको देखिन्छ। ऐनको दफा १६१ (४) मा ऐनबमोजिम अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिनु पर्नेछ र त्यस्तो संरचना नगरपालिकाले भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुलउपर गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्था अध्ययन गरी हेर्दा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्दा भवन निर्माण गर्ने अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको देखिन आयो।

४. वादीले घर निर्माण गर्नुपूर्व कुनै स्वीकृति नलिएको र चारैतर्फ नियमानुसार जग्गा छाडी घर बनाउनु पर्ने समितिको नियम उल्लङ्घन गरी लेन्टरको छज्जासमेत ड्रेन एरिया र बाटोमा पर्ने भएकोले निर्माण कार्य तुरून्त रोक्का गरी निर्माण गरेको कार्य हटाई नियमानुसार घर निर्माण गर्नुहोला अन्यथा उक्त क्षेत्र खाली नगरेमा नगर विकास समिति ऐन, २०४५ को दफा ९ र १० बमोजिम कारबाही गरिनेछ भन्ने व्यहोराको जानकारी वादीलाई दिई नक्सा पास गरे नगरेको निरीक्षणका साथै आवश्यक कारबाहीका लागि महेन्द्रनगर नगर विकास समितिबाट मिति २०५४।३।१६ मा महेन्द्रनगर नगरपालिकालाई बोधार्थ दिएको देखिन्छ। यसरी तत्कालीन अवस्थामा मापदण्डविपरीत घर निर्माण नगर्नु भनी वादीलाई जानकारी गराएकोमा सोको अनदेखा गरी घर निर्माण सम्पन्न गरेको अवस्था छ । जाँचबुझका लागि नगरपालिकाले टोली खटाएकोमा वादीले निर्माण गरेको घर उल्लिखित मापदण्डविपरीत बनाएको भनी उक्त टोलीले मिति २०५८।९।१६ मा प्रतिवेदन दिएको देखिन्छ। यसरी वादीले मापदण्डविपरीत घर निर्माण गरेको कारणबाट महेन्द्रनगर नगरपालिकाबाट मिति २०५८।९।१९ मा घर भत्काउन आदेश दिएको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम घरलगायतका स्थायी संरचनाहरू निर्माण गर्नुपूर्व स्वीकृत लिनुपर्ने बाध्यात्मक कानूनी सर्तहरू पालना नगरी उल्लङ्घन गरेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) ले दिएको अधिकार प्रयोग गरी मापदण्डविपरीत निर्माण भएको घर भत्काउने आदेश जारी गरी घर भत्काएको कार्यलाई कानूनविपरीतको कार्य भन्न मिलेन। यसको अतिरिक्त नगरपालिकाको सो निर्णयमा चित्त नबुझेमा

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्ने कानूनी मार्ग भएकोमा वादीले उक्त मार्ग अनुशरण नगरी बसेको पाइन्छ । नगरपालिकाको उक्त आदेश बदर नभएसम्म सो आदेशबमोजिम भए गरेका काम कारवाहीहरू कानूनसम्मत मान्नु पर्ने हुन्छ ।

५. घर भत्काउने आदेश गर्दा नगरपालिकाले सुनुवाइको मौका नदिएको भन्ने कुरामा समेत वादीले दाबी लिएको देखिन्छ । यथार्थमा प्रतिरक्षाको लागि वादीले कुनै मौका प्राप्त गरेका हुन् वा होइनन् भन्ने त्यो प्रश्न पनि त्यत्तिकै विचारणीय हुन आएको छ । कि.नं. १९८ को जग्गामा वादीले २०५३ साल फागुनदेखि घर निर्माण गर्न सुरू गरेको तर घर निर्माण गर्नुपूर्व कुनै स्वीकृति नलिएको र नक्सा पास पनि नगराएकोले निर्माण कार्य तुरून्त रोक्का गरी यस कार्यालयबाट स्वीकृति लिई समितिको नियमानुसार घर निर्माण गर्नको लागि महेन्द्रनगर नगर विकास समितिले वादीलाई जानकारी गराई बनाएको घरको निरीक्षणका साथै आवश्यक कारबाहीका लागि महेन्द्रनगर नगरपालिकालाई मिति २०५४।३।१६ मा बोधार्थ दिएको देखिन्छ । यसका साथै नक्सा पासका लागि २० दिनको समय पाउँ भनी वादीले मिति २०५८।७।१४ मा साबिक महेन्द्र नगरपालिका हाल भीमदत्त नगरपालिकामा निवेदन गरेको देखिन्छ । यसरी नक्सापासको लागि समय माग गरेको अवधिभित्र आफूले बनाएको घरको नियमानुसार नक्सापास गराउने पर्याप्त समय र मौका पाएका वादीले त्यसको सदुपयोग गर्न सकेको देखिँदैन । यसरी महेन्द्रनगर नगर विकास समितिको मिति २०५४।३।१६ को पत्र र वादीले समय माग गरी मिति २०५८।७।१४ मा गरेको कबुलियतसमेतबाट वादीले प्रतिरक्षार्थ मौका नै नपाएको भन्न मिलेन ।

६. नगरपालिकाले घर भत्काएको अवस्थामा त्यस्तो कार्य लुटपिटको कसुर हुने हो होइन भन्नेतर्फ विचार गर्दा यी वादीले नक्सा पाससमेत नगरी सार्वजनिकरूपमा प्रयोग भइरहेको ढल र बाटोसमेत च्यापी मापदण्डविपरीत घर बनाएको तथ्य माथि विवेचना भइसकेको छ । कानून कार्यान्वयनको सिलसिलामा आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी कुनै कार्य गर्दा कसैलाई क्षति हुन गएमा क्षतिको परिपूरण त्यस्तो निकायले बहन गर्ने अलग विषय हो । कानून उल्लङ्घन गरी कसैले मापदण्डविपरीत घर बनाएको छ भने त्यसरी घर बनाउने व्यक्ति स्वयम्ले त्यस्ता संरचना हटाउनु पर्ने हुन्छ । मापदण्डविपरीत बनाएको घर आफैँले उठाई लैजानु पर्ने वादीको कानूनी दायित्व भएकोमा वादीले सो दायित्व पूरा नगरेबाट नगरपालिकाले कानूनबमोजिम गरेको कार्यलाई लुटपिटको दायराभित्र पारी दायित्व बहन गराउनु सर्वथा अनुचित हुन जाने हुन्छ । यसकारण नगरपालिकाले कानूनबमोजिम घर भत्काएको कार्यलाई लुटपिट भन्न नमिल्ने हुँदा वादी दाबी पुग्न सक्ने देखिएन ।

७. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा वादी दाबीको घर भत्काउने भनी महेन्द्रनगर नगरपालिकाले मिति २०५८।९।१९ मा गरेको आदेश विरूद्ध वादीले कुनै चुनौती नै नदिई उक्त आदेश यथावत् कायम रहेको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तोकेको कानूनी दायराभित्र रही महेन्द्रनगर नगरपालिकाले वादी दाबीको घर भत्काएको कार्य लुटपिट अन्तर्गत नपर्ने अवस्थामा लुटपिट गरेको भनी वादीले लुटपिटको बिगो भरी पाउने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६५।१२।१० को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६४।३।७ को फैसला सदर हुने भनी संयुक्त इजलासका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायबाट व्यक्त राय मनासिब हुँदा उक्त राय सदर हुने ठहर्छ । वादी दाबीको घर नगरपालिकाले भत्काई लुटपिट गरेको भनी रू. ८,९७,५५०।- वादीले महेन्द्रनगर नगरपालिका

कार्यालयबाट भराई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सदर गरी माननीय न्यायाधीश श्री दीपकराज जोशीबाट व्यक्त राय मिलेको नदेखिँदा उक्त राय कायम नरहने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको हुँदा पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलाको तपसिल खण्डको प्रकरण नं.१ कार्यान्वयन गर्नु नपर्ने भएकोले सोको लगत कट्टा गर्नु भनी कञ्चनपुर जिल्ला अदालतमा लेखी पठाउनू १

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू २

उक्त रायमा हामी सहमत छौं।

न्या. ओमप्रकाश मिश्र

न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७२ साल पुस ९ गते रोज ५ शुभम्।

निर्णय नं. ९६६५

सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

माननीय न्यायाधीश श्री ओम प्रकाश मिश्र

माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

आदेश मिति : २०७२।१०।२१

०७०-NF-०००३

विषय :- उत्प्रेषण / परमादेश

निवेदक : नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं तथा ऐ. को सञ्चालक समितिसमेतको तर्फबाट कार्यकारी निर्देशक दीपेन्द्रनाथ शर्मा

विरूद्ध

विपक्षी : मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ९ स्थित मोरङ व्यापार संघकोतर्फबाट अख्तियार प्राप्त ऐ. को सञ्चालक अध्यक्ष महेश जाजु

- **इनर्जी शुल्क ग्राहकले विद्युत् उपभोग गरेको अनुपातमा लाग्ने शुल्क भएकोले यो ऊर्जा आपूर्तिसँग सम्बन्धित रहेको देखिन्छ भने डिमान्ड शुल्क कुनै पनि ग्राहकले विद्युत् माग गरेको निश्चित के.भि.ए. को आधारमा लिइने शुल्क भन्ने देखिन्छ । डिमान्ड शुल्क सम्बन्धित ग्राहकले माग गरेको सर्वसाधारण उपभोक्ताले पाउनेभन्दा फरक क्षमता प्राप्ति र एकै पटक बढी परिमाणको ऊर्जाको भण्डार (Reserve) गरिदिने सेवाबापत लिइने शुल्क भएकोले डिमान्ड शुल्कलाई विद्युत् महसुल शुल्कको रूपमा**

व्याख्या गरी विद्युत् आपूर्तिसँग सम्बन्धित गरी हेर्न नमिल्ने ।

- **सर्वसाधारण उपभोक्ताले भन्दा बढी क्षमता डिमान्ड गरेअनुरूप त्यस्तो ऊर्जा प्राप्त गर्न विशेष क्षमताको जडान, त्यसको सुरक्षण, मर्मत सम्भार आदिको प्रबन्ध अर्थात् आवश्यक थप प्रबन्ध पनि गर्नुपर्ने हुन्छ । विद्युत् प्रसारण हुँदा अरू साधारण स्थानमा विद्युत् परिणाम प्रवाहभन्दा यस्तो डिमान्ड गर्ने ग्राहकले माग अनुरूपको बढी विद्युत् परिमाण प्राप्त गर्दछन् । विद्युत् खपत अनुरूपको रकम माग गर्नु एउटा कुरा हो भने अरू सर्वसाधारण ग्राहकभन्दा बढी क्षमता सहितको विद्युत् आपूर्तिको सुविधा प्राप्त गर्नु अर्को कुरा हो । त्यसैले डिमान्ड शुल्क स्थिर लागतसँग सम्बन्धित देखिन आएको हुँदा यसलाई ऊर्जा आपूर्तिसँगमात्र सीमित गरी हेर्न नमिल्ने ।**

(प्रकरण नं. ४)

- **परमादेशको आदेश जारी हुनका लागि सार्वजनिक दायित्व बहन गर्ने अधिकारीले कानूनबमोजिम गर्नु पर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको अवस्था रहेको देखिनु पर्ने हुन्छ । कानूनबमोजिमको अख्तियारी पाएको निकायले कानूनको अख्तियारी प्रयोग गरी गरेको काम कारबाहीका सम्बन्धमा परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं. ५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू शरद कोइराला, राजकुमार पोखरेल

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता भरतबहादुर थापा

अवलम्बित नजिर :

- नेकाप २०५३, अङ्क ५, नि.नं.६२००, पृ.४२९

सम्बद्ध कानून :

- विद्युत् ऐन,२०४९

सर्वोच्च अदालतमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री प्रकाश वस्ती

आदेश

न्या. बैद्यनाथ उपाध्याय : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासको मिति २०६८।२।५ को आदेशउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकनको निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

विद्युत् ऐन, २०४९ को दफा १७(१) एवं विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ३ बमोजिम गठन हुने विद्युत् महसुल निर्धारण आयोगको निर्णयबमोजिम विद्युत्को महसुल निर्धारण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । विद्युत् महसुल निर्धारण आयोगले विद्युत्को महसुल निर्धारण गर्दा सो ऐनको दफा १७(३) र (६) अनुसार ग्राहकको किसिम र किसिम अनुसार महसुल निर्धारण गर्नुपर्ने हुन्छ। विद्युत् महसुल निर्धारण आयोगले तोकेको किसिम अनुसार फरकफरक डिमान्ड शुल्क र एनर्जी शुल्क तोक्नको लागि नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल निर्धारण आयोगसमक्ष प्रस्ताव गर्ने र सो आयोगबाट नेपाल विद्युत् प्राधिकरणबाट पेस भएको सो प्रस्तावको जाँचबुझ गरी अन्तिम निर्णय हुने गरेको छ । यसै सन्दर्भमा स्वीकृत के.भि.ए. को आधारमा डिमान्ड

शुल्क र विद्युत् खपत युनिटको आधारमा एनर्जी शुल्क लगाउने गरी विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०५८।४।५ मा निर्णय भएको र विपक्षी प्राधिकरणले पनि सो आयोगबाट निर्णय भएअनुसार डिमान्ड शुल्क र एनर्जी शुल्क अलगअलग लगाउने गरी आएका छन् । यसले गर्दा औद्योगिक व्यापारिकलगायतका ग्राहकहरूले विद्युत् सप्लाई नभएको अवस्थाको पनि डिमान्ड शुल्क तिर्नु परिरहेको छ ।

नेपाल सरकारले गत वर्ष लोडसेडिङ गर्दा ग्राहकलाई दिन कबुल गरिएको के.भि.ए. को विद्युत् महसुल ग्राहकबाट नलिने भन्ने निर्णय गरेको थियो । डिमान्ड शुल्क कुनै पनि ग्राहकलाई विद्युत् दिन कबुल गरिएको के.भि.ए. को आधारमा लिइने शुल्क भएको हुँदा स्वीकृत के.भि.ए. अनुसारको विद्युत् प्रदान नगरेको अवस्थामा पनि डिमान्ड शुल्क बुझाउनु पर्ने उक्त निर्णयबाट निवेदकहरूले गैरकानूनी महसुल बुझाउनु पर्ने भई निवेदकको सम्पत्तिसम्बन्धी हकसमेत हनन हुन गएको प्रस्ट छ । हरेक उद्योगहरूले आफ्नो उत्पादनको लागि आवश्यक प्रविधि र क्षमताको मेसिन जडान गरेको हुन्छन् । कतिपय उद्योगमा रहेका मेसिन वार्म (मेशिनलाई स्टार्ट गरी निश्चित समय राख्नुपर्ने अवस्था) गर्न नै एक दुई घण्टासम्म पनि लाग्ने हुन्छ । एक पटक मेसिन अन गरी वार्म भएको केही घण्टामा विद्युत् कटौती भई अर्को पटक विद्युत् सप्लाई हुँदा सोही प्रक्रिया अनुसार वार्म गर्नुपर्ने भई विद्युत् सप्लाई भएको समयमा पनि उत्पादनसम्बन्धी कार्य गर्न सकिने अवस्था हुँदैन । यस्तो स्थितिमा डिमान्ड शुल्क पूरै लिने गरी भएको निर्णय गैरकानूनी रहेको छ । महिनाभर एकछिन पनि अवरूद्ध नभई विद्युत् सप्लाई भइरहेको अवस्थामा मात्र डिमान्ड शुल्क लिन मिल्ने हो । महिनाभर पुरै विद्युत् सप्लाई नगर्दा पनि डिमान्ड शुल्क लिने कार्यले उद्योग र उद्योगी दोहोरो तेहोरो मारमा परी रहेका छन् । अर्कातर्फ विद्युत् सप्लाई नभएका कारण २४ घण्टा उत्पादनमा समय लगाउन र उद्योगका श्रमिक तथा कर्मचारीलाई काममा लगाउन नपाई महिनाभरको श्रमिक र कर्मचारीको पारिश्रमिक उद्योगले बेहोर्नु परी उद्योगले नोक्सानी बेहोर्नु परिरहेको छ भने उत्पादनको अर्डर लिन र समयमा डेलिभरी गर्न नसक्दा उद्योगी व्यवसायीको साखमा समेत असर परेको छ ।

तसर्थ विद्युत् शक्ति उपलब्ध नगराए पनि के.भि.ए. बराबरको डिमान्ड शुल्क तिर्न बुझाउनु पर्ने गरी विपक्षी नेपाल सरकार, विद्युत् महसुल निर्धारण आयोगको मिति २०५८।४।५ निर्णय एवं काम कारवाहीबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १९ समेतद्वारा प्रदत्त हक, अधिकार हनन् भई सो निर्णय एवं काम, कारवाही विद्युत् ऐन, २०४९ को दफा १७ विपरीत रही गैरकानूनीसमेत भएको हुँदा उक्त निर्णय एवं काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी विद्युत् शक्ति/एनर्जी महिनाभर २४ सै घण्टा सप्लाई दिएको अवस्थामा मात्र डिमान्ड शुल्क लिने व्यवस्था गर्नु, महिनामा २४ सै घण्टा विद्युत् सप्लाई नगरी डिमान्ड शुल्क लिने नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि लगाउको रिट नं. ०७३१ को निवेदनसमेत साथै राखी नियमबमोजिम पेस गर्नू । साथै अन्तरिम आदेशसमेतको मागका सम्बन्धमा विचार गर्दा दुवै पक्षको भनाइ सुनी यो सम्बन्धमा आदेश हुनु वाञ्छनीय देखिएको हुँदा अन्तरिम आदेशको छलफलको लागि मिति २०६६।११।११ को तारेख तोकी नेपाल विद्युत् प्राधिकरण र महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमबमोजिम पेस गर्नु भन्ने

यस अदालतको मिति २०६६।११।४ को आदेश।

निवेदनमा उल्लिखित डिमान्ड चार्ज विद्युत् महसुल निर्धारण आयोगले कानूनको अख्तियारी प्रयोग गरी निर्धारण गरेको देखिएको, निवेदकलाई विद्युत् आपूर्ति नभएको कारणले डिमान्ड शुल्क नलिनु भन्ने अन्तरिम आदेशको माग भएको प्रश्नको हकमा सो विषयमा कति समय विद्युत् आपूर्ति अनियमित भएमा डिमान्ड शुल्क लिन पाउने वा नपाउने भन्ने कुरा लिखित जवाफ परेपछि अन्तिम सुनुवाइ हुँदा टुङ्गो लाग्ने कुरा देखिएको र सुविधा र सन्तुलनको दृष्टिले अन्तरिम आदेश जारी नभए निवेदकलाई अपूरणीय क्षति हुने स्थिति तत्काल नदेखिएकोले तत्काल अन्तरिम आदेश जारी गर्न पर्ने देखिएन। नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०६६।११।११ को आदेश।

विद्युत् ऐन, २०४९ को दफा १७ मा विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्नको लागि नेपाल सरकारले महसुल निर्धारण आयोग गठन गर्ने व्यवस्था गरेको छ । त्यसै गरी सोही ऐनको दफा ४० को अधीनमा रही नेपाल सरकारले विद्युत् महसुल निर्धारण नियमावली, २०५० जारी गरी लागू गरेको छ र सोही नियमावलीको अधीनमा रही विद्युत् महसुल निर्धारण आयोगको निर्णयबमोजिम नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल लिने गरेको छ। के कस्ता उपभोक्तालाई के कसरी विद्युत् महसुल लिने भन्ने विषयमा यस मन्त्रालयको प्रत्यक्ष संलग्नता नरहने र अधिकारप्राप्त निकायको निर्णय मुताबिक कानूनसम्मत तरिकाले भएको काम कारवाही हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल सरकार, ऊर्जा मन्त्रालयको लिखित जवाफ।

रिट निवेदकले आफ्नो रिट निवेदनमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम कारवाहीबाट निजको संविधान प्रदत्त मौलिक हक एवं कानून प्रदत्त हक अधिकारको हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै उल्लेख गर्न सकेको नदेखिँदा अन्य निकायबाट भए गरेका काम कारवाहीको सम्बन्धमा यस कार्यालयलाई विपक्षी बनाउन र यस कार्यालयको नाउँमा कुनै किसिमको आदेश जारी गर्न मिल्ने होइन । जहाँसम्म विद्युत् महसुल निर्धारणको प्रश्न छ, तत् सम्बन्धमा नेपाल सरकारले विद्युत् महसुलको निर्धारण गर्दा विद्युत् ऐन, २०४९, विद्युत् महसुल निर्धारण नियमावली, २०५० समेतको कानूनी व्यवस्थाको अनुशरण गरी निर्धारण गर्ने भएकोले अख्तियारप्राप्त निकायले प्रचलित नेपाल कानूनको पालना गरी भए गरेको कार्यलाई निवेदकले अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

निवेदकले यस विभागको के कुन काम कारवाहीबाट निजहरूको नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेको हक कुण्ठित हुन जाने हो सो कुरा रिट निवेदनमा यकिनरूपमा खुलाउन नसकेको तथा यस विभागबाट निवेदकहरूको संवैधानिक एवं कानूनी हक अधिकारमा आघात पार्ने किसिमको कुनै काम कारवाही नभए नगरिएकोले यस विभागलाई समेत विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विद्युत् विकास विभाग, काठमाडौंको लिखित जवाफ।

निवेदकले विद्युत् शक्ति उपलब्ध गराए वा नगराए पनि स्वीकृत के.भि.ए. बराबरको डिमान्ड शुल्क तिर्नु बुझाउनु पर्ने गरी नेपाल सरकार, विद्युत् महसुल निर्धारण आयोगको मिति २०५८।४।५ मा बसेको २५ औं बैठकबाट २०५८ साल भाद्र महिनाको विद्युत् खपतमा हुने २०५८ साल आश्विन १ गते देखिको बिलमा समावेश गरी डिमान्ड शुल्कसमेत लिने भनी निर्णय भएको कुरालाई निवेदकले स्वीकार गरी सकेकोमा उक्त निर्णय भएको झण्डै ९/१० वर्षपछि आएर सो निर्णयले आफ्नो संविधान प्रदत्त मौलिक हक हनन् भयो भन्न नमिल्ने हुँदा बिलम्बको सिद्धान्तको

आधारमा समेत प्रस्तुत रिट निवेदन खारेजभागी छ। ग्राहकले माग गरेबमोजिमको के.भि.ए. जडान गर्ने, त्यसको सुरक्षा तथा संरचना सञ्चालन सेवाबापत भनी तोकिएको स्थायी प्रकृतिको डिमान्ड शुल्क एनर्जी शुल्कभन्दा पृथक रहेको र एनर्जी उपभोग गरेबापत खपतको आधारमा लाग्ने शुल्क डिमान्ड शुल्कभन्दा पृथक रहने कानूनबमोजिमको व्यवस्थालाई २४ सै घण्टा विद्युत् उपलब्ध गराएबापत मात्र डिमान्ड शुल्क लगाउन पाउनु पर्ने भन्ने विपक्षी निवेदकको तर्क कुनै कानून, नियमावली वा निजले विद्युत् जडान गर्दा प्राधिकरणसँग गरेको सहमति वा प्राधिकरणले गरेको प्रतिबद्धताअनुकूल छैन।

विद्युत् महसुल र अन्य दस्तुरको निर्धारण गर्न विद्युत् ऐन, २०४९ को दफा १७(१) बमोजिम नेपाल सरकारले विद्युत् महसुल निर्धारण आयोग गठन गर्ने व्यवस्था रहेको हुँदा विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०५८।४।५ गते भएको निर्णयको आधारमा डिमान्ड शुल्क उठाउने अधिकार आयोगले प्राधिकरणलाई दिएको हो । विगत ९/१० वर्षदेखि प्राधिकरणले सोहीअनुरूप विद्युत् महसुल उठाउँदै आएकोमा सो कुरा चित्त बुझाई बसेका निवेदकले हाल आएर त्यसको औचित्य र डिमान्ड शुल्क २४ सै घण्टा विद्युत् सप्लाईसँग जोडिएको छ भन्न मिल्दैन । विद्युत् लाइन जडान आवेदन फाराममा नै उपलब्ध भएको विद्युत् अधिकतम मात्रामा सप्लाई गर्ने भन्ने प्राधिकरणको प्रतिबद्धता उल्लेख रहेको छ। अधिकतम विद्युत् उपलब्ध गराउँदा अधिकतम एनर्जी शुल्क उठाउन पाइने हुँदा प्राधिकरणलाई फाइदा नै हुन्छ । तर विद्युत् सप्लाईमा २४ सै घण्टा नियमित हुन नसक्दा पनि सप्लाई संरचनाको सञ्चालन र सुरक्षा र २४ सै घण्टा आपतकालीन सेवा उपलब्ध गराई रहन भइरहने खर्चको लागि न्यूनतम लिई रहने शुल्कका रूपमा डिमान्ड शुल्क रहेकोले आयोगको स्वीकृतिबमोजिम नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल संकलन विनियमावली, २०५० को विनियम ४ र अनुसूची (१) मा उल्लेख भएबमोजिम डिमान्ड शुल्क उठाएको हुँदा सो कानूनबमोजिमको कार्यलाई अन्यथा मान्न मिल्दैन । अख्तियारप्राप्त निकायले कानूनबमोजिम निर्णय गरी विगत ९/१० वर्षदेखि कार्यान्वयन गरी रहेको काम कारवाहीका सम्बन्धमा निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने हुँदा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालय र ऐ. को सञ्चालक समितिसमेतको तर्फबाट अख्तियार प्राप्त ऐ. का कार्यकारी निर्देशक डा. जिवेन्द्र झाको लिखित जवाफ।

विद्युत् ऐन, २०४९ को दफा १७(१) एवं विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ३ बमोजिम विद्युत् महसुल निर्धारण आयोग गठन भएको हो । यस आयोगले कानूनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही विद्युत् महसुल निर्धारण गर्दै आएको छ । यसै सिलसिलामा आयोगको मिति २०५८।४।५ मा बसेको २५ सौं बैठकले पछिल्लो पटक ऐनको दफा १७ को उपदफा (३), (५) र (६) तथा नियमावलीको नियम ६ बमोजिम विद्युत् महसुल निर्धारण गरेको हो । कानूनबमोजिम विद्युत् महसुल निर्धारण गरिएको कार्यबाट रिट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३ र १९ द्वारा प्रदत्त हकमा आघात पार्ने काम भएको छैन। विद्युत् उत्पादन प्रसारण र वितरणसमेतको लागत खर्चलाई न्यूनतम रूपमा उपभोक्ताबाट विद्युत् महसुलमार्फत असुल गर्ने गरी विद्युत् प्राधिकरणले डिमान्ड शुल्क आयोगसमक्ष महसुल प्रस्ताव पेस गर्ने र उक्त लागत तथा महसुल प्रस्ताव ठीक वा वेठीक छानबिन गर्ने अधिकार यस आयोगलाई भएकोले सोहीबमोजिम छानबिन गरी आयोगबाट निर्धारित डिमान्ड शुल्क असुल गर्न नपाइने भन्न मिल्दैन । निर्धारण गरेको महसुल लिने उठाउने र महसुल नतिरेमा लाइन काट्नेलगायतका

कार्य आयोगको क्षेत्राधिकारभित्रको विषय नभएकोले निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विद्युत् महसुल निर्धारण आयोग, काठमाडौंको लिखित जवाफ।

विद्युत् आपूर्ति नभई लोडसेडिङ भएको बेलामा पनि लोडसेडिङ नभएको विद्युत् आपूर्ति भएको बेलाको Unit को हिसाबमा हिसाब गरी डिमान्ड शुल्क लगाउने निर्णय सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। विद्युत् आपूर्ति नभई लोडसेडिङ भएको बेलाको डिमान्ड शुल्क आजका मितिबाट लगाउन पाइने छैन। रिट निवेदनमा मिति २०५८।४।५ को निर्णय नै बदर माग गरेको भए तापनि सम्पूर्णरूपमा उल्लिखित निर्णय बदर गर्न नमिल्ने हुँदा यो विषय आजका मितिबाट मात्र लागू हुने अर्थात् Retrospective नभई Prospective हुने गरी निर्णय गरिदिएको छ। आजको मितिभन्दा अगाडि बुझाइसकेको डिमान्ड शुल्क फिर्ता हुने छैन। अत: एव लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क नलिनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६८।२।५ को फैसला।

विद्युत् ऐन, २०४९ बमोजिम गठित विद्युत् महसुल निर्धारण समितिमा नेपाल सरकारको प्रतिनिधि, अर्थ विज्ञ, विद्युत् उत्पादन, प्रशारण र वितरणकर्ता, विद्युत्का ग्राहक, उद्योग वाणिज्य संघ, गैर सरकारी व्यक्तिसमेतको प्रतिनिधित्व हुने भई सो समितिले सो ऐनको दफा १७(३) र विद्युत् महसुल निर्धारण नियमावली, २०४९ को नियम ६ बमोजिम विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्ने गर्दछ। यसरी विधायिकाले विद्युत्को महसुल निर्धारण गर्न समिति गठन गरी सो समितिको सिफारिसअनुसार विद्युत्को महसुल र अन्य दस्तुर निर्धारण भएको स्थितिमा विद्युत्को महसुल र अन्य दस्तुर निर्धारण कार्यमा अदालतले हस्तक्षेप गर्दा विधायिकी अधिकारमा हस्तक्षेप गरेको मानिने हुन्छ। नियमितरूपमा विद्युत् आपूर्ति भएको अवस्थामा मात्र डिमान्ड शुल्क लिन पाउने भन्ने कानूनी व्यवस्था नरहेकोले नेपाल विद्युत् प्राधिकरणले विद्युत् निर्धारण समितिले निर्धारण गरेअनुसारको डिमान्ड शुल्क लिन नपाउने भन्न मिल्दैन। विद्युत् सेवा उपलब्ध गराएबापत विद्युत् सेवा उपलब्ध गराउनेले ग्राहकबाट लिने रकम "विद्युत् महसुल" र सोदेखि बाहेक ग्राहकले तिर्न बुझाउन पर्ने रकम "अन्य दस्तुर" अन्तर्गत पर्ने भन्ने विद्युत् ऐन, २०४९ र विद्युत् महसुल निर्धारण नियमावली, २०५० बाट देखिँदा विद्युत् महसुल र डिमान्ड शुल्क अलग अलग भई डिमान्ड शुल्कलाई विद्युत् महसुल शुल्कको रूपमा व्याख्या गर्न मिल्दैन। तसर्थ नेपाल विद्युत् प्राधिकरणबाट प्रदान गरेको सेवा उपभोग गरेबापत लाग्ने डिमान्ड शुल्कलाई विद्युत् आपूर्ति भएबापत ग्राहकले तिर्नु पर्ने विद्युत् महसुलको रूपमा व्याख्या गरी लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क नलिनु भनी परमादेशसमेत जारी हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको फैसला विभिन्न मुद्दाहरूमा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरू विपरीत रहेको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरिपाउँ भन्ने व्यहोराको निवेदन पत्र।

प्रस्तुत मुद्दाको विवादित विषयसँग सम्बन्धित यसै लगाउको निवेदन नं. ०६८-RV-००३२ को मुद्दामा आज यसै इजलासबाट पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी देखिँदा प्रस्तुत मुद्दामा पनि न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अनुसार मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरी दिएको छ भन्ने यस अदालतको मिति २०७०।४।११ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी

पुनरावलोकनको निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री शरद कोइराला, श्री राज कुमार पोखरेलले विद्युत् ऐन, २०४९ को दफा १७ तथा विद्युत् महसुल निर्धारण नियमावली, २०५० को अधीनमा रही विद्युत् महसुल निर्धारण आयोगको निर्णयबमोजिम विद्युत् महसुल लिने कार्यले निवेदकको मौलिक हक हनन् भएको भन्न मिल्दैन । आयोगलाई परिस्थितिअनुसार महसुल निर्धारण गर्न पाउने अधिकार विधायिकाले नै प्रदान गरेको छ । ग्राहकले माग गरेबमोजिमको के.भि.ए. जडान गर्ने, त्यसको सुरक्षा, सेवाबापत भनी तोकिएको डिमान्ड शुल्क स्थायी प्रकृतिको भई सो शुल्क इनर्जी शुल्कभन्दा पृथक शुल्क हो । विद्युत् सप्लाई प्राकृतिक स्रोतको उपलब्धतामा निर्भर रहने हुँदा सुख्खायाममा जलस्रोत घट्न गई काबु बाहिरको परिस्थितिमा मात्र लोडसेडिङ हुने गर्दछ । विद्युत् प्राधिकरणले २४ सै घण्टा विद्युत् सप्लाई दिने भनी निवेदकसँग कुनै सम्झौता नगरेको र ग्राहकले विद्युत् मागको फर्म भरी सोमा उल्लिखित सर्त स्वीकारसमेत गरी सकेपछि लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क लिन पाइँदैन भन्न मिल्दैन। निवेदकलाई मात्र २४ सै घण्टा विद्युत् सप्लाई गर्ने अन्य ग्राहकलाई नगर्ने गर्न मिल्दैन । ग्राहकको किसिमअनुसार फरकफरक महसुल र दस्तुर लिने ऐनकै व्यवस्था हो । समन्यायको आधारमा सबैलाई विद्युत् उपलब्ध गराउने सामाजिक उत्तरदायित्व नेपाल विद्युत् प्राधिकरणको रहेको स्थितिमा रिट निवेदन खारेज गर्नुपर्नेमा परमादेश जारी हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको फैसला त्रुटिपूर्ण भएकोले उल्टी हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भरतबहादुर थापाले स्वीकृत के.भि.ए. अनुसार २४ सै घण्टा विद्युत् सप्लाई गरेमा मात्र डिमान्ड शुल्क लिन मिल्दछ, सोविपरीत लोडसेडिङ अवधिको पनि डिमान्ड शुल्क लिन मिल्दैन । स्वीकृत के.भि.ए. अनुसार विद्युत् सप्लाई पाउने आधारमा नै उद्योगीले उद्योगमा लगानी गर्ने हुँदा विपक्षीले लगाएको डिमान्ड शुल्कको कारणले उद्योगमा लगानी गर्न उद्योगीहरू निरूत्साहित हुने अवस्था सिर्जना हुन जान्छ । साथै यसले उद्योगमाथि थप आर्थिक भारसमेत पर्न गएको छ । खपत नभएको विद्युत् महसुल उठाउनु सरासर कानूनविपरीत हुन्छ । यसै कुरालाई दृष्टिगत गरी नेपाल सरकारले मिति २०६५।१२।५ मा लोडसेडिङ भई विद्युत् आपूर्ति नभएको कारणले उद्योग सञ्चालन नभएको अवधिको डिमान्ड चार्ज ६ महिनाको लागि छुट दिने निर्णयसमेत गरेको हुँदा यस अदालतको संयुक्त इजलासको फैसलामा कुनै त्रुटि नरहेकोले सो फैसला सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् कानून व्यवसायीहरूको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छ छैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

विद्युत् महसुल निर्धारण आयोगको मिति २०५८।४।५ को निर्णयअनुसार २०५८ साल भाद्र महिनाको विद्युत् खपतमा मिति २०५८।६।१ देखिको बिलमा इनर्जी शुल्क र डिमान्ड शुल्क अलग अलग लगाउने निर्णय भएको छ । अब नेपाल विद्युत् प्राधिकरणले विद्युत् ऐन, २०४९ को दफा १७ विपरीत लोडसेडिङको कारणले विद्युत् सेवा उपभोग गर्न नपाएको समयको पनि डिमान्ड शुल्क लिने भएको छ । निर्णय बदर गरी २४ सै घण्टा विद्युत् उपलब्ध गराएको अवस्थामा मात्र डिमान्ड शुल्क लिनु लोडसेडिङको समयको डिमान्ड शुल्क नलिनु भन्ने परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदन दाबी रहेछ । "विद्युत् आपूर्ति नभई लोडसेडिङ भएको बेलामा पनि लोडसेडिङ नभएको विद्युत् आपूर्ति भएको बेलाको Unit को हिसाबमा हिसाब गरी डिमान्ड शुल्क लगाउने निर्णय सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । विद्युत् आपूर्ति नभई लोडसेडिङ भएको बेलाको

डिमान्ड शुल्क आजका मितिबाट लगाउन पाइने छैन। रिट निवेदनमा मिति २०५८।४।५ को निर्णय नै बदर माग गरेको भए तापनि सम्पूर्णरूपमा उल्लिखित निर्णय बदर गर्न माथि उल्लिखित कारणबाट नमिल्ने हुँदा यो विषय आजका मितिबाट मात्र लागू हुने अर्थात् Retrospective नभई Prospective हुने गरी निर्णय गरिदिएको छ । आजको मितिभन्दा अगाडि बुझाई सकेको डिमान्ड शुल्क फिर्ता हुने छैन । अत: एव, लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क नलिनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने" ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट फैसला भएको रहेछ। उक्त फैसलाउपर पुनरावलोकन गरिपाउँ भनी परेको प्रस्तुत निवेदनमा पुनरावलोकनको निस्सा प्रदान भई निर्णयार्थ पेस हुन आएको पाइयो।

२. निर्णयतर्फ विचार गर्दा विद्युत् ऐन, २०४९ को दफा १७ मा विद्युत् महसुल र अन्य दस्तुरको निर्धारणसम्बन्धी व्यवस्था भई सोको उपदफा (१) मा विद्युत् महसुल र अन्य दस्तुरहरू निर्धारण गर्नको लागि नेपाल सरकारले एउटा विद्युत् महसुल निर्धारण आयोग गठन गर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । सो उपदफा (१) बमोजिम गठित समितिमा नेपाल सरकारको प्रतिनिधि, अर्थ विज्ञ, विद्युत् उत्पादन, प्रसारण र वितरणकर्ता, विद्युत्का ग्राहकहरू मध्येबाट कम्तीमा ५ जना व्यक्तिहरू रहने भन्ने व्यवस्था उपदफा (२) मा रहेको देखिन्छ। यस्तै उपदफा (३) मा उपदफा (१) बमोजिमको विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ताको मूल्यसूचीको परिवर्तन, रोयल्टी इत्यादिको आधारमा निर्धारण गर्नेछ भन्ने र उपदफा (६) मा उपदफा (१) बमोजिमको विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्दा उपदफा (१) बमोजिमको आयोगले ग्राहकको किसिम र किसिमअनुसारको महसुल निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । यसरी विद्युत् ऐन, २०४९ को १७(१) बमोजिम गठित विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ताको मूल्यसूचीको परिवर्तन, रोयल्टी एवं ग्राहकको किसिम र किसिमअनुसार महसुल निर्धारण गर्नुपर्ने देखिन आउँछ। उक्त उपदफा (३) र (६) मा उल्लिखित आधारहरू मध्ये के कस्ता आधारलाई दृष्टिगत नगरी वा सो आधारहरू विपरीत हुने गरी सो आयोगले विद्युत्को महसुल निर्धारण गरेको हो भनी निवेदकले निवेदनमा स्पष्टसँग खुलाउन सकेको देखिँदैन।

३. विद्युत् महसुल निर्धारण आयोगको मिति २०५८।४।५ को निर्णयबाट डिमान्ड शुल्क र इनर्जी शुल्कको अलगअलग मूल्य निर्धारण भएको देखिन्छ। डिमान्ड शुल्क प्रति के.भि.ए. प्रति महिनाका दरले र इनर्जी शुल्क प्रति युनिटका दरले लाग्ने भन्ने कुरा पनि सो निर्णयबाट देखिन आउँछ। डिमान्ड शुल्क र सो शुल्कको दरप्रति निवेदकको कुनै आपत्ति रहेको नदेखिए पनि लोडसेडिङको समयमा लिने गरिएको सो शुल्कका सम्बन्धमा मात्र चुनौती दिई निवेदकले प्रस्तुत निवेदन दिएको छ । विद्युत् ऐन, २०४९ को दफा २(ङ) मा "महसुल" भन्नाले विद्युत् सेवा उपलब्ध गराएबापत ग्राहकबाट लिइने शुल्क सम्झनु पर्छ भन्ने परिभाषा गरिएको देखिन्छ। यसरी विद्युत् महसुलदेखि बाहेक ग्राहकले तिर्न बुझाउन पर्ने रकम "अन्य दस्तुर" अन्तर्गत पर्ने देखिँदा डिमान्ड शुल्क विद्युत् आपूर्तिसँग सम्बन्धित हुने देखिएन।

४. इनर्जी शुल्क ग्राहकले विद्युत् उपभोग गरेको अनुपातमा लाग्ने शुल्क भएकोले यो ऊर्जा आपूर्तिसँग सम्बन्धित रहेको देखिन्छ भने डिमान्ड शुल्क कुनै पनि ग्राहकले विद्युत् माग गरेको निश्चित के.भि.ए. को आधारमा लिइने शुल्क भन्ने देखिन्छ । डिमान्ड शुल्क सम्बन्धित ग्राहकले माग गरेको सर्वसाधारण

उपभोक्ताले पाउनेभन्दा फरक क्षमता प्राप्ति र एकै पटक बढी परिमाणको ऊर्जाको भण्डार (Reserve) गरिदिने सेवाबापत लिइने शुल्क भएकोले डिमान्ड शुल्कलाई विद्युत् महसुल शुल्कको रूपमा व्याख्या गरी विद्युत् आपूर्तिसँग सम्बन्धित गरी हेर्न मिल्दैन । सर्वसाधारण उपभोक्ताले भन्दा बढी क्षमता डिमान्ड गरेअनुरूप त्यस्तो ऊर्जा प्राप्त गर्न विशेष क्षमताको जडान, त्यसको सुरक्षण, मर्मत सम्भार आदिको प्रबन्ध अर्थात् आवश्यक थप प्रबन्ध पनि गर्नुपर्ने हुन्छ । विद्युत् प्रासारण हुँदा अरू साधारण स्थानमा विद्युत् परिणाम प्रवाहभन्दा यस्तो डिमान्ड गर्ने ग्राहकले मागअनुरूपको बढी विद्युत् परिमाण प्राप्त गर्दछन् । विद्युत् खपतअनुरूपको रकम माग गर्नु एउटा कुरा हो भने अरू सर्वसाधारण ग्राहकभन्दा बढी क्षमतासहितको विद्युत् आपूर्तिको सुविधा प्राप्त गर्नु अर्को कुरा हो । त्यसैले डिमान्ड शुल्क स्थिर लागतसँग सम्बन्धित देखिन आएको हुँदा यसलाई ऊर्जा आपूर्तिसँग मात्र सिमित गरी हेर्न मिल्दैन । यसरी निर्धारित डिमान्ड शुल्क निवेदकको हकमा मात्र असुल गर्ने निर्णय भएको नभई स्वीकृत के.भि.ए. अनुसारको सुविधा लिने सबै ग्राहकहरूलाई समानरूपले लागू हुने गरी निर्धारण भएको देखिन्छ । विद्युत् ऐन, २०४९ को दफा १७ को उपदफा (६)अनुसार विद्युत् महसुल निर्धारण आयोगले ग्राहकहरूको किसिम र किसिमअनुसार विद्युत् महसुल र अन्य दस्तुरको निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्था गरेको देखिँदा परिस्थितिअनुसार महसुल निर्धारण गर्न पाउने अख्तियारी आयोगलाई विधायिकाले नै प्रदान गरेको देखिन्छ । यसरी कानूनले दिएको अख्तियारीअन्तर्गत भए गरेको निर्णयलाई अनुपयुक्त भन्न मिलेन । साथै आयोगको डिमान्ड शुल्क निर्धारण गर्ने निर्णयउपर पर्न आएको प्रस्तुत निवेदनमा निवेदक सरहका सरोकारवाला सबैको सहभागिता रहेको देखिँदैन । विद्युत् महसुल निर्धारण आयोगको मिति २०५८।४।५ को निर्णयअनुसार मिति २०५८।६।१ देखिको बिलमा इनर्जी शुल्क र डिमान्ड शुल्क अलग अलग लगाउने निर्णय भएकोमा सोही बखत उक्त निर्णयलाई चुनौती नदिई मिति २०६६।१०।२६ मा मात्र प्रस्तुत निवेदन पर्न आएको देखिन्छ । निवेदकलगायत सबै ग्राहकले उल्लिखित मितिको निर्णयलाई स्वीकार गरी विगत लामो समयसम्म डिमान्ड शुल्क बुझाउँदै आएको देखिन्छ । यसरी लामो समयदेखि कार्यान्वयन भइरहेको निर्णय बदर गरिपाउँ भनी बिलम्ब गरी हाल आएर अदालत प्रवेश गर्नुको औचित्यसमेत निवेदकले पुष्टि गर्नसकेको देखिँदैन ।

५. विद्युत् आपूर्ति नभई लोडसेडिङ भएको बेलामा पनि लोडसेडिङ नभएको विद्युत् आपूर्ति भएको बेलाको Unit को हिसाबमा हिसाब गरी डिमान्ड शुल्क लगाउने गरी विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०५८।४।५ मा भएको निर्णय बदर भई लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क नलिनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट २०६८।२।५ मा फैसला भएको देखिन्छ । परमादेशको आदेश जारी हुनका लागि सार्वजनिक दायित्व बहन गर्ने अधिकारीले कानूनबमोजिम गर्नु पर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको अवस्था रहेको देखिनु पर्ने हुन्छ । कानूनबमोजिमको अख्तियारी पाएको निकायले कानूनको अख्तियारी प्रयोग गरी गरेको काम कारवाहीका सम्बन्धमा परमादेशको आदेश जारी गर्न मिल्ने देखिँदैन । यसै सन्दर्भमा ऋषिविक्रम रायमाझी वि. स्थानीय विकास मन्त्रालयसमेत भएको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा यस अदालतबाट **"कानूनबमोजिम गर्नुपर्ने क्रिया गर्न इन्कार गरेको वा नगरेको अवस्थामा परमादेशको आदेश जारी नहुने"** (नेकाप २०५३, अंक ५, नि.नं.६२००, पृ.४२९) भनी सिद्धान्त प्रतिपादन भएकोसमेत देखिन्छ ।

६. यसरी विद्युत् ऐन, २०४९ को दफा १७(१) बमोजिम गठित विद्युत् महसुल निर्धारण आयोगले सो

ऐनको दफा १७(३) तथा (६) बमोजिमको आधारमा विद्युत्को महसुल र अन्य दस्तुर निर्धारण गरेको कार्य कानूनप्रतिकूल नरही सो आयोगले कानूनको अख्तियारीबमोजिम विद्युत्को महसुल निर्धारण गर्ने निर्णय गरेको देखिएको र सोही निर्णयको आधारमा नेपाल विद्युत् प्राधिकरणले निवेदकबाट डिमान्ड शुल्क असुल गरेको देखिएको स्थितिमा विद्युत् महसुल निर्धारण आयोगबाट भएको त्यस्तो कानूनबमोजिमको निर्णयउपर यस अदालतबाट हस्तक्षेप गरी उक्त निर्णयलाई बदर गर्न र परमादेशसमेत जारी गर्न माथि उल्लिखित सिद्धान्तसमेतबाट मिल्ने देखिन आएन।

७. तसर्थ माथि विवेचित आधार र कारणहरूबाट निवेदकको रिट निवेदन खारेज गर्नुपर्नेमा विद्युत्को महसुल निर्धारण गर्ने गरी विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०५८।४।५ मा भएको निर्णय बदर गरी लोडसेडिङ भएको अवधिको डिमान्ड शुल्क नलिनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६८।२।५ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई निवेदकको रिट निवेदन खारेज हुने ठहर्छ।

८. प्रस्तुत निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज भए तापनि धेरै नै Load Shedding भई विद्युत् आपूर्ति नै नभएमा वा ग्राहकले माग गरेको परिमाणको विद्युत् उपलब्ध गराउन नसकेको अवस्थामा पनि डिमान्ड शुल्क लिई असुलउपर गर्नु न्यायोचित हुने दखिँदैन। त्यस्तो अवस्थामा ग्राहकले विद्युत् माग गरेको निश्चित के.भि.ए. को सुविधा लिनबाट निवेदक हट्न चाहेमा हट्न दिने, वा उपभोक्तालाई सुविधा उपभोग गर्नै नदिई शुल्क लिन पर्ने अवस्थामा उपभोक्ताको मर्कासमेतलाई विचार गरी र यसको प्राविधिक प्रक्षमा प्रतिकूल असर नपर्ने गरी यस विषयमा सम्बन्धित प्राविधिक विज्ञहरूको समुहबाट खोजपूर्ण विमर्श एवं सल्लाह लिई यथोचित निर्णय गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी सबै विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छौं।
न्या. ओमप्रकाश मिश्र
न्या. जगदीश शर्मा पौडेल

इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम्।

निर्णय नं. ९६६६

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७२।८।१६
०६८-CI-१२१४

मुद्दा : अंश दर्ता चलन।

पुनरावेदक / प्रतिवादी : जिल्ला धनुषा उमाप्रेमपुर गा.वि.स. वडा नं. १ बस्ने विष्णुमाया मगर्नीसमेत
विरूद्ध
प्रत्यर्थी / वादी : जिल्ला धनुषा उमाप्रेमपुर गा.वि.स. वडा नं. १ बस्ने लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत ऐ. बस्ने डुकुमाया क्यापछाकी

- वस्तुतः अंशबन्डाको महलको १ र २ नं. को व्यवस्था भनेको अंश पाउने व्यक्तिको नैसर्गिक हकको प्रत्याभूत गराउने कानूनी व्यवस्था हो । उक्त व्यवस्थाले कुनै अंशियारलाई आफ्नो भागको अंश पूर्ण वा आंशिकरूपमा परित्याग गर्न रोक नलगाएको भए पनि नियोजित र दुराशययुक्तरूपमा आफूपछिका अंशियारलाई निरंशी बनाउने उदेश्यले अंश हक परित्याग गर्न छुट दिएको भन्ने देखिन नआउने ।

(प्रकरण नं. ७)

- सामान्यतया सन्तानले आफ्नो बाबुआमाबाट नै अंश पाउने हो । बाबुले आफ्नो पुख्र्यौली सम्पत्तिबाट आफ्ना अन्य अंशियारबाट अंश पाउने हो । तर सगोलमा बसेको अवस्थामा बाबुबाजे छोरानाति पनातिसमेत एक आपसमा भरपर्ने गरेको हुन्छ । अविभाजित सम्पत्तिबाट नै सबैको निर्वहन गर्नुपर्ने हुन जाने ।
- अविभाजित सगोलको सम्पत्तिमा प्रत्यक्षतया अंशको हक लाग्ने पहिलो पिँढीको अंशियारहरूकै हक रहन्छ र अंशियारका छोराछोरी नाति नातिनीहरूलाई अंशियारको नाताबाट अर्को चरणको परोक्ष हक रहन जान्छ । तथापि ती सबै हकहरू कानूनबमोजिमकै हक हुन्छन् । सगोलको अमुक सम्पत्ति अविभाजित रहँदासम्म सगोलका सबै अंशियारहरू र अंशियारका सम्पत्तिमा हक लाग्ने तिनका सन्तानहरूको समेत हक र हित रहने हुनाले अविभाजित सगोलको सम्पत्तिमाथि प्रथम पुस्ताका अंशियारहरूको मात्रै आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा लिन मिल्ने देखिँदैन । यस अर्थमा पितापुर्खाको पालाको सम्पत्तिबाट अंशियारका सन्तानहरूले अंश पाउने हुनाले प्रथम वा अघिल्ला पुस्ताका अंशियारले कानूनबमोजिम भागशान्ति न्यायोचितरूपमा पाउने भई सो यथार्थमा पनि लिए पाएको हुन जरूरी हुन जाने ।

(प्रकरण नं. ८)

- अंश अपुतालीको हक सम्पत्तिको हकसँग सम्बन्धित छ । अंशको हकको कुरा गर्दा अंशियारले अंश लिनुपर्ने भन्ने बाध्यता सिर्जना गर्न मिल्दैन । हक लाग्ने अंशियारहरूले आफ्नो हक परित्याग गर्न नपाउने होइन । तर त्यस्तो हक परित्याग गरेको कुरा निजको स्वेच्छामा आधारित हुनुपर्छ र त्यसले निजको हकमा सम्म बन्धनकारी हुन सक्दछ । अंशियारको हकमा अंशियार र निजको स्वास्नी छोराले समेत मन्जुरीले हक परित्याग गर्दछ भने त्यसमा अरूले चिन्ता लिनुपर्ने कुरा पनि हुँदैन । तर प्रथम वा अघिल्ला पुस्ताका अंशियारले आफ्नो अंश हक छुट्टयाउने नाममा अंश नलिने गरी वा पाउने हिसाब शान्ति नलिई वा अति कम लिई निजको सम्पत्तिमा हक लाग्ने सन्तानहरूको हक मेटिने परिणाम सिर्जना गर्दछ र त्यसमा निजहरूको मन्जुरी लिइएको छैन भने त्यसको भिन्न कानूनी परिणाम रहने ।

(प्रकरण नं. ९)

- सामान्यतया बाबु आमाले आफ्नो सन्तानको अंश हक वा कानूनबमोजिम पाउने भागमा नै प्रतिकूल असर पर्ने गरी व्यवहार गर्ने अपेक्षा गरिँदैन । तर बाबु वा

आमाबीच र छोराछोरीबीच कुनैरूपमा सम्बन्ध बिग्रेको अवस्थामा त्यस्तो प्रतिकूल परिणाम निकाल्ने गरी आत्मघातीरूपमा पनि अंश लिनु दिनु गर्दैनन् भन्न सकिँदैन । सगोलको सम्पत्तिमा प्रत्यक्ष वा परोक्षरूपमा कानूनी हक वा हित भएका सन्तानहरूको अंश अपुतालीको हकमा अघिल्लो पुस्ताको अंशियार भएको नाताले जसरी पनि प्रभाव पार्न पाइन्छ भन्ने कुरा कानून, न्याय र विवेकसङ्गत हुँदैन । त्यसैले अंशियारहरूबीच अंश लिनुदिनु गर्दा अंशियारले कानूनबमोजिम भाग शान्ति लिए पाएको छ वा छैन र त्यसबाट तिनका आआफ्नो सन्तानमा असर पर्न गएको छ वा छैन भन्ने कुरा हेर्न जरूरी हुने ।

(प्रकरण नं. १०)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

- नेकाप २०७१, फागुन, नि.नं.९२७९

सम्बद्ध कानून :

- अंशबन्डाको महलको १ र २ नं.

सुरू आदेश गर्नेः-

मा. जिल्ला न्यायाधीश श्री अम्बरराज पौडेल

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री फणिन्द्रदत्त शर्मा

माननीय न्यायाधीश श्री टीकाबहादुर हमाल

फैसला

स.प्र.न्या.कल्याण श्रेष्ठ : पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।९ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादीहरूको तर्फबाट यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मूल पुरूष स्व. दलबहादुर क्यापछाकीको श्रीमती विष्णुमाया क्यापछाकी हुन् । यिनीहरूबाट ४ छोरा ३ छोरीको जायजन्म भएकोमा छोरीहरूको विवाह भइसकेको छ । ४ छोरामा जेठो जितबहादुर क्यापछाकी, माहिला छत्रबहादुर क्यापछाकी, साहिला खडगबहादुर क्यापछाकी र कान्छा हाम्रो पति पिता कमलबहादुर क्यापछाकी हुन् । कमलबहादुरसँग मेरो मिति २०६१।१२।२४ मा विवाह भई मिति २०६२।७।१५ मा छोरी लक्ष्मीको जायजन्म भएपछि विपक्षीहरूले मलाई हेला गर्न थालेको हो । मेरो विवाहपूर्व कमलबहादुरको जेठी श्रीमती विष्णुमायाबाट २ छोरा र २ छोरीको जायजन्म भइसकेको हो । हामीलाई दुःख दिन थालेपछि हाम्रो अंश माग्दा खान लाउन बन्द गरी घरबाट निकाला गरी दिएकोले विपक्षी झिकाई फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम गरी सोको अघिल्लो मितिसम्मको बन्डा गर्नुपर्ने सम्पूर्ण चल अचल श्रीसम्पत्तिको तायदाती फाँटवारी दाखिल गराई ५ भागको १ भागलाई ८ भाग लगाई सो ८ भागबाट २ भाग अंश दिलाई दर्तासमेत गराई पाउँ भन्नेसमेत व्यहोराको वादीको फिराद पत्र ।

वादी तथा निजको पति, सौता हामीसँग बस्दा सधै कचिङ्गल हुँदा गाउँ घरमा बसी चलजति घरसारमा बाँडी बाँकी अचल जति रू. ११,१०,०००।– तथा नगद रू. ५०,०००।– जम्मा ११,६०,०००।– सम्पत्ति बाँडनु परेकोमा वादीको लोग्ने पिताले म खेती गर्न सक्दिन व्यापार गर्छु मलाई नगदै दिनुस् भनेपछि निजलाई नगद रू. ५०,०००।– दिई अरू भाइले जग्गा लिई दिई मिति २०६२।८।८ मा र.नं. २६०९ को अंशबन्डाको लिखत मालपोत कार्यालय, धनुषाबाट पास गराई लिएपछि वादीहरूले आफ्नो सम्पत्ति खाई मासेपछि हामीसँग पुनः अंश लिनलाई यो झुठ्ठा मुद्दा

दिएको हो । वादीले हामीबाट होइन, आफ्नो पति पिताबाट मात्र अंश पाउने हुँदा हामीउपरको दाबी खारेज गरिपाउँ भन्ने प्रतिवादी खडगबहादुर, अन्तमाया, इन्द्रमाया, छत्रबहादुर, जितबहादुर, विष्णुमायासमेतको संयुक्त प्रतिउत्तर पत्र ।

वादीले देखाएको नाता पुस्ता ठीकै हो । वादीले हामीबाट अंश पाउने अंशियार हो । वादीकै सहमतिमा रू.५०,०००।– लिई दाजुभाइसँग अंशबन्डा गरेको हो । बन्डा गर्नुपर्ने कुनै सम्पत्ति नरहेकोले झुट्टा नालेस खारेज गरिपाउँ भन्नेसमेतको प्रतिवादीहरू कमलबहादुर, विष्णुमाया, निलम, आरती, आशिष, अभिशेषसमेतको प्रतिउत्तर पत्र ।

वादीका साक्षी वीरबहादुर मसरागीले वादी दाबीलाई समर्थन हुने गरी र प्रतिवादी कमलबहादुरको साक्षी कंशलाल लामाले प्रतिउत्तर पत्रलाई समर्थन हुने गरी गरेको बकपत्र ।

अदालतबाट मिति २०६५।९।२१ मा तायदाती फाँटवारी वादी प्रतिवादीबाट दाखेल गराउने आदेशबमोजिम वादी प्रतिवादीबाट दाखेल भएको तायदाती फाँटवारी मिसिल सामेल रहेको ।

यसै लगाउको दे.नं. २२९८ को अंश भरपाई बदर मुद्दा आज यस इजलासबाट वादी दाबी नपुग्ने ठहरी फैसला भएकोसमेतको आधारमा यी वादीले प्रतिवादीमध्येका निजका सासू विष्णुमाया, जितबहादुर, छत्रबहादुर, खडगबहादुर, इन्द्रमाया र अन्तमायाबाट अंश पाउने नभई वादीले आफ्नो पतिपिता एवं सौता, सौतेनी छोराछोरीहरूबाट मात्र ८ भागको २ भाग अंश छुट्टयाई लिन पाउने ठहर्छ भन्ने मिति २०६६।१२।१२ गतेको धनुषा जिल्ला अदालतको फैसला ।

अंशबन्डाको महलको १ र २ नं. विपरीत मिति २०६२।८।८ को र.नं. २६०९ को अंश भरपाईको कागज भएको छ । उक्त अंश भरपाई हामीहरूको अंश मार्नको लागि मात्र भएको हो । अंश भरपाई हुँदा हामीहरूको मन्जुरी तथा जानकारीसमेत थिएन । अंश भरपाईको कागज हामीहरूको अंश हक मार्नका लागि तयार भएको प्रस्ट छ । ने.का.प. २०५६ नि.नं. ६७१० अंक ४ पृष्ठ ३०४ मा प्रतिपादित कानूनी सिद्धान्तविपरीत सुरू अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी वादी दाबीबमोजिम फैसला गरी इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको वादीको पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र ।

वादी प्रतिवादीहरूको अंश नछुट्टिएका अंशियार भएकोमा वादी प्रतिवादीको मुख मिलेको देखिन्छ । प्रतिवादी कमलबहादुर क्यापछाकी वादीको लोग्ने र पिता भएको र निजले पाउने अंशबाट वादीले अंश पाउने हुन्छ । प्रतिवादीहरूको नाममा दर्ता भएको जग्गा विगाहा ५-१३-१३ धुर रहेको र उक्त जग्गाहरूको मूल्यको आधारमा प्रतिवादी कमलबहादुर क्यापछाकीले सगोलको सम्पत्तिबाट पूर्ण अंश प्राप्त नगरेको अवस्थामा वादीले पनि सगोलको सम्पत्तिबाट अंश प्राप्त गर्नसक्ने अवस्था देखिन आएन । प्रतिवादी कमलबहादुर क्यापछाकीले मात्र रू. ५०,०००।– प्राप्त गरेको र सोको आधार अंशबन्डाको भरपाईमा नखुलेको अवस्थामा सुरूबाट भएको फैसला फरक पर्न सक्ने देखिएकोले मुलुकी ऐन, अ.बं. २०२ नं.समेत बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने मिति २०६७।१०।१० को पुनरावेदन अदालत, जनकपुरको आदेश ।

सुरू धनुषा जिल्ला अदालतले वादीहरूले प्रतिवादी विष्णुमाया मगर्नीसमेतबाट अंश नपाउने गरेको हदसम्मको फैसला नमिलेकोले उक्त मिति २०६६।१२।१२ को फैसला त्यति हदसम्म उल्टी भई प्रतिवादीहरूबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लिखित श्रीसम्पत्तिबाट पाँच भागको एक भाग प्रतिवादी कमलबहादुर क्यापछाकीको भागमा पर्न आउने श्रीसम्पत्तिको अंशबन्डाको महलको १७ नं. बमोजिम विवाह नभएका चार जना अंशियाराको विवाह खर्च परसारी बाँकी रहन आउने तायदातीमा

उल्लिखित श्रीसम्पत्तिको सात भागको दुई भाग वादीहरूले अंश छुट्टयाई चलन चलाई लिन पाउनेसमेत ठहर्छ भन्ने पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।९ को फैसला।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन । वादी डुकुमाया क्यापछाकीको पति कमलबहादुरले आफ्नो अंश भागबापतको नगदै रू.५०,०००।– मिति २०६२।८।८ मा बुझी लिई र.नं. २६०९ बाट अंशबन्डाको लिखत पास गराई सकेको छ। वादीहरूले हामी प्रतिवादीहरूबाट अंश पाउनु पर्ने होइन । आफ्नो पति पिताबाट मात्र अंश पाउनु पर्ने हो। पुनरावेदन अदालतले हामीबाट समेत अंश पाउने ठहराएको फैसला त्रुटिपूर्ण भएकोले उल्टी गरी सुरू जिल्ला अदालतको फैसला सदर कायम राखी पाउँ भन्ने प्रतिवादीहरूको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो। प्रस्तुत मुद्दामा सुरू धनुषा जिल्ला अदालतको फैसला केही उल्टी गरी वादीले प्रतिवादीहरूबाट अंश पाउने ठहराएको फैसला मिलेको छ वा छैन र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीमध्येको कमलबहादुर वादीहरूको पति पिता भएकोमा पति पिताले हेला गरी खान लाउन नदिएकाले फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम गरी सोको अघिल्लो दिनसम्मको चल अचल सम्पत्तिको तायदाती फाँटवारी दाखिल गराई सम्पूर्ण सम्पत्तिलाई ५ भाग लगाई ५ भागको १ भागलाई ८ भाग लगाई सो ८ भागको दुई भाग अंश दिलाई भराई पाउँ भन्ने वादीको दाबी रहेको देखिन्छ।

३. सुरू धनुषा जिल्ला अदालतले वादीहरूका पति पिताले आफ्नो अंशबापत रू.५०,०००।– नगदै बुझिलिएकोले अन्य अंशियारबाट अंश प्राप्त गर्न नसकी आफ्नो पति पिता कमलबहादुर एवम् सौतातर्फबाट माग ८ भागको दुई भाग अंश छुट्टयाई लिन पाउने ठहराएको फैसला पुनरावेदन अदालत, जनकपुरले केही उल्टी गरी वादीहरूले सम्पूर्ण अंशियारबाट सो सम्पत्तिबाट अंश पाउने ठहराएको फैसलाउपर प्रतिवादीहरूको तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको रहेछ।

४. वादीको पति पिता कमलबहादुरले आफ्नो अंश भागको सम्पत्तिबापत रू. ५०,०००।– नगदै बुझी लिई अन्य अंशियारसँग अंशबन्डा भई बन्डापत्रको लिखत पारित भइसकेको अवस्थामा वादीले निजकै पति पितासँग मात्र आफ्नो अंश भागको दाबी गर्न सक्ने भन्ने प्रतिवादीहरूको प्रतिउत्तर जिकिर रहेको पाइन्छ । प्रतिवादीहरूले पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर यस अदालतमा पुनरावेदन गर्दासमेत वादीहरू आफ्नो अंशियार नभई निजको पति पिता मात्र अंशियार भएकाले आफूहरूसँग अंशको दाबी गर्ने अधिकार वादीहरूसँग नभएको भन्ने जिकिर लिएको देखिन आउँछ।

५. यस सम्बन्धमा प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अवलोकन गर्दा वादी र प्रतिवादीहरू बीचको पुस्ताबलीमा दुवै पक्षबाट कुनै विवाद गरिएको पाइँदैन । मूल अंशियार स्व. दलबहादुरकी श्रीमती विष्णुमाया मगर्नीका ४ छोरा र ३ छोरीको जन्म भएकोमा छोरीहरूको पहिले नै विवाह भई ४ छोराहरूमा प्रतिवादीहरू कमलबहादुर, जीतबहादुर, छत्रबहादुर र खडगबहादुर रहेको भन्ने देखिएको छ। प्रतिवादीहरू मध्येका कमलबहादुर वादी डुकुमाया क्यापछाकीका पति एवम् लक्ष्मी क्यापछाकीका पिता रहेको देखिन आएको छ। मूल अंशियार विष्णुमाया मगर्नी र निजका छोराहरू कमलबहादुर, जीतबहादुर, छत्रबहादुर र खड्गबहादुरबीच मिति २०६२।८।८ मा र.नं. २६०९ बाट बन्डापत्रको लिखत पारित गरी अंशबन्डा भएको

भन्ने मिसिलबाट देखिएको छ । उक्त बन्डापत्र हुँदा प्रतिवादीहरूका नाममा दर्ता भएको ज.वि. ५-१३-१८ जग्गा अंशबन्डा भएको देखिएकोमा प्रतिवादी कमलबहादुरले रू. ५० हजार मात्र अंशबापत नगदै बुझेको भन्ने देखिन्छ । वादीहरूका पति पिताले सोही पारित बन्डापत्रबाट आफ्नो भागको अंशबापत रू. ५० हजार बुझिलिइसकेकाले निजबाट मात्र वादीहरूले अंश पाउन सक्ने भन्ने प्रतिवादीहरूको कथन रहेको देखिन आएको छ ।

६. वस्तुतः प्रतिवादीहरूबीच मिति २०६२।८।८ मा भएको बन्डापत्रको व्यहोरा हेर्दा अंशियारमध्ये कमलबहादुर क्यापछाकीले अंशबापत अंशियारसँग रू. ५० हजार नगदै बुझी आफ्नो अंशको सम्पूर्ण अंश भाग छाडि दिई अन्य अंशियारबीच मूल्य रू. ११,६०,०००।– पर्ने ज.वि. ५-१३-१८ जग्गा बन्डा गरिएको भन्ने उल्लेख भएको देखिन्छ । अन्य प्रतिवादीहरूबीच रू. ११,६०,०००।– पर्ने ज.वि. ५-१३-१८ जग्गा बन्डा हुने तर वादीहरूका पति पिता कमलबहादुरले रू ५० हजार मात्र अंश लिनुपर्ने विवेकसम्मत् कारण र आधार उक्त अंशबन्डाको लिखतमा खुलेको देखिँदैन । उक्त पारित बन्डापत्रको लिखतमा यी वादीहरू साक्षी बसेको वा निजहरूको समेत मन्जुरीमा उक्त लिखत पारित भएको भन्ने देखिएको छैन ।

७. अंशबण्डाको महलको १ र २ नं. को कानूनी व्यवस्थाअनुसार एकासगोलमा रहेका बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरी प्रत्येकलाई समानरूपमा वितरण हुने गरी अंशको बन्डा गर्नुपर्ने र सोही कानूनी व्यवस्थाबमोजिम सगोलका प्रत्येक अंशियारको अंशको सम्पत्तिउपर समानरूपमा हक हुने प्रत्याभूति गरिएको समेत पाइन्छ। अंशबण्डाको महलको उक्त व्यवस्थाले समान पुस्ताका अंशियारहरूबीच समानरूपमा अंशको बण्डा हुनुपर्ने कुराको प्रत्याभूति प्रदान गरेको भए पनि कुनै अंशियारले आफूखुसी अन्य अंशियारभन्दा कम अंश लिन्छु भन्नको लागि कुनै प्रकारको रोक लगाएको भने पाइँदैन । त्यस्तै कुनै अंशियारलाई आफूले पाउने अंश हकको परित्याग गर्नसमेत उक्त कानूनी व्यवस्थाले रोक लगाएको पाइँदैन । तर कुनै अंशियारले आफूले पाउने अंश हकको पूर्ण वा आंशिकरूपमा परित्याग गर्दछ र निजको सो आचरण एवम् व्यवहारबाट निजका हाँगातर्फका अर्को पुस्ताका अंशियार निरंशी हुने अवस्था सिर्जना हुन्छ भने र सो कार्यमा तल्लो पुस्ताको अंशियारको मन्जुरी छैन भने त्यस्तो अवस्थामा पनि अंश भागको सम्पत्ति परित्याग गर्न वा असमान किसिमको बन्डा स्वीकार गर्न अंशबन्डाको महलले छुट प्रदान गरेको देखिँदैन । अपितु यस्तो गरियो भने अंशबन्डाको महलको १ र २ नं. को व्यवस्थाविपरीत हुन जान्छ । वस्तुतः अंशबन्डाको महलको १ र २ नं. को व्यवस्था भनेको अंश पाउने व्यक्तिको नैसर्गिक हकको प्रत्याभूत गराउने कानूनी व्यवस्था हो । उक्त व्यवस्थाले कुनै अंशियारलाई आफ्नो भागको अंश पूर्ण वा आंशिकरूपमा परित्याग गर्न रोक नलगाएको भए पनि नियोजित र दुराशययुक्तरूपमा आफूपछिका अंशियारलाई निरंशी बनाउने उद्देश्यले अंश हक परित्याग गर्न छुट दिएको भन्ने देखिन आउँदैन ।

८. सामान्यतया सन्तानले आफ्नो बाबुआमाबाट नै अंश पाउने हो। बाबुले आफ्नो पुख्र्यौली सम्पत्तिबाट आफ्ना अन्य अंशियारबाट अंश पाउने हो। तर सगोलमा बसेको अवस्थामा बाबुबाजे छोरानाति पनातिसमेत एक आपसमा भरपर्ने गरेको हुन्छ । अविभाजित सम्पत्तिबाट नै सबैको निर्वहन गर्नुपर्ने हुन्छ । अविभाजित सगोलको सम्पत्तिमा प्रत्यक्षतया अंशको हक लाग्ने पहिलो पिँढीको अंशियारहरूकै हक रहन्छ र अंशियारका छोराछोरी नाति नातिनीहरूलाई अंशियारको नाताबाट अर्को चरणको परोक्ष हक रहन जान्छ । तथापि ती सबै हकहरू कानूनबमोजिमकै हक हुन्छन् । सगोलको अमुक सम्पत्ति अविभाजित

रहँदासम्म सगोलका सबै अंशियारहरू र अंशियारका सम्पत्तिमा हक लाग्ने तिनका सन्तानहरूको समेत हक र हित रहने हुनाले अविभाजित सगोलको सम्पत्तिमाथि प्रथम पुस्ताका अंशियारहरूको मात्रै आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा लिन मिल्ने देखिँदैन । यस अर्थमा पितापुर्खाको पालाको सम्पत्तिबाट अंशियारका सन्तानहरूले अंश पाउने हुनाले प्रथम वा अघिल्ला पुस्ताका अंशियारले कानूनबमोजिम भागशान्ति न्यायोचितरूपमा पाउने भई सो यथार्थमा पनि लिए पाएको हुन जरूरी छ ।

९. अंश अपुतालीको हक सम्पत्तिको हकसँग सम्बन्धित छ । अंशको हकको कुरा गर्दा अंशियारले अंश लिनुपर्ने भन्ने बाध्यता सिर्जना गर्न मिल्दैन । हक लाग्ने अंशियारहरूले आफ्नो हक परित्याग गर्न नपाउने होइन । तर त्यस्तो हक परित्याग गरेको कुरा निजको स्वेच्छामा आधारित हुनुपर्छ र त्यसले निजको हकमा सम्म बन्धनकारी हुन सक्दछ । अंशियारको हकमा अंशियार र निजको स्वास्नी छोराले समेत मन्जुरीले हक परित्याग गर्दछ भने त्यसमा अरूले चिन्ता लिनुपर्ने कुरा पनि हुँदैन । तर प्रथम वा अघिल्ला पुस्ताका अंशियारले आफ्नो अंश हक छुट्टयाउने नाममा अंश नलिने गरी वा पाउने हिसाब शान्ति नलिई वा अति कम लिई निजको सम्पत्तिमा हक लाग्ने सन्तानहरूको हक मेटिने परिणाम सिर्जना गर्दछ र त्यसमा निजहरूको मन्जुरी लिइएको छैन भने त्यसको भिन्न कानूनी परिणाम रहन्छ ।

१०. सामान्यतया बाबु आमाले आफ्नो सन्तानको अंश हक वा कानूनबमोजिम पाउने भागमा नै प्रतिकूल असर पर्ने गरी व्यवहार गर्ने अपेक्षा गरिँदैन । तर बाबु वा आमाबीच र छोराछोरीबीच कुनैरूपमा सम्बन्ध बिग्रेको अवस्थामा त्यस्तो प्रतिकूल परिणाम निकाल्ने गरी आत्मघातीरूपमा पनि अंश लिनु दिनु गर्दैनन् भन्न सकिँदैन । सगोलको सम्पत्तिमा प्रत्यक्ष वा परोक्षरूपमा कानूनी हक वा हित भएका सन्तानहरूको अंश अपुतालीको हकमा अघिल्लो पुस्ताको अंशियार भएको नाताले जसरी पनि प्रभाव पार्न पाइन्छ भन्ने कुरा कानून, न्याय र विवेकसङ्गत हुँदैन । त्यसैले अंशियारहरूबीच अंश लिनुदिनु गर्दा अंशियारले कानूनबमोजिम भाग शान्ति लिए पाएको छ वा छैन र त्यसबाट तिनका आआफ्नो सन्तानमा असर पर्न गएको छ वा छैन भन्ने कुरा हेर्न जरूरी हुन्छ । प्रस्तुत मुद्दामा त्यही स्थिति विद्यमान भएको छ ।

११. नेपाल कानून पत्रिका २०७१, फागुन नि.नं. ९२७९ मा प्रकाशित पुनरावेदक विक्कीरत्न शाक्यसमेत प्रत्यर्थी कुलरत्न शाक्यसमेत भएको अंशचलन मुद्दामा यस अदालतको पूर्ण इजलासबाट वादीका पति पिताले आफ्नो हकमा जे गर्न सके पनि निजको अंश भागमा सरोकार रहने र कानूनबमोजिम अंश प्राप्त गर्न सक्ने पत्नी वा सन्तानको हकमा अंश भागै कटौती हुने गरी अत्यन्तै न्यून भाग अंश लिए पनि पति पिताको सो कार्यले वादीहरूको हकमा बन्धनकारी परिणाम निकाल्न सक्ने हुँदैन । बन्डापत्रमा वादीहरूको मन्जुरी वा सहमतिमा भएको भन्ने नदेखिएको अवस्थामा आफूभन्दा तल्लो पुस्ताको अंश हकमा असर पार्ने उद्देश्यले तयार पारिएको उक्त बण्डापत्रले अंशबण्डाको महलको १ र २ नं. बमोजिमको हैसियत प्राप्त गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।

१२. प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा मूल अंशियार स्व. दलबहादुरको श्रीमती विष्णुमाया मगर्नीका चार छोराहरूमा कमलबहादुर, जीतबहादुर, छत्रबहादुर र खडगबहादुरबीच मिति २०६२।८।८ मा भएको बन्डा पत्रमा वादीहरूका पति पिता कमलबहादुरले पचास हजार रूपैयाँ मात्र अंशबापत बुझिलिएको तर अन्य अंशियार प्रतिवादीहरूले ज.वि. ५-१३-१८ जग्गा बन्डा गरी लिएको देखिएको र सो बन्डापत्रमा वादीहरूलाई साक्षी राखिएको वा निजहरूको मन्जुरी लिइएको अवस्था नदेखिएकाले प्रतिवादीहरूको

आचरण एवम् व्यवहार हेर्दा प्रतिवादीहरूबीच भएको उक्त बन्डापत्र पैतृक सम्पत्तिको न्यायपूर्ण तरिकाले बन्डा गर्ने उद्देश्यको नभई अंश पाउने अधिकार भएका तल्लो पुस्ताका अंशियार यी वादीहरूको अंश हक अपहरण गरी निरंशी बनाउने उद्देश्य खडा गरिएको बन्डापत्र भएको भन्ने देखिन आएकोले सुरू फैसला केही उल्टी गरी प्रतिवादीहरूबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिबाट पाँच भागको एक भाग प्रतिवादी कमलबहादुरको भागमा पर्न आउने सम्पत्तिको अंशबन्डाको महलको १७ नं. बमोजिम विवाह नभएका चार जना अंशियारको विवाह खर्च परसारी बाँकी रहन आउने तायदातीमा उल्लिखित सम्पत्तिको अंशियारमध्येकी कमलबहादुरकी छोरी निलम क्यापछाकीको विवाह भई अंशियार नरहेको भन्ने उल्लेख भएकाले सात भागको दुई भाग अंश वादीहरूले छुट्टयाई लिन पाउने ठहराएको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिब देखिन आयो।

१३. तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट सुरू धनुषा जिल्ला अदालतको फैसला केही उल्टी गरी वादीहरूले जम्मा सम्पत्तिको सात भागका दुई भाग अंश छुट्टयाई लिन पाउने ठहराएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।९ का फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

१. वादीले प्रतिवादीबाट भरी पाउने ठहरेको कोर्टफी रू. ३००।– पुनरावेदन अदालत, जनकपुरमार्फत यस अदालतमा पुनरावेदन गर्दा सो अदालतको र.नं. १२१ मिति २०६८।१०।४ बाट धरौटी राखेको देखिँदा उक्त धरौटीबाट कोर्टफी भराई पाउँ भनी वादीको ऐनका म्यादभित्र दरखास्त परे वादीहरूलाई भराई दिनु भनी पुनरावेदन अदालत, जनकपुरलाई लेखी पठाउनू।

२. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत: विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

निर्णय नं. ९६६७

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७३।०४।२३
०७१-WO-०४२२

विषय : उत्प्रेषण / परमादेश।

रिट निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ चुनदेवी बस्ने पृथ्वीबहादुर पाँडेसमेत

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

- **निसन्देहः कुनै पनि राष्ट्रका लागि आफ्नो "सार्वभौमसत्ता" सर्वाधिक महत्त्वको विषय हुन्छ । सार्वभौमसत्ता प्रतिकूलका**

कुनै पनि काम, कारवाही, गतिविधि वा क्रियाकलाप मान्य र स्वीकार्य हुन सक्दैन । तर सार्वभौमसत्ताको आफ्नो अनुकूल व्याख्या गरी कसैको निहित स्वार्थ वा व्यक्तिगत हित रक्षाको लागि राज्यका तर्फबाट कानूनसङ्गत र वैधानिक तवरले भए गरिएका काम कारवाही परास्त हुने अवाञ्छित अवस्था पैदा हुन दिनु पनि हुँदैन । यसलाई वस्तुगत र पद्दतिगत तवरबाट हेरिनु पर्ने । आधुनिक विश्वव्यापीकरणको सन्दर्भमा रहेका स्वाभाविक अपेक्षा, अवसर, जटिलता र चुनौतीहरूको सापेक्षतामा सार्वभौमसत्ताको प्रयोग गर्ने व्यवहारिक दृष्टिकोण आत्मसात् गर्नु वाञ्छनीय छ । विगतको साँघुरो वा संकुचित राष्ट्रवादको पृष्ठभूमिमा गरिने सार्वभौमसत्ताको व्याख्या र प्रयोगको औचित्य आधुनिक समाजमा प्रमाणित हुन नसक्ने ।

(प्रकरण नं. ५)

- नेपालको नोट छपाईको क्रममा भ्रष्टाचारजन्य कार्य भएको भन्ने कसुरको छानबिनका क्रममा सत्य तथ्य पत्ता लगाउने सन्दर्भमा पारस्परिक कानूनी सहायता प्रदान गर्नुलाई राष्ट्रघात मान्न सकिँदैन । यो त केवल अपराध नियन्त्रणका लागि गर्नुपर्ने पारस्परिकताको वाञ्छित र अपेक्षित कार्यसम्म देखिने ।

(प्रकरण नं. ६)

- अष्ट्रेलियाले पारस्परिक कानूनी सहायताका लागि अनुरोध गरेको विषय भ्रष्टाचार, मुद्रा निर्मलिकरण आदि फौजदारी कसुरसँग सम्बन्धित विषय देखिन्छ । पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४(ख) बमोजिम "फौजदारी प्रकृतिको विषयमा एक वर्षभन्दा कम कैद सजाय वा पचास हजार रूपैयाँभन्दा कम जरिवाना हुने कसुर भएमा" पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न नमिल्ने । अष्ट्रेलियाको **Crime Act**, १९५८ तथा **Criminal Code Act**, १९९५ समेतमा रहेको व्यवस्थाबमोजिम अधिकतम १०(दश) वर्षसम्म कैद हुन सक्ने कसुरको सन्दर्भमा पारस्परिक कानूनी सहायताका लागि अनुरोध भई आएको हुँदा कैद वा जरिवाना हदको दृष्टिले समेत पारस्परिक कानूनी सहायता प्रदान गर्न कुनै कानूनी बाधा देखिएन । पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ५(ग) बमोजिम बैंक, वित्तीय वा व्यापारिक अभिलेखलगायत सम्बद्ध कागजातको संकलन वा प्रमाणित प्रति उपलब्ध गराउन सकिने नै देखिन्छ । भ्रष्टाचार, मुद्रा निर्मलीकरणलगायतका संगठित अपराधलाई नेपाल कानून तथा अष्ट्रेलियाको कानूनले समेत अपराधको रूपमा घोषित गरेको अवस्था देखिएकोले प्रस्तुत पारस्परिक कानूनी सहायता प्रदान गर्ने सन्दर्भमा दोहोरो आपराधिकरण (**Double Criminality**) को अवस्था विद्यमान छैन भन्ने ठान्न पनि नमिल्ने ।

(प्रकरण नं. ७)

- संयुक्त राष्ट्रसंघीय महासन्धिहरूद्वारा नै पारस्परिक कानूनी सहायता प्रदान गर्ने दायित्व नेपाल तथा अष्ट्रेलिया दुवै सदस्य राष्ट्रमा रहेको र प्रचलित नेपाल कानूनमा समेत पारस्परिक कानूनी सहायता

प्रदान गर्नुपर्ने प्रावधान रहेको हुँदा नेपाल र अष्ट्रेलियाका बीच यस विषयमा छुट्टै द्विपक्षीय सन्धि नभएको भन्ने कारणबाट पारस्परिकताका आधारमा कानूनी सहायता प्रदान गर्न कुनै कानूनी बाधा देखिन नआउने ।

(प्रकरण नं. ९)

- **सुशासन कायम गर्ने मार्गमा गम्भीर अवरोध पैदा गर्ने भ्रष्टाचार जस्ता कसुरमा प्रभावकारी अनुसन्धान गरी सार्वजनिक सदाचार र नैतिकता कायम गर्ने अभिप्रायले जारी भएका महासन्धिहरूमा उल्लेख भएका प्रावधानहरूको पालना वा अनुशरण गर्नु हाम्रो पनि दायित्व हो । सन्धि ऐन, २०४७ को दफा ९ ले यस प्रकारका महासन्धि वा सन्धिमा उल्लेख भएका कुराहरूलाई प्रचलित नेपाल कानूनसरह लागू हुने गरी मान्यता प्रदान गरेको देखिँदा बैंङ्किङ कारोबार वा विवरणको गोपनीयता कायम राख्ने कुरालाई मात्र निरपेक्ष तवरबाट हेरेर पारस्परिक कानूनी सहायता प्रदान गर्न इन्कार गर्नु उचित नहुने ।**

(प्रकरण नं. १३)

- **प्राकृतिक न्यायको सिद्धान्त न्यायिक प्रक्रियाका सन्दर्भमा ज्यादै महत्त्वपूर्ण हुँदा हुँदै पनि यसको प्रयोग क्षेत्रलाई ज्यादै संकुचित वा अति विस्तृत तवरबाट व्याख्या गर्न पुगियो भने यसको न्यायिक उपादेयता कमजोर बन्ने अवस्था आई पर्दछ । सिद्धान्तहरू न्यायका लागि निर्माण भएका हुन् । यसको प्रयोग पनि न्यायशील, स्वीकार्य र व्यवहारिक उपादेयतायुक्त हुनु पर्दछ । सुनुवाइको मौका प्रदान गर्ने कुराको एउटा निश्चित सीमा र परिधि छन् । कसैका विरूद्ध कुनै अभियोग लगाइन्छ भने अभियोग लगाइएको व्यक्तिलाई प्रतिवाद गर्ने अर्थात् खण्डन गर्ने अवसर नै प्रदान नगरी केवल एकपक्षीय कुरा सुनेर उसका विरूद्ध निर्णय गर्न नहुने ।**

(प्रकरण नं. १५)

- **पारस्परिक कानूनी सहायता अन्तर्गत प्रदान गरिने बैंक खातासम्बन्धी कुनै विवरणलाई प्रमाणको रूपमा प्रस्तुत गरी अभियोग लगाउँदा वा त्यसलाई ग्रहण गर्दा सम्बन्धित व्यक्ति (अभियुक्त) लाई प्रतिवादका लागि उचित सुनुवाइको मौका प्रदान गर्नु नै पर्ने हुन्छ । यस प्रकारको सुनुवाइको मनासिब अवसर नै प्रदान नगरी सम्बृद्ध न्यायिक परम्परा भएको अष्ट्रेलियन न्याय प्रणालीमा रिट निवेदकहरूका विरूद्धमा कुनै निर्णय गरिन्छ होला भनी सम्झनु उचित नहुने ।**

(प्रकरण नं. १६)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू बद्रीबहादुर कार्की, शम्भु थापा तथा विद्वान अधिवक्ताद्वय सुधिर श्रेष्ठ र ललित बस्नेत

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ताद्वय संजिवराज रेग्मी र खेमराज ज्ञवाली तथा विद्वान अधिवक्ताद्वय डा.रेशमराज रेग्मी र जुगल किशोर कुशवाह

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४(ख), दफा ५(ग)
- सन्धि ऐन, २०४७
- नेपालको अन्तरिम संविधान, २०६३
- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३

आदेश

न्या.ईश्वरप्रसाद खतिवडा : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ:

हामी निवेदकमध्येका म पृथ्वीबहादुर पाँडे नेपालको एक प्रतिष्ठित बैंकर हुँ भने म उपेन्द्र केशरी पौड्याल नेपाल राष्ट्र बैंकको भूतपूर्व मुख्य मुद्रा अधिकृत हुँ। म पृथ्वीबहादुर पाँडे "क" वर्गको नेपाल इन्भेष्टमेन्ट बैंकको सञ्चालक समितिको अध्यक्ष रहेको हुँदा सो बैंक र बैंङ्किङ क्षेत्रको गतिविधिसँग सुपरिचित रहनु स्वाभाविक छ । यसै सिलसिलामा बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंकको मिति २०७१।८।१५ को पत्रबाट सोही पत्र साथ संलग्न मिति २०७१।७।३० गतेको कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको पत्रअनुसार हामीलगायत विभिन्न व्यक्तिको बैंकसम्बन्धी खाताका विवरणहरू अष्ट्रेलियाको Attorney General's Department लाई दिन नेपाल राष्ट्र बैंक कानून महाशाखालाई उपलब्ध गराउन म अध्यक्ष रहेको बैंकलगायत नेपालका सम्पूर्ण बैंकहरूलाई निर्देशन गरिएको व्यहोरा जानकारी हुन आयो । उल्लिखित पत्रसाथ संलग्न कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको पत्र हेर्दा त्यस्तो जानकारीको माग काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ गतेको आदेशअनुरूप भएको भन्ने उल्लिखित रहेछ। तर बैंकहरूलाई उपलब्ध गराइएको पत्रमा काठमाडौं जिल्ला अदालतको उक्त आदेश संलग्न गरिएको रहेनछ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९(१) ले बैंकहरूले आफ्नो र ग्राहकबीचको सम्बन्ध तथा हिसाब किताब, खाता, बहि, स्रेस्ता र लेखाको विवरण गोपनीय राख्नु पर्ने व्यवस्था गरेको छ । जुन व्यवस्था बैंकप्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गर्ने सार्वभौम र सामान्य नियम हो । सोही दफाको उपदफा (२) ले केही खास अवस्थामा यस्ता विवरण तेस्रो पक्षलाई दिन सकिने अपवादात्मक व्यवस्था गरेको छ। अष्ट्रेलिया जस्ता विदेशी राज्यलाई सोही उपदफाको खण्ड (छ) बमोजिम द्विपक्षीय वा वहुपक्षीय सन्धिको आधारमा मात्र बैंङ्किङ सूचना दिन सकिने व्यवस्था गरिएको छ । तर नेपाल र अष्ट्रेलियाको बीचमा त्यस्तो कुनै सन्धि भएको छैन। उल्लिखित कानून बैंकलाई र बैंकका ग्राहकलाई लागू हुने विशेष कानून हो । यसो हुँदा हुँदै काठमाडौं जिल्ला अदालतले मिति २०७१।७।१७ गते सूचना उपलब्ध गराउने गरी गरेको आदेश पूर्णतः उल्लिखित बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको विपरीत छ । निवेदकहरूको बैंक खातासम्बन्धी गोपनीयता भंग गर्ने आदेश गर्नुअघि काठमाडौं जिल्ला अदालतले यस विषयमा हामीलाई कुनै सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल कार्य गरेको कारणले पनि काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ को आदेश बदरभागी छ। कसैको पनि हक विरूद्ध कुनै पनि कारवाहीको आदेश गर्नु अघि पर्याप्त सुनुवाइको मौका दिनु पर्ने भन्ने विधिशास्त्रीय सिद्धान्त एवं सम्मानित सर्वोच्च अदालतबाट पटक पटक सिद्धान्त प्रतिपादन भई आएको अवस्थासमेत छ । यसै विषयलाई लिएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि अनुसन्धान, छानबिन गरी बयान पनि लिइसकेको अवस्था छ । यी कुरा बुझ्दै नबुझी काठमाडौं जिल्ला अदालतले गरेको आदेश पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४(ग) मा उल्लेख गरेबमोजिम नेपालको सार्वभौमसत्ता प्रतिकूलसमेत भई ऐनको दफा २९(२)(ख) बमोजिम न्यायको सामान्य सिद्धान्तको समेत विपरीत छ । अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा

१३, १९ र २८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९ बाट प्रत्याभूत हक तथा बैंङ्किङ प्रणालीको मूल्य मान्यता र पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४(ग) र दफा २९(२)(ख) एवं प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भएकोले काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ को आदेश र कानून मन्त्रालयको मिति २०७०।७।३० को पत्र उत्प्रेषणको आदेशबाट बदर गरी परमादेशको आदेश जारी गरिपाऊँ । साथै, सो आदेशबमोजिमको विवरण माग नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको पृथ्वी बहादुर पाँडे र उपेन्द्र केशरी पौड्यालसमेतको संयुक्त रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरू १ र ५ नं. को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूको हकमा आफू वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिद्वारा लिखित जवाफ लिई उपस्थित हुनु भनी रिट निवेदन र आदेशको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेस गर्नू ।

साथै, निवेदकहरूले अन्तरिम आदेशसमेतको माग गरेतर्फ विचार गर्दा निवेदकहरूको निवेदनसँग संलग्न गरेको कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय (केन्द्रीय अधिकारी) को कार्यालयबाट मिति २०७१।७।३० मा नेपाल राष्ट्र बैंक बालुवाटारलाई लेखेको पत्रको व्यहोरा हेर्दा अष्ट्रेलियाको ATTORNEY GENERAL'S DEPARTMENT बाट NOTE PRINTING AUSTRALIA LTD तथा सो मा संलग्न व्यक्तिहरूको पदको दुरूपयोग सम्बन्धमा अनुसन्धानको सिलसिलामा प्रमाण संकलनको लागि अष्ट्रेलियन सरकारबाट माग भई आएबमोजिम निवेदकहरूको नाममा वा नियन्त्रणमा रहेका बैंक तथा वित्तीय संस्थाका खाताहरूको विवरण उपलब्ध गराई दिने भनी पत्र लेखिएको र मिति २०७१।८।१५ मा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट सोबमोजिमको विवरण नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराई दिनु भनी सबै इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थानहरूको नाममा पत्र पठाएको देखिएको छ । निवेदकले उठाएको विषय बैंकको खाताको जानकारी दिनेसम्बन्धी देखिएको हुँदा र बैंक तथा वित्तीय संस्था ऐन, २०६३ को दफा ७९(१) ले त्यस्तो बैंक खाता गोप्य राख्नु पर्ने व्यवस्था गरेको देखिएको छ । उक्त ऐनको दफा ७९ को उपदफा २(छ) अनुसार बैंङ्किङ सूचना आदान प्रदान गर्ने नेपाल सरकारको अष्ट्रेलियन सरकारसँग सन्धि सम्झौतासमेत भएको देखिँदैन । काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।१७ मा पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ३१ बमोजिम अष्ट्रेलियन सरकारबाट माग भई आएबमोजिम कानूनी सहायता उपलब्ध गराउन माग गरेबमोजिम अनुमति प्रदान गरेको भन्ने व्यहोरा मिति २०७१।३।३० को पत्रको पेटबोलीमा उल्लेख गरेको देखिन्छ । तर के कति कारणबाट निवेदकको खाताको विवरण अष्ट्रेलियन सरकारलाई उपलब्ध गराउन अनुमति दिनु परेको हो? सो कुरा उक्त पत्रमा उल्लेख भएको देखिएन । काठमाडौं जिल्ला अदालतबाट सो सम्बन्धमा निवेदकलाई बुझेको भन्ने पनि देखिँदैन । निवेदकले उठाएको सम्पूर्ण कुराहरूको निर्णय रिटको अन्तिम सुनुवाइ हुँदाका अवस्थामा हुने हुँदा सुविधा र सन्तुलनको दृष्टिबाट समेत उक्त निर्णय कार्यान्वयन हुँदा निवेदकलाई अपूरणीय क्षति पुग्नेसमेत देखिएकोले हाललाई मिति २०७१।८।१५ र मिति २०७१।७।३० को पत्रहरू निवेदकहरूको हकमा कार्यान्वयन नगर्नु यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(३)

बमोजिम विक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७१।८।२१ को आदेश।

यस काठमाडौं जिल्ला अदालतबाट उक्त मिति २०७१।७।१७ मा गरेको आदेश न्यायिक कारवाहीका विषयमा नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सन्दर्भमा पारस्परिक कानूनी सहायता ऐन, २०७० मा भएको कानूनी प्रावधान र परिधिभित्र रहेर नै गरिएको हुँदा बैंक तथा वित्तीय संस्था ऐनविपरीत भएको भन्ने भनाइ तर्कसङ्गत छैन। साथै निवेदकहरूलाई कुनै सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल कार्य गरेको भन्ने आरोप सम्बन्धमा हेर्दा पारस्परिक कानूनी सहायता उपलब्ध गराउनु पर्ने विषयमा मुद्दामा जस्तो पक्ष विपक्ष कायम गराई न्याय अन्याय छुट्याई निर्णय गर्नुपर्ने प्रकृतिको नभई कानूनी सहायता उपलब्ध गराउने विषय भएको र कानूनी सहायता उपलब्ध गराउने आदेश पाउन माग गर्ने निकायले निवेदकलाई विपक्षी कायम गराई आएको अवस्थासमेत छैन। अष्ट्रेलियाको Attorney General's Department बाट माग भएको पारस्परिक कानूनी सहायताबाट फौजदारी कसुर नियन्त्रणमा सहयोगीसिद्ध हुने भनी पारस्परिक कानूनी सहायता उपलब्ध गराउन अनुमति माग गरेको र यी निवेदकहरू उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन र कारवाही गरिरहेको भनी निवेदकहरू स्वयम्ले स्वीकार गरिरहेको अवस्थामा काठमाडौं जिल्ला अदालतमा नेपाल सरकार माननीय मन्त्रिस्तरको निर्णयबमोजिम माग भएको विषयमा ऐन, कानून र संविधानको परिधिभित्र रहेर दुई देशबीचको पारस्परिकताको आधारमा कानूनी सहायता उपलब्ध गराउन अनुमति दिने भनी भएको मिति २०७१।७।१७ को आदेशबाट निवेदकको संविधान प्रदत्त मौलिक तथा कानूनी हकमा कति पनि असर परेको छैन। यसबाट फौजदारी कसुरको नियन्त्रणमा सहयोग पुग्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १० को उपदफा (२) ले नेपाल सरकारले अनुरोध गरेको खण्डमा बैंङ्किङ तथा वित्तीय विषयहरूमा आवश्यक सूचना सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने दायित्व पनि यस बैंकलाई तोकिएको छ। यसरी कानूनले आफूलाई तोकिएको जिम्मेवारी सम्पन्न गर्ने क्रममा यस बैंकले नेपाल सरकार कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयबाट मिति २०७१।७।३० को पत्रमार्फत माग भएका जानकारीहरू विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमार्फत प्राप्त गर्नका लागि यस बैंकले गरेको पत्राचारलगायतको कार्यले कुनै व्यक्तिको हक अधिकारको उल्लङ्घन गरेको छैन। विपक्षीले भने जस्तो कुनै पनि प्रचलित कानूनको व्यवस्थाविपरीत कार्य भएको छैन। त्यसैले मूलुकको केन्द्रीय बैंकले प्रचलित कानूनले तोकेको दायित्व निर्वाह गर्ने क्रममा गरेको कानूनबमोजिमको काम कारवाहीलाई अन्यथा भन्न मिल्ने अवस्था छैन।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९ ले प्रत्याभूत गरेको गोपनीयताको हक पनि निरपेक्षरूपमा प्रदान गरेको देखिँदैन। विधायिकाले कानून निर्माणको क्रममा नै सोही दफाको उपदफा (२) मा विभिन्न अवस्थाहरू तोकी सो अवस्थामा कुनै व्यक्ति र बैंकको बीचको सम्बन्ध तथा निजको खाता तथा कारोबारको विवरण सम्बन्धित निकायलाई प्रदान गर्ने कार्यले निजको कानूनबमोजिम गोपनीयताको हक हनन् भएको भनी अर्थ गर्न मिल्दैन। त्यसैगरी, पारस्परिक कानूनी सहायतासम्बन्धी ऐन, २०७० को दफा ४(ग) अनुरूप निवेदकले भने जस्तो Attorney General's Department बाट माग भई आएका विवरणहरू उपलब्ध गराउँदा नेपालको सार्वभौमिकता वा सार्वजनिक व्यवस्थामा कुनै किसिमको नकारात्मक असर नपर्ने तथा यसरी सहायता प्रदान गर्दा दुई

मूलुकबीचको पारस्परिक सम्बन्ध अझ थप सुमधुर हुने तथा विभिन्न किसिमका अपराध नियन्त्रणमा आपसी सहकार्य भई फौजदारी न्याय प्रणाली अझ प्रभावकारी हुन जाने र समाजमा शान्ति सु-व्यवस्था तथा अमन चयन कायम हुन सहयोगसमेत पुग्ने देखिन्छ । नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जनाएका प्रतिबद्धता तथा अपराध नियन्त्रणमा पारस्परिक सहयोग गर्ने सम्बन्धमा नेपाल पक्ष भएका बहुपक्षीय सन्धि सम्झौताहरू United Nations Convention against corruption, United Nations Convention against Transnational Organized Crime, International Convention for the Suppression of the Financing of Terrorism समेतको कार्यान्वयनमा नै बाधा पुर्‍याउने उद्देश्यले विपक्षीको निवेदन परेको छ । मागबमोजिम आदेश जारी हुँदा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत नेपालप्रति नकारात्मक सन्देश फैलन जाने हुँदा विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रत्यर्थी नेपाल राष्ट्र बैंक, ऐ. को बैंक तथा वित्तीय संस्था नियमन विभाग ऐ. कानून महाशाखाको संयुक्त लिखित जवाफ ।

नेपाल International Convention for the Suppression of the Financing of Terrorism १९९९, United Nations Convention against Transnational Organized Crime, २००० तथा भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ को पक्ष राष्ट्र भएको र सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम ती सन्धिहरूको कानूनी व्यवस्था नेपालको कानूनसरह लागू हुने र तिनको कार्यान्वनयका लागि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०, सुपुर्दगी ऐन, २०७०, पारस्परिक कानूनी सहायता ऐन, २०७० र संगठित अपराध निवारण ऐन, २०७० जस्ता कानूनहरू निर्माण भएको देखिन्छ । भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ को धारा ४६ को उपधारा (३) को खण्ड (च) अनुसार सरकारी, बैंङ्किङ, वित्तीय, संस्थानजन्य वा व्यावसायिक अभिलेखलगायत सम्बद्ध लिखत र अभिलेखका मूल वा प्रमाणितप्रति प्रदान गर्नका लागि पारस्परिक कानूनी सहायता प्रदान गर्न सकिने व्यवस्था रहेको छ भने उपधारा (८) मा राज्य पक्षहरूले बैंक गोप्यताको आधारमा पारस्परिक कानूनी सहायता प्रदान गर्न इन्कार गर्न नपाइने स्पष्ट व्यवस्था गरेको देखिन्छ । साथै, United Nations Convention against Transnational Organized Crime, २००० को धारा १८ तथा International Convention for the Suppression of the Financing of Terrorism, १९९९ को धारा १२ ले पारस्परिक कानूनी सहायता आदान प्रदानलाई पक्ष राष्ट्रको दायित्वको रूपमा राखेकोले यहि आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने क्रममा पारस्परिक कानूनी सहायता ऐन, २०७० अस्तित्वमा आएको हो । पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ३ को उपदफा (२), दफा ४, २६, २७, २९, ३१ र ४२ समेतको आधारमा केन्द्रीय अधिकारीबाट निर्णय भई गरिएको अनुरोधबमोजिम भएको काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ को आदेश र यस मन्त्रालयको मिति २०७१।७।३० को पत्र संविधानको धारा १३, १९ र २८, बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९ र पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४ को खण्ड (ग) र दफा २९ को उपदफा (२) को खण्ड (ख) विपरीत भएको भन्ने जिकिर तर्कसङ्गत नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रत्यर्थी कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारको तर्फबाट परेको लिखित जवाफ ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा

समावेश भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की र श्री शम्भु थापा तथा विद्वान् अधिवक्ताद्वय श्री सुधिर श्रेष्ठ र श्री ललित बस्नेतले पारस्परिक कानूनी सहायतासम्बन्धी ऐन, २०७० नेपालको संवैधानिक विधिशास्त्रको इतिहासमा एक नौलो प्रयोगको रूपमा आएको छ । अष्ट्रेलियाको Attorney General's Department बाट माग भई आएका विवरणहरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ को आदेशानुसार उपलब्ध गराउनु भन्ने आदेशबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १९ र २८ र वर्तमान संविधानको धारा २०(८), २५(७) र २८ का प्रावधान विपरीत, पारस्परिक कानूनी सहायतासम्बन्धी ऐन, २०७० को दफा ४(ग), २९(२)(ख), बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९(१) का प्रावधानविपरीत छ । नेपाल र अष्ट्रेलियन सरकारबीच कुनै सन्धि सम्झौता नभएको अवस्था हुँदा विवरण उपलब्ध गराउन मिल्दैन । नेपालको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छुट्टै अनुसन्धान र छानबिन गरिरहेको अवस्था पनि छ । प्राकृतिक न्यायको सिद्धान्तविपरीत रिट निवेदकहरूलाई कुनै सुनुवाइको मौकासमेत नदिई जिल्ला अदालतबाट आदेश भएको छ । विदेशी राष्ट्रले एक स्वतन्त्र र सार्वभौम मूलुकलाई कुनै व्यक्तिको व्यक्तिगत खाताको विवरण पठाई दिनु भनी लेखेकै आधारमा सबै विवरणहरू पठाउने हो भने नेपालको सार्वभौमसत्तामा असर पर्छ । संविधानद्वारा प्रदत्त मौलिक हकाधिकारलाई निष्क्रिय पार्ने प्रत्यर्थीहरूको कारवाही संविधान एवं बैंङ्किङ मूल्य मान्यता, प्रचलित परम्परा र पद्दति एवं पारस्परिक कानूनी सहायता ऐनसमेतको प्रतिकूल रहेकोले उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्दछ भनी बहस गर्नुभयो ।

विपक्षी कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट विद्वान् सहन्यायाधिवक्ताद्वय श्री संजिवराज रेग्मी र श्री खेमराज ज्ञवाली तथा नेपाल राष्ट्र बैंकको तर्फबाट विद्वान् अधिवक्ताद्वय डा. श्री रेशमराज रेग्मी र श्री जुगल किशोर कुशवाहसमेतले अष्ट्रेलिया सरकारको Attorney General's Department बाट Note Printing Australia Limited तथा सोमा संलग्न व्यक्तिहरूले पदको दुरूपयोग गरेको विषयमा अनुसन्धानको सिलसिलामा प्रमाण संकलन गर्ने प्रयोजनको लागि नेपाल सरकारसँग पारस्परिक कानूनी सहायतासम्बन्धी ऐन, २०७० को व्यवस्थाअनुसार कानूनी सहायता माग भई आएको हो । काठमाडौं जिल्ला अदालतबाट अनुमति प्राप्त गरी नेपाल राष्ट्र बैंकले उक्त विवरणहरू उपलब्ध गराई दिनु भनी विभिन्न बैंक तथा वित्तीय संस्थाबाट विवरण माग गरेकै आधारमा रिट निवेदकले भने जस्तो अपूरणीय क्षति हुन सक्ने अवस्था छैन । संगठित अपराध, सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार जस्ता अन्तर्राष्ट्रिय प्रकृतिका अपराधका विरूद्ध लड्न कुनै मूलुकको एकल प्रयासले मात्र सम्भव नभएकोले अन्तर्राष्ट्रिय समुदायले यस्ता अपराधहरूका विरूद्ध सामूहिकरूपमा लड्ने प्रतिबद्धताको परिणामस्वरूप International Convention for the Suppression of the Financing of Terrorism 1999, United Nations Convention against Transnational Organized Crime, 2000 तथा United Nations Convention against Corruption, 2003 जस्ता महासन्धिहरू निर्माण भएका छन् । यी महासन्धिहरूमा मूलतः पक्ष राष्ट्रहरूले उल्लिखित अपराधका कसुरदारलाई न्यायको कठघरामा उभ्याउन प्रभावकारी नीतिगत, कानूनी तथा संस्थागत प्रबन्ध गर्नु पर्ने व्यवस्था छ । नेपाल पनि उल्लिखित महासन्धिहरूको पक्ष राष्ट्र भएको र अपराध विरूद्ध अन्तर्राष्ट्रिय समुदायसँग

सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १९ र २८, पारस्परिक कानूनी सहायतासम्बन्धी ऐन, २०७० को दफा ३(१), बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९(१), प्राकृतिक न्यायको सिद्धान्तविपरीत कुनै कार्य भएको छैन । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल पक्ष भएको सन्धिहरूको कानूनी व्यवस्था नेपालको कानूनसरह लागू हुने सन्दर्भमा समेत विपक्षी निवेदकहरूको माग दाबी औचित्यपूर्ण नहुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तअनुसार विद्वान् वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सहन्यायाधिवक्ताहरूले गर्नु भएको बहस जिकिरलगायत मिसिल कागजात अध्ययन गर्दा प्रस्तुत रिट निवेदनका सन्दर्भमा निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयोः

१. अष्ट्रेलियन सरकारका तर्फबाट अनुरोध भई आएअनुसारको पारस्परिक कानूनी सहायता उपलब्ध गराउनु पर्ने हो, होइन ?
२. उपर्युक्त प्रकरण (१) बमोजिम बैंक खातासम्बन्धी विवरण उपलब्ध गराउँदा नेपालको संविधानद्वारा प्रदत्त गोपनीयताको हक एवं बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९(१) बमोजिम गोपनीयता कायम राख्नु पर्ने प्रावधान प्रतिकूल हुन्छ, हुँदैन ?
३. कानूनी सहायता उपलब्ध गराउन अनुमति प्रदान गर्नु पूर्व अदालतले सम्बन्धित व्यक्तिलाई सुनुवाइको मौका प्रदान गर्नु आवश्यक छ, छैन ? र
४. कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा भएका काम कारवाही प्रचलित नेपाल कानूनअनुकूल छ वा छैन ? यस सम्बन्धमा भएका काम कारवाही निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी परमादेशसमेतको आदेश जारी गर्नुपर्ने हो, होइन ?

मिसिल संलग्न कागजातको अध्ययन गरी हेर्दा अष्ट्रेलियाको Attorney General's Department बाट Note Printing Australia Limited तथा सो मा संलग्न व्यक्तिहरूले पदको दुरूपयोग गरेको विषयमा प्रमाण संकलन गर्ने प्रयोजनका लागि कूटनीतिक माध्यममार्फत नेपाल सरकारसँग पारस्परिक कानूनी सहायताका लागि अनुरोध भई आएको देखियो । नेपाल राष्ट्र बैंकको टेन्डरबमोजिम ने.रू. १० दरका पोलिमर नोट छपाई गर्ने सन्दर्भमा Note Printing Australia Limited नामक कम्पनीका पदाधिकारीहरूले टेन्डर प्राप्त गर्न नेपाल राष्ट्र बैंकका केही उच्च पदाधिकारीहरूलाई रिसवत् दिई भ्रष्टाचार गरेको, अख्तियारको दुरूपयोग गरेको, मुद्रा निर्मलीकरण गरेको आदि कसुरका सम्बन्धमा अष्ट्रेलियामा भइरहेको अनुसन्धान, छानबिनका क्रममा पारस्परिक कानूनी सहायता प्रक्रिया अगाडि बढाइएको देखिन्छ । कूटनीतिक माध्यमबाट अनुरोध भई आएअनुसार नेपाल सरकारका माननीय मन्त्रिस्तरबाट मिति २०७१।५।२४ मा "पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा २७ को उपदफा (१) बमोजिम पारस्परिकताको आधारमा माग भएबमोजिमको कानूनी सहायता उपलब्ध गराउनेसम्बन्धी कारवाही अघि बढाउने" निर्णय भएकोसमेत पाइयो । यसपछि कारवाहीका क्रममा पारस्परिक कानूनी सहायता उपलब्ध गराउन अनुमतिका लागि सरकारी वकिलमार्फत अनुरोध गरिएबमोजिम काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।१७ मा पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ३१ बमोजिम कानूनी सहायता उपलब्ध गराउन अनुमति प्रदान

भएकोसमेत देखिन आयो । यसपछि कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयले मागबमोजिमको विवरण उपलब्ध गराउन नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेको र नेपाल राष्ट्र बैंकबाट अन्य बैंक तथा वित्तीय संस्थालाई विवरण उपलब्ध गराउन लेखी पठाएको देखियो ।

पारस्परिक कानूनी सहायताका लागि अनुरोध भई आएको व्यक्ति, संस्था र विषयतर्फ दृष्टिगत गर्दा (१) हिमालयबहादुर पाँडे (२) पृथ्वीबहादुर पाँडे (३) रमा राज्यलक्ष्मी पाँडे (४) केशव खत्री (५) उपेन्द्र केशरी पौडेल (६) डा. तिलक रावल (७) मेफ्लोर (Mayflower) प्रा.लि. (८) ग्लोवल ग्रुप प्रा.लि. र (९) सुपर त्रिष्टार इण्भेष्टमेण्ट लि. का नाउँमा वा निजको नियन्त्रणमा रहेको नेपालभित्रको बैंङ्क तथा वित्तीय संस्थामा रहेका खाताहरूको विवरण माग भई आएको देखियो । यसका साथै Mayflower Pvt. Ltd. को नाउँमा हिमालयन बैंक लिमिटेडमा रहेको खाता नं. १२४२२ AO को विवरण तथा हिमालयबहादुर पाँडे, पृथ्वीबहादुर पाँडे र रमा राज्यलक्ष्मी पाँडेको नाउमा नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको खाताको विवरणसमेत माग गरिएको देखिन्छ । उल्लिखित व्यक्तिहरू र कम्पनीको विवरण उपलब्ध गराउँदा निम्नानुसारको विवरण प्रस्टरूपमा खुलाई पठाउन कारवाही प्रक्रिया अगाडि बढाइएको पाइयोः-

1. Account names
2. account opening and closing documentation, including items of identification used in connection with the opening of the account and original signature cards
3. Account ledger cards
4. Diary notes or electronic entries or memos
5. Account statement from 1 july 2001 to the present
6. records of items deposited, withdrawn or transferred, including international fund transfer records, cheques and deposit slips, from 1 janaury 1999 (or as close to this date as possible to present)
7. correspondence to, from or onbehalf of the account holder
8. Memoranda related to the account
9. Any other supporting documentation

माथि उल्लिखित व्यक्तिहरूमध्ये पृथ्वीबहादुर पाँडे र उपेन्द्र केशरी पौड्यालको रिट निवेदन पर्न आएको देखियो । यसै सन्दर्भमा अष्ट्रेलियन सरकारको तर्फबाट अनुरोध भई आएअनुसारको पारस्परिक कानूनी सहायता उपलब्ध गराउनु पर्ने हो वा होइन ? भन्ने पहिलो प्रश्नउपर विचार गर्नुपर्ने हुन आएको छ ।

२. पारस्परिक कानूनी सहायता प्रदान गर्ने अवस्था र विषयका सम्बन्धमा पारस्परिक कानूनी सहायता ऐन, २०७० को परिच्छेद २, दफा ३, ४ र ५ मा प्रावधानहरू उल्लेख भएको देखिन्छ । यसमध्ये दफा ३ को प्रावधान यहाँ उद्धृत गर्नु आवश्यक छः-

> *"पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिने अवस्थाः (१) नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धि भएको रहेछ भने नेपाल र त्यस्तो विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिनेछ ।*
>
> *(२) उपदफा (१) मा जुनसुकै*

कुरा लेखिएको भए तापनि कुनै खास न्यायिक कारवाहीका सम्बन्धमा कुनै विदेशी राज्यले भविष्यमा त्यस्तै प्रकारको न्यायिक कारवाहीमा पारस्परिक कानूनी सहायता प्रदान गर्ने आश्वासन दिई कूटनीतिक माध्यममार्फत नेपाल सरकारसमक्ष पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरेमा पारस्परिकताको आधारमा कानूनी सहायता प्रदान गर्न बाधा पर्ने छैन ।

तर सन्धि नभएको विषयमा विदेशी अदालतबाट भएको फैसला कार्यान्वयन हुन सक्ने छैन ।"

३. उल्लिखित दफा ३(१) को प्रावधानअनुसार द्विपक्षीय सन्धि भएको अवस्थामा पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिने प्रस्ट छ । अष्ट्रेलिया र नेपालबीच त्यस प्रकारको द्विपक्षीय सन्धि नभएको वर्तमान सन्दर्भमा पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ३(२) उपर दृष्टि दिनु आवश्यक हुन्छ । यस व्यवस्थाअनुसार द्विपक्षीय सन्धि नभएको अवस्था भए पनि कुनै विदेशी राज्यले भविष्यमा त्यस्तै प्रकारको न्यायिक कारवाहीमा पारस्परिक कानूनी सहायता प्रदान गर्ने आश्वासन दिई कूटनीतिक माध्यममार्फत नेपाल सरकारसमक्ष पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरेमा पारस्परिकताको आधारमा कानूनी सहायता प्रदान गर्न बाधा पर्ने देखिँदैन । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा अष्ट्रेलियन सरकारले कूटनीतिक माध्यममार्फत भविष्यमा त्यस्तै प्रकारको पारस्परिक कानूनी सहायता प्रदान गर्ने आश्वासनसहित अनुरोध गरेको तथ्य नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई अष्ट्रेलियन राजदूतावासले मिति २०१४ मार्च १० मा पठाएको पत्र तथा परराष्ट्र मन्त्रालयको प.सं. दपुए/७-AUS/३७३ मिति २०७०।११।३० मा कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयलाई पठाएको पत्र व्यहोराबाट देखिन आयो । यसरी हेर्दा पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ३(२) बमोजिमको अवस्था विद्यमान रहेको देखिँदा द्विपक्षीय सन्धि नभएकै कारणले पारस्परिक कानूनी सहायता प्रदान गर्न बाधा पर्ने देखिन आएन ।

४. पारस्परिक कानूनी सहायता आदान प्रदानका सीमा, परिधि वा अवस्था निश्चय नै विचारणीय र संवेदनशील बन्दछन् । कानूनी सहायता आदान प्रदान गर्दा यी समग्र पक्षहरूमा पर्याप्त दृष्टि दिनु वाञ्छनीय हुन्छ । पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४ ले पारस्परिक कानूनी सहायता आदान प्रदान नगरिने भनी तोकेअनुसारको केही सर्तमध्ये माग भई आएअनुसारको कानूनी सहायता प्रदान गर्दा "नेपालको सार्वभौमसत्ता प्रतिकूल हुने" भन्ने प्रावधानविपरीत हुने भनी रिट निवेदकका तर्फबाट प्रश्न उठाइएको समेत पाइयो । तसर्थ उल्लिखित कानूनी सहायता प्रदान गर्दा "नेपालको सार्वभौमसत्ता प्रतिकूल" हुन्छ, हुँदैन भन्ने सन्दर्भमा केही विवेचना गर्नु आवश्यक देखिन्छ ।

५. निसन्देहः कुनै पनि राष्ट्रका लागि आफ्नो "सार्वभौमसत्ता" सर्वाधिक महत्त्वको विषय हुन्छ । सार्वभौमसत्ता प्रतिकूलका कुनै पनि काम, कारवाही, गतिविधि वा क्रियाकलाप मान्य र स्वीकार्य हुन सक्दैन । तर सार्वभौमसत्ताको आफ्नो अनुकूल व्याख्या गरी कसैको निहित स्वार्थ वा व्यक्तिगत हित रक्षाको लागि राज्यका तर्फबाट कानूनसङ्गत र वैधानिक तवरले भए गरिएका काम कारवाही परास्त हुने अवाञ्छित अवस्था पैदा हुन दिनु पनि हुँदैन । यसलाई वस्तुगत र पद्वतिगत तवरबाट हेरिनु पर्दछ । आधुनिक विश्वव्यापीकरणको सन्दर्भमा रहेका स्वाभाविक अपेक्षा, अवसर, जटिलता र चुनौतीहरूको सापेक्षतामा सार्वभौमसत्ताको प्रयोग गर्ने व्यवहारिक दृष्टिकोण आत्मसात् गर्नु वाञ्छनीय छ । विगतको साँघुरो वा संकुचित राष्ट्रवादको पृष्ठभूमिमा गरिने सार्वभौमसत्ताको व्याख्या र प्रयोगको औचित्य आधुनिक समाजमा प्रमाणित हुन

सक्दैन । प्रस्तुत विवादको सन्दर्भमा वस्तुगत स्थितितर्फ दृष्टिगत गर्दा गैरकानूनी अर्थात् कसुरजन्य कार्य भएको भन्ने विषयलाई लिएर कानूनी कारवाही चलेको क्रममा एउटा सार्वभौमसत्ता सम्पन्न राज्यको तर्फबाट अर्को सार्वभौमसत्ता सम्पन्न राज्यसँग पारस्परिक सहायता प्रदान गर्ने प्रतिबद्धतासहित कूटनीतिक माध्यमबाट औपचारिक रूपमा अनुरोध गरी केही व्यक्तिगत तथा संस्थाको बैंक खातासम्बन्धी विवरण माग गरिएको र सरकारको तर्फबाट विवरण उपलब्ध गराउने भनी स्वेच्छापूर्वक कारवाही भएको सम्मको कारणबाट "सार्वभौमसत्ता प्रतिकूल हुने" भनी अर्थ लगाउनु उचित हुँदैन । पद्वतिगत दृष्टिले हेर्दा पनि वैदेशिक सम्बन्धको विषयमा हेर्ने नेपाल सरकारको एक अंगको रूपमा रहेको परराष्ट्र मन्त्रालयले प्रस्तुत विषयमा पारस्परिक कानूनी सहायता प्रदान गर्दा सार्वभौमसत्ताको प्रतिकूल हुँदैन भनी तथ्यपरक तवरबाट आफ्नो राय उपलब्ध गराएको देखिन्छ । परराष्ट्र मन्त्रालय लगायतका निकायहरूबाट यस विषयमा भए गरिएका काम कारवाही र अपनाएको दृष्टिकोणको औचित्यमा प्रश्न गर्नुपर्ने कुनै पनि मनासिब कारण देखिन आएन ।

६. निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूबाट बहसको क्रममा पारस्परिक कानूनी सहायताअन्तर्गत बैंकको विवरण नेपालबाट अष्ट्रेलियन सरकारलाई प्रदान गर्नु राष्ट्रघात हो र यसबाट मूलुकको अस्मितामाथि आँच आउन सक्ने तर्क पनि राखेको देखियो । नेपालको नोट छपाईको क्रममा भ्रष्टाचारजन्य कार्य भएको भन्ने कसुरको छानबिनका क्रममा सत्य तथ्य पत्ता लगाउने सन्दर्भमा पारस्परिक कानूनी सहायता प्रदान गर्नुलाई राष्ट्रघात मान्न सकिँदैन । यो त केवल अपराध नियन्त्रणका लागि गर्नुपर्ने पारस्परिकताको वाञ्छित र अपेक्षित कार्यसम्म देखिन्छ ।

७. अष्ट्रेलियाले पारस्परिक कानूनी सहायताका लागि अनुरोध गरेको विषय भ्रष्टाचार, मुद्रा निर्मलीकरण आदि फौजदारी कसुरसँग सम्बन्धित विषय देखिन्छ । पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ४(ख) बमोजिम "फौजदारी प्रकृतिको विषयमा एक वर्षभन्दा कम कैद सजाय वा पचास हजार रूपैयाँभन्दा कम जरिवाना हुने कसुर भएमा" पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न मिल्दैन । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा अष्ट्रेलियाको Crime Act, १९५८ तथा Criminal Code Act, १९९५ समेतमा रहेको व्यवस्थाबमोजिम अधिकतम १०(दश) वर्षसम्म कैद हुन सक्ने कसुरको सन्दर्भमा पारस्परिक कानूनी सहायताका लागि अनुरोध भई आएको हुँदा कैद वा जरिवाना हदको दृष्टिले समेत पारस्परिक कानूनी सहायता प्रदान गर्न कुनै कानूनी बाधा देखिएन । पारस्परिक कानूनी सहायता ऐन, २०७० को दफा ५(ग) बमोजिम बैंक, वित्तीय वा व्यापारिक अभिलेखलगायत सम्बद्ध कागजातको संकलन वा प्रमाणित प्रति उपलब्ध गराउन सकिने नै देखिन्छ । भ्रष्टाचार, मुद्रा निर्मलीकरणलगायतका संगठित अपराधलाई नेपाल कानून तथा अष्ट्रेलियाको कानूनले समेत अपराधको रूपमा घोषित गरेको अवस्था देखिएकोले प्रस्तुत पारस्परिक कानूनी सहायता प्रदान गर्ने सन्दर्भमा दोहोरो आपराधिकरण (Double Criminality) को अवस्था विद्यमान छैन भन्ने ठान्न पनि मिलेन ।

८. वर्तमान भौतिक विकासको परिवेशमा र विश्वव्यापीकरणको सन्दर्भमा जसरी अवसरहरू सिर्जना भएका छन्, त्यसैगरी चुनौतीहरू पनि थपिएका छन् । यातायात, सूचना र सञ्चार तथा अन्य विविध प्रकारका प्रविधिको विकासबाट कतिपय मानवीय व्यवहारहरूलाई कुनै एक देशको भूगोल / परिधिभित्र मात्र समेटेर हेर्न नसकिने अवस्था आजको व्यवहारिक यथार्थ हो । मानवता विश्वव्यापी चासो र सरोकारको विषय बनेको छ । भूगोलको सीमाना वा परिधिको

आडमा मानवता विरूद्धका अपराधबाट उन्मुक्ति लिने प्रकारको दाबी स्वीकार्य हुँदैनन् । अपराधजन्य कार्य हुन निश्चित भौगोलिक सीमाभित्रको उपस्थिति रहन्छ भन्ने पनि छैन । एउटै अपराधको श्रृङ्खला अनेक राष्ट्रमा एकैसाथ पुग्ने वा देखिने गरेका दृष्टान्त अनेकौं छन् । आपराधिक सञ्जालहरू अन्तरदेशीय बनेका छन् । यसैगरी आर्थिक सम्बन्धहरू विस्तारित भएका छन् । संक्षेपमा भन्नु पर्दा मानिसको व्यवहार तथा क्रियाकलापको विश्वव्यापीकरण हुँदै गएको छ । यस अवस्थामा मानवीय आवश्यकता पूर्तिका लागि अन्तरनिर्भरता अपरिहार्य भए जस्तै अपराध नियन्त्रणका लागिसमेत अन्तर्राष्ट्रिय समुदायका बीच सहकार्य, सहयोग र समन्वय अनिवार्य बनेको छ । भ्रष्टाचार, आतङ्कवाद लगायतका कतिपय संगठित अपराधउपर नियन्त्रण कायम गर्न कुनै एउटा राष्ट्रको एकल प्रयासले मात्र सम्भव नहुने भएको छ । यो व्यवहारिक यथार्थलाई प्रभावकारीरूपमा सम्बोधन गर्न राष्ट्र राष्ट्रहरूका बीच पारस्परिक सहयोग कायम हुन वाञ्छनीय छ ।

९. यस प्रसङ्गमा पारस्परिक कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिबद्धता सम्बन्धमा पनि केही उल्लेख गर्नु प्रासंगिक हुनेछ । United Nations Convention Against Transnational Organized Crime, २००० को धारा १८ मा पारस्परिक कानूनी सहायता प्रदान गर्नुपर्ने राज्यको दायित्व, कानूनी सहायताको विषय, सहायता प्रदान गर्ने प्रक्रिया सम्बन्धमा विस्तृत व्यवस्था रहेको छ । उक्त धारा १८ को उपधारा (३) (च) मा “Originals or Certified Copies of relevant documents and records, including government, bank, financial, Corporate or business records” पारस्परिक कानूनी सहायताको रूपमा उपलब्ध गराउने कुरा उल्लेख भएको देखिन्छ । यसैगरी, International Convention for the Suppression of the Financing of Terrorism, १९९९ को धारा १२(१) मा महासन्धिका पक्ष राष्ट्रले आपसमा “greatest measure of assistance” सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ । यसका अतिरिक्त United Nations Convention Against Corruption, २००३ को धारा ४६ को उपधारा ३(च) मा समेत "सरकारी, बैंङ्किङ, वित्तीय, संस्थानजन्य वा व्यावसायिक अभिलेखलगायत सम्बद्ध लिखत र अभिलेखका मूल वा प्रमाणित प्रति प्रदान गर्न सकिने व्यवस्था उल्लेख भएको पाइन्छ । सोही धारा ४६ को उपधारा (१) मा "Investigations, prosecutions and judicial proceedings” को सन्दर्भमा महासन्धिका पक्ष राष्ट्रहरूले "Widest measure of mutual legal assistance" अपनाउनु पर्ने दायित्व निर्धारण गरिएको पाइन्छ । संयुक्त राष्ट्रसंघको सदस्य हुनुका अतिरिक्त उक्त महासन्धिलाई अनुमोदनसमेत गरेको कारणबाट महासन्धिअनुसार निर्वाह गर्नुपर्ने दायित्व नेपालले पूरा गर्नुपर्ने अवस्थासमेत रहेको छ । सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम उल्लिखित महासन्धिमा रहेका प्रावधानहरू नेपाल कानूनसरह लागू हुने अवस्था रहेकोले पनि भ्रष्टाचारजन्य कसुरको सन्दर्भमा बैंक खाताको विवरण उपलब्ध गराई पारस्परिक कानूनी सहायता प्रदान गर्न भई आएको अनुरोध अनुरूप कानूनी सहायता प्रदान गर्नु कानूनसङ्गत नै हुने देखिन्छ । संयुक्त राष्ट्रसंघीय महासन्धिहरूद्वारा नै पारस्परिक कानूनी सहायता प्रदान गर्ने दायित्व नेपाल तथा अष्ट्रेलिया दुवै सदस्य राष्ट्रमा रहेको र प्रचलित नेपाल कानूनमा समेत पारस्परिक कानूनी सहायता प्रदान गर्नुपर्ने प्रावधान रहेको हुँदा नेपाल र अष्ट्रेलियाका बीच यस विषयमा छुट्टै द्विपक्षीय सन्धि नभएको भन्ने कारणबाट पारस्परिकताका आधारमा कानूनी सहायता प्रदान गर्न कुनै कानूनी बाधा देखिन आएन ।

१०. यस प्रसङ्गमा अर्को पनि विचारणीय र उल्लेखनीय पक्ष रहेको छ । नेपाल राष्ट्र बैंकको टेन्डरबमोजिम Note Printing Australia Ltd. ले पोलिमर नोट छपाइको ठेक्का बन्दोबस्ती क्रममा भ्रष्टाचार भएको भन्नेसमेतको कसुरका सन्दर्भमा अष्ट्रेलियामा छानबिन भएको भन्ने देखिन्छ । ठेक्का लिँदा दिँदाको अवस्थामा भ्रष्टाचार भएको भन्ने एउटा प्रसङ्ग देखिन्छ भने दिइएको ठेक्काअनुसार छापिएका पोलिमर नोटहरू गुणस्तरहीन भएको कारणबाट प्रचलनमा धेरै समय कायम रहन नसकेको तथ्यहरू पनि खुल्न आएको पाइन्छ । यसबाट प्रस्तुत विषयमा स्वभावतः नेपालको विशेष चासो र सरोकार रहनु पर्ने र कसुरदारलाई कानूनको दायरामा ल्याउन तदारूकता अपनाउनु पर्ने आवश्यकता थियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट यस विषयमा अनुसन्धान छानबिन गरिरहेको भनी रिट निवेदनमा उल्लेख भए पनि सो छानबिनको कुनै सार्थक नतिजा देखा परेको पाइएन । यो निष्क्रियता स्वभावतः आश्चर्यजनक र रहस्यमय पनि छ । यसलाई वाञ्छित अवस्था मान्न सकिँदैन । भ्रष्टाचारलगायत संगठित अपराध नियन्त्रणका लागि शून्य सहनशीलता अपनाउनु पर्ने र अन्तरदेशिय समन्वय र सहयोग प्राप्त गरी दोषीलाई कानूनको दायरामा ल्याउनु पर्ने भएकोले यहि विषयमा समेत नेपालले अष्ट्रेलियन सरकारबाट पारस्परिक कानूनी सहायता प्राप्त गर्नुपर्ने अवस्था रहेको देखिन्छ । यस स्थितिमा मित्र राष्ट्र अष्ट्रेलियाबाट अनुरोध भई आएअनुसारको पारस्परिक कानूनी सहायता प्रदान गरी अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएको प्रतिबद्धताअनुरूप अपराध नियन्त्रणका लागि सहकार्य गर्नु वाञ्छनीय छ ।

११. अब गोपनीयता कायम राख्नेसम्बन्धी दोस्रो प्रश्न सम्बन्धमा विवेचना गर्नु सान्दर्भिक हुन आएको छ । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ ले "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ" भनी गोपनीयताको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको पाइन्छ । यसैगरी २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा २८ मा समेत "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ" भन्ने प्रावधान रहेको देखिन्छ । भाषिक प्रस्तुतीमा केही फरक भए पनि सारतः उल्लिखित दुवै संविधानले गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुने हक प्रदान गरेको पाइन्छ । उल्लिखित दुवै संविधानको धारा २८ ले निरपेक्षरूपमा गोपनीयताको हक प्रदान गरेको नभई कानूनबमोजिम यो हकलाई नियमन र व्यवस्थित गर्न सकिने व्यवस्था गरेको देखिन्छ । तसर्थ, कानूनी प्रावधानको सन्दर्भमा गोपनीयतासम्बन्धी हकको प्रयोग क्षेत्र (Scope) को विवेचना र मूल्याङ्कन गरिनु आवश्यक हुन्छ ।

१२. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९(१) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र प्राप्त संस्था र ग्राहकबीचको तथा इजाजतपत्र प्राप्त संस्थाको हिसाब किताब, खाता बही, स्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्तिबाहेक अन्य कसैलाई थाहा दिइने छैन" भन्ने प्रावधान समावेश भएको देखिन्छ । रिट निवेदनमा तथा निवेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरूले यही दफा ७९(१) मा रहेको प्रावधानलाई मुख्यरूपमा आधार लिई गोपनीयतासम्बन्धी प्रश्न उठाएको समेत पाइयो । वस्तुतः बैंङ्किङ प्रणालीमा बैंक र ग्राहक वा निक्षेपकर्ताबीचको सम्बन्धलाई विश्वास र भरोसायुक्त तुल्याउन हिसाब किताब, खाता बही, स्रेस्ता र लेखासम्बन्धी विवरणको गोपनीयता कायम गर्ने गरी आएको पाइन्छ । यो

अन्तर्राष्ट्रियरूपमा नै स्वीकार गरिएको प्रचलन पनि हो । यो मान्यतालाई हाम्रा बैंकहरूले समेत आत्मसात् गरी कारोबार गर्ने गर्दछन् र गर्नु पनि पर्दछ । तर यो नै शाश्वत र निरपेक्ष नियम भने होइन । यसका केही अपवाद पनि छन् । बैंक खाताको गोपनीयता कायम राख्ने कुराको आडमा अनियमित वा कसुरजन्य कार्यलाई ढाकछोप गर्ने वा लुकाउने अवस्था पैदा हुन दिनु हुँदैन । बैंक खातासम्बन्धी विवरणहरू केन्द्रीय बैंकको नाताले नेपाल राष्ट्र बैंकले विवरण प्राप्त गर्न सक्दछ, मुद्दा वा अन्य कानूनी कारवाहीको सिलसिलामा अदालतलाई विवरण उपलब्ध गराउनु पर्ने हुन्छ । अनुसन्धान, अभियोजन, लेखा परीक्षण वा कानूनबमोजिम जाँचबुझ गर्न गठित समिति वा अनुसन्धान अधिकारीलाई पनि बैंक खातासम्बन्धी विवरण उपलब्ध गराउनु पर्ने अवस्था रहन्छ । यसैगरी द्विपक्षीय वा बहुपक्षीय सन्धिको आधारमा दुई वा दुईभन्दा बढी मूलुकबीच बैंङ्किङ सूचना आदान प्रदान गर्नुपर्ने अवस्था रहन्छ । यस्ता अवस्थाहरू अरू पनि केही हुन सक्दछन् । यस्ता प्रकारका विविध अवस्थाहरूलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७९ को उपदफा (२) मा गोपनीयता भङ्ग गरेको नमानिने अपवाद अवस्थाहरू उल्लेख गरिएको देखिन्छ । उक्त ऐनको दफा ७९(२)(छ) मा रहेको प्रावधानअनुसार पारस्परिक कानूनी सहायता प्रदान गर्ने सन्दर्भमा बैंक खातासम्बन्धी विवरण उपलब्ध गराएको कुरालाई गोपनीयता कायम नराखेको वा भङ्ग गरेको भनी सम्झन मिल्ने देखिँदैन ।

१३. अन्तर्राष्ट्रिय सन्धि सम्झौताको माध्यमबाट सृजित दायित्वका दृष्टिले हेर्दासमेत बैंकको गोपनीयतासम्बन्धी प्रावधानको कारणबाट पारस्परिक कानूनी सहायता उपलब्ध गराउन इन्कार गर्नु मनासिब हुँदैन । International Convention for the Suppression of the Financing of Terrorism, १९९९ को धारा १२ को उपधारा (२) मा "State Parties may not refuse a request for mutual legal assistance on the ground of bank Secrecy" भनी प्रस्टसँग उल्लेख भएको देखिन्छ । त्यसैगरी UN Convention Against Corruption, २००३ को धारा ४६ को उपधारा (८) मा "State parties shall not decline to render mutual legal assistance pursuant to this article on the ground of bank Secrecy" भन्ने व्यवस्था गरिएको पाइयो । उक्त महासन्धिको धारा ४० मा पक्ष राष्ट्रहरूले भ्रष्टाचारजन्य कसुरमा आन्तरिकरूपमा अनुसन्धान गर्दाका अवस्थाका लागि पनि बैंङ्किङ कारोबारको गोपनीयता कायम गर्ने कुरालाई अवरोधको रूपमा रहन नदिने कानूनी संयन्त्र निर्माण गर्नुपर्ने कुरा उल्लेख भएको छ । United Nations Convention against Transnational Organized Crime, २००० को धारा १८ को उपधारा (८) मा "State Parties shall not decline to render mutual legal assistance pursuant to this article on the ground of bank secrecy" भनी उल्लेख भएको छ । सुशासन कायम गर्ने मार्गमा गम्भीर अवरोध पैदा गर्ने भ्रष्टाचार जस्ता कसुरमा प्रभावकारी अनुसन्धान गरी सार्वजनिक सदाचार र नैतिकता कायम गर्ने अभिप्रायले जारी भएका महासन्धिहरूमा उल्लेख भएका प्रावधानहरूको पालना वा अनुशरण गर्नु हाम्रो पनि दायित्व हो । सन्धि ऐन, २०४७ को दफा ९ ले यस प्रकारका महासन्धि वा सन्धिमा उल्लेख भएका कुराहरूलाई प्रचलित नेपाल कानूनसरह लागू हुने गरी मान्यता प्रदान गरेको देखिँदा बैंङ्किङ कारोबार वा विवरणको गोपनीयता कायम राख्ने कुरालाई मात्र निरपेक्ष तवरबाट हेरेर पारस्परिक कानूनी सहायता प्रदान गर्न इन्कार गर्नु उचित हुँदैन ।

१४. पारस्परिक कानूनी सहायता उपलब्ध गराउन अनुमति प्रदान गर्नुपूर्व अदालतले सम्बन्धित व्यक्तिलाई सुनुवाइको मौका प्रदान गर्नु आवश्यक छ

वा छैन भन्ने तेस्रो प्रश्नको निरूपण गर्नु अब आवश्यक देखिन्छ । कसैका विरूद्ध निर्णय गर्नुपूर्व निजलाई सुनुवाइको मौका प्रदान गर्ने, प्रतिरक्षा गर्ने अवसर दिने, निज विरूद्धको अभियोग र सोसम्बन्धी प्रमाणको खण्डन गर्ने अवसर प्रदान गर्ने कुराहरू प्राकृतिक न्यायको सिद्धान्तले आत्मसात् गरेका आधारभूत मान्यता हुन् । न्यायिक प्रक्रियामा यसको विशेष महत्त्व रहने गर्दछ । हाम्रो न्याय प्रणालीमा यो प्राकृतिक न्यायको सिद्धान्तलाई अति महत्त्वका साथ लिइएको र अनुशरण गरी आइएको पनि छ । यो सिद्धान्तको प्रतिकूल भए गरिएका काम कारवाही अमान्य वा बदर गरिएका अनेकौं दृष्टान्तहरू छन् । यही पृष्ठभूमिमा रिट निवेदकतर्फबाट सुनुवाइको मौका प्रदान नगरिएको भन्ने प्रश्न उठाएको पाइयो ।

१५. प्राकृतिक न्यायको सिद्धान्त न्यायिक प्रक्रियाका सन्दर्भमा ज्यादै महत्त्वपूर्ण हुँदाहुँदै पनि यसको प्रयोग क्षेत्रलाई ज्यादै संकुचित वा अति विस्तृत तवरबाट व्याख्या गर्न पुगियो भने यसको न्यायिक उपादेयता कमजोर बन्ने अवस्था आई पर्दछ । सिद्धान्तहरू न्यायका लागि निर्माण भएका हुन् । यसको प्रयोग पनि न्यायशील, स्वीकार्य र व्यवहारिक उपादेयतायुक्त हुनुपर्दछ । सुनुवाइको मौका प्रदान गर्ने कुराको एउटा निश्चित सीमा र परिधि छन् । कसैका विरूद्ध कुनै अभियोग लगाइन्छ भने अभियोग लगाइएको व्यक्तिलाई प्रतिवाद गर्ने अर्थात् खण्डन गर्ने अवसर नै प्रदान नगरी केवल एकपक्षीय कुरा सुनेर उसका विरूद्ध निर्णय गर्नु हुँदैन । यसैगरी, असर पर्ने सम्बन्धित पक्षलाई निज विरूद्धका प्रमाणको खण्डन गर्ने वा परीक्षण गर्ने मौका प्रदान नगरी त्यस्तो कुरालाई प्रमाणमा ग्रहण गरी निर्णय गर्नु पनि हुँदैन । तर यसको तात्पर्य कुनै प्रमाणको खोजी गर्दा वा संकलन गर्दा पनि सम्बद्ध पक्षलाई कारवाहीको चरणपिच्छे सुनुवाइको मौका प्रदान गर्नुपर्छ भन्ने होइन । तथ्यको संकलन फौजदारी कसुरमा गरिने छानबिनको प्रारम्भिक चरण हो । विषयवस्तुको प्रकृतिअनुसार अनुसन्धानको क्रममा विभिन्न विवरण, तथ्याङ्क, लिखत आदि संकलन गर्नुपर्ने अवस्था आइपर्दछन् । यसरी संकलित सबै कुराहरू प्रमाणमा नै लगाइन्छ वा प्रमाण लाग्दछ भन्ने हुँदैन । संकलित तथ्य, विवरण आदि विवादित विषयलाई प्रमाणित गर्न वा खण्डित गर्न सम्बद्ध देखिएको अवस्थामा प्रमाणमा लिइने हो । यस चरणमा आएर मात्र सुनुवाइको अवसर प्रदान गर्ने कुरा सान्दर्भिक बन्दछ । प्रमाण संकलनपूर्वकै अवस्थामा पनि सुनुवाइको अवसर प्रदान गर्नुपर्छ भन्ने कुरा तर्कसङ्गत र न्यायिक सिद्धान्तमा आधारित मान्यता देखिँदैन । फौजदारी कसुरको अनुसन्धान, छानबिन गर्ने कुराको आफ्नै प्रकारका मौलिक विशिष्टता र संवेदनशीलता हुन्छन । तथ्य वा प्रमाण संकलन गर्नुपूर्व नै त्यस्तो तथ्य, लिखत, साक्षी वा प्रमाण संकलन गर्न हुन्छ कि हुँदैन भनी सम्बन्धित अभियुक्तलाई सुनुवाइ वा प्रतिवादको मौका दिँदै जाने हो भने अनुसन्धान, छानबिनको कार्यलाई एउटा तार्किक निष्कर्षमा पुर्‍याउन नसकिने अवस्था पनि आई पर्दछ । यस्तो अवस्था पैदा हुने गरी व्याख्या गरिनु मनासिब देखिँदैन । काठमाडौं जिल्ला अदालतबाट निवेदकको बैंक खातासम्बन्धी विवरण अनुसन्धानको क्रममा जानकारी स्वरूप प्रदान गर्ने अनुमतिसम्म प्रदान गरिएको देखिँदा यसलाई फैसला वा निवेदकको विरूद्ध कुनै निर्णय नै गरिएको भन्ने अर्थमा लिन मिल्ने पनि देखिँदैन ।

१६. प्रस्तुत विवादसम्बन्धी अष्ट्रेलियाबाट अनुरोध भई आएअनुसारको पारस्परिक कानूनी सहायताको विषय सम्भावित तथ्य, विवरण वा अभिलेखको संकलन भन्नेसम्म देखिएको छ । सबै विवरण रिट निवेदकहरूको विरूद्धमा प्रमाणमा लाग्दछन् वा स्वतः प्रमाणमा लिइन्छ भन्ने पनि होइन । कुनै कुरा प्रमाणको विषय होलान्, कतिपय विवरण असम्बद्ध पनि देखिएलान् । यसको निरूपण

विवादको तथ्यगत सन्दर्भमा अनुसन्धानको क्रममा वा न्यायिक प्रक्रियामा निर्धारण हुने हो। पारस्परिक कानूनी सहायताअन्तर्गत प्रदान गरिने बैंक खातासम्बन्धी कुनै विवरणलाई प्रमाणको रूपमा प्रस्तुत गरी अभियोग लगाउँदा वा त्यसलाई ग्रहण गर्दा सम्बन्धित व्यक्ति (अभियुक्त) लाई प्रतिवादका लागि उचित सुनुवाइको मौका प्रदान गर्नु नै पर्ने हुन्छ। यस प्रकारको सुनुवाइको मनासिब अवसर नै प्रदान नगरी सम्बृद्ध न्यायिक परम्परा भएको अष्ट्रेलियन न्याय प्रणालीमा रिट निवेदकहरूका विरूद्धमा कुनै निर्णय गरिन्छ होला भनी सम्झनु उचित हुँदैन । यसका अतिरिक्त प्रदान गरिने विवरणको प्रकृतिका दृष्टिले विचार गर्दा पनि अहिले सो विवरण प्रदान गर्नुपूर्व सुनुवाइको अवसर प्रदान नगर्दा कुनै अन्यायपूर्ण परिणाम पैदा हुने स्थिति देखिँदैन। बैंक खातासम्बन्धी विवरण पारस्परिक कानूनी सहायताको रूपमा प्रदान गर्नुपूर्व सम्बन्धित खातावालालाई सुनुवाईको अवसर दिनुपर्ने कुनै कानूनी प्रावधान रहेको पनि पाइएन । तसर्थ रिट निवेदकहरूलाई सुनुवाइको अवसर प्रदान नगरी पारस्परिक कानूनी सहायता प्रदान गर्न अनुमति दिएको काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ को आदेश कुनै न्यायिक सिद्धान्त प्रतिकूल देखिन आएन।

१७. अतः माथिका प्रकरणहरूमा विवेचना गरिएका आधार र कारणहरूबाट अष्ट्रेलियन सरकारको अनुरोधबमोजिम पारस्परिक कानूनी सहायतास्वरूप रिट निवेदकहरूको बैंक खाता र कारोबारसम्बन्धी विवरण उपलब्ध गराउने सन्दर्भमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१७ को आदेश, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको मिति २०७१।७।३० को नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र, नेपाल राष्ट्र बैंकको मिति २०७१।८।१५ को पत्रलगायतका काम कारवाही कानूनअनुकूल नै भए गरिएको देखिन आएको र उल्लिखित पारस्परिक कानूनी सहायता प्रदान गर्ने सन्दर्भमा भए गरिएका काम कारवाहीबाट निवेदकहरूको कुनै पनि संवैधानिक वा कानूनी हक अधिकारमा आघात परेको वा आघात पर्ने अवस्था देखिन नआएकोले निवेदकहरूको मागबमोजिम रिट आदेश जारी गर्न मिलेन। उत्प्रेषण, परमादेशलगायत जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ठहर्छ । साथै, यस अदालतका एक न्यायाधीशको इजलासबाट मिति २०७१।८।२१ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुन्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
स.प्र.न्या.सुशीला कार्की

इजलास अधिकृत:- ठगिन्द्र कट्टेल
इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम्।

निर्णय नं. ९६६८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७२।६।२०
०७२-WH-०००६

विषयः- बन्दीप्रत्यक्षीकरण

निवेदक : दोलखा जिल्ला घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकीमा बसोबास रही हाल कारागार कार्यालय, जगन्नाथ देवल सुन्धारा, काठमाडौंमा कैदमा रहेका रविन श्रेष्ठ

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

- **निवेदकले डाँका उद्योग र हातहतियार खरखजाना मुद्दामा भएको फैसलाउपर पुनरावेदन नगरी दुवै फैसला अन्तिम भएर बसेको देखिन्छ। मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. मा माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार डाँका उद्योग मुद्दामा तीन वर्ष कैद सजाय हुने भएपनि निवेदक एउटा कलमको तीन वर्ष मात्र थुनामा बस्नु पर्नेमा मिति २०६९।२।१९ देखि नै थुनामा रहेकोले डाँका उद्योग मुद्दाको कैदी पुर्जीअनुसार मिति २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने भन्न नमिल्ने।**

(प्रकरण नं. ८)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता मोहनबहादुर बन्जारा

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता किरण पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. गिरीश चन्द्र लाल : तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

म निवेदक रविन श्रेष्ठसमेतलाई प्रतिवादी बनाई नेपाल सरकारले मिति २०६९।२।१९ को वारदातमा मलाई मिति २०६९।२।१९ मा नै पक्राउ गरी डाँका उद्योग र हातहतियार खर खरजाना मुद्दाको अभियोग चलाउँदा डाँका उद्योगमा अदालतबाट धरौटीमा र हातहतियार खरखजाना मुद्दामा थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी आदेश भएको थियो। काठमाडौं जिल्ला अदालतबाट डाँका उद्योग मुद्दामा भएको आदेशउपर वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा अ.व. १७ नं. को निवेदन परी काठमाडौं जिल्ला अदालतको सो आदेश बदर भई थुनामा राख्ने आदेश भएको रहेछ। तर मलाई डाँका उद्योग मुद्दामा भएको आदेशपश्चात् थुनामुक्त नगरी त्यसपछि थुनछेक भएको हात हतियार खरखजाना मुद्दामा थुनामा राख्ने आदेश भएकोले म थुनामा नै बसी मुद्दाको पुर्पक्ष गरी आएको थिएँ। यसरी म पक्राउ परेको दिनदेखि हालसम्म कुनै पनि दिन थुनाबाट छुटकारा पाएको छैन।

काठमाडौं जिल्ला अदालतबाट उल्लिखित डाँका उद्योग मुद्दामा मलाई तीन वर्ष कैद सजाय र जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट हातहतियार खरखजाना मुद्दामा मलाई तीन वर्ष कैद र रू. ६०,०००/- जरिवाना भएकोमा सोउपर मैले पुनरावेदन गरेको छैन। मलाई तीन वर्ष कैद सजाय

हुने ठहर्‍याई भएको काठमाडौं जिल्ला अदालतको फैसलाको तपसिल खण्डमा बाँकी कैदको असुल लगत कायम गर्न म निवेदक मिति २०६९।२।१९ देखि मिति २०६९।३।१७ सम्म २८ दिन पुर्पक्षमा र मिति २०६९।१०।२२ देखि हालसम्म पुनरावेदन अदालत, पाटनको आदेशानुसार थुनामा रहेको भन्ने अर्थ गरी सोही तपसिल खण्डबमोजिम कैदबापत थुनामा राख्नु पर्ने अवधि मिति २०७२।९।२६ सम्म भनी कैद म्याद ठेकी काठमाडौं जिल्ला अदालत, तहसील शाखाबाट च.नं.११९० मिति २०७१।७।२५ मा कारागार कार्यालय, जगन्नाथ देवल काठमाडौंलाई पठाएको रहेछ। उल्लिखित थुना तथा कैद हिसाबबाट म निवेदक अनावश्यकरूपमा गैरकानूनी तवरबाट थुनामा रहनु पर्ने अवस्था उत्पन्न भएको छ । म निवेदक पक्राउ परेको मितिदेखि नै हालसम्म प्रहरी हिरासतमा एवं कैदमा समेत रही आएकोले मलाई मिति २०६९।३।१७ देखि मिति २०६९।१०।२१ सम्म थुनामा नरहेको भन्ने अर्थ एवं हिसाब गरी सोही अवधिको बाँकी कैद असुल गर्नु पर्ने गरी भएको फैसलाको तपसिल खण्डको थुना तथा कैदको हिसाब र उक्त फैसलाबमोजिम कैद म्याद ठेकी पठाएको पत्रसमेत त्रुटिपूर्ण रहेकोले संशोधन गरी म निवेदक मिति २०६९।२।१९ मा पक्राउ परी सो मितिदेखि नै कैदमा रहेको छु भन्ने कुरा मलाई दिइएको पक्राउ पुर्जी र कैदी पुर्जीसमेतले प्रमाणित गरेको छ। म निवेदक थुनामा बसेको मिति देखि नै मलाई लगाएको कैद सजायको भुक्तान हुने गरी बाँकी कैद ठेक्ने र थुना तथा कैदको हिसाब र कैद म्याद ठेकी पठाइएको विवरणसमेत संशोधन गरी त्यसको जानकारी म थुनामा रहेको कारागार कार्यालय, जगन्नाथ देवल काठमाडौंलाई दिन भनी काठमाडौं जिल्ला अदालतमा निवेदन गरेकोमा कैद ठेकी पठाएको लगत संशोधन गर्न मिलेन भनी मिति २०७२।२।१४ मा काठमाडौं जिल्ला अदालतबाट आदेश भएको रहेछ । सो आदेशउपर तत्काल कानूनी उपचार लिई थुनाबाट मुक्त हुने पर्याप्त एवं प्रभावकारी अर्को उपचारको व्यवस्था नभएकोले यस अदालतमा यो निवेदन गर्न आएको छु। म निवेदकलाई लगाइएको अभियोगमा अदालतबाट भएको सजाय (तीन वर्ष) मात्र मैले भोग्नु पर्ने हो । म मिति २०६९।२।१९ देखि थुनामा बसेकोले काठमाडौं जिल्ला अदालतबाट भएको तीन वर्षको कैद सजाय मिति २०७२।२।१८ मा भुक्तान हुने हुँदा म सो मितिमा कैद मुक्त हुनु पर्ने हो। यसरी मलाई भएको कैद सजाय मिति २०७२।२।१८ मा भुक्तान भइसकेको भए तापनि मलाई थुनामा नै राख्ने गरिएको कार्य मुलुकी ऐन, दण्ड सजायको १० नं. विपरीत हुनुका साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ द्वारा प्रदत्त मेरो मौलिक हकमा समेत आघात पुगेकोले मलाई बढी अवधि कैदमा बस्नु पर्ने गरी ठेकिएको कैदको हिसाब, लगत एवं लगत संशोधन नहुने भनी गरेको आदेश बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रविन श्रेष्ठको निवेदन।

निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना दिनु भनी यस अदालतबाट जारी भएको आदेश।

निवेदकको माग व्यहोरा नै निजलाई फैसलाबमोजिम ठहरेको कैद भुक्तान गरी रहेको भन्ने स्पष्ट हुन आएकोले यसमा बन्दीप्रत्यक्षीकरणको रिट आकर्षित हुन सक्दैन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ।

रिट निवेदक रविन श्रेष्ठ जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मि.नं.९८ मिति २०६९।३।२४ र मि.नं. ९८ नि.नं. ५१९ मिति २०६९।७।३ को पत्र तथा काठमाडौं जिल्ला अदालतको च.नं. ११९० स.फौ.नं. २८९७ मिति २०७१।७।२५ को

पत्रानुसार हातहतियार खरखजाना र डाँका मुद्दामा मिति २०६९।३।२४ देखि यस कारागारमा थुनामा रहेको कार्य कानून प्रतिकूल नहुँदा यस कार्यालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कारागार कार्यालय, जगन्नाथदेवलको लिखित जवाफ।

राजेश अग्रवालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रविन श्रेष्ठसमेत भएको डाँका मुद्दामा यस अदालतको मिति २०७०।१२।४ को फैसलाले प्रतिवादी रविन श्रेष्ठलाई ३।०।० (तीन वर्ष) कैद हुने ठहरेको हुँदा निज प्रतिवादी अनुसन्धानको क्रममा मिति २०६९।०२।१९ देखि २०६९।३।१७ सम्म २८ दिन प्रहरी तथा कारागार कार्यालयमा थुनामा रही मिति २०६९।३।१८ मा माग भएको धरौटी राखी छुटी गएकोमा पुनरावेदन अदालत, पाटनको आदेशानुसार पुनः मिति २०६९।१०।२२ देखि थुनामा रहेको देखिँदा फैसलाबमोजिम बाँकी कैद २।११।२ दिनबापत मिति २०६९।१०।२२ देखि मिति २०७२।९।२३ सम्म थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए यस अदालतको २०६९ सालको स.फौ.नं. २८९७ को डाँका उद्योग मुद्दाको हकमा मात्र प्रतिवादी रविन श्रेष्ठलाई मिति २०७२।०९।२४ मा कैदबाट मुक्त गरी दिनु हुन भनी यस अदालतको च.नं. ११९० मिति २०७१।७।२५ मा कैदी ढड्डा नं. ११२ बाट कैदम्याद ठेकी थुनामा राख्न पठाइएको हो। निवेदकलाई फैसला वा आदेशमा चित्त नबुझेको अवस्थामा कानूनले निर्दिष्ट गरेको उपचारको मार्ग अवलम्बन गर्नु पर्नेमा सो नगरी सोझै बन्दीप्रत्यक्षीकरणको निवेदन लिई प्रवेश गर्न पाउने होइन। फैसला कार्यान्वयनको क्रममा यस अदालतको तहसील शाखाले फैसला बमोजिम कैदम्याद ठेक्ने गरेको कार्यले रिट निवेदकको संवैधानिक तथा कानून प्रदत्त कुनै पनि अधिकारमा आघात नपुगेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिटमा बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखेको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न आदेश जारी हुने हो। यी निवेदकउपर जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा हातहतियार खरखजाना मुद्दा र काठमाडौं जिल्ला अदालतमा डाँका मुद्दा दायर भई फैसलाबमोजिम कैदी पुर्जी दिई कैदमा राखेको देखिन्छ। यसरी साधिकार अधिकारीको कानूनबमोजिमको कैदी पुर्जी संशोधनको लागि निवेदकले अदालतको तहसील शाखामा दिएको निवेदनमा भएको आदेशउपर जिल्ला न्यायाधीशसमक्ष र जिल्ला न्यायाधीशको आदेशउपर पुनरावेदन अदालतमा निवेदन गर्न पाउने कानूनी उपचारको बाटो हुँदाहुँदै सो अवलम्बन नगरी रिट क्षेत्रको वैकल्पिक उपचारको माध्यमबाट पेस भएको प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मोहनबहादुर बन्जारा क्षेत्रीले एउटै वारदातबाट चलेको डाँका उद्योग र हातहतियार खरखजाना मुद्दामा निवेदक रविन श्रेष्ठलाई मिति २०६९।२।१९ मा पक्राउ गरी डाँका उद्योग मुद्दामा काठमाडौं जिल्लाबाट थुनछेक हुँदा धरौटीमा राखेपछि हातहतियार खरखजाना मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट पुर्पक्षको क्रममा थुनामा राख्ने आदेश भएको थियो। सो आदेशानुसार निवेदक थुनामा नै रहेको अवस्थामा डाँका उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको आदेश पुनरावेदन अदालत, पाटनबाट उल्टी भई थुनामा राख्ने आदेश भए पनि निवेदक पक्राउ परेको मितिदेखि हालसम्म थुनामा रहेका र पछि फैसला हुँदा दुइटै मुद्दामा तीन / तीन वर्ष कैद सजाय हुने ठहरेकोमा फैसलाबमोजिम निवेदक मिति २०७२।२।१८ सम्म मात्र कैदमा बस्नु

पर्ने हुन्छ । काठमाडौं जिल्ला अदालतबाट धरौटीमा राख्ने आदेश भएको मिति देखि पुनरावेदन अदालत, पाटनबाट सो आदेश बदर भएको मितिसम्मको अवधि नजोडी निवेदकलाई मिति २०७२।९।२३ सम्म कैदमा राख्ने भनी कैदी पुर्जी दिइएको छ। तर निवेदक पक्राउ परेदेखि हालसम्म थुनामा नै रहेका र दण्ड सजायको महलको ४१ नं. बमोजिम दुवै मुद्दामा तीन / तीन वर्ष कैद सजाय भएकोमा एउटा मुद्दाको मात्र कैद सजाय बस्दा हुने हुँदा सोबमोजिम कैदी पुर्जी संशोधन गर्न दिएको निवेदनअनुसार कैदी पुर्जी संशोधन नगरेको काठमाडौं जिल्ला अदालतको तहसिलदारको आदेश कानूनविपरीत हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुना मुक्त गर्नुपर्दछ भन्नेसमेत व्यहोराको गर्नुभएको बहससमेत सुनियो।

विपक्षीहरूका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेलले निवेदकले काठमाडौं जिल्ला अदालतको तहसील शाखामा कैदी पुर्जी संशोधनको लागि दिएको निवेदनमा भएको आदेशउपर जिल्ला न्यायाधीशसमक्ष र जिल्ला न्यायाधीशको आदेशउपर पनि चित्त नबुझेमा पुनरावेदन अदालतमा निवेदन गर्न पाउने कानूनी उपचारको बाटो हुँदाहुँदै सोको प्रयोग नगरी कानूनी उपचारको बाटो नभएको अवस्थामा प्रयोग हुने रिट क्षेत्रको वैकल्पिक उपचारको माध्यमबाट आएको प्रस्तुत निवेदन कानूनी त्रुटिपूर्ण हुँदा खारेज गरियोस् भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तबमोजिमको तथ्य एवम् बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने हो, होइन भन्ने सन्दर्भमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकले मिति २०६९।२।१९ मा एउटै वारदातमा आफूउपर डाँका उद्योग मुद्दा काठमाडौं जिल्ला अदालतमा र हातहतियार खरखजाना मुद्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा चलेकोमा मुद्दा पुर्पक्षको क्रममा डाँका उद्योग मुद्दामा धरौटी तारेखमा बसी र हातहतियार खरखजाना मुद्दामा थुनामा रही पुर्पक्ष गर्दै आएकोमा डाँका उद्योग मुद्दामा पुनरावेदन अदालत, पाटनले धरौटीमा राख्ने आदेश बदर गरी थुनामा नै बसी पुर्पक्ष गर्ने गरी आदेश भएको रहेछ । तर म हातहतियार खरखजाना मुद्दामा पक्राउ परेको मिति २०६९।२।१९ देखि नै पुर्पक्षको लागि थुनामा बस्दै आएको थिएँ। पछि डाँका उद्योग मुद्दामा तीन वर्ष कैद सजाय र हातहतियार खरखजाना मुद्दामा पनि तीन वर्ष कैद र रू. ६०,०००/- जरिवाना हुने ठहरी फैसला भएपश्चात् मैले उल्लिखित फैसलाउपर पुनरावेदन गरेको छैन। एउटै वारदातको जरियाबाट उठान भएका दुवै मुद्दामा तीन / तीन वर्ष कैद सजाय भएकोमा मैले तीन वर्ष कैद भुक्तान गरी सकेको छु भने हातहतियार खरखजाना मुद्दामा लागेको जरिवाना पनि बुझाइसकेको छु । कैद भुक्तान भई जरिवाना पनि तिरी सकेपछि म मिति २०७२।२।१८ मा थुनामुक्त हुनु पर्नेमा थुना मुक्त नभएकोले काठमाडौं जिल्ला अदालतमा कैदी पुर्जीमा उल्लिखित विवरणसमेत संशोधन गरी थुनामुक्त गरी पाउन निवेदन गरेकोमा सो अदालतबाट डाँका उद्योग मुद्दामा मात्र थुनामा बसेको सम्झी मिति २०७२।२।१४ मा कैदी पुर्जी र लगत संशोधन गर्न नमिल्ने भनी भएको आदेश मुलुकी ऐन, दण्ड सजायको महलको १० र ४१ नं. विपरीत हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्नेसमेत व्यहोराले निवेदन दिएको देखिन्छ।

३. विपक्षी काठमाडौं जिल्ला अदालतको लिखित जवाफमा निवेदकउपर चलेको डाँका उद्योग मुद्दामा मिति २०६९।३।१८ मा यस अदालतको आदेशले निवेदक २८ दिन थुनामा बसी धरौटीमा छुटी गएकोमा पुनरावेदन अदालत, पाटनको आदेशले

थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएको आदेशानुसार पहिले पुर्पक्षमा बसेको २८ दिन कट्टा गरी बाँकी २ वर्ष ११ महिना २ दिन मिति २०७२।९।२३ मा भुक्तान हुने हुँदा मिति २०७२।२।१४ मा कैदी पुर्जी तथा लगत संशोधन गर्न नमिल्ने भनी आदेश भएको भन्ने देखिन्छ।

४. राजेश अग्रवालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रविन श्रेष्ठ भएको डाँका उद्योग मुद्दा काठमाडौं जिल्ला अदालतमा र हातहतियार खरखजाना मुद्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा चलेको देखिन्छ। उक्त दुवै मुद्दा एउटै वारदातबाट उठान भएको देखिन्छ। मिति २०६९।२।१९ को वारदातमा सोही दिन पक्राउ परेका निवेदक हातहतियार खरखजाना मुद्दामा सोही दिनदेखि निरन्तररूपमा थुनामा बसेको देखिन्छ भने डाँका उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६९।३।१८ को आदेशले धरौटीमा छुटेको देखिए पनि पुनरावेदन अदालत, पाटनबाट थुनामा नै बसी मुद्दा पुर्पक्ष गर्नु पर्ने गरी आदेश भएको देखिन्छ। मुद्दा फैसला हुँदा उल्लिखित दुवै मुद्दामा निवेदक प्रतिवादीलाई तीन / तीन वर्ष कैद सजाय हुनुको अतिरिक्त हातहतियार खरखजाना मुद्दामा रू.६०,०००/- जरिवाना पनि हुने गरी फैसला भएको देखिन्छ।

५. मुलुकी ऐन, दण्ड सजायको महलको १० नं.मा **"ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सोभन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नु परेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नु पर्छ**..." भन्ने र ऐ. को ४१ नम्बरमा "**एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नु पर्छ।... धेरै कलमको कैद हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नु पर्छ।...**" भन्नेसमेत कानूनी व्यवस्था रहेको छ।

६. मिति २०६९।२।१९ को वारदातमा निवेदक प्रतिवादीउपर डाँका उद्योग र हातहतियार खरखजाना मुद्दा चली फैसला हुँदा दुवै मुद्दामा तीन / तीन वर्ष कैद सजाय र हातहतियार खरखजाना मुद्दामा कैद सजायको अतिरिक्त रू.६०,०००/- जरिवाना पनि भएको र मिति २०६९।२।१९ देखि नै हातहतियार खरखजाना मुद्दामा निरन्तर थुनामा रहेको निवेदकलाई डाँका उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतले दिएको कैदी पुर्जीबमोजिम २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने हो, होइन भन्ने सम्बन्धमा हेर्दा एउटै वारदातमा दुईवटा मुद्दा चल्न सक्ने तथ्यमा विवाद देखिएको छैन। त्यसरी एउटै वारदातमा चलेको दुई मुद्दामा कुनैमा घटी र कुनै मुद्दामा बढी सजाय भएको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाअनुसार पनि कैद खापिनु पर्ने भई ठुलो खतको सजाय मात्र हुन्छ।

७. काठमाडौं जिल्ला अदालतले निवेदकलाई डाँका उद्योग मुद्दामा मिति २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने भनी कैदी पुर्जी दिएको देखिन्छ भने निवेदकले कैदी पुर्जी संशोधन गरी पाउन दिएको निवेदनमा हातहतियार खरखजाना मुद्दामा मिति २०६९।२।१९ देखि नै पक्राउ परी प्रहरी हिरासतमा अर्थात् थुनामा बसेको व्यहोरा उल्लेख गरेको देखिन्छ। त्यसपछि विपक्षी कारागार कार्यालय जगन्नाथ देवलको लिखित जवाफबाट निवेदक मिति २०६९।३।२४ देखि निरन्तर थुनामा बसेको देखिन्छ। यसबाट निवेदक मिति २०६९।२।१९ देखि नै थुनामा निरन्तर रहेको देखिन आउँछ। कुनै पनि व्यक्ति थुना वा कैदमा बस्ने कार्य कानूनबमोजिम हुन्छ भने सोभन्दा बढी थुना वा कैद बसेको कार्य गैरकानूनी हुन्छ। गैरकानूनीरूपमा कोही कसैलाई थुनामा वा कैदमा राख्न मिल्दैन। त्यसरी बढी समय थुनामा राखिएमा व्यक्तिको वैयक्तिक स्वतन्त्रता र नागरिक अधिकार हनन् त हुन्छ नै साथ साथै कानूनी

व्यवस्था र अवलम्बन गरी आएको विधिशास्त्र पनि पराजित हुन्छ।

८. निवेदकले डाँका उद्योग र हातहतियार खरखजाना मुद्दामा भएको फैसलाउपर पुनरावेदन नगरी दुवै फैसला अन्तिम भएर बसेको देखिन्छ। मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. मा माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार डाँका उद्योग मुद्दामा तीन वर्ष कैद सजाय हुने भएपनि निवेदक एउटा कलमको तीन वर्ष मात्र थुनामा बस्नु पर्नेमा मिति २०६९।२।१९ देखि नै थुनामा रहेकोले डाँका उद्योग मुद्दाको कैदी पुर्जीअनुसार मिति २०७२।९।२३ सम्म थुनामा बस्नु पर्ने भन्न मिल्दैन। यस अदालतबाट ने.का.प. २०४८, जेष्ठ, असार र श्रावण, निर्णय नं. ४२७२, पृष्ठ १२४ मा "**एकै मानिसलाई एकभन्दा बढी मुद्दामा कैदको म्याद ठेक्नु पर्ने भयो भने जुन कलममा ठुलो हद छ सोही हद नपुगेसम्म कैद गर्नु पर्ने, अरू कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएमा कुनै एक कलमको कैद गर्नुपर्ने**" भन्नेसमेतका सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उक्त सिद्धान्तबमोजिम पनि काठमाडौं जिल्ला अदालतले निवेदकलाई मिति २०७२।९।२३ सम्म कैद बस्नु पर्ने गरी दिएको कैदी पुर्जी र मिति २०७२।२।१४ मा गरेको आदेश कानूनी त्रुटिपूर्ण देखिन आयो।

९. अतः निवेदकलाई काठमाडौं जिल्ला अदालतले डाँका उद्योग मुद्दामा दिएको कैदी पुर्जी प्रत्यक्ष रूपले प्रथम दृष्टिमा नै मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. को कानूनी व्यवस्थाविपरीत रहेको र सो फैसलामा प्रत्यक्ष कानूनी त्रुटि (Absolute error of law) भएको देखियो । त्यसकारण निवेदकलाई दुवै कसुरबापत भएको कैद सजाय अलगअलग भुक्तान गर्नुपर्ने नभई एकै पटक भुक्तान हुने अर्थात् जरिवाना बुझाइसकेको अवस्थामा तीन वर्ष मात्र कैद भुक्तान गरे हुने स्पष्ट देखिएकोले निवेदकलाई आजै थुना मुक्त गरी दिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । यो आदेशअनुसार यस अदालतबाट मिति २०७२।६।२१ मा निवेदक रविन श्रेष्ठलाई थुना मुक्त गर्न पत्राचार भएको देखिँदा हाल केही गरिरहनु परेन । निवेदकको हकमा काठमाडौं जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जी संशोधन गरी सोबमोजिम लगत राख्नु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

शाखा अधिकृतः रामु शर्मा
इति संवत् २०७२ साल असोज २० गते रोज ४ शुभम्।

निर्णय नं. ९६६९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७०।३।१९
०७०-CR-०५०८

मुद्दा : दूषित निर्णय बदर

पुनरावेदक : बैतडी जिल्ला सलेना गा.वि.स. वडा नं.३ बस्ने कर्णबहादुर चन्द

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९/६/१६ मा निर्णय भई विभागीय सजायको लागि लेखी पठाएको सम्म देखिन्छ । सजायको लागि कुनै कानून वा दफा किटान गरेको वा सजाय नै प्रस्ताव गरी लेखी पठाएको अवस्था देखिँदैन । यस्तो अवस्थामा आयोगको काम कारबाही किन र कसरी दूषित हुन गएको हो, सोको कुनै ठोस आधार र तर्कसम्म पनि पुनरावेदकले प्रस्तुत गर्न सकेको देखिँदैन । निर्णय दूषित भएको दाबी लिने पक्षले केवल दाबी लिन मात्र पर्याप्त हुँदैन, सोको पुष्टि हुने प्रमाण पुर्‍याउनु पर्ने दायित्व पनि प्रमाण ऐन २०३१ को दफा २७ बमोजिम निजमा नै रहेको मान्नुपर्ने ।**

(प्रकरण नं. ३)

- **पुनरावेदकीय अधिकार वस्तुतः मुद्दाको पक्ष विपक्षमा नै निहित रहेको हुन्छ । मुद्दाको पक्ष नै नभएको व्यक्तिले पुनरावेदन गर्ने हक कानूनले विशेष व्यवस्था गरेमा बाहेक प्राप्त गर्दैन ।**

(प्रकरण नं. ५)

- **पक्षले पुनरावेदन गर्ने हक कानूनबाट नै पाउने हुन्छ र कानूनले तोकेको हदसम्म मात्र हेर्न पाउने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबाट असर पर्ने व्यक्तिले मात्र विशेष अदालतसमक्ष सोही ऐनको दफा ३५ग बमोजिम पुनरावेदन गर्न सक्ने देखिन्छ । पुनरावेदकीय अधिकारको प्रयोग मुद्दाका पक्षले पुनरावेदन गर्न प्राप्त गर्ने हुन्छ । तर यी पुनरावेदक मुद्दाको कुनै पक्ष रहेको र निजलाई प्रतिकूल पर्ने कुनै आदेश भएको पनि देखिँदैन । व्यक्तिगत तवरबाट निजको पुनरावेदन गर्न पाउने हक रहेको देखिएन । पुनरावेदकको कुनै व्यावसायिक वा निजसँग सान्दर्भिक विषयगत वा सामूहिक सरोकारको विषयमा प्रतिकूलअसर परेको भनी ठोस पुनरावेदन जिकिर लिन सकेको पनि छैन । यस्तो अवस्थामा पुनरावेदकको आफ्नो मुद्दा गर्नुपर्ने हक स्थापित गराउन सकेको छ भनी मान्न मिलेन ।**

(प्रकरण नं. ५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान अधिवक्ता गणेश दाहाल

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८

सुरू निर्णय गर्ने:-

अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं ।

पुनरावेदन तहमा फैसला गर्नेः-

मा.न्या. श्री केदारप्रसाद चालिसे

मा.न्या. श्री मोहनरमण भट्टराई

मा.न्या. श्री भूपेन्द्रप्रसाद राई

फैसला

न्या. बैद्यनाथ उपाध्याय : विशेष अदालतको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम प्रतिवादीको पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः-

बुढानीलकण्ठ स्कुलमा पढ्न पाउने प्राप्त सरकारी कोटामा विद्यालयका तत्कालीन नि.

प्रधानाध्यापक पुष्पा लोहारले विद्यालय बन्द रहेको अवस्थामा विद्यालय खोली निजको दाजु गोपालराम लोहारको छोरी लक्ष्मी लोहारलाई कक्षा ४ पास गरेको नक्कली प्रमाण-पत्र बनाई सिफारिस गरी पठाएको भन्ने उजुरी निवेदन।

यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारी बैतडीलाई वास्तविकता बुझी पठाउने निर्णय भई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुरोध भएकोमा सो कार्यालयको च.नं. ८२० मिति २०६८/६/२५ को पत्रबाट छानबिन प्रतिवेदन प्राप्त हुँदा निज सिफारिस भई आएकी छात्रा लक्ष्मी लोहार भुमिराज सामुदायिक प्राथमिक विद्यालय बैतडीकी नियमित छात्रा नभएको र निज उक्त विद्यालयमा अध्ययनरत नभएको बुझिएको भन्ने सम्बद्ध कागजातसहितको अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त भएको प्रतिवेदन।

विद्यालयको सिफारिस पत्र र भर्ना रेकर्डअनुसार मैले जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन पठाएको हुँ । सुरूमा गहन अध्ययन भएन । पछि अध्ययन गर्दा उक्त छात्रा भूमिराज प्राथमिक विद्यालयको नभएको जानकारी भयो। निज छात्रा लक्ष्मी लोहारले जगन्नाथ निम्न माध्यमिक विद्यालय नौहाट बैतडीमा कक्षा १ देखि ५ सम्म पढेकी भनेर सुनेको हुँ। मैले प्रधानाध्यापकको सिफारिसका आधारमा सिफारिस गरेको हुँ गल्ती हुन पुग्यो, छानबिन भई दोषको आधारमा हुने सजाय भोग्न तयार छु भनी स्रोतव्यक्ति लोकराज जोशीले अनुसन्धानका क्रममा मिति २०६९।३।१२ गते गरेको बयान।

लक्ष्मी लोहार मेरो भदई नाताकी हुन्। लक्ष्मी लोहार भूमिराज सामुदायिक प्राथमिक विद्यालयको छात्रा होइनन् । निजलाई उक्त विद्यालयमा पढेको हो भनी सिफारिस गरी पठाएको हो । निज लक्ष्मी लोहारले जगन्नाथ निम्न माध्यमिक विद्यालयमा कक्षा १ देखि ५ कक्षासम्म पढेकी हुन् । लक्ष्मी लोहारको कक्षा ४ को प्रमाण-पत्र भूमिराज सामुदायिक प्राथमिक विद्यालयबाट बनाउँदा म आफैँले बनाई दिएकी हुँ भनी सिफारिस कर्ता पुष्पा लोहारले अनुसन्धानका क्रममा मिति २०६९।३।१४ मा गरेको बयान।

लक्ष्मी लोहारकी फुपू पुष्पा लोहारले आफैँ नि.प्रधानाध्यापक भई प्रमाण-पत्र दिएको र त्यसको जानकारी ३ महिनापछि जि.शि.का.को प्रतिनिधि, स्रोत व्यक्ति आएपछि मात्र थाहा भएको र विद्यार्थी छनौट भइसकेकोले नछुटाई दिनु भनेको हो। आफूलाई पनि सबै कुरा थाहा नभएको र स्रोत व्यक्तिलाई सोध्दा सिफारिस गरी दिँदा फरक पर्दैन भनेकोले मैले अन्त्यमा यो छात्रा यसै विद्यालयको हो भनी सिफारिस गरी दिएकी हुँ। लक्ष्मी लोहारलाई ४ कक्षा पास गरेको मार्कसिट पुष्पा लोहारले बनाई दिँदा म विद्यालयमा थिइन र मेरो त्यसमा भूमिकासमेत छैन। पछि जिल्ला शिक्षा कार्यालयबाट सोधपुछको लागि आउँदा म विद्यालयमा थिएँ। विद्यार्थी यस विद्यालयको होइन म बनाउन सक्दिनभन्दा भर्ना रजिस्टर देखाई बनाउँदा हुन्छ भनेर आर.पी. सरले भन्दा पुष्पा लोहारले नै भर्ना गरेकी हुन् भन्नेसमेत व्यहोराको तत्कालीन भूमिराज प्राथमिक विद्यालयको प्रधानाध्यापक रामेश्वरी ठगुन्नाले अनुसन्धानका क्रममा मिति २०६९।३।१४ मा गरेको बयान।

शिक्षा मन्त्रालयको निर्देशनबमोजिम जिम्मेवार अधिकृतबाट विवरण यकिन गरी पठाउने निर्देशन भएकोले सो विद्यालयसँग सम्बन्धित स्रोत व्यक्ति लोकराज जोशीलाई सत्य तथ्य विवरण पेस गर्न लेखी पठाइएकोमा निजले पेस गरेको प्रतिवेदनका आधारमा मैले शिक्षा मन्त्रालयमा विवरण प्रेषित गरेको हुँ। उक्त विद्यार्थी भूमिराज सामुदायिक प्राथमिक विद्यालयको विद्यार्थी नभएको बुझिएकोले शिक्षा कार्यालयका २ जना अधिकृतको कार्यदलबाट अध्ययन गराउँदा निज सो विद्यालयको नियमित छात्रा नभई जगन्नाथ निम्न-माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत रहेको

बुझिन आएको भनी उल्लेख गरी जि.शि.अ. भीमबहादुर साउदले अनुसन्धानका क्रममा मिति २०६९।५।१४ मा गरेको बयान।

स्रोत व्यक्ति लोकराज जोशीले पेस गरेको प्रतिवेदनमा उक्त छात्रा लक्ष्मी लोहार भूमिराज सामुदायिक प्राथमिक विद्यालयबाट शैक्षिक सत्र २०६७ मा कक्षा ४ पास गरेको र हाल उक्त विद्यालयमा कक्षा ५ मा अध्ययन गरिरहेकी भनी प्रतिवेदन गरेकोले निजकै प्रतिवेदनको आधारमा प्राप्त विवरणलाई शिक्षा मन्त्रालयमा पठाएको र निज छात्रा लक्ष्मी लोहार भूमिराज समुदायिक प्राथमिक विद्यालय सलेना बैतडीको नियमित छात्रा नभएको र सो विद्यालयमा अध्ययनरत नरहेको बुझिएको भन्ने जिल्ला प्रशासन कार्यालय, बैतडीको च.नं. ८२० मिति २०६८/६/२५ को पत्र।

लक्ष्मी लोहारका बारेमा स्कुलमा पेस भएका कागजातहरूलाई जि.शि.अ. बाट Verification गराएपछि छात्रावृत्ति प्रदान गरिएको हो । निजका अभिभावक तथा अन्य जिम्मेवार व्यक्तिहरूले स्कुललाई पनि अनुचित तथा फर्जी विवरण प्रेषित गरेको देखिन्छ । हाललाई लक्ष्मी लोहारको सरकारी छात्रावृत्ति बन्द गरी USA Based संस्था HIO बाट प्राप्त भएको अर्को छात्रावृत्ति प्रदान गरी पढाई सुचारू गरिएको छ भन्ने बुढानीलकण्ठ स्कुलको च.नं. ४० मिति २०६८/११/१५ को पत्र व्यहोरा।

लक्ष्मी लोहार भूमिराज सामुदायिक प्राथमिक विद्यालयमा अध्ययन गरेको भन्ने सिफारिस मार्कसिट, निजका अभिभावकले भरेको छात्रावृत्तिको आवेदन फारामलगायतका कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न गरी पठाएको बुढानीलकण्ठ स्कुलको च.नं. ६ मिति २०६९/५/१४ को पत्र।

लक्ष्मी लोहार यस विद्यालयमा शैक्षिक शत्र २०६३ मा कक्षा १ मा भर्ना भई यस विद्यालयमा कक्षा ६ सम्म नियमित अध्ययन गरेकी छात्रा हुन्। निजले मिति २०६८/३/२९ मा कक्षा ६ मा अध्ययन गरिरहेको अवस्थामा स्थानान्तरण प्रमाणपत्र बुझिलगेको हो । निजको भर्ना अभिलेख, कक्षा ४, ५ र ६ को हाजिरी रजिस्टरको प्रतिलिपि, कक्षा ४ र ५ को परीक्षाफलको प्रतिलिपि, मार्कसिटसमेत साथै राखी पठाएको छ भन्ने जगन्नाथ निम्न माध्यमिक विद्यालय, नौहाट बैतडीको च.नं. २७ मिति २०६९/५/२६ गतेको पत्र।

मिति २०६७/१२/२३ गते बुढानीलकण्ठ स्कुलको सरकारी छात्रावृत्ति कोटामा अध्ययन गर्न लक्ष्मी लोहारलाई जगन्नाथ निम्न माध्यमिक विद्यालय, नौहाट बैतडीकी छात्रा रहेको व्यहोरा ढाँटी श्री भूमिराज सामुदायिक प्राथमिक विद्यालयमा अध्ययन गरेको प्रमाण-पत्र बनाई पेस गरी परीक्षामा सम्मिलित भई उक्त छात्रावृत्तिमा छनौट भई हालसम्म बुढानीलकण्ठ स्कुलमा अध्ययनरत रहेको देखिन्छ । उक्त गलत विवरण सोही विद्यालयकी शिक्षिका पुष्पा लोहारले बनाइदिएको देखिन्छ। सो विषयमा विवरण यकिन गर्न जिल्ला शिक्षा कार्यालय बैतडीले स्रोत व्यक्ति लोकराज जोशीलाई खटाएकोमा निजले गलत प्रतिवेदन पेस गरेको र सोही आधारबाट जि.शि.का. बैतडीले शिक्षा मन्त्रालयमा प्रेषित गरेको छ। यस्तो गलत काम गरेकोमा विद्यालय व्यवस्थापन समितिले पुष्पा लोहारको ३ महिनाको र रामेश्वरी ठगुन्नाको १ महिनाको तलब रोक्का राखेको र राजस्वमा दाखिला नगरेको भन्ने विद्यालय व्यवस्थापन समितिको निर्णयबाट देखिन्छ भने स्रोत व्यक्तिलाई कुनै कारवाही भएको देखिँदैन । प्रस्तुत कार्यमा शिक्षिका पुष्पा लोहारले गलत कागजात तयार गरी प्रेषित गरेको देखिँदा शिक्षा ऐन, २०२८ को दफा १६ङ ५ख को कसुरमा निजलाई पदबाट हटाउने, स्रोत व्यक्ति लोकराज जोशीलाई विभागीय कारवाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाउने, गलत विवरण प्रेषित गर्ने लक्ष्मी लोहारका बाबु गोपालराम लोहार र ठूलो बाबु पदमराज लोहारलाई आगामी ५ वर्षसम्म विद्यालय व्यवस्थापन समितिको कुनै पनि पदमा उम्मेदवार हुन

नपाउने गरी जिल्ला शिक्षा कार्यालय, बैतडीमा लेखी पठाउन र जिल्ला शिक्षा अधिकारीलई सचेत गराउन लेखी पठाई उजुरी तामेलीमा राख्न उचित हुने भनी पेस भएको अनुसन्धान अधिकृतको राय।

श्री भूमिराज सामुदायिक प्राथमिक विद्यालय, बैतडीमा अध्ययन गरेको सिफारिस र मार्कसिटसमेत तयार गरी बुढानीलकण्ठ स्कुलको सरकारी छात्रावृत्ति कोटाको परीक्षामा सम्मिलित भई छनौट भएर बुढानीलकण्ठ स्कुलमा अध्ययन गरिरहेकी छात्रा लक्ष्मी लोहार साबिकमा श्री जगन्नाथ निम्न माध्यमिक विद्यालय, नौहाट बैतडीमा अध्ययन गरेको देखिएको र भूमिराज सामुदायिक प्राथमिक विद्यालयमा अध्ययन गरेको भनी मार्कसिट सिफारिस पत्रलगायतका कागजातहरू सो विद्यालयकी शिक्षिका पुष्पा लोहारले बनाइदिएकी छन् । स्रोत व्यक्ति लोकराज जोशीले वास्तविकता यकिन गरी पठाएको विवरणमा समेत निज छात्रा सोही विद्यालयमा अध्ययन गरिरहेको प्रतिवेदन गरेको देखिँदा स्रोत व्यक्ति लोकराज जोशी र शिक्षिका पुष्पा लोहारलाई विभागीय कारवाही गर्न शिक्षा विभागमा पत्राचार गर्ने। सरकारी छात्रावृत्तिमा छनौट भई आएकी निज छात्रा लक्ष्मी लोहारलाई सरकारी छात्रवृत्ति बन्द गरी USA Based संस्था HIO बाट प्राप्त छात्रावृत्तिमा पढाई सुचारू गरिएको भन्ने बुढानीलकण्ठ स्कुलको पत्रबाट समेत देखिँदा त्यसतर्फ केही गरिरहनु परेन भन्नेसमेत व्यहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९/६/१६ को निर्णय।

भूमिराज सामुदायिक प्राथमिक विद्यालयकी शिक्षिका पुष्पा लोहारले आफू विद्यालयको निमित्त प्रधानाध्यापक भएको अवस्थामा श्री जगन्नाथ निम्न माध्यमिक विद्यालय, नौहाट बैतडीमा कक्षा ७ मा अध्ययन गर्ने छात्रा आफ्नी भतिजी लक्ष्मी लोहार भूमिराज सामुदायिक प्राथमिक विद्यालयकी छात्रा भएको भनी नक्कली मार्कसिट, प्रमाण पत्रलगायतका कागजातहरू र सिफारिस बनाई बुढानीलकण्ठ स्कुलको सरकारी छात्रावृत्ति कोटाको परीक्षामा सम्मिलित गराई आफूले नपाएको ओहोदा र अधिकार प्रयोग गरी गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ तथा झुठ्ठा विवरण दिई ऐ. ऐनको दफा १६ बमोजिम कसुर भएको हुँदा सोही दफाबमोजिम कारवाही गरी दोषीहरू उपर मुद्दा चलाउनु पर्नेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विभागीय कारवाही गर्न शिक्षा विभागमा पत्राचार गर्नेसम्मको मात्र निर्णय गर्नु त्रुटिपूर्ण हुँदा बदर भागी छ। त्यसैगरी स्रोत केन्द्र सलेनाका स्रोत व्यक्ति लोकराज जोशीले सत्यतथ्य विवरणको प्रतिवेदन दिनुपर्नेमा गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम अनुचित कार्य गरी नेपाल सरकारलाई आर्थिक हानि नोक्सानी पुर्‍याउने कसुर गरेकाले निजलाई कारवाही हुनुपर्नेमा विभागीय कारवाही गर्न शिक्षा विभागमा पत्राचार गर्नेसम्मको मात्र निर्णय गरेकाले उक्त निर्णयमा मिसिल संलग्न भएका तथ्य एवं प्रमाणहरूको समुचित विश्लेषण नगरी, न्यायिक मनको प्रयोगसमेत नगरिएको हुनाले सो त्रुटिपूर्ण निर्णय बदर गरी निज नक्कली विद्यार्थीका नाममा सुविधाबापत शिक्षा मन्त्रालयले खर्च गरेको रकम लिनेदिने र दिलाउने विपक्षीहरू तथा विपक्षीलाई त्यस्तो गैह्रकानूनी कार्यमा सहयोग पुर्‍याउने व्यक्ति एवं निकायहरूबाट अनधिकृतरूपमा खर्च भएको सो रकम असुल गरी राज्यकोषमा आम्दानी बाँध्ने व्यवस्था गरिपाउँ भन्नेसमेत व्यहोराको कर्णबहादुर चन्दले विशेष अदालतमा दायर गरेको पुनरावेदन पत्र।

यसमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अन्तर्गत निर्णय गरेको र सो निर्णयबाट असर पर्ने व्यक्तिले यस अदालतमा पुनरावेदन गर्ने व्यवस्था सोही ऐनको दफा ३५ मा उल्लेख भएको पाइन्छ । यी पुनरावेदक कर्णबहादुर

चन्दलाई विपक्षी आयोगले गरेको मिति २०६९/६/१६ को निर्णयबाट असर परेको वा पुनरावेदकको हकमा सो निर्णय गरेको भन्ने देखिन आएन। विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको निर्णयानुसार गैह्रकानूनी कार्य गर्ने विपक्षीहरू माथि विभागीय कारवाही भए नभएको सम्बन्धमा यस अदालतबाट अनुगमन गर्ने कानूनी व्यवस्था नभएकोसमेतबाट विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको उक्त मिति २०६९/६/१६ को निर्णय बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने विशेष अदालत काठमाडौंको मिति २०७०/३/१९ को फैसला।

श्री भूमिराज सामुदायिक प्राथमिक विद्यालय, सलेनाकी शिक्षिका पुष्पा लोहार, ऐ. विद्यालयकी प्र.अ. रामेश्वरी ठगुन्ना र जिल्ला शिक्षा कार्यालय बैतडीअन्तर्गत स्रोत केन्द्र सलेनामा कार्यरत स्रोतव्यक्ति लोकराज जोशीसमेतको मिलेमतोमा अर्कै विद्यालयकी नक्कली विद्यार्थी लक्ष्मी लोहारलाई सो विद्यालयकी विद्यार्थी हो भनी नक्कली प्रमाणपत्र र मार्कसिटसमेत बनाई बुढानीलकण्ठ स्कुलको छात्रावृत्तिमा सरकारी कोटामा अध्ययन गर्न सिफारिस गरी बदनियत तथा गैह्रकानूनी कार्य गरी राज्यको सम्पत्ति दुरूपयोग गरेको पुष्टि भइरहेको अवस्थामा विद्यालयकी प्रधानाध्यापक र स्रोत व्यक्तिसम्मलाई विभागीय कारवाही गर्न शिक्षा विभागमा पत्राचार गर्ने निर्णय गरी अन्य व्यक्तिहरूलाई कुनै कारवाही नगर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र सोही निर्णयलाई सदर गरेको विशेष अदालत, काठमाडौंको मिति २०७०।३।१९ को फैसला त्रूटिपूर्ण हुदा बदर गरी गैह्रकानूनी कार्य गर्ने विपक्षीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५,१६,१९, नं. तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम हदैसम्मको सजाय गरिपाउँ भनी वादी कर्णबहादुर चन्दको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गणेश दाहालले प्रतिवादीहरूको मिलेमतोमा गैह्रकानूनी कार्य भएको स्वीकार गरी विभागीय कारवाहीको सिफारिस भएको अवस्थामा अन्य सहयोगी व्यक्तिहरूलाई सफाइ दिन मिल्ने होइन । राज्यकोषको दुरूपयोग भएको विषयमा सोबाट पुगेको क्षतिको क्षतिपूर्ति भराउने गरी फैसला हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो । उपर्युक्तबमोजिमको बहस सुनी विशेष अदालत काठमाडौंको फैसला मिले नमिलेको के हो, पुनरावेदकको पुनरावेदन जिकिरअनुसार अ.बं. २०२ नं. अनुरूप विपक्षी झिकाउनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।६।१६ को निर्णयमा श्री भूमिराज सामुदायिक प्राथमिक विद्यालय बैतडीमा अध्ययन नै नगर्ने छात्रा लक्ष्मी लोहारलाई झुट्टा सिफारिस र मार्कसिटसमेत तयार गरी सोही स्कुलको विद्यार्थी हो भनी बुढानीलकण्ठ स्कुलको सरकारी छात्रावृत्तिको कोटाको परीक्षामा सम्मिलित गराएको कार्यमा प्रतिवादीहरू शिक्षिका पुष्पा लोहार र स्रोत व्यक्ति लोकराज जोशीलाई विभागीय कारवाही गर्न सिफारिस गर्ने र अन्य व्यक्तिहरूलाई आरोपित कसुरबाट सफाइ दिने भनी गरिएको निर्णय सदर गरेको विशेष अदालतको मिति २०७०।३।१९ को फैसलाउपर प्रतिवादीहरू क्रमशः पुष्पा लोहार र स्रोत व्यक्ति लोकराज जोशीको यस अदालतमा पुनरावेदन परेको अवस्था नहुँदा सोतर्फ केही विचार गरिरहन परेन।

३. अब कर्णबहादुर चन्दले लिएको पुनरावेदन जिकिरका सन्दर्भमा विचार गर्दा उपर्युक्तानुसारको कसुरमा प्रतिवादीहरूलाई अख्तियार दुरूपयोग

अनुसन्धान आयोगबाट भएको कारवाही मिलेको छ छैन भनी विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) ले गरेको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । उक्त दफामा "सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ११ को उपदफा (१) को म्यादभित्र स्पष्टीकरण पेस नगरेमा वा निजले पेस गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन कसुरको मात्राअनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । ऐ. दफा १२(२) मा उपदफा १ बमोजिम लेखिआएमा सम्बन्धित अख्तियारवालाले उपयुक्त सजाय प्रस्ताव गरी तीन महिनाभित्र प्रचलित कानूनबमोजिम विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्ने छ भन्ने व्यवस्था गरेको देखिन्छ । यसरी कारवाहीको लागि लेखी पठाउने अधिकार उक्त ऐनले आयोगलाई प्रदान गरेको र त्यसरी लेखी पठाएपछि सजायको निर्धारण भने अख्तियारवालाले गर्ने भन्ने उल्लिखित ऐनको प्रावधानबाट देखिन्छ । सोही कानूनी व्यवस्थाको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट स्रोत व्यक्ति लोकराज जोशी र शिक्षिका पुष्पा लोहारलाई विभागीय कारवाही गर्न शिक्षा विभागमा पत्राचार गर्ने निर्णय भएको देखियो । सरकारी छात्रावृत्तिमा छनौट भई आएकी छात्रा लक्ष्मी लोहारको हकमा भने सरकारी छात्रवृत्ति बन्द गरी USA Based संस्था HIO बाट प्राप्त छात्रावृत्तिमा पढाई सुचारू गरिएको भन्ने बुढानीलकण्ठ स्कुलको पत्रबाट समेत देखिँदा त्यसतर्फ केही गरिरहनु परेन भन्ने निर्णय भएको देखिन्छ । यसप्रकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९/६/१६ मा निर्णय भई विभागीय सजायको लागि लेखी पठाएकोसम्म देखिन्छ । सजायको लागि कुनै कानून वा दफा किटान गरेको वा सजाय नै प्रस्ताव गरी लेखी पठाएको अवस्था देखिँदैन । यस्तो अवस्थामा आयोगको काम कारबाही किन र कसरी दूषित हुन गएको हो, सोको कुनै ठोस आधार र तर्कसम्म पनि पुनरावेदकले प्रस्तुत गर्न सकेको देखिँदैन । निर्णय दूषित भएको दाबी लिने पक्षले केवल दाबी लिन मात्र पर्याप्त हुँदैन, सोको पुष्टि हुने प्रमाण पुर्‍याउनु पर्ने दायित्व पनि प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम निजमा नै रहेको मान्नुपर्ने हुन्छ । अत पुनरावेदकले लिएको दूषित निर्णयतर्फको पुनरावेदन जिकिर तथ्ययुक्त र प्रमाणमा आधारित रहेको देखिएन ।

४. छात्रा लक्ष्मी लोहार हाल बुढानीलकण्ठ स्कुलमा अध्ययनरत रहेको भए तापनि निजलाई हाल सरकारी छात्रवृत्ति बन्द गरी US base HLO बाट प्राप्त भएको अर्को छात्रवृत्ति दिई पढाइ सुचारू गरिएको अवस्था छ । यसबाट निज हाल सरकारी छात्रवृत्तिमा नरहेको तथ्य स्पष्ट देखिन्छ । पुनरावेदकले प्रस्तुत वारदातमा संलग्न रहेको भनी जिकिर लिएका प्रधानाध्यापक रामेश्वरी ठगुन्ना तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रकान्त जोशीसमेत मिलेर कसुर गरेको हुँदा सबै प्रतिवादीहरूलाई सजाय गर्नुपर्दछ भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा यी व्यक्तिहरूको के कुन कार्यबाट कसुर हुन गएको हो ? गलत विद्यार्थीको सिफारिस भएको भन्ने प्रस्तुत वारदातमा निजहरूको के भूमिका रहेको छ भनी पुनरावेदकले स्पष्ट गर्न सकेको देखिँदैन । अतः प्रधानाध्यापक रामेश्वरी ठगुन्ना तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रकान्त जोशीउपरको दाबी प्रमाणित हुन सक्ने अवस्था नहुँदा निजहरूलाई सफाइ दिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयलाई सदर गरेको विशेष अदालतको फैसलामा अन्यथा भएको देखिएन ।

५. प्रस्तुत मुद्दामा पुनरावेदक कर्णबहादुर चन्दको कानूनी स्थितिलाई विशेष अदालतबाट निर्णयाधार बनाएको देखिन्छ । तसर्थ पुनरावेदकीय अधिकारको विषयमा विवेचना गर्नुपर्ने देखिन आयो ।

पुनरावेदकीय अधिकार वस्तुतः मुद्दाको पक्ष विपक्षमा नै निहित रहेको हुन्छ । मुद्दाको पक्ष नै नभएको व्यक्तिले पुनरावेदन गर्ने हक कानूनले विशेष व्यवस्था गरेमा बाहेक प्राप्त गर्दैन । यहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुरूप निर्णय गरेको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय विरूद्धमा पुनरावेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग को आधार देखाई पुनरावेदन गरेको अवस्था छ । सो दफा ३५ग मा भएको व्यवस्था हेर्दा "आयोगले यस ऐनअन्तर्गत कारवाही गरी कसैलाई जरिवाना वा कुनै रकम असुलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा भएको निर्णयले पुनरावेदक कर्णबहादुर चन्दलाई कुनै जरिवाना भएको वा निजबाट कुनै रकम असुल गर्ने वा अन्य कुनै आदेशले निजलाई असर गरेको देखिँदैन । विशेष अदालतले उक्त दफा ३५ग अनुरूप पुनरावेदन हेर्दा सो दफाले सीमित गरेको हदसम्ममा रहनु पर्ने हुन्छ । पक्षले पुनरावेदन गर्ने हक कानूनबाट नै पाउने हुन्छ र कानूनले तोकेको हदसम्म मात्र हेर्न पाउने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबाट असर पर्ने व्यक्तिले मात्र विशेष अदालतसमक्ष सोही ऐनको दफा ३५ग बमोजिम पुनरावेदन गर्न सक्ने देखिन्छ । पुनरावेदकीय अधिकारको प्रयोग मुद्दाका पक्षले पुनरावेदन गर्न प्राप्त गर्ने हुन्छ । तर यी पुनरावेदक मुद्दाको कुनै पक्ष रहेको र निजलाई प्रतिकूल पर्ने कुनै आदेश भएको पनि देखिँदैन । व्यक्तिगत तवरबाट निजको पुनरावेदन गर्न पाउने हक रहेको देखिएन । पुनरावेदकको कुनै व्यावसायिक वा निजसँग सान्दर्भिक विषयगत वा सामूहिक सरोकारको विषयमा प्रतिकूल असर परेको भनी ठोस पुनरावेदन जिकिर लिन सकेको पनि छैन । यस्तो अवस्थामा पुनरावेदकको आफ्नो मुद्दा गर्नुपर्ने हक स्थापित गराउन सकेको छ भनी मान्न मिलेन । हकदैयामा नै प्रश्न उठेको अवस्थामा यस अदालतमा निजको पुनरावेदन जिकिरउपर सुनुवाइ गर्न औचित्यपूर्ण रहेकोसमेत देखिन आएन । पुनरावेदकको विषयगत र व्यक्तिगत दुवै तवरबाट पुनरावेदन गर्ने अख्तियार नभएको आधारबाट खारेज हुने स्थितिमा विशेष अदालतबाट पुनरावेदन जिकिर पुग्न नसक्ने भनी फैसला गरे पनि विवादको निक्यौंलमा परिणामतः कुनै प्रतिकूल प्रभाव नपर्ने हुँदा छलफलको निमित्त अ.बं. २०२ नं. अनुरूप विपक्षी झिकाई राख्नु पर्ने देखिन आएन ।

६. प्रतिवादीहरू शिक्षिका पुष्पा लोहार र स्रोत व्यक्ति लोकराज जोशी सरकारी कर्मचारी रहेभएको कुरामा कुनै विवाद छैन । तसर्थ यस्तो सार्वजनिक पदमा वहाल रहेका व्यक्तिहरूले गरेको अनुचित कार्यका सम्बन्धमा आफूसमक्ष परेको उजुरीउपर छानबिन गरी दोषी देखिए कसुरको मात्राबमोजिम सजायको मागदाबी लिने वा त्यस्तो कार्यउपर कानूनमा व्यवस्था भएबमोजिम विभागीय सजायको लागि लेखी पठाउने कानूनी अधिकार र दायित्व अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहेभएकै देखिन्छ । अतः निजहरूलाई विभागीय कारवाही गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय र सो निर्णयलाई विशेष अदालत काठमाडौंबाट बदर वा उल्टी नहुने गरी मिति २०७०/३/१९ मा भएको फैसलालाई अन्यथा भन्न सक्ने देखिएन ।

७. अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९/६/१६ को निर्णय र सोही निर्णय सदर गरेको विशेष अदालत, काठमाडौंको फैसलाले पुनरावेदकको नेपाल कानूनद्वारा प्रदत्त कुनै हक अधिकारमा आघात परेको अवस्था विद्यमान नदेखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९/६/१६ को निर्णय अन्यथा नगरेको

विशेष अदालत, काठमाडौंको मिति २०७०/३/१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमति छ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : शा.अ.तीर्थराज भट्टराई
इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम

निर्णय नं. ९६७०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।०९।०८

०६९-WO-१२२७

मुद्दा : उत्प्रेषण

निवेदक : प्युठान जिल्ला बिजुवार गा.वि.स. वडा नं.७ घर भई हाल सार्वजनिक सरोकार वकालत केन्द्रका अध्यक्ष अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

- **कुनै पत्रिकामा प्रकाशित सामग्रीले कसैको मान प्रतिष्ठा र ख्यातिमा आँच आएमा सोको उचित क्षतिपूर्ति तिर्नु बुझाउनु पर्ने नै हुन्छ। पत्रपत्रिका अति संवेदनशील व्यवसाय हो। यसले जनताको सुसूचित हुने अधिकारलाई सुनिश्चित गर्दछ। जनताको यो अधिकार कुण्ठित नहोस् भन्ने अभिप्रायबाट व्यवसायलाई संविधान र कानूनले सजगताका साथ सुरक्षित गरेको छ। तर यो अधिकारको प्रयोग गर्दा अनावश्यक तवरबाट आफ्नो व्यक्तिगत फाइदाको लागि वा बदला लिन आत्मसन्तुष्टिको लागि कसैको मान मर्दन गर्न नहुने।**
- **प्रकाशनको स्वतन्त्रताको आडमा कुनैपनि पत्रकार स्वच्छन्द हुन सक्दैन। यस्तो गैह्र जिम्मेवारी क्रियाकलाप हुन गएमा त्यो प्रकाशनले पुर्‍याएको क्षतिको न्यायोचित आँकलन गरी क्षतिपूर्ति भराउन अदालत सक्षम रहेको छ। कसुर गर्नेले सजायबाट उन्मुक्ति पाउन सक्दैन। तर विपक्षी प्रेस काउन्सिल नेपालले निवेदकको मानमर्दन वा बेइज्जती गरेको नदेखिई निवेदकसँग बदला लिन कुनै पत्रिकालाई हतियारको रूपमा लिइयो कि भन्नेसम्मको विचार उक्त सम्प्रेषणबाट गरी जनतालाई सुसूचित गरेको देखिएको अवस्था छ। प्रेस काउन्सिलको प्रकाशनबाट निवेदकको बेइज्जती नभएको हुँदा प्रेस काउन्सिलले क्षतिपूर्ति बेहोर्नु पर्ने भन्ने निवेदक दाबीसँग सहमत हुन नसकिने।**

(प्रकरण नं. ७)

- **निवेदकले आफ्नो प्रतिष्ठामा आँच आएको र क्षतिपूर्तिमा आएको भन्ने निवेदन दाबी**

छ । अदालतको साधारण अधिकारक्षेत्रको प्रयोग नगरी असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिन्छ । प्रतिष्ठमा आँच आउने र क्षतिपूर्ति जस्ता विवादहरू प्रचलित कानूनबमोजिम अदालतको साधारण क्षेत्राधिकारबाट नालिस लिई प्रवेश गर्नुपर्ने ।

- **अदालतको असाधारण क्षेत्राधिकारको माध्यमबाट उपचार खोजेको हुँदा निवेदकको प्रतिष्ठामा आँच आयो आएन, क्षतिपूर्ति कति हुनु पर्ने हो आदि सबुत प्रमाणको मूल्याङ्कन हुन सक्ने अवस्था रहेन । तसर्थ निवेदकको मागबमोजिम रिट जारी हुन सक्ने अवस्था नरहने ।**

(प्रकरण नं. ८)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता रमण श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना, विद्वान् अधिवक्ता सोमनाथ सुवेदी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. बैद्यनाथ उपाध्याय : नेपाल अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त विवरण यस प्रकार रहेको छः-

हामी निवेदकहरू मध्ये म अधिवक्ता श्रीकृष्ण सुवेदी मानव अधिकार समानता र सीमान्तकृत क्षेत्र र वर्गका नागरिकहरूको हक अधिकार संरक्षणका विषयमा वकालत गर्दै आएको कानून व्यवसायी हुँ । हामी निवेदक पत्रकार रोशन पुरी र गोविन्द देवकोटा विगत १० वर्ष अघिदेखि पत्रकारिता पेसामा रही समाजका विकृति विसङ्गति विरूद्ध कलम चलाई अधिकार प्राप्तिका लागि सचेतना अभिवृद्धि गर्ने कार्यमा संलग्न रही आएका छौं ।

यस्तैमा विपक्षी प्रेस काउन्सिल नेपालबाट प्रकाशित हुने त्रैमासिक बुलेटिन "संहिता" को अङ्क १६ मा म निवेदक गोविन्द देवकोटा तथा अङ्क १७ मा म निवेदक रोशन पुरीको व्यक्तिगत इज्जत, प्रतिष्ठा, मर्यादा, पारिवारिक एवं व्यावसायिक जीवनमा प्रत्यक्ष असर पर्ने र म निवेदक गोविन्द देवकोटाको हकमा वीरगञ्जबाट प्रकाशित हुने "देशको अस्तित्व" नामक पत्रिकाले कपोलकल्पित सूचना प्रकाशित गरी मेरो व्यक्तिगत प्रतिष्ठामा आँच आउने कार्य गरेकाले सो कार्यका विरूद्ध प्रेस काउन्सिल ऐन तथा पत्रकार आचार संहिता, २०६० बमोजिम उपचारका लागि निवेदन दिएकोमा उक्त पत्रिकालाई कानूनबमोजिम कारवाही हुनुपर्नेमा उल्टै मेरो विरूद्ध प्रकाशित सूचनालाई प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन "संहिता" को १६ औँ अङ्कमा सूचना जारी गरियो । म निवेदक रोशन पुरीको हकमा प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन "संहिता" को अङ्क १७ को पृष्ठ २१ देखि २३ सम्म "दाई जय नेपाल ! कमरेड अभिवादन" शीर्षकको सामग्रीमा "राजनीतिक आस्था राख्ने मानिस हुँदैन भन्ने कुरालाई सिद्धान्तत: स्वीकार गर्न सकिँदैन । तर, राजनीति प्रति आस्था हुनु र राजनीतिक दलमा नै आबद्ध हुनु चाहिँ फरक कुरा हुन्छ । समाचारलाई प्रभावित पार्न कै लागि सम्बन्धित विटमा काम गर्ने पत्रकारहरूसँग नियमित भेटघाट गर्ने कुरा त सबै दलले बेला बेलामा गरिरहेकै हुन्छन्, त्यसबाट अझ एक कदम अघि बढेर एमाओवादी उपाध्यक्ष बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेलामा आफू निकट गंगा वि.सी., रेवती सापकोटा, नेत्र पन्थी, रोशन पुरीलगायतलाई मलेसिया र सिंगापुर घुम्न पठाएको कुरा यहाँनिर स्मरणीय हुन आउँछ" भनी मेरा विरूद्ध भ्रामक एवं मेरो प्रतिष्ठामा आँच आउने

गरी सामग्री प्रकाशित भएको कार्यबाट निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ द्वारा प्रदत्त स्वतन्त्रताको हक, धारा १३ द्वारा प्रदत्त समानताको हक, धारा २६ द्वारा प्रत्याभूत मौलिक हकको उल्लङ्घन हुनको साथै विपक्षीहरूको उक्त कार्यबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नेपाल पक्ष भएको यातना र अन्य निर्दयी, अमानवीय तथा अपमानजनक व्यवहार तथा सजाय विरूद्धको महासन्धि, १९८४, प्रेस काउन्सिल ऐन, २०४८ तथा पत्रकार आचार संहिता, २०६० समेतको प्रतिकूल एवं व्यावसायिक छवीमा प्रत्यक्ष असर पारी उल्लिखित अधिकार उपयोग गर्न वञ्चित भएका छौं।

कानूनविपरीतका उपर्युक्तानुसारका काम कार्यवाहीको अनुगमन, नियन्त्रण र निर्देशन गर्ने निकायहरूबाट नै नागरिकको मान मर्दन र व्यक्तिगत प्रतिष्ठामा आँच आउने कार्य भएको र सञ्चार माध्यमबाट कुनै पनि नागरिकको मान मर्दन वा व्यक्तिगत प्रतिष्ठामा आँच आउने कार्य भएमा तत्काल उपचार पाउने कानूनी व्यवस्था नभएको र भएको कानूनी व्यवस्थासमेत अपर्याप्त र प्रभावहीन भएकोले पीडितलाई भरपूर क्षतिपूर्ति दिलाई भराउने एवं कानूनविपरीत कार्य गर्ने सञ्चार माध्यमलाई दण्डित गर्ने कानून निर्माणलगायत आवश्यक कदम चाल्न विपक्षीका नाममा परमादेशलगायत आवश्यक आज्ञा आदेश जारी गरिपाऊँ। साथै विपक्षीहरूको कार्यबाट हामी निवेदक रोशन पुरी र गोविन्द देवकोटाको मान प्रतिष्ठामा आँच आउने गरी विपक्षी नं. ३ द्वारा गरिएका कार्यको क्षतिपूर्ति स्वरूप जनही रू. १०,००,०००/- विपक्षीहरूबाट दिलाई भराई पाऊँ भन्ने व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै कारण भए आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ३ का हकमा आफैँ वा कानूनबमोजिमको प्रतिनिधि वा कानून व्यवसायीमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

साथै अन्तरिम आदेशको मागको सम्बन्धमा विचार गर्दा विपक्षी प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन पुस २०६९ को "संहिता" मा निवेदकको विषयमा प्रकाशित सूचनाबाट निवेदकको मान मर्दन भई इज्जत प्रतिष्ठामा आघात पुग्न गएको भन्ने दाबी जिकिर रहेको देखिएकोले निवेदकलगायत कसैको व्यक्तिगत चरित्र, व्यवहार तथा मान प्रतिष्ठामा आघात पुग्ने किसिमका समाचार बुलेटिन प्रकाशित नगर्नू, नगराउनू भनी विपक्षी नं. ३ को हकमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको मिति २०७०।२।८ मा यस अदालतबाट भएको आदेश।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारको लिखित जवाफ परेको मिसिलबाट नदेखिएको तर, महान्यायाधिवक्ताको कार्यालयबाट खटी आउनु भएका विद्वान् उपन्यायाधिवक्ताले लिखित जवाफ परेको छ भनी भन्नु भएकोले सो लिखित जवाफ यस अदालतमा बुझाएको निस्सा र लिखित जवाफको प्रतिलिपिसमेत महान्यायाधिवक्ताको कार्यालयबाट झिकाउने। निवेदन प्रकरण (२) मा प्रेस काउन्सिलमा निवेदकले निवेदन दिएको भनी जिकिर लिएको देखिँदा उक्त निवेदन प्रेस काउन्सिलमा दिएको भए सो निवेदनसहितको सक्कल मिसिल अदालतसमक्ष देखाई फिर्ता लाने गरी झिकाउने र निवेदन नपरेको भए सोही व्यहोराको जवाफ प्रेस काउन्सिलबाट झिकाउन प्रेस काउन्सिललाई लेखी पठाउने भन्ने यस अदालतको मिति २०७०।१२।१९

को आदेश।

प्रेस काउन्सिल नेपालको त्रैमासिक बुलेटिन "संहिता" को अङ्क १६ तथा १७ मा प्रकाशित सामग्रीका बारेमा प्रेस काउन्सिल नेपाललाई आरोप लगाए तापनि आरोपको विषयमा विपक्षी रिट निवेदकहरूले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ तथा पत्रकार आचार संहिता, २०६० (संशोधित तथा परिमार्जित, २०६४) को दफा ५ बमोजिमको अनिवार्यरूपमा पूरा गर्नुपर्ने कार्यविधिसमेत पूरा गर्नु भएको छैन। कुनै पनि पत्रिकाले कसैको चरित्र हत्या गर्ने गरी वा कुनै पनि प्रकारको हानि नोक्सानी पुग्ने गरी लेख वा समाचार प्रकाशित गरेमा सम्बन्धित पत्रिकाको सम्पादकको नाममा सो लेख समाचारबारे खण्डन छाप्नका लागि अनिवार्यरूपमा लिखित अनुरोध गर्नुपर्नेमा सो प्रक्रिया अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको छ।

"देशको अस्तित्व" दैनिक पत्रिकाले प्रकाशित गरेको विपक्षीमध्येका गोविन्द देवकोटासँग सम्बन्धित सूचनालाई प्रेस काउन्सिल नेपालको त्रैमासिक बुलेटिन "संहिता" को अङ्क १६ को अन्तिम कभर पेजमा समाचारको रूपमा प्रकाशित गरेको नभई "अखबार कि बदला लिने हतियार?" भन्ने व्यहोरासमेत उल्लेख गरी प्रश्न चिह्नसमेत राखी त्यस्तो सामग्री प्रकाशन गर्न नहुने भावसहितको सामग्री राखेर विपक्षी रिट निवेदकलाई नै समर्थित हुने किसिमको व्यहोरा प्रकाशित गरिएकोमा निज विपक्षीहरूले उल्टो अर्थ निकाली प्रेस काउन्सिल, नेपाल माथि अनावश्यक लाञ्छना लगाउन खोज्नुभएको मात्र हो। विपक्षी रिट निवेदकहरूले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ तथा पत्रकार आचार संहिता, २०६० (संशोधित तथा परिमार्जित, २०६४) को दफा ५ र अन्य प्रचलित कानूनले निर्दिष्ट गरेको प्रक्रियाहरू अवलम्बन नगरी अदालतको असाधारण अधिकारक्षेत्रको बाटो प्रयोग गर्ने अधिकार कानूनतः विपक्षीलाई नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रेस काउन्सिल नेपाल, सञ्चार ग्राम, काठमाडौंको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

प्रेस काउन्सिल, प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम गठित एक स्वतन्त्र र स्वायत्त संस्था भएको कारण सो संस्थाबाट प्रकाशन हुने बुलेटिनमा प्रकाशन भएको कुनै सामग्रीलाई लिएर यस मन्त्रालयलाई समेत विपक्षी बनाउनु स्वयम्मा त्रुटिपूर्ण छ। कुनै पत्रकारले आफ्नो व्यावसायिक आचार संहिता उल्लङ्घन गरी कुनै सामग्री प्रकाशन गरेका विषयमा कानूनी प्रश्न उठाउँदा प्रचलित नेपाल कानूनबमोजिम उठाउनु पर्दछ। यस सम्बन्धमा आकर्षण हुने कानून प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ हो जसले काउन्सिलमा उजुरी दिन सकिने उपचारको मार्ग प्रशस्त गरेको छ। कानूनी उपचारको बाटो छाडी रिट क्षेत्राधिकारभित्रबाट उपचार खोजिएबाट रिट निवेदक सफा हातले अदालत प्रवेश गरेको देखिँदैन। साथै प्रचलित नेपाल कानूनमा यस्तो विषयमा क्षतिपूर्तिको कुनै व्यवस्था नभएको, यो मूलुकको विधायिकी नीति निर्माणको प्रश्न हुँदा अदालतको आदेशबाट क्षतिपूर्ति दिलाई पाउँ भनी माग गर्न मिल्दैन। रिट निवेदन खारेज गरिपाउँ भन्ने सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रमण श्रेष्ठले सञ्चार माध्यमबाट कुनै पनि नागरिकको मान मर्दन वा व्यक्तिगत प्रतिष्ठामा आँच आउने कार्य गर्नु हुँदैन। पत्रकारहरूको गैरकानूनी कार्य भएमा त्यसलाई कार्यवाही गर्ने सरकारी नियामक निकायको रूपमा रहेको प्रेस काउन्सिल नेपालबाट नै प्रकाशित भएको त्रैमासिक पत्रिका "संहिता" मा निवेदक गोविन्द देवकोटाको मान मर्दन हुने गरी समाचार प्रकाशित गर्नु कानूनको ठाडो उल्लङ्घन हो। जनतालाई सुसूचित गराउने पत्रिकाको आवरण पृष्ठमा फोटोसहित

समाचार छापिएको छ । कुनै पत्रकारका विरूद्ध उजुरी परेको भए त्यसको छानबिन हुनुपर्दछ तर, त्यो गोप्य हुनुपर्दछ । विज्ञापन गरे जस्तो गरी फोटोसहित समाचारको रूपमा प्रकाशन गरी मानमर्दन गर्न पाइँदैन । यस्तो कार्यलाई निरूत्साहित गर्न उपयुक्त आदेश जारी होस् । साथै सरकारी निकायबाट प्रकाशन हुने पत्रिकाले निवेदकहरूको मानमर्दन हुने सामग्री प्रकाशन भएको हुँदा अदालतबाट मुनासिब क्षतिपूर्तिसमेत भराई दिने गरी आदेश गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

त्यसैगरी प्रेस काउन्सिल नेपालका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सोमनाथ सुवेदीले "संहिता" भन्ने प्रेस काउन्सिलको त्रैमासिक पत्रिका हो । वीरगञ्जबाट प्रकाशित हुने देशको अस्तित्व नामक पत्रिकाले निवेदक गोविन्द देवकोटाको विषयमा प्रकाशित समाचारलाई साभार गरी अखबार कि बदला लिने हतियार भनी सामग्री प्रकाशित गरिएको छ । यसबाट निवेदकलाई नै समर्थन गर्ने गरी प्रकाशित समाचारले मान मर्दन हुन सक्दैन । निवेदकको निवेदनको आधारमा "देशको अस्तित्व" नामक दैनिक पत्रिका विरूद्ध गरिएको कार्यवाही हाल कारवाहीयुक्त अवस्थामा रहेको छ । त्यसैले, निवेदकलाई अवहेलना गाली बेइज्जती गर्ने उद्देश्यले सामग्री प्रकाशन गरिएको होइन भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिनाले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ बमोजिम कानूनी उपचारको बाटो रहिरहेको अवस्थामा रिट क्षेत्राधिकार आकर्षित हुने होइन । क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा कुनै कानूनी व्यवस्था नहुँदा अदालतको आदेशबाट क्षतिपूर्ति दिलाई माग्नसमेत नमिल्ने हुँदा रिट निवेदन खारेज भागी छ भनी गर्नुभएको बहस सुनियो ।

रिट निवेदनको पक्ष विपक्षबाट प्रस्तुत भएको बहस जिकिर सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा यसमा विपक्षी प्रेस काउन्सिलको कार्यबाट निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त हक अधिकारमा आघात परेको छ, छैन ? निवेदन मागबमोजिम परमादेशलगायतको आदेश जारी भई निवेदकलाई क्षतिपूर्तिसमेत भराउनु पर्ने हो, होइन ? सोहीसम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रेस काउन्सिल पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्द्धनको लागि स्थापना भएको भन्ने प्रेस काउन्सिल ऐन, २०४८ को प्रस्तावनाबाट देखिन्छ । उक्त ऐनको दफा ५ मा काउन्सिलका उद्देश्यहरू उल्लेख गरिएका छन् जसमा स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्ने, प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचार संहिता तोक्ने, प्रेस र नेपाल सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने, सावर्जनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने भन्ने रहेको देखियो । उपर्युक्त उद्देश्य प्राप्त गर्नको लागि ऐनको दफा ६ मा प्रेस काउन्सिलको गठन र दफा ७ मा काउन्सिलको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको पाइन्छ ।

३. प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ ले उजुरीसम्बन्धी व्यवस्था गरेको पाइन्छ । जसमा -

(१) कुनै पत्रकारले आफ्नो व्यावसायिक आचार संहिता उल्लङ्घन गरेमा कुनै पनि व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजुरी परेमा काउन्सिलले आवश्यक जाँचबुझ गरी देहायबमोजिम गर्न गराउन सक्नेछः–

(क) मर्का पर्ने पक्षको भनाइ सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने,

(ख) मर्का पर्ने पक्षसँग क्षमा याचना गर्न लगाई निजको कुरा सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने,

(ग) मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, र

(घ) पटक पटक व्यावसायिक आचार संहिता उल्लङ्घन गर्ने पत्रकारलाई निजले नेपाल सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधि भरको लागि आंशिक वा पूरै रोक लगाउन नेपाल सरकारमा सिफारिस गर्ने।

(३) उपदफा (२) बमोजिमको काउन्सिलको निर्णय पालन नगर्ने पत्रकारउपर काउन्सिलले खेद प्रकट गरी सो कुरा सार्वजनिकरूपमा प्रकाशित गर्न लगाउन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित पत्रकारलाई आफ्नो स्पष्टीकरण पेस गर्न मौका दिनेछ भन्ने व्यवस्था गरेको पाइयो।

४. यसरी हेर्दा समग्र पत्रकारिता क्षेत्रको नियामक निकायको रूपमा प्रेस काउन्सिलको स्थापना भएको र यसका काम कर्तव्यहरूको व्यवस्था गरी उजुरी सुन्ने निकायको समेत व्यवस्था गरेको तथ्यमा दुईमत छैन।

५. अब प्रस्तुत रिट निवेदनका सन्दर्भमा नेपाल प्रेस काउन्सिलबाट प्रकाशित हुने त्रैमासिक बुलेटिन "संहिता" को अंक १६ मा निवेदक गोविन्द देवकोटाका सम्बन्धमा वीरगञ्जबाट प्रकाशित हुने "देशको अस्तित्व" नामक पत्रिकाले कपोकल्पिक सूचना प्रकाशित गरी आफ्नो व्यक्तिगत प्रतिष्ठामा आँच आउने कार्य गरेकोसम्बन्धमा कारवाहीको लागि प्रेस काउन्सिल नेपालमा उक्त पत्रिकाको प्रतिलिपिसहित निवेदन दिएको अवस्था छ। उक्त पत्रिकाउपर कारवाही गरिएन भन्ने निवेदकको भनाइ छ । निज विरूद्ध प्रकाशित भएको भनिएको सामग्रीलाई साभार गरी "संहिता" को अंक १६ को अन्तिम पृष्ठमा "अखबार कि बदला लिने हतियार" भनी समाचार प्रकाशित गरेको देखियो। त्यसैगरी रिट निवेदक रोशन पुरीका हकमा प्रेस काउन्सिल नेपालको त्रैमाशिक प्रकाशन संहिता को अंक १७ मा दाई जयनेपाल कमरेड अभिवादन शीर्षकको सामग्रीमा आफू विरूद्ध भ्रामक एवं व्यक्तिगत मान प्रतिष्ठामा आँच आउने सामग्री प्रकाशित भएको र सो समाचारबाट निवेदकहरूको व्यक्तिगत मान प्रतिष्ठामा आघात पुर्‍याएको सम्बन्धमा निवेदकले आपत्ति जनाई प्रेस काउन्सिलसमक्ष उजुरी गरेको पाइयो । आफ्नो चरित्र हत्या गर्ने गरी वा हानि नोक्सानी पुग्ने गरी लेख रचना वा समाचार प्रकाशित गरियो भनी सम्बन्धित पत्रिकाको सम्पादकको नाममा सो लेख समाचारबारे खण्डन छाप्नका लागि लिखित अनुरोध गरेको देखिँदैन । उक्त सामग्री समाचारको रूपमा प्रकाशन गरिएको र यस्ता सामग्री प्रकाशन गर्न नहुने भावसहितको सामग्री राखी निवेदकलाई नै समर्थन हुनेगरी समाचार प्रकाशन गरिएको हो भन्ने प्रेस काउन्सिलको लिखित जवाफ रहेको छ। प्रेस काउन्सिलबाट प्रकाशित हुने पत्रिका "संहिता" मा निवेदकका सम्बन्धमा भएको प्रकाशनबाट निवेदकहरूको मान मर्दन भएको छ छैन भनी विचार गर्नुपर्ने देखियो । निवेदकहरू विरूद्धको छापा देखाई "अखबार कि बदला लिने हतियार" भनी सम्प्रेषण गरेका कुराले निवेदक विरूद्ध छापिएका कुराहरू त्यो छाप्ने अखबारवालाले पत्रकारिता गरेको हो कि निवेदकहरूसँग बदला लिन अखबारलाई हतियार बनाएको हो भन्ने पश्न उठाएको देखियो ।

कसैले पनि आफ्नो अखबारको जरियाबाट कसैसँग बदला लिने दुराशयबाट ग्रसित भई प्रकाशन गर्नु हुँदैन । अखबार जनतालाई सही सूचना प्रवाह गर्ने पवित्र माध्यम हो। व्यक्ति विषेशले कसैप्रति पूर्वाग्रही भई बदला लिने नियतले हतियारको रूपमा अखबारलाई प्रयोग गरी समाचार सम्प्रेषण गरेमा यसको पवित्रता र गरिमामा आँच आउँछ । त्यसैले अखबारका विषयमा आधिकारिक नियामक निकाय प्रेस कारउन्सील भएको नाताले देशभरका पत्रपत्रिकामा आएका गैह्र समाचार तथा आचार संहिता उल्लङ्घन भएको सम्बन्धमा चासो लिई त्यस्तो कार्यका विरूद्ध सचेत गराउने सकारात्मक मनसायबाट प्रकाशित सामग्रीलाई अन्यथा भएको वा निवेदकको कुनै संवैधानिक तथा कानूनी हक हनन् भएको भन्न मिल्ने देखिन आएन ।

६. पुनश्चः प्रकाशित भएका सामग्रीहरू कसरी यी निवेदकहरूका विरूद्ध हुन गएका हुन ? सोको कुनै पुष्ट्याइँ निवेदनमा हुन सकेको देखिँदैन । उक्त समाचारका विरूद्धमा निवेदकले दिएको निवेदनमा कुनै निर्णय भइसकेको अवस्था पनि नभई कारवाहीको प्रक्रियामा नै रहेको भन्ने रिट निवेदन संलग्न फायलबाट देखिन्छ । यसरी तोकिएको कार्यविधि र प्रक्रियाबमोजिम कारवाहीको लागि दिइएको निवेदनमा छानबिन भइरहेको अवस्था संलग्न प्रमाण मिसिलसमेतबाट देखिरहेकोमा सोलाई प्रभावित गर्ने गरी रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्ने पनि होइन ।

७. रिट निवेदकहरूले क्षतिपूर्तिसमेतको दाबी लिएकोतर्फ विचार गर्दा कुनै पत्रिकामा प्रकाशित सामग्रीले कसैको मान प्रतिष्ठा र ख्यातिमा आँच आएमा सोको उचित क्षतिपूर्ति तिर्नु बुझाउनु पर्ने नै हुन्छ । पत्रपत्रिका अति संवेदनशील व्यवसाय हो । यसले जनताको सुसूचित हुने अधिकारलाई सुनिश्चित गर्दछ । जनताको यो अधिकार कुण्ठित नहोस् भन्ने अभिप्रायबाट व्यवसायलाई संविधान र कानूनले सजगताका साथ सुरक्षित गरेको छ। तर यो अधिकारको प्रयोग गर्दा अनावश्यक तवरबाट आफ्नो व्यक्तिगत फाइदाको लागि वा बदला लिन आत्मसन्तुष्टिको लागि कसैको मान मर्दन गर्नु हुँदैन। प्रकाशनको स्वतन्त्रताको आडमा कुनैपनि पत्रकार स्वच्छन्द हुन सक्दैन। यस्तो गैह्र जिम्मेवारी क्रियाकलाप हुन गएमा त्यो प्रकाशनले पुर्‍याएको क्षतिको न्यायोचित आँकलन गरी क्षतिपूर्ति भराउन अदालत सक्षम रहेको छ । कसुर गर्नेले सजायबाट उन्मुक्ति पाउन सक्दैन । तर विपक्षी प्रेस काउन्सिल नेपालले निवेदकको मानमर्दन वा बेइज्जति गरेको नदेखिई निवेदकसँग बदला लिन कुनै पत्रिकालाई हतियारको रूपमा लिइयो कि भन्नेसम्मको विचार उक्त सम्प्रेषणबाट गरी जनतालाई सुसूचित गरेको देखिएको अवस्था छ। प्रेस काउन्सिलको प्रकाशनबाट निवेदकको बेइज्जती नभएको हुँदा प्रेस काउन्सिलले क्षतिपूर्ति बेहोर्नु पर्ने भन्ने निवेदक दाबीसँग सहमत हुन सकिएन।

८. पुनश्चः निवेदकले आफ्नो प्रतिष्ठामा आँच आएको र क्षतिपूर्तिमा आएको भन्ने निवेदन दाबी छ। अदालतको साधारण अधिकारक्षेत्रको प्रयोग नगरी असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिन्छ । प्रतिष्ठमा आँच आउने र क्षतिपूर्ति जस्ता विवादहरू प्रचलित कानूनबमोजिम अदालतको साधारण क्षेत्राधिकारबाट नालिस लिई प्रवेश गर्नुपर्ने हुन्छ । अदालतको असाधारण क्षेत्राधिकारको माध्यमबाट उपचार खोजेको हुँदा निवेदकको प्रतिष्ठामा आँच आयो आएन, क्षतिपूर्ति कति हुनुपर्ने हो आदि सबुत प्रमाणको मूल्याङ्कन हुन सक्ने अवस्था रहेन। तसर्थ निवेदकको मागबमोजिम रिट जारी हुन सक्ने अवस्था रहेन।

९. अतः कानूनबमोजिम स्थापित निकायमा परेको उजुरी वा निवेदनका सम्बन्धमा कारवाहीयुक्त रहेको र विपक्षीहरूको काम कारवाहीबाट आफ्नो कुन हकको हनन् हुन गएको हो सोको स्पष्ट दाबी लिनसमेत नसकेको र प्रेस काउन्सिलको प्रकाशनबाट निवेदकको

बेइज्जती भएकोसमेत नदेखिएको स्थितिमा रिट जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : तीर्थराज भट्टराई
इति संवत् २०७२ साल पुस ८ गते रोज ४ शुभम् ।

निर्णय नं. ९६७१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७२।१२।२२
०७२-WO-०४४६

मुद्दा: परमादेश

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० स्थित स्काई अफ द वल्ड म्यान पावर प्रा.लि. को अधिकार प्राप्त भई आफ्नो हकमा समेत खोटाङ जिल्ला दिक्तेल गाउँविकास समिति वडा नं.९ घर भई हाल ललितपुर उपमहानगरपालिका वडा नं. १ बस्ने कुमार पुरी

विरूद्ध

विपक्षी : वैदेशिक रोजगार विभाग, काठमाडौं महानगरपालिका वडा नं. ३४ बुद्धनगरसमेत

- **वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नका लागि अनुमति दिनबाट रोक लगाउने व्यवस्था रहे भएको देखिँदैन । कुनै कानूनले कुनै पेसा वा व्यवसाय सञ्चालन गर्नमा कुनै किसिमको रोक वा प्रतिबन्ध नलगाएको स्थितिमा बिना कानूनी आधार कार्यकारी आदेश वा निर्णयका आधारमा मात्र नागरिकलाई संविधान र कानूनले प्रदान गरेको पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने हकमा रोक लगाउन नमिल्ने ।**
- **अनुमति राज्यका साधिकार निकायले विधिवत्रूपमा कम्पनी दर्ता गर्न अनुमति दिई धरौटी तथा बैंक ग्यारेन्टीसमेत माग गरेको र सबै प्रक्रिया पूरा गरिसकेपछि उपयुक्त निर्णय नगर्नुलाई कानूनी शासन अनुकूल मान्न नसकिने ।**
- **वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(६) मा " उपदफा (२) बमोजिम निवेदन जाँचबुझ गर्दा इजाजत पत्र दिन नमिल्ने भएमा विभागले कारणसहितको जानकारी इजाजत पत्र दिन नमिल्ने निर्णय भएको सात दिनभित्र निवेदकलाई दिनुपर्नेछ " भन्ने पाइन्छ । सोबमोजिम निर्णय वा जानकारी भएको भन्ने पनि विपक्षीको लिखित जवाफ देखिँदैन । राज्यको वैदेशिक रोजगार विभाग तथा अन्य विभागहरू कानूनले तोकेबमोजिम आ-आफ्नो क्षेत्रका विशिष्ट काम गर्ने निकायहरू भएकोले सो निकाय एवं सोको पदाधिकारीले आफ्नो क्षेत्र तथा कर्तव्यमा जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्नुपर्छ । वैदेशिक रोजगार विभागलाई "वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत**

पत्र प्रदान, नवीकरण, कारवाही तथा संस्था खारेज गर्ने" लगायतका जो जे कार्यहरू गर्न अधिकार प्राप्त छ उक्त कार्यहरू संविधान र कानूनबमोजिम सम्पादन गरी कानूनबमोजिम पेसा व्यवसाय सञ्चालन गर्न खोजेको अवस्थामा सहजीकरण गर्नुको सट्टा अवरोध सिर्जना हुदा कानूनी शासन र जनआस्थामा असर पुग्न जाने र अस्वस्थ प्रतिस्पर्धालाई बढवा जाने अवस्थासमेत सिर्जना हुन जाने ।

(प्रकरण नं.४)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- वैदेशिक रोजगार ऐन, २०६४
- नेपालको संविधान, २०७२

आदेश

न्या. गोपाल पराजुली : नेपालको संविधान, २०७२ को धारा ४६ एवं धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्नानुसार छः-

निवेदक विगत लामो समयदेखि वैदेशिक रोजगारको व्यवसायमा संलग्न रही विभिन्न म्यानपावर कम्पनीहरूसँग संलग्न भई काम गर्दै आएकोमा मिति २०६८/४/३० मा स्काई अफ द वल्ड म्यानपावर प्रा. लि. कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दुई जनाको नाममा दर्ता गरी हाल म निवेदकको मात्र एकल स्वामित्वमा रहेको छ । सो कम्पनीमार्फत वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न विपक्षी विभागमा ऐन, नियमअनुसार आवेदन गरेकोमा विपक्षी विभागको मिति २०६८/५/२९, च.नं. ६५९ को पत्रबाट बैंक ग्यरेन्टी जम्मा गर्न भनिएको हुँदा प्राईम कमर्सियल बैंकमार्फत् बैंक ग्यारेन्टीको लागिसमेत मेरो श्रीमती सत्यकला गिरी पुरीको नामको घर जग्गा धितो बन्धक राखी दृष्टिबन्धक लिखत पास गरी आवश्यक पर्ने बैंक ग्यरेन्टीको लागिसमेत मेरो श्रीमती सत्यकला गिरी पुरीको नामको घर जग्गा धितो बन्धक राखी दृष्टिबन्धक लिखत पास गरी आवश्यक पर्ने बैंक ग्यारेन्टीका लागि सम्पूर्ण प्रक्रिया पूरा गरी ७ लाख रूपैयाँ धरौट बुझाउन र तोकिएको २० हजार इजाजत दस्तुर बुझाउन भनी विपक्षी विभागमा जाँदा केही समय पर्खिनुहोस् अहिले मन्त्रालयबाट नयाँ इजाजत दर्ता नगर्न भनेकाले रोकिएको छ भनी धरौटी लिन नमानेका र विपक्षी विभागमा अहिलेसम्म पनि बारम्बार ताकेता गर्दासमेत कुनै कारवाही नगरी निकाससमेत नदिएकाले प्रस्तुत निवेदन गर्न आएको छु ।

निवेदक कम्पनीले कम्पनी रजिस्ट्रारको कार्यालयबाट वैदेशिक रोजगारसँग सम्बन्धित काम गर्ने उद्देश्यले मिति २०६८/४/३० मा कम्पनी दर्ता प्रमाण पत्र प्राप्त गरेको छ भन्ने आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) समेत प्राप्त गरी वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत पाउनका लागि वैदेशिक रोजगार ऐन, २०६४ समेतले तोकिएअनुसार आवेदन गरी सोउपर कारवाही भई मलाई पत्रसमेत दिइसकेको छ । वैदेशिक रोजगार ऐन, २०६४ अनुसार इजाजत दिन नमिल्ने भएको भए ऐनको दफा ११ (६) बमोजिम निवेदकलाई जानकारी दिनु पर्नेमा सोसमेत नदिएकोबाटै निवेदक कम्पनी वैदेशिक रोजगार व्यवसाय गर्न सक्षम भएको प्रस्ट भएकोले विपक्षी विभागले धरौटी दाखिला गर्न भनी निर्देशनसमेत गरेको अवस्थामा धरौटी रकम दाखिला गर्न जाँदा हाल नयाँ इजाजत दिन रोक्का गरिएको भनी धरौटीसमेत लिन नमानी सम्पूर्ण प्रक्रिया

पूरा गरिसकेपछि पनि कुनै कारवाही नगरी त्यसै राखिदिएको र कानूनले तोकेको कार्य निर्वाह गर्नुपर्ने विपक्षी विभागबाटै गैरकानूनीरूपमा मेरो दरखास्त यतिका समयसम्म त्यसै राखी दिनाले मेरो पेसा व्यवसाय गर्न पाउनेलगायत सम्पत्ति आर्जन गर्न पाउने संविधान प्रदत्त हकमा समेत गम्भीर आघात पुगेको र कानूनले नै निर्दिष्ट गरेको कामसमेत विपक्षीबाट नभएको अवस्थामा उक्त हक प्रचलनका लागि प्रचलित कानूनमा अन्य कुनै पनि वैकल्पिक कानूनी उपचारको व्यवस्थासमेत नभएको हुँदा नेपालको संविधान २०७२ को धारा ४६ एवम् धारा १३३(२) (३) समेतका आधारमा प्रस्तुत निवेदन गर्न आएको छु।

निवेदकले विपक्षी विभागमा वैदेशिक रोजगारको अनुमति पाउँ भनी वैदेशिक रोजगार ऐन, २०६४ को परिच्छेद ३ दफा १० समेतका आधारमा ऐ. नियम २०६४ को नियम ६ ले निर्दिष्ट गरेबमोजिम अनुसूची २ को ढाँचामा निवेदन दिई कारवाही भई निवेदक कम्पनी वैदेशिक रोजगार व्यवसाय गर्न सक्षम ठहर गरी विपक्षी विभागले २०६८/५/२९ मा धरौटी माग गरिएकोमा सोहीबमोजिम बैंङ्किङ प्रक्रिया पूरा गरी धरौट रकम दाखिला गर्न जाँदा मिति २०६८/६/१३ बाट नयाँ इजाजत रोक्का गर्ने भन्ने पत्र आएको हुँदा नयाँ इजाजत नदिइने भनी गैरकानूनीरूपमा सो तथाकथित आदेश भनिएको मिति भन्दा पहिलेको मेरो दरखास्त र धरौट दाखिला गर्ने विपक्षी विभागको निर्णय भएपश्चात् यत्तिका वर्ष त्यत्तिकै अनिर्णयको बन्दी बनाइएको कार्य आफैँमा स्वेच्छाचारी रहेको प्रस्ट हुन्छ । जुन गैरसंवैधानिक र अन्यायपूर्ण रहेको छ । निवेदकले नयाँ इजाजतका लागि बारम्बार विभागमा ताकेता गर्दासमेत यत्तिका वर्ष आजभोलि भनी त्यसै झुलाई मात्र रहेका हुँदा अहिले सो मिति २०६८/६/१३ को रोक्का पत्र के रहेछ भनी बुझ्दा उक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन र यसमा हुने ठगी नियन्त्रण गर्ने सम्बन्धमा बसेको बैठकमा भएको निर्णय आवश्यक कार्यान्वयनका लागि भनी पत्राचार भएको र सो निर्णय मन्त्रिपरिषद्को नभई प्रधानमन्त्रीको उपस्थितिमा छलफलसम्म भएको आधारमा पत्राचार भएको रहेछ । त्यस्तो अनौपचारिक छलफल वा नीतिगत निर्णयले कानूनी मान्यता नपाउने, साथै सो निर्णय मन्त्रिपरिषद्सम्मको पनि नभएको अवस्थामा कानूनले निर्दिष्ट गरेको विषयमा त्यत्तिकै मनलाग्दो किसिमले इजाजत रोक्का गरिएको कार्य गैरकानूनी भएको प्रस्ट हुन्छ । कानूनले नै गर्नु भनी तोकिएको कार्य र कर्तव्य विपक्षी विभाग र महानिर्देशकबाट नहुनु र व्यक्तिको पेसा व्यवसाय र रोजगारीसँग सम्बन्धित विषयलाई कुनै निर्णय नगरी यत्तिका वर्षसम्म राख्नुबाट संविधान प्रदत्त हकमा गम्भीर आघात पुग्न गएको प्रस्ट छ ।

विपक्षी विभागले देखाएको मिति २०६८/६/१३ को प्रधानमन्त्री सामु भएको छलफलको आधारमा गरिएको पत्राचारले कानूनमा निर्दिष्ट गरेको कार्य गर्न रोक लगाएको भनिएको पत्रलाई सम्मानित सर्वोच्च अदालतबाटै गैरकानूनी ठहर गरी कानूनबमोजिम इजाजत दिनु भनी केही मुद्दाहरूमा परमादेशको आदेश जारी भइसक्दा पनि विभागले म निवेदकको भने वैदेशिक रोजगार इजाजतसम्बन्धी काम कारवाहीमा कुनै निर्णय नगरेकोबाट मेरो पेसा व्यवसाय गर्ने र सम्पत्ति आर्जन गर्ने हक र मेरो परिवारको जीविकोपार्जनको नैसर्गिक हकसमेतमा आघात पुग्न गई नेपालको संविधानको धारा १८, २५, ३३ लगायत धारा ४६ समेतको मौलिक हक र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) समेतको कानूनी हकमा गम्भीर आघात पुग्न गएको प्रस्ट छ । विपक्षी विभागलाई वैदेशिक रोजगार ऐनले निर्देशित गरेअनुसार निवेदकलाई इजाजत पत्र दिनुपर्नेमा सो नगरी त्यत्तिकै फाइल एकातर्फ थन्काई दिनाले निवेदकलाई अपूरणीय क्षति पुग्न गएको साथै कानूनले निर्देशित गरेको

काम कारवाही गर्न निर्देशनसमेत दिई आएका नजिर सिद्धान्तलगायत नेपालको संविधान, २०७२ को धारा ४६ एवम् धारा १३३ (२) (३) समेतका आधारमा विपक्षीको नाममा प्रस्तुत निवेदन मागबमोजिम वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत दिनु भनी परमादेशको आदेश जारी हुनु पर्ने हुँदा विपक्षी निकायले आफ्नो कानूनी कर्तव्यसम्म पूरा नगरेको हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ (२) अनुसार निवेदकलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत दिनु दिलाउनु भनी निश्चित समय तोकी विपक्षीको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने स्काई अफ द वल्ड म्यानपावर प्रा.लि. समेतको निवेदन दाबी।

यसमा के को भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? निवेदकको मागबमोजिम आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१/१०/२० को आदेश।

वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि अनुमति लिने संस्थाका संख्या र तिनका शाखा कार्यालयको अनुगमन गर्न पर्याप्त जनशक्तिको व्यवस्था हुन नसकेकोले हाललाई नयाँ अनुमति दिन कार्य रोक्ने व्यवस्था श्रम तथा यातायात व्यवस्था मन्त्रालयले मिलाउने भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८/६/१५ गते प्रधानमन्त्रीज्यूको समुपस्थितिमा निर्णय भएको हुँदा मागबमोजिम हाललाई वैदेशिक व्यवसाय सञ्चालन गर्ने अनुमति प्रदान गर्न नसकिएकोले यस विभागलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज भागी छ। खारेज गरिपाउँ भन्ने वैदेशिक रोजगार विभाग र ऐ. विभागका महानिर्देशक केदारबहादुर बोगटीसमेतको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदनसहितको मिसिल कागजात अध्ययन गरियो।

निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपानेले रिट निवेदकबाट इजाजत पत्र दस्तुर, धरौटी रकम एवं बैंक ग्यारेन्टीबापतको रकमसमेत दाखिला गर्नेलगायतका आवश्यक प्रक्रियाहरूसमेत सम्पन्न भइसकेको अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र दिन इन्कार गर्नु भनेको वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) को प्रतिकूल कार्य हुन जाने हुँदा निवेदन मागबमोजिम परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

विपक्षी वैदेशिक रोजगार विभागसमेतका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ बमोजिम उक्त ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्ने देखिन्छ। वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने संस्थाको नियमित अनुगमन गरी वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन सकिने हुँदा अनुगमन र जनशक्तिको व्यवस्थापनपश्चात् इजाजत दिने कार्य हुने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने अवस्था नरहेकोले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो। अब निवेदन मागबमोजिमको परमादेशसमेतको आदेश जारी हुने हो, होइन ? भनी निर्णय दिनु पर्ने देखियो।

२. निवेदक कम्पनीले कम्पनी रजिस्ट्रारको कार्यालयबाट वैदेशिक रोजगारसँग सम्बन्धित काम गर्ने

उद्देश्यले मिति २०६८/४/३० मा कम्पनी दर्ता प्रमाण पत्र प्राप्त गरेको, आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) समेत प्राप्त गरी वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत पाउनका लागि वैदेशिक रोजगार ऐन, २०६४ समेतले तोकिएअनुसार आवेदन गरी सोउपर कारवाही भई मलाई पत्रसमेत दिइसकेको छ। वैदेशिक रोजगार ऐन, २०६४ अनुसार इजाजत दिन नमिल्ने भएको भए ऐनको दफा ११ (६) बमोजिम निवेदकलाई जानकारी दिनुपर्नेमा सोसमेत नदिएकोबाटै निवेदक कम्पनी वैदेशिक रोजगार व्यवसाय गर्न सक्षम भएको प्रस्ट भएकोले विपक्षी विभागले धरौटी दाखिला गर्न भनी निर्देशनसमेत गरेको अवस्थामा धरौटी रकम दाखिला गर्न जाँदा हाल नयाँ इजाजत दिन रोक्का गरिएको भनी धरौटीसमेत लिन नमानी सम्पूर्ण प्रक्रिया पूरा गरिसकेपछि पनि कुनै कारवाही नगरी त्यसै राखिदिएको र कानूनले तोकेको कार्य निर्वाह गर्नुपर्ने विपक्षी विभागबाटै गैरकानूनीरूपमा मेरो दरखास्त यतिका समयसम्म त्यसै राखी दिनाले मेरो पेसा व्यवसाय गर्न पाउनेलगायत सम्पत्ति आर्जन गर्न पाउने संविधान प्रदत्त हकमा समेत गम्भीर आघात पुगेको र कानूनले नै निर्दिष्ट गरेको कामसमेत विपक्षीबाट नभएको उक्त हक प्रचलनका लागि प्रचलित कानूनमा अन्य कुनै पनि वैकल्पिक कानूनी उपचारको व्यवस्थासमेत नभएको र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ (२) समेतको कानूनी हकमा समेत गम्भीर आघात पुगेको हुँदा नेपालको संविधान २०७२ को धारा ४६ एवम् धारा १३३(२) (३) समेतका आधारमा परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी निवेदन दिएकामा विपक्षीको लिखित जवाफमा वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि अनुमति लिने संस्थाका संख्या र तिनका शाखा कार्यालयको अनुगमन गर्न पर्याप्त जनशक्तिको व्यवस्था हाल हुन नसकेकोले हाललाई नयाँ अनुमति दिने कार्य रोक्ने व्यवस्था वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम श्रम तथा यातायात व्यवस्था मन्त्रालयले मिलाउने भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८/६/१५ गते प्रधानमन्त्रीज्यूको समुपस्थितिमा निर्णय भएको हुँदा निवेदन मागबमोजिम हाललाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति प्रदान गर्न नसकिएको भनी उल्लेख गरेको देखियो। तथापि सो निर्णयमा कति अवधिका लागि अनुमति दिन रोक लगाएको हो भन्ने कुनै निश्चितता देखिँदैन।

३. निवेदक कम्पनीलाई वैदेशिक रोजगार विभागबाट कम्पनी दर्ता भई कम्पनी दर्ता प्रमाण पत्रसमेत प्राप्त गरेको देखिन्छ । यसरी कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता भई विपक्षी वैदेशिक रोजगार विभागको पत्रबमोजिम निवेदकले धरौटी तथा बैंक ग्यारेन्टीसमेतका प्रक्रिया अगाडि बढाएपछि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत दिनबाट वञ्चित गर्नु भनेको वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) प्रतिकूल हुनेमा कानूनी कर्तव्य पूरा नगरी कानूनविपरीत तरिकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठकको निर्णय भनी मनलाग्दी किसिमले इजाजत रोक्का गरिएको कार्य गैरकानूनी रहेको भन्ने निवेदन देखिएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८।६।१५ को निर्णयबमोजिम हाललाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति प्रदान गर्न नसकिएको भनी हालको अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति प्रदान गर्न रोक लगाएको भन्ने नै देखियो । कानूनबमोजिम पेसा रोजगार व्यवसाय सञ्चालन गर्न पाउने नागरिकको मौलिक हकलाई जनशक्तिको व्यवस्थापन हुन नसकेको भन्ने र के कति अवधिको लागि रोकिएको हो भन्नेसमेतको अनिश्चित गरी अस्पष्ट, अनिश्चित र कानूनी प्रावधान बेगर वैदेशिक रोजगार सञ्चालनमा रोक लगाउने कार्यले सविधान

प्रदत्त पेसा, व्यवसाय, रोजगार गर्न पाउने हकसमेत कुण्ठित हुने अवस्था देखियो ।

४. वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नका लागि अनुमति दिनबाट रोक लगाउने व्यवस्था रहे भएको देखिँदैन । कुनै कानूनले कुनै पेसा वा व्यवसाय सञ्चालन गर्नमा कुनै किसिमको रोक वा प्रतिबन्ध नलगाएको स्थितिमा बिना कानूनी आधार कार्यकारी आदेश वा निर्णयका आधारमा मात्र नागरिकलाई संविधान र कानूनले प्रदान गरेको पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने हकमा रोक लगाउन मिल्दैन । अनुमति राज्यका साधिकार निकायले विधिवत्रूपमा कम्पनी दर्ता गर्न अनुमति दिई धरौटी तथा बैंक ग्यारेन्टीसमेत माग गरेको र सबै प्रक्रिया पूरा गरिसकेपछि उपयुक्त निर्णय नगर्नुलाई कानूनी शासन अनुकूल मान्न सकिँदैन । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(६) मा "उपदफा (२) बमोजिम निवेदन जाँचबुझ गर्दा इजाजत पत्र दिन नमिल्ने भएमा विभागले कारणसहितको जानकारी इजाजत पत्र दिन नमिल्ने निर्णय भएको सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ" भन्ने पाइन्छ । सोबमोजिम निर्णय वा जानकारी भएको भन्ने पनि विपक्षीको लिखित जवाफ देखिँदैन । राज्यको वैदेशिक रोजगार विभाग तथा अन्य विभागहरू कानूनले तोकेबमोजिम आ-आफ्नो क्षेत्रका विशिष्ट काम गर्ने निकायहरू भएकोले सो निकाय एवं सोको पदाधिकारीले आफ्नो क्षेत्र तथा कर्तव्यमा जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्नुपर्छ । वैदेशिक रोजगार विभागलाई "वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत पत्र प्रदान, नवीकरण, कारवाही तथा संस्था खारेज गर्ने" लगायतका जो जे कार्यहरू गर्न अधिकार प्राप्त छ उक्त कार्यहरू संविधान र कानूनबमोजिम सम्पादन गरी कानूनबमोजिम पेसा व्यवसाय सञ्चालन गर्न खोजेको अवस्थामा सहजीकरण गर्नुको सट्टा अवरोध सिर्जना हुँदा कानूनी शासन र जनआस्थामा असर पुग्न जाने र अस्वस्थ प्रतिस्पर्धालाई बढवा जाने अवस्थासमेत सिर्जना हुन जान्छ ।

५. विपक्षी विभाग सरकारको नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने तथा नियमनको कार्यमा समेत संलग्न कानूनबमोजिमको कार्य गर्न स्थापित विशिष्ट निकायले कानूनअनुसारका कार्य गर्नुपर्ने हुन्छ । वैदेशिक रोजगारका समस्याहरू समाधानमा सरकार लाग्नु स्वाभाविकै हो तर सरकारका कार्यहरू कानूनबमोजिम सम्पादन हुन जरूरत छ । विपक्षी बनाइएको वैदेशिक रोजगार विभागको लिखित जवाफमा प्रधानमन्त्रीज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हाललाई वैदेशिक रोजगारको नयाँ अनुमति दिने कार्य रोक्ने निर्णय भएको भनी लिखित जवाफ उल्लेख गरे पनि निवेदकको मागबमोजिम निर्णय गर्न रोक्नु पर्ने कुनै वैधानिक तथा वस्तुनिष्ठ आधार वैदेशिक रोजगार विभागको लिखित जवाफबाट देखिँदैन । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) मा "उपदफा (१) बमोजिम पेस भएको निवेदनउपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संस्थालाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिन उपयुक्त देखेमा विभागले तोकिएबमोजिमको इजाजतपत्र दस्तुर र धरौटी बापत तीस लाख रूपैयाँ नगदै वा सात लाख रूपैयाँ नगदै र बाँकी तेईस लाख रूपैयाँको बैङ्क ग्यारेण्टी लिई इजाजतपत्र दिनु पर्नेछ ।" कानूनबमोजिम निवेदकले सबै प्रक्रिया पूरा गरिसकेपछि विभागको तर्फबाट उपर्युक्त बमोजिमको वैदेशिक रोजगार व्यवासाय सञ्चालन गर्न इजाजत दिने निर्णय गर्न बिलम्ब गर्नु कानूनसङ्गत् देखिँदैन ।

६. सरकारी नीति तथा निर्णयहरूलाई बाधाको रूपमा देखाई प्रत्यर्थी रिट निवेदकबाट पुनरावेदक विभागको पत्रानुसार इजाजत पत्र दस्तुर, धरौटी रकम एवं बैंक ग्यारेण्टीबापतको रकमसमेत दाखिल गर्नेलगायतका आवश्यक प्रक्रियाहरूसमेत

सम्पन्न भइसकेको अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत दिन ईन्कार गर्नु भनेको वैदेशिक रोजगार ऐन २०६४ को दफा ११(२) को प्रतिकूल हुन जाने भनी यसै अदालतबाट (नेपाल सरकार वैदेशिक रोजगार विभाग पुनरावेदक / विपक्षी विरूद्ध हिरालाल शाह प्रत्यर्थी / निवेदक भएको ०६८-CI-१४१७ परमादेश मुद्दा, फैसला मिति २०७१।२।१८) परमादेशको आदेश जारी भएको देखिन्छ।

७. तसर्थ वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम परेको निवेदनमा सम्पूर्ण प्रक्रिया पूरा गरिसकेपछि कुनै निर्णय नगरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नदिने कार्य संविधान र कानून अनुकूल नहुने हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम परेको निवेदनमा दफा ११ (२) बमोजिम इजाजत दिने वा दफा ११ (६) बमोजिम इजाजत नदिनेसम्बन्धमा अबिलम्ब निर्णय गर्नू भनी निवेदकको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी नियमानुसार गर्नू।

उक्त रायमा सहमत छु।
न्या. गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम्।

निर्णय नं. ९६७२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७३।३।२०
०६९-CR-०६५१

मुद्दाः- कर्तव्य ज्यान।

पुनरावेदक / प्रतिवादी : इलाम जिल्ला, गोर्खे गा.वि.स., वडा नं. ४ घर भई केन्द्रीय कारागार जगन्नाथ देवलमा थुनामा रहेका दानविक्रम थापासमेत
विरूद्ध
प्रत्यर्थी / वादी : मिलन राईको जाहेरीले नेपाल सरकार

- **दण्ड सजायको १ नं. अन्तर्गत सजायबाट छुट पाउनका लागि कसुरदार वा प्रतिवादीको मानसिक अवस्था आरोपित आपराधिक कार्य गर्दाको बखत त्यस्तो कार्यको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको हुन अनिवार्य हुन्छ। अन्यथा प्रतिवादीलाइ यो प्रावधानअन्तर्गतको सजायमा छुटको सुविधा वा उन्मुक्ति प्राप्त हुन सक्ने नहुने।**

(प्रकरण नं. ६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता विमला यादव
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्नेः-

मा. जिल्ला न्यायाधीश श्री लेखनाथ घिमिरे पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री केशरीराज पण्डित

माननीय न्यायाधीश श्री प्रकाशचन्द्र गजुरेल

फैसला

न्या. गोपाल पराजुली : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अन्तर्गत पुनरावेदन दर्ता भई निर्णयार्थ पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३५ फूलबारी नगरमार्गमा मिति २०६६।५।४ गते दिउँसो अन्दाजी १४:३० बजेको समयमा सार्वजनिक स्थानमा दानविक्रम थापाले सुमित्रा राईलाई धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाई आफू पनि घाइते भई स्थानीय मानिस र प्रहरीको सहयोगमा दुवैजनालाई तत्कालै उपचारको लागि अस्पताल लगेको घटनास्थलमा रगतजस्तो पदार्थ लागेको छुरी बरामद भएको तथा रगतका टाटाहरू घटनास्थलमा रहेको भन्नेसमेत व्यहोराको घटनास्थल जाँच मुचुल्का।

मिति २०६६।५।४ गते दिउँसो अन्दाजी १४:३० बजेको समयमा सार्वजनिक स्थानमा दानविक्रम थापाले सुमित्रा राईलाई धारिलो छुरा प्रहार गरी सख्त घाइते बनाई आफू पनि घाइते भई स्थानीय मानिस र प्रहरीको सहयोगमा दुवैजनालाई तत्कालै उपचारको लागि काठमाडौं मेडिकल कलेजमा लगिएकोमा मिति २०६६।५।५ गते सुमित्रा राईको उपचारको क्रममा मृत्यु भएको भन्ने व्यहोराको घटनास्थल लास जाँच मुचुल्का।

मेरो दिदी सुमीत्रा राईलाई दानबिक्रम थापाले पहिलेदेखि एकोहोरो रूपमा मनपराई मसँग बिहे नगरेमा तलाई पनि मार्छु म पनि मर्छु भन्नेजस्ता धाकधम्की दिँदै कुटपिटसमेत गदै आइरहेकोमा मिति २०६६।५।४गते अन्दाजी दिउँसो१४:३०बजेको समयमा सार्वजनिक स्थानमा दानविक्रम थापाले नियोजित तरिकाले पूर्वयोजना बनाई दिदी सुमीत्रा राईलाई शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाई काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा सोही कारणबाट मृत्यु भएको कारण निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.अनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको मिलन राईको जाहेरी दरखास्त।

मृतक सुमित्रा राईको धारिलो हतियारले छाती र पेटमा लागेको चोटको कारणबाट मृत्यु भएको भन्नेसमेत व्यहोराको लास पोस्टमार्टम प्रतिवेदन।

दानबिक्रम थापाले सुमित्रा राईलाई धारिलो हतियार छुरा प्रहार गरी सख्त घाइते बनाई आफूपनि घाइते भई उपचारको लागि अस्पताल लगेकोमा मिति२०६६।६।५गते निज दानविक्रम थापालाई दाखिल गरेको भन्ने प्रहरी प्रतिवेदन।

मेरो र सुमित्रा राईको चिनजान केही वर्षअगाडि काम गर्ने सिलसिलामा भएकोमा चिनजानको सम्बन्ध प्रेममा बदलिई बिहे गर्नेसम्मको कुरासमेत भएकोमा निज नख्खुमा डेरा सरेपश्चात् सुमित्रा मदेखि टाढा हुँदै मैले गरेको फोनसमेत उठाउन छाडेको हुनाले निज काम गर्ने किष्टल फाइनान्सबाट कोठामा फर्कने क्रममा एकपटक वैशाखतिर सातदोबाटोमा भेटी बिहे गरौं भन्दा नमान्दा निजसँग मेरो झगडासमेत भएको र मिति २०६६।५।४ गते अब भएन मलाई धोका दिनेलाई म त्यसै छाड्दिन भन्ने मनमा भई नैकापस्थित दिदीको घरबाट मैले केही समय पहिले सुन्धाराबाट किनेको छुरा बोकी निज सुमित्रा राई काम गर्ने तीनकुने स्थित किष्टल फाइनान्समा गई निज आएपश्चात् पिछा गरी कोटेश्वरको फूलबारी मार्ग पुगेपछि भेटी मैले हामी बिहे गरौं भन्दा नमानेकी र उल्टै मलाई तथानाम गाली गलौज गरेकी हुनाले मलाई रिस उठी मेरो साथमा रहेको छुरीले

निजको शरीरको विभिन्न भागमा प्रहार गरी घाइते भएका हुँदा अब निज सुमित्रा मर्ने भई मन्ठानेर आफू पनि मर्छु भनी आफैँले घाँटीमा सोही छुराले प्रहार गरी आत्महत्याको प्रयास गरेको हुँ सुमित्रा राईको उपचारको क्रममा मृत्यु भएको हो, निज सुमित्राले मलाई धोकादिई बिहे गर्न नमानेको कारणबाट मैले निजको हत्या गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी दानविक्रम थापाले अनुसन्धानप्राप्त अधिकारीसमक्ष गरेको बयान।

दानविक्रम थापाले एक्कासी सुमित्रा राइलाई शरीरको विभिन्न भागमा पटक पटक छुरा प्रहार गरी घाइते भई बेहोस अवस्थामा मृतक र अभियुक्त दुवैजनालाई प्रहरी टोली अइपुगी उपचारको लागि लगेकोमा घाइतेमध्ये सुमित्रा राईको उपचारको क्रममा मृत्यु भएको भन्ने देखेका सुनेका हौं भन्नेसमेत व्यहोराको घटना विवरण कागज।

प्रतिवादी दानविक्रम थापाले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराध गरेको हुँदा निजलाई सोही महलको १३(१) नं.अनुसार सजाय हुन भन्नेसमेत व्यहोराको अभियोग माग दाबी।

म उक्त सोधिएका प्रश्नको विषयमा जवाफ दिन्न, बोल्दिन, घटनास्थल मुचुल्काका विषयमा बोल्दिन, चुपलागेर बस्छु भन्नेसमेत व्यहोराको प्रतिवादी दानविक्रम थापाले अदालतमा गरेको बयान।

प्रतिवादीको मौकाको बयान, मृतकको Autopsy report प्रतिवादीको नामको घाउजाँच केस फाराम, बरामदी मुचुल्कासमेतको आधारमा प्रतिवादीकै कर्तव्यमा परी सुमित्रा राईको मृत्यु भएको तथ्य पुष्टि हुँदा प्रतिवादी दानविक्रम थापालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्म कैद हुने ठर्हछ। प्रतिवादी Major depressive disorder with suicidal attempt भन्ने रोगबाट ग्रसित रहेको भन्नेसमेत देखिँदा कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिएकोले अ.बं.१८८ नं.बमोजिम कैद वर्ष १२ हुने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।८।१५ को फैसला।

वादी पक्षले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुने गरी प्रमाणको भार पूरा गर्न नसकेको अवस्थामा घटना भएको भनिएको समय तथा सोभन्दा ३/४ वर्ष पहिलादेखिको म पुनरावेदकको मानसिक अवस्थालाई दृष्टिगत तथा मध्यनजर गरी मलाई आरोपित कसुरमा कसुरदार ठहर गर्दै अधिकतम (१२ वर्ष) कैद सजाय गर्ने गरी गरिएको फैसला उल्टी गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी दानविक्रम थापाको पुनरावेदन अदालत, पाटनमा मिति २०६९/१/२१ मा पर्न आएको पुनरावेदन जिकिर।

यसमा वारदातको अवस्था प्रकृति र पुनरावेदक प्रतिवादीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको अदालतमा भएको बकपत्रसमेतलाई दृष्टिगत गर्दा काठमाडौं जिल्ला अदालतको मिति २०६७/८/१५ को फैसला विचारणीय देखिँदा अ.बं.२०२ नं. को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई सूचना दिइ पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६९/२/३० को आदेश।

सुरू काठमाडौं जिल्ला अदालतको ०६७।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।९ को फैसला।

म पुनरावेदकको मानसिक रोग Mental illness (psychosis) को लक्षण तथा असर र घटना प्रकृति जसमा पीडित र पीडकबीच प्रेम सम्बन्ध हुनुको साथै कुनै प्रकारको पूर्व रिसइवी तथा मार्नुपर्नेसम्मको कारण नभएको तथा प्रेमिकाको घाँटी तथा छातीमा छुरीले पटक पटक प्रहार गरेको र सोही छुरीले आफूलाई पनि पटक पटक प्रहार गरेको र पीडित र पिडक दुवै एक ठाउँमा चउरमा लडिरहेको अवस्थामा रहेको प्रेमिकालाई मात्र मार्न नखोजी आफू

पनि मर्न खोजेको समेतको अवस्थालाई हेर्दा सो घटना घटाउने व्यक्ति सामान्य मानसिक अवस्थाको नभएको भन्ने कुरा स्वतःपुष्टि भएको अवस्था छ । यस अवस्थाको घटनामा पनि म पुनरावेदकलाई अधिकतम सर्वस्वसहित जन्म कैदको सजाय गरी १२ वर्ष कैद गर्ने गरी राय व्यक्त गरी गरिएको जिल्ला अदालतबाट भएको फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलासमेत दण्ड सजाय महलको १नं. प्रतिकूल हुँदा बदर गरी म पुनरावेदकलाई कुनै सजाय नगर्ने गरी फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको सर्वोच्च अदालतमा गरेको पुनरावेदन जिकिर ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विमला यादवले मेरो पक्ष मानसिक रोगी हो, वारदातभन्दा पहिलेदेखि नै उनी मानसिक रोगको उपचारको क्रममा थिए, वारदातपूर्व पनि प्रतिवादीले मृतकसमेतलाई लिई आत्महत्या गर्ने प्रयास गरेको भन्ने जाहेरीमै उल्लेख भएबाट पनि मेरो पक्षको मानसिक अवस्था ठीक नरहेको भन्ने देखिएको छ, चिकित्सकले मेरो पक्षलाई खानु भनी दिइएको औषधिबाट पनि मेरो पक्ष मानसिक रोगी भन्ने देखिएको छ, मानसिक अस्पतालको उपचारबाट पनि उनी मानसिक रोगी भन्ने देखिएको छ । यस स्थितिमा मेरो पक्षलाई दण्ड सजायको १ नं. ले सजायपूर्ण उन्मुक्ति दिनु पर्नेमा १३(१) नं. ले सर्वश्वसहित जन्मकैद हुने ठहराएको फैसला न्यायोचित नभएकाले अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई उक्त फैसला उल्टी गरी निजलाई पूर्ण उन्मुक्ति दिलाई पाउँ भन्नेसमेतको बहस गर्नुभयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी दानविक्रम थापाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराध गरेको हुँदा निजलाई सोही महलको १३(१)नं.अनुसार सजाय हुन भन्नेसमेत व्यहोराको अभियोग माग दाबी भएको प्रस्तुत मुद्दामा वादी दाबीअनुसार प्रतिवादीलाई ज्यानसम्बन्धी महलको१३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू फैसलाउपरको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी पुनरावेदन अदालतबाट सुरू सदर फैसला भएबाट सो फैसलाउपर पुनरावेदनपत्रमा प्रतिवादीले मुख्यरूपमा आफू मानसिक रोगी रहेको र घटना हुनुभन्दा ३/४ वर्ष पहिलादेखि सिलिगुडीमा जँचाई मानसिक रोगको औषधि सेवन गरिआएको, मानसिक अस्पतालबाट जाँच गर्दा डा.मोहनराज श्रेष्ठले दिनु भएको रिपोटमा Major depressive disorder with suicidal attempt भन्ने रोगबाट पीडित भएको भन्ने उल्लेख गर्नु भएको र प्रेमीले प्रेमिकाको घाँटी, छातीमा छुरीले पटकपटक प्रहार गरेको र छुरीले आफूलाई पनि प्रहार गरेकोबाट घटना घटाउने व्यक्ति सामान्य मानसिक अवस्थाको नभएको भन्ने देखिएकोमा पुनरावेदकलाई सर्वस्वसहित जन्मकैदको सजाय गरी १२ वर्ष कैद गर्ने गरी राय व्यक्त गरिएको फैसला दण्ड सजायको महलको १ नं. को प्रतिकूल हुँदा पूर्ण उन्मुक्ति दिलाई पाउँ भन्नेसमेत व्यहोराको सर्वोच्च अदालतमा गरेको पुनरावेदन जिकिर देखिन्छ ।

३. पुनरावेदकको उक्त पुनरावेदन जिकिरबाट प्रतिवादीले प्रहार गरेको छुरीको चोटबाट मृतक सुमित्रा राईको ज्यान मर्न गएको भन्ने वादी पक्षको अभियोग दाबीलाई प्रतिवादीले अस्वीकार गरेको अथवा उक्त तथ्यलाई अन्यथा भन्न सकेको देखिँदैन । मृतकको मृत्यु प्रतिवादीले प्रहार गरेको छुरीको चोटबाट भएको हो भन्ने तथ्यमा कुनै शंका गरिरहन पर्ने अवस्था देखिएको छैन ।

४. आफू मानसिक रोगी हुँ भनी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत जिकिर लिएको अवस्था छैन, प्रतिवादीले जिकिर नलिएको विषयमा पछि पेस भएको निवेदन र पुनरावेदनको

जिकिरअनुसार स्वीकार्य नै हुनुपर्छ भन्न मिल्दैन, यसरी पछि मानसिक अस्पतालमा उपचार गराएको भन्ने आधारमा सजायबाट उन्मुक्ति मिल्ने होइन । घटना गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी प्रतिवादीको मानसिक अवस्था बिग्रेको रहेछ भन्ने आधार कारण प्रमाण कुनै पेस गर्न सकेको छैन । मृतकलाई मार्छु भनी पहिले किनेर दिदीको घरमा राखेको छुरी ल्याई मृतकलाई पर्खी पिछा गरी हमला गरी पटक पटक छुरी प्रहार गरी मृतकको हत्या गरिएको अवस्था देखिँदा डिप्रेसनको औषधि सेवन गर्ने आधारमा मात्र दण्ड सजायको १ नं. को सुविधा उपलब्ध हुन सक्ने अवस्था देखिँदैन ।

५. मृतकउपर छुरीको साङ्घातिक चोट प्रहार गर्ने पुनरावेदक प्रतिवादीले प्रस्तुत पुनरावेदनमा मुख्यरूपमा आफू मानसिक रोगी भएकोले दण्ड सजायको १ नं. बमोजिम कुनै सजाय नगर्ने गरिपाउँ भन्ने जिकिर लिनु भएकोमा मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. मा यस प्रकारको प्रावधान रहेको छः- **"कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खत बात लाग्न वा कुनै प्रकारको सजाय हुन सक्तैन । मगज बिग्रेको वा बौलाएका व्यक्तिलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निजले आफैँ अपराध गरेसरह कानूनबमोजिम पूरा सजाय हुन्छ"** ।

६. दण्ड सजायको १ नं. अन्तर्गत सजायबाट छुट पाउनका लागि कसुरदार वा प्रतिवादीको मानसिक अवस्था आरोपित आपराधिक कार्य गर्दाको बखत त्यस्तो कार्यको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको हुन अनिवार्य हुन्छ । अन्यथा प्रतिवादीलाई यो प्रावधानअन्तर्गतको सजायमा छुटको सुविधा वा उन्मुक्ति प्राप्त हुन सक्ने हुँदैन ।

७. अदालतमा बयान गर्दा प्रतिवादीले घटना वारेमा केही उल्लेख नगरी चुप रहने हक (Right to silence) को उपभोग गरेको देखिन्छ । आफूले दण्ड सजायको १ नं. बमोजिम सजायमा छुट पाउनु पर्ने हो भनी निजले प्रमाण ऐन, २०३१ को दफा २७बमोजिमको कुनै जिकिर अदालतसमक्ष लिएको देखिँदैन । निजले वारदातको १३ दिनपछि अनुसन्धान अधिकारीसमक्ष गरेको ६ पृष्ठ लामो बयानमा आफ्नो शारीरिक तथा मानसिक अवस्था ठीक छ भन्दै अनुसन्धान अधिकृतले सोधेका सबै प्रश्नको जवाफ क्रमबद्धरूपले दिई घटनाको पृष्ठभूमि घटना हुँदाको अवस्थासमेत स्पष्ट खुलाई दिएको देखिएको छ । सो बयान व्यहोराबाट समेत घटनापश्चात् निजको मानसिक अवस्था आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नहुने गरी बिग्रेको रहेछ भन्ने निष्कर्षमा पुग्न मिल्ने देखिँदैन ।

८. प्रतिवादीले सुरू अदालतमा बयान गर्दासमेत मेरो शारीरिक र मानसिक अवस्था ठीक छ भनी लेखाएको पाइन्छ । पछि निजको तर्फबाट मानसिक जाँच गराई पाउँ भनी निवेदन परेपछि ०६६।११।१७ मा प्रतिवादीको मानसिक अवस्था परीक्षणको लागि मानसिक अस्पताल पठाउने आदेश भई उक्त अस्पतालबाट निजको परीक्षण हुँदा Major depressive disorder with suicidal attempt रोगबाट पीडित रहेको भनी परीक्षण प्रतिवेदन प्राप्त भएको र परीक्षण गर्ने चिकित्सकले अदालतमा उपस्थित भई सो प्रतिवेदनलाई समर्थन गर्दै बकपत्र गरेकोसमेत देखिएको छ । चिकित्सकको उक्त प्रतिवदेन र बकपत्रसमेतबाट पनि पुनरावेदक प्रतिवादीको मानसिक अवस्था वारदात हुँदाका बखत अर्थात् निजले मृतकउपर छुरा प्रहार गर्दाको बखत सो कार्यको प्रकृति र परिणाम थाहा नहुने गरी बिग्रेको रहेछ भन्ने प्रमाणित हुन सकेको पाइँदैन ।

९. यसरी मिसिल संलग्न कुनै पनि प्रमाण

कागजातहरूबाट प्रस्तुत मुद्दाको घटना हुँदा अर्थात् प्रतिवादीले मृतकउपर छुराको साङ्घातिक चोट प्रहार गर्दा प्रतिवादीको अवस्था निजले उक्त कार्यको प्रकृति र परिणाम थाहा नहुने गरी बिग्रेको रहेछ भन्न मिल्ने अवस्था देखिएन । तसर्थ प्रतिवादीको पुनरावेदन जिकिरअनुसार निजले मुलुकी ऐन दण्ड सजायको महलको १ नं. को उन्मुक्ति वा सुविधा प्राप्त गर्न सक्ने अवस्थाको प्रस्तुत मुद्दा नदेखिएकोले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिलेन।

१०. अ.बं ११८ नं. अनुसार १२ (बाह्र) वर्ष कैद सजाय गर्ने सुरू तथा पुनरावेदन अदालतको राय मनासिब हो होइन तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालतमा बयान गर्दासमेत आफ्नो मानसिक अवस्था ठीक छ भनी उल्लेख गरेपनि मुद्दा कारवाहीकै क्रममा निजको तर्फबाट मानसिक जाँचको माग गरी निवेदन पेस भएको, सोअनुसार विशेषज्ञबाट प्रतिवादीको मानसिक अवस्थाको जाँच गराउँदा प्रतिवादी Major depressive disorder with suicidal attempt रोगबाट ग्रस्त रहेको भन्ने देखिएको र पुनरावेदनपत्रसाथ पेस गरेको प्रमाणहरूबाट प्रतिवादीले डा.अनिल एस.शर्मा सिलिगुडी भारतसँग बारदात मिति भन्दा पहिलेदेखि नै डिप्रेसनको उपचार गराइरहनु भएको भन्ने देखिन्छ। माया पिरतीको कुराबाहेक प्रतिवादीले मृतकको ज्यान लिनु पर्नेसम्मको अन्य कुनै कारण देखिएको छैन। मृतकले प्रतिवादीलाई अस्वीकार गरेको भन्ने विषयमा असन्तुलित भई प्रतिवादीले मृतकउपर छुरा प्रहार गरेको र तत्कालै सोही छुराले आफूलाई समेत विभिन्न चोट प्रहार गरेको र सो चोट पटकको कारणबाट प्रतिवादी स्वयमलाई ११ दिनसम्म अस्पतालमा राखी उपचार गराएको भन्नेसमेत मिसिलबाट देखिँदा, घटना हुँदाको परिस्थिति, घटनाको प्रकृति, प्रतिवादी वारदात भन्दा पहिलेदेखि नै डिप्रेसनमा रहेको, डिप्रेसनको उपचार गराई रहेको र वारदातपश्चात् पनि निजको उक्त मानसिक अवस्थामा सुधार आएको भन्ने नदेखिएको स्थितिसमेतको सन्दर्भमा प्रतिवादीले अपराध गरेको अवस्थालाई विचार गर्दा प्रतिवादीलाई ऐनबमोजिमको अर्थात् सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा सुरू तथा पुनरावेदन अदालतले अ.बं.१८८ नं. अनुसार कम सजाय गर्ने गरी व्यक्त गरेको रायसमेत मनासिब नै देखिन आयो । निज प्रतिवादीलाई कैद वर्ष १२ गरेको हदसम्म केही चर्को पर्ने देखिएकोले निज प्रतिवादी दानबिक्रम थापालाई सोही अ.बं.१८८ नं. अनुसार ११ (एघार) वर्ष कैद सजाय हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

यसमा सुरू जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैद हुने ठहरी कैदको हकमा प्रतिवादी दानबिक्रम थापालाई अ.बं.१८८ नं. बमोजिम ११ वर्ष कैद हुने ठहरी फैसला भएकोले सोहीबमोजिम कैद वर्ष ११ को कैदी लगत राखी संशोधित कैदी पुर्जी दिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाइदिनू ------१
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभलेख शाखामा बुझाइदिनू २

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृतः जयराम श्रेष्ठ
इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम्।

निर्णय नं. ९६७३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७३।०१।३०
०६९-WO-०१५३

मुद्दाः परमादेश।

निवेदक : ललितपुर जिल्ला किटनी गाउँ विकास समिति वडा नं. ४ बस्ने शुषमा राई क्षेत्री र रूडल क्षेत्रीको छोरा दिवाकर क्षेत्रीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं

- **नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्त्वपूर्ण प्रमाणपत्र हो । नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानून निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरू तय गरेको हुन्छ । कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा वा रोजगार, पेसा, व्यवसायमा संलग्न हुँदैमा त्यो राष्ट्रको नागरिक भई हाल्दैन । राज्यको नीतिको अधीनमा रही कानूनले नागरिकता प्राप्त गर्ने खास आधार र प्रक्रियाहरू तय गरेको हुन्छ । यस्ता आधार र प्रक्रियाहरू पूरा गर्ने व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी हुने ।**

(प्रकरण नं. ३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता मीरा ढुङ्गाना र शुषमा गौतम

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता बालकृष्ण न्यौपाने

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३

आदेश

न्या. जगदीश शर्मा पौडेल : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम दायर हुन आई यसै अदालतको अधिकारक्षेत्र भित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

निवेदक संस्था महिला अधिकार एवं मानव अधिकारको लागि अनवरत कार्यरत रही आएको छ। निवेदकलाई प्रस्तुत विषयमा निवेदन गर्ने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ बमोजिम हकदैया छ।

हामी निवेदकहरू दिवाकर क्षेत्री र प्रभाकर क्षेत्री नागरिकता लिनको लागि गाउँ विकास समितिमा सिफारिस लिन जाँदा सिफारिस दिन इन्कार गरिएका पीडित व्यक्तिहरू हौँ। पिता रूडल क्षेत्री र आमा सुषमा राईको दाम्पत्य सम्बन्धबाट क्रमशः मिति २०३१।५।२२ मा म दिवाकर क्षेत्री र मिति २०३५।४।२५ मा म प्रभाकार क्षेत्रीको जन्म पाटन अस्पतालमा भएको हो । हामीहरूको जन्मपश्चात् हामी निरन्तर ललितपुर जिल्लाअन्तर्गत किटनी गाउँ विकास समिति ४ गोदावरीमा बसोबास गर्दै आइरहेका छौं । हामी नेपाली बाबुआमाको छोराहरू हौं । हाम्रो पिता स्व. रूडल क्षेत्रीको मृत्यु हामीहरू ५ वर्ष र १ वर्ष उमेरका हुँदा मिति २०३६।८।२६ मा भएको थियो । पिताको मृत्युपश्चात् आमाले २०४२ सालमा योगेन्द्र राईसँग दोस्रो विवाह गर्नु भएकोमा हालसम्म

पनि योगेन्द्र राई नै हाम्रो संरक्षक रही आउनु भएको छ। पिताको मृत्युपश्चात् वहाँसँग सम्बन्धित सबै कागजातहरू पनि हाम्रो रीत परम्पराबमोजिम जलाइएको थियो भनी हाम्री आमाले हामीलाई जानकारी गराउनु भएकोले पिताको नामबाट नागरिकता लिन असम्भव भएको हुँदा आमाको नामबाट नागरिकता लिन बारम्बार ललितपुर जिल्ला किटनी गाउँ विकास समितिमा सिफारिस लिन जाँदा हामीलाई अत्यन्तै हीनताबोध हुने गरी हाम्री आमालाई यदि छोराहरूलाई नागरिकता दिने विचार थियो भने दोस्रो विवाह किन गरेको भन्ने जस्ता तल्लो स्तरको कुरा गरेको र सोको रेकर्ड साथै पेस गरेका छौं । मिति २०६८।११।२५ मा हामीले अनुसूची १ को फाराम भरी सिफारिस पाउँ भनी उक्त गाउँ विकास समितिमा जाँदा अर्को दिन आउनु भनेका र भोलिपल्टसमेत सोही क्रम दोहोरिएको र कम्तिमा १० पटक जाँदासमेत सिफारिस नदिएको दरपिठसमेत नगरी उल्टै निवेदन फिर्ता दिएको हुनाले हामी नेपालमा जन्मी हुर्की, अध्ययन गरेका व्यक्तिहरू आफ्नै देशमा पहिचानको अधिकारबाट वञ्चित भई राज्यबिहीन अवस्थामा बाँच्न बाध्य छौं।

नेपालको अन्तरिम संविधानको धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) ले वंशजको परिभाषाभित्र बाबु वा आमा दुवैलाई पारेको छ। नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) मा वंशजको नाताले नेपाली नगरिकताको प्रमाणपत्र लिन चाहाने १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष आफ्नो बाबु वा आमा वा आफ्नो तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र र जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिससमेत अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्दछ भन्ने स्पष्ट व्यवस्था रहेको छ।

हाम्रो संवैधानिक र कानूनी व्यवस्थाको अलावा पनि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले नागरिकताको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात् गरेको छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा २४(२), महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि १९७९ को धारा ९(२) समेतका प्रावधानहरूले कुनै पनि व्यक्तिलाई नागरिकताको अधिकारबाट वञ्चित गर्न र राज्यविहिनताको अवस्थामा राख्न मिल्दैन।

नागरिकताको लागि सिफारिस एवं नागरिकता प्रदान गर्ने अख्तियारी प्राप्त गरेका अधिकारीहरूको पितृसत्तात्मक सोच, मूल्य मान्यता र व्यवहारको कारणले नै संवैधानिक, कानूनी र अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूले आमाको नामबाट हामी निवेदकहरूले नागरिकता लिन सिफारिस एवं नागरिकता प्राप्त गर्ने हक हुँदाहुँदै पनि नागरिकताको लागि सिफारिस एवं नागरिकता नपाएको अवस्था हुँदा नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल नागरिकता ऐन, २०६३ बमोजिम हाम्रो जन्म हुँदा हाम्री आमा नेपालको नागरिक भएको हुनाले हामीहरूको वंशजको नागरिकता प्राप्त गर्न सक्ने हक हुँदाहुँदै यसको प्रतिकूल आमाको नामबाट नागरिकताको सिफारिस लिन एवं नागरिकता लिन जाँदा सिफारिस एवं नागरिकता दिन मौखिक इन्कार गरेकोले हाम्रो संवैधानिक हक, हाम्रो पहिचान पाउने हक, उच्च शिक्षा प्राप्त गर्ने हक, रोजगारीको हक, व्यवसाय गर्न पाउने हक, वासस्थानको हक, समानताको हक, राष्ट्रियताको हक, आमा वा बाबुको नाम मध्ये कसको नामबाट नागरिकता लिने भन्ने छनौट गर्न पाउने हकसमेतबाट वञ्चित भएका हुँदा विपक्षीहरूको नाममा हामी पीडित निवेदकहरूलाई वंशजको आधारमा आमाको नामबाट नागरिकता लिन सिफारिस र नागरिकतासमेत दिनु दिलाउनु भन्ने र देश भरमा रहेका हामी जस्ता

अन्य पीडितहरूको हकमा समेत व्याख्या हुने गरी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो लिखित जवाफ पेस गर्नु भनी निवेदन र यो आदेशको प्रतिलिपिसमेत साथै राखी सूचना म्याद पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। विपक्षी नं १, २ र ३ को कुनै भूमिका निवेदनमा उल्लेख भएको नदेखिँदा उक्त विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदनको विषयवस्तुको प्रकृति र गाम्भीर्यता हेर्दा छिटो निर्णय हुनु आवश्यक देखिएकोले पेसीमा अग्राधिकार प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०६९।५।६ को आदेश।

रिट निवेदकले नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा व्यवस्था भएको नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि पेस गर्नुपर्ने अनुसूची १ बमोजिमको निवेदन रितपूर्वक यस कार्यालयमा पेस नभएको हुँदा निज निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनेतर्फ कुनै पनि प्रक्रिया अगाडि नबढेको रिट निवेदकमध्येकी सुष्मा राईले मिति २०६८।१०।३ मा निजका छोराहरू दिवाकर क्षेत्री र प्रभाकर क्षेत्रीलाई नागरिकता उपलब्ध गराई पाउँ भनी यस कार्यालयमा ठाडो निवेदन पेस गरेको। निजको माग सम्बन्धमा गोदावरी गाउँ विकास समितिका सचिवलाई अनौपचारिक रूपमा सोधनी हुँदा रिट निवेदकको बाबु रूडल क्षेत्री नेपाली नागरिक थियो थिएन भन्ने सन्दर्भमा यकिन नभएको हुँदा सिफारिस नगरेको भन्ने व्यहोरा उल्लेख गरेको, रिट निवेदकको बाबु विदेशी नागरिक रहेछ भने नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को व्यवस्था आकर्षित हुने हुँदा सोबमोजिम नागरिकता लिने नलिने सम्बन्धमा सोधनी हुँदा रिट निवेदकहरूले सोही ऐनको दफा ३ अनुसार वंशजको नाताले नागरिकता प्रमाणपत्र लिन चाहेको र दफा ५ बमोजिम अङ्गिकृत नागरिकता लागि निवेदन पेस नगर्ने भनेको कारण सो सम्बन्धमा कुनै कारवाही अगाडि नबढेको भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, ललितपुरको तर्फबाट पर्न आएको लिखित जवाफ।

रिट निवेदकहरूका पिता रूडल क्षेत्री नेपाली नागरिक थिए वा हुन् भन्ने कुनै पनि ठोस प्रमाण पेस गर्न नसकेको कारण वंशजको नाताले नेपाली नागरिकताको लागि सिफारिस गर्न नसकिने भनिएको हो। विपक्षीले रिट निवेदनमा "हाम्रो पिताको मृत्युपश्चात् वहाँसँग सम्बन्धित सबै कागजातहरू पनि हाम्रो रीत परम्पराबमोजिम जलाइएको थियो भनी उल्लेख गरेका भएपनि क्षेत्री समुदायमा त्यसरी कागज जलाउने प्रचलन रहेको भन्ने कुरा पत्यारलायक नभएको, यदि जलाइएको भए सो कागजातहरू के कुन कार्यालयको रेकर्डमा थिए, सोको प्रतिलिपि लिन सक्ने नसक्ने सम्बन्धमा कुनै उल्लेखसम्म नगरी सफा हात नलिई अदालत प्रवेश गरेको अवस्था छ । गाउँ विकास समिति सचिवले हीनताबोध हुने गरी विपक्षीहरूलाई कुनै व्यवहार नगरेको विपक्षीलगायत निजले लिई आएका व्यक्तिहरूले नै गाउँ विकास समिति सचिव, कर्मचारीहरूसमेतलाई गालीगलौज गरी धम्कीसमेत दिएका हुन् । गाउँ विकास समिति सचिवलाई झुट्टा लान्छना लगाई दुःख दिनका लागि दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको साबिक किटनी हाल गोदावरी गाउँ विकास समितिको कार्यालय ललितपुरको तर्फबाट पर्न आएको लिखित जवाफ।

यसमा यस्तै विषयवस्तु समावेश भएको निवेदक झोला नगरकोटीसमेत र विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत भएको उत्प्रेषण परमादेश रिट निवेदनमा मिति २०७०।१२।१० मा र निवदेक विजय बस्नेत र विपक्षी जिल्ला प्रशासन

कार्यालय ललितपुरसमेत भएको उत्प्रेषण परमादेश रिट निवेदनमा मिति २०७१।१२।३० मा फैसला भएको रिट निवेदनहरूको फैसलासहितको मिसिल साथ राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।१।९ को आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो।

निवेदकहरू तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताद्वय श्री मीरा ढुङ्गाना र श्री सुषमा गौतमले निवेदकहरूकी आमा सुषमा राई वंशजको नाताले नेपालको नागरिक भएको, नेपालको अन्तरिम संविधान, २०६३, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल पक्ष रहेका विभिन्न अन्तर्राष्ट्रिय अनुबन्धहरूको आधारमा रिट निवेदकहरूले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने हक रहेको हुँदा रिट जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेतका तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले निवेदक साधिकार निकायसम्म नागरिकता प्रमाणपत्रका लागि पुगेको अवस्था नभएको हुँदा नागरिकता दिन इन्कार गर्‍यो भनी भन्न मिल्ने होइन। साधिकार निकायले छानबिन गरी नागरिकता पाउने नपाउने निर्णय गर्ने हुँदा रिट खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

मिसिल संलग्न कागजात प्रमाण, विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिरसमेतका आधारमा प्रस्तुत रिट निवेदनमा मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा पिताको मृत्युपश्चात् हाम्रो रित परम्पराबमोजिम वहाँका सबै कागजातहरू जलाइएको हुँदा आमाको नामबाट नागरिकता लिन गाउँ विकास समितिबाट सिफारिस लिन खोज्दा नदिएको जिल्ला प्रशासन कार्यालयले समेत दिन इन्कार गरेकोमा नेपालको अन्तरिम संविधान, २०६३ एवं नेपाल नागरिकता ऐन र नियमावलीले आमाको नामबाट नागरिकता पाउने हाम्रो संवैधानिक एवं कानूनी हक सुनिश्चित रहेको हुँदा आमाको नामबाट नागरिकता प्राप्त गर्न सिफारिस दिनु एवं आमाको नामबाट नागरिकतासमेत दिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदनदाबी रहेको पाइयो। रिट निवेदकहरूका पिता रूडल क्षेत्री नेपाली नागरिक थिए वा हुन भन्ने कुनै पनि ठोस प्रमाण पेस नगरेको कारण वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस नदिएको भन्ने विपक्षी गाउँ विकास समिति तथा नागरिकता पाउँ भनी रितपूर्वक निवेदन नै पेस नगरेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखितजवाफ व्यहोरा देखियो।

३. यसमा रिट निवेदकहरू दिवाकर क्षेत्री र प्रभाकर क्षेत्री बाबु रूडल क्षेत्री र आमा सुष्मा राईका छोराहरू रहेका भन्ने देखिन्छ। निजहरूले रिट निवेदनसाथ पेस गरेका कागजात प्रमाणहरू केलाएर हेर्दा रिट निवेदकहरूका बुबा रूडल क्षेत्रीको मृत्यु मिति २०३६।८।२६ मा भएको र तत्पश्चात् निजको पत्नी रिट निवेदकहरूकी आमा सुष्मा राईले २०४२।५।२३ मा योगेन्द्र राई भन्ने व्यक्तिसँग विवाह गरेको भन्ने देखिन्छ। निज सुष्मा राईले मिति २०३३।४।३ मा प्राप्त गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि हेर्दा जिल्ला कार्यालय ललितपुरबाट वंशजको आधारमा लिएको पाइन्छ। नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्त्वपूर्ण प्रमाणपत्र हो। नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानून निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरू तय गरेको हुन्छ। कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा वा रोजगार, पेसा, व्यवसायमा संलग्न

हुँदैमा त्यो राष्ट्रको नागरिक भई हाल्दैन । राज्यको नीतिको अधीनमा रही कानूनले नागरिकता प्राप्त गर्ने खास आधार र प्रक्रियाहरू तय गरेको हुन्छ । यस्ता आधार र प्रक्रियाहरू पूरा गर्ने व्यक्तिलाई नागरिकताको प्रमाणपत्र जारी गरिन्छ ।

४. तत्काल प्रचलित नेपालको अन्तरिम संविधान २०६३ को धारा ८(२)(ख) अनुसार कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति नागरिकता प्राप्त गर्न योग्य हुने व्यवस्था रहेको पाइन्छ । वर्तमान नेपालको संविधानको धारा ११(२)(ख) मा पनि सोहीअनुसारको व्यवस्था रहेको पाइन्छ । सोही धाराको उपधारा (५) मा "नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ" भन्ने व्यवस्था भई प्रतिबन्धात्मक वाक्यांशमा "तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानूनबमोजिम अङ्गिकृत नागरिकतामा परिणत हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत प्रस्तुत रिट दायर हुन आएको भएपनि उक्त संविधान खारेज भई वर्तमान नेपालको संविधान जारी भइसकेको सन्दर्भमा अब नागरिकताको प्राप्तीको विषयसमेत यसै संविधानबमोजिम हुने कुरामा दुईमत हुन सक्दैन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने भए तापनि दफा ५(२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मूलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अङ्गिकृत नागरिकता प्रदान गर्न सकिने भन्ने व्यवस्था रहेको पाइन्छ ।

५. रिट निवेदकहरूले आफूहरूको बाबु नेपाली नागरिक रहेको भनी दाबी लिएको भएपनि निजको बाबु नेपाली नागरिक भएको प्रमाणहरू पेस गर्न असमर्थ रहेको स्वयम् रिट निवेदकहरूले स्वीकार गरेको अवस्था छ । कानूनले कुनै संवैधानिक वा कानूनी हक उपभोग गर्न एकभन्दा बढी विकल्पहरू उपलब्ध गराएको रहेछ भने सोमध्ये कुनै विकल्प छनौट गर्न पाउने अधिकार त्यस्तो हक अधिकार उपभोग गर्न पाउने व्यक्तिमा रहन्छ । प्रस्तुत रिट निवेदनको सन्दर्भमा रिट निवेदकहरूले आमाको नामबाट नागरिकता लिन पाउने संवैधानिक एवं कानूनी हकको उपभोग गर्न पाउने कुरामा आशंका नभएपनि उक्त हक उपभोग गर्न आवश्यक पर्ने माथि उल्लिखित संवैधानिक एवं कानूनी मापदण्ड र प्रक्रियाहरू पूरा गर्ने दायित्व पनि निवेदकहरू माथि रहन जान्छ । रिट निवेदकहरू प्रक्रिया पुर्‍याएर नागरिकता पाउँ भनी आधिकारिक निकायमा गएको अवस्थामा त्यस्तो निकायले माग बमोजिम नागरिकता प्राप्त गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक छानबिन गरी निर्णयमा पुग्नु पर्ने हुन्छ ।

६. तसर्थ निवेदकहरूले माग गरेबमोजिम निवेदकहरू नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम नागरिकता प्राप्त गर्ने वा ऐ. ऐनको दफा ३(२) तथा दफा ५(२) अनुसार नागरिकता प्राप्त गर्न सक्ने व्यक्ति हुन् वा के हुन् सो सम्बन्धमा छानबिन भई निर्णय गर्नु पर्ने देखिएको हुँदा आवश्यक छानबिन गरी निर्णय गरी सोको जानकारी निवेदकहरूलाई समेत दिनु भनी विपक्षीहरू जिल्ला प्रशासन कार्यालय ललितपुर र साबिक किटनी हाल गोदावरी गाउँ विकास समिति ललितपुरको नाममा परमादेशको आदेश जारी

हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा विपक्षीहरूलाई दिनू । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. गोविन्दकुमार उपाध्याय

इजलास अधिकृतः आत्मदेव जोशी
इति संवत् २०७३ साल वैशाख ३० गते रोज ५ शुभम् ।

निर्णय नं. ९६७४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
फैसला मिति : २०७३।०४।१९

मुद्दाः- वैदेशिक रोजगार कसुर ।

०७१-CR-०२३६

पुनरावेदक / वादी : कमल गिरीसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला तेह्रथुम, ओयाग्जुङ गाउँ विकास समिति वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, मनमैंजु गाउँ विकास समिति वडा नं. ८ डेरा गरी बस्ने तुलसीप्रसाद गिरी

०७१-CR-०५८०

पुनरावेदक / प्रतिवादी :जिल्ला तेह्रथुम, ओयाग्जुङ गाउँ विकास समिति वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, मनमैंजु गाउँ विकास समिति वडा नं. ८ डेरा गरी बस्ने तुलसीप्रसाद गिरी

विरूद्ध

प्रत्यर्थी/वादी : कमल गिरीसमेतको जाहेरीले नेपाल सरकार

- **प्रमाण कानूनले लिखत प्रमाणलाई सर्वोत्तम प्रमाण मान्दछ । त्यसैले लिखतमा उल्लेख भएको कुरा अन्यथा प्रमाणित भएमा बाहेक सोमा उल्लेख भएको कुरालाई भरपर्दो र बस्तुपरक प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्ने ।**

(प्रकरण नं. ५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता राम घिमिरे
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-
माननीय अध्यक्ष श्री मीरा खड्का
माननीय सदस्य श्री डा. रवि शर्मा अर्याल
वैदेशिक रोजगार न्यायाधीकरण

फैसला

न्या. ओमप्रकाश मिश्र : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको तथ्य ठहर यसप्रकार छः-

विपक्षी तुलसीप्रसाद गिरीले हामी जाहेरवालाहरूलाई वैदेशिक रोजागारीका लागि अफगानिस्तान पठाउने भनी म प्रकाश भारतीबाट रू.३,००,०००।– रूद्रबहादुर थापाबाट रू.२,९५,०००।– र कमल गिरीबाट रू.३,५०,०००।– बुझी लिएको र दुवईसम्म पुर्‍याई अलपत्र अवस्थामा पारी उक्त भने अनुसारको मूलुकमा नपठाई हामीहरूको रकम ठगी गरेकाले हामीहरूको बिगो र हर्जाना दिलाई निज विपक्षीलाई वैदेशिक रोजगार ऐन, २०६४ अनुसार कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्रकाश भारतीसमेत जना ३ को संयुक्त उजुरी।

विपक्षी तुलसी गिरीले म निवेदकको भाइ गजेन्द्र वि.क.लाई वैदेशिक रोजगारमा पठाउने भनी मिति २०६६।१०।२२ मा रू.३,००,०००।– लिई हालसम्म उक्त मूलुकमा नपठाई रकमसमेत फिर्ता नगरी लुकीछुपी हिड्ने गरेकाले निजलाई पक्राउ गरी मेरो बिगो र हर्जानासमेत दिलाई भराई दिई निज विपक्षीलाई वैदेशिक रोजगार ऐन, २०६४ अनुसार कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको विनोद वि.क.को उजुरी।

मैले वैदेशिक रोजगारमा अफगानिस्तान पठाउने भनेर जाहेरवाला प्रकाश भारतीसँग रू.३,००,०००।–, रूद्रबहादुर थापासँग रू.३,००,०००।–, गजेन्द्रबहादुर वि.क. बाट रू.३,००,०००।– लिएर झापा जिल्ला दुवागढी गाउँ विकास समिति वडा नं. ९ बस्ने राजकुमार श्रेष्ठलाई दिएको हो । सो पैसा बुझाएको कागज पछि पेस गर्नेछु । जाहेरवालाहरूबाट लिएको रकममध्ये प्रकाश भारतीलाई रू.१,५०,०००।– र रूद्रबहादुर थापालाई रू.१,००,०००।– फिर्ता गरिसकेको छु । सो रकम फिर्ता गरेको कागज पछि पेस गर्नेछु । कागजमा भएको सहिछाप र व्यहोरा मेरो हो । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति लिएको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी तुलसीप्रसाद गिरीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

जाहेरवाला कमल गिरीसँग मेरो चिनजान छैन । निजबाट मैले रू.३,५०,०००।– लिई दुवई पुर्‍याई अलपत्र पारेको भन्ने जाहेरी व्यहोरा झुट्टा हो भनी प्रतिवादी तुलसीप्रसाद गिरीले वैदेशिक रोजगार विभागमा गरेको ततिम्बा बयान ।

प्रतिवादीहरू तुलसीप्रसाद गिरी र राजकुमार श्रेष्ठले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि अफगानिस्तान पठाई दिने भनी झुट्टा प्रलोभन देखाई रकम लिई आरोपित कसुर गरेको पुष्टि हुन आएकाले यी प्रतिवादीहरू तुलसीप्रसाद गिरी र राजकुमार श्रेष्ठलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम हदैसम्मको सजाय गरी जाहेरवालाहरूबाट लिएको जम्मा बिगो रू.१२,४५,०००।– र सोको ५० प्रतिशतले हुने हर्जाना रू.६,२२,५००।– समेत गरी जम्मा रू.१८,६७,५००।– दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

मैले जाहेरवालासँग रकम लिएको होइन । मलाई जमानी राखेर राजकुमार श्रेष्ठले पैसा लिएको हो । मैले विदेश पठाएको पनि होइन । जाहेरी व्यहोरा झुट्टा हो । मैले वैदेशिक रोजगारको व्यवसाय गरेको छैन। राजकुमार श्रेष्ठले कागज गरिदिनु म पछि पैसा दिन्छु भनेकोले मैले जाहेरवालाहरूलाई कागज गरदिएको हो । वैदेशिक रोजगारको कागज भन्ने मलाई थाहा थिएन। व्यहोरा मेरो होइन, सहिछाप मेरो हो। अभियोग मागदाबी अनुसारको कार्य नगरेकोले मैले सजाय पाउनुपर्ने होइन। जाहेरवालाहरूको रकम मैले नलिएको भए तापनि प्रकाश भारतीलाई रू.१,५०,०००।– र रूद्रबहादुर थापालाई रू.१,००,०००।– दिएको छु । अभियोग खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी तुलसीप्रसाद गिरीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बयान ।

प्रतिवादी तुलसीप्रसाद गिरीलाई जाहेरवालाहरूलाई कागज गरिदिनु भनेर मैले भनेको

होइन र रकम पछि दिन्छु भनेको पनि होइन। प्रतिवादीको उक्त बयान झुट्टा हो। अभियोग मागदाबीबमोजिम मैले कुनै कसुर नगरेको हुँदा सजाय पाउनुपर्ने होइन। जाहेरवालाहरूलाई म चिन्दिन। मैले जाहेरवालाबाट र प्रतिवादी तुलसीप्रसाद गिरीबाट पनि मैले रकम लिएको होइन। तुलसीप्रसाद गिरीले विभागमा र न्यायाधिकरणमा बयान गर्दा मलाई किन पोल गरे थाहा छैन। तुलसीप्रसाद गिरीले मलाई जबरजस्ती कागज गराई त्यसैको आधारमा निजको भाइ राजन गिरीले म विरूद्ध जाहेरी दिई यसै न्यायाधिकरणमा मुद्दा नं. २३३ दायर गरी धरौटीमा रहेको छ। तसर्थ अभियोग दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बयान।

यी प्रतिवादीले विदेश पठाउने मानिसलाई चिनेको छ भनेको आधारमा निजउपर मुद्दा दिएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठका साक्षी कमल चुडालले गरेको बकपत्र।

मिति २०६८।१।२७ मा दिएको निवेदनको व्यहोरा र सोमा भएको सही मेरै हो। उक्त निवेदनमा उल्लेख भएअनुसार प्रतिवादीले मेरो बहिनी ज्वाई गजेन्द्र वि.क.लाई अफगानिस्तान पठाई दिन्छु भनी रू. ३,००,०००।– लिएर पठाउन सक्नु भएन। दुवईमा लगेर पठाउन नसकी नेपाल फर्किएका हुन्। निज प्रतिवादीले रकम बुझी गरिदिएको सक्कल लिखत यसै बकपत्र साथ पेस गर्दछु। प्रमाण लगाई पाउँ भन्नेसमेत व्यहोराको जाहेरवाला विनोद वि.क.ले गरेको बकपत्र।

प्रतिवादी तुलसीप्रसाद गिरीले वैदेशिक रोजगारमा अफगानिस्तान पठाउने भनी रू. ३,००,०००।– लिई दुवई पुर्‍याई २ महिना त्यहाँ राखी नेपाल फर्काएका हुन्। प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरी मेरो बिगो रकम र सोको हर्जानासमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको जाहेरवाला कमल गिरीले गरेको बकपत्र।

प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम बुझिलिई गरिदिएको लिखतहरूबाट यी प्रतिवादी तुलसीप्रसाद गिरीले वादीले लगाएको अभियोगबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिन आएकाले निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ अनुसार एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।– जरिवाना हुने ठहर्छ। बिगोको हकमा जाहेरवाला कमल गिरीसँग वैदेशिक रोजगारमा पठाउनको लागि यी प्रतिवादी तुलसीप्रसाद गिरीले रकम लिएको वादी दाबी पुष्टि हुने सकेको नदेखिँदा कमल गिरीको बिगो भराई पाउँ भन्ने हदसम्मको वादी दाबी पुग्न सक्दैन। अरू जाहेरवालाहरूले वादी दाबीबमोजिमको हर्जानासहितको बिगो यी प्रतिवादी तुलसीप्रसाद गिरीबाट भरी पाउने ठहर्छ। वादीले प्रतिवादी राजकुमार श्रेष्ठउपर आफूले लगाएको अभियोग प्रमाणित गर्न सकेको नदेखिँदा निज प्रतिवादीलाई पनि वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा दफा ४३ बमोजिम सजाय गरी निज प्रतिवादीसमेतबाट जाहेरवालाहरूलाई हर्जानासहितको बिगो भराई पाउँ भन्ने वादीको अभियोग मागदाबी पुग्न सक्दैन। प्रतिवादी राजकुमार श्रेष्ठले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्नेसमेतको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।३।२३ को फैसला।

उक्त फैसलामध्ये जाहेरवाला कमल गिरीको बिगो नठहर्‍याई प्रतिवादी तुलसीप्रसाद गिरीलाई कम सजाय गर्ने गरी र प्रतिवादी राजकुमार श्रेष्ठलाई सफाइ दिने गरी भएको हदसम्म चित्त बुझेन। जाहेरवाला कमल गिरीले आफूलाई प्रतिवादीले दुई पटकसम्म दुवईसम्म पुर्‍याई अलपत्र छाडिदिएको भनी दिएको जाहेरी दरखास्त, निजले बकपत्रको क्रममा पेस गरेको सम्झौतापत्र, इन्ट्री परमिट, कामदार विमा गराएको रसिद, श्रम स्वीकृतिका लागि रकम बुझाएको नगदी रसिद, आते जाते प्लेन टिकटहरूले समेतका

प्रमाणको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ । जाहेरवालालाई विदेश दुवईसम्म पठाई सकेको अवस्थामा प्रतिवादी तुलसीप्रसाद गिरीलाई सोही ऐनको दफा ४३ अनुसार पुरै सजाय नै हुनुपर्नेमा आधा सजाय गरेको पनि त्रुटिपूर्ण भयो ।

प्रतिवादी राजकुमार श्रेष्ठले न्यायाधिकरणमा बयान गर्दा कसुरमा इन्कार रहे तापनि सह अभियुक्त तुलसीप्रसाद गिरीले मौकामा बयान गर्दा निज प्रतिवादीलाई पोल गरी गरेको बयान, राजकुमार श्रेष्ठले जाहेरवालाहरूलाई रकम लिएको कागज गरिदिन म पछि पैसा दिन्छु भनी भनेकाले कागज गरिदिएको हो भनी तुलसीप्रसाद गिरीले यी प्रतिवादीलाई पोल गरी न्यायाधिकरणसमक्ष गरेको बयानबाट संगठितरूपमा हुन गएको प्रस्तुत मुद्दाको कसुरमा यी प्रतिवादी राजकुमार श्रेष्ठको प्रमुख भुमिका रहेको देखिन आएकोले निजलाई कसुरबाट पूर्ण सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ । तसर्थ उल्लिखित हदसम्मको सुरू फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम पूर्ण सजाय गरी जाहेरवाला कमल गिरीबाट लिएको बिगो रकम र हर्जाना रकमसमेत दिलाई भराई पाउँ भन्नेसमेत वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

उक्त फैसला चित्त बुझेन । म पुनरावेदकले हालसम्म कोही कसैलाई वैदेशिक रोजगारमा पठाई दिने भनी रकम लिएको छैन । यी जाहेरवालासँग राजकुमार श्रेष्ठले मलाई जमानी राखी पैसा लिएका हुन् । अनुसन्धानको साबिती बयानलाई इन्कार गरी न्यायाधिकरणमा भएको साँचो बयानको कुनै सुनुवाइ नै गरिएन । अनुसन्धान अधिकृतसमक्षको बयान झुट्ठा हुँदा प्रमाणमा लिन मिल्दैन । अन्य प्रमाण नहेरी जाहेरवालाको जाहेरी र लिखतका भरमा फैसला भएको छ । जुन सरासर त्रुटिपूर्ण छ । जाहेरवालाहरू प्रकाश भारती र रूद्रबहादुर थापा न्यायाधिकरणसमक्ष उपस्थित नभएकाले मेरो विरूद्ध प्रमाण लगाउन मिल्दैन । जाहेरवाला विनोद वि.क.को बकपत्र आफैँमा विरोधाभाषापूर्ण छ । निज विनोद वि.क. आफैँ पीडित नभएको र पीडित भनिएका गजेन्द्र विश्वकर्मालाई उपस्थित गराउन सकिएको छैन । म वैदेशिक रोजगारको व्यवसाय नगर्ने व्यक्तिलाई इजाजत पत्र लिनुपर्ने वा नपर्ने कुरासित कुनै सम्बन्ध नै छैन । तसर्थ उक्त फैसला बदर गरी न्याय दिलाई पाउँ भन्नेसमेतको प्रतिवादी तुलसीप्रसाद गिरीले यस अदालतमा दिएको पुनरावेदनपत्र ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राम घिमिरेले जाहेरवाला कमल गिरीले आफूलाई प्रतिवादीले दुई पटकसम्म दुवईसम्म पुर्‍याई अलपत्र छाडि दिएको भनी किटानी जाहेरी दिई सो कुरा निजले बकपत्रबाट समेत पुष्ट्याँई गरेका छन् । निजले बकपत्रसाथ पेस गरेका सम्झौता पत्र, इन्ट्री परमिट, कामदार बिमा गराएको रसिद, श्रम स्वीकृतिका लागि रकम बुझाएका नगदी रसिद, प्लेन टिकटहरू पेस गरेकोमा ती प्रमाणहरूलाई ग्रहण नगरी फैसला भएको छ । जाहेरवालालाई विदेश दुवईसम्म पठाई सकेको देखिएको अवस्थामा प्रतिवादी तुलसीप्रसाद गिरीलाई पुरै सजाय गरिनुपर्नेमा आधा सजाय मात्र गरियो । सहप्रतिवादी तुलसीप्रसाद गिरीले प्रतिवादी राजकुमार श्रेष्ठलाई पोल गरी गरेको बयानबाट प्रतिवादी राजकुमार श्रेष्ठको प्रस्तुत मुद्दामा प्रमुख भूमिका देखिँदा देखिँदै निजलाई सफाइ दिएको मिलेको छैन । तसर्थ सुरू फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको सजाय गरी जाहेरवाला कमल गिरीबाट लिएको बिगो रकम र हर्जानासमेत दिलाई भराई पाउनु पर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्त बहस जिकिर सुनि मिसिल अध्ययन गरी हेर्दा वादी नेपाल सरकार र प्रतिवादी तुलसीप्रसाद गिरीको पुनरावेदन जिकिर हेरी इन्साफतर्फ विचार

गर्दा प्रस्तुत मुद्दामा वादी नेपाल सरकार र प्रतिवादी तुलसीप्रसाद गिरीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? सुरू फैसला मिलेको छ, छैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी तुलसीप्रसाद गिरीले अनुसन्धानको क्रममा विपक्षी राजकुमार श्रेष्ठसमेतलाई उक्त वारदातमा पोल गरी बयान गरेकोले प्रतिवादीद्वय तुलसीप्रसाद गिरी र राजकुमार श्रेष्ठको संलग्नतामा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर भए गरेको पुष्टी भएकाले निज प्रतिवादीहरू द्वयलाई सोही ऐनको दफा ४३ बमोजिम हदैसम्मको सजाय गरी जाहेरवालाहरूबाट लिएको जम्मा बिगो रू.१२,४५,०००।– र सोको ५०% ले हुने हर्जानासमेत जाहेरवालाहरूलाई दिलाई भराई पाउन माग दाबी लिई अभियोग पत्र दायर भएको रहेछ । प्रतिवादी तुलसीप्रसाद गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ अनुसार एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।– जरिवाना हुने, कमल गिरीको बिगो भराई पाउँ भन्ने दाबी नपुग्ने, अरू जाहेरवालाहरूको वादी दाबीबमोजिमको हर्जानासहितको बिगो प्रतिवादी तुलसीप्रसाद गिरीबाट जाहेरवालाहरूले भराई पाउने र प्रतिवादी राजकुमार श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएको पाइयो । उक्त फैसलामध्ये प्रतिवादी तुलसीप्रसाद गिरीलाई कम सजाय गरेको तथा जाहेरवाला कमल गिरीको हर्जानासहितको बिगोउपरको दाबी नपुग्ने र प्रतिवादी राजकुमार श्रेष्ठलाई सफाइ दिने ठहर्‍याएको हदसम्म चित्त बुझेन भनी वादी नेपाल सरकारको र आफूले आरोपित कसुर नगरेकोमा कसुरदार ठहर गरी हर्जानासहितको बिगो भराइदिने गरी भएको फैसला चित्त बुझेन भनी प्रतिवादी तुलसीप्रसाद श्रेष्ठको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

३. विपक्षी तुलसीप्रसाद गिरीले हामी जाहेरवालाहरूलाई वैदेशिक रोजागारीका लागि अफगानिस्तान पठाउने भनी म प्रकाश भारतीबाट रू.३,००,०००।– रूद्रबहादुर थापाबाट रू.२,९५,०००।– र कमल गिरीबाट रू.३,५०,०००।– बुझी लिई दुवईसम्म लगि अलपत्र छाडेको र जाहेरवालाहरू स्वदेश फर्की आई रकम माग्दा नदिई ठगी गरेको भनी परेको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । त्यसैगरी विपक्षी तुलसीप्रसाद गिरीले गजेन्द्र वि.क.लाई वैदेशिक रोजगारमा पठाउने भनी मिति २०६६।१०।२२ मा रू.३,००,०००।– लिई हालसम्म उक्त मूलुकमा नपठाई रकमसमेत फिर्ता नगरेको भनी विनोद वि.क.को अर्को छुट्टै उजुरिसमेत रहेछ । विदेश अफगानिस्तान पठाई दिन भनी पुनरावेदक प्रतिवादी तुलसीप्रसाद गिरीले जाहेरवाला मध्येका प्रकाश भारती र गजेन्द्रबहादुर वि.क.बाट रू.३,००,०००।– का दरले र रूद्रबहादुर थापाबाट रू.२,९५,०००।– रकम बुझिलिएको भन्ने व्यहोराको कागज निज जाहेरवालाहरूले जाहेरी दरखास्त साथ पेस गरेको देखिन्छ । पुनरावेदक तुलसीप्रसाद गिरीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत पत्र नलिएको तथ्यमा कुनै विवाद देखिँदैन । मैले वैदेशिक रोजगारमा अफगानिस्तान पठाउने भनेर जाहेरवाला प्रकाश भारतीसँग रू.३,००,०००।–, रूद्रबहादुर थापासँग रू.३,००,०००।–, गजेन्द्रबहादुर वि.क.बाट रू.३,००,०००।– लिएर राजकुमार श्रेष्ठलाई दिएको हो । सो पैसा बुझाएको कागज पछि पेस गर्नेछु । जाहेरवालाहरूबाट लिएको रकममध्ये प्रकाश भारतीलाई रू.१,५०,०००।– र रूद्रबहादुर थापालाई रू. १,००,०००।– फिर्ता गरिसकेको छु । सो रकम फिर्ता गरेको कागज पछि पेस गर्नेछु । कागजमा भएको सहिछाप र व्यहोरा मेरो हो । जाहेरवाला कमल गिरीसँग मेरो चिनजान छैन । निजबाट मैले रू.३,५०,०००।– लिई दुवई पुर्‍याई अलपत्र पारेको भन्ने जाहेरी व्यहोरा

झुट्ठा हो भनी पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष बयान गरेको देखिन्छ। निज पुनरावेदक प्रतिवादीले न्यायाधिकरणसमक्षको बयानमा मैले जाहेरवालासँग रकम लिएको होइन । मलाई जमानी राखेर राजकुमार श्रेष्ठले पैसा लिएको हो । मैले विदेश पठाएको पनि होइन । जाहेरी व्यहोरा झुट्ठा हो । मैले वैदेशिक रोजगारको व्यवसाय गरेको छैन । राजकुमार श्रेष्ठले कागज गरिदिनु म पछि पैसा दिन्छु भनेकोले मैले जाहेरवालाहरूलाई कागज गरदिएको हो । वैदेशिक रोजगारको कागज भन्ने मलाई थाहा थिएन। व्यहोरा मेरो होइन, सहिछाप मेरो हो। अभियोग मागदाबीअनुसारको कार्य नगरेकोले मैले सजाय पाउनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कार रहेता पनि अनुसन्धान अधिकृतसमक्ष डर धाक देखाई वा कुटपिट गरी इच्छाविपरीत बयान गराइएको हो भनी जिकिर लिएको देखिँदैन । साथै निजले न्यायाधिकरणसमक्ष गरेको बयानको स.ज.८ मा अनुसन्धान अधिकृतसमक्ष गरेको बयानको व्यहोरा र सहिछाप मेरै हो भनी लेखाएको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ९ ले निजको अनुसन्धान अधिकृतसमक्ष गरेको बयान प्रमाणको लागि ग्राह्य नै रहेको देखिन्छ।

४.यीपुनरावेदकलेअनुसन्धानअधिकृतसमक्ष बयान गर्दा जाहेरीसाथ पेस भएका लिखतमा लागेको सहिछाप र व्यहोरा आफ्नै भएको कुरालाई स्वीकार गरेको देखिन्छ । उक्त लिखतअनुसारको रूपैयाँ बुझिलिएर प्रतिवादी राजकुमार श्रेष्ठलाई दिएको हुँ। सो रकम बुझाएको कागज पछि पेस गर्नेछु भनी पुनरावेदकले जिकिर लिएता पनि राजकुमार श्रेष्ठलाई रकम बुझाएको कागज न्यायाधिकरणसमक्ष समेत पेस नगरी तारेखै गुजारी बसेको देखिन्छ । प्रतिवादी तुलसीप्रसाद गिरीलाई जाहेरवालाहरूलाई कागज गरिदिनु भनेर मैले भनेको होइन र रकम पछि दिन्छु भनेको पनि होइन। प्रतिवादीको उक्त बयान झुट्ठा हो। जाहेरवालाहरूलाई म चिन्दिन। जाहेरवालाबाट र प्रतिवादी तुलसीप्रसाद गिरीबाट पनि मैले रकम लिएको होइन भनी प्रतिवादी राजकुमार श्रेष्ठले न्यायाधिकरणसमक्ष बयान गरेको देखिन्छ । जाहेरवालाहरूबाट पेस भएका मिति २०६६।१०।२२ का थान ३ लिखत व्यहोरा हेर्दा पनि जाहेरवालाहरूबाट यिनै पुनरावेदक प्रतिवादी तुससीप्रसाद गिरीले रकम बुझिलिएको व्यहोरा उल्लेख भएको देखिन्छ। जाहेरवालाहरूले पनि यिनै पुनरावेदकले रकम बुझिलिएको दाबी लिई उजुरी गरेको र अर्का प्रतिवादी राजकुमार श्रेष्ठलाई पोल गरेको देखिँदैन । जाहेरवालामध्येका विनोद वि.क.ले जाहेरी व्यहोरालाई पुष्टि गरी बकपत्र गरेको देखिन्छ।

५. प्रमाण कानूनले लिखत प्रमाणलाई सर्वोत्तम प्रमाण मान्दछ । त्यसैले लिखतमा उल्लेख भएको कुरा अन्यथा प्रमाणित भएमा बाहेक सोमा उल्लेख भएको कुरालाई भरपर्दो र वस्तुपरक प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्दछ। वादी पक्षले लिखत नै पेस गरी अभियोग दाबीलाई पुष्टि गरेको र सो लिखतमा लागेको सहि र व्यहोरा मेरो हो भनी जाहेरवालाले पेस गरेको लिखतलाई स्वीकार गरेको देखिएकोले यी पुनरावेदकले विदेश अफगानिस्तान पठाइदिन भनी जाहेरवालाहरू रूद्रबहादर थापा, प्रकाश भारती र गजेन्द्रबहादुर वि.क. बाट रकम बुझिलिएको कुरा लिखत प्रमाणबाट प्रमाणित हुन आयो।

६. पुनरावेदक प्रतिवादीले जाहेरवालाहरू प्रकाश भारती र रूद्रबहादुर थापा न्यायाधिकरणसमक्ष उपस्थित नभएकाले मेरो विरूद्ध प्रमाण लगाउन मिल्दैन भनी लिएको जिकिरतर्फ हेर्दा न्यायाधिकरणबाट निज जाहेरवालासमेतका व्यक्तिहरूलाई बकपत्रको लागि उपस्थित गराइदिन लेखी पठाएकोमा रोजगारीको सिलसिलामा जाहेरवाला गजेन्द्रबहादुर वि.क. मलेसियामा र प्रकाश भारती बहराइनमा गएको कारण बकपत्रको लागि उपस्थित हुन नसकेको भनी सो मूलुकमा भएको प्रमाणसमेत संलग्न गरी न्यायाधिकरणसमक्ष जानकारी गराएको देखिन्छ । यस्तो स्थितीमा निज

जाहेरवालाहरू उपस्थित हुन नसक्नु स्वाभाविक छ। यी प्रतिवादीले जाहेरवालाहरूबाट रकम लिई कागज गरी दिएको तथ्य समर्थित भएबाट निज जाहेरवालाहरू बकपत्र गर्न उपस्थित हुन नसकेको कारणले प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउनु पर्दछ भन्ने जिकिर न्याय, विवेक र तर्कसङ्गत देखिन आएन।

७. प्रतिवादी राजकुमार श्रेष्ठलाई सफाइ दिएको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा जाहेरवालाहरूले निज राजकुमार श्रेष्ठलाई पोल उजुरी गरेको देखिँदैन । जाहेरवाला बिनोद वि.क.ले प्रतिवादी राजकुमार श्रेष्ठलाई चिन्दिन भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालाहरूबाट पेस भएको लिखतबाट पनि निज प्रतिवादीले जाहेरवालाहरूबाट रकम बुझेको भन्ने देखिँदैन । यी प्रतिवादी राजकुमार श्रेष्ठलाई पोल गरी बयान गर्ने प्रतिवादी तुलसीप्रसाद श्रेष्ठले पनि निज प्रतिवादीलाई रकम बुझाएको कुनै लिखत प्रमाण पेस गर्न सकेको देखिँदैन। यी प्रतिवादी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। तसर्थ मिसिल संलग्न कुनैपनि प्रमाणबाट विदेश पठाइदिन भनी प्रतिवादी राजकुमार श्रेष्ठले जाहेरवालाहरूबाट रकम बुझेको प्रमाणित हुन नआएकोले प्रतिवादी तुलसीप्रसाद गिरीको पोल बयानको आधारमा मात्र निजलाई दोषी ठहर गर्न मिल्ने देखिएन।

८. जाहेरवाला कमल गिरीको हकमा अभियोग दाबी नपुग्ने गरी भएको सुरू फैसला त्रुटिपूर्ण छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा निज जाहेरवालाले रकम बुझाएको कुनै लिखत प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादी तुलसीप्रसाद गिरीले अनुसन्धानको क्रममा र न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरवाला कमल गिरीलाई चिन्दिन । निजसँगबाट रकम बुझिलिएको पनि छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निज जाहेरवालाले न्यायाधिकरणमा बकपत्र गर्दा पनि रकम बुझाएको लिखत छैन भनी उल्लेख गरेको देखिन्छ । तसर्थ निज जाहेरवालाको मौखिक भनाइ कै आधारमा मात्र निज जाहेरवाला कमल गिरीलाई विदेश पठाइदिन भनी रकम लिई ठगी गरेको भन्न सकिने अवस्था रहेन।

९. अब प्रतिवादी तुलसीप्रसाद गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार पुरै सजाय नै हुनुपर्नेमा आधा सजाय गरेको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार *"कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन* देखाई *वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ। विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुनेछ।"* भन्ने कानूनी व्यवस्था देखिन्छ। मिसिल संलग्न जाहेरवालाहरूबाट पेस भएको लिखतमा विदेश अफगानिस्तान पठाउन भनी कागज भएको देखिन्छ। दुवईसम्म पुर्‍याएर फर्की आएको भन्ने दाबी भए तापनि सो कुरालाई पुष्टि गर्ने कुनै लिखत प्रमाण जाहेरवालाहरू रूद्रबहादुर थापा, प्रकाश भारती र गजेन्द्रबहादुर वि.क.को हकमा जाहेरवाला विनोद वि.क.बाट पेस हुन आएको छैन। जाहेरवाला कमल गिरीले बकपत्र साथ प्लेनका टिकटसमेतका कागजात प्रस्तुत गरेपनि निजलाई विदेश पठाउने भनी कुनै रकम नलिएको भनी प्रतिवादी तुलसीप्रसाद गिरीले बयान गरेको देखिन्छ । यी प्रतिवादीले जाहेरवाला कमल गिरीसँग रकम लिएको कुरालाई पुष्टाई गर्ने कुनै तथ्ययुक्त प्रमाण पेस हुन नसकेको अवस्था रहेबाट कमल गिरीको हकमा प्रतिवादी तुलसीप्रसाद गिरीलाई

कसुरदार ठहर गर्न मिलेन । अन्य जाहेरवालाबाट विदेश जान आउन लागेको खर्चको माग दाबीसमेत नदेखिएकोले जाहेरवालाहरू दुवईसम्म पुगी फर्कि आएका रहेछन् भन्न सकिने अवस्था देखिँदैन । तसर्थ प्रतिवादी तुलसीप्रसाद गिरीले उल्लिखित व्यक्तिहरूबाट अफगानिस्तान पठाउन भनी रकम बुझिलिएर सो मूलुकमा नपठाएकोसम्मको अवस्था प्रमाणित हुन आएको देखिएकोले उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रतिवादी तुलसीप्रसाद गिरीलाई एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।- जरिवाना गर्ने गरी भएको सुरू फैसला कानूनसम्मत देखिन्छ ।

१०. तसर्थ प्रतिवादी तुलसीप्रसाद गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ अनुसार एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।– जरिवाना हुने, कमल गिरीको बिगो भराई पाउँ भन्ने हदसम्मको वादी दाबी पुग्न नसक्ने, अरू जाहेरवालाहरूले वादी दाबीबमोजिमको हर्जानासहितको बिगो यी प्रतिवादी तुलसीप्रसाद गिरीबाट भरी पाउने र प्रतिवादी राजकुमार श्रेष्ठउपरको अभियोग मागदाबी पुग्न नसक्ने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी तुलसीप्रसाद गिरीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

प्रतिवादी तुलसीप्रसाद गिरीले धादिङ्ग, पीडा-२घ कि.नं. ४९९ को जेथा जमानत राखी यस अदालतबाट अदालती बन्दोबस्तको १९४ नं. बमोजिम सुविधा लिई पुनरावेदन गरेको देखिँदा निजलाई वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।३।२३ को फैसलाको तपसिल खण्डको देहाए दफा ३ बमोजिम राखिएको कैद र जरिवानाको लगत असुल भएपछि निजले राखेको उल्लिखित जेथा नियमानुसार गरी फुकुवा गरिदिनू १

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइ दिनू २

उक्त रायमा सहमत छु ।
न्या. दीपककुमार कार्की

इजलास अधिकृत : आनन्दराज पन्त
इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

निर्णय नं. ९६७५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७३।२।२४
०६९-CR-०४६१

मुद्दा : कर्तव्य ज्यान र अपहरण

पुनरावेदक / वादी : पन्नालाल साह सोनारको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला पर्सा वैरिया विर्ता गा.वि.स. वडा नं. ९ बस्ने विकाउ भन्ने रामस्वरूप मुखिया विनसमेत

०६९-CR-०४३२

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा वैरियावितार्ता गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय, पर्सामा थुनामा रहेका विकाउ भन्ने रामस्वरूप मुखिया विनसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : पन्नालाल साह सोनारको जाहेरीले नेपाल सरकार

- **प्रहरी आफैँले वा जबरजस्ती गरी लेखाएको बयानमा घटनाको वस्तुस्थितिसँग मेल खाने किसिमले घटनाको सिलसिलेवार चित्रण पनि हुन सक्दैन र त्यस्तो बयान अन्य मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइसँग पनि हुबहु नमिल्न सक्छ। यसरी घटनाको वस्तुस्थिति तथा परिवेशसँग र मौकामा कागज गर्नेहरूको भनाइसँग मेल खाने गरी आप्नो स्वेच्छाले गरेको मौकाको बयानलाई अन्यथा पुष्टि नभएसम्म अदालतमा इन्कार गरेकै आधारमा असत्य भन्न नमिल्ने।**

(प्रकरण नं.५)

- **वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले मौकामा कागज गर्दा यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी लेखाएकोमा अदालतमा बकपत्र गर्दा मौकाको बकपत्र आफूले लेखाएको नभई लेखेर ल्याएकोमा सही गराएको भने तापनि सो कुराको पुष्टि गर्न नसकेकोले सो भनाइलाई विश्वासयोग्य मान्न सकिँदैन। अनुसन्धानका क्रममा तयार भएका तथा संग्रहित मिसिल संलग्न प्रमाणहरू एक आपसमा समर्थित भई वारदातलाई र वारदातमा प्रतिवादीहरूको संलग्नताका सम्बन्धमा पुष्टि गरिराखेको अवस्थामा मौकामा संकलित प्रमाणहरूलाई अन्यथा मानी प्रमाणमा अग्राह्य गर्न नसकिने।**
- **कुनै काम, घटना वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने व्यक्ति वा सो काम, घटना वा अवस्थाबाट पीडित भएको व्यक्तिले कुनै काम वा घटनाका सम्बन्धमा मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा १० मा भएअनुसार पनि घटनाका पीडित र प्रत्यक्षदर्शी दुवै रहेका यी पीडितहरूको मौकाको भनाइलाई अदालतमा आइ बकपत्र नगरेको आधारमा मात्र प्रमाणमा लिन नमिल्ने भन्न नमिल्ने।**

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : उपन्यायाधिवक्ता ज्ञानप्रसाद भुसाल

प्रत्यर्थी / वादीका तर्फबाट : रामप्रसाद अर्याल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहबाट फैसला गर्नेः-

मा.जि.न्या. श्री कृष्णकमल अधिकारी

पुनरावेदन तहबाट फैसला गर्ने :-

मा.न्या. श्री आनन्दमोहन भट्टराई

मा.न्या. श्री शारङ्गा सुवेदी

फैसला

न्या.देवेन्द्र गोपाल श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दुवै पक्षबाट पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार

छ।

मिति २०६५।५।२० गते राति ८।२० बजेको समयमा हतियारधारी व्यक्तिहरूले जिल्ला पर्सा उदयपुर धुर्मी गा.वि.स. वडा नं. २ बस्ने पन्नालाल साह सोनारलाई अपहरण गरी लग्दा अपहरणकारीहरूको प्रतिकारमा आएका घर परिवारलाई गोली हानी घाइते बनाई भागी फरार भएको भन्ने सूचनाअनुसार तत्काल खटी जाँदा निज पन्नालालको श्रीमती देवमती देवी, छोरा सुरेन्द्र साह, दिपेन्द्र साह, भतिजा जितेन्द्र साह, रविन्द्र साह र भतिजी पुजा साहसमेत लाई घाइते अवस्थामा फेला पारी उपचारको लागि वीरगंजतर्फ पठाएकोमा घाइतेमध्ये देवमती देवीको बाटैमा मृत्यु भएको छ। अपहरणकारी तथा पीडित पन्नालाल साह सोनारलाई सम्भावित एरियामा खोजतलास भइरहेको भन्नेसमेत व्यहोराको प्रहरी नायब निरीक्षक गोपीचन वि.क. को मिति २०६५।५।२१ को प्रतिवेदन।

जिल्ला पर्सा उदयपुर धुर्मी गा.वि.स. वडा नं. २ स्थित पन्नालाल साह सोनारको घरको दक्षिण पूर्वपट्टि घरको शुर देवालबाट १० फिट ८ इन्चको दुरीमा दक्षिण सडक छेउमा बिजुलीको पोलको १ फुट पश्चिम सडकमा रगत जस्तो रातो दाग देखिएको, सो दागदेखि १९ फिट पश्चिमको दुरीमा बासुदेव महतको घर भएको सो घरको पूर्व उत्तर सडकसँग सटेको घरको सुर देवालसँगै सटेको सडकको भुईं माडिई माडिएको छेउमा १२ के. एफ.लेखिएको टोटा गोलीको खोका ३ र सोमा प्रयोग हुने प्लाष्टिक कभर २ सडकमा छरिएको अवस्थामा रहेको, सोदेखि पश्चिम ५० मि. को दुरीमा तेजनारायण साहको घर भएको सो घरको उत्तरपट्टि गोबर थुपारी राखेको छेउमा पनि १२ के. एफ. लेखेको टोटा गोलीको खोका १ समेत फेला परेको भन्नेसमेत व्यहोराको मिति २०६५।५।२१ को घटनास्थल मुचुल्का।

जिल्ला पर्सा, वीरगंज उपमहानगरपालिका वडा नं. ३ स्थित नारायणी उपक्षेत्रीय अस्पतालको शवगृहमा निज देवमती देवीको लास रहेको, लासको दूधमाथि आधा इन्च गोलाईको छर्रा लागेको ३ वटा प्वाल, दुवै दूध मुनी साढे एक इन्च गोलाइको गोली लागेको प्वाल, सो प्वालबाट रगत निस्की कपडा भिजेको, दायाँ दूधमा आधा इन्च गोलाइको छर्रा लागेको प्वाल, दूधमुनि आधा इन्च गोलाइको छर्रा लागेको प्वाल देखिएको भन्नेसमेत व्यहोराको मृतक देवमती देवीको मिति २०६५।५।२१ को लासजाँच मुचुल्का।

२०६५।५।२० गते घटना घट्नुभन्दा अगाडि पर्सा जिल्ला उदयपुर धुर्मी गा.वि.स. वडा नं. ३ बस्ने हरिशंकर मुखिया विन गाउँ टोलतिर घुम्दै बाहिरबाट मान्छे आउँदैछन् सबै घरमा सुरक्षित बस्नु भन्दै हिँडेको १५। २० मिनेटपछि घटना घटेको हो। निज हरिशंकरसमेत वारदातपश्चात् भागी फरार भएकोले र निजका भिनाजु रामस्वरूप केही दिन अगाडिबाट निजकै घरमा आई बसेको हुँदा निज हरिशंकर र रामस्वरूपसमेतको संलग्नतामा वारदात भएको हो भन्नेसमेत व्यहोराको हिरा भन्ने चौकि साह, टोनी गिरी, कपिलदेव महतोसमेतले मौकामा गरेको कागज।

मिति २०६५।५।२० गते राति ८:२० बजेको समयमा मेरो दाइ पन्नालाल साह सोनारलाई अपहरण गरी लगेको र प्रतिकारमा आएका घर परिवारलाई गोली हानी घाइते बनाएकोमा घाइतेमध्ये भाउजू देवमतीको उपचारको लागि ल्याउँदा मृत्यु भएको हो। भतिजाहरू सुरेन्द्र साह, दिपेन्द्र साह, मेरो छोराहरू रविन्द्र, जितेन्द्र, छोरी पुजा साहसमेत गोली लागि घाइते अवस्थामा उपचार भइरहेको छ। सो घटना घटाउनेमा जिल्ला पर्सा, उदयपुर धुर्मी वडा नं. ३ बस्ने हरिशंकर मुखिया, अम्बिका मुखिया, ललन गिरी, ऐ. वैरियाविर्ता वडा नं. ९ बस्ने विकाउ भन्ने रामस्वरूप मुखिया, जिल्ला बारा, गा.वि.स. वतरा-३ बस्ने उजर भन्ने रामजी मुखिया विन, जिल्ला पर्सा, गा.वि.स. महुवन बलुवागाउ बस्ने प्रेम गिरीसमेत नाम थर वतन थाहा भएका र अन्य नाम

थर वतन थाहा नभएका १०/१२ जना हतियारधारी व्यक्तिहरूको संलग्नता रहेको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको जयलाल साह सोनारको मिति २०६५।५।२२ को जाहेरी दरखास्त।

फरार अभियुक्तहरूमध्ये अम्बिका मुखिया विन, बिकाउ भन्ने रामस्वरूप मुखिया विन र उजर भन्ने रामजी मुखिया विनलाई पक्राउ गरी पेस गरेको छु भन्नेसमेत व्यहोराको प्र.स.नि. सलाम सिंह तामाङको २०६५।५।२३ को प्रतिवेदन।

मिति २०६५।५।२० मा अपहरण गरी लगेका पन्नालाल साह सोनारलाई खोज तलासका क्रममा २०६५।५।२३ गते राति पर्सा जिल्लाको झख्डा मसियानी गाउँबाट सकुशल मुक्त गराउन सफल भएकोले निजलाई यसै प्रतिवेदनसाथ उपस्थित गराएको छु भन्नेसमेत व्यहोराको प्र.स.नि. सलाम सिंह तामाङको मिति २०६५।५।२४ को प्रतिवेदन।

यसमा छुट्टाछुट्टै समूहमा मलाई देखाइएका व्यक्तिहरूमध्ये पहिलो समूहको दोस्रो नम्बरमा देखाइएका जिल्ला पर्सा, वैरिया विर्ता वडा नं. ९ घर भएका विकाउ भन्ने रामस्वरूप मुखिया विन-१, दोस्रो समूहमा देखाइएका तेस्रो नम्बरका जिल्ला पर्सा उदयपुर धुर्मी कुहडी गाउँ घर भएका अम्बिका मुखिया विन-१ र तेस्रो समूहमा देखाइका पहिलो नम्बरको जिल्ला बारा, वतरा गा.वि.स. वडा नं. ३ घर भएका उजर भन्ने रामजी मुखिया विनसमेतलाई देखी चिनेँ। यिनै तीन जना मिति २०६५।५।२० गते राति ८:२० बजे मलाई अपहरण गरी मेरो श्रीमती तथा छोराहरूलाई गोली हान्ने वारदातमा संलग्न रहेका व्यक्तिहरू हुन्। यिनीहरूलाई मैले बिजुली बत्तीको उज्यालोबाट प्रस्ट देखी चिनको हो भन्नेसमेत व्यहोराको पन्नालाल साह सोनारले मौकामा मिति २०६५।५।२४ मा गरेको सनाखत कागज।

मिति २०६५।५।२० गते राति ८:२० बजेको समयमा मलाई अपहरण गरी लाने क्रममा प्रतिकार गर्दा अपराधीहरूले गोली हानी श्रीमती तथा छोराहरूलाई घाइते बनाई मलाई अपहरण गरी लगेकोमा गोली हानेबाट श्रीमती देवमती देवीको उपचार हुन नपाउँदै मृत्यु भएको हो। छोराहरू मूलेन्द्र साह, दिपेन्द्र साह, भतिजो जितेन्द्र साह, रविन्द्र साह, भतिजी पुजाकुमारीसमेत घाइते भई उपचार भइरहेको रहेछ। मलाई अपराधीहरूले अपहरण गरी घरदेखि १ घण्टाको दुरी बाटोमा पुर्‍याई आँखा कान नाक मुखमा पट्टी बाँधी हात खुट्टासमेत बाँधी बन्दी बनाई राखी फिरौतीबापत दुई लाख रूपैयाँ माग गर्दै शारीरिक तथा मानसिक यातना दिँदै राखेकोमा सो ठाउँबाट मिति २०६५।५।२१ गते राति ११:०० बजे रातभरी हिँडाई अन्यत्र लिई गई एउटा घरमा हात खुट्टा बाँधी बन्दी बनाई राखेकोमा मिति २०६५।५।२३ गते दिसा लागेको बहानामा दिसा गर्न चौरमा लगेको अवस्थामा भाग्न सफल भई आएको हुँ। सो घटनामा जिल्ला पर्सा गा.वि.स उदयपुर धुर्मी वडा नं. ३ बस्ने हरिशंकर मुखिया विन, अम्बिका मुखिया विन, ललन गिरी, फुलमती देवी, अनिलादेवी गिरी, कृष्णवती देवी मुखिया विन, ऐ. वैरियाविर्ता वडा नं. ९ बस्ने विकाउ भन्ने रामस्वरूप मुखिया विन, ऐ. महुवन गा.वि.स. बलुवागाउँ बस्ने प्रेम गिरी, जिल्ला बारा गा.वि.स. वतरा वडा नं. ३ बस्ने उजर भन्ने रामजी मुखिया विनसमेतका अन्य निजहरूका साथी मतियारहरूको संलग्नता रहेको र महिलाहरू कृष्णावती देवी, अनिला देवी र फुलमती देवीसमेतले अपराधीहरूलाई खानपानको व्यवस्था गरी योजना बनाउने कार्यमा संलग्न भइरहेको हुँदा सो घटनामा संलग्न रहेका सबै अभियुक्तहरूलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको पीडित पन्नालाल साह सोनारको मिति २०६५।५।२४ गतेको जाहेरी दरखास्त।

फरार रहेका अभियुक्तहरूलाई खोजतलास पक्राउ गरी दाखिल गर्ने भनी खटाई पठाएकोमा खटिई गई खोजतलास गर्दा कृष्णावती मुखिया विन,

फुलमती विन र अनिला देवी गिरीलाई पक्राउ गरी यसै प्रतिवेदनसाथ पेस गरेको छु भन्ने व्यहोराको प्र.स.नि. सलाम सिंह तामाङसमेतको मिति २०६५।५।२४ को प्रतिवेदन।

उक्त दिन पन्नालाल साह सोनारलाई अपहरण गरी प्रतिकारमा आएका निजका श्रीमतीसमेतलाई गोली हानी घाइते बनाएकोमा देवमतीदेवीको हामीहरूले हानेको गोलीबाट मृत्यु भएको हो। उक्त घटना घटाउन पूर्वयोजना दुई दिन अगाडि हरिशंकर मुखिया विनको घरमा बनाउदा डाँका गर्न भनी कुरा भएकोमा डाँका गर्न असजिलो हुने हुँदा अपहरण गरी फिरौतीबापतको रकम लिएपछि छोडी दिने भन्ने पूर्वयोजनासाथ साथीहरू हरिशंकर मुखिया, ललन गिरी, अम्बिका मुखया, रामजी मुखिया, मन्जु यादव, ध्रुव चमार, विक्रम यादव, प्रेम गिरी र अन्य ३ जनासमेत भई घटना घटाएको हो। घटना घटाउन आवश्यक हतियार गोली सालो हरिशंकरसमेतले तयार पारी ल्याएको हो। उक्त हतियार गोली उनीहरूले नै लिई गएको छ। अपहरण गरी राखिएको पन्नालाल साह पनि साथीहरूको आँखा छली फरौतीबापतको रकम लिन नपाउँदै भागी आएका हुन् भन्नेसमेत व्यहोराको अभियुक्त रामस्वरूप मुखिया विनले अनुसन्धान अधिकृतसमक्ष मिति २०६५।५।३० मा गरेको बयान कागज।

उक्त दिन पन्नालाल साह सोनारलाई अपहरण गरी निजको श्रीमतीलाई गोली हानी मार्ने वारदातमा मेरो संलग्नता छ। सो वारदात ३ दिन अगाडि दाजु हरिशंकर मुखियाको घरमा साथीहरू सबै बसी डाँका गर्ने योजना बनाई डाँका गर्न असजिलो भई भनी अपहरण गरी लगी बन्दी बनाई राखी फिरौतीबापतको रकम लिई छाड्ने भन्ने योजनासाथ सो घटना घटाएको हो। देवमती देवीको हामीहरूले हानेको गोली लागि मृत्यु भएको र निजको छोराहरू पनि हाम्रो गोली लागि घाइते भएका हुन्। अपहरण गरी बन्दी बनाएका पन्नालाल पनि फिरौतीबापतको रकम लिन नपाउँदै भागी आएछन्। मसमेतका मेरो दाजु हरिशंकर मुखिया, भेना रामस्वरूप मुखिया, रामजी मुखिया, साथीहरू विक्रम यादव, प्रेम गिरी, ललन गिरी, ध्रुव चमार, मञ्जु यादव र अन्य ३ जनासमेत गरी १२ जनाको संलग्नतामा सो घटना घटाएको हो भन्नेसमेत व्यहोराको अभियुक्त अम्बिका मुखिया विनले अनुसन्धान अधिकृतसमक्ष मिति २०६५।५।३० मा गरेको बयान कागज।

उक्त दिन पन्नालाल साह सोनारलाई अपहरण गरी निजका छोराहरू, श्रीमतीसमेतलाई गोली हानी घाइते बनाएकोमा देवमतीको हामीहरूले हानेको गोलीबाट मृत्यु भएको हो। पन्नालाललाई बन्दी बनाई राखेकोमा फिरौतीको रकम लिन नपाउँदै भागी आएछन्। हामीहरूको पूर्व सल्लाह डाँका गर्ने भएकोमा २ दिन अगाडि योजना बनाउँदा डाँका गर्न असजिलो हुने हुँदा अपहरण गरी बन्दी बनाई राखी फिरौती रकम लिई छाड्ने भनी योजना गरी उक्त दिन जेठान हरिशंकर मुखिया, सालो अम्बिका मुखिया, साथीहरू प्रेम गिरी, ललन गिरी, विक्रम यादव, ध्रुव चमार, मन्जु यादव, साढु दाई रामस्वरूप र अन्य ३ जनासमेत १२ जना भई सो घटना घटाएको हो भन्नेसमेत व्यहोराको अभियुक्त उजर भन्ने रामजी मुखिया विनले अनुसन्धान अधिकृतसमक्ष मिति २०६५।५।३० मा गरेको बयान कागज।

Wound of entry over chest, the cause of death is due to shock as a result of massive hemorrhage by gun shot injury भन्नेसमेत व्यहोराको देवमती सराफको मिति २०६५।५।२१ को शव परीक्षण प्रतिवेदन।

मिति २०६५।५।२० गते राति म आफ्नो घरमा थिएँ। सो बेला घटनास्थलमा गोली फायर भएको र हल्लाखल्ला गरेको आवाज सुनेको हो। मेरो लोग्ने अम्बिका मुखिया पनि घरमा थिएनन्। साँझ खानपिन गरी गाउँतिर काम छ भनी गएका थिए। भोलिपल्ट बिहान मात्र घरमा आउनु भएको हो। पछि बुझ्दा सो

घटना घटाउन मेरो लोग्ने गएको कुरा थाहा भएको हो । जेठाजु हरिशंकर मुखिया तथा जाहेरीमा उल्लिखित अन्य व्यक्तिहरूको सल्लाहअनुसार सो घटना भएको हो । सो घटना घटाउनमा मेरो संलग्नता छैन भन्नेसमेत व्यहोराको अभियुक्त फुलमती देवीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान कागज ।

पन्नालाल अपहरण गर्ने घटनामा मेरो संलग्नता छैन । हाल थुनामा रहेका रामस्वरूप मुखिया, रामजी मुखिया मेरो श्रीमान्का ज्वाइँ भिनाजु नाताका हुन् । उनीहरू घटनाको ३।४ दिन अगाडिदेखि जेठाजु हरिशंकर मुखिया, देवर अम्बिका मुखियासमेत आई बसी सल्लाह गरे अनुसार पन्नालाल साह सोनारलाई अपहरण गरी निजको श्रीमती देवमतीलाई गोली हानी मारी छोराहरूलाई गोली हानेका हुन् । मेरो देवर अम्बिका मुखिया विन, जेठाजु हरिशंकर मुखिया विन, रामस्वरूप मुखिया, रामजी मुखियासमेतले घटना घटाएका हुन् । ती व्यक्तिहरूलाई मैले खाना खुवाई सहयोग पुर्‍याएको भनी ठानी मउपर जाहेरी दिएको होला भन्नेसमेत व्यहोराको अभियुक्त कृष्णवती देवीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान कागज ।

जाहेरवाला पन्नालाल साह सोनारलाई अपहरण गरी उसको श्रीमती देवीलाई गोली हानी मार्ने तथा छोराहरूलाई गोली हानी घाइते बनाएको वारदातमा मेरो लोग्ने ललन गिरीसमेतको संलग्नतामा रहेको कारण मेरो नाम किटान गरी जाहेर दिएको होला । सो घटना घटाउन मैले कुनै सहयोग गरेको छैन र सो घटनामा मेरो संलग्नतासमेत छैन भन्नेसमेत व्यहोराको अनिला देवी गिरीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान कागज ।

जिल्ला पर्सा, गा.वि.स. उदयपुर धुर्मी-३ बस्ने हरिशंकर मुखिया, अम्बिका मुखिया विन र ललन गिरीको घर खानतलासी गर्दा अपराधसँग प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको भन्नेसमेत व्यहोराको मिति २०६५।६।६ मा भएको खानतलासी मुचुल्का ।

यस कार्यालयको पत्र आदेशानुसार खटी गई बुझ्दा मिति २०६५/५/२० गते पन्नालाल साह सोनारलाई अपहरण गर्ने तथा निजको श्रीमतीलाई गोली हानी मार्नेमा जिल्ला पर्सा, गा.वि.स. उदयपुर धुर्मी-३ बस्ने हरिशंकर मुखिया विन, अम्बिका मुखिया विन, ललन गिरी, ऐ. वडा नं. ४ बस्ने गामा राउत, ऐ. वडा नं. ५ बस्ने विक्रम यादव, मन्जु यादव, ऐ. वडा नं. ६ बस्ने ध्रुव चमार, ऐ. गा.वि.स. महुवन-७ बस्ने प्रेम गिरी, ऐ. वैरियाविर्ता वडा नं. ९ बस्ने विकाउ भन्ने रामस्वरूप मुखिया, जिल्ला बारा, गा.वि.स. वतरा वडा नं. ३ बस्ने उजर भन्ने रामजी मुखियासमेत अन्य दुईजना नाम थर वतन नखुलेका समेतका १२ जनाको समूहले सो घटना घटाएको भन्ने बुझिएको हो । उल्लिखित अभियुक्तहरूमध्ये रामस्वरूप मुखिया विन पूर्व आपराधिक क्रियाकलापमा संलग्न रहेको भन्ने बुझिएको र प्रेम गिरी पनि गत मिति २०५७।५।१२ गते देवेन्द्र यादवलाई गोली हानी मारी धनमाल डाँका गरी फरार भई गत २०५९।९।२६ गते हतियारसहित पक्राउ परी धरौटीमा छुटेको र पहिलाको खुन डाँका मुद्दामा समेत कारागार थुनामा बसी गत वर्षतिर छुटी गई आपराधिक गतिविधिमा संलग्न भई हिँडी रहेको भन्ने बुझिएको भन्नेसमेत व्यहोराको प्रहरी सहायक निरीक्षक राधेमोहन प्रसाद कुशवाहाको मिति २०६५।६।६ को प्रतिवेदन ।

पन्नालाल साह सोनारलाई अपहरण गर्ने, देवमती देवीलाई गोली हानी मार्ने, हामीहरूलाई गोली हानी घाइते बनाउनेमा जाहेरीमा लेखिएका हरिशंर मुखिया, अम्बिका मुखिया, ललन गिरी, प्रेम गिरी, रामस्वरूप मुखिया, मन्जु यादव, विक्रम यादव, गामा राउत, ध्रुव चमार, रामजी मुखियासमेतको संलग्नता छ । निजहरूलाई बिजुली बत्तीको उज्यालोबाट प्रस्ट देखी चिनेको हो । निजहरूलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको घटनामा पीडित घाइतेहरू सुरेन्द्र भन्ने सुलेन्द्र साह, दिपेन्द्र

साह, जितेन्द्र साह, रविन्द्र साह र पुजाकुमारीसमेतले गरी दिएको घटना विवरण कागज।

हरिशंकर मुखिया विन, अम्बिका मुखिया विन, ललन गिरी, गामा राउत, मन्जु यादव, विक्रम यादव, ध्रुव चमार, रामस्वरूप मुखिया विन, रामजी मुखिया विनसमेतको संलग्नतामा पन्नालाल साह सोनारलाई अपहरण गरी लगेको, निजको श्रीमती देवमतीदेवीलाई गोली हानी मारेको, निजका छोराहरूसमेतलाई गोली हानी घाइते बनाएको हो । अनुसन्धानको क्रममा थुनामा रहेका महिलाहरू कृष्णावती, फुलमती र अनिला गिरीको वारदातमा संलग्नता छैन भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएका वस्तुस्थिती मुचुल्काका चौकी साह तेली, धनेश्वर कुशवाहा र तेजनारायण साहले गरेको कागज।

जाहेरी दरखास्त, मौकाको प्रतिवेदन, घटनास्थल मुचुल्का, अपहरणमा परेका पन्नालाल साहको सनाखत तथा घाइते पुजाकुमारी, सुलेन्द्रसमेतको कागजबाट मिति २०६५।५।२० गते प्रतिवादीहरू अम्बिका मुखिया विन, रामस्वरूप मुखिया विन, रामजी मुखिया विन, हरिशंकर मुखिया विन, ललन गिरी, मञ्जु यादव, ध्रुव चमार, विक्रम यादव, गामा यादव, प्रेम गिरीले पन्नालाललाई अपहरण गरी लगेको र प्रतिकारमा आएका पन्नालालको श्रीमती तथा छोराछोरीउपर समेत गोली प्रहार गर्दा पन्नालालको श्रीमती देवमतीको मृत्युसमेत भएको र अन्य घाइते भएकाले निज प्रतिवादीहरूले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. र ज्यानसम्बन्धी महलको १ नं. ले निषेधित कसुर अपराध गरेको देखिँदा प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय गरी ७ नं. बमोजिम थप सजाय गरी १२ नं. बमोजिम क्षतिपूर्तिसमेत भराई पाऊँ। सो घटनामा देवमतीको मृत्यु भएको तथ्य स्थापित भएको हुँदा गोली हान्न आदेश दिने प्रतिवादी रामस्वरूप, घटना सम्बन्धमा प्रमुख योजना बनाउने हरिशंकर, बन्दुक प्रहार गर्ने प्रेम गिरी, ललन गिरी तथा घटनास्थलमा उपस्थित भई ज्यान मार्नलाई संयोग पार्ने अम्बिका मुखिया, रामजी मुखिया, मन्जु यादव, विक्रम यादव, ध्रुव चमार, गामा राउतसमेतले गरेको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. को कसुर अपराध भएकाले प्रेम गिरी र ललन गिरीलाई १३(१) नं. बमोजिम र अन्य प्रतिवादीहरूलाई ऐ. १३(४) नं. अनुसार सजायसमेत गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको मिति २०६५।६।१२ को अभियोग मागदाबी।

ज्वाइँको खुट्टा भाँचिएकोले उपचारको लागि मिति २०६५।५।२० गते राति ८:३० बजेको समयमा म भिखर मियाँको घरमा पैसा माग्न गएको थिएँ। पन्नालाल साहको अपहरणको बारेमा मलाई केही थाहा छैन। मैले आपराधिक कार्य गरेको छैन। मलाई अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रामस्वरूप मुखिया विनले पर्सा जिल्ला अदालतमा गरेको बयान।

उक्त दिन र समयमा म आफ्नो ससुराली गाउँ जिल्ला पर्सा, गाविस उदयपुर धुर्मी वडा नं. ३ मा नै थिएँ। पन्नालाल साहको अपहरण र घटनास्थलप्रकृति मुचुल्का बारे मलाई थाहा छैन, मेरो श्रीमतीको पेटको अपरेसन भएको थियो । म औषधि लिएर गएको थिएँ। म पक्राउ पर्ने बेलामा आफ्नो ससुराली घरमा सुतिरहेको थिएँ । करिब ९:०० बजेको समयमा प्रहरीहरूले सोधपुछ गर्नु छ भनी भनेका थिए । २०६५।५।२४ गतेको सनाखत कागज र पान्नालाल साह सोनारको जाहेरी दरखास्त व्यहोरा झुट्ठा हो । अभियोग दाबीबमोजिमको कार्य नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी उजर भन्ने रामजी मुखिया विनले पर्सा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६५।५।२० गते राति ८:३० बजेको समयमा मझलको घरमा किर्तन भएकोले म त्यहीँ थिएँ।

पन्नालालको अपहरणबारे थाहा छैन तर ८:३० बजेको समयमा हो-हल्ला हुँदा पन्नालालको अपहरण भई गोली चल्यो भन्ने हल्ला सुनेको हुँ। घटनास्थल मुचुल्काको बारेमा मलाई थाहा छैन र घटना विवरणको सबै व्यहोरा झुट्ठा हुन्। मेरो दाजु हरिशंकर र पन्नालालको रक्सी खाने भट्टीमा झगडा भएकोले यस्तो गरेका हुन्। सनाखत व्यहोरा झुट्ठा हो। मैले अभियोग दाबीबमोजिमको कार्य नगरेकाले दाबीअनुसार मलाई सजाय हुनुपर्ने होइन। मिति २०६५।५।२० गते राति करिब ९:३० बजेको समयमा घरमा सुतिरहेको बेलामा घरबाट मलाई र रामजी मुखिया विनलाई प्रहरीले पक्रेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी अम्बिका मुखिया विनले पर्सा जिल्ला अदालतमा गरेको बयान।

तत्काल प्राप्त प्रमाण कागजहरूबाट यी प्रतिवादीहरू कसुरदार होइनन् भन्ने विश्वास गर्न सकिने मनासिब आधार अवस्थाको अभावमा निजहरूलाई थुनामा राखी मुनाको पूर्पक्ष गर्नुपर्ने अवस्था देखिँदा पछि थप सबुद प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल अ.बं. ११८ को देहाय २ नं. अनुसार निज प्रतिवादीहरू रामस्वरूप मुखिया विन, रामजी मुखिया विन र अम्बिका मुखिया विनलाई पुपर्क्षका लागि थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाई दिनु भनी पर्सा जिल्ला अदालतबाट मिति २०६५।६।१३ मा भएको आदेश।

फरार प्रतिवादीहरू म्यादभित्र हाजिर नभई सुरू म्याद गुजारी बसेको।

हामी घटनास्थलमा पुग्दा पन्नालालको श्रीमतीलाई गोली लागी बेहोस अवस्थामा रहेकोले हामीले वीरगञ्ज नारायण उपक्षेत्रीय अस्पतालमा पठायौं र पन्नालाललाई अपहरण गरी लगिसकेका रहेछन्। मृतक देवमतीलाई अस्पताल लाँदा लाँदै बाटोमा मृत्यु भएको सुनियो। हत्या र अपहरण कसले गर्‍यो सो मलाई थाहा छैन भन्ने प्रतिवेदक गोपीचन वि.क.ले मिति २०६६।२।११ मा पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।९ गतेको वस्तुस्थिती मुचुल्कामा के लेखाई सहीछाप गराए मलाई थाहा छैन। पढ्न नदिई जबरजस्ती सही गराएका हुन्। कसले गोली चलाएको हो मैले देखिँन तर गोली चलेको र पन्नालाललाई अपहरण गरेको सुनेको हुँ। देवमती अस्पताल लाँदालाँदा मरेको पनि सुनी थाहा पाएको हुँ, मौकाको व्यहोरा मैले लेखाएको होइन तर अदालतको बकपत्र व्यहोरा मैले लेखाएको हुँ। अभियोग दाबीबमोजिमको कर्तव्य ज्यान र अपहरण घटनामा प्रतिवादीहरू अम्बिका मुखिया विन, रामस्वरूप मुखिया विन र उजर भन्ने रामजी मुखिया विनसमेतको संलग्नता छैन। यिनीहरू त्यस्ता खालका व्यक्तिहरू होइनन् भन्नेसमेत व्यहोराको घटनास्थल तथा वस्तुस्थिती मुचुल्काका धनेश्वर कुशवाहा, तेजनारायण साह तेली र चौकी साह तेलीले करिब एकै मिलान हुने गरी पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

वारदातको समयमा रामस्वरूप मुखिया विन जिल्ला पर्सा, गाविस वैरियावितार्ा वडा नं. ९ स्थित आफ्नै घरमा थिए। पन्नालाल साहलाई अपहरण गरी देवमतीदेवीलाई गोली हान्ने घटनामा निज छँदै थिएनन्। जाहेरी दरखास्त वस्तुस्थिती मुचुल्का, प्रहरी प्रतिवेदन र अभियोग दाबीसमेत सबै झुट्ठा हो। यी प्रतिवादी स्वच्छ, इमान्दार, खेतीपाती गर्ने किसान हुन्। निज डाँका ज्यान मार्ने र अपहरण गर्ने खालका मानिस होइनन्। निज प्रतिवादीलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विकाउ भन्ने रामस्वरूप मुखिया विनको साक्षी खैरूल्लाह मियाँले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी अम्बिका मुखिया विनको घटनामा संलग्नता छैन। वस्तुस्थिति मुचुल्का, जाहेरी दरखास्त तथा प्रहरीहरूको प्रतिवेदन र अभियोग दाबीसमेत सबै झुट्ठा हो। यिनी राम्रो चालचलन भएका व्यक्ति हुन्। यिनी डाँका, अपहरण तथा मानिस मार्ने खालको व्यक्ति

होइनन्। कुनै अपहरण या अपराध नगरेकाले यिनलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी अम्बिका मुखिया विनको साक्षी पवन साह गोढले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी उजर भन्ने रामजी मुखिया विनसमेतले अपहरण पनि गरेको छैनन् र देवमतीलाई मारेका पनि छैनन्। जयलाल, पन्नालाल साहसमेतको दरखास्त, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू तथा प्रहरीहरूको र अभियोग दाबीसमेत सबै झुट्ठा हो। यी प्रतिवादीहरू अम्बिका मुखिया र उजर भन्ने रामजी मुखिया विन राम्रो चालचलन भएका व्यक्ति हुन्। उनी डाँका, अपहरण तथा मान्छे मार्ने जस्ता मानिस होइनन्। कुनै अपराध नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी उजर भन्ने रामजी मुखिया विनको साक्षी रामविजु मुखिया विनले पर्सा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादीमध्येका हरिशंकर मुखिया विन, ललन गिरी, मन्जु राउत यादव, ध्रुव चमार, विक्रम यादव, गामा राउत, प्रेम गिरीका नाममा जारी भएको म्याद निजहरूले गुजारी बसेको देखिँदा निजहरूका हकमा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मूल्तबी रहने ठहर्छ। प्रतिवादीहरू अम्बिका मुखिया विन, विकाउ भन्ने रामस्वरूप मुखिया विन र उजर भन्ने रामजी मुखिया विनलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ र १३ नं. कसुरमा ऐ.१३(४) नं. बमोजिम जन्मकैद हुने ठहर्छ। निजहरूउपर मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ. ३ र ७ नं. बमोजिम सजाय गरी १२ नं. बमोजिम क्षतिपूर्तिको माग दाबी भएकोमा सो कुरा मिसिलबाट स्थापित हुन नसकेकाले त्यसतर्फको अभियोग दाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पर्सा जिल्ला अदालतबाट मिति २०६८।१।१२ मा भएको फैसला।

सुरू फैसलामा कार्यविधि कानून तथा सारभूत कानूनको पूर्ण बेवास्ता भएको, संकलित एवम् बुझिएका सबुदप्रमाणको कानूनसम्मत तथा न्यायपरक विश्लेषण नभई फौजदारी न्यायशास्त्रका सर्वमान्य एवम् स्थापित सिद्धान्तसमेतको गम्भीर उल्लङ्घन भएको हुँदा पर्सा जिल्ला अदालतद्वारा हामीलाई कसुरदार ठहर्‍याई गरिएको फैसला जाँची अभियोग मागदाबीबाट पूरै सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू रामस्वरूप मुखिया विन, अम्बिका मुखिया विन र उजर भन्ने रामजी मुखिया विनको पुनरावेदन अदालत, हेटौंडामा परेको संयुक्त पुनरावेदन पत्र।

विरूद्ध खण्डका प्रतिवादीहरूउपर जाहेरवालाका भाइ जयलाल सोनारले घटना लगत्तै २२ गते किटान गरी जाहेरी दिएका र सोही जाहेरी व्यहोराबमोजिम जाहेरवालाले पनि अपहरण मुक्त पछि यी प्रतिवादीहरूउपर किटानी जाहेरी दिएको, प्रतिवादीहरूको इन्कारी बयान र निजहरूका साक्षीको बकपत्र झुट्ठा हो भन्ने पुष्टि भई यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको कसुरमा मागदाबीबमोजिम नै सजाय भएको अवस्थामा सोही वारदातमा मानिस अपहरण गरी बन्धक बनाएको अपराधमा निजहरूलाई सजायबाट उन्मुक्ति दिनुपर्ने होइन। तसर्थ प्रतिवादी रामस्वरूप मुखिया विनसमेतलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गतको कसुर ठहर नगरी सफाइ दिइएको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र।

प्रतिवादीहरूमध्येका रामस्वरूप मुखिया विन, अम्बिका मुखिया विन र उजर भन्ने रामजी मुखिया विनको पुनरावेदन परेको र वादी नेपाल सरकारको तर्फबाट पनि प्रतिवादी विकाउ भन्ने रामस्वरूप मुखिया विन र उजर भन्ने रामजी मुखिया विनउपर पुनरावेदन परी दोहोरो पुनरावेदन

परेको देखिँदा मुलुकी ऐन २०२ नं. तथा पुनरावेदन अदालत नियमावली २०४८ को नियम ४७ बमोजिम छलफलका निमित्त प्रत्यर्थी झिकाई नेपाल सरकारबाट परेको पुनरावेदनको प्रतिलिपिसमेत राखी पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडालाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, हटौंडाको मिति २०६८। १२।१४ मा भएको आदेश।

प्रतिवादीमध्येका हरिशंकर मुखिया विन, ललन गिरी, मन्जु राउत यादव, ध्रुव चमार, विक्रम यादव, गामा राउत, प्रेम गिरीका हकमा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मूल्तबी रहेकोले हाल केही बोली रहनु परेन। प्रतिवादीमध्येका अम्बिका मुखिया विन, विकाउ भन्ने रामस्वरूप मुखिया विन र उजर भन्ने रामजी मुखिया विनको हकमा निजहरू अपहरण र कर्तव्य ज्यानको वारदातमा संलग्न देखिँदा दुवैमा सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धीको १ नं. को कसुरमा सोही महलको १३(४) नं. बमोजिम सजाय गरेको अपहरणतर्फको अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६८।१।१२ मा भएको फैसला केही उल्टी भई निज प्रतिवादीहरू अम्बिका मुखिया विन, विकाउ भन्ने रामस्वरूप मुखिया विन र उजर भन्ने रामजी मुखिया विनलाई ज्यानसम्बन्धीको १ नं. कसुरमा सोही महलको १३(४) नं. बमोजिम जनही जन्मकैदको सजाय र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. कसुरमा सोही महलको ३ र ७ नं. बमोजिम जनही ९ वर्ष कैदको सजाय भई सोही महलको १२ नं. बमोजिम दामासाहीको दरले रू.२,०००/- क्षतिपूर्ति पीडित पन्नालाललाई भराई दिने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हटौंडाको मिति २०६९।३।५ गतेको फैसला।

पन्नालाललाई अपहरण गरी लग्दा प्रतिकारमा आएका परिवारका मानिसहरूउपर गोली प्रहार गर्दा देवमती देवीलगायतलाई गोली लागी देवमती देवीको मृत्यु भएको हो भन्ने बुझिन आएको हो भन्ने जस्तो अनिश्चित प्रतिवेदन, जाहेरी दरखास्त, घटना विवरण कागज तथा प्रतिवादीहरूको बयानमात्र हामीलाई कर्तव्य ज्यान र अपहरण जस्तो गम्भिर मुद्दामा सजाय गर्ने आधार हुन सक्दैन । जाहेरवाला जयलाल साह सोनार घटनाका प्रत्यक्षदर्शी होइनन्। निजले अदालतमा आई बकपत्रसमेत गरेको छैन। मौकामा कागज गर्ने चौकी साह तेलीले अदालतमा बकपत्र गर्दा पीडितलाई कसले अपहरण गरे र कसले गोली हाने मलाई थाहा छैन भनी आफ्नो मौकाको बयानको कागजमा आफूले भनेबमोजिम नलेखेको भनी लेखाई दिएबाट पनि निजले मौकामा गरेको बयानलाई सही मान्न सकिँदैन । हामीले कसुर गरेको देख्ने मानिस वादी नेपाल सरकारले देखाउन सकेको छैन। यस्तो अवस्थामा केवल शंकाका आधारमा हामीलाई कसुरदार कायम गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू रामस्वरूप मुखिया विन, अम्बिका मुखिया विन र रामजी मुखिया विनको यस अदालतमा परेको संयुक्त पुनरावेदन पत्र।

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई ७ वर्षदेखि १५ वर्षसम्म कैद र पचास हजार रूपयाँदेखि दुई लाख रूपयाँसम्म जरिवाना हुन्छ भन्ने व्यवस्था भएकोमा कैदमात्र गर्ने र जरिवानातर्फ केही नबोली भएको फैसला उक्त हदसम्म त्रुटिपूर्ण हुँदा उक्त हदसम्म बदर गरी जरिवानासमेत गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ वादीको पुनरावेदन पत्रको जानकारी प्रत्यर्थी प्रतिवादीलाई गराउनु र प्रतिवादीको पुनरावेदनको हकमा महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको

सूचना दिई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०७२।८।१४ मा यस अदालतबाट भएको आदेश।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले यी प्रतिवादीहरूले उपहरण र ज्यान मार्ने कसुर गरेको मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा पुनरावेदन अदालत, हटौंडाले दुवै कसुर गरेको ठहराएकोमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई ७ वर्षदेखि १५ वर्षसम्म कैद र पचास हजार रूपयाँदेखि दुई लाख रूपयाँसम्म जरिवाना हुन्छ भन्ने व्यवस्था हुँदाहुँदै कैद मात्र गर्ने गरी फैसला गरेकोले सो हदसम्म उक्त फैसला बदर गरी जरिवानासमेत गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो। प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद अर्याललेे यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको देख्ने प्रत्यक्षदर्शीको अभाव रहेको, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा आई यी प्रतिवादीहरू कसुरदार हुन भन्ने पुष्टि गर्न सक्नु पर्नेमा सो नगरी वारदातका बारेमा केही थाहा नभएको भनी लेखाएको जस्ता अवस्थामा प्रतिवादीहरूले सफाइ पाउनु पर्नेमा नपाई अभियोग दाबीअनुसार कसुरदार ठहर गरिएको पुनरावेदन अदालतको फैसला नमिलेकाले बदर गरी प्रतिवादीहरूलाई सफाइ दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

यसरी दुवै पक्षको बहससमेत सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नको निरूपण गरी निर्णयमा पुग्नु पर्ने देखियो।

१. यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको अपहरण र ज्यान मार्ने कार्य गरेको ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ वा छैन तथा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन् ?

२. यदि प्रतिवादीहरूले अभियोग दाबीअनुसारको कसुर गरेको ठहर्‍याई गरेको फैसला मिलेको देखिएमा पुनरावेदन अदालतबाट अपहरण तथा शरीर बन्धकको कसुरमा कैदमात्र गरी जरिवाना नगर्ने गरी भएको पुनरावेदन फैसला मिलेको छ वा छैन? तथा वादी नेपाल सरकारको जरिवानासमेत गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन?

यसमा प्रतिवादीहरूले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. र ज्यानसम्बन्धी महलको १ नं. ले निषेधित कसुर अपराध गरेको देखिँदा प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय गरी ७ नं. बमोजिम थप सजाय गरी १२ नं. बमोजिम क्षतिपूर्तिसमेत भराई र प्रेम गिरी र ललन गिरीलाई १३(१) नं. बमोजिम र अन्य प्रतिवादीहरूलाई ऐ. १३(४) नं. अनुसार सजायसमेत गरिपाउँ भन्ने अभियोग माग दाबी रहेकोमा सुरू अदालतबाट प्रतिवादीमध्येका हरिशंकर मुखिया विन, ललन गिरी, मञ्जु राउत यादव, ध्रुव चमार, विक्रम यादव, गामा राउत र प्रेम गिरी म्याद गुजारी बसेकाले निजहरूका हकमा अ.बं. १९० नं. बमोजिम मूल्तबी राखी प्रतिवादीहरू अम्बिका मुखिया विन, रामस्वरूप मुखिया विन र रामजी मुखिया विनलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ४ बमोजिम जन्मकैद हुने र अपहरण तथा शरीर बन्धकतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहराई फैसला भएको पाइन्छ। सो फैसलाउपर प्रतिवादीहरूको सफाइ पाउँ भनी र वादी

नेपाल सरकारको अभियोग दाबीअनुसार अपहरण तथा शरीर बन्धकको कसुरमा समेत सजाय गरिपाउँ भनी पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ४ अनुसार जन्मकैद र अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ नं. को कसुरमा सोही महलको ३ र ७ नं. बमोजिम जनही ९ वर्ष कैद र ऐ. को १२ नं. बमोजिम दामासाहीका दरले रू.२०००।- क्षतिपूर्ति पीडित पन्नालाललाई भराई दिने ठहराई फैसला भएको पाइयो । सो फैसलाउपर सफाइ पाउनु पर्ने भनी प्रतिवादीहरूको र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा जरिवानासमेत गर्ने व्यवस्था रहेकोमा जरिवाना नगरी फैसला भएकाले जरिवानासमेत गरी फैसला गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन परेको पाइन्छ ।

२. निर्णयका लागि सर्वप्रथम यसमा मिति २०६५।५।२० गते राति ८।२० बजेको समयमा हतियारधारी व्यक्तिहरूले पन्नालाल साह सोनारलाई अपहरण गरी लगेको र प्रतिकारमा आएका घर परिवारउपर गोली चलाई पन्नालालको श्रीमती देवमती देवी, छोरा सुरेन्द्र साह, दिपेन्द्र साह, भतिजा जितेन्द्र साह, रविन्द्र साह र भतिजी पुजा साहसमेत लाई घाइते बनाएको अवस्थामा फेला पारी उपचारको लागि वीरगंजतर्फ पठाएकोमा घाइतेमध्ये देवमती देवीको बाटैमा मृत्यु भएको र अपहरणकारी तथा पीडित पन्नालाल साह सोनारलाई सम्भावित एरियामा खोजतलास भइरहेको भन्नेसमेत व्यहोराको प्रहरी नायब निरीक्षक गोपीचन वि.क. को मिति २०६५।५।२१ को प्रतिवेदन देखिन्छ । वारदात भएको स्थान पन्नालाल साह सोनारको घरको नजिक सडक छेउमा रगत जस्तो रातो दाग देखिएको, सो दाग नजिकको सडकको भुई माडिई सोको छेउमा १२ के.एफ. लेखिएको टोटा गोलीको खोका ३ र सोमा प्रयोग हुने प्लाष्टिक कभर २ सडकमा छरिएको अवस्थामा रहेको भन्नेसमेतको मिति २०६५।५।२१ को घटनास्थल मुचुल्का रहेको पाइन्छ । दूधमाथि आधा इन्च गोलाईको छर्रा लागेको ३ वटा प्वाल, दुवै दूध मुनी साढे एक इन्च गोलाइको गोली लागेको प्वाल, सो प्वालबाट रगत निस्की कपडा भिजेको, दायाँ दूधमा आधा इन्च गोलाइको छर्रा लागेको प्वाल, दूधमुनी आधा इन्च गोलाइको छर्रा लागेको प्वाल देखिएको भन्नेसमेत मृतकको लासजाँच मुचुल्कामा उल्लेख भएको छ । यसरी २०६५। ५।२१ को प्रहरी प्रतिवेदनको व्यहोरासँग घटनास्थल मुचुल्का र लास जाँच प्रकृति मुचुल्काको व्यहोरा मिल्न भिड्न आई प्रहरी प्रतिवेदनको व्यहोरा समर्थितसमेत भएको अवस्था छ । साथै अपहरण गरी लगिएका पन्नालालका भाइ जयलाल साह सोनारले मिति २०६५।५।२२ मा दिएको जाहेरी दरखास्तबाट समेत उल्लिखित कुराहरू समर्थित भइरहेको पाइन्छ । यसबाट बन्दुक जस्तो घातक हतियारसमेत देखाई बल प्रयोग गरी जबरजस्ती पन्नालाललाई अपहरण गरी लगी अपहरण गर्दा प्रतिकारमा आएका व्यक्तिहरूउपर गोलीसमेत चलाएको देखिएको प्रस्तुत कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. मा परिभाषित कसुरजन्य आपराधिक कार्य भएको प्रस्ट हुन्छ । त्यस्तै अपहरण गरी लग्दा गोली चली प्रतिकारमा आएका व्यक्तिहरू घाइते भई सोही गोली लागेको कारणबाट देवमती देवीको मृत्यु भएको कार्य ज्यानसम्बन्धी महलको १ नं. ले परिभाषित अपराध भएकाले प्रस्तुत वारदातमा अपहरण तथा कर्तव्य ज्यानको आपराधिक कार्य भएको पुष्टि हुन जान्छ ।

३. यसरी आपराधिक कार्य पुष्टि भएको अवस्थामा यी प्रतिवादीहरू अम्बिका मुखिया विन, रामस्वरूप मुखिया विन र राम जी मुखिया विन जना ३ ले अभियोग दाबीबमोजिमको अपहरण गर्ने र ज्यान मार्ने कार्य गरेको ठहर्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ वा छैन तथा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन

जिकिर पुग्न सक्छ वा सक्दैन् ? भन्ने निर्णयार्थ प्रस्तुत पहिलो प्रश्न सम्बन्धमा हेर्दा हरिशंकर मुखिया विन गाउँ घुम्दै बाहिरबाट मान्छे आउँदैछन् सुरक्षित भएर बस्नु भन्दै हिँडेको १५।२० मिनेटपछि घटना घटेको, वारदातपश्चात् निज हरिशंकरसमेत भागी फरार भएको र रामस्वरूप मुखिया विन केही दिन अगाडिबाट निजकै घरमा आई बसेको हुँदा निज हरिशंकर र यी प्रतिवादी रामस्वरूपसमेतको संलग्नतामा वारदात भएको हो भन्ने हिरा भन्ने चौकि साह, टोनी गिरी, कपिलदेव महतोसमेतले मौकामा गरेको कागजमा उल्लेख भएको पाइन्छ । त्यस्तै जाहेरवाला जयलाल साह सोनारले आफ्नो जाहेरीमा सो घटना घटाउनेमा यी प्रतिवादीहरू अम्बिका मुखिया विन, विकाउ भन्ने रामस्वरूप मुखिया विन, उजर भन्ने रामजी मुखिया विनलगायतका १०/१२ जना हतियारधारी व्यक्तिहरूको संलग्नता रहेको भनी यी प्रतिवादीहरू उपरसमेत किटानी जाहेरी दिएको पाइन्छ । अपहरण गरिएका पन्नालाल साह सोनारले अपहरण मुक्त भएपछि यी प्रतिवादीहरू अम्बिका मुखिया विन, रामस्वरूप मुखिया विन र राम जी मुखिया विनलाई मैले बिजुली बत्तीको उज्यालोबाट प्रस्ट देखी चिनेको तथा निजहरूपनि अपहरण गर्ने कार्य र गोली चलाउने कार्यमा संलग्न रहेका थिए मौकामा निज प्रतिवादीहरू जना ३ लाई चिनेको भनी सनाखत कागज गरी दिएको र आफूलाई अपहरण गरी लगि राख्नेमा यी तीनै जना प्रतिवादीसमेतको संलग्नता रहेको भनी किटानी जाहेरीसमेत दिएको देखिन्छ । यी प्रतिवादी अम्बिका मुखिया विन, रामस्वरूप मुखिया विन र रामजी मुखिया विनले अपहरण र कर्तव्य ज्यान दुवै कसुरमा साबित भई उक्त दिन पन्नालाल साह सोनारलाई अपहरण गरी प्रतिकारमा आएका निजका श्रीमतीसमेतलाई गोली हानी घाइते बनाएकोमा देवमती देवीको हामीहरूले हानेको गोलीबाट मृत्यु भएको, उक्त घटना घटाउन दुई दिन अगाडि हरिशंकर मुखिया विनको घरमा डाँका गर्न भनी पूर्व योजना बनाएकोमा डाँका गर्न असजिलो हुने हुँदा अपहरण गरी फिरौती रकम लिएपछि छोड्ने योजनाका साथ साथीहरूसमेत भई घटना घटाएको, अपहरण गरी राखिएको पन्नालाल साह पनि साथीहरूको आँखा छली फिरौतीबापतको रकम लिन नपाउँदै भागी आएका भन्नेसमेतका घटनासँग सम्बन्धित तथ्यलाई सिलसिलाबद्ध रूपमा उल्लेख गरी उल्लिखित व्यहोरा एक आपसमा समर्थित हुने गरी अनुसन्धानको क्रममा बयान गरी लेखाई दिएको पाइन्छ । अम्बिका मुखिया विनकी श्रीमती फुलमती देवीले वारदात भएको दिन राति आफ्नो घरमा भएको समयमा घटनास्थलमा गोली फायर भई हल्लाखल्ला गरेको आवाज आएको, लोग्ने अम्बिका मुखिया साँझ खानपीन गरी गाउँतिर काम छ भनी गई भोलि पल्ट बिहान मात्र घरमा आएको र पछि बुझ्दा सो घटनामा लोग्ने अम्बिका विनसमेतको संलग्नता भएको थाहा भएको भनी अनुसन्धानको क्रममा लेखाई दिएको पाइन्छ । त्यस्तै कृष्णावती देवीले पनि यी तिनै जनाको समेतको संलग्नतामा वारदात भएको भनी मौकामा लेखाई दिएको पाइन्छ । यी ३ जना लगायत १२ जनाको उक्त वारदातमा संलग्नता रहेको भन्ने बुझिन आएको भनी प्रहरी सहायक निरीक्षक राधेमोहन प्रसाद कुशवाहाले मिति २०६५।६।६ मा दिएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै घटनामा पीडित घाइतेहरू सुरेन्द्र भन्ने सुलेन्द्र साह, दिपेन्द्र साह, जितेन्द्र साह, रविन्द्र साह र पुजाकुमारीसमेतले र वस्तुस्थिती मुचुल्काका चौकी साह तेली, धनेश्वर कुशवाहा र तेजनारायण साहले पनि यी प्रतिवादीहरूको समेत वारदातमा संलग्नता रहेको भनी मौकामा गरेको कागजमा उल्लेख गरी दिएका छन् ।

४. यसरी यी प्रतिवादीहरू उपरको घटनाका प्रत्यक्षदर्शी पीडितका भाइ जयलाल सोनारको किटानी जाहेरी दरखास्त, पीडित पन्नालालको सनाखत कागज र जाहेरी दरखास्त, यी प्रतिवादीहरूको मौकाको बयान, पीडित घाइतेहरूले मौकामा

गरिदिएको कागजको व्यहोरा, अन्य मौकामा कागज गर्नेहरूको भनाइ, वारदातपश्चात् परिचालित भएका प्रहरीले आफ्नो सूचना संयन्त्र र सुराकीसमेतका आधारमा यी प्रतिवादीहरूको समेत वारदातमा संलग्नता रहेको भनी दिएका प्रतिवेदनसमेतका मिसिल संलग्न कागज प्रमाणहरूको व्यहोरा यी तीन जना प्रतिवादीहरूको समेत संलग्नतामा पन्नालालको अपहरण भई प्रतिकारमा आएका व्यक्तिहरू उपर गोली चली गोली लागी घाइते भएकी पन्नालालकी श्रीमती देवमतीको मृत्यु भएको तथ्य सम्बन्धमा एक आपसमा मिल्न भिड्न गई परस्पर समर्थितसमेत भएको अवस्था विद्यमान छ ।

५. यी प्रतिवादीहरूले किटानी जाहेरी दिने जयलाल साह सोनार घटनाका प्रत्यक्षदर्शी नभएको, जाहेरवालाले आफ्नो जाहेरीका सम्बन्धमा अदालतमा आई जाहेरीको व्यहोरालाई समर्थन नगरेको, कर्तव्य ज्यान मुद्दामा प्रमाण लाग्ने कुनै चिज वस्तु दशि बरामद नभएको, हामी प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरेको, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू लगायतकाले हामीले कसुर नगरेको भनी अदालतमा बकपत्र गरी दिएको जस्ता अवस्थामा हामीहरू उपरको अभियोग दाबी स्वतन्त्र एवं वस्तुनिष्ट प्रमाणबाट शंकारहित तवरबाट पुष्टि हुन नसक्ने हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । सोतर्फ विचार गर्दा यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा वारदात समयमा आफू वारदातस्थलमा नभई अन्यत्र रहेको भनी कसुरमा इन्कार रही बयान गरी निजहरूका साक्षीहरूले उक्त कुरामा समर्थन जनाएपनि सो कुरा अन्य प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । आफू अन्यत्र रहेको प्रमाण निजहरू स्वयम्ले पुर्‍याउनु पर्नेमा सो पुर्‍याउन नसकेको र वारदात भएको भन्ने कुरामा समेत निजहरूले अन्यथा केही भन्न नसकेको अवस्था छ । साथै निजहरूको आफ्नो मौकाको र अदालतको बयानसमेत एक आपसमा बाझिएको छ । प्रतिवादीले मौकामा कसुरमा साबित रही जाहेरी दरखास्त, मौकामा तयार भएका कागजहरू, दिइएका प्रतिवेदनहरू तथा घटनाको समग्र वस्तु स्थितिसँग मिल्ने भिड्ने गरी र घटनाको सिलसिलेवार चित्रण हुने गरी बयान गरी दिएका देखिन्छ । प्रतिवादी आफ्नो मौकाको बयान स्वेच्छाले नलेखाएको भने पनि के कसरी उक्त बयान स्वेच्छाविपरीत भयो निजहरूले भन्न नसकेको र सो पुष्टि हुन सक्ने अवस्था रहे भएको समेत केही देखिँदैन । प्रहरी आफैँले वा जबरजस्ती गरी लेखाएको बयानमा घटनाको वस्तुस्थितिसँग मेल खाने किसिमले घटनाको सिलसिलेवार चित्रण पनि हुन सक्दैन र त्यस्तो बयान अन्य मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइसँग पनि हुबहु नमिल्न सक्छ । यसरी घटनाको वस्तुस्थिति तथा परिवेशसँग र मौकामा कागज गर्नेहरूको भनाइसँग मेल खाने गरी आफ्नो स्वेच्छाले गरेको मौकाको बयानलाई अन्यथा पुष्टि नभएसम्म अदालतमा इन्कार गरेकै आधारमा असत्य भन्न मिल्दैन । प्रमाण ऐन २०३१ को दफा ९ (२) (क) हेर्दा अभियुक्तले सचेत अवस्थामा व्यक्त गरेको कुरा र निजलाई कुनै बाध्यतमा पारी वा यातना दिई वा दिने धम्कि दिई वा इच्छा विरूद्ध कुनै कुरा व्यक्त गर्ने स्थितिमा पारी कुनै कुरा व्यक्त गरेको होइन भने अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा पनि अदालतले प्रमाणमा लिन हुने नै हुन्छ । यसबाट पनि मौकामा यी प्रतिवादीहरूले आफ्नै स्वइच्छाले गरिदिएको बयानको व्यहोरालाई प्रमाणमा लिन सकिने नै हुन्छ । यसमा निजहरूको अदालतको इन्कारी बयान मिसिल संलग्न प्रमाणसँग मिल्न भिड्न नआएको तथा अन्य प्रमाणबाट समर्थित हुन नसकेको अवस्था विद्यमान रहेको छ ।

६. त्यस्तै वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले मौकामा कागज गर्दा यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी लेखाएकोमा अदालतमा बकपत्र गर्दा मौकाको बकपत्र आफूले लेखाएको नभई लेखेर ल्याएकोमा सही गराएको भने तापनि सो कुराको पुष्टि

गर्न नसकेकोले सो भनाइलाई विश्वासयोग्य मान्न सकिँदैन । अनुसन्धानका क्रममा तयार भएका तथा संग्रहित मिसिल संलग्न प्रमाणहरू एक आपसमा समर्थित भई वारदातलाई र वारदातमा यी प्रतिवादीहरूको संलग्नताका सम्बन्धमा पुष्टि गरिराखेको अवस्थामा मौकामा संकलित यी प्रमाणहरूलाई अन्यथा मानी प्रमाणमा अग्राह्य गर्न सकिँदैन। यसमा पीडित पन्नालाल स्वयम्ले यी प्रतिवादीहरूसमेतको आपराधिक कार्यमा संलग्नता रहेको हो देखे चिने भनी अपहरण मुक्त भई सकेपछि मौकामा सनाखत कागज गरिदिएको र सोही अनुसार किटानी जाहेरीसमेत दिएको पाइन्छ । त्यस्तै वारदातमा घाइते भएका व्यक्तिहरूले पनि यी प्रतिवादीहरूको संलग्नता रहे भएको कुरा उल्लेख गरी मौकामा लेखाई दिएको देखिन्छ। कुनै काम, घटना, वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने व्यक्ति वा सो काम, घटना वा अवस्थाबाट पीडित भएको व्यक्तिले कुनै काम वा घटनाका सम्बन्धमा मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था प्रमाण ऐन २०३१ को दफा १० मा भए अनुसार पनि घटनाका पीडित र प्रत्यक्षदर्शी दुवै रहेका यी पीडितहरूको मौकाको भनाइलाई अदालतमा आई बकपत्र गरी नदिएको आधारमा मात्र प्रमाणमा नलिन सकिँदैन।

७. त्यस्तै प्रस्तुत मुद्दामा दिएका दुवै जाहेरीको व्यहोरा अन्य प्रमाणहरूबाट समर्थित भइरहेको छ। यस्तो अवस्थामा जाहेरवाला अदालतमा आई आफ्नो जाहेरीको समर्थनमा बकपत्र गरी दिएमा मात्र जाहेरी सत्य हुने र समर्थनमा बकपत्र गरी नदिएमा झुठ्ठा हुने भनी सबै मुद्दामा गोश्वारारूपमा अर्थ गर्न मिल्दैन । जाहेरी अपराध भएको, हुन लागेको वा हुने आशंका देखिएको अवस्थामा प्रहरीलाई दिने जानकारी भएकाले यसका आधारमा प्रहरीले आफ्नो अनुसन्धानको तहकिकातको कार्य अगाडि बढाउँदछ। अनुसन्धान तहकिकातका क्रममा संकलित प्रमाणहरूलाई न्यायको रोहमा परीक्षण गरी अदालतले न्याय सम्पादन गर्ने हुँदा जाहेरी दरखास्तको समर्थनमा गरिने बकपत्रले प्रमाणको भुमिका खेल्ने भएपनि अन्य प्रमाण भई वारदात तथा सोमा संलग्नता पुष्टि भइरहेको अवस्थामा जाहेरी दरखास्तको समर्थन हुने गरी जाहेरवालाले बकपत्र नगरी दिएकै आधारमा वारदातको संलग्नतालाई अन्यथा भन्न सकिँदैन । यसरी मिसिल संलग्न प्रमाण कागजहरूबाट यी प्रतिवादीहरू जना ३ अभियोग दाबीअनुसारको कसुरमा संलग्न रहेको पुष्टि हुन गएकाले पुनरावेदन अदालतले अपहरण तथा कर्तव्य ज्यानको कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी ठहर गरेको मिलेकै देखिन्छ । अभियोग दाबीबाट सफाइ पाउँ भनी यी प्रतिवादीहरूले आफ्नो पुनरावेदनमा लिएका आधार तथा जिकिरहरूसँग सहमत हुन सकिँदैन।

८. यसरी यी प्रतिवादीहरूले अभियोग दाबीअनुसारको कसुर गरेको देखिएको अवस्थामा पुनरावेदन अदालतबाट अपहरण तथा शरीर बन्धकको कसुरमा कैद मात्र गरी जरिवाना नगर्ने गरी भएको पुनरावेदन फैसला मिलेको छ वा छैन ? तथा वादी नेपाल सरकारको जरिवानासमेत गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा अपहरण गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुन्छ भन्ने स्पष्ट व्यवस्था रहे भएको पाइन्छ । यसरी अपहरणको कसुरमा कैद र जरिवाना दुवै गर्ने गरी स्पष्टरूपमा कानूनी व्यवस्था भएको अवस्थामा प्रतिवादीहरूलाई कैदमात्र तोकी जरिवाना नगरेको फैसला सो जरिवाना नगरेको हदसम्म मिलेको देखिँदैन र प्रतिवादीहरूलाई जनही रू.५०,०००।- जरिवाना हुन्छ।

९. अतः सुरू जिल्ला अदालतले यी

प्रतिवादीहरू रामस्वरूप मुखिया विन, अम्बिका मुखिया विन र रामजी मुखिया विनलाई अभियोग दाबीअनुसार कर्तव्य ज्यानमा कसुरदार ठहराई र अपहरणको कसुरमा सफाइ दिने गरी गरेको फैसला पुनरावेदन अदालत, हटौंडाबाट केही उल्टी भई प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार कर्तव्य ज्यान तथा अपहरणमा कसुरदार ठहराई अपहरणको कसुरमा जरिवानाको सजाय नगरी भएको फैसला सो जरिवानासम्म नगरेको हकमा केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. १३ नं. को देहाय ४ अनुसार जनही जन्म कैदको सजाय र अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ. को ३ र ७ नं. बमोजिम जनही ९ (नौ) वर्ष कैद, जनही रू. ५००००।- (पचास हजार) जरिवानासमेत हुने र ऐ. को १२ नं. बमोजिम दामासाहीका दरले रू. २,०००।- (दुई हजार) क्षतिपूर्तिसमेत पीडित पन्नालाललाई भराई दिनेसमेत ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

पुनरावेदन अदालत, हटौंडाको फैसला अपहरणको कसुरमा जरिवाना नगरेको हकमा सम्म केही उल्टी भई प्रतिवादीहरूलाई जनही रू.५०,०००।- जरिवानासमेत हुने ठहरी यस अदालतबाट फैसला भएकोले सोअनुसार प्रतिवादीहरूको नाममा जरिवानाको समेत लगत कसी असुलउपर गर्नु भनी सुरू पर्सा जिल्ला अदालतमा लेखि पठाई दिनू १

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू १

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत: यदुराज शर्मा
इति संवत् २०७३ साल जेष्ठ २४ गते रोज २ शुभम्।

निर्णय नं. ९६७६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति: २०७३।२।२४

मुद्दा : कर्तव्य ज्यान।

०६८-CR-१०९०

पुनरावेदक/वादी : नरेन्द्र ओडको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला कञ्चनपुर भीमदत्त न. पा. वडा नं. १० बस्ने वीरबहादुर लुहारसमेत

०७१-RC-००४८

पुनरावेदक/वादी : नरेन्द्र ओडको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला कञ्चनपुर भीमदत्त न. पा. वडा नं. १० बस्ने दिपक विष्ट

- **प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी परे तापनि उक्त जाहेरी जाहेरवालाको बकपत्रबाट नै खण्डित भइरहेको अवस्थामा जाहेरी व्यहोरा केवल आवेशमा आई शंकाका भरमा मात्र दिएको प्रस्ट हुन्छ। त्यसमा पनि जाहेरी आफैँमा प्रमाण हुन सक्दैन। यो घटना भएको, घटनाको सम्भावना रहेको जस्ता अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्ने (First Information Report) का रूपमा मात्र**

दिइने हो जसलाई सत्य नै हुन्छ भनी भन्न सकिँदैन । यी प्रतिवादीको समेतको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि नभएको र स्वयम् जाहेरवालाको बकपत्रबाट समेत समर्थित नभएको अवस्थामा यसको प्रामाणिक मूल्य रहेको मान्न नसकिने ।

(प्रकरण नं. ४)

पुनरावेदक/वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता किरण पौडेल

प्रत्यर्थी/प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहबाट फैसला गर्नेः-

मा.जि.न्या. श्री भोजराज शर्मा

पुनरावेदन तहबाट फैसला गर्ने :-

मा.मु.न्या. श्री दुर्गाप्रसाद उप्रेती

मा.न्या. श्री कोमलनाथ शर्मा

फैसला

न्या. देवेन्द्र गोपाल श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) र १० (२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

मिति २०६७।८।२४ गते बेलुका मृतक बुबा व्रम्हदेवतर्फ गइरहेको अवस्थामा जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका, वडा नं. १० ठूलो खोला भन्ने ठाउँमा पुग्दा प्रतिवादी दिपक विष्ट, वीरबहादुर लुहार, धनबहादुर विष्टसमेतका जना ३ ले कुटपिट गरी मेरो बुबा मृतक नारायण ओडको घटनास्थलमा नै मृत्यु भएकोले निजहरूलाई कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको मृतकका छोरा नरेन्द्र ओडले दिएको जाहेरी दरखास्त ।

जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका, वडा नं. १० ठूलो खोला भन्ने ठाउँमा चार किल्ला खुलाइएको मृतक नारायण ओडको मृत लासको वरिपरि ढुंगाहरूमा रगत जस्तो पदार्थका छिटाहरू रहेको दायाँ आखाँ फुटी रगत निस्किरहेको भन्नेसमेत व्यहोराको घटनास्थल लास जाँच मुचुल्का ।

मिति २०६७।८।२४ गते म राति सुतेको अवस्थामा उठाई दिपक विष्टको टाउकोमा चोट लागेको छ । अस्पताल पुर्‍याई दिनु पर्‍यो भनी भन्दा दिपक र धनबहादुरलाई मैले मोटरसाइकलमा अस्पताल पुर्‍याएको हुँ । सोपश्चात् मात्र दिपकको झगडाको बारेमा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको मोहन लुहारले गरिदिएको घटनास्थल विवरण कागज ।

मिति २०६७।८।२४ गते हामी जोगबुढातर्फ जान लाग्दा धनबहादुर र वीरबहादुरले मादक पदार्थ सेवन गरेका थिए । सोही समयमा तिलाचौरबाट व्रम्हदेवतर्फ गइरहेका व्यक्तिहरूलाई को हो भन्दा निजहरूसँग विवाद भई निजहरूमध्ये कोही १ जनाले मलाई ढुंगाले हान्दा मैले पनि ढुंगा प्रहार गर्दा मृतकलाई लागेको हो । सोपछि म उपचारको लागि अस्पताल गएको हुँ । मैले प्रहार गरेको ढुंगाले मृतक नारायण ओडको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक विष्टको अनुसन्धान अधिकृतसमक्षको बयान ।

मिति २०६७।८।२४ गते जोगबुढातर्फ जान लाग्दा मैले र वीरबहादुरले मादक पदार्थ सेवन गरेका थियौँ । घटनास्थल नजिक पुग्दा वीरबहादुर लुहार चुरे जंगलमा लगाएको तारबारभित्र हराएपश्चात् निजलाई खोज्ने क्रममा नारायण ओडलाई भुइँमा पल्टेको देखेको हुँ । निजको अलि अलि सास थियो । उक्त स्थानमा अन्य व्यक्तिहरूसमेत थिए । मृतकको शरीरबाट रगत बगिरहेको थियो । दिपक विष्टको पनि टाउकोबाट रगत बगिरहेको थियो । निजलाई मैले अस्पताल लगी गएको हुँ । दिपक विष्टकै कुटपिटका कारण नारायण

ओडको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी धनबहादुर विष्टको अनुसन्धान अधिकारीसमक्ष गरी दिएको बयान।

मिति २०६७।८।२४ गते हामी धनबहादुरसमेत मेला हेर्न जोगबुढातर्फ जानेबेला दिपक विष्टले म पनि जान्छु भनी गएको हो। दिपक र धनबहादुर आउँदै होला भनी सोची अगाडि जाँदै गर्दा मलाई रक्सी बढी भएका कारण बाटोमै सुतेको रहेछु। २ घण्टापछि होसमा आएपछि मैले कसैलाई नदेखेपछि खोलातर्फ जाँदा लाले ओडसमेतलाई भेटी के भयो भन्दा नारायण ओडलाई लास बनाएको छ भन्दा प्रहरीमा फोन गर्न पठाएको हुँ। पछि बुझ्दा दिपक विष्टले ढुंगाले हानी घाइते बनाई नारायण ओडको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी वीरबहादुर लुहारको बयान कागज।

मिति २०६७।८।२४ गते जोगबुढाबाट मेरो मामा बज्यै आउन लाग्दा निजहरूलाई ल्याउन ब्रम्हदेवतर्फ मसमेत जान लाग्दा तिलकेनी ठूलो खोलो भन्ने ठाउँमा सामुदायिक जङ्गलबाट २।३ ढुंगाहरू हामीहरूतर्फ आएपश्चात् मैले टर्च लगाई हेर्दा २ जना व्यक्तिहरू रहेछन्। टर्च बन्द गर भनी हामीलाई आमा चकारी गाली गरेपश्चात् दिपक विष्ट हामी भएतर्फ आई मामा फकिरेलाई मुक्काले हानी मेरो बुबा नारायण ओडले छुट्याउन जाँदा दिपक विष्ट र धनबहादुर विष्ट आई हामीलाई पनि कुटपिट गर्न लागेपछि हामीहरू भागी गएका हौं। सोही समयमा एक जना अर्को व्यक्ति सोही ठाउँमा आई तीनै जनाले बुबा नारायण ओडलाई कुटपिट गरी मारेको हुन् भन्नेसमेत व्यहोराको भरत ओडले गरिदिएको घटना विवरण कागज।

२०६७।८।२४ गतेका दिन बेलुका ५ बजेको समयमा मेरो भाइ रोसनले आमालाई डडेल्धुराबाट ल्याई रहेकोमा निजले फोन गरी श्रीमान नारायण ओडलाई साइकल ल्याई ब्रह्मदेव आउनु भनेको हुँदा श्रीमान् र छोरा भरत ओडसमेत घरबाट गएका हुन्। सोपश्चात् छिमेकी पुस्पा वड मेरो घरमा आई दाजु नारायण ओडको मृत्यु भयो। निजलाई क कसले मारे भनी मलाई फोन आयो भनेकाले म अचेत भएँ। त्यसपछि पानी छर्की मलाई होसमा ल्याई ८।१० जना व्यक्तिहरू घटनास्थलमा गएका हुन्। मेरो श्रीमान् नारायण ओडलाई दिपक विष्ट, धनबहादुर विष्ट र विरबहादुर लुहारले मारेका हुन् र निजबाहेक अन्यको संलग्नता छैन। निजहरूले के कुन कारणले कर्तव्य गरी मारेका हुन् मलाई थाहा भएन। निजहरूसँग पूर्व रिसइवी, चिनाजन केही थिएन भन्नेसमेत व्यहोराको मृतककी श्रीमती चन्द्रादेवी ओडले गरेको घटना विवरण कागज।

मृतक नारायण ओड मेरो भिनाजु हुन्। २०६७।८।२४ गते बेलुकी जोगबुढाबाट भाइ, आमासमेत हाम्रो घर तिलाचौड आउँदै गर्दा निजहरूले मृतक भिनाजुलाई फोन गरी हामीहरूलाई लिन आउनु भनेका रहेछन्। मलाई पनि जाउँ भन्दा हामी त्याहाँ जान भनी गयौँ। जाँदा तिल्केनी खोलामा हिँड्दै गर्दा बाटोमाथि जंगलबाट २।३ वटा ढुङ्गा हान्यो सोपछि भरत ओडले टर्च लगाएकोमा माथिबाट एकजनाले आमा चाकरी गाली गरी प्रतिवादी दिपक विष्ट हामीहरू भएको ठाउँमा आई सबभन्दा पहिला मलाई मुक्काले हानी भुइँमा लडायो र सोपछि छुट्टयाउन आएका मेरो भिनाजु नारायण ओडलाई त्याहाँ भएको दिपक विष्ट र माथि जंगलबाटबाट धनबहादुर विष्ट आई दुवैले नारायण ओडलाई कुटपिट गरे। भान्जा भरत ओडलाई हातले तल फालेका हुन्। मलाई पुनः धनबहादुर ओडले एक मुक्का हानेपछि म भागी गएँ। म भाग्दा पछाडि हेर्दा प्रतिवादी ३ जनाले मृतक भिनाजुलाई कुटपिट गरिरहेका थिए। मृतक भिनाजुलाई निज प्रतिवादीले कुटपिट गरी ढुंगा प्रहार गरी मारेका हुन भनी फकिर लुहारले गरिदिएको कागज।

मैले घटनाका बारेमा थाहा पाई घटनास्थलमा जाँदा गाउका सम्पूर्ण मान्छेहरू घटनास्थलमा

थिए। निजलाई क कसले के कसरी मारेका हुन् सो कुरा मलाई केही थाहा छैन भन्नेसमेत व्यहोराको राजमती देवी ओडको घटना विवरण कागज।

२०६७।८।२४ गतेका दिन बेलुका मसमेत नरे ओडको घरमा धामीझाँक्री गरिरहेको अवस्थामा फगिर लुहार सोही ठाउँमा आई नारायण ओडलाई मारेको छ भनी भन्दा मसमेत अन्य व्यक्तिहरू गएका थियौँ। घटनास्थलमा निज नारायण ओडलाई मृत अवस्थामा देखेका हौँ। निज मृतकलाई प्रतिवादीहरू दिपक विष्टसमेतले कर्तव्य गरी मारेको हो भन्ने कुरा गाउँ समाजबाट सुनी थाहा पाएको हुँ। घटना के कसरी भयो को कसले कसरी मारे थाहा छैन भन्नेसमेत व्यहोराको गजी ओड, धनविर महर र कल्यान ओडले करिब एकै मिलान हुने गरी मौकामा गरिदिएको कागज।

घटनास्थलमा जाँदा मृतक नारायण ओडको लास देखेका हौं। पछि सोधपुछ गर्दा दिपक विष्टसमेतले कुटपिट गरी नारायण ओडलाई मारेका हुन् भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जनकबहादुर लुहारसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादीमध्येका दिपक विष्ट, धनबहादुर विष्ट, वीरबहादुर लुहारसमेतले हात मुक्काले कुटपिट गरी टाउकोमा ढुंगासमेत प्रहार गरी कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आएकोले निजहरूको उक्त कार्य ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर भएकाले निज प्रतिवादीहरू दिपक विष्ट, धनबहादुर विष्ट र वीरबहादुर लुहारसमेत तीनै जनालाई सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

मृतकसमेत ३।४ जना गइरहेको अवस्थामा दिपक विष्टले को हो भनी सोधेको र मृतक समूहबाट टर्च बाली मुखमा लगाएकाले दिपकले टर्च मुखमा किन लगाएको भन्दा टर्च लगाउने निजहरूले नै गाली गर्दा झगडा भएको हो। मैले मृतकलाई मारेको होइन। दिपकसँग मृतकको झगडा भएकोले दिपकले नै हानेर मारेको हो। म वारदात स्थलमा पछि पुगेको हुँ। म पुग्दा नारायण छटपटाई रहेको थियो। म प्रतिवादी दिपक विष्ट र वीरबहादुर लुहार सँगै घरबाट गएकाले हामीलाई दोष लगाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी धनबहादुर विष्टले अदालतमा गरेको बयान।

म वारदातस्थलमा २।३ घण्टापछि गाउँलेहरूको हल्ला सुनी आएको हुँ। मैले धेरै रक्सी सेवन गरेकोले बढी नसा लागि उठ्न नसकी बेहोस थिएँ। मसमेत उपर दिएको किटानी जाहेरी झुट्ठा हो। धनबहादुरले मलाई जोरसँग बोलाएका कारण यो पनि सँगै थियो होला भनी शंका लागी किटानी कागज गरेका होलान् भन्नेसमेत व्यहोराको प्रतिवादी वीरबहादुर लुहारको बयान।

मसमेत धनबहादुर र वीरबहादुर मेला हेर्न जाँदै गर्दा बाटोमा व्रम्हदेवतिर जाने व्यक्तिहरूले टर्च मेरो आँखामा लगाएको र नलगाउ भन्दा गाली गरेपछि मैले पनि गाली गर्दा निजहरू मध्येका फकिरे लुहारले मलाई हातले हान्यो। मृतकले मेरो टाउकोमा ढुंगाले हान्यो। मैले पनि ढुंगा समाती हानेँ कि हानिन म बेहोस जस्तो भएकोले थाहा भएन। मृतकको मृत्यु कसको चोटको कारणबाट भयो मलाई थाहा भएन। धनबहादुर र वीरबहादुर झगडा हुँदासम्म आएका थिएनन् भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक विष्टले अदालतमा गरेको बयान।

मृतकको मृत्यु भएको खबर सुनी घटनास्थलमा गई हेर्दा मृतकको टाउकोमा चोट लागी रगत मुखभरि लतपतिएको थियो। फकिरे लुहारले प्रतिवादीहरू जना ३ ले हानेको भनी बताएका थिए भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस कल्याण ओडले गरेको बकपत्र।

सो दिन म हल्ला सुनी घटनास्थल गएको थिएँ। दिपक विष्टलाई त्याहाँ देखेन। क कसको बीचमा झगडा भयो थाहा भएन। आर्मीका केटाहरूले ढुंगा

प्रहार गरेको सुनेको हो भन्नेसमेत व्यहोराको दिपक विष्टका साक्षी लोकबहादुर विष्टको बकपत्र ।

२०६७।८।२४ गते साँझ मेरो बज्यै नाता पर्ने फकिरे लुहारको आमालाई ल्याउन भनी मामा फकिरे लुहार, बुबा मृतक नरायण लुहार र मसमेत ३ जना घरबाट ब्रह्मदेव गएका हौँ ।बाटोमा खोलानजिक पुग्दा माथिबाट ३ वटा ढुंगा प्रहार भए । म र फकिरे भागेर गयौँ । पछि बुबा पनि भाग्न लाग्दा लडेको जस्तो आवाज आएको थियो । ढुंगा हान्नेलाई हामीले चिनेनौं । ३।४ जना आर्मी कटिंग गरेका जस्ता थिए । माथिबाट आएको ढुंगा लागेर हो वा भाग्ने बेला चोट लागेको हो मलाई थाहा भएन । यी प्रतिवादीले मारेको भन्ने थाहा छैन । प्रहरीमा मलाई जबरजस्ती सही गराएको हो भन्नेसमेत व्यहोराको वादी पक्षका गवाह भरत ओडले गरेको बकपत्र ।

सो दिन मेरो आमालाई ल्याउन भनी म, भरत ओड र मृतक नारायण ओड ब्रह्मदेव गइरहेको अवस्थामा माथिबाट ढुंगा आउँदा म र भरत ओड त्याहाँबाट दगुर्‍यौँ । मृतक त्यहीँनेर थिए । मृतक लामो समयसम्म नआउँदा त्याहाँ जाँदा मृत्यु भइसकेको थियो । निजको मृत्यु लडेर भयो वा ढुंगा लागेर भयो थाहा भएन । कसले किन हाने थाहा भएन भन्नेसमेत व्यहोराको वादी पक्षका गवाह फकिरे लुहारले गरेको बकपत्र ।

मृतक बुबा ब्रह्मदेवतर्फ जान लाग्दा खोलाको माथिबाट ढुंगा आएको ढुंगा लागी बुबाको मृत्यु भयो भनेको सुनेको हो । मृत्यु ढुंगा लागि भयो वा आफैँ लडी भएको मलाई थाहा छैन । मैले घटना घटेको देखेको होइन । भरत ओड, फकिरे लुहारको भनाइअनुसार जाहेरी गरेको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाला नरेन्द्र ओडले गरेको बकपत्र ।

म वडा नं. १० र ८ को वोर्डरको पसलमा थिएँ । सामुदायिक बनको किनारानेर आर्मी जस्ता केटाहरूले ढुंगा हिर्काएकोले दिपकसमेत घाइते भएको सुनी त्याहाँ पुग्दा दिपकलाई बेहोस अवस्थामा हिर्काएर फालेको अवस्थामा र मृतकलाई अर्कोतर्फ फालेको देखेको हो । दिपकलाई निजका आफन्तहरूले अस्पताल लगेका हुन् । ती आर्मी केटाहरूले हिर्काएको ढुंगा लागेर हो वा आफैँ लडेर चोट लागेको हो यकिन भएन । यी प्रतिवादीहरू निर्दोष हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक विष्टका साक्षी हर्कबहादुर नेगीले गरेको बकपत्र ।

प्रतिवादी दिपक विष्टले ढुंगाले टाउकोमा प्रहार गरेको कारण मृतकको मृत्यु भएको प्रमाणित हुन आएकोले निजलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १३ नं. को देहाय ३ बमोजिम सर्वश्वसहित जन्म कैद हुने ठहर्छ । तर घटनाको अवस्था परिस्थिति विचार गर्दा पूर्व रिसइवी केही नहुनु, तत्कालको रिसबाट ढुंगा प्रहारबाट मृतकको टाउकोमा चोट लागी मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई हदैसम्मको सजाय गर्दा चर्को पर्न गई घटी सजाय गर्न उपयुक्त देखेकोले निजलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० मात्र सजाय हुने राय व्यक्त गरिन्छ । अन्य प्रतिवादी वीरबहादुर लुहार र धनबहादुर विष्टको हकमा विचार गर्दा यी प्रतिवादीहरूको पनि संलग्नता भएको भन्ने मिसिल कागजबाट नदेखिँदा निजहरूले दाबीबमोजिमको अपराध गरेको प्रमाणित हुन नआएकोले निजहरू वीरबहादुर लुहार र धनबहादुर विष्टले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला ।

प्रतिवादीहरूको इन्कारी बयानको आधारमा मात्र प्रतिवादीहरू वीरबहादुर लुहार र धनबहादुर विष्टलाई कसुर अपराधबाट सफाइ दिने गरी भएको प्रस्तुत फैसलामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन तथा विश्लेषण गरिएको नदेखिएकोले उक्त सुरू कञ्चनपुर जिल्ला अदालतको त्रुटिपूर्ण फैसला बदर गरी निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम

सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, महेन्द्रनगरमा दायर भएको पुनरावेदन पत्र ।

मैले कर्तव्य गरी मार्नु पर्ने कुनै कारण वा प्रयोजन र घटनाक्रमसमेतको अभाव रहेको, म प्रहरीमा र अदालतमा कसुरमा इन्कार रहेको, मैले बाटोमा हिँडिरहेको अवस्थामा आँखामा टर्च नलगाउन भनेका कारण म माथि नै सांघातिक आक्रमण भई म बेहोस भई मलाई नै अस्पताल लगेको अवस्थाबाट मैले नारायण ओडको हत्या नगरेको प्रमाणित भइरहेकोमा ढुंगा प्रहारमा निरन्तरता प्रदान गर्ने तेस्रो पक्षलाई खोजी गर्ने बुझ्ने प्रयत्नसम्म नगरी अधुरो अनुसन्धानका आधारमा मलाई अभियोग दाबी बमोजिम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक विष्टको पुनरावेदन अदालत, महेन्द्रनगरमा दर्ता गरेको पुनरावेदन पत्र ।

प्रतिवादी दिपक विष्टलाई अभियोग मागदाबी अनुसार ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार सर्वश्वसहित जन्म कैदको सजाय हुने र प्रतिवादीहरू धनबहादुर विष्ट र वीरबहादुर लुहारले अभियोग दाबीबाट सफाइ पाउने ठहराएको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६८।२।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादी दिपक विष्टलाई कानूनबमोजिम हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने भएकाले घटी सजाय गर्न मनासिब देखी अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० मात्र सजाय गर्ने सुरू जिल्ला अदालतबाट व्यक्त राय न्यायोचित देखिँदा सो रायसमेत सदर गरिदिएको छ । साथै निज प्रतिवादी दिपक विष्टलाई १० वर्षमात्र कैद सजाय गर्नु न्यायोचित देखिएकाले अ.बं. १८८ नं. बमोजिम छुट्टै रायसमेत व्यक्त गरिएको छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।८।२५ को फैसला ।

तीनै जना प्रतिवादी एकसाथ मेला हेर्न गएका र तीनवटा ढुंगा प्रहार भएको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीले ढुंगा प्रहार गरी सोले मृतकको टाउकोमा चोट लागी मृतकको मृत्यु भएको स्पष्ट हुन्छ । जाहेरी दरखास्त र अनुसन्धानमा बुझिएका व्यक्तिहरूले गरेको कागजबाट समेत तीनै जना प्रतिवादीको सामूहिक कार्यबाट मृतकको मृत्यु भएको तथ्य स्थापित हुन आएकोमा प्रतिवादीहरू धनबहादुर विष्ट र वीरबहादुर लुहारले सफाइ पाउने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

प्रस्तुत मुद्दा यस अदालतको मिति २०७१।८।२३ गतेका आदेशानुसार प्रतिवादी दिपक विष्टका हकमा साधकमा समेत दर्ता हुन आएको ।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता किरण पौडेलले जाहेरी दरखास्त, अनुसन्धानमा बुझिएका व्यक्तिहरूको कागजको व्यहोरा जस्ता मिसिल संलग्न कागजबाट तीनै जना प्रतिवादी एकसाथ मेला हेर्न गएका र तीनवटा ढुंगा प्रहार भई तीनै जना प्रतिवादीको सामूहिक कार्यबाट मृतकको मृत्यु भएको तथ्य स्थापित हुन आएकोमा प्रतिवादीहरू धनबहादुर विष्ट र वीरबहादुर लुहारले सफाइ पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ । सो फैसला बदर गरी निजहरूलाई समेत अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

यसरी बहससमेत सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नको निरूपण गरी निर्णयमा पुग्नु पर्ने देखियो ।

१. प्रतिवादीहरू धनबहादुर विष्ट र वीरबहादुर लुहारले सफाइ पाउने ठहराएको सुरू फैसला सदर गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ? तथा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर

पुग्न सक्छ सक्दैन ?

२ प्रतिवादी दिपक विष्टको हकमा साधक सदर हुन्छ वा हुँदैन ?

३ प्रतिवादी दिपक विष्टको हकमा १० वर्ष कैदको लागि सुरू अदालतबाट व्यक्त राय सदर गरेको पुनरावेदन अदालतको राय मनासिब छ वा छैन ?

निर्णयार्थ मिसिल अध्ययन गरी हेर्दा यसमा प्रतिवादीमध्येका दिपक विष्ट, धनबहादुर विष्ट र वीरबहादुर लुहारसमेतले मृतक नारायण ओडलाई हात मुक्काले कुटपिट गरी टाउकोमा ढुंगासमेत प्रहार गरी कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आएकोले निजहरूलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग पत्र माग दाबी लिएकोमा सुरू कञ्चनपुर जिल्ला अदालतले प्रतिवादी वीरबहादुर लुहार र धनबहादुर विष्टले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी दिपक विष्टलाई अभियोग दाबीअनुसार सजाय हुने ठहराई निजको हकमा १० वर्ष कैद सजायको समेत राय व्यक्त गरी फैसला भएको देखिन्छ । उक्त फैसलाउपर सफाइ पाउँ भनी प्रतिवादी दिपक विष्टको र सफाइ पाएका प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट सुरू फैसला सदर हुने ठहरी फैसला भएको पाइन्छ । उक्त पुनरावेदन अदालतको फैसलाउपर प्रतिवादी दिपक विष्टको हकमा यस अदालतमा साधक दर्ता हुन आएको र सफाइ पाएका प्रतिवादीहरूको हकमा वादी नेपाल सरकारको पुनरावेदनसमेत दर्ता हुन आएको पाइयो ।

२. निर्णयतर्फ विचार गर्दा मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्य मिसिल संलग्न शव परीक्षण प्रतिवेदन, लास जाँच प्रकृति मुचुल्का लगायतका मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भई निर्विवादसमेत रहेको अवस्थामा प्रस्तुत मुद्दामा निर्णयका लागि सर्वप्रथम पहिलो प्रश्नमा नै केन्द्रित हुनुपर्ने देखियो । सो प्रश्नका सम्बन्धमा हेर्दा सफाइ पाएका यी प्रतिवादीहरू धनबहादुर विष्ट र वीरबहादुर लुहारउपर कुटपिट गरी मृतकलाई मारेको भनी मृतकका छोरा नरेन्द्र ओडले किटानी जाहेरी गरेको भए तापनि निजले अदालतमा बकपत्र गर्दा आफूले सुनेको आधारमा मात्र जाहेरी गरेको र कर्तव्यबाट मृत्यु भएको जस्तो नलाग्ने तथा यी प्रतिवादीहरूको संलग्नता सम्बन्धमा केही भन्न नसक्ने भनी लेखाएका छन् । अभियोग दाबीअनुसार सजाय पाएका प्रतिवादी दिपक विष्टले आफ्नो अनुसन्धानको बयानमा आफूले मात्र मृतकलाई ढुंगा हानेको र ढुंगा हान्दा यी प्रतिवादीहरू जना २ उक्त स्थानमा नरहेको पछिमात्र घटनास्थलमा आएका भनी मौकामा र अदालतमा गरेको बयानमा लेखाई दिएको पाइन्छ । यी प्रतिवादी धनबहादुर विष्टले प्रतिवादीहरू तीनै जना डडेल्धुरा मलास भन्ने ठाउँमा मेला हेर्न भनी सँगै गई बाटोमा रक्सी खाई गइरहेको अवस्थामा तिल्केनीस्थित सामुदायिक वन नजिक पुग्दा वीरबहादुर लुहार अगाडि गएका हुन् । अँध्यारो भई हामी पछाडि हुँदा निजलाई खोज्न भनी म र दिपक विष्ट अलग अलग गएकोमा निजलाई नभेटाई म फर्की तिल्केनी खोलामा फर्केर आउदा धेरै मानिस बोलेको हल्ला सुनी घटनास्थलमा जादाँ मृतकको शरीरबाट रगत बगी भुइँमा ढलेको अवस्थामा देखेको हुँ र प्रतिवादीमध्येका दिपक विष्टलाई पनि टाउकोमा चोट लागी रगत बगिरहेकोले निजलाई अस्पताल लगेको हो । मृतक नारायण ओड र दिपक विष्टको झगडा भई एक आपसमा हातपात गरेका हुन् भन्नेसम्म थाहा पाएको हुँ । मार्ने कार्यमा मेरो कुनै संलग्नता नभई दिपक विष्ट सँगसँगै गएकाले मलाई शंका गरी जाहेरी दिएको होला भनी कसुरमा इन्कार रही अनुसन्धानमा र अदालतमा समेत बयान गरेको पाइन्छ । अर्का प्रतिवादी वीरबहादुर लुहारले प्रतिवादी धनबहादुर विष्टको भनाइलाई समर्थन

गर्दै आफू अगाडि गई रक्सी बढी भएकाले बाटोमा पल्टेको र सोपछि आफूलाई केही थाहा नभएको, १।२ घण्टापछि होस आउँदा हल्ला भएको सुनी सो स्थानतर्फ गई सोधपुछ गर्दामात्र घटनाबारे थाहा पाई खड्के लुहारलाई जि. प्र. का. फोन गर्न लगाई घर गएको र भोलिपल्ट लास भएको ठाउँमा जाँदा प्रहरीले समातेका भनी आफू र धनबहादुर विष्टले कसुर नगरेको तथा थाहा पाएअनुसार टर्च लगाएको विषयमा झगडा भई दिपक विष्टले ढुंगाले हानेर घाइते बनाई मृतकको मृत्यु भएको हो भनी अनुसन्धानमा र अदालतमा समेत बयान गरिदिएको पाइन्छ । मौकामा घटना विवरण कागज गर्ने रोशन लुहार, मृतककी श्रीमती चन्द्रादेवी ओड, सर्जमिन मुचुल्काका जनकबहादुर लुहार, हरि ओड, जोगी दमाई लगायतकाले पनि यी प्रतिवादीहरू तीनै जनाले झगडा गरी मृतकलाई ढुंगाले प्रहार गरी मारेको भनी भने तापनि सो कुरा अरूले भनेको सुनी थाहा पाएको हो भनी अरूले भनेको सुनेको आधारमा प्रतिवादीहरू माथि शंका गरेको बुझिन्छ ।

३. घटना विवरण कागज गर्ने घटनाका प्रत्यक्षदर्शी मृतकका छोरा भरत ओड र फकिरे लुहारले उक्त दिन मृतकसँग आफूसमेतका मानिस ब्रह्मदेवतर्फ गइरहेको अवस्थामा तिल्केनी सामुदायिक जंगलको तारबार माथिबाट तीनवटा ढुंगा हामीहरूतिर हानेकोले मैले ढुंगा हानेतर्फ टर्च लगाई हेर्दा तारबारभन्दा माथि एक जना मानिस लुकी छिपी बसेको र तारबार तल भएको दिपक विष्टले टर्च नलगाउ भनी आमा चकरी गाली गरेको हो । गाली नगर भनी मामाले भन्दा निज हामी भएको ठाउँमा आई मामा फकिरे लुहारलाई मुक्काले हान्दा मृतक बुबा नारायण ओड छुट्याउन जादाँ निजको मुख बन्द गरी पिट्न थालेको हो । सोही समयमा तारबार माथिबाट धनबहादुर विष्ट आई दुवै मिली बुबालाई कुटपिट गर्न लाग्दा पछि अर्कोसमेत आई तीनै जनाले कुटपिट गरी कर्तव्य गरी मारेका हुन् भनी लेखाए तापनि निजले आफूले प्रतिवादीलाई नचिन्ने भनेको र अर्को व्यक्ति आइ कुटपिट गरेको मात्र भनी सो अर्को व्यक्ति को हो केही भन्न नसकेको देखिन्छ । यसमा पनि निजहरूले अदालतमा बयान गर्दा ढुंगा हान्ने व्यक्तिलाई आफूले नचिनेको आर्मी जस्ता थिए, मृत्यु माथिबाट आएको ढुंगा लागी भयो वा भाग्न लाग्दा लडेर भयो आफूहरूलाई थाहा नभएको र आफूले अनुसन्धानमा लेखाएको कुरा सत्य नभएको भनी परस्पर विरोधाभाषपूर्ण भनाइ लेखाएबाट पनि निजहरूले अनुसन्धानमा गरेको बयानलाई सत्य मान्न सकिँदैन । घटना विवरण कागज गर्ने राजमती देवी ओड, गजी ओड, धनबिर महरसमेतले घटनामा यी प्रतिवादीहरू वीरबहादुर लुहार र धनबहादुर विष्टको संलग्नता सम्बन्धमा केही भन्न सकेको छैन । घटना विवरणका धन विर महर, कल्यान ओडले घटनास्थलमा आफूसँगै वीरबहादुर लुहार पुगेको बताएबाट पनि निज वीरबहादुर लुहार अगाडिदेखि नै घटनास्थलमा रही घटना घटाउने कार्यमा संलग्न रहेको भन्न सकिँदैन ।

४. यसरी मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादीहरूमध्येका वीरबहादुर लुहार र धनबहादुर विष्टको संलग्नता सम्बन्धमा जाहेरी दरखास्तमा उल्लेख भए तापनि उक्त जाहेरी दरखास्त अन्य कुनै प्रमाणबाट समर्थित हुन सकेको देखिँदैन । सुरू र पुनरावेदन तहबाट दोषी ठहर भएका दिपक विष्टले पनि यी प्रतिवादीहरू उपर पोल नगरेको र यी प्रतिवादीहरू जना २ को घटनामा संलग्नता सम्बन्धमा निजको अनुसन्धानको र अदालतको बयान कागजमा एकरूपता नै देखिएको पाइन्छ । साथै यी दुई प्रतिवादीहरूले अनुसन्धान र अदालतको बयानमा इन्कार रही लेखाएको र घटनाका सम्बन्धमा पनि आफ्नो दुवैतर्फको बयानको व्यहोरामा र दिपक विष्टसमेतको बयान व्यहोरामा एकरूपता नै रहेको देखिएबाट निजहरूको बयान लाई झुट्ठा मानी यी प्रतिवादीहरूको घटनामा संलग्नता रहेको भनी भन्न सकिँदैन । जाहेरवाला स्वयम्ले जाहेरी सुनेको आधारमा मात्र दिएको भनी अदालतमा बकपत्र गर्दा लेखाई दिएको

साथै मौकामा कागज गर्ने व्यक्तिहरूले आफूहरूले सुनेको आधारमा मात्र शंका गरी निजहरूको संलग्नता रहेको हुन सक्ने लेखाइदिएको पाइन्छ। यस आधारमा मात्र यी प्रतिवादीहरूको संलग्नता रहेको ठहराउनु न्यायोचित हुँदैन। सुनी जान्ने प्रमाणको सत्यता जाँच्न नसकिने, भन्ने मानिसले सही भन्यो वा गलत भन्यो यकिन हुन नसक्ने, एउटाले भनेर अर्कोले सुन्दा कुरामा फरक पर्न सक्ने जस्ता कारणबाट सुनि जान्ने प्रमाण प्रमाण होइन भन्ने सिद्धान्त प्रमाण कानूनमा विकास भएको छ। सोही अनुसार प्रमाण ऐनको दफा ३७ (२) मा मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ अर्थात् देख्न, सुन्ने वा कुनै इन्द्रियको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा दिन खोजिएको भए सो कुरा प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले त्यससम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्छ भनी भनेको सन्दर्भमा पनि देख्ने मानिसले नभई बाहिरी हल्लाको आधारमा वारदातमा संलग्नताका सम्बन्धमा बताएको साथै अन्य प्रमाणबाट समेत पुष्टि नभएको उक्त भनाइलाई प्रमाणमा ग्रहण गर्न सकिँदैन। त्यस्तै यी प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी परे तापनि उक्त जाहेरी जाहेरवालाको बकपत्रबाट नै खण्डित भइरहेको अवस्थामा जाहेरी व्यहोरा केवल आवेशमा आई शंकाका भरमा मात्र दिएको प्रस्ट हुन्छ । त्यसमा पनि जाहेरी आफैँमा प्रमाण हुन सक्दैन । यो घटना भएको, घटनाको सम्भावना रहेको जस्ता अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्ने (First Information Report) का रूपमा मात्र दिइने हो जसलाई सत्यनै हुन्छ भनी भन्न सकिँदैन । यी प्रतिवादीको समेतको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि नभएको र स्वयम् जाहेरवालाको बकपत्रबाट समेत समर्थित नभएको अवस्थामा यसको प्रामाणिक मूल्य रहेको मान्न सकिँदैन । निजहरूको संलग्नता सम्बन्धमा कसैले आफूले देखेको भनी यकिन गरी भन्न सकेको देखिँदैन । वारदातको परिस्थिति हेर्दा पनि यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भन्न सकिँदैन । तीनै जना प्रतिवादीहरू जाँदा सँगै गएको देखिए पनि पछि गएर यी तीनै जना अलग अलग भएको अवस्थामा वारदात भएको मिसिलबाट देखिन्छ। यसरी यी प्रतिवादीहरूको संलग्नता अन्य वस्तुगत तथा परिस्थितिजन्य प्रमाणबाट समेत समर्थन हुन नसकेको यस्तो अवस्थामा केवल प्रतिवादीहरू तीनै जना सँगै गएको, सँगै मादक पदार्थ सेवन गरेको, माथिबाट ३ वटा ढुंगा प्रहार भएको र किटानी जाहेरीसमेत परेकै आधारमा मात्र यी दुई जना प्रतिवादीहरूको समेत घटनामा संलग्नता रहेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन।

५. अब प्रतिवादी दिपक विष्टलाई सर्वश्वसहित जन्म कैद हुने गरी भएको फैसला साधक सदर हुन्छ हुँदैन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा मृतकको मृत्युका सम्बन्धमा शव परीक्षण प्रतिवेदनमा मृत्यु टाउकोको चोटको कारण भएको हो भनी उल्लेख हुनुका साथै लास प्रकृति मुचुल्कामा मृतकको निधार फुटी रगत निस्केको, टाउकाको पछाडि बायाँ साइडमा अर्ध गोलाकार एक इन्च गहिरो घाउ चोट परेको भन्नेसमेत उल्लेख भएबाट मृतकको मृत्यु ढुंगाको चोटबाट भएको प्रमाणित हुन्छ। अब ढुंगा प्रहार गरेको सम्बन्धमा हेर्दा यी प्रतिवादी दिपक विष्ट स्वयम्ले अनुसन्धानका क्रममा आफूले हानेको ढुंगाको चोटले मृतकको मृत्यु भएको भनी कसुर स्वीकार गरी बयान गरी दिएको पाइन्छ। निजले अदालतको बयानमा मैले ढुंगा हाने वा हानेन थाहा छैन भने तापनि आफ्नो मृतक पक्षसँग झगडा र हानाहान भएको कुरालाई स्वीकार गरी ढुंगा नहानेको भन्न सकेको देखिँदैन ।त्यस्तै वारदात हुँदा मृतकसंगै रहेका प्रत्यक्षदर्शी फकिरे लुहार र भरत ओडले टर्च लगाएको विषायमा दिपक विष्टलगायतले गाली गरेको र गाली नगर भन्दा उल्टै हामी भएको ठाउँमा आई हामीसँग कुटपिट झगडा गरी ढुंगाले हानी नारायण ओडलाई मारेका हुन् भनी अनुसन्धानका

क्रममा लेखाई दिएकाबाट पनि दिपक विष्टले ढुंगाले प्रहार गर्दा मृतकको मृत्यु भएको पुष्टि हुन जान्छ । सहअभियुक्तहरू वीरबहादुर लुहार र धनबहादुर विष्टको बयानबाट पनि प्रतिवादीहरू तीन जना राति मेला हेर्न सँगै गएका, तीनै जनाले रक्सी सेवन गरेका, रक्सी खाई तीनै जना अलग भएका, वारदात पछि हल्ला सुनि हल्ला भएको ठाउँमा आउँदा मृतकक पल्टि रहेको देखेको, प्रतिवादी दिपक विष्टको टाउकोमा चोट लागी रगत बगिरहेको देखेको र मृतकलाई दिपक विष्टले ढुंगाले प्रहार गरी मारेको हो भनी लेखाएबाट तथा अन्य मौकामा कागज गर्नेले पनि दिपक विष्ट वारदात स्थलमा रहेको र निजलाई त्यहीँबाट अस्पताल लगेको भनेबाट पनि यी प्रतिवादी दिपक विष्ट र मृतक पक्षबीच झगडा हानाहान भई झगडाको क्रममा दिपक विष्टले टाउकोमा हानेको ढुंगाको चोटका कारण मृतकको मृत्यु भएको पुष्टि हुन जान्छ ।

६. यसरी यी प्रतिवादी दिपक विष्टको कसुरमा साबिती बयान, सहअभियुक्तको बयान, घटनाका प्रत्यक्षदर्शीको मौकाको कागजको व्यहोरालगायतका मिसिल संलग्न कागज प्रमाण एक आपसमा समर्थित रही शव परीक्षण प्रतिवेदन, लास जाँच प्रकृति मुचुल्का वारदातस्थलको प्रकृति जस्ता वस्तुगत प्रमाणबाट समेत समर्थित भइरहेको स्थितिमा यी प्रतिवादीका साक्षी र मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा के कसरी मृत्यु भयो थाहा भएन भनी लेखाइदिएका आधारमा मात्र यी प्रतिवादी दिपक विष्टलाई निर्दोष मान्न सकिँदैन ।

७. अतः प्रतिवादी वीरबहादुर लुहार र धनबहादुर विष्टलाई सफाइ दिने गरी र प्रतिवादी दिपक विष्टलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धी महलको १३ नं को देहाय ३ अनुसार सर्वश्वसहित जन्मकैद हुने ठहराई सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको मिति २०६८।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी दिपक विष्टको हकमा प्रस्तुत भएको साधकसमेत सदर हुने ठहर्छ ।

८. अब निर्णयार्थ प्रस्तुत तेस्रो प्रश्न प्रतिवादी दिपक विष्टको हकमा १० वर्ष कैदको लागि सुरू अदालतबाट व्यक्त राय सदर गरेको पुनरावेदन अदालतको राय सदर हुन्छ वा हुँदैन ? भन्ने सम्बन्धमा विचार गर्दा यी प्रतिवादी दीपक विष्ट अभियोग दाबी अनुसार कसुरदार ठहरिए पनि निजको मृतकसँग चिनजानसमेत नभएको देखिएको र मृतकलाई मार्नु पर्ने कुनै पूर्व रिस इबी रही मार्नलाई योजना तथा षडयन्त्र गरेको, मार्नलाई घातक हतियारको प्रयोग गरेकोसमेत मिसिल संलग्न कागजबाट देखिँदैन । रातिको समयमा प्रतिवादीले रक्सी खाई हिँडिरहेको अवस्थामा मृतक पक्षबाट टर्च लगाएको विषयलाई लिएर झगडा भई ढुंगाले हिर्काउँदा टाउकोमा चोट लाग्न गई मृतकको मृत्यु भएको जस्ता घटनाको परिस्थिति, अवस्था तथा प्रतिवादीको मानसिक स्थितिसमेत हेर्दा यी प्रतिवादी दीपक विष्टलाई ऐन अनुसारको सजाय गर्दा चर्को पर्ने देखिएकाले कैद वर्ष १० मात्र गर्नु न्यायोचित हुने भनी मुलुकी ऐन अ. बं. १८८ नं. अनुसार सुरू अदालतबाट व्यक्त राय सदर हुने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट व्यक्त राय सदर हुन्छ र निजलाई १० (दश) वर्षमात्र कैद सजाय हुने ठहर्छ । सो ठहरेकाले अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

प्रतिवादी दीपक विष्टलाई १० (दश) वर्षमात्र कैद सजाय हुने ठहरी फैसला भएकाले निजलाई सुरू र पुनरावेदन अदालतबाट सर्वश्वसहित जन्म कैद हुने गरी भएको फैसला अनुसारको सर्वश्वसहित जन्म कैदको लगत संसोधन गरी १० वर्ष कैद सजायको मात्र लगत कायम गरी सोही अनुसार सम्बन्धित कारागार कार्यालयलाई जानकारी दिई निज प्रतिवादीलाई कैदी पुर्जीसमेत दिनु भनी सुरू कञ्चनपुर जिल्ला अदालतमा लेखी पठाई

दिनू १
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू १

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः श्री यदुराज शर्मा
इति संवत् २०७३ साल जेठ २४ गते रोज २ शुभम्।

निर्णय नं. ९६७७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७३।२।२४

मुद्दा : मानव बेचबिखन ओसारपसार।

०६८-CR-१२०३

पुनरावेदक / प्रतिवादी : धनमाया नागवंशीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला झापा, चन्द्रगढी गा.वि.स. वडा नं. ४ घोडामारा घर भई हाल जिल्ला कारागार भद्रपुर झापामा थुनामा बस्ने सोमबहादुर तामाङ

०६८-CR-१२२५

प्रत्यर्थी / वादी: जिल्ला झापा, चन्द्रगढी गा.वि.स. वडा नं. ४ घोडामारा घर भई हाल जिल्ला कारागार भद्रपुर झापामा थुनामा बस्ने सोमबहादुर तामाङ

विरूद्ध

पुनरावेदक / प्रतिवादी : धनमाया नागवंशीको जाहेरीले नेपाल सरकार

- **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन भनी मानव बेचबिखन र ओसार पसार गर्ने कार्यलाई आपराधिकीकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४(१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव औसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी तोकिदिएको अवस्था छ। त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ। यसरी कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी कानूनले अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ। यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ। प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपुरक भने होइनन्। ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा वेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो**

उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएकोनै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसार पसार भने गरेको नै मानिने ।

- **प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचिबखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भएपनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन । यस्तो पीडितलाई भारतसम्म पुर्‍याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नु पर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।**

(प्रकरण नं.१०)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रमा पराजुली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहबाट फैसला गर्नेः-

मा.जि.न्या. श्री शम्भुराम कार्की

पुनरावेदन तहबाट फैसला गर्ने :-

मा.न्या. श्री हरिप्रसाद घिमिरे

मा.न्या. श्री उदयप्रकाश चापागाई

फैसला

न्या. देवेन्द्र गोपाल श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

जिल्ला झापा भद्रपुर न.पा.–४ बस्ने सुरेश नागवंशीकी श्रीमती वर्ष २४ की धनमाया नागवंशीलाई मिति २०६७।१।३१ गते विवाह गरी सोमबहादुर तामाङले भारतमा काम गरी बस्ने भनी भारतको पूरानो दिल्लीस्थित चाँदनी चोकमा लगी बेचेको भन्ने कुरा खुल्न गएकोले निज अभियुक्तलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको साना हातहरू नेपाल नामक संस्थाको मिति २०६७।२।३१ गतेको पत्र ।

सोमबहादुर तामाङले मलाई मिति २०६७।१।३१ गते विवाह गरी भारतमा काम गरी बस्ने भनी लगी भारतको पूरानो दिल्लीस्थित चाँदनी चोकमा लगी बेचेर फरार भई नेपाल आएछ । म भाग्न सक्षम भई नेपाल आई साना हातहरू नेपालमार्फत निजलाई कार्वाही गरिपाउँ भनी निवेदन पेस गरेको छु भन्नेसमेत व्यहोराको धनमाया नागवंशीको निवेदन ।

मिति २०६७।१।३१ गते सोमबहादुर तामाङले मलाई विवाह गरी भारतमा काम गरी बस्ने भनी भारतको पूरानो दिल्लीस्थित चाँदनी चोकमा लगी बेची फरार भई नेपाल आएछ । म पनि भाग्न सक्षम भई काँकडभिट्टा नेपाल आएँ । मलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले झुक्काई भारतमा लगी बिक्री गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ विपरीतको कसुर गरेकोले निज प्रतिवादीलाई सजाय गरी क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको धनमाया नागवंशीको जाहेरी दरखास्त ।

प्रतिवादी सोमबहादुर तामाङले मलाई जागिर लगाई दिने र मलाई विवाह गरी दिल्लीमै बसोबास गर्ने आश्वासन दिई विवाह गर्छु भनी शारीरिक

सम्पर्कसमेत गरेपछि म मिति २०६७।१।३१ गते पति छोराछोरीलाई छोडी बजारका मान्छे, माइती नेपाल र सुरक्षाकर्मीले समेत शंका गर्छन् भनी म अगाडि गई पछि प्रतिवादी आई गल्लीको बाटो रिक्सामा बसपार्क पुगी भारतको गलगलियाबाट गाडीमा चढी इस्लामपुरसम्म पुग्यौँ । त्यहाँबाट नयाँ दिल्लीमा साँझको समयमा पुगेका हौँ । प्रतिवादी मलाई नयाँ दिल्लीमा रेल्वे स्टेशनमा छाडी पिसाब फेर्न जान्छु भनी १ घण्टा हराए । पछि प्रतिवादी फर्की आएपछि खाना खाई पहिलेको ठाउँमा छाडी रातको ३.१५ बजे दिसा गर्न जान्छु भनी हिँडेकोमा आउँदै नआएकोले एउटा बुढी महिलाले घरमा लगी झ्याल नभएको कोठामा राखिन् । ती बुढी महिलाको छोराले मादकपदार्थ सेवन गरी मेरो कपडाहरू सबै खोली जबरजस्ती यौन सम्पर्क गर्‍यो । निजले तिमीलाई किनी सकेका छौँ, तिमीले सहनै पर्छ, तँ वेश्या होस भनी धम्काउथ्यो । पछि इशा नाम गरेकी महिलाले ढोका खोली दिएपछि म रेल्वे स्टेशनमा पुलिसमा गई नेपाल जाने ट्रेनमा चढी भागी नेपाल आउन सफल भएकी हुँदा प्रतिवादीलाई हदैसम्म सजाय होस् भन्नेसमेत व्यहोराको पीडिता धनमाया नागवंशीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

जाहेरवाली र मेरो घर नजिकै पर्छ । मैले उनीलाई विबाहको प्रस्ताव राख्दा इन्कार गरेकीले भारतको नयाँ दिल्लीमा बस्नुपर्छ भनी फकाई शारीरिक सम्पर्क गरी मिति २०६७।१।३१ गते भद्रपुरबाट भारतको गलगलिया हुँदै भारतको इस्लामपुर गई अनि दिल्ली ट्रेनबाट गयौं । ट्रेनबाट जाने क्रममा ट्रेनको डिब्बाको सिटमा बस्ने एक मानिसले कहाँ जाने भनी सोधेकोमा काम गर्न हिँडेका हौँ भन्दा निजले चाँदनी चोकमा मेरो घर छ भनी होटलमा पुर्‍याएको हो । मलाई डर लागेकोले फेरी रेल्वे स्टेशनमा फर्केर आयौँ । म एकछिन दिसा गर्न जान्छु भनेर जाहेरवालीलाई भनी अलिक पर पुग्ने बित्तिकै ४ जना इन्डियन व्यक्तिहरूले समातेर तपाइँले ल्याएको केटी कहाँ छ हामीलाई दिनुहोस् भनी चाँदनी चोकमा पुर्‍याई कोठामा थुनी राखे । मिति २०६७।२।१ गते म भाग्न सफल भई रेल्वे स्टेशनमा आई जाहेरवालीलाई खोजतलास गर्दा फेला नपरेकोले सिलगढी हुँदै मिति २०६७।२।२ गते काँकडभिट्टाबाट घरमा आएको हुँ । मैले बेच्ने उद्देश्यले लगेको होइन । मैले कसैलाई जानकारी नगराएकोले मलाई शंका गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

वारदातको दिन जाहेरवाली, भद्रपुर नाकामा आएकी थिइन् । भोलिपल्ट जाहेरवालीको पतिले श्रीमती हराइन् भनी हाम्रो सानाहातहरू नामक संस्थामा जानकारी गराउनुभएको थियो । प्रतिवादी सोमबहादुर तामाङले विवाह गर्छु भनी भारतको नयाँ दिल्लीमा लगी बेचेको कुरा स्पष्ट खुल्न आएकोले निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार ऐनबमोजिम कडाभन्दा कडा कार्वाही होस् भन्ने व्यहोराको सानाहातहरू नेपाल नामक संस्थामा काम गर्ने विश्वास तामाङसमेतले करिब एकै मिलान हुने गरी मौकामा लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

पीडित नेपाल आएर मेची अञ्चल अस्पतालमा आफ्नो स्वास्थ्य स्थिति चेक जाँच गराउँदा Provisional diagnosis मा PTD(Pelvic Inflammantory disease) STD-sexually transmitted disease) रोग देखिएको, सोको असरले गर्दा Lower abdominal pain, foul smelling p/w discharge with itching burning micluration history of contact+ve देखिएकोले औषधि किन्नु भनी मेची अस्पताल आकश्मिक कक्षको पत्रमा लेखिएको व्यहोरा ।

प्रतिवादी सोमबहादुर तामाङले जाहेरवाली पीडितालाई ललाई, फकाई प्रलोभनमा पारी नेपालको भद्रपुर नाकाबाट भारतको गलगलिया, इस्लामपुर हुँदै ट्रेनमा चढाई भारतको नयाँ दिल्लीमा पुर्‍याई बेचेको

पीडितको मौकाको बयान, जाहेरी दरखास्तसमेतबाट पुष्टि भएकोले निज प्रतिवादी सोमबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ३ र दफा ४ को उपदफा १ को खण्ड (क) को कसुर अपराध गरेकामा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी जाहेरवालीलाई सोही ऐनको दफा १७ बमोजिम क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

मिति २०६७।१।३१ गते जाहेरवाली पीडित धनमाया नागवंशीलाई विवाह गरी भारतमा लगी बिक्री गरेको होइन । जाहेरवाली पहिला पनि २।३ चोटि हराएकी हुन् । म भारत नगई घरमै छु । मौकामा भएको बयानको व्यहोरामा कुटपिट गरी जबरजस्ती सहिछाप गराएको हो । मैले जाहेरवालीको बुढालाई पिटी दिएकोले पोल गरेको होला । मैले जाहेरवालीलाई नलगेकाले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङले अदालतमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं.११८ को देहाय २ नं. बमोजिम प्रतिवादीलाई पूर्पक्षको निमित्त थुनामा राख्नु भन्ने मिति २०६७।३।२५ को आदेश ।

प्रतिवादी सोमबहादुर तामाङले आफूलाई भारतको नयाँ दिल्लीमा लगी बेचेको र त्यहाँ आफूलाई अनैतिक कार्य गर्न लगाएको पीडितले बताएकी हुन् । वस्तुस्थिति मुचुल्काको व्यहोरा र सहिछाप मेरै हो भन्नेसमेत व्यहोराको करूणा खत्रीले अदालतमा गरेको बकपत्र ।

वस्तुस्थिति मुचुल्काको व्यहोरा पढी बाची सुनेँ । सो कागजमा भएको सहिछाप र व्यहोरा मेरो हो । पीडितको अवस्था नाजुक थियो । निजको मेडिकल जाँचसमेत गराएको र डाक्टरको रिर्पोटसमेत अनुसार बेचिएको भनी शंका लाग्छ भन्नेसमेत व्यहोराका विश्वास तामाङले अदालतमा गरेको बकपत्र ।

वस्तुस्थिति मुचुल्काको व्यहोरा पढी बाची सुनेँ, सो व्यहोरा र सहिछाप मेरो हो । पीडिताले दिएको जाहेरी र बयानले दिल्लीमा बेचिएको भन्ने कुरा थाहा भयो भन्नेसमेत व्यहोराको सन्तकुमार सेलिङ्ग सुब्बाले अदालतमा गरेको बकपत्र ।

अभियोग र जाहेरी झुट्ठा हो । ललाई फकाई भारतमा लगेर प्रतिवादीले बेचेको होइन । उक्त दिन सोमबहादुर तामाङ नेपालभित्रै छन भन्नेसमेत व्यहोराका प्रतिवादीको साक्षी धर्म राईको अदालतमा गरेको बकपत्र ।

यसमा यी प्रतिवादी सोमबहादुर तामाङले पीडिता जाहेरवालीलाई भारतको नयाँदिल्ली पुर्‍याई मानव बेचबिखन ओसार पसार गरेको हो भनी बकपत्रमा उल्लेख गरेको, पीडिता जाहेरवालीलाई यी प्रतिवादी सोमबहादुर तामाङले भारतको नयाँ दिल्लीमा पुर्‍याई अलपत्र पारी छाडी आफूले यौन शोषणको सिकार हुनु परेको कुरा पीडितले लेखाएकोबाट समेत अभियोग दाबी पुष्टि भइरहेको देखिँदा निज प्रतिवादी सोमबहादुर तामाङले अभियोग दाबी अनुसारको कसुर गरेको ठहर्छ । तसर्थ निज प्रतिवादी सोमबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन,२०६४ को दफा १५ को उपदफा (१) को खण्ड(क) अनुसार २० (बीस) वर्ष कैद र रू.२,००,०००।– (दुई लाख) जरिवाना हुने र ऐ.ऐनको दफा १७(१) बमोजिम पीडिताले रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ भन्ने सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।१।१३।३ मा भएको फैसला ।

जाहेरी र जाहेरवालीको बयान अत्यन्त बनावटी र काल्पनिक मात्र हो । वस्तुस्थिति मुचुल्काका मानिसले समेत अदालतमा बकपत्र गर्दा प्रतिवादीले जाहेरवालीलाई मानव बेचबिखन ओसारपसार गरेको भनी लेखएको पनि झुट्ठा हो । निजहरूले किटानको रूपमा यस प्रकारले यसरी यस ठाउँबाट लगी बेचबिखन

गरेको भनी लेखाउन सकेको छैन । यो अवस्थामा म निर्दोष पुनरावेदकलाई कैद र जरिवानासमेत गर्ने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङको पुनरावेदनपत्र ।

यसमा मुख्य गबाहको रूपमा रहेकी जाहेरवाली एवं पीडित धनमाया नागवंशीलाई प्रमाणका तवरबाट बुझ्दै नबुझी प्रस्तुत मुद्दामा सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।१।१३।३ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय देखिन आएकोले मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुन पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई पेसीको सूचना दिई नियमबमोजिम गरी पेस गर्नु भन्ने मिति २०६८।९।३ मा यस अदालतबाट भएको आदेश ।

प्रतिवादी सोमबहादुर तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्‍याई निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र रू.२,००,०००।– (दुई लाख) रूपैयाँ जरिवाना गर्ने गरी सुरू झापा जिल्ला अदालतबाट भएको मिति २०६८।१।१३।३ को फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निज प्रतिवादी सोमबहादुर तामाङले ऐ. ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरसम्म गरेको देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख मात्र) जरिवाना हुने ठहर्छ । पीडितलाई प्रतिवादीबाट ऐ.ऐनको दफा १७(१) बमोजिम क्षतिपूर्तिबापत रू. १,००,०००।- (एकलाख) भराई दिने गरेको सुरूको फैसला सदर कायम रहने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, इलामको मिति २०६८।११।१६ को फैसला ।

प्रतिवादीले पीडितलाई बिक्री गर्न दिल्ली पुर्‍याई बिक्रीसमेत गरी पीडितलाई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेकोमा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरेको सुरू फैसला केही उल्टी गरी गरेको पुनरावेदन अदालत, इलामको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेतको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

तथ्ययुक्त ठोस सबुद प्रमाणको अभावमा केवल शंकाजनक जाहेरी एवं अनुमानको भरमा प्रतिवादीउपर आरोपित कसुर ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत भएकाले मैले सफाइ पाउनु पर्नेमा मलाई कसुरदार ठहराई भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर तामाङको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रमा पराजुलीले पीडितको किटानी जाहेरी दरखास्त दिई सोको समर्थनमा अदालतमा बकपत्र गरिदिएको, प्रतिवादी स्वयम्ले कसुर स्वीकारी मौकामा बयान गरिदिएको, अन्य बुझिएका व्यक्तिले जाहेरीकै व्यहोराको समर्थनमा लेखाइदिएको अवस्थामा पीडितलाई बेच्ने उद्देश्यले भारत लगे पनि बेच्न नसकेको भनी सुरू फैसला केही उल्टी गरी गरेको पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

यसरी बहससमेत सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नको निरूपण गरी निर्णयमा पुग्नु पर्ने देखियो ।

१. प्रतिवादीले जाहेरवाली धनमाया नागवंशीलाई बिक्री गर्ने उद्देश्यले भारत लगी गएका हुन् वा होइनन् ? तथा भारत लगेको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ?
२. यदि बिक्री गर्ने उद्देश्यले भारत लगेको हो भने बिक्रि गरेको हो होइन? तथा बिक्री गरेको हो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन?
३. सुरू फैसला केही उल्टी हुने ठहराई गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ?

२. यसमा प्रतिवादी सोमबहादुर तामाङले जाहेरवालीलाई प्रलोभनमा पारी भारतको नयाँ दिल्लीमा पुर्‍याई बेचेको पुष्टि भएकोले निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ३ र दफा ४ को उपदफा १ को खण्ड (क) को कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी जाहेरवालीलाई ऐ. को दफा १७ बमोजिम क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्ने अभियोगपत्र माग दाबी भएकोमा सुरू जिल्ला अदालतबाट अभियोग दाबी पुग्ने गरी फैसला भएको पाइन्छ। सो फैसलाउपर फैसला त्रुटिपूर्ण भएकाले बदर गरी सफाइ पाउँ भनी प्रतिवादीको पुनरावेदन अदालत इलाममा पुनरावेदन परी पुनरावेदन अदालतले सुरू फैसला केही उल्टी गरी निज प्रतिवादीले ऐ. ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरसम्म गरेको ठहराई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख मात्र) जरिवाना हुने गरी र पीडितलाई प्रतिवादीबाट ऐ. ऐनको दफा १७(१) बमोजिम क्षतिपूर्ति बापत रू. १,००,०००।- (एकलाख) भराई दिने गरेको सुरूको फैसला सदर गरी फैसला गरेको पाइयो। सो फैसलाउपर अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने भनी वादी नेपाल सरकारको र सफाइ पाउँ भनी प्रतिवादीको यस अदालतमा पुनरावेदन परेको देखिन्छ।

३. प्रस्तुत मुद्दामा निर्णयका लागि सर्वप्रथम प्रतिवादीले जाहेरवाला धनमाया नागवंशीलाई बिक्री गर्ने उद्देश्यले भारत लगी गएका हुन् वा होइनन् ? तथा भारत लगेको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा सोम तमाङले मलाई अनेक आश्वासन दिई विवाह गरी सँगै सिलगुडीमा बसौँला भनी निजले मलाई सिलगुडीबाट नयाँ दिल्लीको चाँदनी रेल्वे स्टेसनमा पुर्‍याई आफू दुई घण्टा बेपत्ता भई पुनः आई त्यहीँ होटेलमा खाना खुवाई रातको ३.०० बजे डर धाक देखाई मलाई रेल्वे स्टेसनमा छाडी गई त्याहाँ पुनः फर्की नआएकोले म रोई कराई गर्दा एक जना महिलाले लगी निजको घरमा राखेकोमा निजको छोराले तँलाई हामीले किनेको भनी शारीरिक मानसिक पीडा दिई जबरजस्ती यौन सम्पर्कसमेत गर्ने गरेकोले पछि इसा नाम गरेकी बहिनीले त्याहाँबाट भगाएकोले भारतीय प्रहरीको सहयोगमा काँकडभिट्टासम्म आई बाँच्न सफल भएकोले निजलाई कारवाही गरिपाउँ भनी पीडित धनमाया नागवंशीले जाहेरी दिएको देखिन्छ। सोही जाहेरी दरखास्तको समर्थन हुने गरी पीडिलले अनुसन्धान अधिकृतसमक्ष बयान गरिदिएको पाइन्छ । प्रतिवादीले आफ्नो अनुसन्धान अधिकृतसमक्षको बयानमा पीडित र आफ्नो घर नजिकै भएकाले आउने जाने गर्दा गर्दै माया प्रेम बसी आफूले जबरजस्ती शारीरिक सम्पर्कसमेत गरी पछि भारत जाने र विवाह गर्ने प्रस्ताव राखी २०६७।१।३१ गतेका दिन हामी दुवै दिल्लीतर्फ गएका हौँ। जेठ १ गते राति १२ बजे दिल्लीमा पुगियो। रेलबाट ओर्लिदा एक जना अपरिचित व्यक्तिले चाँदनी चोकमा मेरो होटेल छ खान बस्न सुविधा छ चिन्ता लिनु पर्दैन भनी हामीलाई

होटेलमा लग्यो । त्याहाँ ७।८ जना इन्डियन आई याहाँ खाना बस्नको सुविधा छ भनी भन्दा मलाई डर लागी हामी खाना नखाई पुनः रेल स्टेसनमा आयौँ। त्याहाँ म पानी लिन एक घण्टा जति बाहिर गएको र पछि खाना खाई दुवै बसिरहेको अवस्थामा त्यहाँ मानिस हाम्रो वरिपरि घुम्न थालेपछि म अलि पर दिशा गर्न भनी जाँदा ४ जना व्यक्तिले मलाई समाती तपाईले ल्याएको केटी हामीलाई दिनुपर्छ भनी मलाई फेरि चाँदनी चोकमा पुर्‍याई केटी दिएमा मात्र छोड्ने नत्र मारिदिने भनी मलाई एउटा कोठामा थुनी राखेकोमा पछि घर धनी बाहिर गएको मौका छोपी भागी रेल स्टेसनमा गई निज जाहेवालीलाई खोज तलास गर्दा फेला नपरेपछि म २०६७।२।२ गते साँझ घरतिर फर्केको हुँ । घरमा मलाई कसैले केही नसोधेकोले चुपचाप बसेको हुँ भनी जाहेरी दरखास्त र पीडितको बयानसँग मिल्ने भिड्ने व्यहोरा आफ्नो बयानमा लेखाई दिएपनि निजले पीडितले भने जस्तो बेच्न लगेको नभई विवाह गरी उतै काम काज गरी बस्ने भनी लगेको भनी लग्नुको उद्देश्य भने फरक पारी लेखाइदिएका छन् ।

४. यसरी जाहेरीको व्यहोरा, सोही व्यहोराको समर्थनमा गरी दिएको पीडितको मौकाको बकपत्र र प्रतिवादीको मौकाको बयान हेर्दा प्रतिवादीले यी पीडितलाई नयाँ दिल्ली लगी निजलाई त्यहीँ छोडी आफू घर फर्केको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा भारत लगेको कुरालाई इन्कारी गरी अनुसन्धानमा आफूलाई कुटपिट गरी जबरजस्ती बयानमा सही गराएको भनी लेखाए पनि के कसरी जबरजस्ती गराएका हुन् भनी भन्न नसकेको र कुटपिट गरी जबरजस्ती गरेको कुनै चोटपटक पनि केही देखाउन सकेको अवस्थासमेत छैन । त्यसै गरी यी पीडित भारत गएको कुराको पुष्टि साना हातहरू नेपाल नामक संस्थामा काम गर्ने विश्वास तामाङ, सन्तकुमार सेलिङ्ग सुब्बा, जोन सिंह बि.क.,करूणा खत्री र सन्तबहादुर लिम्बूले अनुसन्धानका क्रममा वस्तुस्थिति मुचुल्कामा लेखाइदिएकोबाट र सोकै समर्थनमा अदालतमा समेत बकपत्र गरिदिएबाट पनि थप पुष्टि हुन जान्छ । निजहरूले करिब एकै मिलान हुने गरी जाहेरवाली सञ्चो नभएकोले उपचार गर्न ठाकुरगञ्ज जाने भनी मेची भञ्सार नाकाबाट गएकीमा भोलिपल्ट निजको श्रीमान् खोज तलास गर्दै आएकोमा प्रहरी कार्यालयमा उजुरी दिन भनेको हो । पछि बुझ्दै जाँदा प्रतिवादीले ललाई फकाई गरी जाहेरवालीलाई दिल्ली पुर्‍याई अलपत्र पारी बेची आएको भन्ने सुनेको हो । सो कुराको पुष्टि जाहेरवाली स्वयम् हाम्रो संस्थामा आई जानकारी गराएकीले यकिन भएको हो । निज पीडितको अवस्था दयनीय छ भनी लेखाई अदालतमा समेत सोही व्यहोराको समर्थनमा बकपत्र गरिदिएको देखिन्छ । साना हातहरू नामक संस्था सीमामा बसी महिला बेचबिखन विरूद्ध अभियान चलाउने र पीडितलाई संरक्षण गर्ने संस्था भएकोले यो संस्थामा काम गर्ने यी व्यक्तिहरू सीमामा बसी निगरानी गरीरहने हुँदा सिमानाका गतिविधिसम्बन्धमा थाहा हुने हुन्छ । यिनीहरूले भारत जान देखेको, दोस्रो दिन खोज तलासमा यी पीडितका पति आएर निजहरूसँग सोधपुछ कुराकानीसमेत भएको र पछि पीडित स्वयम्ले नै उक्त संस्थामा जानकारी गराएकोबाट निजहरूको अनुसन्धानमा र अदालतको भनाइलाई अन्यथा भन्न मिल्दैन । निजहरूले नभएको कुरा भन्नु पर्ने अवस्था पनि केही देखिँदैन ।

५. यसरी पीडितलाई प्रतिवादीले भारत लगि छोडेर आएको पुष्टि भएपश्चात् प्रतिवादीले अनुसन्धानमा बयान गर्दा बिक्री गर्न लगेको नभई विवाह गर्न लगेको हुँ भनी लेखाएतर्फ हेर्दा यी प्रतिवादीले अनुसन्धानमा विवाह गर्न लगेको भनेपनि अदालतमा भारत लग्दै नलगेको भनी बयान गरिदिएबाट प्रतिवादीको आफ्नै भनाइ एक आपसमा बाझिएको छ र भारत नलगेको भनाइ अन्य कागज प्रमाण र वस्तुगत प्रमाणबाट समर्थन पनि भएको देखिँदैन । यस्तो आपसमा बाझिने

भनाइलाई अन्य प्रमाणबाट समर्थनसमेत नभएको अवस्थामा सत्य मान्न सकिँदैन । पीडितलाई भारत लगेको पुष्टि भइरहेको अवस्थामा भारत लग्नुको उद्देश्य सम्बन्धमा यी प्रतिवादी घरमा श्रीमती केटाकेटी भएका व्यक्ति र यी पीडितको पनि श्रीमान् र केटाकेटी भएको देखिएको छ । यस्तो अवस्थामा अर्काकी केटाकेटीसमेत भएकी श्रीमतीलाई नै विवाह गर्न र त्यसमा पनि भारतनै लैजानु पर्ने अवस्था रहे भएको केही देखिँदैन । पारिवारिक वातावरण बिग्रिई तथा अन्य कुनै कारणले अर्को विवाह नै गर्नु पर्ने अवस्था रहेको पनि केही देखिँदैन । विवाह नै गर्न लगेको हो भने सो कुरालाई प्रतिवादीले अदालतमा भन्न सक्नु पर्नेमा अदालतमा लग्दै नलगेको भनी बयान गरिदिएको तथा यस अदालतमा र पुनरावेदन अदालतमा समेत विवाह गर्न लगेको सम्बन्धमा केही जिकिर नलिई लग्दै नलगेको भनेरमात्र जिकिर लिएको पाइएको छ । प्रतिवादीले यी पीडितलाई सिलगुडी बस्ने भनेर लगेको, लग्दा अरूले देख्लान् र शंका गर्लान् भन्ने आशंका गरी अलग अलग लुकी छिपी सहायक बाटोबाट गएको, दिल्ली पुर्‍याई दिल्ली रेलवे स्टेसनमा पनि बेलाबखत यी पीडितलाई छोडी हराउने जस्ता शंकास्पद व्यवहार गरेको र पछि निजलाई एक्लै छोडी आफू नेपाल फर्केर आएको पीडितको जाहेरी, निजको मौकाको बयान र प्रतिवादी स्वयम्को मौकाको भनाइबाट नै देखिन्छ । यदि विवाह गर्न नै लगेको भए निजले एक ठाउँ भनी अर्कोतिर लैजानु पर्ने, शंकास्पद व्यवहार देखाउनु पर्ने र त्यसरी अलपत्र छोडी आफू नेपाल फर्कनु पर्ने थिएन । आफूले दुःख पाएर पनि पीडितलाई बचाउनु पर्ने हुन्थ्यो । ४।५ जना व्यक्ति आई वरिपरि घुमिरहेकोमा डर लागि अलिपर दिसा गर्न भनी जाँदा ती व्यक्तिहरूले समाते भनी प्रतिवादीले भनेकोमा विवाह गर्न भनी पीडितलाई लगेको भए डर लागी आफू पर जाँदा दिसा गर्ने भनी ढाँटी जानु पर्ने र एक्लै छोडी जानु पर्ने थिएन । निजलाई पनि सँगै लैजानु पर्दथ्यो । सामान्यतया एउटा लोग्ने मानिसले अर्काकी श्रीमतीलाई एक्लै विदेश लैजानुको अन्य कारण पनि केही हुँदैन । त्यस्तै भारतबाट नेपाल फर्की आएपछि पीडितको अवस्था नाजुक भएकाले साना हातहरू नेपाल नामक संस्थाले उपचार गर्न मेची अञ्चल अस्पतालमा पठाई निजको स्वास्थ्य स्थिति चेक जाँच गराउँदा Provisional diagnosis मा PID (Pelvic Inflammantory disease) STD-sexually transmitted disease) रोग देखिएको, सोको असरले गर्दा Lower abdominal pain, foul smelling p/w discharge with itching burning micluration history of contact+ve देखिएकोले औषधि किन्नु भनी लेखिएको पाइन्छ । यसबाट पनि पीडितलाई भारत लगी अलपत्र छोड्दा निजमाथि चरम यौन शोषण भएको पुष्टि हुन जान्छ । यसरी मिसिल संलग्न यी प्रमाणहरू हेर्दा प्रतिवादीले विवाह गर्न भनी ललाई फकाई पीडितलाई बिक्री गर्ने उद्देश्यले नै भारत लगेको प्रस्ट हुन्छ ।

६. यी प्रतिवादीले पीडितले दिल्ली गएको आएको टिकट पेस गर्न नसकेको, दिल्लीमा कहाँ के भएको भनी यथार्थ भन्न नसकेको अवस्थामा र पीडिलाई अदालतमा बुझ्दै नबुझी गरेको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर लिएको सम्बन्धमा हेर्दा यी पीडित भारत कहिल्यै नगएकी, एक अवला अप्ठ्यारोमा परेकी महिलाले दिल्ली गए आएको टिकट राख्नुपर्छ भनी जान्ने तथा होस पुर्‍याउने पर्ने अवस्था नै रहेको देखिँदैन साथै कहिल्यै नगएको दिल्ली जस्तो सहरको यथार्थ विवरण भन्न सक्ने अवस्था पनि रहँदैन । त्यस्तै मानव बेचबिखन तथा ओसार पसार जस्तो गम्भिर मुद्दामा पीडितलाई प्रलोभनमा पारी, डर त्रास देखाई तथा अन्य कुनै कारणले प्रतिकूल (Hostile) मा बोल्न बाध्य पारिन सक्छ तथा प्रतिवादी आफ्नै शारीरिक मानसिक अवस्थाका कारण र बदनाम तथा लोक लज्जाका कारण पनि अदालतमा उपस्थित भई बकपत्र नगर्न सक्छन् भनेर मानव बेचबिखन तथा

ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ६ मा पीडित आफैँले उजुरी दिएमा प्रहरी कार्यालयले निजको तुरून्त बयान गराई बयान नजिकको अदालतबाट प्रमाणित गराउनु पर्ने र यसरी प्रमाणित गराएकोमा त्यस्तो पीडित मुद्दा कारवाहीको सिलसिलामा अदालतमा उपस्थित नभएपनि त्यसलाई अदालतले प्रमाणमा लिन सक्ने भन्ने व्यवस्था गरेको छ। प्रस्तुत मुद्दामा पनि पीडितको मौकाको बयान अदालतबाट प्रमाणित भइसकेको देखिँदा प्रतिवादी अदालतमा आई बकपत्र नगरी दिएपनि अदालतले प्रमाणमा लिन सक्ने नै देखिन्छ।

७. सामान्यतः सरकार वादी भई चल्ने फौजदारी कसुरमा प्रतिवादीको कसुर शंकारहित तवरले प्रमाणित गर्ने भार वादी नेपाल सरकारको हुने भए तापनि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ" भन्ने उल्लेख भएबाट यदि आफूले कसुर गरेको नभए सोको विश्वासयोग्य प्रमाण यी प्रतिवादीले पुर्‍याउनु पर्नेमा सो पुर्‍याएको देखिँदैन । प्रतिवादीको आफ्नै भनाइको व्यहोरा आपसी बाझिरहेको छ। प्रतिवादीका साक्षीले प्रतिवादी उक्त दिन नेपालमै भएको र पीडिललाई भारत नलगेको भनी अदालतमा गरेको प्रतिवादीको बयानलाई समर्थन गरे पनि सो कुरा अन्य कहीँ कतैबाट समर्थित भएको पाइँदैन।

८. तसर्थ पीडितलाई भारत लगेको पुष्टि भइरहेको अवस्थामा साना हातहरू नामक संस्थाको मिति २०६७।२।३१ को पत्र, जाहेरी दरखास्त र सो सो पत्र र जाहेरी दरखास्तकै समर्थन हुने गरी प्रतिवादीले गरिदिएको मौकाको बयान, वस्तुस्थिति मुचुल्काका व्यक्तिले मौकामा र अदालतमा गरिदिएको बकपत्रबाट भारत लगेर शंकास्पद व्यवहार गरी अलपत्र छोडी आफू नेपाल फर्की आएको कुरा पुष्टि भइरहेको, भारत लग्नुको अन्य उद्देश्य केही नदेखिएको र प्रतिवादी आफूले बेच्न नलगेको प्रमाण शंकारहित तरिकाले पुर्‍याउन नसकेकोबाट प्रतिवादी सोमबहादुर तामाङले यी पीडित धनमाया नागवंशीलाई बिक्री गर्ने उद्देश्यले भारत लगेको देखिन आयो। यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीको भारत लगेको होइन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

९. बिक्री गर्ने उद्देश्यले भारत लगेको देखिएको यस अवस्थामा भारत लगी बिक्री गरेको हो होइन ? तथा बिक्री गरेको हो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्नु पर्ने हुन आयो। यससम्बन्धमा विचार गर्दा प्रतिवादीले पीडितलाई छोडी भागेपछि यी पीडितको बुढी मानिससँग कुरा भई बुढी मानिसले आफ्नो घरमा लगेको र त्याहाँ सोही घरको मानिसले निजको यौन शोषण गरेको पीडितको भनाइबाट देखिए पनि यी प्रतिवादी अगाडि नै भागी सकेकाले ती बुढी मानिसलाई भेटेको, कुराकानी गरेको, पैसा लिएको तथ्य मिसिलबाट खुलेको देखिँदैन । साथै अन्य कुनै ठाउँमा गई मोलमोलाई गरी पीडितलाई बेचेको र सो बेचेबापत यति पैसा लिएको भनेर पुष्टि हुन सक्ने अवस्था पनि छैन । यस्तो अवस्थामा बिक्री गर्न प्रतिवादीले पीडितलाई भारत लगेको भए पनि बिक्री नै गरिसकेको भनी भन्न सकिँदैन।

१०. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन भनी मानव बेचबिखन र ओसार पसार गर्ने कार्यलाई आपराधिकीकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४ (१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव

ओसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी तोकिदिएको अवस्था छ । त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ। यसरी कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ । प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपूरक भने होइनन् । ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएको नै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसार पसार भने गरेको नै मानिन्छ। प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचिबखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भए पनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन । यस्तो पीडितलाई भारतसम्म पुर्‍याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नु पर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन ।

११. अतः माथि विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी सोमबहादुर तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहराई निजलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) (क) बमोजिम २० वर्ष कैद र २,००,०००। जरिवाना गर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीले ऐ. ऐनको दफा ४ (२)(ख) बमोजिमको कसुर गरेको ठहराई निजलाई ऐ. ऐनको दफा १५ (१) (ङ) (१) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख) मात्र जरिवाना र पीडित धनमाया नागवंशीले यी प्रतिवादीबाट ऐ. ऐनको दफा १७ (१) बमोजिम क्षतिपूर्ति बापत रू. १,००,०००।- (एक लाख) भराई दिने गरी भएको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी सोमबहादुर तामाङको सफाइ पाउँ भन्ने र वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन। मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः यदुराज शर्मा
इति संवत् २०७३ साल जेठ २४ गते रोज २ शुभम्।

निर्णय नं. ९६७८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७३।०४।१९
०७२-WH-००८२

मुद्दाः- बन्दीप्रत्यक्षीकरण।

निवेदक / पक्ष : बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १२ घर भई हाल महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा थुनामा रहेको विवेक विक्रम शाहको श्रीमती माधुरी शाहको हकमा विनोद भण्डारी

विरूद्ध

प्रत्यर्थी / विपक्षी : महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंसमेत

- **ठगी मुद्दा सरकारवादी फौजदारी भई चल्ने मुद्दा हो। ठगी नै हो वा विशुद्ध लेनदेनको विषयलाई ठगी भनिएको हो अर्थात् ठगी गरेको ठहर्ने नठहर्ने विषय अदालतको फैसलाबाट निरूपण गरिने विषय हो। तर ठगीमा जाहेरी नै नलिने, सोमा अनुसन्धान नै नगर्ने भन्ने हुँदैन। ठगीमा जाहेरी परी अनुसन्धानका लागि म्याद थप गरिपाउँ भनी आएकोमा अदालतले उपयुक्त देखेमा कानूनको परिधिभित्र रही म्याद थप गर्न पाउने नै हुन्छ।**

(प्रकरण नं. ८)

निवेदक / पक्षका तर्फबाट : विद्वान् अधिवक्ता रामबहादुर खड्का

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दशरथ पंगेनी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. देवेन्द्र गोपाल श्रेष्ठ : नेपालको संविधानको धारा १३३(३) बमोजिम दायर भई यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

मेरो पक्ष माधुरी शाह काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल चोक नजिक दिया कलेक्सन स्टोर नामको पसल सञ्चालन गरी विगत १०।१२ वर्षदेखि व्यापार व्यवसाय गरी आउने क्रममा प्रत्यार्थी / विपक्षीमध्ये रक्षा सिंह र गायत्री उदास गौलीसँग चिनाजान भएकोले निजहरूसँग विभिन्न मितिमा कर्जा सापटी लिनेदिने गरी कपाली लिखतसमेत रक्षा सिंहको नाममा रू.४५,५०,०००/- र गायत्री उदासको नाममा रू.३६,००,०००/- लेखिदिएकोमा मेरा पक्ष माधुरी शाहले उक्त कर्जा विभिन्न बैंकहरूबाट चेकमार्फत भुक्तानी गरिसकेकी थिइन। कपाली लिखत फट्टा गरौं भन्दा विपक्षीहरूले आलटाल गर्दथे। पुनः विपक्षीहरूले मेरा पक्ष माधुरी शाहलाई प्रहरीद्वारा पक्राउ गराई महानगरीय प्रहरी परिसर, टेकुमा लगी थप लिखत गराएकाले विपक्षीहरूका उपर पुनरावेदन अदालत, पाटन र काठमाडौं जिल्ला अदालतमा निषेधाज्ञा तथा करकापसमेतका मुद्दा दर्ता गरेकोमा विपक्षी महानगरीय प्रहरी परिसर, टेकुसमेतका नाममा निषेधाज्ञाको आदेश जारी भएको छ। करकाप मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको छ। यस्तो अवस्थामा विपक्षी रक्षा सिहंसमेतले मेरा पक्ष माधुरी शाहसमेत उपर महानगरीय प्रहरी परिसर, टेकुमा

ठगी मुद्दामा जाहेरी दिई प्रहरीले पक्राउ गरी ठगी मुद्दा दर्ता गरी काठमाडौं जिल्ला अदालतबाट म्याद थपको अनुमति लिई गैरकानूनी थुनामा राख्ने कार्य भएको छ। यसरी आधार प्रमाण बेगर करकाप मुद्दा विचाराधीन रहेको अवस्थामा ठगी मुद्दा चलाई म्याद थप गरी मेरा पक्षलाई थुनामा राख्ने गरी गरिएको कार्य नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरूको गैरकानूनी मुद्दा दर्ता तथा म्याद थपसमेतको कार्य बदरसमेत गर्न उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको माधुरी शाहको हकमा विनोद भण्डारीको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार र कारणसमेत खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र विपक्षी नं. १,२,३ र ४ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी नं. ५ र ६ का हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। साथै निवेदक माधुरी शाह विरूद्ध रक्षा सिंहसमेत भएको पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।११।५ मा फैसला भएको ०७२-WO-०४६७ नं. को निषेधाज्ञा मुद्दाको मिसिल पुनरावेदन अदालत, पाटनबाट र काठमाडौं जिल्ला अदालतमा चलेको वादी मधुरी शाहसमेत प्रतिवादी रक्षा सिंहसमेत भएको करकाप मुद्दाको मिसिल र रक्षा सिंहको जाहेरीले नेपाल सरकार वादी माधुरी शाह प्रतिवादी भएको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरेको भनिएको मिसिल महानगरी प्रहरी परिसर टेकु, काठमाडौंबाट पेसीको दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

गायत्री उदास गौलीसमेतले यस कार्यालयमा विपक्षी रिट निवेदिका माधुरी शाहसमेतका विरूद्धमा ठगी मुद्दासम्बन्धी किटानी जाहेरी दरखास्त दिई दर्ता भएको हो। अनुसन्धानको क्रममा फरार रहेकी माधुरी शाह मिति २०७३।३।२८ गते जिल्ला प्रहरी कार्यालय बाँके, नेपालगञ्जबाट पक्राउमा परी मिति २०७३।३।२९ गते यस कार्यालयमा दाखिला हुन आएकोमा निज प्रतिवादी माधुरी शाहलाई स्वास्थ्य परीक्षण गराई काठमाडौं जिल्ला अदालतबाट पक्राउ भएको मितिबाटै लागू हुने गरी कानूनबमोजिम म्याद थप अनुमति लिई निजलाई न्यायिक हिरासतमा राखिएको हो। निजउपर ठगी मुद्दामा अनुसन्धान भइरहेकोले अदालतबाट म्याद थप गराई थुनामा राखेको कार्यलाई गैरकानूनी रूपमा थुनामा राखेको भनी बन्दीप्रत्क्षीकरणको आदेश जारी हुनु पर्ने होइन। रिट खारेज गरी हामीहरूलाई फुर्सद दिलाई पाउँ भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंका वरिष्ठ उपरीक्षक विक्रम सिंह थापा र प्रहरी उपरीक्षक प्रद्युम्न कार्कीसमेतको एकै मिलानको लिखित जवाफ।

रिट निवेदनमा उल्लेख गरिएका माधुरी शाहलाई ठगी मुद्दामा महानगरीय प्रहरी परिसर, काठमाडौंबाट मिति २०७३।३।२८ गते पक्राउ गरी अनुसन्धानको लागि हिरासतमा राख्न मिति २०७३।३।२८ बाटै लागू हुने गरी मिति २०७३।३।३० प्रथम पटक दिन ५, मिति २०७३।४।२ मा दोस्रो पटक दिन १ र मिति २०७३।४।३ मा तेस्रो पटक दिन ७ को सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम निजलाई हिरासतमा राख्न यस अदालतबाट म्याद थप प्राप्त भएको व्यहोरा जानकारी गराउँदै कानूनबमोजिम फौजदारी कसुरको अनुसन्धानको लागि म्याद थप भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला

अदालत, बबरमहल, काठमाडौंको लिखित जवाफ।

विपक्षी रिट निवेदक माधुरी शाहले हामीहरूसँग लिएको रकम तिर्न बुझाउन आलटाल गर्नुभएकोले सो रकम फिर्ता गर्न निवेदकलाई पटकपटक आग्रह गर्दा विपक्षीले विभिन्न मितिमा विभिन्न बैंकहरूको चेकहरू दिनुभएकोमा उक्त चेकहरू सम्बन्धित बैंकमा सटही गर्न जाँदा निवेदकको खातामा रकम नरही चेक सटही हुन नसकी चेक अनादर भएको थियो । सो व्यहोरा रिट निवेदकलाई जानकारी गराउँदा निवेदकले हाल आफूसँग रकम नभएकोले आफ्नो अचल सम्पत्ति बिक्री गरी रकम फिर्ता गर्ने मनसाय व्यक्त गरी केही समय माग गर्नुभएको थियो । लामो समयसम्म निवेदकले रकम फिर्ता गर्नेतर्फ चासो नदेखाउनु भएकोले सो रकम सम्बन्धमा कुरा गर्दा आफ्नो एकलौटी हकभोग रही कहीँ कतै कुनै व्यहोराले बन्धकी नरहेको अचल सम्पत्रि तपाइँले नै थप रकम थपी लिनुहोस् भनी प्रलोभनमा पारी थप रकमसमेत लिई लिखत कागजसमेत गरी दिनुभएको थियो। निवेदकको नाममा रहेको उक्त अचल सम्पत्ति सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयमा गई बुझ्दा उक्त सम्पत्ति विभिन्न बैंकहरूमा धितो राखी कर्जा लिई रोक्कका रहेको जानकारी प्राप्त भएकोले निवेदकले मलाई झुट्ठा कुरालाई सद्दे हो भनी झुक्याई गफलतमा पारी हामीसँग रकम लिई ठगी गर्नुभएकोले विपक्षी माधुरी शाहलाई कानूनबमोजिम कारवाही हुन मिति २०७२।१२।२६ मा महानगरीय प्रहरी परिसर, हनुमानढोकासमक्ष जाहेरी गरेको हो । सोही आधारमा विपक्षी माधुरी शाहलाई महानगरीय प्रहरी परिसरबाट पक्राउ गरी ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको अनुमतिले अनुसन्धानका लागि कानूनबमोजिम थुनामा राखेको हो । यसरी कानूनबमोजिम थुनमा रहेको स्थितिमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्न मिल्दैन। रिट निवेदन खारेज गरी फुर्सद दिलाई पाउँ भन्नेसमेत व्यहोराको विपक्षी/प्रत्यर्थी रक्षा सिंह र गायत्री उदास गौलीको एकै मिलानको लिखित जवाफ।

यस अदालतबाट मिति २०७३।४।२ मा मिसिल झिकाई पेस गर्नेसम्बन्धमा भएको आदेशबमोजिमको मिसिल झिकाउन पत्राचार नै भएको नदेखिँदा उल्लिखित आदेश अनुसारको मिसिल झिकाई बन्दी सम्बन्धित निवेदक भएकोले प्राथमिकताका साथ सुनुवाइ हुन आवश्यक देखिएकोले मिति २०७३।४।१९ गतेको पेसी तोकी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामबहादुर खड्काले पुनरावेदन अदालत, पाटनमा प्रत्यर्थीहरू उपर निषेधाज्ञा मुद्दा दर्ता गरेकोमा महानगरीय प्रहरी परिसर, टेकुसमेतका नाममा निवेदकलाई पक्राउ नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी भएको छ । यसैगरी प्रत्यर्थीहरू उपर काठमाडौं जिल्ला अदालतमा करकाप मुद्दा दर्ता गरी विचाराधीन रहेको अवस्थामा लेनदेनको विषयलाई लिई विपक्षी प्रत्यर्थीहरूको मिलेमतोबाट रिट निवेदक माधुरी शाहलाई गैरकानूनीरूपमा पक्राउ गरी ठगी मुद्दा दर्ता गरी गैरन्यायिक थुनामा राख्ने कार्य नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षी / प्रत्यर्थीहरूको गैरकानूनी मुद्दा दर्ता तथा म्याद थपसमेतको कार्य बदरसमेत गर्न उपर्युक्त आदेशसमेत जारी गरी गैरकानूनी थुना मुक्त गरिपाउँ भन्नेसमेत व्यहोराको बहस सुनियो।

प्रत्यर्थी काठमाडौं जिल्ला अदालतसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले रक्षा सिंहसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी रिट निवेदकसमेत भएको ठगी मुद्दा चली फरार रहेकी माधुरी शाहलाई मिति २०७३।३।२८ गते पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट पक्राउ मिति देखि नै लागू हुने गरी कानूनबमोजिम म्याद थप

गरी निज प्रतिवादी उपर ठगी मुद्दामा अनुसन्धान भइरहेकोले निजलाई न्यायिक हिरासतमा राखिएको हुँदा निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस जिकिर सुनियो।

उपर्युक्त बहस जिकिर सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा, निवेदन मागबमोजिम निवेदक माधुरी शाहलाई गैरकानूनी थुनामा राखी बन्दी बनाइएको हो, होइन? निवेदन जिकिरबमोजिमको आदेश पूर्जी जारी हुनु पर्ने हो, होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, यसमा निवेदकले माधुरी शाहले विपक्षीहरू मध्येका रक्षा सिहं र गायत्री उदास गौलीबाट विभिन्न मितिमा कर्जा लिई क्रमशः रू.४५,५०,०००।– र रू.३६,००,०००।– कपाली लिखतसमेत गरिदिएकोमा सो रकम विभिन्न मितिमा विभिन्न बैकको चेक दिई बुझाईसकेको हो । निज विपक्षीहरूले रकम बुझी लिइसके पनि विभिन्न बहानामा कपाली लिखत फट्टा नगरी राखेको थियो । पछि रकम नबुझाएको भनी विपक्षीहरूले प्रहरीमा उजुरी गरी माधुरी शाहलाई पक्राउ गरी करकापमा पारी थप कागज बनाएकोले माधुरी शाहले काठमाडौं जिल्ला अदालतमा सो कागज करकाप गरी बनाएको हो भनी करकाप मुद्दा दर्ता गरेकोमा सो मुद्दा हाल विचाराधिन अवस्थामा छ। साथै सोही विषयमा पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञा मुद्दा दर्ता गरी सो मा विपक्षीहरूको नाममा लेनदेनको विषयमा पक्राउ नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी भएको हो। पछि सोही विषयलाई लिएर विपक्षीमध्येका रक्षा सिहंसमेतले ठगीमा जाहेरी गरी पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट म्याद थपसमेत गराई निजलाई थुनामा राखेको कार्य गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गराई पाउँ भन्ने निवेदन दाबी रहेको देखिन्छ। ठगी मुद्दामा जाहेरी परी अनुसन्धानको लागि सक्षम न्यायिक निकायबाट म्याद थप गरी थुनामा राखेको कार्य गैरकानूनी थुना होइन भनी विपक्षीहरूको एकै मिलानको लिखित जवाफ रहेको पाइन्छ।

३. यस परिप्रेक्ष्यमा निवेदन मागबमोजिम माधुरी शाहलाई गैरकानूनीरूपमा थुनामा राखी बन्दी बनाएको हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा, हाल थुनामा रहेकी माधुरी शाहउपर ठगी मुद्दामा मिति २०७२।१२।२६ मा महानगरीय प्रहरी परिसर, टेकुमा जाहेरी परेको देखिन्छ। सो जाहेरीका आधारमा निजलाई जिल्ला प्रहरी कार्यालय वाँकेले २०७३।३।२८ मा पक्राउ गरी मिति २०७३।३।२९ मा महानगरीय प्रहरी परिसर, टेकुमा दाखिला गरेको देखिन्छ। यसरी आफू कहाँ दाखिला गरेपछि महानगरीय प्रहरी परिसर, टेकुले अनुसन्धानका लागि पक्राउ परेको मितिबाट लागू हुने गरी मिति २०७३।३।३० मा प्रथम पटक दिन ५, मिति २०७३।४।२ मा दोस्रोपटक दिन १ र मिति २०७३।४।३ मा तेस्रोपटक दिन ७ को म्याद थप भई निज माधुरी शाह थुनामा रहेको देखिन्छ।

४. हाम्रो संवैधानिक तथा कानूनी व्यवस्थाहरू हेर्दा, कुनैपनि व्यक्तिलाई विनाकारण थुनामा राख्न मिल्दैन। कुनै मुद्दाको सिलसिलामा अर्थात् कानूनले तोके अनुसार थुनामा राख्दा पनि निश्चित कानूनले तोकीदिएको प्रक्रिया तथा कार्यविधि अपनाउनुपर्ने हुन्छ । त्यस्तै कुनै मुद्दामा कानूनी प्रक्रिया अपनाई थुनामा राख्दा पनि निजसँग मानवोचित व्यवहार गर्नु पर्दछ र निजलाई कुनै पनि किसिमको शारीरिक तथा मानसिक यातना दिनु वा दुर्व्यवहार गर्नु हुँदैन । यदि उपर्युक्तानुसारको सीमा नाघी कसैलाई थुनामा राखेमा वा बन्दी वनाएमा अदालतले व्यक्तिको संवैधानिक तथा कानूनी हक रक्षार्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दीलाई गैरकानूनी थुनामुक्त गर्न सक्दछ।

५. नेपालको संविधानको भाग ३ धारा २० मा प्रत्याभूत गरिएको न्यायसम्बन्धी हकअन्तर्गत पक्राउ

गर्दा र पक्राउ गरेपछि नागरिकलाई प्राप्त हुने विभिन्न हकका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। संविधान प्रदत्त सो हकमा व्यवस्थित विषयको परिपालना नभएको वा गर्न नदिइएको अवस्थामा सम्बन्धित व्यक्ति उपचारका लागि आउन सक्ने र यस अदालतले पनि नागरिकको अभिभावक तथा संविधानको संरक्षकका रूपमा त्यस्ता अवस्थामा संविधानको धारा १३३ बमोजिम उपचारको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न सक्ने नै देखिन्छ। त्यस्तै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३१ मा बन्दीप्रत्यक्षीकरणको निवेदनमा खुलाउनु पर्ने कुराहरू दिई नियम ३६ मा देहायको अवस्थामा बन्दीलाई छोड्ने आदेश दिन सक्ने भनी व्यवस्था गरेको छ

(क) प्रत्यार्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा, वा

(ख) बदनियतसाथ वा प्रवृत्त भवना लिई वा कानूनविपरीत बन्दीलाई थुनामा राखेको देखिएमा,

६. यसरी हेर्दा नागरिक स्वतन्त्रताको रक्षाको लागि बन्दीप्रत्यक्षीकरणको रिटमा अदालतले थुनाको वैधता विभिन्न कोणबाट हेरी यदि थुना अवैध देखिए बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी बन्दीलाई थुनामुक्त गर्दछ।

७. प्रस्तुत रिट निवेदनको मिसिल हेर्दा, थुनामा रहेकी माधुरी शाहउपर महानगरीय प्रहरी परिसर, टेकुमा ठगी मुद्दामा जाहेरी परेको देखिन्छ। ठगी मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) मा उल्लिखित सरकारवादी भई चल्ने मुद्दा भएकोले सोमा जाहेरी लिनु र सोअनुसार अनुसन्धानको प्रक्रिया अगाडि बढाउनु प्रहरी कार्यालयको कानूनी कर्तव्य नै हो। माधुरी शाहसमेत उपर किटानी जाहेरी परेको अवस्थामा अन्य व्यक्ति फरार रहँदा माधुरी शाहलाई ठगी मुद्दामा अनुसन्धानका लागि भनी पक्राउ पुर्जीसमेत दिई पक्राउ गरी प्रहरी हिरासतमा राख्न सक्ने नै हुन्छ। अनुसन्धानका लागि बाटाका म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेमा सोअनुसार उपस्थित गराई अनुसन्धानका लागि थप थुनामा राख्न आवश्यक भनी म्याद थप गरिपाउँ भन्ने निवेदन अनुसार मुद्दा हेर्ने सक्षम निकाय काठमाडौं जिल्ला अदालतबाट म्याद थप गराई सो अनुसार महानगरीय प्रहरी परिसर, टेकुले निजलाई थुनामा राखेको नै देखिन्छ।

८. यसै मुद्दामा प्रमाणको रूपमा झिकाइएको पुनरावेदन अदालत, पाटनको ०७२-wo-०४६७ को निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने मुद्दामा कानूनबमोजिम अनुसन्धान तहकिकात गर्नु पर्ने फौजदारी कसुरमा बाहेक देवानी विषयमा निवेदकलाई पक्राउ नगर्नु नगराउनु भनी मिति २०७२।११।५ मा निषेधाज्ञाको आदेश भएको देखिएबाट मलाई लेनदेन जस्तो देवानी विषयलाई लिएर ठगी जस्तो सरकारवादी फौजदारी मुद्दामा जाहेरी लिई थुनामा राख्न मिल्ने होइन भनी दाबी लिएपनि ठगी मुद्दा सरकारवादी फौजदारी भई चल्ने मुद्दा हो। ठगी नै हो वा विशुद्ध लेनदेनको विषयलाई ठगी भनिएको हो अर्थात् ठगी गरेको ठहर्ने नठहर्ने विषय अदालतको फैसलाबाट निरूपण गरिने विषय हो। तर ठगीमा जाहेरी नै नलिने, सोमा अनुसन्धान नै नगर्ने भन्ने हुँदैन। ठगीमा जाहेरी परी अनुसन्धानका लागि म्याद थप गरिपाउँ भनी आएकोमा अदालतले उपयुक्त देखेमा कानूनको परिधिभित्र रही म्याद थप गर्न पाउने नै हुन्छ। यस्तो अवस्थामा उल्लिखित निषेधाज्ञा मुद्दामा देवानी विषयमा पक्राउ नगर्नु नगराउनु भनी आदेश गरेको भनी ठगी जस्तो सरकारवादी फौजदारी मुद्दामा पनि

निवेदकउपर जाहेरी गर्न, पक्राउ गर्न, थुनामा राख्ने म्याद थप गर्न र सो अनुसार थुनामा राख्न मिल्ने होइन भनी अर्थ गर्न मिल्दैन।

९. त्यसैगरी निवेदकले लेनदेनकै विषयमा करकाप मुद्दासमेत विचाराधीन रहेको अवस्थामा थुनामा राख्न मिल्ने होइन भनी लिएको आधारतर्फ हेर्दा, बन्दीप्रत्यक्षीकरणको निवेदनबाट थुनाको वैधता मात्र परीक्षण गरिन्छ । यसबाट वादीउपर कुनै मुद्दा चलेको छ, छैन भन्ने सम्बन्धमा कुनै विचार गरिँदैन। करकाप मुद्दामा पछि ठहरेबमोजिम हुने नै हुँदा सोही मुद्दा विचाराधीन रहेकै आधारमा ठगी मुद्दामा अनुसन्धान गर्न नपाउने तथा अनुसन्धानका लागि थुनामा राख्न नपाउने भन्ने हुँदैन।

१०. निषेधाज्ञा मुद्दामा आदेश भएको र करकाप मुद्दा विचाराधीन रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने भन्ने बाहेक प्रस्तुत रिट निवेदनमा थुनामा राख्नु पर्ने आधार र कारण नभएको, थुनामा राख्दाको प्रक्रिया नअपनाएको तथा थुनामा पनि कानूनबमोजिमको उचित व्यवहार नगरेको भन्ने जस्ता थुनामा राख्दा संवैधानिक तथा कानूनी प्रावधानको पालना नभएको भनी निवेदकले देखाउन सकेको पाइँदैन । साथै थुना गैरकानूनी भएको भन्ने प्रस्तुत मिसिल र प्रमाणका लागि झिकाइएका मिसिलहरूसमेतबाट देखिँदैन।

११. अतः ठगी मुद्दामा यस रिट निवेदनमा विपक्षी बनाइएका विपक्षीहरू रक्षा सिंह र गायत्री उदास गौलीले जाहेरी दरखास्त दिए अनुसार पक्राउ गरी गराई अनुसन्धानका लागि संविधान तथा कानूनबमोजिम काठमाडौं जिल्ला अदालतमा म्याद थपको माग गरी थुनामा राखी अनुसन्धान गर्ने म्याद थप गरे अनुसार कानूनबमोजिम थुनामा राखेको कार्यलाई अवैध तथा गैरकानूनी थुना भनी निवेदन माग अनुसार विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : लोकबहादुर हमाल
इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

निर्णय नं. ९६७९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
फैसला मिति : २०७३।०४।१८
०७०-WO-०६६३

विषय : उत्प्रेषण

निवेदक : पर्सा जिल्ला वीरगंज उपमहानगरपालिका वडा नं. १३ आदर्शनगरमा प्रधान कार्यालयरहेको त्रिवेणी टेक्सटाइल उद्योग प्रा. लि. तथा व्यवस्थापकको अधिकार प्राप्तवाला ऐ. का महाप्रबन्धक ऐ.ऐ. बस्ने वर्ष ५० को कैलाश मिश्र

विरूद्ध

विपक्षी : श्रम अदालत, अनामनगर, काठमाडौंसमेत

- **लगातार ३० दिनभन्दा बढी प्रतिष्ठानमा उपस्थित नभई गयल भएमा सेवाबाट हटाउन सकिनेछ भन्ने उल्लेख भएको हुँदा उक्त नियमावलीको व्यवस्थाले स्वत: कामदार कर्मचारीलाई ३० दिनभन्दा बढी गयल हुने बित्तिकै हटाइहाल्ने भन्ने होइन, त्यसका पनि निश्चित सर्तहरू पूरा गर्नुपर्ने देखिन्छ। श्रम ऐनको दफा ५१(ग२) मा उक्त लगातार ३० दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा भन्ने खराब आचरणमा कारवाही गर्दा दफा ५३ बमोजिम सुनुवाइको मौका दिन स्पष्टीकरण सोध्नुपर्छ त्यसरी स्पष्टीकरण सोध्दा जवाफ दिन पनि ७ दिनको म्याद दिनुपर्ने हुन्छ। उक्त नियमावलीको नियम ३७(२) बमोजिमको कसुर र दफा ५१(ग२) बमोजिमको कसुर एउटै भएको हुँदा समान कसुरमा एउटामा सुनुवाइको मौका दिएर हटाउनु पर्ने र अर्कोमा सुनुवाइको मौका नदिई हटाउन सकिन्छ भन्ने अर्थ गर्न नमिल्ने।**

(प्रकरण नं. ५)

- **प्रतिष्ठानमा काम गर्ने कामदार कर्मचारीले ऐन र नियमावलीद्वारा निषेध गरिएका काम गरेमा त्यस्ता कामदार वा कर्मचारीलाई तोकिएको सजाय गर्न पाउने कुरामा विवाद छैन तर त्यसरी सजाय दिँदा कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। ऐनद्वारा सेवाबाट हटाउने वा कुनै सजाय दिनुअघि त्यसबारे सम्बन्धित कर्मचारी वा कामदारलाई जानकारी दिनु सम्बन्धित प्रतिष्ठानको दायित्व हो र त्यस्तो दायित्वबारे श्रम ऐन, २०४८ को दफा ५३ ले झन स्पष्ट गरेको छ। आफूलाई लागेको अभियोगबारे जानकारी पाउनु सम्बन्धित कामदार वा कर्मचारीको अधिकारको विषय हो र प्राकृतिक न्यायको सिद्धान्तको आधारमा समेत त्यस्तो अधिकार राख्ने।**
- **प्राकृतिक न्यायको सिद्धान्त र ऐनको स्पष्ट व्यवस्था रहँदा रहँदै पनि नियममा त्यस्तो व्यवस्था नभएको भन्नु एकांगी व्याख्या हुन जान्छ। कुनै ऐन नियमको व्याख्या गर्दा सो ऐन नियमको सम्पूर्ण व्यवस्था र त्यसको उदेश्यको आधारमा गर्नुपर्छ, एउटा दफा वा नियमलाई मात्र टेकी अन्य दफा वा नियमका व्यवस्थालाई बेवास्ता गरी ऐनका दफा र नियमको व्याख्या गर्न नमिल्ने।**

(प्रकरण नं. ७)

निवेदकका तर्फबाट :

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता रमेश बडाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- श्रम ऐन, २०४८
- श्रम नियमावली, २०५०

फैसला

न्या. दीपककुमार कार्की : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छः-

निवेदक प्रा.लि. तत्कालीन कम्पनी ऐन, २०२१ बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता भई कर प्रयोजनको लागि प्यानमा समेत दर्ता भएको छ। यसको मुख्य काम कपडा उत्पादन गरी बिक्री वितरण गर्ने हो।

यस प्रतिष्ठानमा काम गर्ने श्री संजय पटेल विगत ५ महिनादेखि आफ्नो काममा उपस्थित

नभएकोले श्रम ऐन, २०४८ को दफा ५१(ग)२ तथा श्रम नियमावली २०५० को नियम ३७ को उपनियम २ बमोजिम सेवाबाट बर्खास्त गरिएको छ भनी मिति २०६९।४।५ को पत्रबाट गयल कट्टा गरी सेवाबाट समेत हटाइएको निज काममा गयल हाजिर रहँदा श्रम ऐन, २०४८ को नियम ३७ को उपनियम २ बमोजिम हटाईएको, श्रम ऐन, २०४८ को दफा ५०, ५१ दफा ५२, ५३ को विपरीत गर्दै म सेवाबाट हाजिर नभए मौकामा नै स्पष्टीकरण माग गर्नुपर्ने एक महिना गयल हुनासाथ सेवाबाट हटाउनुपर्ने। स्पष्टीकरण माग नगरी सेवाबाट हटाइएको श्रम ऐन, २०४८ को दफा ५१(ग) २ बमोजिमको सजाय गर्न नमिल्ने हुँदा मलाई सेवाबाट अवकाश दिने मिति २०६९।४।५ मा गरेको निष्कासनको निर्णय बदर गरी पुनर्बहाली नभएसम्मको तलब भत्ता र अन्य सुविधा उपलब्ध गराई सेवामा पुनर्बहाली गराई पाउँ भनी विपक्षी नं. १ समक्ष विपक्षी नं. २ ले पुनरावेदन गरेको रहेछ।

विपक्षी नं. १ ले मिति २०७०।५।२० मा गरेको पुनरावेदन फैसला सम्बन्धमा निवेदकतर्फबाट बहसमा विपक्षी नं. २ लाई स्पष्टीकरण माग गरी सेवाबाट हटाएको अवस्था नभई ३० दिनभन्दा बढी बिदा स्वीकृति नगराई गयल हाजिर रहेको अवस्था देखाई श्रम नियमावली, २०५० को नियम ३७(२) बमोजिम हटाइएको। निवेदकको मिति २०६९।४।५ गतेको निर्णयमा श्रम ऐन, २०४८ को दफा ५२(४) बमोजिम सजाय नगरिएको अवस्थामा श्रम ऐन, २०४८ को दफा ६० बमोजिम श्रम अदालतमा पुनरावेदन नलाग्ने पुनरावेदन सुनि गरेको निर्णय अ.बं. ३५ नं. ले बदरभागी भएको भन्ने जिकिर लिएकोतर्फ ध्यानै नदिई एकतर्फी रूपमा उक्त ऐनहरूको त्रुटि गर्दै अधिकार क्षेत्र नाघी गरेको निर्णय कायम रहन सक्दैन।

कुनै पनि ऐन नियमले दुईवटा मार्गको व्यवस्था गरेको सम्बन्धमा सम्बन्धित पक्षले खराब आचरण गरेको भन्ने प्रक्रियाबाट हटाउन सकिने जसमा बोनसको रकमसमेत नपाउने हुन्छ तर सोही श्रम नियमावली २०५० को नियम ३७(२) ले गयल कट्टी गरी सेवाबाट हटाउन सक्ने नियमतः व्यवस्था भएको सो गर्दा कामदार कर्मचारीको अन्य सुविधा हरण नहुने। श्रम ऐन पहिलो संशोधन पश्चात् ५१(२ग) को कारवाही चलाउँदा सोही ऐनको दफा ५३ को कार्यविधि अपनाउनु पर्ने मात्र व्यवस्था हो तर नियम ३७(२) को अवस्थामा स्पष्टीकरण सोध्नु पर्ने कतै व्यवस्था पनि छैन। त्यसलाई विपक्षीले बङ्ग्याई र आफू प्रतिष्ठानमा गयल हाजिर रहनु पर्ने पर्याप्त मात्राको कारणसमेत दिन नसकेको समेत हुँदा श्रम नियमावली, २०५० को नियम ३७(२) ले गयल कट्टी गरी सेवाबाट हटाएको भन्ने मिति २०६९।४।५ को निर्णय पत्रबाट प्रस्ट देखिने विपक्षी नं. २ ले पुनरावेदन गर्दा उक्त नियम ३७(२) लाई चुनौती दिई जिकिर लिन नसकेको उक्त नियम ३७ ले श्रम ऐन, २०४८ को दफा ५३ को कार्यविधि अपनाउन नपर्ने विषयलाई विपक्षी नं. १ श्रम अदालतले स्वीकार गरेको छ भने अर्कोतर्फ सुनुवाइको मौका नदिएको आधारलाई लिई मात्र निवेदकको निर्णयलाई बदर गरिएको भन्ने देखिँदा सो निर्णय त्रुटिपुर्ण भएको समेत प्रस्ट हुन्छ। किनभने विपक्षी नं. २ लाई श्रम ऐन, २०४८ को दफा ५१(ग२) बमोजिम सजाय नगरिएको भन्नेसमेत तर्फ ध्याननै नदिई फैसला गरिएको हुँदा फैसलाबमोजिम कार्यविधि अपनाउनुपर्ने कानूनी व्यवस्था नभएकोले उक्त फैसला बदरभागी छ।

उपर्युक्त २ प्रावधानमध्ये श्रम ऐनको दफा ५१(ग२) ले खराब आचरण भनी सेवाबाट हटाउने गरेमा मात्र ऐ.ऐनको दफा ५२ ले सजाय गर्ने र सो गर्दा ऐ. ऐनको दफा ५३ को कार्यविधि पूरा गर्नुपर्ने सोबमोजिम गरेमा मात्र दफा ६० बमोजिम पुनरावेदन लाग्छ। नगरेमा नलाग्ने प्रस्टै छ। तर श्रम ऐनको दफा ५१(ग२) को खराब आचरण गरेकोमा बोनससमेत नपाउने उल्लेख छ। अर्थात् २ प्रकृतिको विषयवस्तु भएको हुँदा जस्तै शुद्ध बालीको लागि मात्र वा बाली

दिलाई मोही निष्कासन गर्न भूमिसम्बन्धी ऐनले तथा जालसाजी वा दोहोरो लिखतमध्ये एक गर्न सक्ने सो सम्बन्धमा यसै सम्मानित स.अ.बाट ने.का.प. २०४३ नि.नं. २९०० तथा ने.का.प. २०४७ नि.न. ४०८२ जेठमा सिद्धान्त कायम भएको अनुरूप २ प्रक्रिया मध्ये कुनै एक प्रक्रिया अवलम्बन गर्न व्यवस्थापकलाई अधिकार दिएको विषय भएकोमा नियमावलीबमोजिम प्रस्टीकरण माग गर्नुपर्ने भनी कहीँ कतै उल्लेख नभएकोले श्रम ऐन, २०४८ को दफा १० ले सेवाको सुरक्षा भन्नेतर्फ रीत पुर्‍याउनु पर्ने भनी उल्लेख भएकोमा मात्रै रित पुर्‍याउनु पर्ने हुन्छ। प्रतिष्ठानले ३० दिनभन्दा बढी काममा गयल हाजिरी रहेको कारणबाट सेवाबाट हटाउँदा श्रम नियमावली, २०५० को नियम ३७(१,२,३) मा स्पष्टीकरणको प्रावधान नभएकोबाट नै सोबमोजिम हटाइएकोलाई अन्यथा भन्न नमिल्नेतर्फ विपक्षी नं. १ ले फैसलामा त्यस तर्फ ध्यानै नदिई सोको गलत अर्थ लगाउँदै माथि उल्लिखित ऐन नियमको गलत अर्थ लगाउँदै सुनुवाइको मौका नदिई गरेको निर्णय त्रुटिपूर्ण भनिएको निर्णय नै त्रुटिपूर्ण भएको हुँदा विपक्षी नं. १ को निर्णयबाट विपक्षी नं. २ लाई पुनर्बहाली गराउने निर्णयबाट माथि जिकिर लिएबमोजिम श्रम ऐन नियमको भावनाविपरीत पुनरावेदन नै नलाग्ने मुद्दामा पुनरावेदन सुनी गरेको निर्णय श्रम ऐन, २०४८ को दफा ६० तथा अ.बं. ३५ नं. को त्रुटिसमेत गर्दै गरिएको फैसलाबाट निवेदकको सम्पत्तिसम्बन्धी अधिकारमा समेत आघात पुन्न गएको छ।

विपक्षी नं १ श्रम अदालतले पुनर्बहाली नभएसम्म पारिश्रमिक भुक्तानी पाउने भनी व्यवस्थापकको निर्णय बदर गरी पुनर्बहाली हुने भन्ने विपक्षी श्रम अदालतबाट फैसला भएकोबाट उक्त फैसला बदर गराउने अन्य उपचारको बाटो नभएको र निवेदकको संवैधानिक एवं कानूनी हक तथा सम्पत्तिसमेतमा आघात पुन्न गएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ तथा धारा १०७(२) बमोजिम उत्प्रेषणलगायतको जो चाहिने आदेश जारी गरी बदर गरी निवेदकको संवैधानिक तथा कानूनी हकको संरक्षण गरी पाउन सम्मानित अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गराई माग्न आएका छौं।

विपक्षी श्रम अदालतले निष्कासन गरेको भनी फैसलामा निष्कासन गरेको नभई श्रम नियमावली ३७(२) बमोजिम गयल कट्टा गरी सेवाबाट हटाएकोलाई निष्कासनको अर्थ गर्दै गरिएको फैसला कार्यान्वयन गर्न गराउन निवेदकलाई बाध्य पार्न सक्ने विपक्षी नं. २समेतले गर्न सक्ने अवस्था हुँदा निवेदक उद्योगले भुक्तानी गरेको रकमसमेत फिर्ता लिन नसक्ने र गैरकानूनीरूपमा पारिश्रमिक तथा सेवामा पुनर्बहाली गराउने गरिएको फैसलाबाट निवेदकलाई अपूरणीय हानि नोक्सानी हुन जाने र निवेदकको उद्योगमा अरू थप झन्झटसमेत सिर्जना हुने हुँदा श्रम अदालतको उक्त मितिको फैसला सुविधा सन्तुलनको दृष्टिकोणले समेत गैरकानूनी निर्णय कार्यान्वयन हुन जानुको साथै श्रम ऐन नियमसमेत लागू हुन जाने सम्भावनासमेत हुनुको साथै प्रस्तुत निवेदन पत्रसमेत प्रयोजनहीन हुन जाने भएको निवेदन पत्रको किनारा नभएसम्म विपक्षी श्रम अदालतको मिति २०७०।५।२० गतेको फैसला कार्यान्वयन नगर्नु नगराउनु यथावस्थामा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? जारी हुन नपर्ने कुनै कारण भए सो कारण र आधार खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदन र आदेशको प्रतिलिपि साथै राखी विपक्षी नं.१, लाई सूचना म्याद

पठाई महान्यायाधिवक्ताको कार्यालयलाई बोधार्थ दिनू। विपक्षी नं. २ का हकमा आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत १५ दिनभित्र बलिखित जवाफ पठाउनु भनी यो निवेदन र आदेशको प्रतिलिपिसमेत साथै राखी सूचना म्याद पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा यो रिट निवेदनको अन्तिम सुनुवाइपश्चात् खारेज भएमा विपक्षी श्रमिकहरूलाई अवकाश पाएकै मितिदेखिको तलब भत्ता सुविधासमेत निवेदकले दिनुपर्ने तर रिट जारी भएमा ती श्रमिकहरूले तलब भत्ता सुविधा फिर्ता गराउन सुविधा सन्तुलनका दृष्टिबाट अव्यावहारिक हुने भएबाट विपक्षी श्रम अदालतको मिति २०७०।५।२० को विपक्षी श्रमिकहरूलाई सेवामा पुनर्बहाली गर्ने गरी भएको फैसला यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७०।१२।१३ को आदेश।

स्थायी कामदार तथा कर्मचारीलाई श्रम ऐन, २०४८ को दफा १० अनुसार सेवाको सुरक्षा प्रत्याभूति भइरहेको अवस्थामा सुनुवाइको मौका नै नदिई बर्खास्त गर्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने हुँदा पुनरावेदक संजयप्रसाद पटेललाई विपक्षी कम्पनीले सुनुवाइको मौका नै नदिई मिति २०६९।४।५ मा सेवाबाट बर्खास्त गर्ने गरेको निर्णय बदर भई पुनरावेदकले पुनर्बहाली नभएसम्मको तलब भत्ता र अन्य सुविधासमेत पाउने भई सेवामा पुनर्बहाली हुने ठहर्छ भन्ने यस अदालतको मिति २०७०।५।२०।५ को फैसला श्रम कानून तथा न्यायका मान्य सिद्धान्त एवम संविधानको भावनाअनुरूप रहेकोले सो फैसलाबाट रिट निवेदकको कानूनी एवं संवैधानिक हकमा आघात पुगेको अवस्थासमेत नहुँदा रिट निवेदन खारेजयोग्य छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको श्रम अदालत, अनामनगर, काठमाडौंले यस अदालतमा पेस गरेको लिखित जवाफ।

विपक्षीले रिट निवेदन दायर गर्दा प्रकरण नं. ५ मा ३० दिनभन्दा बढी बिदा स्वीकृत नगराई गयल हाजिर रहेको अवस्था देखाई श्रम नियमावली, २०५० को नियम ३७(२) बमोजिम हटाइएको हो । यसमा सुनुवाइको मौका दिनु पर्दैन र दिएको छैन । मिति २०६९।४।५ गतेको निर्णयमा श्रम ऐनको दफा ५२(४) बमोजिम सजाय नगरिएको अवस्थामा श्रम ऐन, २०४८ को दफा ६० आकर्षित नहुने भनी दाबी लिनुभएको छ । विपक्षीले लिएको दाबी श्रम ऐनविपरीत रहेको छ। श्रम नियमावली २०५०।७।२३ मा प्रकाशित भएको र सो समयमा नै नियम ३७(२) को व्यवस्था रहेको थियो । नियमावलीको सो व्यवस्थालाई प्रतिस्थापन गर्दै श्रम ऐनको पहिलो संशोधन २०५४ ले श्रम श्रम ऐन, २०४८ को दफा ५१(ग२) मा " विना सूचना लगातार तीस दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा" भनी खराब आचरण थप गरेको थियो । श्रम नियमावलीमा भएको सोही कुरालाई श्रम ऐनमा खराब आचरणको दफामा उल्लेख गरिसकेपछि श्रम ऐनको प्रवधान लागू हुने कुरा निर्विवाद रहेको छ। यसरी श्रम ऐनको खराब आचरण खण्डमा भएको कुरालाई आधार बनाई सेवाबाट अवकाश गर्दा श्रम ऐन, २०४८ को दफा ५३ को प्रक्रिया पूरा गरी मात्र सेवाबाट अवकाश दिन मिल्ने र विपक्षीले मलाई सेवाबाट अवकाश गर्दासमेत "...श्रम ऐन, २०४८ को दफा ५१(ग२) तथा श्रम नियमावली, २०५० को नियम ३७ को उपनियम (२) बमोजिम सेवाबाट बर्खास्त गरिएको छ" भनी श्रम ऐनको दफा ५१(ग२) स्वीकार गरिसकेको हुँदा श्रम ऐनको प्रक्रियालाई नजर अन्दाज गरी दायर विपक्षीको रिट खारेज भागी छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको संजयप्रसाद पटेलको यस अदालतमा परेको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा विपक्षी संजयप्रसाद पटेलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रमेश बडालले मेरो पक्षलाई कार्यालयमा उपस्थित हुँदाहुँदै हाजिर गर्न नदिइएकोले कार्यालयमा अनुपस्थित भएको हो । यदि गयल कट्टी भएको भए अदालतमा हाजिरी रजिस्ट्रर देखाउन सक्नु पर्ने हो सो देखाउन सक्नु भएको छैन। यसरी सेवाबाट हटाउँदा श्रम ऐन, २०४८ को दफा ५३ को कार्यविधि पूरा गरेर मात्र हटाउनु पर्नेमा सो प्रक्रिया पूरा गरिएको छैन श्रम नियमावली, २०५० को नियम ३७(२) बमोजिम सेवाबाट हटाउँदा पनि श्रम ऐन, २०४८ को दफा ५३ को कार्यविधि पूरा गर्नुपर्छ। सो नगरी कामदार हटाउन पाउने होइन। श्रम अदालतबाट सेवामा पुनर्बहाली हुने गरी भएको निर्णय मनासिब हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसारको तथ्य र बहसबुदा रहेको प्रस्तुत रिट निवेदनको सन्दर्भमा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

(१) श्रम नियमावली, २०५० को नियम ३७(२) बमोजिम लगातार ३० दिनभन्दा बढी प्रतिष्ठानमा उपस्थित नभई गयल कट्टी भएको कामदारलाई सेवाबाट हटाउदा श्रम ऐन, २०४८ को दफा ५३ बमोजिमको कार्यविधि पूरा गर्नुपर्ने हो होइन ?

(२) श्रम ऐन, २०४८ को दफा ५१(ग२) बमोजिम सजाय नगरिएको हुँदा सोही ऐनको दफा ६० बमोजिम श्रम अदालतमा पुनरावेदन लाग्न सक्छ सक्दैन ?

(३) रिट निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन ?

२. अब पहिलो प्रश्न तर्फविचार गर्दा प्रतिष्ठानको सेवामा लगातार ३० दिनभन्दा बढी अनुपस्थित हुने कामदार कर्मचारीलाई सेवाबाट हटाउँदा अपनाउनु पर्ने कार्यविधि श्रम ऐन, २०४८ को दफा ५० मा उल्लेख गरिएको छ । ऐनको दफा ५० मा व्यवस्थापकले खराब आचरण गर्ने कामदार वा कर्मचारीलाई देहायबमोजिमको सजाय गर्न सक्ने छ।

(क) नसिहत दिने

(ख) वार्षिक पारिश्रमिक वृद्धि रोक्का गर्ने

(ग) निलम्बन गर्ने

(घ) सेवाबाट हटाउने

त्यस्तै दफा ५१ मा खराब आचरण शीर्षकको (ग२) मा विना सूचना लगातार तीस दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा दफा ५२(४) मा दफा ५१ को खण्ड(क)(ग) (ग२)(ङ) वा (ठ) को आचरण गर्नेलाइ सेवाबाट हटाउन सकिनेछ भन्ने प्रस्ट कानूनी व्यवस्था गरेको देखिन्छ ।

३. सोही ऐनको दफा ५३ मा सजाय गर्दाको कार्यविधि उल्लेख छ । जसमा दफा ५३(१) मा स्थायी कामदार वा कर्मचारीलाई दफा ५२ अन्तर्गत सजाय गर्नुअघि खराब आचरण गरेको तथ्य र सो प्रमाणित भएमा हुन सक्ने सजायसमेत प्रस्ट उल्लेख गरी स्पष्टीकरण पेस गर्न ७ दिनको म्याद दिनुपर्ने छ। उपदफा २ मा उपदफा १ बमोजिमको म्यादभित्र कामदार वा कर्मचारीले स्पष्टीकरण पेस नगरेमा वा पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा निजलाई खराब आचरण गरेबापत दफा ५२ बमोजिम सजाय गर्न सकिनेछ । तर त्यस्तो सजाय गर्ने सम्बन्धमा निर्णय गर्दा स्पष्टीकरण माग गरिएको २ महिना भित्र गरिसक्नु पर्ने छ। उपदफा ३ मा उपदफा (१) अन्तर्गतको म्याद सम्बन्धित कामदार वा कर्मचारीले बुझी नलिएमा वा निज गैरहाजिर भएमा निजको नाउँको म्याद निजको ठेगानामा हुलाकबाट रजिस्ट्रर गरी पठाई सोको प्रतिलिपि प्रतिष्ठानको सार्वजनिक सूचना पार्टीमा टाँसी सो टाँसेको मुचुल्का गरी सो मुचुल्कामा कम्तीमा तीन

जना व्यक्तिलाई साक्षी राखी सो म्यादको एक प्रति सम्बन्धित श्रम कार्यालयमा पठाएमा सो म्यादको जानकारी निज कामदार वा कर्मचारीलाई भएको मानिने छ भन्ने व्यवस्था भएको पाइन्छ।

४. अब श्रम नियमावलीको नियम ३७(२) मा भएको कानूनी व्यवस्था हेर्दा कुनै कामदार वा कर्मचारीले बिदा बसेको सूचना नदिई वा बिदा स्वीकृत नगराई लगातार ३० दिनभन्दा बढी समय प्रतिष्ठानमा उपस्थित नभई गयल भएमा त्यस्तो कामदार वा कर्मचारीलाई गयलकट्टी गरी प्रतिष्ठानको सेवाबाट हटाउन सकिनेछ भन्ने उल्लेख भएको पाइन्छ।

५. यसरी लगातार ३० दिनभन्दा बढी प्रतिष्ठानमा उपस्थित नभई गयल भएमा सेवाबाट हटाउन सकिनेछ भन्ने उल्लेख भएको हुँदा उक्त नियमावलीको व्यवस्थाले स्वत: कामदार कर्मचारीलाई ३० दिनभन्दा बढी गयल हुने बित्तिकै हटाइहाल्ने भन्ने होइन, त्यसका पनि निश्चित सर्तहरू पूरा गर्नुपर्ने देखिन्छ। श्रम ऐनको दफा ५१(ग२) मा उक्त लगातार ३० दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा भन्ने खराब आचरणमा कारवाही गर्दा दफा ५३ बमोजिम सुनुवाइको मौका दिन स्पष्टीकरण सोध्नुपर्छ त्यसरी स्पष्टीकरण सोध्दा जवाफ दिन पनि ७ दिनको म्याद दिनुपर्ने हुन्छ। उक्त नियमावलीको नियम ३७(२) बमोजिमको कसुर र दफा ५१(ग२) बमोजिमको कसुर एउटै भएको हुँदा समान कसुरमा एउटामा सुनुवाइको मौका दिएर हटाउनु पर्ने र अर्कोमा सुनुवाइको मौका नदिई हटाउन सकिन्छ भन्ने अर्थ गर्न मिल्दैन।

६. रिट निवेदकले विपक्षी संजयप्रसाद पटेललाई अवकाश दिँदा श्रम ऐन, २०४८ को दफा ५१(ग२) समेत उल्लेख गरी अवकाश दिएको छ। ऐनको उल्लिखित दफाको कसुर गरिसकेपछि दफा ५३ को प्रक्रिया पूरा गरी मात्र सेवाबाट हटाउने निर्णय गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्थालाई अनदेखा गरी श्रम नियमावली, २०५० को दफा ३७ (२) लाई टेकी सिधै अवकाश दिन मिल्छ भन्नु कानूनसम्मत हुँदैन। श्रम ऐन, २०४८ ले दिएको अधिकारअन्तर्गत नै श्रम नियमावली, २०५० बनेको देखिन्छ। नियमावलीमा उल्लेख भएको कसुर ऐनमा नै प्रस्टरूपमा उल्लेख भएको र सोबमोजिम कानूनमा उल्लिखित कार्यविधि पूरा गरी सेवाबाट हटाउने प्रस्ट कानूनी व्यवस्था हुँदाहुँदै सोही ऐनअन्तर्गत बनेको नियमावलीको बिदाका सम्बन्धमा उल्लेख गरिएको नियमलाई टेकेर स्पष्टीकरण माग्नु आवश्यक नै छैन भन्न मिल्दैन।

७. प्रतिष्ठानमा काम गर्ने कामदार कर्मचारीले ऐन र नियमावलीद्वारा निषेध गरिएका काम गरेमा त्यस्ता कामदार वा कर्मचारीलाई तोकिएको सजाय गर्न पाउने कुरामा विवाद छैन तर त्यसरी सजाय दिँदा कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। ऐनद्वारा सेवाबाट हटाउने वा कुनै सजाय दिनुअघि त्यसबारे सम्बन्धित कर्मचारी वा कामदारलाई जानकारी दिनु सम्बन्धित प्रतिष्ठानको दायित्व हो र त्यस्तो दायित्वबारे श्रम ऐन, २०४८ को दफा ५३ ले झन स्पष्ट गरेको छ। आफूलाई लागेको अभियोगबारे जानकारी पाउनु सम्बन्धित कामदार वा कर्मचारीको अधिकारको विषय हो र प्राकृतिक न्यायको सिद्धान्तको आधारमा समेत त्यस्तो अधिकार राख्दछ। प्राकृतिक न्यायको सिद्धान्त र ऐनको स्पष्ट व्यवस्था रहँदा रहँदै पनि नियममा त्यस्तो व्यवस्था नभएको भन्नु एकांगी व्याख्या हुन जान्छ। कुनै ऐन नियमको व्याख्या गर्दा सो ऐन नियमको सम्पूर्ण व्यवस्था र त्यसको उदेश्यको आधारमा गर्नुपर्छ, एउटा दफा वा नियमलाई मात्र टेकी अन्य दफा वा नियमका व्यवस्थालाई बेवास्ता गरी ऐनका दफा र नियमको व्याख्या गर्न नमिल्ने हुँदा श्रम ऐन, २०४८ को दफा ५३ को कार्यविधि अपनाउनु पर्दैन भन्ने रिट निवेदन जिकिरसँग सहमत हुन सकिएन।

८. श्रम ऐन, २०४८ को दफा ५१(ग२) बमोजिम सजाय नगरिएको हँदा सोही ऐनको दफा ६० बमोजिम श्रम अदालतमा पुनरावेदन लाग्न सक्दैन

भन्ने रिट निवेदनको दोस्रो जिकिरतर्फ विचार गर्दा श्रम ऐन, २०४८ को दफा ६० मा यस परिच्छेदअन्तर्गत दिएको कुनै सजाय वा आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेशको सूचना पाएको मितिले ३५ दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्नेछ भन्ने व्यवस्था भई खण्ड (ग) मा व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा भन्ने व्यवस्था गरेको देखियो। आफूलाई श्रम ऐन तथा नियमावलीको प्रतिकुल सेवाबाट सेवाबाट हटाएको भन्ने संजय प्रसाद पटेलको श्रम अदालतमा पुनरावेदन परेको र सुनुवाइको मौका नै नदिई हटाईएको निर्णय गैरकानूनी भनी सेवामा पुनर्बहाली गर्ने निर्णय श्रम अदातलबाट भएको देखिन्छ । श्रम ऐन, २०४८ को दफा १० मा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको रीत नपुर्‍याई प्रतिष्ठानको स्थायी कामदार वा कर्मचारीको सेवाको अन्त गर्नु हुँदैन भन्ने व्यवस्था भई सेवाको सुरक्षाको प्रत्याभूत गरेको देखिन्छ । संजयप्रसाद पटेल कम्पनीको स्थायी कामदार भएको र त्यसरी कानून प्रतिकूल हटाइएको अवस्थामा श्रम अदालतमा पुनरावेदन गरेको र श्रम अदालतले अधिकारक्षेत्र ग्रहण गरी भएको निर्णय कानूनसम्मत नै देखियो।

९. अब रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने नपर्ने भन्ने सम्बन्धमा हेर्दा कम्पनीको स्थायी कामदार वा कर्मचारीलाई सफाइको मौकासमेत नदिई सेवाबाट हटाउने निर्णय गर्नु र त्यसउपर श्रम ऐन, २०४८ को दफा ६०(ग) अनुसार श्रम अदालतले सो निर्णय बदर गर्ने गरी आफ्नो अधिकारक्षेत्र ग्रहण गरी भएको निर्णयमा कुनै कानूनी त्रुटि देखिएन । यसबाट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पुगेको भन्ने अवस्था नदेखिँदा रिट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस अदालतबाट मिति २०७०।१२।१३ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुन्छ । दायरी लगत कट्टागरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. केदारप्रसाद चालिसे

इजलास अधिकृत:- जीवनकुमार भण्डारी
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्

निर्णय नं. ९६८०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति: २०७३।७।४
०७१-WO-०६१९

विषय:- उत्प्रेषण

निवेदक : जिल्ला धनुषा लोहाना गा.वि.स. वडा नं. ७ बस्ने दुलारी देवी

विरूद्ध

विपक्षी : सम्पत्ति शुद्धीकरण विभाग केशरमहल, काठमाडौंसमेत

- **गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी उजुर परी सो उजुरीउपर अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धानबाट जे निष्कर्ष**

निस्कन्छ सोहीबमोजिम हुने नै हुँदा सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भइरहेको काम कारवाहीलाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने।

(प्रकरण नं. ४)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता अरूणकुमार ज्ञवाली

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. दीपककुमार कार्की : नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२,१०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार रहेको छः-

म निवेदकको नाममा मेरा पिता पुर्खा एवं पौरखबाट प्राप्त सम्पत्ति रहेको छ। मैले आफ्नो जग्गा बैङ्कमा धितो राखी केही रकम कर्जा लिनु पर्ने भई जग्गाको अवस्था बुझ्ने खोज्ने क्रममा मेरो जग्गा जमिन विपक्षी केन्द्रीय अनुसन्धान ब्युरोको मिति २०७१।४।२७ च.नं. २९८ को पत्रबाट मेरोसमेत नाममा रहेका जग्गा जमिनहरूको विवरण खुलाई रोक्का राखी सोको जानकारी विपक्षी ब्युरोमा गराउन विपक्षी मालपोत कार्यालयलाई पत्राचार भएको रहेछ। विपक्षी मालपोत कार्यालय, धनुषाअन्तर्गत जनकपुर न.पा. वडा नं. २ को कित्ता नं. २१ ज.वि. ०-१-०, ऐ. वडा नं. ४ को कित्ता नं. ७० ज.वि. ०-१-०-२.५, ऐ. वडा नं. ४ कित्ता नं. ७१ को ज.वि. ०-३-३-२.५, ऐ. वडा नं. ४ कि.नं. ७२ ज.वि. ०-०-६ र भरतपुर गा.वि.स. वडा नं. ४(घ) कि.नं. १००० ज.वि. ०-१५-१८-८ जग्गा रहेको अवस्थामा विपक्षी ब्युरोको पत्रको आधारमा मेरो सम्पूर्ण जाय जेथालाई रोक्का राख्ने आदेश भएको रोक्का राखिएको जानकारी पाएँ। मैले विपक्षी केन्द्रीय अनुसन्धान ब्युरोको पत्रको प्रतिलिपि अनौपचारिक रूपमा पाई अध्ययन गर्दा निम्न व्यहोराको उल्लेख गरी मेरोसमेत जग्गा रोक्का गरिएको रहेछ। "सम्पत्ति शुद्धीकरण विभाग केशरमहल, काठमाडौंमा दर्ता भएको सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको उजुरीको सम्बन्धमा यस ब्युरोबाट सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०६४ बमोजिम अनुसन्धान भइरहेकोले उक्त सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानमा कसैलाई कुनै प्रकारले हक हस्तान्त्रण गर्न, धितो बन्धक राख्न नपाउने गरी सम्पत्ति शुद्धीकरण विभाग वा अदालतको आदेश नभएसम्म उपर्युक्त सम्पत्ति रोक्का राख्नु" विपक्षी अनुसन्धान अधिकृत केन्द्रीय अनुसन्धान ब्युरो पिलर नं. २ का प्रहरी नायव उपरीक्षकलाई विपक्षी सम्पत्ति शुद्धीकरण विभागबाट अनुसन्धान अधिकृत तोकिएको र सो विभागको अधिकार प्रयोग गरी विपक्षी अनुसन्धान अधिकृतले मेरो सम्पत्ति मलाई कुनै जानकारीसम्म पनि नदिई रोक्का गर्नुभएको रहेछ भन्ने उपर्युक्त पत्रबाट बुझियो। विपक्षीहरूले मेरो सम्पत्ति रोक्का गर्न सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०६४ को नियम २५(१) सँग सम्बन्धित अनुसूची १३ बमोजिम मेरो सम्पत्ति रोक्का गरेको पाइयो। उपर्युक्त अनुसूची १३ मा "यस विभाग वा अदालतबाट अर्को आदेश नभएसम्म कुनै प्रकारले हक हस्तान्त्रण इत्यादि गर्न नपाई रोक लगाउनू" उल्लेख छ अनुसन्धान अधिकृतको गैरकानूनी कार्य विरूद्ध उपर्युक्त रोक्का फुकुवा गराउन विपक्षी सम्पत्ति शुद्धीकरण विभागमा मिति २०७१।९।२८ गते मेरो कानूनी आधारसहित निवेदन दायर गरेकोमा विपक्षीहरूबाट मेरो निवेदनउपर कुनै सुनुवाइ हालसम्म भएको छैन र गैरकानूनी रोक्का

यथावत छ।

विपक्षीहरूले मेरो कानून सम्मत जग्गा रोक्का गर्ने गरी जारी गरेको मिति २०७१।४।२७ च.नं. २९८ को पत्र बदर गरी सम्पत्ति शुद्धीकरण ऐन, २०६४ लागू हुनुपूर्व आर्जन गरेको सम्पत्तिमा भूतलक्षी प्रभाव पार्ने गरी भएको अनुसन्धान रोकी पाउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषण, प्रतिषेध, परमादेशलगायतको जो चाहिने उपयुक्त आज्ञा जारी गरी पाउन सादर निवेदन गर्दछु। सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लागू हुनुपुर्व आर्जन गरेको, विपक्षीले मेरो सम्पूर्ण जाय जेथा रोक्का गर्ने कार्यले वृद्ध अवस्थामा मेरो जीवन यापनको आधार नै समाप्त भएकोले सम्पत्ति शुद्धीकरण ऐन, २०६४ लागू हुनुपुर्व आर्जन भएको सम्पत्ति रोक्का राख्ने गरी विपक्षी ब्युरोबाट जारी भएको च.नं. २८८ मिति २०७१।४।२७ को पत्र एवं सो पत्रसँग सम्बद्ध निर्णय एवं अन्य पत्र तत्काल कार्यान्वयन नगर्नु नगराउनु भन्नेसमेत व्यहोराको रिट निवेदन मागदाबी।

यसमा के कसो भएको हो ? रिट निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कारण र आधार भए सोसमेत लिई बाटाका म्यादबाहेक विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत १५ दिनभित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी तामेल भई आएपछी वा अवधि नाघेपछी नियमानुसार गरी पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।१०।२२ को आदेश।

सम्पत्तिशुद्धीकरण(मनी लाउन्डरिङ)निवारण ऐन, २०६४ को दफा १८ बमोजिम अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले कसुरसँग सम्बन्धित सम्पत्ति र साधन रोक्का राख्न सक्ने कानूनी व्यवस्था भएबमोजिम नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्युरोले विपक्षी रिट निवेदकसमेतका सम्पत्तिहरू सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १८(१) बमोजिम सम्बन्धित निकायहरूलाई रोक्का राख्नका लागि अनुरोध गरी रोक्का राखिएको सम्बन्धमा सम्पत्ति रोक्का राखेको चित्त नबुझेमा सम्बन्धित व्यक्तिले उक्त ऐनको दफा २२(२) बमोजिम तोकिएको अदालतसमक्ष फुकुवाको लागि निवेदन गर्न सक्ने भन्ने उक्त ऐनको दफा १८(८) मा स्पष्ट व्यवस्था रहेकोमा निवेदकसमेतले सो कानूनी उपचारको बाटो प्रयोग नगरी सम्मानित अदालतसमक्ष रिट निवेदनको माध्यमबाट उपचार खोजेको हुँदा अधिकारीले गरेको कार्य कानूनसम्मत भएकाले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, केशरमहल काठमाडौंको तर्फबाट पर्न आएको लिखित जवाफ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धानको लागि लेखापढी भएबमोजिम विपक्षी रिट निवेदकको सम्पत्तिहरू उपर कानूनबमोजिम अनुसन्धान भइरहेको साथै सम्पत्ति रोक्का राखेको सम्बन्धमा चित्त नवुझेमा सम्बन्धित व्यक्तिले ऐनको दफा २२ को उपदफा (२) बमोजिम तोकिएको अदालतसमक्ष फुकुवाको लागि निवेदन गर्न सक्ने भन्ने ऐनको दफा १८ को उपदफा (८) मा स्पष्ट व्यवस्था रहेकोले अनुसन्धान अधिकृतसमेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्ज, काठमाडौंमा कार्यरत सम्पत्ति शुद्धीकरण मुद्दाका अनुसन्धान अधिकृत र प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्ज, काठमाडौंका निर्देशकको तर्फबाट पर्न आएको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत

रिट निवेदनसहितका मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो । निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री अरूणकुमार ज्ञवालीले मेरो पक्षको सम्पत्ति गैरकानूनी तवरले एवं प्राकृतिक न्यायको सिद्धान्तविपरीत रोक्का राखिएको र सो रोक्काउपर तालुक अड्डा विपक्षी सम्पत्ति शुद्धीकरण विभाग गएकोमा कुनै सुनुवाइ नगरी मेरो सम्पत्ति फुकुवा गर्ने तर्फ कुनै चासो देखाइएन । उनाउ व्यक्तिको उजुरी पर्दैमा अनुसन्धानको नाममा कानूनविपरीत मेरो पक्षको सम्पत्ति रोक्का राख्न मिल्दैन । विपक्षीहरूबाट भएको रोक्का आदेश एवं कानून लागू हुनुपूर्व आर्जन भएको सम्पत्तिउपर भएको अनुसन्धान उत्प्रेषणलगायतको उपयुक्त आदेशद्धारा बदर गरी रिट निवेदन मागबमोजिम न्याय इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिनाले आपराधिक क्रियाकलापमा संलग्न रही गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी रिट निवेदकका सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १३ बमोजिम उजुरी परी ऐनको दफा १४ र १५(३) तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०६६ को नियम १७ को उपनियम (१) बमोजिम अनुसन्धान गर्नका लागि कानूनबमोजिम अनुसन्धान अधिकृत तोकी अनुसन्धानको क्रममा रिट निवेदकको सम्पत्ति रोक्का राखिएको हो । त्यसरी सम्पत्ति रोक्का राखेकोमा सम्पत्ति रोक्का राखेको चित्त नबुझेमा तोकिएको अदालतसमक्ष फुकुवाको लागि निवेदन गर्न सक्नेमा सो कानूनी बाटो नअपनाई प्रस्तुत रिट निवेदन परेको हुँदा रिट निवेदन खारेज भागी छ । खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

मैले आफ्नो जग्गा बैङ्कमा धितो राखी केही रकम कर्जा लिनु पर्ने भई जग्गाको अवस्था बुझ्न खोज्ने क्रममा मेरो जग्गा जमिन विपक्षी केन्द्रीय अनुसन्धान ब्युरोको मिति २०७१।४।२७ च.नं. २९८ को पत्रबाट मेरोसमेत नाममा रहेका जग्गा जमिनहरूको विवरण खुलाई रोक्का राखी सोको जानकारी विपक्षी ब्युरोमा गराउन विपक्षी मालपोत कार्यालयलाई पत्राचार भई मेरो जग्गा रोक्का भएको छ । रोक्का जग्गा फुकुवा गर्न सम्पत्ति शुद्धीकरण विभागमा मिति २०७१।९।२८ गते मेरो कानूनी आधारसहित निवेदन दायर गरेकोमा विपक्षीहरूबाट मेरो निवेदनउपर कुनै सुनुवाइ नगरी मेरो जग्गा रोक्का राख्ने काम भएकोले गैरकानूनीरूपमा राखिएको रोक्का फुकुवा गरिपाउँ भन्ने निवेदकको मुख्य माग रहेको देखियो । प्रस्तुत रिट निवेदनको सन्दर्भमा मूलतः विवादको विषय निम्नअनुसार देखियोः

(१) रिट निवेदकको सम्पत्ति रोक्का राख्न मिल्छ वा मिल्दैन ?

(२) रिट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन ?

२. पहिलो प्रश्नतर्फ हेर्दा, यी रिट निवेदकले गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी परेको उजुरीको सम्बन्धमा कारवाही गर्ने सन्दर्भमा यी रिट निवेदकको सम्पत्ति रोक्का रहेको देखिन्छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १३ बमोजिम उजुरी परेकोमा सोही ऐनको दफा १४ र १५(३) तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०६६ को नियम १७(१) बमोजिम अनुसन्धान गर्नको लागि अनुसन्धान अधिकृत तोक्न सक्ने नै देखिन्छ। सोही ऐनको दफा १८ बमोजिम अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले कसुरसँग सम्बन्धित सम्पत्ति र साधन रोक्का राख्न सक्ने कानूनी व्यवस्था देखिन्छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ)

निवारण ऐन, २०६४ को दफा १८(४) हेर्दा... *अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धानको क्रममा उपस्थित हुन दिएको सूचनाबमोजिमको म्यादभित्र वा दफा ४० बमोजिम तामेल भएको म्यादभित्र उपस्थित नहुने व्यक्तिको सम्पत्ति निज अनुसन्धान अधिकृतसमक्ष उपस्थित नभएसम्मको लागि रोक्का राख्न आदेश दिन सक्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था देखिन्छ ।* प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा रिट निवेदकलाई अनुसन्धान कार्यका लागि उपस्थित हुन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०६६ को नियम १८ बमोजिम तोकिएको ढाँचामा सूचना पठाइएको तथा निजसमेतलाई उपस्थित हुनका लागि गोरखापत्रमा निजसमेतको जानकारीको लागि सूचना प्रकाशित गरिएकोमा निज उपस्थित भई आफ्नो कुरा राखेको समेत देखिएन ।

३. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १८(८) हेर्दा, *यस दफाबमोजिम सम्पत्ति वा साधन रोक्का राखेको वा नियन्त्रणमा लिएको विषयमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले दफा २२ को उपदफा २ बमोजिम तोकिएको अदालतसमक्ष रोक्का भएको सम्पत्ति वा साधन फुकुवा गर्न निवेदन गर्न सक्नेछ* भनी स्पष्ट उल्लेख भएकोमा यी रिट निवेदकले त्यसतर्फ कारवाही अगाडि बढाएको देखिएन । यसरी सम्पत्ति वा साधन रोक्का राखेकोमा चित्त नबुझेमा तोकिएको अदालतसमक्ष निवेदन दिन सकिने वैकल्पिक उपचारको बाटो हुँदा हुँदै त्यसको अवलम्बन नगरी असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार प्रदान गर्नुपर्ने स्थिति देखिन आएन । अनुसन्धान सम्पन्न भई भएको निर्णयमा चित्त नवुझेमा निवेदकले कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने नै देखिँदा गैरकानूनीरूपमा रोक्का रहेको सम्पत्ति फुकुवा गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदनको जिकिर कानूनसम्मत देखिएन ।

४. अब रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था छ, छैन ? भन्नेतर्फ विचार गर्दा, गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी उजुर परी सो उजुरीउपर अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धानबाट जे निष्कर्ष निस्कन्छ सोहीबमोजिम हुने नै हुँदा सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भइरहेको काम कारवाहीलाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न मिल्ने भएन ।

५. अतः माथि विवेचित आधार प्रमाणबाट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत:- विद्याराज पौडेल
इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम्

निर्णय नं. ९६८१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७३।०४।३२
०६५-CI-०१४३

मुद्दाः निर्देशन बदर।

पुनरावेदक / प्रतिवादी : ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ४ बागडोलस्थित काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिको तर्फबाट अख्तियारप्राप्त सोही समितिको अध्यक्ष ऐ.ऐ. बस्ने बीरभद्र विक्रम शाह

विरूद्ध

प्रत्यर्थी / वादी : ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. २ चौधरी हाउस सानेपामा कार्यालय रहेको अन्सल चौधरी डेभलपर्स प्रा.लि.

०६५-CI-०१८४

पुनरावेदक / प्रतिवादी : भौतिक योजना तथा निर्माण मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौं

विरूद्ध

प्रत्यर्थी / वादी : अन्सल चौधरी डेभलपर्स प्रा.लि.

- **संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ विशेष ऐन भएको र सो ऐनले सम्झौता करार गर्नुपर्ने भनी किटान साथ छुट्टै कानूनी व्यवस्था स्पष्ट गरेको पाइयो । सम्झौताअनुसारको संयुक्त आवास भवनको सुविधा प्रदान गरे नगरेको, कानूनले सम्झौतामा खुलाउनु पर्ने विशेष सुविधा खुलेको छ छैन सुविधा दिनुपर्नेमा सो कार्य भएको छ छैन, सञ्चालनको लागि क्रेताले व्यहोर्न पर्ने के के आर्थिक दायित्व हो भन्ने सम्बन्धमा अधिकारप्राप्त अधिकारीले उजुरीको आधारमा तत्काल छानबिन गरी निर्देशनहरू जारी गर्नपर्ने ।**

(प्रकरण नं. ११)

- **बाह्य विकास भनेको यो यो कार्यको लागि हो र सो कार्यबापत यति शुल्क लाग्छ भनी ऐनको दफा १८ अनुसार सम्झौतामा नै उल्लेख हुनुपर्ने देखिन्छ । वस्तुतः सम्झौतामा स्पष्ट उल्लेख नभएको गोलमटोल भाषामा बाह्य विकासको शुल्क बुझाउनेछु भनी खरिदकर्ताले सम्झौता गरेको छ भनी संस्थापकको स्वइच्छाअनुसार बाह्य विकासको परिभाषाले सम्झौताको रूप धारण गर्न सक्दैन । सम्झौतामा स्पष्ट खुलाएको खर्चको हकमा सम्झौताअनुसारको आर्थिक दायित्वको विषय बन्न सक्दथ्यो । सो नभएको र बाह्य विकास शुल्कको परिभाषाले यो यो कार्यहरू समेट्ने भनी सम्झौतामा स्पष्ट नभएको हुँदा यो विषय शुद्ध करारीय दायित्वअन्तर्गत पर्ने न्यायिक अधिकारक्षेत्र ग्रहण हुनेसम्मको अवस्था पनि देखिएन । अतः संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ अनुसार सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले यस विषयमा निर्देशन दिन सक्ने ।**

(प्रकरण नं. १३)

- **संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ का विभिन्न दफाहरूमा रहेको कानूनी व्यवस्थामा सम्झौता करार गर्नपर्ने भनी कानूनी व्यवस्था रहेको र यस ऐनमा लेखिएजति यसै ऐनबमोजिम हुनेछ भनी दफा ३४ ले व्यवस्था गरेको हुँदा करार ऐन, २०५६ आकर्षित भई सोहीअनुसार मात्र कानूनी कारवाही अघी बढाउनु पर्दछ भन्ने प्रत्यर्थी तर्फका विद्वान् कानून व्यवसायीहरूको बहससँग सहमत हुन सकिएन । यस ऐनबमोजिम करारमा खुलाउनु पर्ने 'खर्च' स्पष्टरूपमा खुलेको हुनुपर्ने भन्ने कानूनी व्यवस्थाको पालना हुनै पर्दछ । त्यसरी करारमा उल्लेख नभएको खर्चको हकमा करार ऐन, २०५६ प्रस्तुत विषयमा स्वतः आकर्षण हुने ।**

(प्रकरण नं. १९)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपाली र विद्वान् अधिवक्ता माधवकुमार बस्नेत

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता भरत लम्साल तथा विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा, अधिवक्ताद्वय मेघनाथ पोखरेल र ईश्वरीप्रसाद भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- करार ऐन, २०५६
- संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४
- संयुक्त आवासको स्वामित्वसम्बन्धी नियमावली, २०६०

सुरू तहमा निर्णय गर्नेः-

सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौं

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री रणबहादुर बम
माननीय न्यायाधीश श्री बुद्धिप्रसाद रेग्मी

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

अन्सल चौधरी डेभलपर्स प्रा.लि र चौधरी ग्रुप प्रा.लि. ले काठमाडौं रेजिडेन्सी नामको विभिन्न आवास अपार्टमेन्टहरू निर्माण गरी विभिन्न किसिमको अत्याधुनिक सुविधा र उच्च स्तरको सामग्रीबाट निर्माण गरिने नमूना घरसमेत बनाइने विश्वास दिलाई आवास भवन खरिद गर्न इच्छुक ग्राहकलाई आमन्त्रित गरी प्रस्तावित गरेकोमा हामीले खरिद गर्ने इच्छा राखी किस्ताबन्दीमा लिई बसोवास गरी आएका छौं। तर ब्रोसर र करारबमोजिम विपक्षीले गर्नुपर्ने निर्णय कार्य गरेका छैनन । हामीले विपक्षीलाई करारबमोजिम निर्माण गर्नु भनी सूचित गर्दै आएकोमा विपक्षीले हुन्छ भनी आलटाल गर्दै आएका र विपक्षीले खरीद गर्ने धनीसँग करार गरी सम्पूर्ण रकम असुल गरी सकेका छन् । करारको दफा १.१ बमोजिम हक अधिकार र स्वामित्व आजका मितिसम्म हस्तान्तरण नगरेका र संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ८(४) र नियमावली, २०६० को नियम ७ बमोजिम दिनुपर्ने प्रमाण केही दिएका छैनन् ।

यसैगरी विपक्षीले करारको सर्तविपरीत कार पार्किङको जग्गा अन्यहरूलाई बिक्री गरेको र आवास ईकाइ खरिद गर्ने धनीहरूसँग विभिन्न बहानामा विभिन्न किसिमको करसमेत असुल गरेको र ठगी गरेको

तथा पूरा गर्नुपर्ने मापदण्डहरू जस्तै सडक, पार्किङ, विद्युत् पानी, विमा आदि करारबमोजिम पूरा गरेको छैन। यसरी विपक्षीले मापदण्ड र नक्साविपरीत भवन निर्माण गरी करार एवं सम्बन्धित ऐन, नियमबमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा नगरेकोले विपक्षीलाई झिकी सम्बन्धित सम्पूर्ण कागजपत्र लिई विपक्षी काठमाडौं रेजिडेन्सीको अनुगमन र निरीक्षण गरी विपक्षी उपर आवश्यक कारवाही गरी हाम्रो हक अधिकार स्वामित्व कायम गराई, घर जग्गाको लालपूर्जा प्रदान गराई, करार एवं ऐन नियमबमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई हदैसम्म दण्ड जरिवाना गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिको तर्फबाट सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयमा दिएको उजुरी निवेदन।

काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिको नामबाट अन्सल चौधरी डेभलपर्स प्रा.लि.को सम्बन्धमा करार एवं संयुक्त आवाससम्बन्धी ऐन, नियमबमोजिम कार्य नगरेको भनी निवेदनमा उल्लेख गरिएकोमा उक्त लेखाई सरासर झुठ कपोलकल्पित तथा कम्पनीको साख गिराउने दूषित मनसायबाट अभिप्रेरित भई निवेदन गरेको व्यहोरा अनुरोध छ। साथै स्वामित्व हस्तान्तरणको प्रक्रिया सुरू गरिसकेको र संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ मा उल्लेख गरिएको प्रावधानहरू पूरा गर्नुपर्ने दायित्व संस्थापनको हैसियतले यस प्रा.लि.ले पूरा गर्दै आइरहेको व्यहोरा अनुरोध छ भन्नेसमेत व्यहोराको अन्सल चौधरी डेभलपर्स प्रा.लि.ले जानकारी दिने सम्बन्धमा दिएको जवाफ।

विपक्षीले करार र सम्बन्धित ऐन नियमहरू विपरीत कार्य गरेकोमा साबित भएको र विपक्षीको लिखितजवाफबाट नै विपक्षीले हामीलाई अन्याय गरी ठगी गरेको प्रमाणित भइसकेको हुँदा हाम्रो निवेदनको मागबमोजिम विपक्षीबाट बाह्य विकास शुल्क, मेन्टेनेन्स चार्ज, कार पार्किङ, बिक्री गरी उठाएको रकमसमेत विपक्षीबाट हामीहरूलाई फिर्ता दिलाई विपक्षीबाट भएको करार एवं सम्बन्धित ऐन, नियमबमोजिम कार्य गराई विपक्षीबाट क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिको पूरक निवेदन।

अन्सल चौधरी डेभलपर्स प्रा.लि. का सञ्चालक दयाराम गोपाल अग्रवालले सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, काठमाडौंका डिभिजन प्रमुखसमक्ष मिति २०६३।६।४ मा दिएको बयान मिसिल संलग्न रहेको।

प्रचलित संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ तथा नियमावली, २०६० बमोजिम संयुक्त आवास ईकाइ धनीसँग संस्थापकले अतिरिक्त शुल्क वा रकम लिन पाउने व्यवस्था नभएको र त्यस प्रा.लि. तथा आवास ईकाइ धनीबीच सम्पन्न सम्झौतामा पनि त्यस्तो अतिरिक्त रकम लिन पाउने उल्लेख भएको नदेखिएकोले संयुक्त आवास ईकाइको मूल्यबाहेक अन्य दस्तुर उठाउन पाउने देखिँदैन। तसर्थ उक्त रकम असुल गर्ने कार्य तत्काल बन्द गरी हालसम्म असुल गर्नुभएको त्यस्तो रकम सम्बन्धित आवास धनीलाई फिर्ता गर्नु हुन र उक्त संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ तथा संयुक्त आवासको स्वामित्वसम्बन्धी नियमावली, २०६० को नियम ६ बमोजिम बाह्य विकास शुल्क (External Development Charge) बापत आवास ईकाइ धनीहरूबाट लिइएको सम्पूर्ण रकम फिर्ता गर्ने, व्यवस्थापन शुल्कबापत लिइएको सम्पूर्ण रकम काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिलाई फिर्ता गर्ने, सामूहिक क्षेत्रअन्तर्गत पर्ने सडक तथा बेसमेन्टलाई विभाजन गरी आवास ईकाइ धनीहरूबाट एकमुष्ट लिइएको पार्किङ शुल्कबापतको रकम फिर्ता गर्ने र नियमानुसार लिन पाउने व्यवस्थापन शुल्कबापतको रकम मात्र उपभोक्ताहरूबाट लिने निर्देशन दिइएको भन्नेसमेत व्यहोराको सहरी विकास तथा भवन निर्माण

विभाग, डिभिजन कार्यालय, काठमाडौंको मिति २०६३।१२।१ को निर्देशन।

आवास ईकाइ धनीहरूको हित रक्षार्थ कानूनबमोजिम गरिएको सम्झौताको सर्त मुताबिक भए गरेका काम कुराको सम्बन्धमा संस्थापकको विरूद्धमा उजुरी गर्ने अधिकार व्यवस्थापन समितिलाई नभएको हुँदा त्यस्तो उजुरीको आधारमा मुद्दा हेर्ने र निर्देशन दिने अधिकार प्रत्यर्थी डिभिजन कार्यालयका अधिकारीलाई नभएकोले आवास ईकाइ धनी र संस्थापकको बीचमा भएको सम्झौता र करारीय दायित्वको विषयमा दिएको निर्देशन अधिकारक्षेत्रविहीन भई मुलुकी ऐन, अ.ब.३५ नं. समेतको आधारमा बदरभागी छ। विशुद्ध करारीय दायित्वमा संयुक्त आवाससम्बन्धी ऐन, २०५४ को दफा ३३ र नियमावलीको नियम ६ आकृष्ट हुँदैन। यस प्रकारको विवाद करार ऐन, २०५६ अन्तर्गत सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने हुँदाहुँदै क्षेत्राधिकारनै नभएको विषयमा प्रवेश गरी दिएको निर्देशन बदर हुनु पर्दछ। पुनरावेदक कम्पनीले काठमाडौं रेजिडेन्सीलाई व्यवस्थित र नियमित गर्नका लागि ऐन, नियम तथा उपभोक्तासँग सम्पन्न करारमा उल्लिखित सर्तहरूको अधीनमा रहेर गरेका कार्यहरूको विपक्षी डिभिजन कार्यालयले कुनै तथ्यगत एवं कानूनी अख्तियारी तथा आधार प्रमाण बिना गरेको निर्णय बदर गरिपाउँ भन्नेसमेत व्यहोराको अन्सल चौधरी डेभलपर्स प्रा.लि.को तर्फबाट पुनरावेदन अदालतमा परेको पुनरावेदनपत्र।

यसमा संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ बमोजिम अधिकारप्राप्त अधिकारीले संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको निमित्त नीतिगत निर्देशन दिन पाउनेमा पुनरावेदक पक्ष र अन्य पक्षहरूको बीचमा करारद्वारा व्यवस्था गरिएको रकमसमेतको विषयमा दिइएको निर्देशन अधिकार क्षेत्रात्मक कानूनी त्रुटि विद्यमान भई सुरू निर्णय फरक पर्न सक्ने देखिँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०६४।७।२२ को आदेश।

यसमा पुनरावेदक कम्पनीले निर्माण गरेका सम्पूर्ण आवास ईकाइहरू बिक्री भइसकेको छ छैन भएको भए सो कुरासमेत खुलाई सबै क्रेताहरूसँग भएको सम्झौताको सक्कल प्रति पेसीका दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी लिई आउनु भनी पुनरावेदकलाई सुनाई पेस गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०६५।३।९ को आदेश।

यी प्रत्यर्थी वादीहरूसमेत सदस्य रहेको रेजिडेन्सी व्यवस्थापन समितिलाई मान्यता दिई पुनरावेदक प्रतिवादीले समय समयमा छलफलसमेत गरेको र आवास ईकाइ धनीसमेत भएकाले विवादको विषयमा यी प्रत्यर्थी वादीहरूको उजुर गर्ने हकदैया रहेको देखियो।

प्रस्तुत विवादको विषयमा प्रत्यर्थी डिभिजन कार्यालयले मिति २०६३।१२।१ मा दिएका निर्देशनहरू अन्तरकालीन प्रकृतिको नभई अन्तिम निर्णयको रूपमा रहेको हुँदा यस्तो निर्णय (निर्देशन) उपर अ.ब.१७ नं. अन्तर्गत पुनरावेदन सुन्ने अड्डामा उजुर लाग्ने नभई संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३२ र न्याय प्रशासन ऐन, २०४८ को दफा ८ ले निर्दिष्ट गरेअनुसार यस अदालतमा पुनरावेदन लाग्ने देखिन्छ। आवास ईकाइ बिक्रीकर्ता र खरिदकर्ताको बीचमा भएको मिसिल संलग्न करारको दफा १०.१ ले करारसम्बन्धी कुनै विवाद सिर्जना भएमा सोको समाधान गर्ने उपाय नेपालको प्रचलित करारसम्बन्धी कानूनअनुसार खोजिनेछ भनी प्रस्ट उल्लेख भएको देखिन्छ। पुनरावेदक र प्रत्यर्थीहरूका बीचमा उठेका प्रस्तुत विवादको विन्दु मुख्यतः करारकै विषयसँग सम्बन्धित देखिएको र करारबाट सिर्जना भएको आर्थिक दायित्वसम्बन्धमा निर्देशन दिने निर्णय गर्ने अधिकार प्रचलित कानूनले विपक्षी सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयलाई प्रदान

गरेको नदेखिँदा सो विभागले करारसम्बन्धी विषयमा अन्तिम निर्णयको रूपमा मिति २०६३।१२।१ मा दिएको निर्देशन कानूनसम्मत नभई अधिकारविहीन देखिँदा बदर भई उल्टी हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६५।३।२३ को फैसला।

सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले अन्तिम निर्णय गरेको नभई विवाद विचाराधीन अवस्थामा रहेकै बखतमा निर्देशन दिएको हुँदा यस्तो निर्देशनको विरूद्धमा पुनरावेदन लाग्ने नभई अ.बं. १७ नं. बमोजिमको कार्यविधि अपनाउनु पर्दछ। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३२ अनुसार अधिकारप्राप्त अधिकारीले गरेको निर्णयउपर मात्र पुनरावेदन लाग्ने हो । सोही ऐनको दफा ३३ ले संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको लागि अधिकारप्राप्त अधिकारीले निर्देशन दिन पाउने व्यवस्था गरेको र सोउपर पुनरावेदनको प्रावधान छैन। उपर्युक्त दुवै प्रावधान छुट्टाछुट्टै र स्वतन्त्र प्रावधान हुन्। भवन निर्माण विभागले अहिले विवादको कारवाहीको सन्दर्भमा दिइएको आदेशमात्र हो र यस्तो आदेश दिइएको यो पहिलोपटक नभई यसअघि मिति २०६२।१२।२० मा विपक्षीलाई ४ वटा निर्देशन दिएकोमा सोउपर पुनरावेदन परेको थिएन । त्यसैले कानूनले निर्णय गर्न अधिकार दिएको अधिकारीले निर्णय गर्नुपूर्व विवाद विचाराधीन रहेको अवस्थामा दिएको अन्तरकालीन आदेशलाई नै अन्तिम निर्णय मानी त्यसउपर पुनरावेदन सुनेको कार्यबाट सुरू तहको अधिकारक्षेत्रमा गैरकानूनी हस्तक्षेप भएको छ। करारको विषयमा सहरी विकास तथा भवन निर्माण विभागलाई अधिकारक्षेत्र छैन भनी पुनरावेदन अदालतले फैसला गर्दा दोस्रो आधारको रूपमा उल्लेख गरेको छ। प्रत्यर्थी अन्सल चौधरी डेभलपर्स र यस काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिका सदस्यहरूबीच भएको करार, करार ऐनबमोजिमको सामान्य करार नभई संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा १५ बमोजिमको विशिष्ट किसिमको करार हो । उक्त करारको दफा १०.३ ले त्यस्तो कानूनको रूपमा संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ लाई मानेको र सो ऐनको कार्यान्वयनका लागि अधिकारप्राप्त अधिकारीका रूपमा डिभिजन कार्यालयलाई तोकिएको हुँदा उक्त कार्यालयलाई अधिकार छैन भन्न मिल्दैन। पक्षहरूबीच हुने करारमा के कस्ता सर्तहरू राख्ने भन्ने सम्बन्धमा करारका पक्षहरू स्वतन्त्र हुने भएपनि संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा १५ ले उल्लेख गरेका १२ वटा सर्तहरू करारमा उल्लेख हुनुपर्ने र सोबाहेकका सर्तहरू पनि थप गर्न पाइने भन्ने व्यवस्था गरेकोबाट यो करार विशिष्ट प्रकारको करार हो भन्ने स्पष्ट हुन्छ।

संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा २८(३) ले प्रदान गरेको अधिकारप्राप्त अधिकारीलाई आदेश वा निर्देशन दिनसक्ने अधिकारको प्रयोगमा कुनै सर्त वा बन्देज नरहेको हुँदा ऐनको परिपालना गराउन आवश्यक कुनैपनि निर्देशन दिनसक्ने अधिकार प्रयोगमा कुनै सर्त वा बन्देज नरहेको हुँदा ऐनको परिपालना गराउन आवश्यक कुनैपनि निर्देशन दिएको नभई ऐनको दफा १५ को अधीनमा रही गरेको करारको सर्त नं. १.८ मा रहेको व्यवस्थाबमोजिम करारको एक पक्ष प्रत्यर्थीले आफ्नो दायित्व निर्वाह नगरी करारको अर्को पक्षबाट व्यवस्थापन समितिको लागि उठाएको रकम समितिलाई हस्तान्तरण नगरी भाग लगाई लिए खाएको हुँदा त्यस्तो रकम फिर्ता गर्न भनी निर्देशन दिएको हुँदा सो कानूनविपरीत छैन। त्यस्तो विषयमा पनि नियमन गर्ने अधिकार नदिने हो भने नियमनकारी निकायको औचित्य नै समाप्त हुन जाने हुँदा करारसम्बन्धी विषयमा अन्तिम निर्णयको रूपमा दिएको निर्देशन अधिकारविहीन भएको भनी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको रेजिडेन्सी व्यवस्थापन समितिको तर्फबाट यस अदालतमा पर्न

आएको पुनरावेदन पत्र ।

यस डिभिजन कार्यालयले अन्तिम निर्णय गरेको नभई विवाद विचाराधीन रहेको अवस्थामा निर्देशन दिएको हुँदा सोउपर पुनरावेदन नभई मुलुकी ऐन अ.बं. १७ नं. बमोजिमको कार्यविधि अपनाउनु पर्नेमा त्यसैलाई अन्तिम निर्णय मानी पुनरावेदन सुनेको पुनरावेदन अदालतको फैसला अ.बं. ३५ नं. विपरीत छ । संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३२ बमोजिम अधिकारप्राप्त अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने हो, प्रस्तुत विवादको विषयसँग सम्बन्धित निर्देशन सो ऐनको दफा ३३ बमोजिम दिइएको हो । उक्त दुवै दफाहरूका प्रावधानहरू फरक फरक र स्वतन्त्र प्रकृतिका हुन् । दोस्रो आधारको रूपमा रहेको यस डिभिजन कार्यालयलाई अधिकारक्षेत्र छैन भन्ने सन्दर्भमा डेभलपर्स र रेजिडेन्सी व्यवस्थापन समितिका सदस्यहरूबीच भएको सम्झौता करार ऐन, २०५६ बमोजिम नभई संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा १५ बमोजिमका सर्तहरूको अधीनमा रही भएको र संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ ले संस्थापक वा समितिलाई निर्देशन दिनसक्ने र सोको पालना गर्नु सम्बन्धित संस्थापक वा समितिको कर्तव्य हुने भन्ने स्पष्ट व्यवस्था रहेको सन्दर्भमा दफा १६ र १७ को कार्यान्वयन र संयुक्त आवास भवनको व्यवस्थित सञ्चालनका लागि दिइएको निर्देशन अधिकारक्षेत्रविहीन नभएको र यस ऐनबमोजिमको निर्देशन दिने अधिकारक्षेत्र नभएमा यस कार्यालयको औचित्य समाप्त हुने र संयुक्त आवास भवनको व्यवस्थापन र सञ्चालन गर्न नसक्ने अवस्था उत्पन्न हुने भएकोले पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको भौतिक योजना तथा निर्माण मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय काठमाडौंको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा सहरी विकास तथा भवन निर्माण विभागले मिति २०६३।१२।१ मा दिएको निर्देशन बदर गरी माग्न पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेकोमा करारबाट सिर्जना भएको आर्थिक दायित्व सम्बन्धमा निर्देशन दिने, निर्णय गर्ने अधिकार सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयलाई प्रदान गरेको नदेखिएको भनी बदर गरेको देखियो । संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३२ मा उक्त ऐनबमोजिम अधिकारप्राप्त अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने दफा ३३ बमोजिम अधिकारप्राप्त अधिकारीले आवश्यक देखेमा संस्थापक वा समितिलाई निर्देशन दिनसक्ने र दफा ३४ बमोजिम उक्त ऐनमा लेखिए जतिमा उक्त ऐनबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुने भन्ने स्पष्ट उल्लेख भएको देखिन्छ । उल्लिखित ऐनको दफा १५ बमोजिम संस्थापकले कुनै आवास ईकाइ बिक्री, भाडा वा अन्य किसिमबाट भोग गर्न दिँदा सम्झौता गर्नुपर्ने भन्ने उल्लेख भएको र त्यसरी गरिएको सम्झौतासँग सम्बन्धित विषयमा दफा ३४ अनुरूप निर्देशन दिनसक्ने देखिँदा देखिँदै पनि सम्झौताबाट उठेको आर्थिक दायित्वको सम्बन्धमा निर्णय गर्ने अधिकार नभएको भनी पुनरावेदन अदालतले गरेको फैसला उल्लिखित कानूनी प्रावधानहरूको व्याख्याको परिप्रेक्ष्यमा फरक पर्ने देखिँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।७।६ को आदेश ।

यसमा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय काठमाडौंबाट मिति २०६३।१२।१ मा दिएको निर्देशनसहितको सम्बन्धित सक्कल मिसिल झिकाई आएपछि लगाउको मुद्दासमेत साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।११।३ को आदेश ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण

मिसिल अध्ययन गरी हेरियो।

पुनरावेदक काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री देवेन्द्रलाल नेपाली र विद्वान् अधिवक्ता श्री माधवकुमार बस्नेतले सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले दिएको निर्देशनउपर पुनरावेदन लाग्ने व्यवस्था संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐनमा छँदै छैन। त्यस्तो निर्देशन विवाद चालु रहेका अवस्थामा अन्तरकालीनरूपमा जारी गरिन्छ। पुनरावेदन अदालतले यस्तो अन्तरकालीन प्रकृतिको निर्देशनउपर पुनरावेदन सुनी गरेको फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयका तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री भरत लम्सालले संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐनको दफा ३२ र ३३ अलग र स्वतन्त्र प्रकृतिको हो। दफा ३३ बमोजिम जारी गरेको निर्देशनमा पुनरावेदन लाग्न नसक्नेमा पुनरावेदन सुनी गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा अधिकारक्षेत्रात्मक त्रुटि हुँदा बदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी अन्सल चौधरी डेभलपर्स प्रा.लि.का तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताद्वय श्री मेघनाथ पोखरेल र इश्वरीप्रसाद भट्टराईले निर्देशन पनि एक प्रकारको निर्णय हो। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐनबमोजिम विभागले अन्तिम निर्णयकै प्रभाव देखिनेगरी दिएको निर्देशन वास्तवमा निर्देशन नभई निर्णय भएको हुँदा सोउपर पुनरावेदन सुनेको फैसला कानूनसङ्गत छ। विभागले निर्देशन दिँदा करारको विषयमा प्रवेश गरी निर्देशन दिएको हुँदा यसरी अधिकारक्षेत्रनै नाघी दिएको निर्देशनको प्रभाव अन्तिम निर्णय सरह भएको हुँदा पुनरावेदन अदालतले सोउपर पुनरावेदन सुनी फैसला गरेको पुनरावेदन अदालतको फैसला कायम रहनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

निर्णयतर्फ विचारगर्दा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौंको मिति २०६३।१२।१ को पत्र यस प्रकार रहेको छः –

"श्री अन्सल चौधरी डेभलपर्स प्रा.लि.
सानेपा, ललितपुर

विषयः- निर्देशन दिइएको सम्बन्धमा

उपर्युक्त विषयमा त्यस प्रा.लि.द्वारा ललितपुर उपमहानगरपालिका वडा नं.४ बागडोलमा निर्माण गरी सञ्चालनमा ल्याएको "काठमाडौं रेजिडेन्सी" नामक संयुक्त आवास भवनका उपभोक्ताहरू र त्यस प्रा.लि. बीच बाह्य विकास शुल्क, व्यवस्थापन शुल्क तथा कार पार्किङ शुल्क असुल गरेको सम्बन्धमा उत्पन्न विवादको समाधानको लागि दुवै पक्षका प्रतिनिधिहरूको उपस्थितिमा यस डिभिजन कार्यालयको मध्यस्थतामा विभिन्न चरणमा बैठक बसी छलफल गर्दा दुवै पक्ष सहमतिमा आउन नसकेको कारण संयुक्त आवास भवनको सुव्यवस्थित सञ्चालनमा अवरोध उत्पन्न भएको व्यहोरा अवगत नै छ।

यस सम्बन्धमा प्रचलित संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ तथा नियमावली, २०६० बमोजिम संयुक्त आवास ईकाइधनीसँग संस्थापकले यसरी अतिरिक्त शुल्क वा रकम लिन पाउने व्यवस्था नभएको र त्यस प्रा.लि. तथा आवास ईकाइ धनीबीच सम्पन्न सम्झौतामा पनि त्यस्तो अतिरिक्त रकम लिन पाउने कुरा उल्लेख भएको नदेखिएकोले संयुक्त आवास ईकाइको मूल्यबाहेक अन्य दस्तुर उठाउन पाउने देखिँदैन। तसर्थ उक्त रकम असुल गर्ने कार्य तत्काल बन्द गरी हालसम्म असुल गर्नुभएको त्यस्तो रकम सम्बन्धित आवास धनीलाई फिर्ता गर्नु हुन र उक्त संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन तथा

नियमावलीबमोजिम मात्र रकम असुल गर्नु हुन संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ तथा संयुक्त आवासको स्वामित्वसम्बन्धी नियमावली, २०६० को नियम ६ बमोजिम तपसिलबमोजिमको निर्देशन दिइएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

१. *बाह्य विकास शुल्कबापत आवास ईकाइ धनीहरूबाट लिइएको सम्पूर्ण रकम फिर्ता गर्ने,*
२. *व्यवस्थापन शुल्कबापत लिइएको सम्पूर्ण रकम काठमाडौँ रेजिडेन्सी व्यवस्थापन समितिलाई फिर्ता गर्ने,*
३. *सामूहिक क्षेत्रअन्तर्गत पर्ने सडक तथा बेसमेन्टलाई विभाजन गरी आवास ईकाइ धनीहरूबाट एकमुष्ट लिइएको पार्किङ शुल्कबापतको रकम फिर्ता गर्ने र नियमानुसार लिन पाउने व्यवस्थापन शुल्कबापतको रकम मात्र उपभोक्ताहरूबाट लिने"।*

संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको लागि संस्थापक वा समितिलाई निर्देशन दिनसक्ने हो । संस्थापक र आवास ईकाइ धनीबीच भएका सम्झौताको सर्त र दायित्वको प्रश्नको सम्बन्धमा संस्थापक र आवास ईकाइ धनीबीच लेनदेन भएको रकम फिर्ता गर्नु भनी निर्देशन दिन मिल्ने होइन । करार ऐन, २०५६ अनुसार सम्बन्धित जिल्ला अदालतको अधिकारक्षेत्र भित्र पर्ने विषयमा निर्देशन दिने क्षेत्राधिकार सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयलाई छैन । अतः सो निर्देशन बदर गरिपाउँ भनी विपक्षी अन्सल चौधरी डेभलपर्स प्रा.लि. ले पुनरावेदन अदालत, पाटनमा पुनरावेदन पत्र दर्ता गरेको पाइन्छ ।

पुनरावेदन अदालत, पाटनबाट सो निर्देशनउपर पुनरावेदन लाग्न सक्ने र लिखितरूपमा बिक्रीकर्ता र प्रत्येक आवास ईकाइ खरिदकर्ताको बीचमा भएको लिखत करारकै विषयसँग सम्बन्धित देखिएकोले करारबाट सिर्जना भएको आर्थिक दायित्व सम्बन्धमा निर्देशन दिने निर्णय गर्ने अधिकार सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयलाई प्रदान गरेको नदेखिँदा मिति ०६३।१२।१ को निर्णय बदर हुने ठहर्छ भनी मिति २०६५।३।२३ मा फैसला भएको पाइयो ।

उक्त पुनरावेदन अदालत, पाटनको मिति २०६५।३।२३ को फैसलाउपर काठमाडौं रेजिडेन्सी व्यवस्थापन समिति र सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौंले चित्त नबुझाई यस अदालतमा छुट्टैछुट्टै पुनरावेदन दर्ता गरेको देखिन्छ । विद्वान् कानून व्यवसायीहरूको बहस तथा प्रस्तुत मुद्दामा रहेका तथ्यहरूलाई विचार गरी यो विषयमा निम्नअनुसार प्रश्नको निरूपण गर्नुपर्ने भएको छ ।

१. मिति ०६३।१२।१ मा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौंले दिएको निर्देशनउपर पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न मिल्ने हो होइन ?
२. संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ बमोजिम अधिकारप्राप्त अधिकारीले निर्देशन जारी गर्ने अख्तियार राख्दछ ? वा राख्दैन ?
३. प्रस्तुत विषयमा करार ऐन, २०५६ मात्र आकर्षित हुने हो वा होइन ?
४. पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।३।२३ मा निर्देशन बदर गर्ने गरी भएको फैसला मिलेको छ छैन ?

२. पहिलो प्रश्नको निरूपण गर्ने सम्बन्धमा संयुक्त आवासको स्थामित्वसम्बन्धी ऐन, २०५४

र संयुक्त आवासको स्वामित्वसम्बन्धी नियमावली, २०६० मा भएका महत्त्वपूर्ण प्रावधानहरूको बारेमा चर्चा गर्नु प्रासङ्गिक हुन्छ । उक्त ऐनको प्रस्तावनामा नै "सुपथ आवास ईकाइहरू सुलभ ढङ्गबाट बिक्री वितरण गरी आवास समस्यालाई निराकरण तथा व्यवस्थित बसोवासको व्यवस्था गर्न र त्यस्ता आवास ईकाइका धनीहरूको अधिकार र दायित्वसम्बन्धी व्यवस्था गर्न" भन्ने उल्लेख छ ।

ऐनको दफा २ मा गरिएको परिभाषा हेर्दा:-

१. *"संयुक्त आवास भवन" भन्नाले कुनै जग्गामा दुई वा दुईभन्दा बढी आवास ईकाइ राखी बनाइएको दुई वा दुईभन्दा बढी तला भएको भवन सम्झनु पर्छ र सो शब्दले सोही जग्गामा ब्लक, पोकेट वा अन्य त्यस्तै नामबाट नामाकरण गरी निर्माण गरिएको त्यस्तै किसिमका दुई वा दुईभन्दा बढी भवनहरू र सो भवनहरूले चर्चेको जग्गा, कम्पाउन्ड, कम्प्लेक्सलाई समेत जनाउँछ" ।*

२. *"आवास ईकाइ (एर्पाटमेण्ट)" भन्नाले संयुक्त आवास भवनमा स्वतन्त्ररूपमा उपभोग गर्न सकिने सामूहिक क्षेत्र तथा सुविधासहित एक वा एकभन्दा बढी कोठाहरू भएको त्यस्तो भवनको कुनै ईकाइ सम्झनुपर्छ" ।*

६. *"सीमित सामूहिक क्षेत्र तथा सुविधा" भन्नाले केही आवास ईकाइ धनीहरूको लागि मात्र प्रयोगमा आउने गरी बनाइएको वा राखिएको क्षेत्र तथा सुविधा सम्झनु पर्छ ।*

७. *"सम्झौता" भन्नाले संस्थापक र आवास ईकाइ लिने व्यक्तिको बीचमा आवास ईकाइ खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै किसिमले भोग गर्ने सम्बन्धमा गरिएको सम्झौता सम्झनुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ ।*

३. ऐनको परिच्छेद ४ मा सम्झौतासम्बन्धी व्यवस्था रही दफा १५ मा "सम्झौता गर्नुपर्ने" प्रावधानअन्तर्गत निम्न लिखित कानूनी व्यवस्था रहेको पाइन्छ ।

(१) संस्थापकले कुनै आवास ईकाइ बिक्री गर्दा, भाडामा दिँदा वा अन्य कुनै पनि किसिमबाट भोग गर्न दिँदा त्यस्तो आवास ईकाइ खरिद गर्ने, भाडामा लिने वा अन्य कुनै पनि किसिमबाट भोग गर्न लिने व्यक्ति वा संगठित संस्थासँग सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहायका कुराहरू स्पष्टरूपमा खुलाउनु पर्नेछः-

(क) सम्झौताका पक्षहरूको नाम र ठेगाना ।

(ख) संयुक्त आवास भवन बनेको जग्गा रहेको स्थान, जग्गाको स्वामित्व, क्षेत्रफल, जग्गाको कित्ता नम्बर र सो जग्गा तथा संयुक्त आवास भवनसम्बन्धी अन्य विवरण ।

(ग) आवास ईकाइ नम्बर, आवास ईकाइको क्षेत्रफल, आवास ईकाइमा रहेका कोठा संख्या, सुविधा र आवास ईकाइसम्बन्धी अन्य आवश्यक विवरणहरू ।

(घ) आवास ईकाइ बिक्री, भाडामा वा अन्य कुन किसिमबाट भोग गर्न दिने हो सोको विवरण ।

(ङ) आवास ईकाइ बिक्री गरिने भए सोको मूल्य र भुक्तानी प्रक्रिया ।

(च) आवास ईकाइ भाडामा वा अन्य किसिमले भोग गर्न दिइने भए सोको अवधि र भाडासम्बधी विवरण ।

(छ) आवास ईकाइ धनीले सामूहिकरूपमा समानुपातिक ढंगबाट उपभोग गर्न पाउने सामूहिक क्षेत्र तथा सुविधा र सीमित

सामूहिक क्षेत्र तथा सुविधासम्बन्धी विवरण ।

(ज) आवास ईकाइ उपभोग गर्दा पालन गर्नुपर्ने सर्त तथा आवास ईकाइमा गर्न हुने र गर्न नहुने कार्यहरू ।

(झ) सामूहिक क्षेत्र तथा सुविधाको मर्मत, स्याहार सम्भार र रेखदेख गर्नको लागि बेहोर्नु पर्ने सामूहिक खर्च र दायित्व ।

(ञ) आवास ईकाइ धनी र संस्थापकको अधिकार, कर्तव्य र दायित्वसम्बन्धी कुराहरू ।

(ट) संयुक्त आवास भवनको कति प्रतिशत भाग सो आवास ईकाइमा परेको छ सो कुरा ।

(ठ) बीमाबापत बुझाउनु पर्ने रकम ।

(ड) अन्य आवश्यक कुराहरू ।

४. यसैगरी प्रस्तुत विवादको विषयसँग सम्बन्धित संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा १६, १७ र ३३ मा निम्न कानूनी व्यवस्था रहेको पाइन्छ ।

१६. सामूहिक क्षेत्र तथा सुविधाः- कुनै आवास ईकाइ धनीले अन्य आवास ईकाइ धनीको अधिकारमा प्रतिकूल असर नपर्ने गरी देहायका सामूहिक क्षेत्र तथा सुविधाको उपभोग समानुपातिक ढंगबाट गर्न सक्नेछः–

(क) संयुक्त आवास भवनको जग्गा ।

(ख) संयुक्त आवास भवनको जग, लट्ठा, गर्डर, बीम, सपोर्ट, गारो, पर्खाल, छाना, हल, कोरिडोर, लब्बी, भर्याङ्ग, फायर स्केप र भित्र बाहिर गर्ने बाटो ।

(ग) बेसमेन्ट, सेलार, चोक, बगैंचा, पार्किङ क्षेत्र र गोदाम ।

(घ) जेनेरेटर राख्ने स्थान र सुरक्षा गार्ड बस्ने स्थान ।

(ङ) विद्युत्, ग्याँस, चिसो र तातो पानीको व्यवस्था गर्ने भाग, हिटिङ्ग वा एयर कन्डिसन जस्ता कार्यको लागि उपयोग भएको भवनको भाग ।

(च) इलेभेटर, पम्प, टैंक, मोटर, पंखा, फोहर राख्ने कन्टेनर जस्ता सामूहिक उपयोगका साधनहरू ।

१७. विभाजन गर्न नहुनेः- यो ऐन वा यस ऐनअन्तर्गत बनेको कार्य सञ्चालन विधिमा उल्लेख भएबमोजिम बाहेक सामूहिक क्षेत्र तथा सुविधा र सीमित सामूहिक क्षेत्र तथा सुविधाको विभाजन गर्न वा भाग लगाउन पाइने छैन ।

३३. निर्देशन दिन सक्नेः- संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको निमित्त अधिकार प्राप्त अधिकारीले आवश्यक देखेमा संस्थापक वा समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित संस्थापक वा समितिको कर्तव्य हुनेछ ।

५. संयुक्त आवासको स्वामित्वसम्बन्धी नियमावली, २०६० को नियम ६ मा "अनुगमन तथा निरीक्षण गर्न सक्ने" प्रावधानअन्तर्गत निम्न कानूनी व्यवस्था रहेको पाइन्छ ।

(१) ऐन वा यस नियमावलीबमोजिम संस्थापकद्वारा संयुक्त आवास भवन निर्माण तथा सञ्चालन भए नभएको सम्बन्धमा अधिकारप्राप्त अधिकारीले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा संस्थापकद्वारा ऐन वा यस नियमावली विपरीत संयुक्त आवास भवन निर्माण तथा सञ्चालन गरेको देखिएमा अधिकारप्राप्त अधिकारीले सो कार्य गर्न

रोक लगाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको आदेशबमोजिम संस्थापकले काम नगरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो संस्थापकलाई ऐनबमोजिम सजाय गर्न सक्नेछ ।

६. प्रस्तुत विवादको सिर्जना काठमाडौं रेजिडेन्सी व्यवस्थापन समितिले स्वीकृत आवास भवनअनुसारको कार्य नगरेको, तिर्न नपर्ने दस्तुर उठाएको भनी मिति २०६२।७।२८ मा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयमा उजुर निवेदन दिएको पाइन्छ । संस्थापकलाई अधिकारप्राप्त अधिकारीले बोलाई पटक पटक छलफल गरी पहिला पनि निर्देशनहरू जारी गरिरहेको पाइन्छ ।

७. उजुर निवेदनमा परेका विषयहरू मध्ये केही विषयहरूको सम्बन्धमा मिति ०६३।१२।१ मा निर्देशन दिएको देखिन्छ । सो विवादित निर्देशनहरूमा आर्थिक दायित्वसम्बन्धी विषयहरू समावेश भएको पाइन्छ । ती आर्थिक दायित्वहरूको सम्बन्धमा भएका निर्देशन अधिकारप्राप्त अधिकारीको अन्तिम आदेश प्रकृतिको देखिन आएको छ । अन्तिम आदेश प्रकृतिको निर्देशन हुँदा सोउपर पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्नु नै कानूनसम्मत हुन आउँछ । अन्यथा अन्तिम प्रकृतिको काम कारवाही भइरहने र निर्देशनको नाउँमा पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न नमिल्ने हो भने निर्देशन दिने अख्तियारवालाको काम कारवाही न्यायिक नियन्त्रणभन्दा बाहिर जान पुग्ने अवस्था भइरहन्छ । वस्तुतः जारी गरिएको निर्देशनको प्रकृति अनुसार नै पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्नुपर्ने हुन आउछ । संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को प्रस्तावनामा *सुपथ आवास ईकाइहरू सुलभ ढङ्गबाट बिक्री वितरण गरी आवास समस्यालाई निराकरण तथा व्यवस्थित बसोवासको व्यवस्था गर्न र त्यस्ता आवास ईकाइका धनीहरूको अधिकार र दायित्वसम्बन्धी व्यवस्था गर्न* भन्ने व्यवस्था रहेको र प्रस्तुत विवादित ३ बुँदे निर्देशनले आर्थिक दायित्वको सम्बन्धमा स्पष्ट निर्देशनहरू दिइरहेको सम्बन्धमा त्यसरी ऐनको प्रस्तावनाको भावनाविपरीत नहुने गरी सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौंले दिएको उक्त तीन बुँदे निर्देशन कानूनबमोजिम देखिन आयो । यसरी सो आदेश अन्तिम प्रकृतिको भएको हुँदा अ.बं. १७ नं.को कार्यविधिबाट सच्चिन सक्ने भन्ने पुनरावेदकतर्फका कानून व्यवसायीहरूको बहससँग सहमत हुन सकिएन ।

८. दोस्रो प्रश्नतर्फ विचार गर्दा मिति २०६०।१।२ मा प्रकाशित राजपत्रमा काठमाडौं, भक्तपुर, ललितपुरको लागि संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ समेतमा उल्लिखित अधिकारप्राप्त अधिकारी सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयलाई तोकेको पाइन्छ । सो निकायले ऐनको दफा ३३ बमोजिम आवश्यक देखेमा संस्थापक वा समितिलाई निर्देशन दिनसक्ने कानूनी व्यवस्था रहेको छ ।

९. संयुक्त आवास भवन निर्माणकर्ताले, निर्माण गरिने भवनको आकार, सुविधाहरू मापदण्डसमेतहरूको बारेमा विज्ञापन गरी उपभोक्ताहरूलाई आकर्षण गर्ने गर्दछन् । सो विज्ञापन, व्रोसरमा उल्लिखित संयुक्त आवास भवन निर्माण हुनेछ भनी आकर्षित भई खरिदकर्ताहरूले अपेक्षा लिई रकम लगानी गरिरहेका हुन्छन् । संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ ले के कस्तो सुविधा खरिदकर्ताले पाउनेछन् भनी स्पष्ट गरेको छ । उक्त ऐनको दफा २(क) अनुसार सामूहिक आवास भवन भन्नाले *कुनै जग्गामा दुई वा दुईभन्दा बढी आवास ईकाइ राखी बनाइएको दुई वा दुईभन्दा बढी तला भएको भवन सम्झनुपर्छ र सो शब्दले सोही जग्गामा ब्लक, पोकेट वा अन्य त्यस्तै नामबाट नामाकरण गरी निर्माण गरिएको*

त्यस्तै किसिमका दुई वा दुईभन्दा बढी भवनहरू र सो भवनहरूले चर्चेको जग्गा, कम्पाउन्ड, कम्प्लेक्सलाई समेत जनाउँछ भनी परिभाषित गरिएको छ।

१०. संस्थापक बिक्रीकर्ता र खरिदकर्ताको बीचमा विवाद उत्पन्न भई ऐन नियम अनुसार निर्माणकर्ताले भवन निर्माण नगरेको, ऐनले दिएको सुविधा विपरीत रकम उठाएको भनी उजुर परेकोमा उक्त ऐनको दफा ३३ अनुसार संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको लागि निर्देशन दिन मिल्ने नै देखिन्छ । "सञ्चालन" शब्द भन्नाले बृहत् नेपाली शब्दकोषमा "कुनै काम वा व्यवस्थालाई सुचारू रूपले चलाउने काम, गतिशील रूपमा निरन्तर चलाइने कुनै काम वा त्यस्तो कामको समुचित प्रबन्ध" भनी उल्लेख छ। संयुक्त आवास भवन निर्माण गरी सुचारू रूपमा सो आवास भवन चलाउने कार्यभित्र विविध विषयहरू जस्तै आर्थिक व्ययभार, सुविधाप्राप्तिको सहज पहुँच जस्ता कुराहरू पर्दछन्। सो सञ्चालन शब्दको अगाडि "उपयुक्त" विशेषण उल्लेख भएको हुँदा सो दफामा प्रयुक्त "उपयुक्त सञ्चालन" को शब्दहरूले व्यापक अर्थ राख्दछ । संयुक्त आवासको सञ्चालन भन्ने शब्दले ऐनले दिनपर्ने सुविधा प्रदान गर्नुपर्ने विषय स्वतः समाहित हुने हुँदा त्यस्तो ऐनले प्रदान गरेको सुविधामा पनि रकम असुलउपर गरेको भए अनुगमन निरक्षण गर्ने अधिकारप्राप्त अधिकारीले त्यस्तो कार्य रोक्न सक्ने नियमावलीको नियम ६ ले मिल्नेनै देखिन्छ।

११. संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ विशेष ऐन भएको र सो ऐनले सम्झौता करार गर्नपर्ने भनी किटान साथ छुट्टै कानूनी व्यवस्था स्पष्ट गरेको पाइयो । सम्झौताअनुसारको संयुक्त आवास भवनको सुविधा प्रदान गरे नगरेको, कानूनले सम्झौतामा खुलाउनु पर्ने विशेष सुविधा खुलेको छ छैन सुविधा दिन पर्नेमा सो कार्य भए छ छैन, सञ्चालनको लागि क्रेताले व्यहोर्न पर्ने के के आर्थिक दायित्व हो भन्ने सम्बन्धमा अधिकारप्राप्त अधिकारीले उजुरीको आधारमा तत्काल छानबिन गरी निर्देशनहरू जारी गर्नुपर्ने हुन्छ।

१२. "संयुक्त आवास भवन" भन्नासाथ बहुसंख्यक व्यक्तिहरूको हित र सरोकारसँग जोडिएको विषय हुन आउछ। त्यस्तो हित सरोकारको विषयमा छिटो छरितो उपायबाट अधिकारप्राप्त अधिकारीले समस्या समाधान गर्न निर्देशन जारी गर्नु स्वाभाविक पनि हो। अधिकारप्राप्त अधिकारीले ऐनको दफा ३३ बमोजिम निर्देशन जारी गर्न पाउने सोही ऐनको दफा ३४ को प्रावधानले झन थप स्पष्ट पारेको छ। बहुसंख्यक व्यक्तिहरूको हित सरोकार सुविधासँग गासिएको हुँदा संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको नियमन र आवश्यक देखेका विषयहरूमा अधिकारप्राप्त अधिकारीले निर्देशन जारी गर्ने अख्तियार राख्ने देखियो। सो दफा ३३ मा "आवश्यक देखेमा" भन्ने शब्दको उल्लेखले संयुक्त आवास भवनको उपयुक्त सञ्चालनको विविध विषयहरूसमेत समावेश गरी निर्देशन दिनसक्ने नै देखिन्छ।

१३. बाह्य विकास भनेको यो यो कार्यको लागि हो र सो कार्यबापत यति शुल्क लाग्छ भनी ऐनको दफा १८ अनुसार सम्झौतामा नै उल्लेख हुनुपर्ने देखिन्छ। वस्तुतः सम्झौतामा स्पष्ट उल्लेख नभएको गोलमटोल भाषामा बाह्य विकासको शुल्क बुझाउनेछु भनी खरिदकर्ताले सम्झौता गरेको छ भनी संस्थापकको स्वेइच्छाअनुसार बाह्य विकासको परिभाषाले सम्झौताको रूप धारण गर्न सक्दैन। सम्झौतामा स्पष्ट खुलाएको खर्चको हकमा सम्झौताअनुसारको आर्थिक दायित्वको विषय बन्न सक्दथ्यो। सो नभएको र बाह्य विकास शुल्कको परिभाषाले यो यो कार्यहरू समेट्ने भनी सम्झौतामा स्पष्ट नभएको हुँदा यो विषय शुद्ध करारीय दायित्वअन्तर्गत पर्ने न्यायिक अधिकारक्षेत्र ग्रहण हुनेसम्मको अवस्था पनि देखिएन। अतः संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ अनुसार सहरी विकास तथा भवन निर्माण विभाग

डिभिजन कार्यालयले यस विषयमा निर्देशन दिन सक्ने नै देखियो।

१४. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा संयुक्त आवास भवन बिक्रिकर्ता र खरिदकर्ता बीचमा सम्झौता गर्नुपर्ने भनी संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा १५ मा कानूनी व्यवस्था रहेको छ। सोही ऐनको दफा ११ मा सम्झौता पालन गर्नुपर्ने भनी खरिदकर्ताको स्वामित्वमा रहेको आवास ईकाइ बेचबिखन भाडामा वा अन्य कुनै किसिमबाट भोग गर्न दिएमा त्यसरी खरिद गर्ने भाडामा लिने व्यक्तिले संस्थापकसँग भएको सम्झौतासमेत पालना गर्नुपर्ने कानूनी प्रावधान रहेको पाइन्छ। सो ऐनमा स्पष्टरूपमा सम्झौता गर्नुपर्ने, सम्झौता पालन गर्नुपर्ने भनी विशेष व्यवस्था रहेको पाइन्छ।

१५. करार ऐन, २०५६ करार, सम्झौतासम्बन्धी विषयमा बनेको ऐन हो। यो ऐनमा स्पष्टरूपमा सम्झौतासम्बन्धी छुट्टै कानूनी व्यवस्थाको बारेमा उल्लेख छ। यो ऐनअनुसार गर्नुपर्ने सम्झौतामा खुलाउनुपर्ने कुराहरू तोकिएका छन्। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३४ मा यस ऐनमा लेखिएजतिमा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुने भन्ने कानूनी व्यवस्था गरेको छ। सो भनेको दफा ३४ ले यो ऐनमा लेखिएका सर्त सम्झौताहरूको सम्बन्धमा समेत यसै ऐनअनुसार गर्नुपर्ने व्यवस्था गरेको देखियो।

१६. संयुक्त आवासभवन र आवास ईकाइ (एपार्टमेन्ट) को परिभाषाबाटै त्यस्ता संयुक्त आवास भवन आवास ईकाइमा धेरै व्यक्तिहरू एकै भवन कम्पाउन्डभित्र बस्ने धेरै व्यक्तिहरूको सरोकार र चासो तथा हित, सुविधा जोडिएको भन्ने स्पष्ट छ। सो परिभाषाबाट पनि चर्चेको जग्गा, कम्पाउन्ड, कम्प्लेक्ससमेत संयुक्त आवास भवनकै अंग मानिएको छ।

१७. सामूहिक क्षेत्र तथा सुविधा उपभोग गर्दा आफूले उपभोग गर्ने सुविधाको हिस्साको अनुपातमा सम्झौतामा उल्लेख भएबमोजिम लाग्ने खर्च संस्थापक वा समितिलाई बुझाउनुपर्ने संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा १८ ले व्यवस्था गरेको छ। उक्त ऐनको दफा १६ मा उल्लिखित सामूहिक क्षेत्र तथा सुविधामध्ये के कुन विषयको बारेमा कुन अनुपातमा खर्च बुझाउनु पर्ने हो ? सम्झौतामा स्पष्ट उल्लिखित हुनुपर्ने हुन्छ। External development को लागि लाग्ने खर्च भन्ने व्यहोराले सोही कम्पाउन्ड भवनभित्रको विविध विषयहरूमा खरिदकर्ताको स्वतः दायित्वभित्र पर्ने भन्ने उक्त ऐनको दफा १८ को कानूनी व्यवस्थाले स्पष्ट पार्न सकेको पाइँदैन। उक्त ऐनको दफा १६ मा व्यवस्था गरिएको सामूहिकक्षेत्र तथा सुविधामध्ये कुन सुविधा उपभोग गरेबापत कति खर्च लाग्ने हो? सम्झौतामा नै उल्लेख हुनुपर्ने भनी दफा १८ ले स्पष्ट गरेको छ। "सम्झौतामा उल्लेख भएबमोजिम" भन्ने दफा १८ को शब्दहरूले External development को नाउँमा आवास भवनको कम्पाण्ड कम्प्लेक्सभित्र गर्नुपर्ने जुनसुकै कार्य वा प्राप्त हुने सुविधामा खरिदकर्ताले खर्च बेहोर्नु पर्ने भनी अर्थ गर्दा बिक्रीकर्ता, सञ्चालकलाई अनियन्त्रित आर्थिक अधिकार भइरहने र निजको स्वविवेक अनुसार खरिदकर्ताले खर्च बुझाइरहनु पर्ने अवस्था सिर्जना हुन्छ। यसैले दफा १८ मा सम्झौतामा नै उल्लिखित खर्च स्पष्ट हुनुपर्ने भन्ने अर्थ नै स्वाभाविक र न्यायोचित हुने हुन्छ।

१८. यसर्थ त्यस्ता सामूहिकक्षेत्रको सुविधा उपभोग गर्दा ऐनको दफा १८ अनुसार सम्झौतामा नै स्पष्ट हुनुपर्ने देखियो। संस्थापकको स्वइच्छाअनुसार संयुक्त आवास भवनको परिभाषाले समेटेको कम्पाउन्ड कम्प्लेक्सभित्र निर्माण हुने अन्य जुनसुकै कुरा बाह्य विकास भनी उल्लिखित सम्झौताअन्तर्गत पर्ने भनी मान्न मिल्ने देखिएन। कुन सामूहिकक्षेत्र तथा सुविधाबापत कति खर्च लाग्ने हो सम्झौतामा

उल्लेख हुनुपर्ने भनी ऐनको दफा १८ ले गरेको कानूनी व्यवस्थाको भावना रहेको पाइन्छ। सम्झौतामा उल्लेख भएबमोजिम लाग्ने सामूहिक खर्च बुझाउनुपर्ने भनी स्पष्ट उल्लेख भएको हुँदा "खर्च" को बारेमा सम्झौतामा नै उल्लेख हुनु अनिवार्यता गरेको पाइन्छ । करारीय दायित्व सिर्जना हुने गरी खर्चको विषय स्पष्टरूपमा सम्झौतामा कानूनबमोजिम नखोलिएको स्थितिमा बाह्य विकास भनी संस्थापकको इच्छाले तोकेको खर्चहरू करार सम्झौताको Ambit भित्र पर्ने हुँदैन । यसैले यो विषय करार ऐन, २०५६ अनुसार आर्थिक दायित्वको रूपमा स्वतः समाहित भएको मान्न सकिँदैन।

१९. संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ का विभिन्न दफाहरूमा रहेको कानूनी व्यवस्थामा सम्झौता करार गर्नुपर्ने भनी कानूनी व्यवस्था रहेको र यस ऐनमा लेखिएजति यसै ऐन बमोजिम हुनेछ भनी दफा ३४ ले व्यवस्था गरेको हुँदा करार ऐन, २०५६ आकर्षित भई सोही अनुसार मात्र कानूनी कारवाही अघि बढाउनुपर्दछ भन्ने प्रत्यर्थी तर्फका विद्वान् कानून व्यवसायीहरूको बहससँग सहमत हुन सकिएन । यस ऐनबमोजिम करारमा खुलाउनु पर्ने 'खर्च' स्पष्टरूपमा खुलेको हुनुपर्ने भन्ने कानूनी व्यवस्थाको पालना हुनै पर्दछ। त्यसरी करारमा उल्लेख नभएको खर्चको हकमा करार ऐन, २०५६ प्रस्तुत विषयमा स्वतः आकर्षण हुने देखिएन।

२०. अब अन्तिम प्रश्नतर्फ हेर्दा उपर्युक्त विवेचना गरिएका आधार प्रमाणहरूबाट संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ अनुसार अधिकारप्राप्त अधिकारीले निर्देशन जारी गर्न सक्ने स्पष्ट व्यवस्था भएको र सो निर्देशन दिन दफा ३४ को कानूनी व्यवस्थाले थप संरक्षण प्रदान गरेको स्थितिमा ऐनको विशेष व्यवस्थालाई ध्यानै नदिई सम्झौताबाट उठेको आर्थिक दायित्वको सम्बन्धमा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयलाई प्रदान गरेको नदेखिएको भनी पुनरावेदक सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयबाट मिति २०६३।१२।१ मा जारी भएको निर्देशन बदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।३।२३ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा उल्टी हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृतः आत्मदेव जोशी
इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम्

निर्णय नं. ९६८२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७३।५।२१
०७१-WO-१०२४

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : स्व. राधिका शरण पौडेलको श्रीमती साबिक कास्की जिल्ला हेमजा गाउँ विकास समिति वडा नं. ८ हाल बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. १ जिल्ला विकास समिति रोड घर भई जिल्ला स्वास्थ्य कार्यालय बर्दियाबाट लेखापाल पदबाट अवकाश प्राप्त शारदा देवी पौडेल

विरूद्ध

विपक्षी : नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा ३ बमोजिम अनिवार्य अवकाशको गणनाको प्रयोजनको लागि कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक विवरणमा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने कानूनी व्यवस्था भएको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाले प्रस्ट तथा द्विविधारहित व्यवस्था गरेको छ । यस्तो अवस्थामा कानूनी व्यवस्थाको स्पष्ट प्रावधानको स्थानमा व्याख्याको गुन्जायस रहँदैन । उल्लिखित कागजात, प्रमाणपत्रहरू मध्ये जुन कागजमा उल्लिखित जन्म मितिको आधारमा पहिले अवकाश हुन्छ सोही मितिबाट कर्मचारीको अनिवार्य अवकाश हुने निर्विवाद हुने ।**

(प्रकरण नं. ३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता राजेन्द्र शर्मा

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रेवती त्रिपाठी

अवलम्बित नजिर :

- नेकाप २०७०, अङ्क ४, नि.नं.९०००

सम्बद्ध कानून :

- निजामती सेवा ऐन, २०४९

आदेश

न्या. हरिकृष्ण कार्की : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छ:-

म निवेदक लोक सेवा आयोग, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेतको मिति २०३९।१।१० गतेको सिफारिस पत्रले बर्दिया जिल्ला अदालतमा रा.प.अ. द्वितीय श्रेणी सहलेखापाल पदमा स्थायी नियुक्ति पाई लेखापाल (विशेष) पदमा मिति २०६४।१०।१ मा बढुवा भएकी र मिति २०७०।१।२७ मा लेखापाल (विशेष) राजपत्र अनंकित प्रथम श्रेणी नेपाल प्रशासन समूह, लेखापाल समूहबाट लेखापाल, राजपत्र अनंकित प्रथम श्रेणी नेपाल प्रशासन समूह, लेखा समूहमा समायोजन गरी पदस्थापन भई कार्यरत रहेकी थिएँ। मेरो सुरू नियुक्ति लिँदाकै बखतदेखि निजामती कर्मचारीको नोकरी तथा वैयक्तिक विवरण (सिटरोल) मा उल्लिखित जन्ममिति वि.सं. २०१४।१।२ गते उल्लेख हुनुका साथै सोही मिति आधिकारीक जन्ममितिको रूपमा कायम भएको हो । मेरो शैक्षिक योग्यता (हाई स्कुल उत्तीर्ण प्रमाणपत्र) मा मेरो जन्म सन् १९५७ अप्रिल उल्लेख भएको र सोलाई नेपाली विक्रम संवत्मा रूपान्तरण गर्दा २०१४ साल वैशाख महिना नै हुन आउँछ । सो जन्ममितिका आधारमा निजामती सेवा ऐन, २०४९ को २४घ१, ३३(१) बमोजिम मेरो अवकाश प्राप्त गर्ने उमेर हद ५८ वर्ष पूरा हुने र अनिवार्य अवकाश प्राप्त गर्ने मिति २०७२।१।२ देखिन्छ । यसैलाई उमेर हदको आधार मानी मैले नियमितरूपमा काम गर्दै आएँ र काम गर्ने क्रममा निजामती किताबखानाले मलाई अवकाश

प्राप्त गर्ने मिति परिवर्तन हुनेबारे काम गरिरहेका बखत कुनै जनाउ वा परिवर्तनको जानकारी गराएन । मैले २०७१।८।१५ सम्म काम गरी सोही मितिदेखि बिरामी भई अशक्त भएकाले स्वेच्छिक अवकाशका लागि राजीनामा दिई मिति २०७१।८।१६ देखि लागू हुने गरी राजीनामा स्वीकृत भएको छ । मलाई अनवरत काममा लगाइएको र निजामती किताबखानाको विवरण (Record) अन्यथा परिवर्तन नभएसम्म तोकिएबमोजिम दायित्व बहन गर्दै कार्य गर्नु मेरो कर्तव्य ठानी मैले सेवा गरेकी हुँ र सोहीबमोजिम पारिश्रमिक र अन्य सुविधा पनि लिएकी हुँ। मेरो अनिवार्य अवकाश प्राप्त गर्ने मिति २०७२।१।२ हुने भनी च.नं. ८१० मिति २०७१।१२।२२ को निजामती किताबखानाको अवकाशसम्बन्धी जानकारी पठाएको पत्रले पनि प्रस्ट गरेकोले मैले नियमितरूपमा काम गर्दै आएकी हुँ।

तर मिति २०७२।२।२७ गतेको निर्णयको हवाला दिँदै विपक्षी सामान्य प्रशासन मन्त्रालय, निजामती किताबखानाले च.नं. ४९२३ मिति २०७२।२।२७ गतेको अनिवार्य अवकाश सम्बन्धमा विषयको, विपक्षी जिल्ला स्वास्थ्य कार्यालय बर्दियाका नाममा पत्र प्रेषित गरिएको रहेछ । मलाई सफाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्त र सम्मानित सर्वोच्च अदालबाट प्रतिपादित नजिर सिद्धान्तहरू (ने.का.प. २०६६, भदौ, नि.नं. ८१५१, पृष्ठ ८१०, रामगोपाल शरण विरूद्ध सामान्य प्रशासन मन्त्रालयसमेत, मुद्दाः उत्प्रेषण परमादेश ने.का.प. २०६२ अंक ९, पृष्ठ ६९, निर्णय मिति २०५९।१०।२ नि.नं. ११ पूर्ण इजलास र रामबहादुर सिंह विरूद्ध सामान्य प्रशासन मन्त्रालयसमेत, निर्णय मिति २०७०।१।२९ नि.नं. ९००० मुद्दाः उत्प्रेषणयुक्त परमादेश, ने.का.प. २०७०, अंक ४, पृष्ठ ५८०) विपरीत मेरो जन्ममिति २०१२।८।२६ कायम गरी अवकाश प्राप्त गर्ने मिति परिवर्तन गरी अवकाश दिने निर्णयानुसार उक्त पत्र प्रेषित गरिएको रहेछ । मिति २०७२।२।२७ गतेको विपक्षी जिल्ला स्वास्थ्य कार्यालय बर्दियाका नाममा प्रेषित उक्त पत्रमा म निवेदिका शारदा देवी पौडेल (क.स.नं. ८३५५९) लाई ५८ वर्ष पूरा हुने उमेर मिति २०७०।८।२५ हुने हुँदा सोही मिति देखि लागू हुने गरी अनिवार्य अवकाश दिनु हुन र नि.से.नि. २०५० को नियम १२९क(४) अनुसार मिति २०७०।८।२६ देखि मिति २०७१।८।१६ सम्म म निवेदिकाले लिए पाएको तलब, भत्ता, बिमा भत्ता लगायतका सुविधाहरूको जम्मा रकमसमेत उल्लेख गरी पठाई दिन र नियमानुसार पाउने निवृत्तिभरण रकमबाट कट्टा हुने भनी व्यहोरा उल्लेख रहेछ ।

यसरी विपक्षीहरूको उल्लिखित कार्यले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)(२), १३(१)(२)(३), १९(१)(२) नेपाल पक्ष रहेको मानव अधिकारको विश्वव्यापीसम्बन्धी घोषणा पत्र, १९४८ को धारा ५, ७, ८, १२ नागरिक तथा राजनीतिक अधिकार अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २, ६, ७, २६ द्वारा प्राप्त हकहरू र नेपाल सन्धि सम्झौताहरू कानूनसरह हुने भनी राखिएकोले उल्लिखित त्यस्ता कानूनी हक र कानूनी प्रावधानबमोजिम मलाई प्राप्त हकाधिकारमा थप आघात पुर्‍याउने आशंका रहेकोले विपक्षी सामान्य प्रशासन मन्त्रालय, निजामती किताबखानाले च.नं. ४९२३ मिति २०७२।२।२७ को अनिवार्य अवकाश सम्बन्धमा विषय उल्लेख गरी विपक्षी जिल्ला स्वास्थ्य कार्यालय बर्दियाका नाममा प्रेषित पत्र बदर गरी मेरो निवृत्तिभरण कट्टा गर्ने विपक्षीहरूको काम कारवाही रोक्न र विपक्षीहरूलाई कानूनी कर्तव्य पूरा गराउन सम्मानित अदालतको शरणमा आएको छु । विपक्षीहरूको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम अन्तरिम आदेश सहित उत्प्रेषण, परमादेश र निषेधाज्ञा लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पूर्ण न्याय दिलाई पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन

पत्र।

यसमा अवकाश दिनु पर्ने मितिमा अवकाश नदिई ढिलो गरी अवकाश दिएको अवस्थामा अवकाश पत्र दिँदाको समयसम्म काम गरेबापत प्राप्त गरेको पारिश्रिक र सुविधामा निवेदिकाको जवाफदेहिता के रहने भन्ने प्रश्न रहेको हुँदा बढी अवधि काम गरेको भनेको अवधिको पाएको रकम निवृत्तिभरणबाट कट्टा गर्ने गरेको पत्र हाल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मति २०७२।४।१७ को आदेश।

निजामती किताबखानाको च.नं. ४९२३ मिति २०७२।२।२७ को फ्याक्समार्फत प्राप्त पत्रमा लेखिएको व्यहोरा अनुसार तहाँ कार्यालयमा कार्यरत लेखापाल शारदा देवी पौडेल (क.सं.नं. ८३५५९) लाई यस विभागको च.नं. ३०२२ मिति २०७०।१२।६ र च.नं. २५ मिति २०७१।४।७ को पत्रबाट नेपाली नागरिकताको प्रतिलिपी पेस गर्न निर्देशन गरेकोमा निजले समयमै पेस नगरेको अवस्थामा मिति २०७१।८।१६ देखि लागू हुने गरी राजीनामा स्वीकृत गराई निवृत्तिभरण लगायतका सेवा सुविधाको लागि यस विभागमा सम्पर्क राख्न आएको अवस्थामा निजले मिति २०२९।८।२६ मा जारी भएको वर्ष १७ उमेर रहेको ना.प्र.नं. १३८५ को छायाँप्रति पेस गरेको आधारमा निजामती सेवा ऐन, २०४९को दफा ३३(३) तथा नियमावली २०५० को नियम १०२ क बमोजिम निजको जन्ममिति २०१२।८।२६ कायम हुने भई निजको ५८ वर्ष पूरा हुने उमेर मिति २०७०।८।२५ हुने हुँदा सोही मिति देखि लागू हुने गरी अनिवार्य अवकाश दिनहुन र निजामती सेवा नियमावली, २०५० को नियम १२९क(४) अनुसार मिति २०७०।८।२६ देखि मिति २०७१।८।१६ सम्म निजले उपभोग गरेको तलब, भत्ता, बिमा थप, चाडपर्व खर्च, पोशाक भत्ता, क.सं. कोष थप, महँगी भत्ता, स्थानीय विशेष भत्तालगायतका सुविधाहरूको जम्मा रकमसमेत उल्लेख गरी पठाइदिन हुन मिति २०७२।२।२७ को निर्णयानुसार अनुरोध छ भनी लेखी आएकोमा सोको जवाफ पठाउने तयारी भइरहेको र उल्लिखित कामकारवाहीबाट विपक्षी निवेदकको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने, कानूनको समान संरक्षणबाट वञ्चित गरेको, कुनै कुराको भेदभाव गरिने, संविधानबाट प्रदत्त मौलिक हकहरूको अपहरण हुने तथा निजको हक हनन हुने कुनै काम नगरेको हुँदा यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला जनस्वास्थ्य कार्यालय, बर्दियाको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) मा यस दफाको प्रयोजनको लागि निजामती कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसरी नै निजामती सेवा नियमावली, २०५० को नियम १०१ को उनियम (१) मा उमेर वा सेवा अवधिको कारणबाट अनिवार्य अवकाश पाउने निजामती कर्मचारीले अवकाश हुने मितिभन्दा ६ महिना अगावै अनुसूची १७क बमोजिमको फाराम भरी आफू बहाल रहेको कार्यालयमार्फत निजामती किताबखानामा अनिवार्य रूपले पठाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ।

उपर्युक्त कानूनी व्यवस्थाको आधारमा निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिदिएको जन्ममिति वा वर्षबाट निज मिति २०७०।८।२६ देखि अवकाश हुने कुरा निजलाई

स्वतः थाहा हुने नै हुँदा सफाइको मौका नदिएको भन्ने जिकिर उचित नहुने र प्रचलित कानूनबमोजिम सम्पादित कार्यमा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने आधार र कारण देखिँदैन। अतः यस मन्त्रालयबाट निवेदिकाको कुनै हक अधिकार हनन नभए नगरिएको हुँदा निवेदनको मागबमोजिम आदेश जारी हुनुपर्ने आधार र कारण नहुँदा उक्त निवेदन जिकिर खारेज भागी छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफ।

रिट निवेदकले आर्थिक लाभको पद गुम्ला भन्ने भयले ग्रसित भई अनिवार्यरूपमा यस विभागमा पेस गर्नुपर्ने प्रमाण नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस नगर्ने अनि अहिले आएर उल्टै निजामती किताबखानामाथि नै दोष थुपरेर लिए खाएको तलब भत्ता पचाउने मनसाय राखेको प्रस्ट छ।

अतः रिट निवेदकले प्रचलित कानूनको परिपालना गर्नुभन्दा निजामती सेवा ऐन, २०४९ दफा ३७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको (२) अनुरूप सरकारी सेवामा बहाल रहने उद्देश्यले उमेर ढाँट्ने दुराशय राखेकोले नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित उमेरलाई नजरअन्दाज गरी मनगढन्ते कुरा उल्लेख गरेको देखिन्छ। तसर्थ निजलाई निवृत्तिभरण नदिने गरी आदेश जारी भई उक्त रिट निवेदनमा कुनैपनि आज्ञा आदेश जारी नगरी रिट निवेदन खारेज गरिपाउन अनुरोध गर्दछु भन्नेसमेत व्यहोराको निजामती किताबखानाको तर्फबाट परेको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राजेन्द्र शर्माले सुरू नियुक्ति हुँदाका बखत भरेको सिटरोलमा जन्ममिति २०१४।१।२ भएको र शैक्षिक योग्यताको प्रमाणपत्रमा समेत सोहीबमोजिमको जन्ममिति भई सोही आधारमा निरन्तर नोकरी गरी बिरामी भएको कारण मिति २०७१।८।१६ देखि लागू हुने गरी राजीनामा गरिसकेकोमा निजामती किताबखानाबाट मिति २०७२।२।२७ मा निर्णय गरी मिति २०७०।८।२५ देखि लागू हुने गरी अवकाश दिने गरी भएको निर्णय त्रुटिपूर्ण छ। एक पटक मिति २०७२।१।१ मा अवकाश हुने गरी निजामती किताबखानाले नै पत्राचार गरी सकेको अवस्थामा हाल आएर खाइपाई आएको सुविधाबाट समेत वञ्चित गर्ने गरी निर्णय गरी कारवाही अघि बढाएको हुँदा उत्प्रेषणको आदेशद्वारा उक्त गैरकानूनी निर्णय बदर गरी खाइपाई आएको सुविधा फिर्ता नमाग्नु भन्नेसमेतको आदेश जारी गरिपाउँ भनी तथा नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवती त्रिपाठीले नागरिकता, सिटरोल तथा शैक्षिक योग्यताको प्रमाणपत्रमध्ये जुनबाट पहिले अवकाश हुन्छ सो लाई नै कायम गर्ने कानूनी व्यवस्थाबमोजिम नागरिकताको प्रमाणपत्रलाई आधारमानी भएको निजामती किताबखानाको निर्णय कानूनबमोजिमकै भएकोले रिट खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनी मिसिलसमेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भनी निर्णय दिनुपर्ने देखिन आयो।

२. रिट निवेदक लोक सेवा आयोगको मिति २०३९।१।१० को सिफारिसबमोजिम राजपत्र अनंकित द्वितीय श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्यरत रहेको र निजले सेवा प्रवेश गरेका बखत भरेको सिटरोलको प्रतिलिपीबाट निजको जन्ममिति मिति २०१४।१।२ गते भएको देखिन्छ। निजको माध्यमिक शिक्षा परिषद्को शैक्षिक प्रमाणपत्रमा जन्ममिति सन् १९५७ मार्च १८ भन्ने उल्लेख भएको देखिन्छ। यी जन्ममिति लाई आधार मान्दा निवेदकको अवकाश हुने मिति २०७२ सालमा हुन आउँछ।

३. निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा ३ बमोजिम अनिवार्य अवकाशको गणनाको प्रयोजनको लागि कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक विवरणमा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने कानूनी व्यवस्था भएको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाले प्रस्ट तथा द्विविधारहित व्यवस्था गरेको छ । यस्तो अवस्थामा कानूनी व्यवस्थाको स्पष्ट प्रावधानको स्थानमा व्याख्याको गुन्जायस रहँदैन । उल्लिखित कागजात, प्रमाणपत्रहरू मध्ये जुन कागजमा उल्लिखित जन्म मितिको आधारमा पहिले अवकाश हुन्छ सोही मितिबाट कर्मचारीको अनिवार्य अवकाश हुने निर्विवाद छ।

४. प्रस्तुत अवस्थामा रिट निवेदकको नागरिकताको प्रमाणपत्रबाहेकको तत्काल रहेका कागजातका आधारमा निजको अवकाश हुने मिति २०७२।१।२ कायम गरी पत्राचार भएको भए तापनि पछि दाखिला भएको नागरिकताको प्रमाणपत्रमा उल्लिखित उमेरका आधारमा अघि अवकाश हुने अवस्था देखिएकोले सो आधारमा मिति २०७०।८।२५ देखि लागू हुने गरी अनिवार्य अवकाश दिने गरी निर्णय भएको देखियो । निजामती किताबखानाले आफूसँग भएका कागजको आधारमा अवकाश हुने मिति निक्यौल गर्दा भूल वा त्रुटिबस अवकाश हुने एउटा मिति कायम गरी पत्र लेखी पठाएकै कारणले मात्र उमेरको आधारमा अवकाश पाउने मितिको सम्बन्धमा ऐनले गरेको किटानी र स्पष्ट व्यवस्थालाई अन्यथा हुने गरी अवकाश मिति निर्धारण गर्न कानूनसम्मत नहुने देखिन्छ । तापनि कर्मचारीलाई निजको अवकाश हुने एउटा मिति देखाइसकेको र सो मितिलाई परिवर्तन गरेको निर्णय गर्नुपूर्व निजको पदको काममा रीतपूर्वक निरन्तर लगाई काम काज गराइसकेको अवस्थामा निजले काम काज गरिसकेपछि पाउने सो अवधिको तलब, भत्ता, चाडपर्व खर्च लगायतका परिश्रमिक सुविधा निजले पाउँदैन भनी भन्नु पनि न्यायोचित मान्न सकिँदैन । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट "निजामती कर्मचारीले काम गरेको अवधिको तोकिएको पारिश्रमिक पाउनु उसको हक नै हो । कुनै छलकपट नगरी स्वाभाविक रूपमा आफ्नो कार्यालयमा कामकाज गरेको अवधिको पारिश्रमिक पाउँदैन भन्नु न्यायोचित नहुनुका साथै श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले समेत मिल्ने अवस्था देखिँदैन" भनी ने.का.प. २०७० अंक ४ नि.नं. ९००० बाट प्रतिपादित सिद्धान्तसमेत प्रस्तुत सन्दर्भमा आकर्षित हुन आउछ।

५. प्रस्तुत अवस्थामा निजामती कर्मचारीको नियुक्तिदेखि अवकाश सम्मको सम्पूर्ण अभिलेख राख्ने निजामती किताबखानाले गरेको अभिलेखको त्रुटि वा गल्तीको परिणाम स्वरूप कार्यालयमा नियमित काम काज गरेको अवधिको पारिश्रमिक, भत्तासमेतको सुविधा निवेदकबाट सजाय स्वरूप फिर्ता गरिनुपर्छ भनी मान्नु न्यायसङ्गत नहुने भएकोले रिट निवेदकबाट मिति २०७०।८।२६ गते देखि २०७१।८।१६ सम्म निजले उपभोग गरेको तलब भत्तासमेतका सुविधाहरूको रकम निजले पाउने निवृत्तिभरणबाट कट्टा हुने भनी भएको हदसम्म निजामती किताबखानाको मिति २०७२।२।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ।

६. अब निवेदकले लिए पाएको पारिश्रमिक सुविधाहरूको रकम कट्टा नगरी निजले कानूनबमोजिम पाउने अन्य सुविधा र रकमहरूसमेत दिई निवृत्तिभरण अधिकार पत्र उपलब्ध गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी गरिदिएको छ । विपक्षीहरूको

जानकारीका लागि यो आदेशको प्रतिलिपि महान्यायाधिक्ताको कार्यालयमार्फत पठाइदिनू। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.अनिलकुमार सिन्हा

इजलास अधिकृतः सुमनकुमार न्यौपाने
इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

निर्णय नं. ९६८३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७३।५।२७
०७१-WO-०६५१

मुद्दाः उत्प्रेषण

निवेदक : जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ७ सरौचिया बस्ने रामबहादुर घिमिरे
विरूद्ध
विपक्षी : नेपाल सरकार, अर्थ मन्त्रालयसमेत

- **क्षति भएको बसको प्राविधिक मूल्याङ्कन रू.१०,९७,३७७।- रहेको, अवशेष मूल्य (scrap value) रू.४०,०००।- घटाउँदा हुन आउने रकम रू.१०,५७,३७७।- रहेको कुरा मिति २०६२।१२।१४ को सवारी साधन क्षतिको मूल्याङ्कन फारामबाट देखिएको छ । बिमाको सम्बन्धमा कुनै प्रमाण पेस भएको छैन भनी प्राविधिक मूल्याङ्कनमा खुलाइएको देखिन्छ । राहतस्वरूप रू.८४,०००।- बुझिसकेको भनी निवेदनमा नै खुलाएको देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निवेदकले पाउनु पर्ने रकम भुक्तानीको लागि बारम्बार अर्थ मन्त्रालयलाई निकासाको लागि पत्राचार भएको कुरा मिसिल संलग्न पेस भएका कागजात र उक्त मन्त्रालयको लिखितजवाफबाट समेत देखिएको अवस्था हुँदा उक्त कार्यविधिको प्रकरण ४.२ बमोजिम राहत / क्षतिपूर्ति दिनु पर्नेमा नदिई रकम निकासा दिन नसकिने भन्ने अर्थ मन्त्रालयको निर्णयलाई मनासिब र उपयुक्त निर्णय भनी मान्न नसकिने।**

(प्रकरण नं. ९)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय चुडामणि पोखरेल र विनोद शर्मा
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ (प्रथम संशोधन २०६८)
- आयकर ऐन, २०५८

आदेश

न्या. हरिकृष्ण कार्की : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त

तथ्य एवं ठहर यसप्रकार छः

म निवेदक नेपाल राज्यमा प्रचलित ऐन कानून मान्दै सामान्य व्यवसाय गरेर जीविका गर्ने नागरिक हुँ । मैले ना.१ख ९७६२ नम्बरको यात्रु बस धरान–तेह्रथुम पहाडी भेगमा सञ्चालन गरी आएको थिएँ । २०५२ सालदेखि नेपालमा जनयुद्ध चलेको र सो १० वर्षसम्म सञ्चालन भएको सर्वविदितै छ । जसलाई द्वन्द्वकाल पनि भनिन्छ । त्यसैताका मेरो उपर्युक्त बस धरानबाट तेह्रथुम जाने क्रममा जिरीखिम्ती भन्ने ठाउँमा पुगेको अवस्था तत्कालीन माओवादी पार्टीले २०६१।१।२५ गते आगो लगाई ध्वस्त गरिदिएको हो। तत्कालीन नेपाल सरकारको नीतिअनुसार जनयुद्ध कालको क्षतिको उचित क्षतिपूर्ति दिने सन्दर्भमा २०६१।१।२६ मा घटनास्थल मुचुल्का तयार भएको एवं २०६२।१२।१४ मा रू.१०,९७,३७७। रूपैयाँको प्राविधिक मूल्याङ्कनसमेत भएको छ । यसै निवेदन साथ संलग्न गरेको प्रतिलिपि कागजातहरूबाट प्रस्ट हुन्छ । मैले मौकैदेखि नेपाल सरकारको नीति अनुसार क्षतिपूर्ति तथा आर्थिक साहयताका लागि कारवाही चलाएको र हालसम्म कारवाहीमा रहेको छु । उल्लिखित प्रमाणहरूबाट क्षति भएको सवारी साधनको क्षतिपूर्ति पाउनु पर्नेमा मिति २०७१।१०।४ मा अर्थ मन्त्रालयको प.सं. ६०२ च.नं. ७२८ को पत्रद्वारा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था शाखालाई प्रेषित पत्रमा निकासा दिन नसकिने भनी निर्णय भएको व्यहोरा अनुरोध छ भन्दै कारवाही टुङ्ग्याइएको हुँदा सो कार्यले नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त संवैधानिक मौलिक हकमा गम्भीर असर पर्न गएको छ।

उक्त धरान–तेह्रथुम रूटमा प्रचलित नियम कानून अनुसार लाग्ने दस्तुर नेपाल सरकारलाई तिरी बुझाई सञ्चालन भएको कुरामा विवाद छैन । सो रूट अन्तर्गत तेह्रथुमको जिरीखिम्ती भन्ने ठाउँमा तत्कालीन माओवादी पार्टीले आगो लगाई ध्वस्त पारिदिएको हो । घटना भएको कुरा शान्ति सम्झौतापछि स्वयम् माओवादी पार्टीले आगजनी भएको हो भनी प्रमाणित गरिदिएको छ । पटकपटक मूल्याङ्कन र कारवाहीको लागि भन्दै द्वन्द्वपीडित निवेदकले कहिले काठमाडौं धाउने कहिले तेह्रथुम जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयमा धाउन परेको छ । काठमाडौंमा पनि भौतिक पूर्वाधार तथा यातायात, श्रमलगायतका विभिन्न मन्त्रालयमा घुमाउने गरिन्छ । घटना भएको कुरा मन्त्रालयबाट स्वीकार गरिएकैछ । मैले तत्काल राहत स्वरूप रू.८४,०००।- (चौरासी हजार) प्राप्त गरेको हुँ। मेरो गाडी रू.१०,९७,३७७।- को क्षति भएको हो भन्ने कुरा अर्थ मन्त्रालयको पत्रबाट पनि स्वीकार गरिएकै छ। मेरो गाडी वि.सं. २०५४ (सन् १९९७) मा बनेको र २०६१ मा क्षति भएको भनी स्वीकार गरिएकै अवस्थाछ। करिब ६ वर्ष चलेको सञ्चालन भइरहेको बस (गाडी) क्षति भएकोमा अर्थ मन्त्रालयले scrap value मा मूल्याङ्कन गरी आयकर ऐन, २०५८ को दफा १९ आयकर तिर्ने सन्दर्भमा बनेको ह्रासकट्टी खर्च भनी असम्बन्धित ऐनको दफा लगाई मेरो बस सम्पूर्ण ह्रासकट्टीमा पारी राहतस्वरूप तत्काल प्राप्त गरेको रू.८४,०००।- रकमलाई नै क्षतिपूर्ति कायम गरिदिएको क्षतिपूर्ति राहतस्वरूप थप रकम निकासा दिन नसकिने भनी भएको निर्णय नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६६ विपरीत भई प्रथम दृष्टिमै दूषित र पूर्वाग्रही हुँदा उक्त निर्णय र पत्र बदरभागी छ।

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६८ को प्रकरण ४.२ को प्रावधान २०६१ सालको क्षतिपूर्तिको लागि लागू हुँदैन भन्ने जहाँसम्म अर्थ मन्त्रालयको पत्रको आशय छ जुन पूर्णरूपमा त्रुटिपूर्ण छ । उक्त कार्यविधि २०६६ को परिच्छेद १ को परिभाषा (क) मा यस कार्यविधिको प्रयोजनको लागि द्वन्द्वको अवधि भन्नाले २०५२ फागुन १ गते देखि विस्तृत शान्ति

सम्झौता हुँदाको मिति २०६३ मङ्सिर ५ गतेसम्मको अवधिलाई सम्झनुपर्दछ भनी स्पष्ट उल्लेख गरेको र प्रकरण ४.२.१ ले द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आयोजना गरेको बन्दको बेलामा नेपाल सरकारले गरेको आह्वानअनुरूप सञ्चालन गरिएका सार्वजनिक प्रयोगका यात्रुबाहक तथा मालबाहक सवारी साधनहरू द्वन्द्वरत पक्षहरूबाट क्षति पुर्‍याएकोमा सम्बन्धित सवारी धनिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने छ भनी व्यवस्था भएकोले सो कार्यविधि यस्तै क्षतिपूर्तिको लागि बनेको हो । द्वन्द्वकालमा घटेको घटनासमेतको क्षतिको क्षतिपूर्तिका लागि र आर्थिक सहायता दिने उद्देश्य, मनसाय उक्त कार्यविधिको रहेको छ । नेपाल सरकारले नागरिकलाई निश्चित अवस्थामा प्रदान गर्ने राहत क्षतिपूर्ति तथा आर्थिक सहायताको व्यवस्थालाई पारदर्शी र न्यायोचित तुल्याउन आवश्यक भएकोले नेपाल सरकारले यो कार्यविधि बनाई लागू गरेको भनी प्रस्तावनामा उल्लेख गरी द्वन्द्वपीडित भन्नाले द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरू द्वारा सम्पत्ति क्षति पुर्‍याएका व्यक्ति भनी परिभाषित गरी सो कार्यविधिको प्रकरण ४.२.७ ले क्षतिपूर्ति वितरणको व्यवस्थाका लागि "जिल्लाको स्थानीय क्षति मूल्याङ्कन समितिले क्षतिपूर्ति रकम निर्धारण गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा रकम माग गर्नुपर्नेछ । यस्तो रकम यकिन गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयले जिल्ला प्रशासन कार्यालयमार्फत सवारी धनीलाई उपलब्ध गराउने छ" भन्ने उल्लेख भए बमोजिम म निवेदकले पाउने क्षतिपूर्तिको रकम निकासा गरिनुपर्नेमा क्षतिपूर्ति / राहतस्वरूप थप रकम दिन नसकिने भनी मिति २०७१।१०।२ को निर्णयबमोजिम भन्दै अर्थ मन्त्रालयको मिति २०७१।१०।४ को पत्र नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ विपरीत भई गैरकानूनी र अन्यायपूर्ण भएकोले बदरभागी छ ।

अतः म देशको नागरिक द्वन्द्वकालको चपेटामा परेर उपर्युक्तानुसार मेरो ना.१ख ९७६२ को यात्रु बस माओवादी पार्टीले जलाएर क्षति गरिदिएको कुरा प्रमाणबाट पूर्ण रूपमा पुष्टि भइरहेको र सो कारणले मेरो व्यवसाय गरी खाने सम्पूर्ण पुँजी नै समाप्त भई व्यवसाय गर्दा लिएको कर्जाको ब्याज रकम हालसम्म तिर्न बुझाउनसमेत नसकी आफू र बालबच्चाको जीविकाको आधार सकिएको र उल्लिखित तवरबाट भएको क्षतिको लागि नेपाल सरकारको नीति अनुसार आर्थिक सहायता (क्षतिपूर्ति) अन्य नागरिकलाई दिइँदै आएको अवस्थामा म निवेदक विपक्षी विभिन्न मन्त्रालय, निकायमा दश वर्षसम्म कारवाहीमा रहिरहँदासमेत हालसम्म घुमिरहनु पर्ने अवस्था सिर्जना भएको र भौतिक पूर्वाधार यातायात मन्त्रालयले गरेको निर्णयबमोजिम विपक्षी अर्थ मन्त्रालयले क्षतिपूर्ति तथा राहत रकम निकासा नगरी अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई मिति २०७१।१०।४ मा क्षतिपूर्ति स्वरूप थप रकम निकासा गर्न नसकिने व्यहोराको मिति २०७१।१०।२ को निर्णयअनुसार अनुरोध छ भनी पत्र पठाई सम्पूर्ण कागजातको नक्कलसमेत नदिएबाट विपक्षीहरूको उक्त कार्यले म निवेदकको नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१), १२(३)(च), १३(१) र १९ ले संरक्षित अधिकार हनन् हुन गएको र उक्त हक प्रचलनको लागि अन्य वैकल्पिक कानूनी उपचारको बाटोसमेत नभएकोले सम्पूर्ण कारवाहीको फाइल झिकाई गलत र गैरकानूनी तरिकाले विपक्षी अर्थ मन्त्रालयबाट २०७१।१०।४ मा प्रेषित पत्र र मिति २०७१।१०।२ को निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार उत्प्रेषणको आदेशले बदर गरी द्वन्द्वको समयमा क्षति भएको मेरो ना.१ख ९७६२ नं. को यात्रुबसको क्षतिपूर्ति प्रमाणित मूल्याङ्कन रू.१०,९७,३७७।- मध्ये राहत स्वरूप तत्काल मैले प्राप्त गरेको रू.८४,०००।- कट्टि गरी बाँकी रकम तत्काल निकासा दिई द्वन्द्व पीडित

म निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने व्यहोराको निवेदकले मिति २०७१।११।४ मा यस अदालतमा दिएको रिट निवेदन।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू र लिखितजवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू। २०६१ वैशाख २५ गतेको घटनामा क्षति भएको कुरा निवेदनमा उल्लेख भएकोले चाँडो कारवाही किनारा गर्न औचित्यपूर्ण भएबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने व्यहोराको मिति २०७१।११।६ मा भएको यस अदालतको आदेश।

क्षतिपूर्ति सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७१।९।२२ मा यस मन्त्रालयलाई प्रेषित पत्रसाथ संलग्न कागजातमा गाडी निर्माण भएको वर्ष १९९७ (वि.स. २०५४) र क्षति भएको वर्ष वि.सं. २०६१ उल्लेख भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १९ को व्यवस्था अनुसार सवारी साधनमा प्रतिवर्ष २० प्रतिशतका दरले ह्रासकट्टी हुने व्यवस्था रहेको र सो मन्त्रालयबाट प्राप्त विवरण अनुसार सवारी साधनको scrap value रू.४०,०००।- उल्लेख भएको देखिन्छ भने राहत बापत तत्कालीन समयमा नै रू.८४,०००।- सवारी धनीले प्राप्त गरिसकेको परिप्रेक्षमा क्षतिपूर्ति स्वरूप थप रकम निकासा दिन सकिने स्पष्ट कानूनी आधार र औचित्यसमेत पुष्टि नभएकोले थप निकासा दिन नसकिने व्यहोरा मिति २०७१।१०।२ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई प.सं. ६०२ च.नं. ७२८ मिति २०७१।१०।४ को पत्रबाट अनुरोध गरिएको भन्ने व्यहोराको नेपाल सरकार अर्थ मन्त्रालयको लिखित जवाफ।

धरान-तेह्रथुम रूटमा यातायातको सेवा पुर्‍याई आएको ना.१ख ९७६२ नं. को सवारी साधन मिति २०६१।१।२५ मा तेह्रथुमको जिरीखिम्ती बजार नजिक बन्दको अवज्ञा गरेको भन्दै पेट्रोल छर्की आगजनी गरी गाडीको क्षति पुर्‍याएकोले निजलाई तत्काल रू.८४,०००। राहतस्वरूप रकम उपलब्ध गराइएको र नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६६ ले मिति २०५२।११।१ देखि २०६३।८।५ सम्मलाई द्वन्द्वको अवधि भनी परिभाषा गरेको तथा द्वन्द्वको अवधिमा क्षति पुर्‍याईएको सवारी साधनको इन्जिन, च्यासिससमेत कामै नलाग्ने भई पूर्ण रूपमा क्षति भएको अवस्थामा क्षतिको ९० प्रतिशत रकम क्षतिपूर्ति बापत उपलब्ध गराउने व्यस्था उक्त कार्यविधिको प्रकरण ४.२.२ ले गरेको छ। द्वन्द्वको समयमा चलाईएका सवारी साधनको आगजनी तथा क्षति भएमा स्थानीय सिफारिस समितिले क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्तिको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्ने व्यवस्था भएअनुरूप रिट निवेदकको उक्त सवारीको प्राविधिक मूल्याङ्कन रू.१०,५७,३७७।- को मूल्याङ्कन भई आएकोले सो रकम यस मन्त्रालयबाट सिधै निकासा गर्न सक्ने अवस्था नभएको एवं आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ बमोजिम आर्थिक दायित्य पर्ने विषयमा अर्थ मन्त्रालयको पूर्व सहमति आवश्क पर्ने भई पत्राचार गरिएकोमा उक्त मन्त्रालयबाट क्षतिपूर्ति तथा राहत निकासा नभएपछि यस मन्त्रालयले रिट निवेदकले दाबी गरेबमोजिमको रकम भुक्तानी गर्न सक्ने अवस्था नभएको हो। यस मन्त्रालयको के

कस्तो काम कारवाहीले रिट निवेदकको संविधान तथा कानूनद्धारा प्रदत्त हक एवं नागरिक राहत क्षतिपूर्ति आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ को मनसाय र भावनालाई प्रतिकूल असर पुग्ने गरी काम कारवाही गरिएको हो सो कुरा स्पष्ट उल्लेख गर्न नसकि बिना कारण र आधार यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरियो।

रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री चुडामणि पोखरेल र श्री विनोद शर्माले संविधानले व्यक्तिको निजी सम्पत्तिलाई स्वीकार गरी संरक्षणको प्रत्याभुति गरेको छ। सशस्त्र द्वन्द्वकाल भित्रै धरान-तेह्रथुम रूटमा चल्ने उक्त बस तेह्रथुमको जिरीखिम्ती नजिक तत्कालीन माओवादी पार्टीले निवेदकको उक्त यात्रुबाहक बसमा आगो लगाई रू.१०,९७,३७७।- मूल्य बराबरको क्षति पुगेको कुरामा विवाद छैन। नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ ले क्षति भएको सम्पत्तिको क्षतिपूर्ति गर्ने भन्ने प्रावधानविपरीत आकर्षित नै नहुने ऐनको उल्लेख गरी सवारी धनि रामबहादुर घिमिरेलाई क्षतिपूर्ति / राहतस्वरूप थप रकम निकासा दिन नसकिने निर्णय भएको भनी च.नं. ७२८ मिति २०७१।१०।४ को अर्थ मन्त्रालयको पत्रले रोकेको हुँदा उत्प्रेषणको आदेशले बदर गरी क्षतिपूर्ति दिनु भनी परमादेशलगायतका उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भनी र विपक्षीतर्फबाट सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिमल्सेनाले अर्थ मन्त्रालयको निर्णय र पत्र कानूनसम्मत रहेकोले रिट जारी हुनुपर्ने अवस्था विद्यमान नहुँदा खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

अब प्रस्तुत रिट निवेदनमा निम्न प्रश्नमा निर्णय दिनु पर्ने देखियो।

(१) निवेदकको मागबमोजिमको आदेश जारी हुने हो होइन ?

(२) जारी हुने भए के कति क्षतिपूर्ति कुन कानून वा कार्यविधिअनुसार पाउने ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा द्वन्द्वकालको चपेटामा परेर मेरो ना.१ ख ९७६२ नं. को यात्रुबाहक बस माओवादी पार्टीले जलाएर क्षति गरिदिएकोले मेरो व्यवसाय गरी खाने सम्पूर्ण पुँजी नै समाप्त भएको छ। उल्लिखित तवरबाट भएको क्षतिको लागि नेपाल सरकारको नीति अनुसार आर्थिक सहायता (क्षतिपूर्ति) दिइँदै आएकोमा म निवेदक विपक्षी मन्त्रालय, निकायमा दश वर्षसम्म कारवाहीमा रहि रहँदासमेत हालसम्म क्षतिपूर्ति नपाएको, भौतिक पूर्वाधार यातायात मन्त्रालयले गरेको निर्णयबमोजिम विपक्षी अर्थ मन्त्रालयले क्षतिपूर्ति तथा राहत रकम निकासा नगरी अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई मिति २०७१।१०।४ मा क्षतिपूर्ति स्वरूप थप रकम निकासा गर्न नसकिने व्यहोराको मिति २०७१।१०।२ को निर्णयअनुसार अनुरोध छ भनी पत्र पठाएको उक्त कार्यले म निवेदकको नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१), १२(३)(च), १३(१) र १९ ले संरक्षित अधिकार हनन् हुन गएकोले उक्त गैरकानूनी तरिकाले विपक्षी अर्थ मन्त्रालयबाट २०७१।१०।४ मा प्रेषित पत्र र मिति २०७१।१०।२ को निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार उत्प्रेषणको आदेशले बदर गरी द्वन्द्वको समयमा क्षति भएको यात्रुबसको क्षतिपूर्ति प्रमाणित मूल्याङ्कन रू.१०,९७,३७७।- मध्ये राहत स्वरूप तत्काल मैले प्राप्त गरेको रू.८४,०००।- कट्टी गरी बाँकी रकम तत्काल निकासा दिई द्वन्द्व पीडित म निवेदकलाई विपक्षीहरूको नाउँमा परमादेशलगायत

अन्य जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी रहेकोमा निवेदन अनुसारको अवस्था विद्यमान नहुँदा रिट खारेज भागी छ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

३. प्रस्तुत घटना मिति २०६१।१।२५ मा यात्रुबाहक बसलाई द्वन्द्वरत पक्ष नेपाल कम्युनिष्ट पार्टी माओवादीले आगो लगाई ध्वस्त गरिदिएको भन्ने रहेको छ। तत्कालीन समयमा प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ मा समानताको हक र १७ मा सम्पत्तिको हकसम्बन्धी व्यवस्था रही धारा ११ को समानताको हकमा निम्न व्यवस्था रहेको पाइन्छः

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन।

तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ।

(४) कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ।

(५) समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन भनी राज्यले नागरिकको समानता सुनिश्चित गरेको पाइन्छ।

त्यस्तै धारा १७ मा सम्पत्तिको हकसम्बन्धी प्रावधान निम्नअनुसार रहेको पाइन्छः

(१) सबै नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

(२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन।

(३) सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ भनी सम्पत्तिको सुनिश्चितता गरेको पाइन्छ।

४. उक्त प्रावधानहरू यसपछि जारी भएका संविधान नेपालको अन्तरिम संविधान, २०६३ र २०७२ सालमा संविधान सभाले जारी गरेको नेपालको संविधानमा समेत निरन्तरता रहेको पाइन्छ। ती संविधानहरूमा नागरिकलाई पेसा, रोजगार, उद्योग र व्यवसाय गर्ने स्वतन्त्रताको हक प्रदान गरेको पाइन्छ। प्रतिबन्धात्मक वाक्यांशमा उक्त धाराको कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन

रोक लगाएको मानिने छैन भन्ने व्यवस्था पनि रहेको छ । उपर्युक्त संवैधानिक व्यवस्था हेर्दा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने गरी वा कुनै खास उद्योग व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने गरी वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन सकिने भए पनि प्रचलित कानूनले प्रतिबन्ध नलगाएको कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्न पाउने नागरिकको मौलिक हकलाई निषेध गर्ने वा रोक लगाउने अधिकार कसैलाई रहेको देखिँदैन ।

५. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६ नेपाल सरकारले नागरिकलाई निश्चित अवस्थामा प्रदान गर्ने राहत, क्षतिपूर्ति तथा आर्थिक सहायताको व्यवस्थालाई पारदर्शी र न्यायोचित तुल्याउने उद्देश्यले भन्दै मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति २०६८ साल आश्विन १० गतेदेखि कार्यविधि प्रारम्भ भएको देखिन्छ । उक्त कार्यविधिमा *द्वन्द्वको अवधि भन्नाले २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मङ्सिर ५ गतेसम्मको अवधिलाई बुझ्नु पर्दछ* भनी र *द्वन्द्वपीडित भन्नाले यस कार्यविधिको प्रयोजनको लागि द्वन्द्वपीडित भन्नाले द्वन्द्वको अवधिमा सोको कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरू (पत्नी वा पति, छोराछोरी, बाबुआमा र सगोल परिवारका अन्य सदस्यहरू), द्वन्द्वको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरू, द्वन्द्वका कारणबाट आफ्नो ठाउँ छोडी देशभित्रकै अन्य ठाउँमा आन्तरिक रूपमा विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरू, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका बेपत्ता नागरिक तथा तिनका परिवारहरू, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूको अपहरणमा परेका व्यक्तिहरू र द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरूद्वारा सम्पत्ति क्षति पुर्‍याइएका व्यक्ति, परिवार तथा संस्थालाई बुझ्नुपर्छ* भनी परिभाषित गरिएको छ ।

६. अर्थ मन्त्रालयले मिति २०७१।१०।२ मा निर्णय गर्दा प्रचलित आयकर ऐन, २०५८ को दफा १९ को व्यवस्थालाई आधार लिई राहतस्वरूप थप रकम निकासा दिन नसकिने भनी च.नं. ७२८ मिति २०७१।१०।४ बाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्राचार भएको देखिन्छ । उक्त आयकर ऐन, २०५८, आयकरसम्बन्धी कानूनलाई संशोधन एकीकरण गर्न बनेको विशेष प्रयोजनको ऐन हो । सो ऐनको प्रस्तावनामा मूलुकको आर्थिक विकासको लागि राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजश्व परिचालनलाई अभिवृद्धि गर्न आयकरसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकुल बनाउन वाञ्छनीय भएकोले भनी मिति २०५८।१२।१९ मा लालमोहोर र प्रकाशन भएको देखिन्छ । आयकर ऐन, २०५८ को दफा १९ को व्यवस्थाअनुसार सवारी साधनमा २०% ह्रासकट्टीको प्रावधान रहेको भन्ने कुरा द्वन्द्वकालमा भएको नागरिकको सम्पत्तिको क्षतिपूर्ति दिने प्रयोजनका लागि बनाएको कार्यविधिमा समेत सोही ऐन आकर्षित हुन्छ भन्ने अर्थ मन्त्रालयको निर्णयको आधारसँग सहमत हुन सकिएन ।

७. यसरी उपर्युक्त विवेचित संवैधानिक प्रावधान र द्वन्द्वको समयमा भएको क्षतिलाई सम्बोधन गरी जनतालाई राहत पुर्‍याउने उद्देश्यले नै राज्यको तर्फबाट मन्त्रिपरिषद्ले निर्णय गरी नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६ लागू भएको देखिन्छ । उक्त कार्यविधिअनुसार द्वन्द्व पीडितहरूलाई राहत / क्षतिपूर्तिबापत रकम उपलब्ध गराएको छैन भनी लिखित जवाफ प्रस्तुतकर्ताहरूबाट उल्लेख हुन सकेको अवस्था नहुँदा समानबीच असमान अवस्था सिर्जना हुने गरी यी निवेदकलाई राज्यका तर्फबाट

पाउने राहत / क्षतिपूर्ति पाउन सक्दैन वा मिल्दैन भनी भन्ने अवस्था यस घटनाको विद्यमान प्रकृतिबाट समेत सकिने अवस्था छैन। अतः विवेचित आधार कारणबाट प्रस्तुत रिट निवेदनमा आदेश जारी हुने अवस्था देखियो।

८. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६ को प्रकरण ४.२ मा बन्द वा नाकाबन्दीको समयमा भएका सवारी साधन क्षतिबापत क्षतिपूर्तिसम्बन्धी व्यवस्था भएको पाइन्छ। प्रकरण ४.२.१ मा *द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आयोजना गरेको वन्द वा नाकाबन्दीको बेला सरकारले गरेको आह्वानअनुरूप सञ्चालन गरिएका सार्वजनिक प्रयोगका यात्रुबाहक तथा मालबाहक सवारी साधनहरू द्वन्द्वरत पक्षबाट क्षति पुर्‍याइएकोमा देहायबमोजिमको वर्गीकरण मापदण्डअनुसार प्रमुख जिल्ला अधिकारीले बन्द वा नाकाबन्दीको समयमा तत्कालीन सरकारले आह्वान गरेअनुरूप सञ्चालन गर्दा क्षति भएको भनी स्पष्ट किटान गरी पठाएको सिफारिसका आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सम्बन्धित सवारी धनीलाई क्षतिपूर्ति उपलब्ध गराउनेछ* भन्ने उल्लेख भएकोछ। प्रकरण ४.२.२ मा *सवारी साधनको इन्जिन, च्यासिससमेत काम नलाग्ने भई पूर्णरूपले क्षति भएको अवस्थामा क्षतिको १०% रकम क्षतिपूर्तिबापत उपलब्ध गराइनेछ* भन्ने प्रावधान रहेको पाइन्छ। यस प्रकरणबमोजिम क्षतिपूर्ति दिने प्रयोजनको लागि क्षति अंक निर्धारण गर्ने तरिका र प्राविधिक मूल्याङ्कनको तरिका प्रकरण ४.१ बमोजिम हुनेछ भन्ने प्रावधान रहेको पाइन्छ । प्रकरण ४.१.३ मा प्राविधिक मूल्याङ्कनको तरिका सूत्रसहित खुलाइएको पाइन्छ।

९. उक्त क्षति भएको बसको प्राविधिक मूल्याङ्कन रू.१०,९७,३७७।- रहेको, अवशेष मूल्य (scrap value) रू.४०,०००।- घटाउँदा हुन आउने रकम रू.१०,५७,३७७।- रहेको कुरा मिति २०६२।१२।१४ को सवारी साधन क्षतिको मूल्याङ्कन फारामबाट देखिएको छ । बिमाको सम्बन्धमा कुनै प्रमाण पेस भएको छैन भनी प्राविधिक मूल्याङ्कनमा खुलाइएको देखिन्छ । राहतस्वरूप रू.८४,०००।- बुझिसकेको भनी निवेदनमा नै खुलाएको देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निवेदकले पाउनु पर्ने रकम भुक्तानीको लागि बारम्बार अर्थ मन्त्रालयलाई निकासाको लागि पत्राचार भएको कुरा मिसिल संलग्न पेस भएका कागजात र उक्त मन्त्रालयको लिखितजवाफबाट समेत देखिएको अवस्था हुँदा उक्त कार्यविधिको प्रकरण ४.२ बमोजिम राहत / क्षतिपूर्ति दिनुपर्नेमा नदिई रकम निकासा दिन नसकिने भन्ने अर्थ मन्त्रालयको निर्णयलाई मनासिब र उपयुक्त निर्णय भनी मान्न सकिएन।

१०. अतएवः माथि विवेचित आधार र कारणहरूबाट अर्थ मन्त्रालयको सवारी धनी रामबहादुर घिमिरेलाई क्षतिपूर्ति/राहतस्वरूप थप रकम निकासा दिन नसकिने व्यहोराको मिति २०७१।१०।२ को निर्णय र सो निर्णय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई जानकारी गराउन च.नं. ७२८ मिति २०७१।१०।४ को पत्रसमेतबाट निवेदकको समानता, सम्पत्तिसम्बन्धी हक र पेसा रोजगार गर्न पाउने हकमा आघात पर्न गएको देखिँदा उक्त पत्रलगायत सो पत्रसँग सम्बन्धित सो निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएकोछ। अब निवेदकले दिएको निवेदन मागबमोजिम माथि विवेचित कार्यविधिको प्रकरण ४.२ बमोजिम क्षतिपूर्ति/राहतस्वरूपको रकम निवेदक रामबहादुर घिमिरेलाई दिन कारवाही अघि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत आदेशको कार्यान्वयनको लागि यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट

निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत: इन्द्रकुमार खड्का
इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

निर्णय नं. ९६८४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७३।५।१६

मुद्दा:- मानव बेचबिखन तथा ओसारपसार जबरजस्ती करणी।

०७०-CR-०५२४

पुनरावेदक / प्रतिवादी : जिल्ला संखुवासभा मत्स्यपोखरी गा.वि.स. वडा नं. ४ बस्ने घर भई हाल कारागार कार्यालय संखुवासभामा थुनामा बस्ने लाक्पा शेर्पा

विरूद्ध

विपक्षी/वादी : परिवर्तित उपनाम यमूना राईको जाहेरीले वादी नेपाल सरकार

०७०-CR-०८९४

विपक्षी/वादी : परिवर्तित उपनाम यमूना राईको जाहेरीले वादी नेपाल सरकार

विरूद्ध

पुनरावेदक/प्रतिवादी : जिल्ला संखुवासभा मत्स्यपोखरी गा.वि.स. वडा नं. ४ बस्ने घर भई हाल कारागार कार्यालय संखुवासभामा थुनामा बस्ने लाक्पा शेर्पासमेत

- **कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन नसक्ने।**

(प्रकरण न. ९)

- **अदालतले कानूनको व्याख्या गर्दा अपराधको प्रकृतिमा आएको परिवर्तनलाई समेत दृष्टिगत गर्नुपर्छ। यस अवस्थामा कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन। एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ। महिलाले महिलालाई जबरजस्ती करणी गर्नमा मानसिक, मनोवैज्ञानिक तथा सामाजिक कारणहरू रहेका हुन सक्छन्। जस्तो कुनै व्यक्ति शारीरिकरूपमा महिला भए तापनि मानसिक र मनोवैज्ञानिकरूपमा महिलाप्रति नै आकर्षित हुन सक्छ र आफ्नो मनोवैज्ञानिक सन्तुष्टिको लागि महिला माथि जबरजस्ती करणी गर्न**

सक्छ । त्यसै गरी कोही व्यक्तिले यौन रोमान्चकताको लागिसमेत यस प्रकारको कार्य गर्न सक्छ भने सामाजिक परिवेश र सम्बन्धको कारणले पनि मानिसमा यस प्रकारको मानसिकताको विकास भएको हुन सक्छ। यस्तो सम्बन्ध वा अनुभूतिभित्र पनि असहमति वा जबरजस्ती करणी हुन सक्छ । जसलाई कानूनको परिधिभित्र ल्याउनु आवश्यक हुने।

(प्रकरण न. १३)

सुरू तहमा फैसला गर्नेः-

मा.जिल्ला न्या. श्री शालिग्राम कोइराला

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री शम्भुबहादुर खड्का

माननीय न्यायाधीश श्री बिदुर बिक्रम थापा

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय दीपक राई र दिपेन्द्रकुमार राई

विपक्षी/वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दशरथ पंगेनी

अवलम्बित नजिर :

- नेकाप २०६७, नि.नं.८४६६, पृ.१५८८

सम्बद्ध कानून :

- मानव बेचबिखत तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

फैसला

न्या. सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ।

मेरो प्रतिवादी लाक्पा शेर्पासँग फोनबाट चिनजान भएको हो र सो क्रममा निजले म अजय जिमी हुँ, घर उर्लाबारीमा पर्छ, म ड्राइभिङ्ग पेसा गर्छु भनी बताएको हुँदा मैले पनि आफ्नो सत्य परिचय दिएँ। यस्तै क्रममा कहिले निजले गर्ने कहिले मैले फोन गर्ने क्रम बढ्दै जाँदा देखभेट नभएपनि हामी दुवैजनाबीच प्रेम सम्बन्ध भई विवाह गर्नेसम्मका कुराहरू भएपछि म लिन आउँछु भनेकाले मैले पनि हुन्छ भनी बोलाएको थिएँ । यस्तैमा मिति २०६७/११/२२ गते दिनको अं.४ बजेतिर म सेदुवाको स्कुलमा आई पुगेको छु भनी हुलियासमेत बताएकोले म उक्त स्थानमा गई भेटघाट भयो। निजले मसँग एकजना विजय भाइ पनि छ भनी बताएकोले निजहरू दुवैजनालाई लिएर मेरो मामा बुद्धिमान राईको घरमा लगी बेलुकाको खाना खुवाई दुवै जनालाई एउटै कोठामा अलग अलग खाटमा सुताएँ। म घरधन्दा सकी आफ्नो कोठामा सुतेँ। रातको अं १० बजेतिर निज अजय जिमीले मेरो मोवाइलमा एस.एम. एस गरी एकछिन मसँग आउ गफ गरौं भनेकोले म निजको कोठा बेडमा आई निजसँग गफ गरे। गफ गर्ने क्रममा के गर्दै छौ ? पढाई कस्तो छ ? म तिमीलाई लिन आएको विवाह गर्नु पर्छ भनी मलाई भन्दा मेरो परीक्षा आई सकेको छ, परीक्षा नदिई म जान्न भनी मैले भनेँ। निजले पनि उक्त कुरालाई स्वीकार गरी ठीकै छ, म पछि लिन आउँछु, भोलि बिहान जान्छु भनेपछि निजले मलाई यही सँगै सुतौंभन्दा मैले सो कुरा इन्कार गर्दा नकराउ भाइले थाहा पाउँछ भन्दै निजले समाती निजसँग सुताए। मैले पनि प्रेम सम्बन्ध भइसकेको हुँदा धेरै प्रतिकार गरिन। सुतेपछि निजले मेरो स्तनमा हात राखी करणी गर्नमा उत्तेजित गराउने गरेकाले स्वाभाविकरूपमा मैले स्वीकारेँ। निजले २ पटक करणी गरे। तर हालसम्म मलाई कोही कसैले करणी नगरेको हुँदा मेरो योनिमा पस्यो वा पसेन थाहा भएन। त्यसपछि हामी दुवै जना निदायौं। बिहान अं.३ बजेतिर ब्युँझिई माइजुले थाहा पाउँछ भनी उठी आफू सुतेको कोठामा गई सुतेँ। बिहान गाउँका बुद्धिमान राई, दिलबहादुर राईसमेत आई निजहरूको घर, पेसा

सोधपुछ गर्दै हुनुहुन्थ्यो । सो क्रममा अजय राई जिमी र विजय जिमीले हामी दुवै जनाको घर उर्लाबारी भनी भन्दै गर्दा मेरो छेमा नाता पर्ने सुकमाया राईले यो त केटा होइन केटी हो भनी भन्दा निजहरूले हामी दुवैजना केटा हौं भन्दा दिलबहादुर राई र बुद्धीमान राईले हामी चेक गछौं भनी अजय राईलाई चेक गर्दा निज अजय भन्ने केटी जाति भएको र निजले पेन्टीमा नक्कली (कृत्रिम) लिङ्गसमेत लुकाई राखेको अवस्थामा फेला परेको हुँदा सोही लिङ्गबाट मलाई राति करणी भएको हुनसक्ने र नाम, थर, वतनसमेत ढाँटी मलाई वेश्यावृत्तिमा लगाउने, शोषण गर्ने उद्देश्यले जालसाज गरी प्रपन्च मिलाई झुक्याई केटा हुँ भनी कहीँकतै लगी बेचबिखन गर्ने उद्देश्य रहेको हुँदा उल्लिखित प्रतिवादी लाक्पा शेर्पा र निजका सहयोगी सागर शेर्पालाई पक्राउ गरी मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐनअन्तर्गत हदैसम्मको सजाय गरिपाउँ साथै उक्त कार्यमा संलग्न अन्य कोही भए निजहरूबाटै खुलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाली परिवर्तित उपनाम यमुना राईको मिति २०६७।११।२७ गतेको जाहेरी दरखास्त ।

जसबहादुर बानियाँको घरले पूर्व, चन्द्रबहादुर गुरूङको घरले पश्चिम, नुमतिर आउने मूल बाटोले उत्तर र बुद्धिमान राईकै घरबारीले दक्षिण यती ४ किल्लाभित्र जस्ताको छाना भई दक्षिण मोहडा भएको ढुङ्गा र माटोले बनेको तीनतल्ले बुद्धिमान राईको घर, सोही घरको आँगनमा प्रतिवादी लाक्पा शेर्पाको शरीर तलासी लिँदा निजले लगाएको कालो पेन्टीभित्र पेन्टीमा बाँधेको अवस्थामा ७ इन्च लम्बाई ५.५ इन्च गोलाई भएको भित्र कपडा जस्तो बस्तु र बाहिर अस्थाई साधन कण्डमले बेरेर लगाई बनाएको कृत्रिम लिङ्ग बरामद भएको भन्नेसमेत व्यहोराको मिति २०६७/११/२३ गतेको घटनास्थल बरामदी मुचुल्का ।

जाहेरवालीसँग मेरो चिनजान मोबाइल फोनबाट भएको हो । मैले निजलाई ढाँटेर केटा भनेको कारणले निज र मबीचमा मोवाइल फोनबाट प्रेम सम्बन्ध भई विवाह गर्नेसम्मको कुराकानी भयो । हामी भेट हुनुपर्छ, मलाई भेट्न आउ भनी निजले भनेकाले मिति २०६७।११।२१ गते मेरो बडा बाबुको छोरीको छोराको नुम गा.वि.स.मा विवाह भएको हुँदा विवाहको निम्तो मान्न म र मेरो फुपूको छोरो हाल पक्राउ परी आएको सागर शेर्पासमेत गएका थियौं । जाहेरवालीले फोन गरी जसरी भएपनि भेट्न आउनु भनेकोले २०६७/११/२२ गतेका दिन म र मेरो भाइ जाहेरवालीले दिएको ठेगाना तिर गयौं । निज हामी भएको ठाउँमा आई पुगिन । त्यसपछि गफगाफ गर्दै तीनै जना निजको मामाको घरमा गयौं । बेलुकाको खाना खाई सकेपछि निजले मलाई र मेरो भाइलाई तीनवटा खाट भएको कोठामा सुत्नको लागि व्यवस्था मिलाइन् । भाइ एउटा खाटमा सुत्यो । म एउटा खाटमा सुतेकी थिएँ । रातको अं.२२ बजेको समयमा मैले निज जाहेरवालीलाई म सुतेको कोठामा बोलाएँ । त्यसपछि म र निज बीचमा परीक्षासम्बन्धीका सामान्य गफगाफ भयो । मैले हातले निजको कम्मरमा समाउँदा निजले मेरो हात आफ्नो स्तन माथि राखिन र थिच्न थालिन । सोही क्रममा मैले पनि निजको स्तन चलाउन खेलाउन थाले, त्यसपछि निज अमिसा राई यौन तृष्णा उत्तेजित भइन् । मैले आफ्नै लागि प्रयोग गर्न भनी कपडा र कण्डमले बनाएको कृत्रिम लिङ्ग निजको योनिमा छिराई दुई तीन पटक तलमाथि गरी दिएँ । त्यसपछि हामी दुवैजना एउटै खाटमा सुत्यौं । त्यसपछि रातको २ बजेतिर निज ब्युझिएर आफ्नो कोठातिर गइन । भोलिपल्ट बिहान हामी उठेर चिया खाई रहेको अवस्थामा एकजना आइमाई मानिसले मलाई देखाउँदै यो लोग्ने मानिस होइन, आइमाई मानिस हो भनेपछि त्यहाँ भेला जम्मा भएका मानिसहरूले मलाई समाती केही पर लगी मैले लगाएको कपडा खोल्दा मैले पेन्टीभित्र बाँधेर लुकाई राखेको कृत्रिम लिङ्ग फेला पारेका

हुन । सो लिङ्ग विगत ३ महिना अगाडि आफैँलाई प्रयोग गर्नको लागि बनाएकी थिएँ । जाहेरवालीसँग फोन गर्दा केटा हुँ भनेको र निजसँग भेट गर्न जाँदा केटा मानिसको अनुभूती दिलाउनको लागि त्यसरी कृत्रिम लिङ्ग लुकाएर लगेकी हुँ । मैले मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले सो कार्य पीडितउपर गरेको होइन । उक्त कार्य गर्नमा मेरो कोही कसैसँग संलग्नता छैन । जाहेरवालीसँग मोबाइलमा फोनमा कुरा हुँदा मैले छोरा मानिस हुँ भनी ढाँटेको कारण पछि प्रेम सम्बन्ध बढ्दै गएपछि मैले सोसम्मको कार्य गरेकी हुँ । मेरो भाइ प्रतिवादी सागर शेर्पाले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन । निजलाई मैले मेरो साथीको घरमा घुम्न जाउँ भनी लिएर मात्र गएकी हुँ । जाहेरवालीलाई मैले मात्र कृत्रिम लिङ्गले जबरजस्ती करणी गरेको हो । जाहेरवालीलाई मानव बेचबिखन तथा ओसारपसार कार्य गर्नको लागि नाम ढाँटेको होइन । मोबाइलमा सुरूमा सम्पर्क हुँदा नै हामीले सोही नाम बताएका थियौं भन्नेसमेत व्यहोराको प्रतिवादी अजय भन्ने लाक्पा शेर्पाले मिति २०६७/१२/३ गते अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

हाल मसँग पक्राउ परी आएकी लाक्पा शेर्पा मेरो माहिलो मामा शेरबहादुर शेर्पाकी जेठी छोरी हुन् । मिति २०६७/११/२१ गते मेरो मामा नाता पर्नेको विबाहको निम्तो मान्न भनी म र लाक्पा शेर्पा गएका थियौं । बाटोमा जाँदा लाक्पा शेर्पाले मलाई मेरो नाम अजय भनेको छु । तिमीले तिम्रो नाम विजय भन्नु र घर सोध्यो भने उर्लाबारी भन्नु भनी सिकाएकी हुँदा हामी दुवै जना निजको साथीको घरतिर गयौं । मकालु गा.वि.स. स्थित सेदुवा स्कुलमा पुग्दा दिनको १६ बजेको समय भएको थियो होला, जाहेरवाली त्यहाँ आइन् । जाहेरवाली र लाक्पा शेर्पा गफगाफ गर्न थाले । त्यसपछि केहीबेर जाहेरवालीले हामीहरूलाई निजको मामाको घरमा लगी खानासमेत खुवाई कोठामा लगिन् । म गलेको, ज्वरो र टाउकोसमेत दुखेको हुँदा एउटा खाटमा सुती हालेँ। भोलिपल्ट बिहान हामी चिया खाएर बसी रहेको अवस्थामा गाउँका दुई तीन जना लोग्ने मानिस र आईमाई मानिसहरू आए र हामीहरूसँग परिचय माग्दा लाक्पाले अजय जिमी र मैले विजय शेर्पा, घर उर्लाबारी–३ भन्यौं । त्यसपछि एकजना आईमाई मानिसले लाक्पालाई देखाउँदै यो त आइमाई मानिस हो भनेपछि त्यहाँ आएका मानिसहरूले लाक्पालाई केही परतिर लगेपछि निजले लगाएको कपडा खोल्न लगाउँदा निज लाक्पाले लगाएको पेन्टीभित्र लुकाई राखेको कृत्रिम लिङ्ग फेला परेको हो । जाहेरवालीलाई मैले मानव बेचबिखन तथा ओसार पसारको कार्य गरेको होइन । निजसँग उक्त मिति समयमा मेरो बोलचालसमेत भएको थिएन । सोभन्दा अगाडि पीडितलाई मैले देखेको पनि थिइँन । म र लाक्पा शेर्पा एउटै कोठामा भएका अलग अलग खाटमा सुतेका थियौं । राति जाहेरवाली र लाक्पा शेर्पा लाक्पा शेर्पा सुतेकै खाटमा खासखुस कुरा गरेको सुने । मलाई ज्वरो आई टाउकोसमेत दुःखेको हुँदा के के गरे मलाई थाहा भएन । मैले जाहेरवालीलाई कुनै परिबन्दमा पारी झुक्याई प्रलोभनमा पारी शरीर बन्धक बनाई मानव बेचबिखन तथा ओसार पसारको कार्य गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विजय भन्ने सागर शेर्पाले मिति २०६७/१२/३ गते अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जाहेरवालीलाई लाक्पा शेर्पाले करणी गरेको प्रत्यक्ष नदेखेको कारण भन्न सक्दिन । सामान्यतया अवस्था हेर्दा लाक्पा शेर्पाले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले त्यस्तो अपराध गर्न सक्नेसम्मको शंका लाग्छ । लाक्पा शेर्पाको साथबाट मानव लिङ्ग जस्तो आकारको कृत्रिम वस्तुसमेत बरामद भएको हो । के कुन उद्देश्यबाट त्यस्तो अपराध गरे अनुसन्धान गरिपाउँ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने बुद्धिमान राईको मिति २०६७/१२/८ गतेको मौकाको कागज ।

लाक्पा शेर्पाले नाम वतन लिङ्गसमेत ढाँटी विवाह गर्छु भन्ने बाहानामा कहीँकतै लगि बिक्री

वितरण गर्ने वा यौन शोषण गर्न लान लागेको हुन पर्छ। प्रतिवादी सागर शेर्पासमेत लाक्पा शेर्पाकै साथमा लागि सहयोगीको रूपमा गएको बुझिएको हुँदा निजहरू दुवै जनाको मिलेमतोबाट मानव बेचबिखन तथा ओसार पसारको अपराध गरेको विश्वास लाग्छ। सागर शेर्पाले जाहेरवालीलाई जबरजस्ती करणी गरेको भन्ने सम्बन्धमा केही थाहा छैन। हाल पक्राउ परी आएका लाक्पा शेर्पा र सागर शेर्पाबाहेक अन्य कोही कसैको संलग्नता भएको थाहा छैन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने दिलबहादुर राईसमेत ५ जनाको एकै मिलानको मिति २०६७/१२/९ गतेको वस्तुस्थिति मुचुल्का।

मेरो छोरी प्रतिवादी लाक्पा शेर्पा र सागर शेर्पा गाउँ घरमा समान्य मजदुरी गरी खाने मानिसहरू हुन्। हालसम्म कोही कसैलाई निजहरूले बिक्री वितरण गरेको छैन र मानव बेचबिखन तथा ओसार पसार जस्तो जघन्य प्रकृतिको अपराध गरेको होइन छैन। यसमा सत्यतथ्य बुझी न्याय दिलाई पाऊँ। छोरी लाक्पा शेर्पा छोरी भएर जन्मे पनि छोराको जस्तो व्यवहार गर्ने गर्थिन् भन्नेसमेत व्यहोराको शेरबहादुर शेर्पाको मिति २०६७/१२/९ गतेको कागज।

मिति २०६७/११/२२ गते मकालु गा.वि.स. वडा नं. ७ स्थित सेदुवा भन्ने ठाउँमा गई आफ्नो साथमा भाइ नाता पर्ने सागर शेर्पासमेतलाई लिई गई सागर शेर्पासमेतले आफ्नो नाम थर वतन ढाँटी पीडिता बालिकालाई बेचबिखन तथा ओसार पसार गरी बुद्धिमान राईको होटल घरमा राखि लाक्पा शेर्पाले जाल प्रपन्च रची पुरूष हुँ भनी कृत्रिम लिङ्गले जबरजस्ती करणी गरी अर्का सँगसाथमा भएका सागर शेर्पासमेतले जबरजस्ती करणी गरी प्रतिवादीहरू दुवैले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३, ४(२)(ख) तथा मुलुकी ऐन जबरजस्ती करणीको १, ३(३) र ३(क)नं. विपरीतको कसुर गरेको हुँदा प्रतिवादीहरू लाक्पा शेर्पा र सागर शेर्पासमेतलाई मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ङ)(२) र मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. अनुसार सजाय गरी सामूहिकरूपमा प्रतिवादीहरूले जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको दफा ३(क) नं.अनुसार थप सजाय गरी पीडितलाई मानव बेचबिखन तथा ओसार पसार ऐन, २०६४ को दफा १७नं. अनुसार प्रतिवादीहरूको अंश रोक्का गरी क्षतिपूर्ति दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय चैनपुरको मिति २०६७/१२/२० को अभियोग पत्र।

यी पीडित जाहेरवालीसँग मोवाइलबाट चिनजान भई मोबाइलमै प्रेम सम्बन्धसमेत भएको हो। मलाई जसरी भएपनि भेट्न आउनु भनी पटक पटक कर गरेको हुँदा मेरो फुपूको छोरा भाइ नाता पर्ने सागर शेर्पालाई साथी लिई मकालु गा.वि.स. को सेदुवा भन्ने ठाउँको स्कुलमा पुगी बसेको बेला निज पीडित हामीलाई लिन स्कुलमा आई निजको मामा घरमा जाउँ भनी कर लगाएकोले मामा घरमा गई बस्यौं। रातको अं. ११ बजेतिर निज जाहेरवाली मेरो खाटमा आई मसँगै ढल्किई। निज मसँगै सुत्यो। मैले निजलाई केही पनि गरिन। कतिखेर उठेर निज गइन् मलाई थाहा भएन। भोलिपल्ट बिहान उठी खाना खाई बाहिर बसिरहेको अवस्थामा पीडितका मामासमेत आई मलाई समाती तानी लगि कुटपिट गरी तँ केटा कि केटी भनी सोध्यो। म केटी हुँ भनेँ। त्यसपछि थानामा लगी कुट्दै मैले लगाएको कपडा खोल्दा मसँग भएको बनावटी लिङ्गसमेत फेला पारेको हुँदा उक्त नभएको जिउ मास्ने बेच्ने र जबरजस्ती करणीसमेतमा कृत्रिम लिङ्ग फेला पारेपछि शंकाका भरमा उजुर जाहेरी गरेका हुन्। मेरो श्रीमान्ले मलाई छाडी अर्को विवाह गरी बसेको हुँदा म आफूलाई आवश्यक भएको बखत आफैँले प्रयोग गर्न कपडाको कृत्रिम लिङ्ग बनाई बोकेकी हुँ। प्रतिवादी सागर शेर्पा र यी पीडितबीच बोलचालसमेत

नभएको हुँदा निजले पीडितलाई जबरजस्ती करणी गरेको होइन । मलाई सबैले समलिङ्गी नै भन्छन् । मसमेत भई पीडितलाई मानव बेचबिखन तथा ओसार पसार तथा जबरजस्ती करणीसमेत केही गरेको होइन । जाहेरवालीलाई केटा हुँ भनी नाम थर वतन ढाँटको हुँ । सोबाहेक अन्य कुनै कसुर मैले गरेकी छैन भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पाले मिति २०६७/१२/२० गते सुरू अदालतमा गरेको बयान ।

म र दिदी २०६७/११/२२ गते बिहान ९ बजेतिर नुमबाट बाटो लागि बेलुकी अं. ५ बजे सेदुवा स्कुलमा पुग्यौं । स्कुलमा पुगेपछि दिदीको साथीले फोन गरिन् । केहीबेर पछि केटी सो स्कुलमा आइपुगी । दुईजनाबीच कुराकानी भयो । म बिसन्चो भएको कारण स्कुलको बेन्चमा सुती रहेको थिएँ । रात परेकोले जाहेरवालीले आफ्नो मामाको घरमा जाऔं भनी दिदीलाई भनिन् । निजहरू दुवैजना गफ गर्दै अगाडि हिँडे । म पछिपछि गएँ । खाना खाई सकेपछि पुनः सुत्न गयौं । केही समयपछि जाहेरवाली हामी सुतेको कोठामा आई ढोका बन्द गरी दिदीसँग गफ गरी बस्यो । म निदाएँ । त्यसपछि के के भयो मलाई थाहा भएन । मैले नाम थर, वतन ढाँटी प्रलोभनमा पारी जाहेरवालीउपर जबरजस्ती करणी गरी मानव बेचबिखन तथा ओसार पसारको कार्य गरेको होइन । मसँग जाहेरवालीको दोहोरो बोलचालसम्म भएन । मैले जाहेरवालीलाई कुनै प्रपन्च मिलाई प्रलोभनमा पारी जबरजस्ती करणी र मानव बेचबिखन तथा ओसार पसारसमेतको कार्य गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी सागर शेर्पाले मिति २०६७/१२/२० गते सुरू अदालतमा गरेको बयान ।

लाक्पा शेर्पा केटी भएको र कृत्रिम लिङ्ग साथमा राखि नामसमेत ढाँटी केटीलाई फकाउने कार्य गरेको हुँदा निजले र अर्का प्रतिवादी सागर शेर्पाले निजसँगै मिलेमतो गरी हिँडेको हुँदा निजहरूले मानव बेचबिखन तथा ओसार पसार गरेकोमा मलाई विश्वास लाग्छ । साथै एकै कोठामा पीडितसमेत तीनैजना सुतेको हुँदा जबरजस्ती करणी पीडिताउपर दुवै प्रतिवादीले गरेको शंका लाग्छ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने बुद्धिमान राईले मिति २०६८/१/२८ गते सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादी सागर शेर्पा र लाक्पा शेर्पा गाउँ घरमै बसी बनिबुतो गरी अलैंचीको व्यापारसमेत गरी खाने साधारण परिवारका किसान हुन् । बानी व्यहोरा सबै ठीक छ । मानिस ओसार पसार गरी बेचबिखन गर्ने खालका मानिस होइनन् । प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसार पसारको झुट्टा आरोप मात्र लगाएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पाका साक्षी सुनाभुटी शेर्पाले मिति २०६८/१/२८ गते सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीहरूले पीडित वर्ष १५ की लाई जबरजस्ती करणी र मानव बेचबिखन तथा ओसार पसारको कसुर अपराध गरेको भन्ने कुरामा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको बरामदी मुचुल्कामा बस्ने रामबहादुर राईले मिति २०६८/१/२८ मा सुरू अदालतमा गरेको बकपत्र । यी प्रतिवादीहरू गाउँ घरमा खेती किसानी गरी खाने मानिस हुन् । सागर शेर्पा पढ्दै गरेको केटा पनि हो । मलाई थाहा भएसम्म यी प्रतिवादीहरू मानव बेचबिखन गर्ने मानिस होइनन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने श्यामबहादुर शेर्पाले मिति २०६८/१/२८ गते सुरू अदालतमा गरेको बकपत्र ।

पीडितले जबरजस्ती करणी गरेका हुन् भनेकीले जबरजस्तीको कुरामा मलाई विश्वास लाग्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने सुकमाया राईले मिति २०६८/१/२८ गते सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरू घर छाडी मधेससम्म नगएको, गाउँ घरमा नै बस्दै आएको, खेती किसान गर्ने राम्रो आचरण गर्ने खालका मानिस हुन् भन्नेसमेत व्यहोराको

मौकामा कागज गर्ने सन्देश शेर्पाले मिति २०६८/१/२९ गते सुरू अदालतमा गरेको बकपत्र ।

मैले जबरजस्ती करणी गरेको देखेको होइन । पीडित उपनाम यमुना राईले सुनाउँदा सुनी थाहा पाएको हुँ। एक नारीमाथि नारीले नै कृत्रिम लिङ्ग प्रयोग गरेको हुनाले प्रतिवादी लाक्पा शेर्पाको नियत ठीक नभएको, प्रतिवादीहरूले आफ्नो स्थायी ठेगाना लुकाए छुपाएको र पीडितलाई जागिरको प्रलोभन देखाई आफ्नो वास्तविक नामसमेत ढाँटेकाले बेचबिखन गर्न सक्छन् भन्नेसमेत व्यहोराको बरामदी मुचुल्कामा बस्ने भक्तबहादुर राईले मिति २०६८/१/२९ गते सुरू अदालतमा गरेको बकपत्र ।

वस्तुस्थिति मुचुल्कामा लेखाएको व्यहोरा मैले नै लेखाएको हुँ प्रतिवादीहरूमध्ये लाक्पा शेर्पालाई कानूनबमोजिम मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी कसुरमा सजाय हुनुपर्छ, छुट दिनु हुँदैन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने दिलबहादुर राईले मिति २०६८/१/२९ गते सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६७/११/२७ गते मा दिएको जाहेरी दरखास्तमा लेखिएको व्यहोरा र त्यसमा भएको सहीछाप साथै मिति २०६७/११/२९ गते मैले मौकामा गरेको बयानको व्यहोरासमेत मैले नै लेखाएको हो र त्यसमा भएको सहीछाप पनि मेरै हो । मैले निजहरूलाई म बस्ने मामा घरमा लगि खाना खुवाई पाहुना सुत्ने कोठामा ओछ्यान लगाई रहेकै ठाउँमा सुत्न दिई लाक्पा शेर्पाले एकछिन आउनु भनी भनेकाले जाँदा मलाई निजहरू मध्ये लाक्पा शेर्पाले जबरजस्ती निज सुतेको खाटमा लडाई मैले लगाएको सुरूवाल र पेन्टी खोली मलाई उत्तानो पारी सुताई म माथि चढ्यो । मैले लिङ्ग देखिन । मेरो योनिमा लिङ्ग पसाउन खोज्दा मैले इन्कार गरेकोले प्रवेश गराएनन् । लाक्पालाई करणी गर्न नदिएपछि प्रतिवादी लाक्पा आफैँ उठी अर्को खाटमा गए । त्यसपछि सागर मलाई पहिले लाक्पाले सुताएको खाटमा आई स्तन समाउन खोज्दा मैले दिइँन । निजले लिङ्ग निकाली म माथि चढी मेरो योनिमा लिङ्ग प्रवेश गराई दुई तीन पटक तल माथि गरायो । त्यसपछि मैले निजलाई ओरालेँ र आफ्नो कोठामा सुत्न गएँ । सागर शेर्पाले करणी गर्दा मलाई असहज र अफ्ठयारो र दुःखेको महसुस भएको थियो । निज प्रतिवादी लाक्पा शेर्पा र सागर शेर्पाले मलाई जागिर लगाई दिन्छौ, नकराउ भनेको हुँदा कुनै प्रतिकार नगरेको हुँदा कसैले थाहा नपाएको हो । यसरी आफ्नो नाम थर वतन लिङ्गसमेत ढाँटी म माथि मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणीको कसुर प्रतिवादी दुवैले गरेका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाली परिवर्तित उपनाम यमुना राईले मिति २०६८/१/२९ गते यस अदालतमा गरेको बकपत्र ।

नदेखे नसुनेको हुँदा प्रतिवादीहरूले जाहेरवालीलाई मानव बेचबिखन गर्ने उद्देश्यले जबरजस्ती करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका साक्षी तेम्बा शेर्पाले मिति २०६८/१/२९ गते सुरू अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको १ र ३(३) नं. एवं ३(क) नं. बमोजिम जबरजस्ती करणीको कसुर अपराध पीडितउपर गरेको ठहर्छ । दुवै जना प्रतिवादीहरूलाई जनही जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद सजाय हुने ठहर्छ र साथै सामूहिक रूपमा जबरजस्ती करणीको वारदात भएको देखिँदा ऐ. महलको ३(क) नं बमोजिम जनही थप वर्ष ५ कै हुने ठहर्छ । साथै पीडितले प्रतिवादीहरूबाट जनही रू.५०,०००/– क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू संखुवासभा जिल्ला अदालतको मिति २०६९/३/२० को फैसला ।

मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ दफाको ३ र ४(२) ख मा वेश्यावृत्तिमा

लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई प्रलोभनमा पारी झुक्याई जालसाज गरी प्रपञ्च मिलाउने सम्मको काम गरेमा मानव बेचबिखन तथा ओसापसार गरेको अपराध हुने स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै कानूनी व्यवस्थालाई ग्रहण नगरी केवल मानव बेचबिखन ओसार पसार गरेकै तथ्य स्थापित नभएको भनी गरेको फैसला त्रुटिपूर्ण छ । मानव बेचबिखन तथा ओसार पसार मुद्दामा प्रमाणको भार प्रतिवादीमा निहित छ । प्रतिवादीहरूले निर्दोषिताको प्रमाण पुर्‍याउन सकिरहेको अवस्था नहुँदा मिसिल संलग्न प्रमाणको मूल्याङ्कन नगरी गरिएको फैसला त्रुटिपूर्ण भई बदर भागी हुँदा सुरू अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, धनकुटामा दायर भएको पुनरावेदन पत्र ।

पीडित र हामी प्रतिवादीहरूबीच भएको कार्यहरू सहमतिबाट भएको पुष्टि हुन्छ अतः हाम्रो इन्कारी बयान, साक्षीहरूको बकपत्र, पीडित र म सागरको स्वास्थ्य परीक्षण प्रतिवेदनले हामीले आरोपित कसुरबाट सफाइ पाउने प्रमाण पुष्टि भइरहेको हुँदाहुँदै हामीलाई जबरजस्ती करणीको कसुरदार ठहर्‍याई सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पा र सागर शेर्पाको पुनरावेदन अदालत, धनकुटामा परेको संयुक्त पुनरावेदन पत्र ।

प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ अन्तर्गतको कसुर गरेको पुष्टि हुन नसकेकोले सो तर्फको अभियोग दाबीबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सो हदसम्म सुरू फैसला सदर हुने ठहर्छ । प्रतिवादी सागर शेर्पाले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी प्रमाणित हुन सकेको नदेखिएको तथा प्रतिवादी लाक्पा शेर्पाले नाबालक पीडितलाई अप्राकृतिक मैथुन गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९(क) बमोजिमको कसुर गरेको देखिन आएकोले यी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(३) नम्बर बमोजिमको कसुर गरेको ठहर्‍याई ए. ३(२) नम्बर तथा ३(क) नं. बमोजिम सजाय गर्ने गरी सुरू संखुवासभा जिल्ला अदालतबाट भएको मिति २०६९।३।२० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी सागर शेर्पाले अभियोग दाबीबमोजिम सफाइ पाउने तथा प्रतिवादी लाक्पा शेर्पालाई जबरजस्ती करणीको महलको ९(क) नं. बमोजिम ७ वर्ष कैदको सजाय हुने र पीडितलाई प्रतिवादी लाक्पा शेर्पाबाट रू.५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ । अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने व्यहोराको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।२।२१ को फैसला ।

प्रस्तुत मुद्दामा जबरजस्ती करणीको मुद्दा नै होइन । मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ अन्तर्गतका मुद्दा विशेष ऐन र मुलुकी ऐनअन्तर्गतका कसुरलाई एउटै विशेष ऐनअनुसार अभियोग लगाइएकोले प्रस्तुत मुद्दाको अभियोगमा कार्यविधिगत त्रुटिसमेत रहेको स्पष्ट छ । जहाँसम्म जबरजस्ती करणीतर्फको अभियोग दाबी छ सो सम्बन्धमा महिलाले महिलालाई जबरजस्ती करणी गर्न नसक्ने तथा सो सम्बन्धमा हालसम्म कानूनले नसमेटिएको साथै कृत्रिम लिङ्गलाई जबरजस्ती करणीको महलअनुसार अपराध कायम गर्न नमिल्ने भएकोले मलाई अभियोग दाबीबाट फुर्सद दिएको हदसम्मको पुनरावेदन अदालत, धनकुटाको फैसला सदर गरी अप्राकृतिक मैथुनतर्फ अदालतले परिभाषा गरी सजाय गरेको हदसम्म फैसला बदर गरी मलाई फुर्सद दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी लाक्पा शेर्पाको यस अदालतमा परेको मिति २०७०।५।२१ को पुनरावेदन पत्र ।

नाबालकलाई अप्राकृतिक मैथुन गरेको वारदातलाई समेत मुलुकी ऐन जबरजस्ती करणीको महलको ९(क) नं. ले जबरजस्ती करणी नै मानेको अवस्थामा नाबालकलाई एक जनाले प्राकृतिक रूपले जबरजस्ती करणी गरेको तथा अर्कोले अप्राकृतिक मैथुन गरेको अवस्थालाई समेत सामूहिकरूपमा जबरजस्ती करणी गरेको मानिने अवस्था हुँदा प्रत्यर्थी प्रतिवादी लाक्पा शेर्पालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(क) नं. बमोजिम थप सजाय हुनुपर्नेमा निज प्रत्यर्थी प्रतिवादी लाक्पा शेर्पाले मात्र जबरजस्ती करणी मानिने अप्राकृतिक मैथुन गरेको ठहर्‍याई निज प्रत्यर्थी/प्रतिवादी लाक्पा शेर्पालाई जबरजस्ती करणीको महलको ३(क) नं. बमोजिम थप कैद नगरेको पुनरावेदन अदालत, धनकुटाको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको हुँदा प्रत्यर्थी/प्रतिवादी लाक्पा शेर्पालाई जबरजस्ती करणीको महलको ३(क) नं. बमोजिम थप कैदसमेत गरिपाऊँ । त्यसैगरी एउटी महिलाले प्रेमको नाटक गरी अर्की बालिकालाई फकाई लैजाने कार्य वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले गरेको स्पष्ट नै देखिएको अवस्थामा प्रत्यर्थी/प्रतिवादीहरूको कार्य मानव बेचबिखन तथा ओसारपसारअन्तर्गतको कसुरको परिधिभित्र नै नपर्ने भनी उक्त अभियोगबाट प्रतिवादीहरूलाई उन्मुक्ति दिएको पुनरावेदन अदालत, धनकुटाको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य रहेकोले बदर गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारको मिति २०७०।८।२३ को पुनरावेदन पत्र ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागी यस इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी लाक्पा शेर्पाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री दीपक राई र श्री दिपेन्द्र कुमार राईले जबरजस्ती करणीको ३(३) र ३(क) को अभियोग दाबी रहेकोमा पुनरावेदन अदालत, धनकुटाले सो अभियोग दाबीबाट सफाइ दिएकोमा अभियोग दाबीविपरीत अदालत आफैँले अभियोजन पक्ष बनी जबरजस्ती करणीको ९(क) अनुसार सजाय गर्न मिल्दैन । प्रस्तुत मुद्दा जबरजस्ती करणीको मुद्दा नै होइन । नेपालको विद्यमान कानूनले महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्ने कुराको परिकल्पना गरेको छैन । सो विपरीत कृत्रिम लिङ्ग (artificial organ) को प्रयोग लाई जबरजस्ती करणीको महलअनुसार अपराध कायम गर्न मिल्दैन । पीडित जाहेरवालीले जाहेरी दरखास्त तथा अदालतको बकपत्रमा १७ वर्षको भनी उल्लेख गरेको अवस्थामा निजलाई नाबालक भन्न मिल्दैन । यस अवस्थामा अदालतले अनुसन्धानकर्ता र अभियोजन पक्षभन्दा पनि माथि उठेर वादी दाबीविपरीत जबरजस्ती करणीको ९(क) बमोजिम प्रतिवादीलाई सजाय गर्नु मिल्दैन । पुनरावेदन अदालत, धनकुटाको उक्त फैसला बदर गरी प्रतिवादीलाई सफाइ दिनुपर्छ भनी बहस गर्नुभयो ।

वादी पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले प्रतिवादी सागर शेर्पाले आफ्नी दिदी नाताकी लाक्पा शेर्पा पुरूष बनी पीडितलाई गरेको हर्कतमा कुनै हस्तक्षेप नगरेको र वारदात समयमा वारदातस्थलमा नै रहेको कुरा स्वीकार गरेको अवस्थामा निजउपरको मागदाबी पुष्टि भइरहेको अवस्था छ । यस अवस्थामा निजलाई जबरजस्ती करणीको महलको ३(३) नं. र ३(क) नं. बमोजिम सजाय हुनुपर्नेमा निजलाई सफाइ दिने पुनरावेदन अदालत, धनकुटाको फैसला सो हदसम्म बदर भागी छ । प्रतिवादी लाक्पा शेर्पाले मुलुकी ऐन जबरजस्ती करणीको महलको ९(क) नं. बमोजिम जबरजस्ती करणी गरेको मानेको अवस्था तथा प्रतिवादी सागर शेर्पाले पनि जबरजस्ती करणी गरेको कारणले सामूहिक रूपमा जबरजस्ती करणी गरेको मानिने अवस्था रहेको छ । तसर्थ प्रतिवादी लाक्पा शेर्पालाई समेत जबरजस्ती करणीको महलको ३(क) नं. बमोजिम थप कैद हुनुपर्छ । त्यसैगरी

प्रतिवादी लाक्पा शेर्पा आफू महिला हुँदाहुँदै पुरूष हुँ भनी प्रेमको नाटक रची सागर शेर्पासँग मिली बालिकालाई फकाई लैजाने कार्य गरेका हुन् । यस अवस्थामा प्रतिवादीहरूको कार्य मानव बेचबिखन तथा ओसारपसारअन्तर्गतको कसुरको परिधिभित्र नपर्ने भनी प्रतिवादीहरूलाई पूर्णतः उन्मुक्ति दिएको पुनरावेदन अदालत, धनकुटाको फैसला त्रुटिपूर्ण छ । अतः उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भनी बहस गर्नुभयो ।

उपर्युक्त बहस जिकिर सुनी मिसिलसाथ संलग्न प्रमाणहरूको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

१. प्रतिवादी लाक्पा शेर्पाउपर जबरजस्ती करणीको कसुर स्थापित हुन्छ वा हुँदैन ?
२. प्रतिवादीहरूले पीडित जाहेरवालीलाई अभियोग मागदाबीबमोजिमको मानव बेचबिखन तथा ओसारपसार गर्ने काम गरेका हुन, वा होइनन् ?
३. प्रतिवादी सागर शेर्पाले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्छ वा ठहर्दैन ?
४. प्रतिवादी लाक्पा शेर्पा र वादी नेपाल सरकार दुवैको पुनरावेदन परेकोमा पुनरावेदन जिकिर पुग्छ वा पुग्दैन ?

२. उपर्युक्त प्रश्नहरूको सम्बन्धमा विचार गर्नुपूर्व प्रस्तुत मुद्दाको तथ्यहरूको संक्षिप्त चर्चा गर्नु वान्छनिय हुने देखिन्छ । प्रस्तुत मुद्दामा पीडित यमुना राई (परिवर्तित नाम) र प्रतिवादी लाक्पा शर्पाको बीचमा मोबाइलबाट चिनजान भएको र चिनजानको क्रममा प्रतिवादी लाक्पा शेर्पाले आफ्नो परिचय अजय जिमि भनी बताएको रहेछन् । मोबाइलबाट सुरू भएको चिनजान बढ्दै जाँदा दुवै बीचमा भेटघाट गर्ने सहमति भई सोबमोजिम प्रतिवादी लाक्पा शेर्पा आफ्नो भाइ नाता पर्ने सागर शेर्पाको साथमा भेट्नको लागी पुगेको रहेछन् । भेटघाट भई कुराकानी भएपश्चात् भेट्नको लागि लाक्पा आउँदा पीडितले नै आफ्नो मामा बुद्धिमान राईको घरमा राति बास बस्ने व्यवस्था मिलाएको देखिन्छ । राति यमुना राई गफ गर्न आएकी र प्रेमसम्बन्ध कायम भएको कारणले निज प्रतिवादीले यमुना राईलाई २ पटक करणी गरेको भन्ने यमुना राईको कथन रहेको छ । भोलिपल्ट बिहान गाउँका अन्य मानिसहरू भेला भई प्रतिवादी लाक्पा शेर्पा स्वास्नी मानिस हो भन्ने शंका गरी प्रश्न गरेकोमा प्रतिवादीले आफू अजय जिमि भएको र आफू लोग्ने मानिस नै भएको जिकिर गरेतापनि उपस्थित अन्य मानिसहरूले शरीर जाँच गर्दा निजको साथबाट कृत्रिम लिङ्ग फेला परेको रहेछ । यसरी स्वास्नी मानिसले आफूलाई लोग्ने मानिस भनी यमुना राईलाई झुक्याई प्रेम सम्बन्ध बनाई विवाह गर्छु भनी कृत्रिम लिङ्गद्धारा करणीसमेत गरेको आधार र कारण देखाई प्रतिवादीहरू उपर प्रस्तुत मुद्दा पर्न आएको रहेछ ।

३. अभियोग मागदाबी हेर्दा प्रतिवादी लाक्पा शेर्पाले आफ्नो नाम, थर, वतन ढाँटी प्रलोभन देखाई आफ्नो भाइ नाता पर्ने सागर शेर्पासमेतलाई लिएर गई पीडित बालिकालाई बेचबिखन तथा ओसारपसार गरी बुद्धिमान राईको होटलमा घरमा लगी आफू महिला हुँदा हुँदै पुरूष हुँ भनी कृत्रिम लिङ्गले जबरजस्ती करणी गरी प्रतिवादी लाक्पा शेर्पा र सागर शेर्पाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३,४(२)(ख) तथा मुलुकी ऐन जबरजस्ती करणीको महलको २,३(३) र ३(क) नं. विपरीतको कसुर गरेको हुँदा निज प्रतिवादीहरू लाक्पा शेर्पा र सागर शेर्पासमेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) र मुलुकी ऐन जबरजस्ती करणीको दफा ३(३) नं. अनुसार सजाय गरी सामूहिकरूपमा प्रतिवादीहरूले जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादी लाक्पा शेर्पा र प्रतिवादी सागर शेर्पालाई

मुलुकी ऐन, जबरजस्ती करणीको दफा ३(क) नं. अनुसार सजाय थप गरी पीडितलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ नं. अनुसार प्रतिवादीहरूको अंश रोक्का गरी क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने अभियोग मागदाबी लिइएको रहेछ। यसरी अभियोग माग दाबी लिइएकोमा सुरू संखुवासभा जिल्ला अदालतबाट प्रतिवादीहरूले जबरजस्ती करणीको १ र ३(३) एवं ३(क) नं. बमोजिम जबरजस्ती करणीको कसुर अपराध गरेको ठहर्‍याई तथा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा अभियोग दाबी पुग्न नसक्ने भनी फैसला भएको रहेछ।

४. सुरू जिल्ला अदालतको फैसलाउपर दुवै पक्षले पुनरावेदन अदालत, धनकुटामा पुनरावेदन गरेकोमा सो अदालतबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको कसुर पुष्टि नहुने तथा प्रतिवादी लाक्पा शेर्पाको कसुर जबरजस्ती करणीको महलको ९(क) बमोजिमको कसुर गरेको देखिन आएकोले प्रतिवादीहरूलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिमको कसुर गरेको ठहर्‍याई ऐ. ३(३) नम्बर तथा ३(क) नं. बमोजिम सजाय गर्ने गरी सुरू अदालतबाट भएको फैसला केही उल्टी भई प्रतिवादी सागर शेर्पाले अभियोग दाबीबाट सफाइ पाउने तथा प्रतिवादी लाक्पा शेर्पालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९(क) नं. बमोजिम ७ वर्ष कैद सजाय र पीडितले प्रतिवादी लाक्पा शेर्पाबाट रू.५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याई फैसला भएको रहेछ।

५. यसरी फैसला भएकोमा प्रतिवादी लाक्पा शेर्पाले पुनरावेदन अदालत, धनकुटाले अभियोग मागदाबीविपरीत जबरजस्ती करणीको महलको ९(क) नं. लगाई ७ वर्ष कैद र पीडितलाई रू.५०,०००।- क्षतिपूर्ति भराउने गरी फैसला गरेको नमिलेको भनी यस अदालतमा पुनरावेदन गरेको रहेछन् भने वादी नेपाल सरकारले प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसारको अभियोगबाट सफाइ दिएको, प्रतिवादी सागर शेर्पालाई सामूहिक रूपमा जबरजस्ती करणीको अभियोगबाट सफाइ दिएको तथा प्रतिवादी लाक्पा शेर्पालाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको कारणले थप हुनु पर्ने सजाय नभएकोमा चित्त नबुझाई यस अदालतमा पुनरावेदन दायर गरेको रहेछ।

६. अब, प्रतिवादी लाक्पा शेर्पाले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको हो वा होइन भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादी लाक्पा शेर्पा आफू महिला भए तापनि सुरूबाट नै पीडितलाई पुरूष हुँ भन्ने भ्रममा राखी कृत्रिम लिङ्गको प्रयोग गरी करणी गरेको अवस्था रहेको छ । यसरी प्रस्तुत मुद्दामा एउटा महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्छ वा सक्दैन तथा हाम्रो वर्तमान कानूनी व्यवस्थाले सो कुराको परिकल्पना गरेको छ वा छैन भन्ने सैद्धान्तिक प्रश्नको पहिला निरूपण हुनुपर्ने देखियो। जसको लागि जबरजस्ती करणी कस्तो प्रकारको अपराध हो, यस बारेमा हाम्रो कानूनले कस्तो व्यवस्था गरेको छ र यो स्थापित हुनको लागि आवश्यक तत्त्वहरू के के हुन् सोको विवेचना हुन वाञ्छनिय देखिन्छ।

७. परम्परागतरूपमा हेर्दा जबरजस्ती करणी अपराध स्थापित हुनको लागि मूलतः २ वटा तत्त्व आवश्यक पर्दछ । पहिलो यौन समागम (Sexual Intercourse) र दोस्रो ईच्छाविपरीत वा सहमतिको अभाव (Against will)। के हुँदा sexual penentration भएको मान्ने र यसको मात्रा कति हुनु पर्छ भन्ने सम्बन्धमा विभिन्न देशहरूमा अलग अलग व्यवस्था र व्याख्या हुँदै आएको छ र एकरूपता भेटिँदैन । यद्दपि जबरजस्ती करणीको अपराधको आपराधिक कार्य (Actus Reus) को दायरा निकै फराकिलो भइसकेको छ। जुनसुकै प्रकृतिको sexual penentration लाई यसको सिमाभित्र समेट्नु पर्छ भन्ने मान्यताको विकास हुँदै गएको छ । त्यसैगरी

जबरजस्ती करणी भएको हो वा होइन भन्ने निर्धारण गर्नको निमित्त सहमति (Consent) थियो वा थिएन भन्ने अर्को महत्त्वपूर्ण आधार हो । फेरी कतिपय अवस्थामा सहमति (Consent) भए तापनि सहमति थियो भनी मान्न मिल्दैन किनकि सहमति पनि स्वतन्त्ररूपमा कुनै डर, धम्की, दबाब र प्रभावबिना दिएको हुनुपर्छ।

८. मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा १ (ख) मा डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोर जुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन भनी व्यवस्था गरेको देखिन्छ । कस्तो अवस्थामा दिइएको सहमतिलाई मान्यता दिने हो सो सम्बन्धमा R vs. Ewanchuk (१९९९) १ S.C.R.३३० भएको मुद्दामा क्यानडाको सर्वोच्च अदालतले यदि सहमति डर, धम्की वा चोरी ढाँटी प्राप्त गरिएको छ भने त्यस प्रकारबाट प्राप्त गरिएको सहमतिलाई सहमति भएको भनी मान्न मिल्दैन । त्यसैगरी लोग्ने नभए तापनि आफू लोग्ने हो भनी झुक्याई उक्त सहमति प्राप्त गरिएको छ भने वा सहमति दिने व्यक्तिको उक्त सहमति दिदाको अवस्थामा मानसिक अवस्था ठीक रहेनछ भने वा लागु औषधको सेवनको कारणले आफूले गरेको कामको परिणाम थाहा नहुने अवस्थामा रहेको भएमा पनि सो प्रकारले प्राप्त गरेको सहमतिलाई सहमति दिएको भनी मान्न मिल्दैन भनी व्याख्या गरेको देखिन्छ । त्यसैले उमेर नपुगेकोले दिएको सहमतिलाई पनि सहमति नमान्ने विधिशास्त्रको विकास भएको देखिन्छ ।

९. एउटा महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नको विवेचना गरी हेर्दा आज समाजमा विपरीत लिङ्गी सम्बन्ध राख्ने (Hetro Sexual) मात्र हैन समलिङ्गी यौन सम्बन्ध राख्ने (Homo Sexual) र दुवै लिङ्गीमा सम्बन्ध राख्ने (Biosexual) मानिसहरू पनि रहेका छन् । यस अवस्थामा सहमतिपुर्ण सम्बन्धसँगै असहमतिपूर्ण / जबरजस्ती सम्बन्धहरू हुन सक्दैनन् भन्न सकिँदैन । कुनै महिलाले धोकापुर्ण रूपमा लिङ्गको रूपमा अन्य चिजवस्तु प्रयोग गरी यौन करणीको अनुभूति प्राप्त गर्दछ भने त्यसलाई यौन समागमको रूपमा लिनु पर्छ । विज्ञान र प्रविधिको विकासक्रम सँगसँगै विभिन्न प्रकारका सामग्री (Sex Toy) हरूलाई यौन चाहना पूर्ती गर्ने काममा प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ । यौन शोषणका नयाँ नयाँ तरिकाको पनि विकास गरेको छ । यस अवस्थामा केवल प्राकृतिक लिङ्ग हुने मानिसले मात्र जबरजस्ती करणी गर्न सक्छ भन्ने मान्यताले पछिल्लो समयमा विकसित चुनौतीहरूलाई सम्बोधन गर्न सक्दैन । कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । जबरजस्ती करणीमा गरिने भनेको Sexual Penentration हो। जसमा प्राकृतिक लिङ्गको नै प्रयोग गरिनु पर्छ भन्ने छैन । जबरजस्ती करणीको अपराध स्थापित हुनको लागि Penile penentration लाई मात्र आधार बनाउनु हुँदैन र कुनै पनि वस्तु (Object) बाट Sexual Intention राखी गरिने Vaginal/Oral/Anal Penentration लाई समेत जबरजस्ती करणीसम्बन्धी कानूनको दायरामा ल्याउनु पर्छ भन्ने मान्यताको पछिल्लो समयमा विकास हुँदै गएको छ । यस सम्बन्धमा हेर्दा कृत्रिम लिङ्गको प्रयोग गरी कुनै महिलाउपर सहमतिबेगर Sexual Penentration गरिन्छ भने सो कार्य पनि जबरजस्ती करणीको परिधिभित्र पर्छ भनी बेलायतको Sexual Offence Act २००३ को Section २ ले पनि व्यवस्था गरेको देखिन्छ । उक्त व्यवस्थामा निम्न कुरा उल्लेख छ ।

A person (A) commits an offence if

- (a) he intentionally penetrates the vagina or anus of another person (B) ***with a part of his body or anything else***, (b) the penetration is sexual, (c) B does not consent to the penetration, and (d) A does not reasonably believe that B consents.

१०. त्यसैगरी भारतीय अपराध संहिता (Indian penal code) ले जबरजस्ती करणीको सम्बन्धमा गरेको परिभाषालाई सन् २०१३ मा फौजदारी कानून संशोधन ऐन, २०१३ (The Criminal Law (Amendment) Act, 2013) मार्फत संसोधन गरी जबरजस्ती करणीको आपराधिक कार्यको (Actus reus) दायरालाई फराकिलो बनाउँदै गएको छ। विद्यमान भारतीय अपराध संहिता (Indian penal code) को दफा ३७५ मा जबरजस्ती करणीलाई निम्नअनुसार परिभाषित गरको छ।

३७५- A man is said to commit 'rape' if he-

a) Penentrates his pennis, to any extent, into the vagina, mouth, urthera or anus of a woman or makes her to do so with him or any other person; or
b) inserts, to any extent, *any object or a part of the body, not being the penis, into the vagina, the urethra or anus or a woman* or makes her to do so with him or any other person;
c) manipulates any part of the body of a woman so as to cause penentration into the vagina, urethra, anus or any other part of body of such woman or makes her to do so with him or any other person:or;
d) applies his mouth to the vagina, anus, urethra of a woman or makes her to do so with him or any other person…

यसरी भारतको फौजदारी संहिताले पनि जबरजस्ती करणी स्थापित हुनको लागि केवल प्राकृतिक लिङ्गको मात्र नभई अन्य अङ्ग र वस्तुको समेत प्रयोग हुन सक्ने मान्यतालाई स्वीकार गरेको देखिन्छ।

११. हाम्रो सन्दर्भमा हेर्दा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संसोधन गर्ने ऐन, २०७२ बाट थप भई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १(घ) मा *गुदद्धार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्गबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिने छ* भन्ने व्यवस्था भएको देखिन्छ । यसबाट जबरजस्ती करणी कायम हुनको लागि प्राकृतिक लिङ्ग मात्र नभई अन्य वस्तुको पनि प्रयोग हुन सक्छ भन्ने अवधारणालाई हाम्रो कानूनले पनि स्वीकार गरेको देखिन्छ । तर प्रस्तुत मुद्दाको वारदात मुलुकी ऐन, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल संशोधन ऐन,२०७२ पूर्व नै भएको देखिन्छ । तत्कालीन अवस्थामा विद्यमान जबरजस्ती करणीको ९(क) को अप्राकृतिक मैथुनको परिभाषाभित्र पर्ने देखिन्छ।

१२. माथि वर्णन गरिएका कानूनी व्यवस्थाहरूले शरीरको कुनै अङ्ग वा अन्य कुनै वस्तुबाट गरिएको veginal / oral / anal penentration लाई समेत Rape को दायरामा राखेको छ । यद्यपि उक्त कानूनी व्यवस्थाहरूमा जबरजस्ती करणी कसले गर्ने भन्ने सम्बन्धमा कुनै

देशको कानूनले 'he' अर्थात् पुरूष जनाउने शब्दको प्रयोग गरेको छ भने कुनै देशको कानूनले 'any person' भन्ने शब्दको प्रयोग गरेको छ जसभित्र महिला, पुरूष वा फरक लिङ्गी पनि पर्न सक्दछ। यो व्यवस्थाले प्राकृतिक लिङ्गको प्रयोग नगरी अन्य कुनै वस्तु वा अङ्गको प्रयोग गरी जबरजस्ती करणी गर्न सकिन्छ भन्ने तथ्यलाई पनि स्वीकार गरेको देखिन्छ।

१३. समाजको गतिशिलतासँगै अपराधको परिभाषा र प्रकृति पनि परिवर्तन हुँदै जान्छ। विज्ञान र प्रविधिले ल्याएको परिवर्तन तथा सामाजिक मान्यता र सम्बन्धमा भएको बदलाव सँगै अपराध गर्ने शैलीमा समेत परिवर्तन आएको छ भने अपराधको प्रकृतिमा समेत जटिलता थपिन पुगेको छ । जबरजस्ती करणीसम्बन्धी अपराधकै सन्दर्भमा हेर्दा पनि समाजको परिवर्तनसँगै यसको सैद्धान्तिक अवधारणामा समेत व्यापक परिवर्तन भई यसको क्षेत्र र पहिचान फराकिलो बन्दै गएको छ जुन समयको आवश्यकतासमेत हो । उदाहरणको लागि १९ औ शताब्दीतिर बनेका प्रायः सबै कानूनले जबरजस्ती करणी अपराध हुनलाई Unlawful sexual intercourse हुनुपर्ने अवस्थालाई स्वीकार गरी वैवाहिक बलत्कार लाई जबरजस्ती करणीको परिधिभन्दा बाहिर राखेको थियो । तर आजको दिनसम्म आइपुग्दा लगभग सबै Common law countries र Civil law countries ले कानून बनाई वैवाहिक बलत्कारलाई जबरजस्ती करणीको परिधिभित्र राखेको पाइन्छ । त्यसैगरी जबरजस्ती करणीअन्तर्गत Vaginal intercourse को साथसाथै Anal intercourse लाई समेत समावेश गरेको पाइन्छ । अझ बेलायतको Sexual Offence Act, २००३ को Section २ ले त शरीरको कुनै अङ्ग वा अन्य कुनै वस्तुबाट गरिएको veginal / anal penentration लाई समेत Rape को दायरामा राखेको छ । अदालतले कानूनको व्याख्या गर्दा अपराधको प्रकृतिमा आएको परिवर्तनलाई समेत दृष्टिगत गर्नु पर्छ । यस अवस्थामा कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ । महिलाले महिलालाई जबरजस्ती करणी गर्नमा मानसिक, मनोवैज्ञानिक तथा सामाजिक कारणहरू रहेका हुन सक्छन्। जस्तो कुनै व्यक्ति शारीरिकरूपमा महिला भए तापनि मानसिक र मनोवैज्ञानिकरूपमा महिला प्रतिनै आकर्षित हुन सक्छ र आफ्नो मनोवैज्ञानिक सन्तुष्टिको लागि महिला माथि जबरजस्ती करणी गर्न सक्छ। त्यसै गरी कोही व्यक्तिले यौन रोमाञ्चकताको लागिसमेत यस प्रकारको कार्य गर्न सक्छ भने सामाजिक परिवेश र सम्बन्धको कारणले पनि मानिसमा यस प्रकारको मानसिकताको विकास भएको हुन सक्छ। यस्तो सम्बन्ध वा अनुभूतिभित्र पनि असहमति वा जबरजस्ती करणी हुन सक्छ। जसलाई कानूनको परिधिभित्र ल्याउनु आवश्यक छ।

१४. हाम्रो कानूनी व्यवस्थाले महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्छ भन्ने परिकल्पना गरेको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी ऐनको जबरजस्ती करणीको महलको १ नं. मा "*कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले करणी गरेको ठहर्छ* ।" भन्ने व्यवस्था गरिएको छ । उल्लिखित व्यवस्था हेर्दा जसलाई करणी गरिन्छ सो व्यक्ति महिला हुनुपर्ने भनी प्रस्ट उल्लेख गरिएको छ र यो व्यवस्था लैङ्गिक विशेष (Gender Specific) रहेको छ। तर जसले करणी गर्छ सो व्यक्तिको हकमा *कसैले* भन्ने शब्दको प्रयोग गरिएको छ । जसबाट पीडक महिला वा पुरूष वा तेस्रो लिङ्गी को हुने भनी प्रस्टसँग किटान नगरी केवल *कसैले* भन्ने शब्दको मात्र प्रयोग गरेको छ। यस अर्थमा पीडकको हुन सक्छ भन्ने

सम्बन्धमा उक्त व्यवस्था लैङ्गिक तटस्थ (Gender Neutral) रहेको देखिन्छ । यस व्यवस्थाको विगतको पृष्ठभूमि हेर्दा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ बाट संशोधन हुनुपूर्व जबरजस्ती करणी लोग्ने मानिसले स्वास्नी मानिसको विरूद्धमा गर्ने, गराउने र गर्न सक्ने अपराधको रूपमा राखेको थियो। यसरी लोग्ने मानिसले स्वास्नी मानिसको विरूद्धमा गर्ने अपराध भनी प्रस्ट उल्लेख गरी कानूनी व्यवस्था भएकोमा उक्त संशोधनले यसको दायरालाई फराकिलो बनाउदै *कसैले* भन्ने शब्दको प्रयोग गरेको अवस्थामा जबरजस्ती करणीको पीडक केवल पुरूष मात्र हुन्छ भन्ने उक्त व्यवस्थाको मनसाय हुने देखिँदैन । केवल पुरूष मात्र पीडक हुने भन्ने विधायिकाको मनसाय हुन्थ्यो त उक्त संशोधनको आवश्यकता नै पर्ने थिएन । कानूनको व्याख्या गर्दा कानूनको हरेक शब्दमा अर्थ रहन्छ भन्ने मान्यतामा आधारित रही गर्नुपर्छ । तसर्थ उक्त व्यवस्थाले जबरजस्ती करणीको पीडकमा केवल पुरूष मात्र हुन्छन् भनी अर्थ गर्न मिल्ने देखिँदैन। अतः जबरजस्ती करणीको महलको १ नं. मा मिति २०६३।७।१७ मा संशोधन भएपश्चात् यसले कुनै लिङ्गभेद नगरी जोसुकै व्यक्तिले उक्त अपराध गरे जबरजस्ती करणी हुने फराकिलो प्रावधान कायम गरेको पाइन्छ।

१५. जबरजस्ती करणीमा पीडकको सम्बन्धमा कतिपय देशमा समेत जबरजस्ती करणीको अपराधमा पीडक कुन लिङ्गको हुने हो सो स्पष्ट किटान नगरी लैङ्गिक तटस्थ (Gender Neutral) प्रावधान राखेको पाइन्छ । Canada को Criminal Code ले Rape को सट्टा Sexual Assualt भन्ने शब्दको प्रयोग गरेको छ । उक्त Code को Section २७१ ले Sexual Assualt लाई Sexual contact with another person without that other person's consent भनी व्यवस्था गरेको छ । त्यसैगरी France को Penal Code ले Rape लाई Any act of sexual penentration, whatever its nature, committed against another person by violence, constraints, threat or surprise, is rape भनी परिभाषित गरेको छ भने Greece को Penal Code को Article ३३३६ ले Rape भन्नाले Whoever with physical violence or with threat of grave and direct danger forces another to intercourse or to tolerate or action of an indecent act, is punishable with incarceration भनी व्यवस्था गरेको छ। यसरी विभिन्न देशहरूको जबरजस्ती करणीसम्बन्धी कानूनी प्रावधानमा समेत जबरजस्ती करणी गर्ने व्यक्ति पुरूष हुने भनी स्पष्ट किटान नगरी कुनै व्यक्ति भन्ने उल्लेख गरेको पाइन्छ । अतः यी परिभाषाहरू हेर्दा कोहीबाट कोही पनि बलात्कृत हुन सक्छ भन्ने बुझ्न सकिन्छ।

१६. जबरजस्ती करणी एक जघन्य अपराध हो । सिङ्गो मानव सभ्यताकै कलंकको रूपमा रहेको यस प्रकारको अपराधमा महिलाले महिलालाई गरिने जबरजस्ती करणीलाई प्रस्टरूपमा कानूनमा उन्मुक्ति प्रदान नगरेको अवस्थामा मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को व्याख्या अपराधिलाई छुट र उन्मुक्ति नहुने किसिमबाट गर्नु पर्छ । सोही कार्य पुरूषले गर्दा अपराध हुने तर महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी गरेको अवस्थामा महिला भएकै कारणले अपराध नहुने अर्थ गर्दा भेदभावपूर्ण परिणाम निस्कन पुग्दछ । अपराधकर्ताको लैङ्गिक स्थिति वा कुनै भिन्नतालाई आधार बनाई अपराधको दायित्वबाट उन्मुक्ति दिनु न्यायको मान्य सिद्धान्तविपरीत त हुन्छ नै पीडितको अधिकारविपरीतसमेत हुन पुग्दछ । प्रस्तुत मुद्दाकै सन्दर्भमा हेर्दा पनि यो घटना असन्तुलित शक्ति संरचनामा आधारित रहेको छ । एकातर्फ एकजना उमेर पुगेको महिला र अर्कोतर्फ नाबालिका महिला

रहेको अवस्था छ। अदालतले फौजदारी अपराधलाई अक्षरश: एवं कठोररूपमा व्याख्या गर्नुपर्छ । यसको व्याख्या गर्दा कठोर संरचनाको सिद्धान्त Principal of strict construction लागू हुन्छ र त्यही अनुरूप व्याख्या गरिनुपर्छ।

१७. अतः माथि विवेचित आधारमा महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्ने तथा सोको परिकल्पना मुलुकी ऐनको जबरजस्ती करणीको महलको १ नं. ले गरेको देखिन्छ । यो सैद्धान्तिक प्रश्नको निरूपण गरेपछि अब प्रस्तुत मुद्दाको तथ्यहरूको आधारमा प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई जबरजस्ती करणी गरेको स्थापित हुन्छ वा हुँदैन सो सम्बन्धमा विचार गरिनु पर्छ। सो सम्बन्धमा विचार गर्दा जाहेरवाली पीडितले यी प्रतिवादी लाक्पा शेर्पाले दुईपटक करणी गरेको भनी जाहेरी दरखास्तमा उल्लेख गरेकी छन् । वारदात भएको भनिएको दिनको भोलिपल्ट यी प्रतिवादी पक्राउ परी शरीरको खानतलासी हुँदा यीनको शरीरबाट पेन्टीमा बाँधेको अवस्थामा ७ इन्च लम्बाई र ५.५ इन्च गोलाई नाप भएको कृत्रिम लिङ्ग बरामदसमेत भएको छ । यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा समेत आफूले पेन्टीभित्र लुकाएर राखेको कृत्रिम लिङ्गको प्रयोग गरी पीडितको योनिभित्र दुई तीनपटक तल माथि गरिदिएको भनी स्वीकार गरेका छन् भने अर्का अभियुक्त सागर शेर्पाले पनि अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा दिदी लाक्पा शेर्पा र पीडित एउटै खाटमा सुतेको र खासखुस कुरा गरेको सुनेको भनी बयान गरेका छन्। प्रतिवादीले अदालतमा गरेको बयानमा पीडितलाई जबरजस्ती करणी गरेको कुरालाई इन्कार गरेको भए तापनि रातको करिब ११ बजेतिर जाहेरवाली आफ्नो खाटमा आई सँगै ढल्केको कुरालाई सम्म स्वीकार गरेका छन्। यसरी प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई कृत्रिम लिङ्गको प्रयोग गरी करणी गरेको तथ्यमा अदालतमा इन्कार गरेको भए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष उक्त तथ्यमा समेत साबित भई बयान गरेको, निजको सँगसाथबाट कृत्रिम लिङ्ग बरामद भएको र पीडित स्वयम्ले दिएको जाहेरी, मौकामा गरेको बयान तथा अदालतसमेतमा बकपत्र गर्दा प्रतिवादी लाक्पा शेर्पाले आफूलाई करणी गरेको हो भनी किटान गरेकोसमेतबाट पुष्टि भइरहेकोले प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई कृत्रिम लिङ्गको प्रयोग गरी करणी गरेको तथ्य निर्विवादरूपबाट स्थापित हुन आएको देखियो । जिल्ला स्वास्थ्य कार्यालय, खाँदबारी अस्पताल, संखुवासभाले दिएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको योनि वरिपरि कुनै घाउ चोटपटक नभएको र निजको कन्या जाली पहिल्यै च्यातिएको अवस्थामा रहेको भनी उल्लेख भएको देखिन्छ । पीडितको योनि वरिपरि घाउचोट नभएको तथा वीर्य स्खलन भएको नदेखिएको भन्ने आधारमा मात्र जबरजस्ती करणी भएको थिएन भनी भन्न मिल्दैन । यसै सन्दर्भमा नेपाल सरकार विरूद्ध मुवारक मिल मुसलमान, ने.का.प. २०६७, नि.नं. ८४६६,पृ.१५८८ भएको जबरजस्ती करणी मुद्दामा यसै अदालतबाट *नाबालिकालाई सुताएको र निजमाथि आपराधिक कार्य गरेको देखिइसकेपछि पीडितको योनिभित्र प्रतिवादीले पुरै लिङ्ग प्रवेश गरेको, नगरेको र योनिभित्र वीर्य स्खलन भयो वा भएन भन्ने कुराले कुनै महत्त्व राख्दैन । संवेदनशील ठाउँमा अर्थात् योनि क्षेत्रमा लिङ्गको घर्षण पनि जबरजस्ती करणी प्रमाणित हुन पर्याप्त हुन्छ भनीसमेत* व्याख्या भएको देखिन्छ।

१८. जबरजस्ती करणीको अपराध स्थापित हुनको लागि आवश्यक दोस्रो तत्त्व भनेको सहमतिको अभाव हो । अर्थात् करणी गर्ने मानिसले पीडितको सहमति बिना करणी गरेको हुनुपर्छ। यद्यपि नाबालकउपर गरेको करणीमा सहमतिको मतलब हुँदैन र नाबालकउपर सहमति मै करणी गरेको भए तापनि उक्त कार्य जबरजस्ती करणी नै मानिन्छ ।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी (Statutory rape) गरेको ठहर्छ भनी व्यवस्था गरिएको छ । सहमतिको लागि उमेर आवश्यक पर्ने (Age of Consent) कानूनी अवधारणा हो र विश्वका धेरै देशले यस अवधारणालाई अङ्गिकार गरेका छन् । प्रस्तुत मुद्दामा पीडित नाबालक भएको जिकिर वादी पक्षले लिएको छ भने प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले पीडित १६ वर्ष भन्दा माथिको भएको जिकिर लिएको भए तापनि प्रस्तुत मुद्दामा अस्पतालले पीडितको परीक्षण गर्दा सोह्र तलमाथि हुन सक्ने (From the physical, dental and radiological examination of Yamuna Rai, I am of the opinion that the age of individual is around १६ + or -) भनी उल्लेख गरेको छ तर विद्यालयको भर्ना रजिस्ट्रर र District level examination board ले जारी गरेको प्रमाणपत्रमा पीडितको जन्ममिति २०५३।४।२ नै भनी उल्लेख भएको देखिन्छ । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ ले बालकको उमेरसम्बन्धी विवाद उत्पन्न भएको अवस्थामा बालकको जन्म हुँदा अस्पतालबाट जारी भएको जन्ममिति, पन्जाधिकारीबाट जारी भएको जन्मदर्ता, विद्यालय भर्ना अभिलेख र सरकारी अस्पतालबाट प्रमाणित उमेरलाई क्रमशः प्राथमिकरण गरेको देखिन्छ । यस अवस्थामा अस्पतालको परीक्षणले अस्पष्ट प्रतिवेदनभन्दा विधालयको भर्ना अभिलेखले मान्यता पाउनु पर्ने देखिन्छ । सो आधारमा हेर्दा घटना भएको मिति २०६७।११।२२ मा पीडितको उमेर १४ वर्ष ७ महिना भएको देखिन्छ । तसर्थ वारदात भएको मितिमा पीडित नाबालक रहेको कुरा पुष्टि हुन जान्छ । अतः माथि विवेचित आधारमा प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई जबरजस्ती करणी गरेको देखिन्छ । नाबालकको ईच्छासहितको वा सहमतिसहितको सम्बन्ध हो वा होइन भन्ने कुराको कुनै अर्थ रहँदैन ।

१९. अब प्रतिवादीहरूले पीडित जाहेरवालीलाई अभियोग मागदाबीबमोजिमको मानव बेचबिखन तथा ओसारपसार गर्ने काम गरेका हुन्, वा होइनन् ? भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारले प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३,४(२)(ख) विपरीतको कसुर गरेको भनी जिकिर लिएका छन् । उपर्युक्त ऐनको उल्लिखित दफामा निम्न बमोजिमको व्यवस्था गरेको देखिन्छ ।

दफा ३ " *मानव बेचबिखन र ओसारपसार गर्न नहुनेः*

(१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्न गराउन हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछ ।"

(३) दफा ४(२)(ख) *"वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिलाई छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।"*

२०. यसरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को उल्लिखित व्यवस्था हेर्दा प्रस्तुत मुद्दामा पीडित जाहेरवालीलाई कानूनले परिभाषा गरेबमोजिम प्रतिवादीहरूद्धारा बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको भन्ने तथ्य स्थापित हुन सकेको छैन। त्यस्तै दफा ४ को २ (ख) मा भएको वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले पीडितलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने काम प्रतिवादीहरूबाट भएको भनी खुल्न र पुष्टी हुन आएको देखिँदैन । पीडित र प्रतिवादी लाक्पा शेर्पाबीच मोबाइलमा भएको सल्लाहअनुसार प्रतिवादीहरू पीडितको ठाउँमा पुगेकोसम्म देखिन्छ तर प्रतिवादीहरूले पीडितलाई बेचबिखन गर्ने नियतले एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गरेको देखिँदैन । वादीले पेस गरेको अभियोगपत्रमा अभियोग दाबीलाई पुष्टि गर्नको लागी जाहेरी दरखास्त, पीडितको प्रमाणित बयान र बकपत्रहरू पेस भएका हुन्। तर ति कागजातहरू केवल शंका र अनुमानमा आधारित रहेको देखिन्छ। त्यसैगरी प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्षको बयान तथा अदालतको बयानमा मानव बेचबिखन तथा ओसारपसार कार्य गरेको होइन भनी इन्कारी बयानसमेत गरेका छन् । प्रतिवादीहरू पीडितको मामाघरमा पुगेको र सोही स्थानमा भोलिपल्ट पक्राउ परेको अवस्था रहेको हुँदा पीडितलाई कहिँकतै लगेको वा ओसारपसार गरेको देखिँदैन। अपराध हुनको लागि आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) बाट समर्थित भएको हुनुपर्छ। कसैको शंका वा अनुमानको आधारमा वारदात स्थापित हुन सक्दैन। प्रतिवादीहरूले पीडितलाई फकाउने उद्देश्यले कुनै चिजवस्तु ल्याएको, उपहारमा दिएको वा लैजाने बन्दोबस्तको व्यवस्था गरेको लगायतका प्रमाणहरू र आधारहरूसमेत नदेखिएको अवस्थामा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार कार्य गरेको भन्ने अभियोग शंकारहित तवरबाट पुष्टि हुन आएन। यस अवस्थामा प्रतिवादीहरू उपरको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू संखुवासभा जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिन्छ । प्रतिवादीहरूले पीडित जाहेरवालीलाई अभियोग माग दाबीबमोजिमको मानव बेचबिखन तथा ओसारपसार गर्ने काम गरेको देखिँदैन।

२१. अब प्रतिवादी सागर शेर्पाले पीडितलाई जबरजस्ती करणी गरेको हो वा होइन भन्ने तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा सुरू जिल्ला अदालतबाट निज प्रतिवादीलाई जबरजस्ती करणी गरेको ठहर्‍याई सजाय भएको रहेछ भने पुनरावेदन अदालत, धनकुटाबाट निजले जबरजस्ती करणी गरेको नठहरिने गरी सुरू जिल्ला अदालतको फैसला उल्टी गरेको रहेछ । फौजदारी मुद्दाको उठान जाहेरी दरखास्तबाट हुन्छ जसमा अपराधको सम्बन्धमा पहिलो सूचना दिइन्छ। प्रस्तुत मुद्दामा पीडित स्वयम्ले दिएको मिति २०६७।११।२७ को जाहेरी दरखास्तमा प्रतिवादी सागर शेर्पाले करणी गरेको भनी उल्लेख गरिएको छैन । जाहेरवालीसँग अनुसन्धान अधिकृतले मिति २०६७।११।२९ मा गराएको बयान कागजमा पनि सागर शेर्पाले करणी गरेको भनी उल्लेख गरिएको छैन। केवल बयान प्रमाणित गराउने प्रयोजनको लागि निजसँग गराइएको बयानमा प्रतिवादी सागर शेर्पाले पनि करणी गरेको भन्नेसम्म उल्लेख भएको छ । सुरू जिल्ला अदालतले पीडितले अदालतमा आई बकपत्र गर्दा सागर शेर्पाले करणी गरेको भनी उल्लेख गरेकै आधारमा निज प्रतिवादीलाई जबरजस्ती

करणी गरेको ठहर्‍याई सजाय गरेको देखिन्छ । निश्चय नै जबरजस्ती करणी जस्तो संवेदनशील मुद्दामा पीडितको भनाइलाई अदालतले गम्भिरताका साथ लिनु पर्छ । तर त्यस्तो गर्दा पीडितको भनाइलाई अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणले पनि पुष्टि गरेको हुनुपर्छ । शंकारहित तवरबाट पुष्टी भए मात्र आरोपित कसुरदार ठहरिने (Guilty should be proved reasonable doubt) प्रतिवादीको अधिकार जुनसुकै मुद्दामा सुरक्षित रहेको हुन्छ । प्रस्तुत मुद्दामा पीडितले मौकामा दिएको जाहेरी तथा प्रहरीसमक्ष गरेको बयानमा प्रतिवादी सागर शेर्पाले जबरजस्ती करणी गरेको भनी कहिँकतै उल्लेख नगरेको अवस्थामा अदालतमा बयान सनाखत गर्दा सागर शेर्पाले जबरजस्ती करणी गर्यो भनी लेखाइदिएको कारणले मात्र प्रतिवादीलाई जबरजस्ती करणीजस्तो गम्भिर फौजदारी अभियोगमा दोषी ठहर्‍याउन न्यायसङ्गत हुने देखिँदैन । मुद्दाको वस्तुगत तथ्य तथा अन्य वैज्ञानिक प्रमाणहरूबाट पनि प्रतिवादी सागर शेर्पाले जबरजस्ती करणी गरेको पुष्टि हुन सकेको छैन । केवल पीडितले अदालतसमक्ष बयान सनाखतको क्रममा दोष लगाउनुलाई पर्याप्त प्रमाण र आधार मान्न सकिँदैन ।

२२. अब वादी नेपाल सरकार र प्रतिवादी लाक्पा शेर्पाको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन सो सम्बन्धमा विचार गर्दा पुनरावेदन अदालत, धनकुटाले जबरजस्ती करणीको महलको ९(क) नं. लगाई ७ वर्ष कैद र पीडितलाई रू.५०,०००।- क्षतिपूर्ति भराउने गरी फैसला गरेको उपर वादी प्रतिवादी दुवैको पुनरावेदन परेको छ । यस सम्बन्धमा पुनरावेदन अदालत, धनकुटाले प्रतिवादी लाक्पा शेर्पालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९क नं. बमोजिम सजाय गरेको रहेछ । मुलुकी ऐन, जबरजस्ती करणीको ९क तत्कालीन व्यवस्थामा कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नं बमोजिम हुने सजायमा थप १ वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तीमित भराई दिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त ९क नं. को संरचनाले नाबालकलाई अप्राकृतिक मैथुन गरेमा थप १ वर्ष कैद हुने भन्ने देखिन्छ । सजाय भने जबरजस्ती करणीको ३ नं. अनुसार गर्नुपर्ने भन्ने उक्त ९क मा प्रयुक्त वाक्यांशले नै स्पष्ट पारेको छ । सर्वप्रथम जबरजस्ती करणीको ३ नं. अनुसार सजाय गरी ९क अनुसार थप सजाय र क्षतिपूर्ति भराई दिनुपर्ने भन्ने देखियो । पीडितको उमेर १४ वर्ष ७ महिना देखिन आएकोले प्रतिवादी लाक्पा शेर्पालाई जबरजस्ती करणीको ३(३) नं. अनुसार ६ वर्ष कैद र ऐ.को ९क अनुसार थप १ वर्ष कैदसमेत गरी ७ वर्ष कैदको सजाय हुने देखिन्छ । उक्त ९क नं. मा उल्लेख भएको "यसै महलको ३ नं. बमोजिम हुने सजाय" भन्ने वाक्यांशले गर्दा पुनरावेदन अदालत, धनकुटाले सो ३ नं. र ९क नं. लाई एकमुष्टरूपमा मिलान गरी ९क नं. बमोजिम प्रतिवादी लाक्पा शेर्पालाई ७ वर्ष कैदमा सजाय निर्धारण गरेको पाइयो । सो निर्धारण भएको कैदको सजाय घटीबढी नपरेको हुँदा पुनरावेदन अदालत, धनकुटाको फैसला कानून प्रयोगको दृष्टिकोणले पनि तात्विक फरक पर्न जाने देखिन आएन ।

२३. प्राकृतिकरूपमा यौन सम्बन्ध एउटा आयाम हो । जँहा स्वइच्छा वा सहमति बिना जबरजस्ती करणीमा अपराध केन्द्रित हुन्छ । विपरीत लिङ्ग बीच असहमति र नाबालकसँग सहमतिको सम्बन्धलाई अपराधको दायरामा ल्याइन्छ । तर आज प्रविधिको विकाससँगै यौनलाई वस्तुकरण (Commodification) गर्ने गराउने स्थिति आएको छ । यहाँ पुरूषले महिलालाई बलात्कार गर्नेभन्दा माथि महिलाले आफ्नो लिङ्ग र पहिचान ढाँटी कृत्रिम यौन साधनको प्रयोग गरी नाबालिकाको शरीर विरूद्ध

हिंसा गरिएको देखिन्छ। यस्तो क्रिया कानून, व्यवहार र न्यायको दृष्टिमा सह्य नहुने अपराधजन्य कार्य हुँदा पुनरावेदन अदालत, धनकुटाको फैसला सदर हुने ठहर्छ।

२४. त्यसैगरी प्रतिवादीहरू मानव बेचबिखन कार्यमा संलग्न भएको नदेखिँदा प्रतिवादीहरू उपरको मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको अभियोग दाबी पुग्न नसक्ने ठहराई सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिन्छ।

२५. प्रतिवादी सागर शेर्पालाई जबरजस्ती करणीको अभियोगमा सफाइ दिने गरी पुनरावेदन अदालत, धनकुटाले गरेको फैसलाको हकमा हेर्दा प्रतिवादी सागर शेर्पालाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(३) बमोजिम ६ वर्ष र ऐ.को ३(क) बमोजिम थप ५ वर्ष कैदको सजायसमेत गर्ने गरी सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिन्छ।

२६. अतः संखुवासभा जिल्ला अदालतको मिति २०६९।३।२० को फैसला केही उल्टी हुने गरी पुनरावेदन अदालत, धनकुटाले गरेको मिति २०७०।२।२१ को फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी लाक्पा शेर्पाको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत:- सन्देश श्रेष्ठ
इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

निर्णय नं. ९६८५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७३।४।३०
०७२-WO-११०३

विषय : उत्प्रेषण / परमादेश।

निवेदक : भोजपुर जिल्ला, नेपालडाँडा गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल भक्तपुर जिल्ला बालकोट ३ बस्ने सुवास थापासमेत

विरूद्ध

विपक्षी : नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंसमेत

- **बैंकिङ् व्यवसाय विश्वासमा आधारित व्यवसाय हो। राष्ट्र बैंकले बैंकहरूको संस्थागत विकास गर्दै बैंकिङ् कारोबारलाई विश्वासिलो, जिम्मेवार र व्यवस्थित बनाई उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने हुन्छ। सोबमोजिमको कामकारवाही नियमित र व्यवस्थित गर्न तथा ऋण असुलउपर तथा धितो फुकुवालगायत आवश्यक निर्देशन दिनसक्ने अधिकार नेपाल राष्ट्र बैंकलाई भएको नै देखियो। यसरी ऐनद्वारा प्राप्त अधिकारबमोजिम दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले धितो फुकुवा गर्ने निर्णय र सो निर्णयको कार्यान्वयनसमेतलाई अन्यथा भन्न नमिल्ने।**

(प्रकरण नं. ३)

- **कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समय अवधिभित्र ऋण बुझाउनु निजको बाध्यात्मक दायित्व हो । ऋण लिँदा कबुल गरेको सर्तअनुसार ऋण तिर्ने जिम्मेवारीबाट पन्छन खोज्ने कसैलाई पनि कानूनले सहयोग गर्न सक्दैन । सञ्चालकहरूका बीचमा भएको विवादका कारण निर्धारित समयभित्र आफूले लिएको ऋण रकम चुक्ता गर्नुपर्ने दायित्वबाट पन्छिन मिल्दैन भने नियमबमोजिम साँवा ब्याजसमेत तिर्ने ऋणीको हकमा दायित्व निरन्तरता रहिरहन पर्ने पनि होइन । तसर्थ नेपाल राष्ट्र बैंकले मिति २०७२।२।२४ मा दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले मिति २०७२।९।३० मा धितो फुकुवा गर्ने निर्णय गरी सो निर्णयको कार्यान्वयनसमेत भएको कानूनसम्मत् नै देखिने ।**

(प्रकरण नं. ३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता सुनिलकुमार पोखरेल र अधिवक्ता खड्गबहादुर बुढाथोकी

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता हेमराज अधिकारी, समीर शर्मा, डिल्ली मैनाली र अधिवक्ता डिल्लीराम न्यौपाने, प्रकाश रेग्मी, राजकिशोर यादव

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३

आदेश

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : नेपालको संविधानको धारा ४६ र धारा १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ:-

हामी कम्पनीको सेयरधनीहरू सुवास थापा, सचिन कार्की, नेत्रप्रसाद अधिकारी र राज्य श्री खड्कासमेत ४ जना लगानीकर्ता भई राज्य श्री इन्टरनेशनल प्रा.लि. कम्पनी दर्ता गरी आन्तरिक राजस्व कार्यालयबाट PAN, VAT समेत लिएको हो । कम्पनीको पुँजी नपुग भएपछि कम्पनीका अध्यक्ष राज्य श्री खड्काको पतिलाई प्रबन्ध सञ्चालक बनाई निजले नै सम्पूर्ण व्यवस्थापनको जिम्मा लिएको हो । निजको नाममा दर्ता भएको दुलारी गा.वि.स. वडा नं. ५ को कित्ता नं. २३२ को क्षेत्रफल २-८-०-० (दुई विगाह आठ कट्ठा) जग्गा धितो बन्धक दिई लक्ष्मी बैंक लिमिटेड, पुल्चोक शाखाबाट रू. २,९०,००,०००/- कर्जा लिमिट लिई एल.सी. खोली विभिन्न ब्राण्डका सामानहरू आयात गरी बिक्री वितरण गरी आएका थियौं । यसरी कर्जाको लिमिट रहेकामा विभिन्न शीर्षकको कर्जा गरी जम्मा रू.२,९०,००,०००/- मध्ये कर्जा रू.१,५०,००,०००/- रूपैयाँ र थप कर्जा रू.६०,००,०००/- रूपैयाँबाट रू.४०,००,०००/- रूपैयाँ खातामा जम्मा भएपश्चात् रू.२०,००,०००/- रूपैयाँ बाँकी भएको अवस्थामा कम्पनी सञ्चालकहरूबीच विवाद भएको हो । तत्कालीन अवस्थामा प्रबन्ध सञ्चालक राजेन्द्र राउत र राज्य श्री खड्कासमेतसँग कम्पनीको कार्यालय तथा लक्ष्मी बैंक लिमिटेड, पुल्चोक शाखामा बैंकका कर्मचारीको रोहवरमा छलफल गरी कर्जा चुक्ता गर्ने सम्बन्धमा बाँकी रहेको कर्जालाई भागबण्डा गरी सचिन कार्कीको भागमा पर्नेभन्दा बढी रकम रू.४०,००,०००/- रूपैयाँ सञ्चालकहरूमध्ये सचिन कार्कीले चुक्ता गरी बाँकी कर्जा रू.२,३०,००,०००/- पनि कम्पनीले किस्ताको रूपमा चुक्ता गरी करिब रू.५६,००,०००/- रूपैयाँ बैंकमा चुक्ता गर्न बाँकी रहेको अवस्थामा विपक्षीले नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयमा उजुरी गरेको र विवाद भई बैंकको बाँकी कर्जा तिर्न समस्या भएको

हो। प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म मिति २०७२।४।२४ को नेपाल राष्ट्र बैंक गुनासो व्यवस्थापन समितिको निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको **रिट निवेदनपत्र**।

निवेदकले माग गरेअनुरूपको अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विपक्षीलाई झिकाई छलफल गरी निर्णय हुन उपयुक्त देखिएकाले छलफलको लागि मिति २०७३।३।१९ गते आइतबारको मिति तोकी विपक्षीहरूलाई सूचना दिनु र सो अवधिसम्मको लागि नेपाल राष्ट्र बैंक गुनासो व्यवस्थापन समितिको मिति २०७२।४।२४ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा मिति २०७३।३।१२ मा यस अदालतबाट भएको अन्तरिम आदेश।

विपक्षी र विपक्षीहरूले सञ्चालन गरेको कम्पनीको एवम् सञ्चालकहरूबीचमा विवाद उत्पन्न भई कर्जा खिलाफी भएको, उक्त विवादमा बैंकको कुनै भूमिका नभएको र कुनै तेस्रो पक्षबीचको विवादबाट बैंकको कर्जा असुलीमा कानूनतः कुनै बाधा व्यवधान पर्न सक्दैन। यस्तो अवस्थामा विपक्षीहरूको विवादमा बैंकको कुनै संलग्नता एवम् सरोकारसमेत नभएको, मूल करणी अरू नै रहेको र विपक्षीहरूको हरहिसाब विवादमा बैंकलाई कुनै सरोकार हुने अवस्थासमेत नरहेको तथा कानूनतः कुनै औचित्यसमेत रहेको छैन। बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ अनुसार नेपाल राष्ट्र बैंक बैंकको नियमनकारी निकाय हो। ऐ. ऐनको दफा ४९ को उपदफा (२) बमोजिम नियमनकारी निकायको निर्देशन पालना गर्नु बैंकको कानूनी कर्तव्य हो। यदि उक्त कानूनी कर्तव्य बैंकद्वारा उल्लङ्घन गरेको अवस्थामा कानूनतः ऐ. ऐनको दफा ७० बमोजिमको कसुर गरेको मानिने एवम् ऐ.ऐ.को दफा ७१ बमोजिम कानूनी कारवाही हुनेमा कुनै विवाद छैन। विपक्षीलाई बैंकको कार्यबाट कानूनतः कुनै आघात नपरेको, निवेदनमा उठान गरिएको सुनुवाइको मौका बैंकको कारणबाट नभई अन्य पक्षबाट विपक्षीहरूले प्राप्त गर्न नसकेको निवेदनमा आफैँ स्वीकार गरिरहेको छ। जुन पत्रको कार्यान्वयन रोक्ने निवेदन परेको छ सो निर्णय कार्यान्वयन गराउन ऋणी कम्पनीको धितो प्रदायक एवम् एक सञ्चालकको मिति २०७२।८।६ मा निवेदन परी सो निवेदनमा बैंकद्वारा मिति जनवरी ४, २०१५ मा निर्णय भई उक्त निर्णयको आधारमा मिति २०७२।९।३० मा धितोमा रहेको सम्पत्ति बैंकको कर्जा बाँकी रहे तापनि राष्ट्र बैंकको निर्देशनको अधीनमा रही फुकुवासमेत भइसकेको एवम् विपक्षी बैंकको कर्जा असुलीको प्रक्रिया विरूद्ध मिति २०७३।१।८ मा पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको निवेदन लिई गएको उक्त निवेदन खारेज भइसकेको छ। कर्जा असुलीलाई कानूनी मान्यतासमेत प्राप्त भई कार्यान्वयन भइसकेको अवस्थामा बिलम्ब गरी परेको विपक्षीको निवेदनमाथि उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा बैंकको हकमा खारेजयोग्य छ। अतः बैंकको कर्जा खिलाफी भएको अवस्थामा कर्जा असुली प्रक्रिया अगाडि बढाइएको, विपक्षीले लिएको ऋण यथा समयमा चुक्ता भुक्तान नभएको, निजहरूको आन्तरिक विवादमा बैंकको कुनै सरोकारसमेत नरहेको, तेस्रो पक्षको निर्णय र उक्त निर्णयलाई कार्यान्वयन गर्न बैंक कानूनतः बाध्याकारी भएको तथा राष्ट्र बैंकको मिति २०७२।४।२४ को निर्णय कार्यान्वयनसमेत भइसकेको परिप्रेक्ष्यमा बिलम्ब गरी परेको विपक्षीको निवेदन बैंकको हकमा खारेजयोग्य भएको हुँदा खारेज गरी कर्जा असुली प्रक्रियालाई सहजता प्रदान गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको ल.पु.उ. म.न.पा. वडा नं. ३ पुल्चोकस्थित लक्ष्मी बैंक लिमिटेड, शाखा कार्यालयको लिखित जवाफ।

विपक्षी निवेदकहरू प्रत्येकको २५ प्रतिशत स्वामित्व रहेको कम्पनीले कर्जा उपयोग गरेको र कर्जा प्राप्त गर्ने क्रममा विपक्षी निवेदकहरू सबैले जमानी दिएको देखिन्छ। कर्जा तिर्नु बुझाउनु पर्ने उक्त दायित्व

पूरा गर्नेतर्फ अग्रसरता देखाउनु पर्नेमा विपक्षीहरूले कर्जा तिर्ने दायित्व सार्ने मनसाय राखी प्रस्तुत निवेदन दायर भएको छ । विपक्षीहरूले निवेदन लेखमा नै कर्जा तिर्नुपर्ने दायित्व स्वीकार गरेको छ । यस बैंकको मिति २०७२।४।२४ को पत्राचारले सोसँग सम्बन्धित निर्णयले समेत कम्पनीका सञ्चालकहरूबाट सामूहिकरूपमा कर्जा असुल गर्न लक्ष्मी बैंकलाई निर्देशन दिएको हो । उक्त पत्राचारले कोही कसैलाई कर्जा तिर्नु बुझाउने पर्ने दायित्वबाट उन्मुक्ति प्रदान गरेको र अर्को पक्षलाई सो दायित्व थोपरेको अवस्था नभई बैंकबाट प्रवाह भएको कर्जा असुली सुनिश्चित गर्न आवश्यक निर्देशन दिएको हो । कर्जा तिर्न बुझाउन उपस्थित हुने पक्षबाट निजको हिस्सामा पर्ने कर्जाको साँवा-ब्याज लिनु भनी गरिएको निर्णयलाई अन्यथा भन्नुपर्ने अवस्था रहँदैन । तिर्न बुझाउन आएको पक्षबाट साँवा ब्याज नलिनु र मुद्दा गरेकै आधारमा कर्जा तिर्ने दायित्व पर सर्ने अवस्था सिर्जना हुने हो भने बैंक तथा वित्तिय संस्थाले प्रवाह गरेको कर्जा असुलीलाई सुनिश्चित गर्न सकिँदैन र यस्तो अभ्यासले विश्वासनीय बैंकिङ प्रणाली निर्माण गर्नमा समेत असर पर्ने हुँदा कम्पनीका अध्यक्षबाट निजको हिस्सामा पर्ने रकम बुझिलिनु भनी यस बैंकले लक्ष्मी बैंक लिमिटेडलाई दिएको निर्देशन कानूनसम्मत् भएकाले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार तथा ऐ. बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभाग, गुनासो व्यवस्थापन समितिको सचिवालयसमेतको संयुक्त लिखित जवाफ ।

कम्पनीले आफू सञ्चालक भएको तथ्यसमेत उल्लेख नगरी निवेदन गरेको छ । बैंक तथा वित्त कम्पनिसम्बन्धी ऐन तथा राष्ट्र बैंकको निर्देशनानुसार कर्जा असुल गर्ने हक तथा राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ अनुसार बैंकलाई निर्देशन दिने अधिकारसमेत राख्दछ । कम्पनी ऐन, २०६३ को दफा ९९ अनुसार कम्पनीका सञ्चालकहरू सबैको समान र बराबर दायित्व रहने र सबै सञ्चालकबाट दामासाहीमा कर्जा मिलान गर्न भनी दिएको निर्देशन र कार्यान्वयन कानूनविपरीत हुन सक्दैन । रिट निवेदकले आफूलाई संविधानको कुन धाराद्वारा प्रत्याभूत अधिकारमा हनन् भएको खुलाउन सकेको छैन । निजहरूको हक वा रकम आदिको विषय हो भने रिटबाट प्रमाणको मूल्याङ्कन हुन सक्दैन । मिति २०७२।४।२४ को पत्र यथास्थितिमा राखी बदर माग गरेकोमा उल्लिखित मितिको उक्त पत्रानुसारको सबै कार्य सम्पन्न भइसकेको अवस्थामा कार्यान्वयन भइसकेको विषय फिर्ता हुने होइन । तसर्थ रिट निवेदकको कुन अधिकार कसरी हनन् भयो, कुन विषयको माग दाबी हो प्रस्ट गर्न सकेको छैन । एकै विषयमा पटकपटक विभिन्न अदालतमा मुद्दा गरी खारेज भएको तथ्यलाई लुकाई सफा हातको अभावमा दायर रिट निवेदनबाट इन्साफ पाउन सकिँदैन । मुख्य दाबी नेपाल राष्ट्र बैंकको मिति २०७२।४।२४ को पत्र तथा सोलाई आधार मानी लक्ष्मी बैंकले गरेको कार्यको बदर माग रहेकोमा उक्त सबै काम पूरा भई रकम बुझाई जग्गा फुकुवासमेत भइसकेको अवस्थामा रिट जारी हुने अवस्था छैन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको राज्य श्री इन्टरनेसनल प्रा.लि.का सञ्चालक अध्यक्ष राज्य श्री खड्का र राजेन्द्र राउतसमेतको संयुक्त लिखित जवाफ ।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदन अध्ययन गरी निवेदक नेत्र प्रसाद अधिकारीसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता सुनिल कुमार पोखरेल र अधिवक्ता खडग बहादुर बुढाथोकीले बैंकको कर्जा तिर्न पत्राचार गर्दा गर्दै नेपाल राष्ट्र बैंकको गुनासो व्यवस्थापन समितिले मिति २०७२।४।२४ मा दिएको निर्देशनअनुसार लक्ष्मी बैंकबाट मूल धितो फुकुवा गरेको कानूनविपरीत छ । मूल धितोबाट कर्जा असुलउपर नभएको अवस्थामा मात्र जमानीकर्ताको धितोबाट कर्जा असुलउपर

गर्नुपर्नेमा बाफिया ऐन (कानूनी व्यवस्था) विपरीत भएको मूल धितो फुकुवा गर्ने कार्य नगर्नु नगराउनु भनी मिति २०७२।४।२४ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी बहस गर्नुभयो।

नेपाल राष्ट्र बैंकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता हेमराज अधिकारी र अधिवक्ता डिल्लीराम न्यौपानेले मिति २०७२।४।२४ को पत्राचारले कोही कसैलाई कर्जा तिर्नु बुझाउने दायित्वबाट उन्मुक्ति र अर्को पक्षलाई सो दायित्व थोपरेको अवस्था नभई बैंकबाट प्रवाह भएको कर्जा असुली सुनिश्चित गर्न सामूहिकरूपमा कर्जा असुल गर्न आवश्यक निर्देशनसम्म दिएको हो। कर्जा तिर्न बुझाउन उपस्थित हुने पक्षबाट निजको हिस्सामा पर्ने कर्जाको साँवा-ब्याज नलिनु र मुद्दा गरेकै आधारमा कर्जा तिर्ने दायित्व पर सर्ने अवस्था सिर्जना हुने हो भने बैंक तथा वित्तिय संस्थाले प्रवाह गरेको कर्जा असुलीलाई सुनिश्चित गर्न सकिँदैन र यस्तो अभ्यासले विश्वसनीय बैंकिङ प्रणाली निर्माण गर्नमा समेत असर पर्ने हुँदा कम्पनीका अध्यक्षबाट निजको हिस्सामा पर्ने रकम बुझिलिनु भनी यस बैंकले लक्ष्मी बैंक लिमिटेडलाई दिएको निर्देशन कानूनसम्मत नै भएका हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस गर्नुभयो।

लक्ष्मी बैंक लिमिटेडको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता समीर शर्मा र अधिवक्ता प्रकाश रेग्मीले विपक्षीलाई बैंकको कार्यबाट कानूनतः कुनै आघात परेको छैन। जुन पत्रको कार्यान्वयन रोक्ने निवेदन परेको छ सो निर्णयको आधारमा मिति २०७२।९।३० मा धितोमा रहेको सम्पत्ति बैंकको कर्जा बाँकी रहे तापनि राष्ट्र बैंकको निर्देशनको अधीनमा रही फुकुवासमेत भइसकेको एवम् विपक्षी बैंकको कर्जा असुलीको प्रक्रिया विरूद्ध मिति २०७३।१।८ मा पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको निवेदनसमेत खारेज भइसकेको छ। यसरी कर्जा असुलीलाई कानूनी मान्यतासमेत प्राप्त भई कार्यान्वयन भइसकेको अवस्थामा बिलम्ब गरी परेको विपक्षीको निवेदन खारेजयोग्य छ भनी बहस गर्नुभयो।

प्रत्यर्थीद्वय राज्य श्री खड्का र राजेन्द्र राउतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता डील्ली मैनाली र अधिवक्ता राजकिशोर यादवले मिति २०७२।४।२४ को पत्रानुसारको सबै कार्य सम्पन्न भई जग्गा फुकुवासमेत सबै कार्यान्वयन भइसकेको विषय फिर्ता हुने होइन। रिट निवेदकको कुन अधिकार कसरी हनन् भयो, कुन विषयको माग दाबी हो भन्नेसमेत प्रस्ट नभएको तथा एकै विषयमा पटकपटक विभिन्न अदालतमा मुद्दा गरी खारेज भएको तथ्यलाई लुकाई सफा हातको अभावमा दायर भएको प्रस्तुत रिट निवेदनबाट इन्साफ पाउन सक्ने अवस्थासमेत नभएको हुँदा रिट खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

यसमा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा पेस भए तापनि प्रत्यर्थी सबै पक्षहरूको लिखित जवाफ परी प्रस्तुत निवेदनको सम्बन्धमा आजै निर्णय गर्न सर्वोच्च अदालत नियमावलीको नियम ४१(४) बमोजिम बाधा पर्न जाने देखिन आएन। विद्वान् अधिवक्ताहरूले बहसको क्रममा लिनु भएको जिकिर, निवेदन व्यहोरा र लिखित जवाफसमेतलाई दृष्टिगत गरी लक्ष्मी बैंकले मिति २०७२।९।३० मा धितो फुकुवा गरेको कानूनसम्मत छ छैन ? र मागबमोजिमको रिट जारी हुन पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकहरूले जग्गा धितो राखी कर्जा प्राप्तिको क्रममा जमानत दिई लक्ष्मी बैंकबाट ऋण लिएको र सञ्चालकहरू बीच भएको विवादको कारण रू. ५६,००,०००।– ऋण तर्न बाँकी रहेको स्वीकारेकै देखियो। सञ्चालकहरू मध्येबाट बैंक तथा वित्तिय संस्था नियमन विभाग, गुनासो व्यवस्थापन समितिमा उजुरी परेकोमा प्रत्यर्थी नेपाल राष्ट्र बैंकले मिति २०७२।४।२४ को पत्रमा कम्पनीका अध्यक्षबाट दामासाहीले निजको हिस्सामा पर्ने कर्जाको

साँवा ब्याज असुलउपर गरी धितो सुरक्षणबापत रोक्का रहेको निजको नामको स्थिर सम्पती फुकुवा गर्ने निर्देशन दिएको र सो प्राप्त निर्देशनबमोजिम प्रत्यर्थी लक्ष्मी बैंकले मिति २०७२।९।३० मा धितो जग्गा फुकुवा गर्ने निर्णय गरी कार्यान्वयनसमेत गरी सकेको देखियो । सो विवादित पत्रअनुसार कालो सूचीमा राख्ने बारेमा पत्रचार हुँदा निवेदकहरूले पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको निवेदन दिएकोमा सो अदालतबाट कम्पनीका सञ्चालकहरू बीचको आपसी विवादले बैंकले आफ्नो लेना रकम कानूनबमोजिम असुलउपर गरी लिन पाउने कानूनी व्यवस्थालाई संकुचन वा निस्तेज बनाउन सक्दैन। बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को प्रक्रिया अवलम्बन गरी असुली प्रक्रिया प्रारम्भ गरी सोही दफाको देहाए १० बमोजिम ऋणीलाई कालो सूचीमा राख्न सक्ने देखिँदा निवेदकले लिएको ऋण तोकिएको समयमा तिरे बुझाएको नदेखिएको समेतको स्थितिमा निवेदन खारेज हुने ठहरेको मिति २०७३।१।८ मा फैसला भएको देखिन्छ । त्यसै गरी यी निवेदकहरूले काठमाडौं जिल्ला अदालतमा हरहिसाब गरिपाउँ भनी मुद्दा गरेको र सो अदालतबाट मिति २०७३।२।३१ मा हरहिसाब गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भइसकेको समेत देखिन्छ ।

३. नेपाल राष्ट्र बैंकको मिति २०७२।२।२४ को विवादित पत्रको सम्बन्धमा विचार गर्दा बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४९(२) ले "**राष्ट्र बैंकले आवश्यक देखेको विषयमा नियम बनाउन र आवश्यक आदेश, निर्देशन, सूचना तथा परिपत्र जारी गर्न सक्नेछ र त्यस्तो नियम, आदेश, निर्देशन, सूचना तथा परिपत्रको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ**" भन्ने व्यवस्था भएको देखिन्छ । जसअनुसार कानूनले दिएका सर्तहरूको अधीनमा रही उचित नियमहरू बनाउन आवश्यक निर्देशन जारी गर्नसक्ने र सो आदेश तथा निर्देशनलाई सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले कर्तव्यको रूपमा पालना गर्नुपर्नेसमेत देखिन्छ । बैंकिङ् व्यवसाय विश्वासमा आधारित व्यवसाय हो । राष्ट्र बैंकले बैंकहरूको संस्थागत विकास गर्दै बैंकिङ् कारोबारलाई विश्वासिलो, जिम्मेवार र व्यवस्थित बनाई उपयुक्त वातावरण सिर्जना गर्नु पर्ने हुन्छ । सोबमोजिमको कामकारवाही नियमित र व्यवस्थित गर्न तथा ऋण असुलउपर तथा धितो फुकुवालगायत आवश्यक निर्देशन दिनसक्ने अधिकार नेपाल राष्ट्र बैंकलाई भएको नै देखियो। यसरी ऐनद्वारा प्राप्त अधिकारबमोजिम दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले धितो फुकुवा गर्ने निर्णय र सो निर्णयको कार्यान्वयनसमेतलाई अन्यथा भन्न मिलेन ।

४. कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समय अवधिभित्र ऋण बुझाउनु निजको बाध्यात्मक दायित्व हो । ऋण लिँदा कबुल गरेको सर्तअनुसार ऋण तिर्ने जिम्मेवारीबाट पन्छन खोज्ने कसैलाई पनि कानूनले सहयोग गर्न सक्दैन । सञ्चालकहरूका बीचमा भएको विवादका कारण निर्धारित समयभित्र आफूले लिएको ऋण रकम चुक्ता गर्नुपर्ने दायित्वबाट पन्छिन मिल्दैन भने नियम बमोजिम साँवा ब्याजसमेत तिर्ने ऋणीको हकमा दायित्व निरन्तरता रहिरहन पर्ने पनि होइन। तसर्थ नेपाल राष्ट्र बैंकले मिति २०७२।२।२४ मा दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले मिति २०७२।९।३० मा धितो फुकुवा गर्ने निर्णय गरी सो निर्णयको कार्यान्वयनसमेत भएको कानूनसम्मत् नै देखियो ।

५. कानूनको मान्य सिद्धान्तअनुसार उही व्यक्तिका विरूद्धमा उही कसुरमा सक्षम निकायबाट एक पटक निर्णय भई निर्णय अन्तिम भइसकेको अवस्थामा पुनः सोही व्यक्तिउपर सोही कसुरमा कारवाही चल्न सक्दैन। प्रस्तुत रिट निवेदनतर्फ हेर्दा निवेदकले मिति २०७२।२।२४ को विवादित पत्रबाट उठेका विषयमा काठमाडौं जिल्ला अदालतमा मुद्दा चलि मागदाबी

नपुग्ने ठहरेको र पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको रिटसमेत खारेज भइसकेको अवस्थामा यी निवेदकले मिति २०७३।३।९ मा पुनः सोही विषयमा यस अदालतमा रिट निवेदन लिई आएकोलाई सफा हातले आएको मान्न सकिएन। यसरी विवादित पत्रको सम्बन्धमा अन्य न्यायिक निकायहरूबाट निर्णय भइरहेको साथै विवादित पत्रको बारेमा जानकारी प्राप्त भएको करिब १० महिनापछि ज्यादै ढिलो गरी बिलम्बको सिद्धान्तविपरीत पर्न आएको प्रस्तुत निवेदनबाट निवेदकले उठाएका प्रश्नहरूको निरूपण गरी रहन पर्ने देखिएन। यसरी निवेदकको कुनै हक अधिकारमा आघात परेको समेत नदेखिँदा अन्य प्रश्न तर्फ विचार गरी रहन परेन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत:- गीता श्रेष्ठ
इति संवत् २०७३ साल साउन ३० गते रोज १ शुभम्

निर्णय नं. ९६८६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७३।०४।२०

विषयः परमादेश

०७१-WO-०३७१

निवेदक : स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. १२ स्थायी घर भई हाल ललितपुर उपमहानगरपालिका वडा नं.१ कुपण्डोल बस्ने अधिवक्ता अर्जुनकुमार अर्यालसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

०७१-WO-०३७२

निवेदक : मोरङ जिल्ला विराटनगर उप.म.न.पा.वडा नं. ३ बस्ने राज्यलक्ष्मी गोल्छासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

०७१-WO-०३७३

निवेदक : काभ्रेपलान्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ११ बस्ने गिताप्रसाद दाहालसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- नेपाल सरकार वा कुनै सार्वजनिक निकाय वा पदाधिकारीले संविधान वा कानूनबमोजिम गर्नुपर्ने कुनै काम नगरेको वा गर्न नहुने कुनै काम गरेको कारणबाट जनसाधारणको हक, हित वा स्वार्थमा प्रतिकुल असर परेको कुरा सार्वजनिक हक वा सरोकारको विषय बन्दछ । कुनै विषयलाई "सार्वजनिक हो वा होइन भनी निर्धारण गर्दा मानिसको संख्या गणना गरेर निरूपण गरिने पनि होइन। जनसाधारणको सामान्य हक हितको प्रतिनिधित्व हुने विषय देखिन्छ भने संख्यात्मकरूपमा असर पर्ने मानिसको गणनाका आधारमा मात्र त्यस्तो विवादलाई सार्वजनिक सरोकारको विवाद होइन भन्न नमिल्ने।
- विवादको स्वभाव, प्रकृति वा चरित्रका आधारमा त्यस विवादलाई सार्वजनिक विवाद हो वा व्यक्तिगत विवाद हो भनी छुट्याउनु पर्दछ । सामान्यतयाः देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, साँस्कृतिक वा धार्मिक विषय, सामाजिक न्याय, वातावरणीय न्याय आदि विविध विषयहरू सन्दर्भअनुसार सार्वजनिक हित वा सरोकारको विषय बन्ने गर्दछन् । वस्तुतः सार्वजनिक हित वा सरोकारको विषय वा क्षेत्र यति नै हो भनेर सूचिकृत गर्न सकिँदैन । यो प्रत्येक विवादको तथ्यगत सन्दर्भमा (Case to Case Basis) निरूपण गरिने विषय देखिन्छ । तथापि अदालतबाट निरूपण गरिने सार्वजनिक सरोकारको विवादको अर्थ लगाउँदा संविधान वा कानूनद्वारा प्रदत हक अधिकारको सापेक्षतामा अर्थ लगाइनु पर्ने।

(प्रकरण नं. ३)

- मूलतः नेपाली समाजमा र खासगरी गढीमाई मेलाका क्रममा ठूलो संख्यामा दिइने गरिएको पशु बलीको विषय यससँग सम्बन्धित कतिपय अन्धविश्वास वा रूढिवादी जनावरउपर गरिने क्रुर, निर्दयी, बर्बर र अमानवीय व्यवहार बली दिइएको कारणबाट पर्ने वातावरणीय दुष्प्रभाव जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव विदेशबाट पैठारी गरिने पशु पन्छीको क्वारेण्टाइन परीक्षणको विषय र सम्भावित संक्रामक रोगको समस्यास विधायिकाले ऐन निर्माण गरेको १७ वर्षसम्म पनि त्यस्तो ऐन लागू (प्रारम्भ) नगरिएको विषय आदि विविध विषयमा प्रश्न उठाई न्यायिक निरूपणका लागि रिट निवेदकहरू अदालतमा प्रवेश गरेको देखिन्छ। उल्लिखित विषयहरू स्वभावैले तथा प्रथम दृष्टिमा नै सार्वजनिक चासो र सरोकारका विषय देखिन्छन । देशका हिन्दु धर्मावलम्बीहरूका बीच कायम रहेको कतिपय रूढीवादिता र अन्धविश्वास यही देशका हिन्दु धर्मावलम्बी नागरिकको सरोकारको विषय हुनु स्वाभाविक छ पशु पन्छीको बलीका कारणबाट उत्पन्न हुने पर्यावरणीय समस्या, जनस्वास्थ्यमा असर पर्ने कुरा आम सचेत नागरिकको सरोकारको विषय बन्दछ। पशु पन्छीलाई बली दिन देशका पूर्व पश्चिम कुनै पनि भूभागबाट ओसारपसार गर्दाको क्रममा गरिने निर्दयी व्यवहारका विषयलाई गढीमाई क्षेत्रका स्थानीय मानिसको मात्र

चासो र सरोकारको विषय ठान्नु उचित नहुने ।

- विधायिकाले १७ वर्षभन्दा पहिले जारी गरेको ऐन कार्यान्वयनमा नल्याइएको विषयलाई केवल कुनै व्यक्तिगत हित, चासो वा सरोकारको विषय ठान्न सकिँदैन । उल्लिखित विषयहरू संविधानद्वारा प्रदत सम्मानपूर्वक बाँच्न पाउने हक, धार्मिक स्वतन्त्रताको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, उपभोक्ताको हकसँग सम्बन्धित देखिनुका साथै कानूनको यथोचित कार्यान्वयनको विषय पनि देखिन्छन । यो सन्दर्भ लोक कल्याणकारी राज्य व्यवस्था कायम गर्ने अभिप्रायले हाल प्रचलित संविधान र पूर्ववर्ति नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त र नीतिहरूसँग पनि जोडिएको विषय देखिन्छ । रिट निवेदकहरू कोही सांसद भइसकेको व्यक्ति, कोही कानून व्यवसायी अधिवक्ता र कोही पशु कल्याणको क्षेत्रमा कार्यरत सामाजिक अभियन्ता भएको कुरामा विवाद छैन । निजहरूलाई जनसाधारणको चासो र सरोकारको प्रतिनिधित्व गर्न सक्षम नभएको भनी मान्नु पर्ने कुनै कारण देखिँदैन । तसर्थ, रिट निवेदकहरूले सार्वजनिक हित र सरोकारसम्बन्धी प्रस्तुत विषयमा रिट निवेदन लिई अदालतमा प्रवेश गर्न पाउने नै देखिन आउने ।

(प्रकरण नं. ६)

- वर्तमान युग विज्ञान र चेतनाको युग हो । आधुनिक युगले रूढिवादी अन्धविश्वासलाई मान्यता दिइरहन सक्दैन । विगतका कतिपय अतार्किक, अमानवीय र समाजको विकास एवम् प्रगतिशील परिवर्तनको बाधकको रूपमा रहेका प्रथा, परम्पराहरूलाई समाजले परित्याग गरेका प्रसस्तै उदाहरणहरू छन । समाज परिवर्तनको विज्ञानसँग मेल नखाने कुराहरूलाई परित्याग नगर्ने हो भने हामीले अपेक्षा गरेअनुसारको परिवर्तनको गन्तव्यसमेत दुरूह वा दुष्कर बन्दछन् । नयाँ मान्यता स्थापित हुन पूराना मान्यता विस्थापित हुनु आवश्यक हुन जान्छ । संस्कार, परम्परा, प्रथा वा यस्तै नाममा पूराना मान्यताहरू सबैलाई अनुशरण गर्दै जाने हो भने समाजको आधुनिक परिवर्तन सम्भव नहुने ।
- हिजोदेखि जे गरिँदै आयो, त्यो सबै ठीक छ र अपरिवर्तनीय छ भनी मान्ने हो भने समाजको प्रगतिशील परिवर्तन सम्भव हुँदैन । गलत कुरालाई छाड्न र असल कुरालाई आत्मसात् गर्न सक्नु पर्दछ । यो मानव विकासको एक शुत्र पनि हो । यस कोणबाट पनि बली-प्रथालाई हेर्नु आवश्यक देखिने ।

(प्रकरण नं. ८)

- कतिपय मानिसमा बली दिइने पशु पन्छीकै मुक्तिको लागि बली दिनुपर्दछ भन्ने धारणासमेत रहेको पाइन्छ । धर्मशास्त्रअनुसार देवी भगवतीलाई "जगत् जननी" मानिन्छ । जननी भन्नाले आमा भन्ने बुझिन्छ । धार्मिक मान्यताअनुसार देवी भगवती सम्पूर्ण प्राणी मात्रकी जननी हुन । आमाका लागि आफ्ना हरेक सन्तती प्रति अतुलनीय ममता र करूणा रहन्छ । उनै जननीका नाउँमा उनकै सन्ततीको

बली दिएर कसरी खुःसी र सन्तुष्ट तुल्याउन सकिने हो ? यो तार्किकरूपमा बुझ्न सकिने विषय देखिँदैन । कसैकसैमा शक्ति प्राप्तिको लागि पशु बली दिइन्छ भन्ने पनि धारणा रहेको पाइन्छ । यथार्थमा हेर्ने हो भने बली प्रथाप्रति रूची नराख्ने कतिपय मानिसहरू शक्तिशाली बनेकै देखिन्छन र राज्य सञ्चालन गरी आएका छन् । बली दिनमा रमाउने कतिपय मानिसहरू दीन, कारूणिक, कमजोर अवस्थामा रहेका दृष्टान्त समाजमा यत्रतत्त्र जतातत्तै पाउन सकिन्छ । शक्ति प्राप्त हुनु वा नहुनुसँग व्यक्तिको आफ्नो क्षमता, मेहनत, लगनशीलता, त्याग, समर्पण, ईच्छाशक्ति, परिस्थिति, संयोग आदि कुराको तादात्म्यता रहन्छस अदृष्य, कल्पनातीत विषयलाई धर्मको आवरण दिएर शक्तिको स्रोत देखाउने रूढिवादी प्रवृतिले समाजको अग्रगामी र प्रगतिशील परिवर्तन सम्भव नहुने ।

(प्रकरण नं. ११)

- कानूनतः बाधा नपर्ने भएको सम्मकै कारणबाट लाखौं पशु पन्छीलाई खुल्लारूपमा बली दिने गरिएको कुराको औचित्य पुष्टि हुन सक्दैन । यसलाई उचित तवरबाट व्यवस्थापन गर्नु सरकारका सम्बद्ध निकायहरूको कर्तव्य हुन्छ । ऐनको मूल प्रावधानलाई एकातर्फ पन्छाएर अपवादस्वरूपको व्यवस्थाको आड लिनु तर्कसङ्गत हुँदैन । यसका अतिरिक्त ऐन नै लागू नगरी त्यस्तो ऐनले गरेको अपवादस्वरूपको व्यवस्थाको आड लिनु सरकारका लागि शोभनीयसमेत नदेखिने ।

(प्रकरण नं. ३९)

- वास्तवमा बाँच्न पाउने हकभित्र सम्मान र प्रतिष्ठापूर्ण स्वस्थ जीवन जीउन पाउने हकसमेत अन्तरनिहित रहेको छ । बाँच्न पाउने हकलाई केवल पशुवत अस्तित्व (Animal Existence) को रूपमा बुझ्ने गरिएको पूरातन अवधारणाको अब कुनै कानूनी र व्यवहारिक महत्त्व छैन । वस्तुतः स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने कुरा संविधानद्वारा प्रत्याभूत मौलिक हक भएकाले यो हकको संरक्षण र प्रचलनका लागि राज्यका तर्फबाट आवश्यक प्रबन्ध गरिनु अनिवार्य र वाञ्छनीय देखिन्छ । यो हक प्रचलनका लागि रचनात्मक भूमिका निर्वाह गर्नु यस अदालतको समेत दायित्व बन्ने ।
- गढीमाई मेलाका क्रममा हुने गरेको वातावरणीय प्रदुषण नियन्त्रण गरी स्वस्थ्य र स्वच्छ वातावरण कायम राख्न बली दिइएका पशु पन्छीको मासुलगायतका पदार्थको उचित व्यवस्थापन गर्न, मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्न, पशु बधशाला र मासु जाँच ऐन, २०५५ लागू गर्न तथा गढीमाई मन्दिर र आसपासका क्षेत्रमा स्वच्छ र स्वस्थ वातावरण कायम गर्न तथा बली दिइएका पशुको रगत, मासु, छालालगायत अन्य कारणबाट स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन आवश्यक प्रबन्ध मिलाउनु भनी विपक्षीहरूका नाउँमा आदेश जारी गर्नु आवश्यक देखिन आउने ।

(प्रकरण नं. ४३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता रामकृष्ण बन्जरा, हरि फुयाल, केदार दाहाल

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना, विद्वान् अधिवक्ता अरूण ज्ञवाली र डिल्लीप्रसाद न्यौपाने

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५६

आदेश

न्या. ईश्वरप्रसाद खतिवडा : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको अधिकारक्षेत्रको भई दायर हुन आएको प्रस्तुत निवेदनहरूको संक्षिप्त तथ्य र ठहर आदेश यसप्रकार छः

रिट निवेदन नं. ०७१-WO-०३७१ का निवेदक अधिवक्ता अर्जुनकुमार अर्याल र सरोज न्यौपानेको निवेदन व्यहोराः

हरेक ५ वर्षमा मनाइने गढीमाई मेला यही मङ्सिर ११ गतेबाट सुरू हुने बताइएको छ । गढीमाई मेलाको परम्परा झण्डै २/३ सय वर्षमात्र पूरानो छ । एकजना स्थानीय भूमिपतिलाई तत्कालीन मकवानपुरका राजाले बन्धक बनाएको र सोही समयमा उक्त भूमिपतिले सपनामा गढीमाई मन्दिरमा गएर रगत चढाए सबै कुरा पूरा हुने भन्ने सपनादेखि बन्धक मुक्त भई गढीमाई मन्दिरमा गई आफ्नो जीउको पाँच ठाउँमा खोपेर रगत चढाएको र सोही समयदेखि हरेक पाँच वर्षमा गढीमाई मेला गरिँदै आएको जनविश्वास छ । समयक्रमसँगै उक्त प्रचलनलाई विकृत गरी आफ्नो रगत चढाउनु पर्नेमा सो नगरी निर्दोष हजारौं पशु पंक्षीको बली दिई सो क्षेत्र वरपर वातावरण प्रदूषित गरी अनेक रोग फैलाउने गम्भीर आशंका सिर्जना गरिदिएको छ । यो प्रचलन परम्पराको विकृत रूप हो । आम मानिसहरूको अन्धविश्वासका कारण परम्परालाई विकृत बनाई लाखौं पशुहरूको बली दिने प्रचलनको कारणले वातावरण संरक्षणमा समेत गम्भीर अवरोध सिर्जना गर्ने भएकोले पशु बलीको विकल्पको रूपमा अन्य फुलप्रसाद चढाउने अथवा अन्य आवश्यक व्यवस्था गरी पशुपंक्षीको बली नचढाउनु भनी उल्लिखित विपक्षीहरूको नाममा उपर्युक्त आदेश जारी गरिपाऊँ । सनातन हिन्दु वैदिक दर्शनको दृष्टिमा समेत बली दिनुलाई महापाप मानिन्छ । यो अन्धविश्वासका कारण संसारमै सबैभन्दा ठूलो पशु बली दिने स्थान नेपालको गढीमाई चिनिन्छ । यसले विश्वव्यापी रूपमै नकारात्मक सन्देश दिएको छ । नेपाल भारत तथा अन्य देशका पशु अधिकारका क्षेत्रमा कार्यरत विज्ञहरूले यी निर्दोष जीवहरूको हत्या सम्बन्धमा विरोध जनाउदै आएका छन् । यसले सनातन हिन्दु वैदिक दर्शनको मर्ममा प्रहार गरी हिन्दु धर्मसमेतलाई विकृत बनाउने आशंकासमेत सिर्जना गरिदिएको छ । भारतको सर्वोच्च अदालतले समेत पशु अधिकार वादीहरूको रिट माथि सुनुवाइ गर्दै गढीमाई मेलामा बलीदिन भारतबाट कुनै पनि पशु नेपाल भित्रिन नदिनु भनी अन्तरिम आदेश जारी गरेको छ । गर्भवती, रोगी पशुहरूको कुनै परीक्षण नगरी, पशुहरूलाई पानी दानासमेत खान नदिई राखिएका पशुहरूको अत्यन्तै बर्बरतापूर्वक ढंगले पशुहरूलाई बली दिइन्छ । जसका कारण वातावरण प्रदुषणसमेत हुन जान्छ । आईमाई केटाकेटी युवाहरूलगायत आम मानिसहरू प्रति आपराधिक चिन्तन चरित्र विकसित भई समाजमा नकारात्मक प्रभावसमेत पर्ने भएकोले हजारौं लाखौं पशुहरूको बली नगर्न नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन व्यहोरा ।

रिट निवेदन नं. ०७१-WO-०३७२ का निवेदक राज्यलक्ष्मी गोल्छा, मनोज गौतम र निरज गौतमको निवेदन व्यहोराः

प्रत्येक पाँच वर्षको मङ्सिरमा बारा जिल्लाको वरियारपुरमा लाग्ने गढीमाईको मेलामा

हजारौं राँगालगायत अन्य पशुको बली दिइने चलन विगत २६० वर्षदेखि चल्दै आएको छ । गढीमाई मन्दिरमा नेपालबाट मात्र नभई छिमेकी राष्ट्र भारतबाट पनि धेरै पशुहरू ल्याई निर्ममतापूर्वक बली दिइने चलन रहि आएको छ । यस मेलामा पशु बली दिनका लागि राज्यका निकायहरूसमेतले स्रोत र साधन उपलब्ध गराउँदै आएको छ । स्थानीय प्रशासनको सहयोगमा मेला सञ्चालन भई सुरक्षासमेतको प्रबन्ध गरी दिने चलन रहेको छ । यस वर्ष पनि आयोजकले लाखौं पशुलाई बली दिने योजना बनाइएका छन् र सोही योजनाबमोजिम स्थानीय प्रशासनको समन्वयमा तिव्ररूपमा आवश्यक तयारी भइरहेको छ ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तिहरूले समेत पशुबली विरूद्ध आवाज उठाई रहनु भएको छ । यस प्रथाले नागरिकको स्वच्छ वातावरणमा स्वस्थ जीवन बाँच्न पाउने हक कुण्ठित गरेकोले उक्त हकको संरक्षण र प्रचलन गरी पाउने वैकल्पिक कानूनी उपचारको मार्ग नरहेको हुँदा संविधानको धारा ३२ र १०७(२) बमोजिम सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी प्रस्तुत सार्वजनिक सरोकारको विवाद लिई सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं । गढीमाई जस्तो पवित्र धार्मिक शक्ति पिठमा मङ्सिर महिनामा हुन गैरहेको पशुबली हुन दिइनु हुँदैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुने छ भन्ने संवैधानिक व्यवस्था गरेको छ । वातावरण संरक्षण ऐन, २०५३ को दफा २(क) ले वातावरण भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणालीहरू आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ भनी परिभाषित गरेको छ । दफा २(ख) ले प्रदुषण भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनुपर्छ भनी परिभाषा गरेको छ । बली दिएका पशुको सिनोले गढीमाई क्षेत्र निकै दुर्गन्धित हुने र त्यसले मन्दिर र आसपासको क्षेत्रको धार्मिक, सामाजिक क्षेत्रमा प्रत्यक्ष असर पुर्‍याउँदछ । गढीमाई परिसरमा बली दिएका कुखुरा, परेवा, बोका तत्काल लैजाने भएपनि यी मरेका पंक्षीहरूबाट वातावरणलाई प्रतिकूल असर पर्दछ । तर राँगाको मासु भने चौबीस घण्टा पछि मात्र दलित जातिले लैजाने परम्परा विद्यमान रहि आएको छ । हजारौ मात्रामा बली दिएका पशुबाट धेरै रगत र अन्य फोहोर पदार्थ निष्कासन हुने र चौबिस घण्टासम्म एकै ठाउँमा राख्दा त्यसले फोहोरको रूप ग्रहण गर्नुका साथै मृत्युवरण गरेका पशुको शरीरबाट संक्रमणको सम्भावना पनि रहेको छ । यसरी गढीमाई क्षेत्रलाई पशुबली मुक्त क्षेत्र नबनाएको खण्डमा नेपालको अन्तरिम संविधानको धारा १६(१) द्वारा प्रदत्त अधिकारमा प्रतिकूल असर पर्ने भएकोले त्यस प्रकारका क्रियाकलाप रोकिनु पर्दछ ।

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले क्वारेन्टाइन परीक्षणको व्यवस्था गरेको छ । तर गढीमाई मेलाका सन्दर्भमा उक्त कानूनबमोजिमको परीक्षण हुने गरेको पाइँदैन ।

गढीमाईमा हुने पशुबलीको कारणबाट बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पर्ने अवस्था छ । Convention on the Rights of Child, 1989 को धारा १७ ले बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रतिकूल कुनै पनि क्रियाकलापहरू गर्नु हुँदैन भन्ने व्यवस्था गरेको छ । सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम महासन्धिमा रहेको व्यवस्थाको नेपालले पालना गर्नुपर्ने हुन्छ ।

वातावरण संरक्षण ऐन, २०५३, संक्रामक रोग ऐन, २०२०, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५,

सन्धि ऐन,२०४७, पशु बधशाला र मासु जाँच ऐन, २०५५ समेतका कानूनमा रहेका प्रावधानहरूका दृष्टिले पनि पशु बली दिई प्रदुषण फैलाउने र जनस्वास्थ्यमा असर पार्ने कार्य हुन हुँदैन । बली दिने कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१), २३(१)(२), २९(२) समेतद्वारा प्रदत्त संवैधानिक हक विपरीत रहेकोले अन्य प्रभावकारी वैकल्पिक कानूनी उपचारको मार्ग नरहेकोले ऐ संविधानको धारा ३२ र १०७(२) अन्तर्गत यो सार्वजनिक सरोकारको विवाद लिई सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं । गढीमाईमा हुन गैरहेको पशुबली जस्तो हिंसात्मक कार्य गर्न नदिनु नदिलाउनु भन्ने परमादेशको आदेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश संविधानको धारा १०७(२) बमोजिम जारी गरिपाउँ भन्ने निवेदन व्यहोरा ।

रिट निवेदन नं.०७१-WO-०३७३ का निवेदक गीताप्रसाद दाहाल र अधिवक्ता रामकृष्ण बन्जाराको तर्फबाट पेस भएको निवेदन व्यहोराः

निवेदकमध्ये म गिताप्रसाद दाहाल एक नेपाली नागरिक भई विगत १० वर्षदेखि घरपालुवा पशुपंक्षीको संरक्षण रेखदेख र विकाससँग सम्बन्धित क्षेत्रमा काम गर्दै आएको छु । निवेदकमध्ये म रामकृष्ण वन्जरा कानूनको विद्यार्थी भई विगत ७ वर्षदेखि अधिवक्ताको रूपमा सेवा गरी आएको छु । नेपालको बारा जिल्लाको वरियारपुर भन्ने गाउँ विकास समिति वडा नं. २ स्थित गढीमाई मन्दिरमा प्रत्येक ५।५ वर्षमा ठूलो मेला लाग्ने गर्दछ । उक्त मेलामा पाँच किसिमका पशुपंक्षीहरू बोका, राँगा, हाँस, कुखुरा र मुसाको बली दिने गरिन्छ । यस बारेमा आजभन्दा ५ वर्षअगाडि पनि यसैगरी लाखौंलाख पशुहरूको बली दिएर उक्त स्थान वरपर सबै ठाउँमा बधित पशु र पशुजन्य पदार्थ (विशेषतः भैंसीका पाडा तथा रागाहरू) बाट वातावरण दूषित भई दुर्गन्ध फैलिएको पत्र पत्रिकामा आएको थियो । यही कुरामा विगतदेखि नै राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा मिडियाहरूले यसलाई समाचारको विषय बनाई गढीमाई मन्दिरको यो मेलालाई लिएर नेपाललाई संसारको सबैभन्दा बढी पशुबली दिने ठाउँको रूपमा चित्रण गर्ने काम भएको थियो । त्यसैको निरन्तरतामा विगत करिब ६ महिनादेखि यस बारेमा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मिडियाहरू, पशु अधिकारकर्मीहरूले आ-आफ्नो सरोकार व्यक्त गर्ने गरेका छन् । यसै क्रममा भारतीय सर्वोच्च अदालतमा Gauri Mallekhi Vs. UOI and Others मुद्दा दायर भई मिति ई.सं. १७।१०।२०१४ मा इजाजत प्राप्त पशुबाहेक अन्य पशुलाई नेपालमा निकासी गर्न नदिनु भन्ने आदेशसमेत भई यो विषयलाई भारतीय सर्वोच्च अदालतले समेत आफ्नो न्यायिक सक्रियता, जागरूकता देखाई आएको छ । यसरी पशुबली दिने बारेमा मिडियाहरूमा विचारहरू, समाचारहरू आएका र निवेदकहरूले विभिन्न कार्यक्रम गरी यस बारेमा विपक्षी नेपाल सरकारका तत्तत् निकायलाई यो पशुबली अर्पण गर्ने पद्दतिमा पुनर्विचार होस् भनी आग्रह गरी आएका थियौ । पशुबली दिइएका पशुजन्य पदार्थहरूको बिक्री गर्नको लागि मिति २०७१।७।१६ मा करिब २ करोड ६७ लाखको टेन्डर खुलाई विदेश चिनसम्म मासु निर्यातका लागि ठेकेदार तोकी ठेक्कासमेत लागि सकेको भनिएबाट उक्त पशुबलीलाई सांकेतिकरूपमा मात्र गर्नेतर्फ विपक्षीले कुनै काम गरेको पाइएन । त्यसैगरी उक्त पशुबलीको लागि गढीमाई मन्दिरको वरपरको जग्गालाई बधशालाको रूपमा छुट्टयाइएको र उक्त क्षेत्र बधभूमिको रूपमा चित्रण गरी पशुबधको संकेत गरी पत्र पत्रिकामा फोटोहरू प्रकाशित हुन थालेका छन् । निवेदकहरूले यो पशुबली दिएका पशुहरूको व्यवस्थापनको लागि टेन्डर गरिएको भए पनि यी बलीका लागि ल्याइएका पशुहरूको स्वास्थ्यको जाँच गर्ने, बधित पशुको मासु जाँच गर्ने बारेमा विपक्षीहरूसँग सम्पर्क गरी जानकारी

माग गर्दा मासुको गुणस्तर जाँच गर्ने, स्वास्थ्य जाँच गर्ने संयन्त्र र कार्यक्रम रहेको हालसम्म जानकारी पाउन सकिएको छैन । गढीमाईका लागि अर्पण गरिएका पशुहरू अस्वस्थ र संक्रामक रोगमा परेको हुन नहुनेतर्फ क्वारेन्टाइन प्रक्रिया अपनाउने गरेको सार्वजनिक भएको पाइँदैन । यस्ता पशुहरू बधित भइसकेपछि ठेक्कामार्फत मासु बिक्री गर्ने भई सो मासु सर्वसाधारणसम्म पुग्नेमा कुनै संक्रमणमा परेको पशुजन्य पदार्थबाट सोझै मानव स्वास्थ्यमा असर पार्ने यी सार्वजनिक सूचना मासुको ठेक्का लागेको तथ्यबाट स्थापित छ । तर यस्तो मासु स्वस्थकर पनि हुनुपर्ने तर्फ विपक्षीले कुनै चासो नराखेबाट अस्वस्थ पशुजन्य पदार्थको पहुँच सर्वसाधारणसम्म पुग्न सक्ने देखिन्छ । जनतामा खाद्य पदार्थ खानयोग्य छ भन्नुपर्ने कानूनी दायित्व खाद्य ऐन, पशु स्वास्थ्य तथा पशु सेवा ऐनका व्यवस्था नेपाल सरकारमा रहेको छ । तर विपक्षीहरूबाट यो दायित्व पूरा गरेको अवस्था छैन । तसर्थ, नेपालको अन्तरिम संविधानको धारा ३२ र १०७(२) बमोजिम बली दिइने पशुको क्वारेण्टाइन परीक्षण गर्न, पशुबली व्यवस्थितरूपमा दिने व्यवस्था गर्न, पशुहरूउपर निर्दयी व्यवहार हुन नदिन, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिम तत्कालै समिति गठन गर्न, पशुजन्य पदार्थहरूको उचित व्यवस्थापन गर्न, मासुको गुणस्तर तोक्न, पशुबलीलाई सांकेतिक रूपमा मात्र गर्न तथा पशु बधशाला तथा मासु जाँच ऐन, २०५३ लागू गर्न विपक्षीहरूका नाउँमा परमादेशलगायतका आदेश जारी गरिपाउँ भन्ने निवेदन व्यहोरा ।

कारण देखाउ र अन्तरिम आदेश व्यहोराः

यसमा विपक्षीहरूबाट लिखित जवाफ लिई पेस गर्नू । साथै, मानव स्वास्थ्य, मानवको स्वास्थ विकास र वातावरणसमेतमा गम्भीर नकारात्मक प्रभाव पर्ने गरी पशु बध गर्न नपाइने, पशुहरूप्रति निर्दयी व्यवहार गर्न नपाइने, खानयोग्य मासु मात्र उपभोगमा आउनु पर्ने, रोगी पशु पैठारी गर्न नपाइने, पशु तस्करी नहुनु पर्ने जस्ता निवेदकले उठाएका विषयहरूलाई पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु बधशाला तथा मासु जाँच ऐन, २०५५, संक्रामक रोग ऐन, २०२० र वातावरण संरक्षण ऐन, २०५३ आदिले सम्बोधन गरेको देखिन्छ । यसरी कानूनले नै व्यवस्थित गरेको विषयका सम्बन्धमा यस अदालतले थप आदेश गर्नुभन्दा ती कानून प्रतिकूल कुनै काम नहोस् भन्ने कुरामा स्थानीय निकाय, संघसंस्था र आमजनता सबै र स्वास्थ्य, प्रशासन, प्रहरी सेवाका सबैले तत्परता देखाउनु आवश्यक हुने हुँदा ती ऐन कानूनलाई मध्यनजर राखी गढीमाई मेलाको व्यवस्थापन गर्नका लागि विपक्षीहरूका नाममा ध्यानाकर्षण गराउन अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।८।८ गतेको एकल इजलासको आदेश ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः

विपक्षी रिट निवेदकले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्टरूपमा उल्लेखसम्म गर्न सकेको पाइँदैन । प्रचलित कानूनबमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारवाही एवं निर्णय उपरसमेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने पनि हुँदैन । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं सम्वर्द्धन गर्ने

कुरामा प्रतिवद्ध रहेको छ । धार्मिक अधिकार (Right to Religion) व्यक्तिको मौलिक र मानव अधिकार हो । संविधानले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सास्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन गर्ने, अभ्यास र संरक्षण गर्ने हक प्रदान गरेको छ । बारा जिल्लास्थित गढीमाईमा हरेक पाँच वर्षमा लाग्ने मेला नेपालीहरू मात्र नभई छिमेकी मूलुक भारतका हिन्दु धर्मावलम्बीहरूको धार्मिक आस्था र विश्वासको केन्द्रबिन्दु हो । उक्त मेलामा हरेक पाँच वर्षमा लाखौंका संख्यामा गढीमाईप्रति श्रद्धा र विश्वास राख्ने मानिसहरू आफ्नो मनोकामना पूर्ण भएको विश्वासमा भगवान्का नाममा आफूले भाकल गरेका वस्तुहरू चढाउन मन्दिरमा उपस्थित भएका हुन्छन् । धार्मिक अधिकारको पूर्ण संरक्षण गर्दै मानव स्वास्थ्य र वातावरणसमेतमा गम्भीर नकारात्मक प्रभाव पर्न नदिन र पशु बध गर्ने कार्यलाई निरूत्साहित गर्न सरकारी तथा स्थानीय व्यक्तिहरूको सहयोगमा जनचेतना अभिवृद्धि गर्ने कार्यहरू भएको छ । पशुहरूप्रति निर्दयी व्यवहार गर्न नपाइने, खानयोग्य मासु मात्र उपभोगमा आउनु पर्ने, रोगी पशु पैठारी गर्न नपाइने, पशु तस्करी नहुनु पर्ने जस्ता रिट निवेदकहरूले उठाएका विषयहरूसँग नेपाल सरकार पूर्ण सहमत नै रहेको छ । यस सम्बन्धमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु बधशाला तथा मासु जाँच ऐन, २०५५, संक्रामक रोग ऐन, २०२० र वातावरण संरक्षण ऐन, २०५३ आदि ऐनहरूमा पनि स्पष्ट व्यवस्था भएको पाइन्छ र सोको कार्यान्वयन गर्न गराउन सरकार प्रतिबद्ध नै रहेको छ । मन्दिरमा पाठ, पूजा गर्ने, बली चढाउने कार्य धार्मिक स्वतन्त्रता अन्तर्गत नै भएको र प्रचलित कानूनले पशुबली प्रथालाई वर्जित नगरेको हुँदा नेपाल सरकारको तर्फबाट हस्तक्षेप गर्न मिल्ने देखिँदैन । गढीमाई मेलासमेत सम्पन्न भइसकेको पृष्ठभूमिमा सम्मानित अदालतबाट थप आदेश जारी हुनुपर्ने अवस्था नरहेकोले रिट खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ ।

विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको लिखित जवाफः

निवेदकले यस मन्त्रालयको के कुन काम कारवाहीको कारण निवेदक वा सर्वसाधारणको हक अधिकारमा प्रतिकूल प्रभाव पर्न गएको हो भन्ने सम्बन्धमा स्पष्ट गर्न नसक्नु भएको र निवेदकले लिएको निवेदन दाबी अनुसारको काम कारवाहीमा यस मन्त्रालयको काम, कर्तव्य र अधिकारक्षेत्रसमेत आकर्षित हुने नदेखिएकोले यस मन्त्रालयलाई विपक्षी नै नबनाउनु पर्नेमा विपक्षी बनाएको हदसम्म निवेदन दाबी खारेजभागी छ । खाद्य ऐन, २०२३ र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा गरिएको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट निवेदकले लिनुभएको मागदाबीको उचित व्यवस्थापन हुन सक्ने वैकल्पिक व्यवस्था हुँदाहुँदै सो मार्गको अवलम्बन नै नगरी नगराई प्रस्तुत विषयमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम पर्न आएको रिट निवेदन खारेज भागी छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लिखित जवाफः

बारा जिल्लाको गढीमाई मन्दिरमा हरेक ५/५ वर्षमा हुने मेलामा पशुबली दिने चलन छ । नेपालको प्रचलित कानूनले पशुबलीलाई वर्जित नगरेको सन्दर्भमा उक्त प्रचलनलाई निरूत्साहित गर्न, कम गर्न तथा व्यवस्थित गर्न जनचेतना अभिवृद्धिको महत्त्वपूर्ण भूमिका रहन्छ । अतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको हैसियतले विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य गरी आगामी दिनमा पशुबली दिने प्रचलनलाई

व्यवस्थित तुल्याउन मन्त्रालय प्रयत्नशील रहेको छ। यस मन्त्रालयको कुन काम कारवाहीबाट विपक्षीको हक अधिकारमा के कस्तो आघात परेको हो सोको पुष्टि नभएकोले रिट निवेदन खारेजभागी छ भन्नेसमेत लिखित जवाफ व्यहोरा।

गृह मन्त्रालयको लिखित जवाफः

कुनै सामाजिक संघ संस्था तथा निकायहरूले सुरक्षा माग गरेको अवस्थामा गृह प्रशासनले सुरक्षासम्म प्रदान गर्ने हो । रिट निवेदकले दाबी लिनुभएको विषयमा गृह मन्त्रालयको के कस्तो काम कारवाहीबाट के कस्ता हक हनन भएको हो भन्ने सम्बन्धमा रिट निवेदनमा कहिँकतै उल्लेखसम्म छैन। रिट निवेदकले दाबी लिनुभएको विषयमा यस मन्त्रालयको संलग्नता एवं प्रत्यर्थी बनाउनु पर्नाको आधार र प्रमाण खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत लिखित जवाफ व्यहोरा।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफः

नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रत्याभूत सम्मानपूर्वक स्वस्थरूपमा बाँच्न पाउने हक, वातावरण तथा स्वास्थ्य, शिक्षा तथा संस्कृति, धर्म, बालबालिकाको हकलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा संरक्षित अधिकारहरूको उपभोग गर्न पाउनु प्रत्येक नेपालीको हक भएको विषयमा दुईमत हुन सक्तैन। पशुको स्वास्थ्य जाँच गर्ने, कुनै पनि प्रयोजनको लागि प्रयोग हुने पशुहरूउपर निर्दयी व्यवहार हुन नदिने र पशुबलीबाट उत्पन्न वातावरणसम्बन्धी कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्रको विषय देखिँदैन । सो विषयमा सम्बन्धित मन्त्रालय वा निकायबाट स्पष्ट हुने नै हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने आधार कारण र औचित्यतासमेत नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

कृषि विकास मन्त्रालयको लिखित जवाफः

खाद्य ऐन,२०२३ ले कुनै व्यक्तिले दूषित खाद्य पदार्थ वा न्युन स्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न वा सोमध्ये कुनै पनि कामका लागि त्यस्तो पदार्थ राख्न नहुनेलगायत खाद्य पदार्थको गुणस्तर तोक्ने प्रयोजनका लागि खाद्य पदार्थको जाँच तथा गुणस्तर निर्धारण समितिको व्यवस्था गरिएको छ । खाद्य पदार्थको गुणस्तर सम्बन्धमा यस मन्त्रालयअन्तर्गतको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग र मातहतका कार्यालय सक्रिय रहि रहेकै छन। किटानीरूपमा मन्त्रालयको यो यस्तो काम कारवाहीबाट यस्तो प्रकारको हानि भयो वा हुँदैछ भन्न नसकी हचुवाका भरमा यस मन्त्रालयलाई विपक्षी बनाई रिट निवेदन दायर भएको छ । पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ५ अनुसार मन्त्रालयले समय समयमा क्वारेन्टाइन अधिकृत नियुक्ति गरी पैठारीकर्ताले पैठारी गरेका पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी परीक्षण गर्नुपर्ने व्यवस्थासमेत गरी आएको छ । पशु बधशाला र मासु जाँच ऐन, २०५५ बमोजिम मासु निरीक्षकको नियुक्ति गर्ने, पशुबध गर्नु अघि जँचाउनु पर्नेसम्मका कानूनी व्यवस्थाहरू कार्यान्वयनमा छन्। धार्मिकस्थल मठमन्दिरमा समेत स्वस्थ्य पशुको बली दिइने कुरामा मन्त्रालय विश्वस्त रही आएको छ । यदि कसैले रोगी वा अस्वस्थ पशुको बध गरेको प्रमाणित भएमा कारवाही गर्न पनि मन्त्रालय प्रतिबद्ध रही आएकै अवस्थामा अनावश्यकरूपमा काल्पनिक विषय खडा गरी विधिसम्मतरूपमा धार्मिकस्थलमा दिइने पशुबलीको व्यवस्थापन, मन्दिर सञ्चालन तथा विकास समितिबाट भइरहेको विषयलाई नजरअन्दाज गरी दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ।

केन्द्रीय पशु क्वारेन्टाइन कार्यालयको लिखित जवाफः

गढीमाई मन्दिरमा बली दिइने पशु, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ६ र ७ बमोजिमको क्वारेन्टाइनमा राख्नु पर्ने र क्वारेन्टाइन प्रमाणपत्र दिनु पर्ने प्रक्रिया पूरा गरेर मात्र बली दिइने गरिएको, यसको लागि नेपाल सरकारले वीरगञ्जमा पशु क्वारेन्टाइन कार्यालय र बारा जिल्लाको मटीअर्वामा पशु क्वारेन्टाइन चेकपोष्टसमेत स्थापना गरी कार्य गरिरहेको छ। पशुप्रति हुने निर्दयी व्यवहार रोक्न पशु सेवा विभाग र मातहतका निकायहरूबाट भरमग्दुर प्रयास भइरहेको छ। पशु बलीपश्चात् भक्तजनहरूले छोडेको मासुजन्य पदार्थहरूको खाद्य ऐन, २०२३ को दफा ७ लगायत वातावरण संरक्षण ऐन, २०५३ को कानूनी व्यवस्थाबमोजिम स्थानीय स्तरमा वातावरण प्रदुषण हुन नदिने उचित व्यवस्था गरिएको समेत हुँदा यस कार्यालयसमेतलाई विपक्षी बनाई दायर गरिएको उक्त रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ।

जिल्ला प्रशासन कार्यालय, बाराको लिखित जवाफः

जिल्ला प्रशासन कार्यालय, बाराले मेला लाग्ने अघिल्लो महिनादेखि नै सुरक्षा व्यवस्थापनको विषयलाई प्रमुख चासो बनाई गढीमाई मेलाको शान्ति र व्यवस्था कायम राख्ने, आउने भक्तजनहरूको सुरक्षाको लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, सुरक्षा निकायको बैठक बसाली निर्देशन दिने, मेला र पशुबली कार्यलाई व्यवस्थित बनाउन निरन्तर अनुगमन निरीक्षण, पशु बधशालाको व्यवस्थापन गर्नेसमेतका कार्य स्रोतसाधनले भ्याएसम्म नेपालको प्रचलित कानून र नियमको परिधिभित्र रही गरिएकै हो। बली दिएको पशुहरूबाट फैलन सक्ने संक्रामक रोग, प्रदुषण र त्यसबाट पर्ने असर बारे सम्बन्धित जिम्मेवार अन्य निकायहरूलाई जानकारी गराउने, सचेत गराउने र निर्देशन दिने, मेलामा कुनै पनि किसिमका अवाञ्छित क्रियाकलाप हुन नदिन गढीमाई मन्दिर आसपास ३ कि.मि. सम्म कसैले मादक पदार्थ बिक्री वितरण गर्न तथा सेवन गरी आउन नपाउने गरी निषेधित क्षेत्र घोषणा गर्नेसमेतका कार्य गरिएको छ। यस कार्यालयबाट गढीमाई मेलाको व्यवस्थापन र आउने भक्तजनहरूको सुरक्षा, वातावरण स्वच्छता, धार्मिक एवं सामाजिक एकता र सद्भाव कायम राख्नेप्रति सचेत रहिआएको र भविष्यमा पनि सो प्रति प्रतिवद्ध रहेकोले निवेदकले यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ।

जिल्ला प्रहरी कार्यालय, बाराको लिखित जवाफः

यस कार्यालयबाट पञ्चवर्षीय गढीमाई मेला सुरू हुनुभन्दा एक महिना अगाडिदेखि नै गढीमाई मन्दिरमा सञ्चार साधनलगायतका आवश्यक उपकरणसहित प्रहरी नायब उपरीक्षकको कमाण्डमा सुरक्षा बेस क्याम्प स्थापना र परिचालन गरी गढीमाई मन्दिरमा आउने भक्तजनहरूको आवश्यक सुरक्षा र व्यवस्थित तवरबाट पशुबली दिने, सहज तबरबाट पुजापाठ गर्ने, गराउनेलगायतको आवश्यक व्यवस्थाको लागि कार्य भई आएको छ। गढीमाई मन्दिरका पुजारीहरू, गढीमाई मेला समिति, जिल्ला प्रशासन कार्यालय बारा, शसस्त्र प्रहरी बललगायतका सम्बन्धित निकायहरूसँग समन्वय, छलफल र परामर्श गरी मेला अवधिभर कुनै अवान्छित क्रियाकलाप हुन नपाओस् भनी मन्दिर वरपर ३ कि.मि. दुरीसम्म मदिराको बिक्री वितरण तथा सेवन गर्न नपाउने गरी निषेधित इलाका घोषणा गर्ने जस्ता पूर्व तयारी गरिएको छ। गढीमाई मेलाको व्यवस्थापन र भक्तजनहरूको सुरक्षा, स्वच्छ वातावरण, धार्मिक तथा सामाजिक एकता र सद्भाव कायम राख्ने जस्ता कुराहरूलाई मध्यनजर

राखी मेलामा पूजापाठ तथा पशुबली व्यवस्थित गरिएको छ । कुनैपनि अप्रिय घटना नघटी शान्ति एवं व्यवस्थितरूपमा मेला सम्पन्न गराई सकिएको छ । पशुबली रोक्ने सम्बन्धमा परम्परादेखि चलिआएको पशुबली रोक्न सक्ने अवस्था नरहेको हुँदा रिट निवदेन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ ।

गढीमाई मेला आयोजक समिति र गढीमाई मन्दिर व्यवस्थापन समितिको लिखित जवाफः

गढीमाई मन्दिरको पौराणिक महत्त्व रहि नेपालमा मात्र प्रसिद्ध नभई अन्तर्राष्ट्रिय स्तरमा नै महत्त्व बोकेको धार्मिक आस्थाको शक्ति पीठको रूपमा रहेको छ । यो मन्दिर देवी शक्तिको रूपमा रहेको हुँदा प्रायः देवी पूजा बलीयुक्त रहेको हुन्छ । यस मन्दिरमा वैदिककालदेखि पञ्चबलीको पूजा हुँदै आएको छ । आन्तरिक तथा बाह्य पर्यटक गरी लाखौं धार्मिक आस्थाका भक्तजन पर्यटकहरू यस मेलामा सहभागी हुने गर्दछन् । नेपालको धार्मिक आन्तरिक तथा बाह्य पर्यटनले गर्दा यस मेलाले पर्यटन विकासमा ठूलो टेवा पुर्‍याउँदै आई रहेको छ । धार्मिक आस्थाको रूपमा दिने गरेको पशुबली रोक्दा धार्मिक आस्थामा खलल पुग्ने र त्यसले गर्दा धर्ममाथि प्रत्यक्ष हस्तक्षेप हुने कारणले नै चलिआएको धार्मिक परम्परालाई कानूनले पनि छुट प्रदान गरेको छ । मुलुकी ऐन अदलको १क नं. ले कसैले कुनै धार्मिकस्थल वा धार्मिक कार्यमा खलल पार्ने कुनै काम गरेमा कैद सजायसम्मको व्यवस्था गरेको छ । गढीमाई मेलामा चढाइने बलीको व्यवस्थापन, मन्दिरको संरक्षण, सञ्चालन, विकास, पर्यटन प्रवर्द्धन जस्ता कार्यहरूको उचित व्यवस्थापन गर्ने कार्यको लागि पहल गर्न मिति २०६०।११।१५ मा गढीमाई मन्दिर सञ्चालन तथा विकास समितिको स्थापना गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नै गढीमाई मन्दिरमा चढ्ने बली व्यवस्थापन, भेटी व्यवस्थापन, स्थानीयहरूको स्वास्थ्य, भक्तजनहरूले छोडी गएका पशुको मासुको उचित व्यवस्थापन गर्ने कार्य गर्दै आइरहेको छ । हालसम्म गढीमाई मन्दिरमा चढेको बलीले वातावरणमा कुनै नकारात्मक असर पारेको छैन र सो क्षेत्रमा बलीको कारणले कुनै रोग फैलिएको अवस्था छैन । वातावरणमा असर परेको तथा रोग फैलिएको जस्ता कुरा रिट निवेदकले पुष्टि पनि गर्न सक्नु भएको छैन । रिट निवेदकले गर्भवती, रोगी पशुहरूको कुनै परीक्षण नगरी, पशुहरूलाई पानी दानासमेत खान नदिई राखिएको, पशुहरूको अत्यन्तै बर्वरतापूर्वक ढंगले बली दिने गरिएको, वातावरण प्रदुषण भएको, समाजमा नकारात्मक प्रभाव परेको आदि जिकिर लिए तापनि सो कुराको तथ्यगत आधार उल्लेख गर्न सकेको देखिँदैन । गढीमाईमा दिने बलीमा पशुमाथि कुनै निर्दयी तथा पशुवत् व्यवहार नभई पूर्णतः बली व्यवस्थित रहेको छ । अतः निवेदकले उठान गरेको कुराहरूमा कुनै सत्यता नरहेको तथा यस संस्थाले मेला सञ्चालन, बली व्यवस्थापनमा पूर्ण ध्यान दिई कार्य गरी आइरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ ।

गाउँ विकास समितिको कार्यालय, वरियारपूर, बाराको लिखित जवाफ पर्न नआई सुरू म्याद नै गुजारी बसेको ।

कानून व्यवसायीहरूको बहस जिकिरः

रिट निवेदकको तर्फबाट विद्वान् अधिवक्ता रामकृष्ण बन्जारा, विद्वान् अधिवक्ता श्री हरि फुयाल, विद्वान् अधिवक्ता श्री केदार दाहालले मानिस र पशु बीचको अन्योन्याश्रित सामाजिक अन्तरसम्बन्ध कायम रहनु पर्दछ । गढीमाई मेलामा हजारौं पशु पंक्षीको बली दिई सो क्षेत्र वरपर वातावरण प्रदूषित गरी अनेक रोग फैलाउने गरिएको छ । यो प्रचलन परम्पराको विकृतरूप हो । अन्धविश्वासका कारण संसारमै सबैभन्दा ठूलो पशु बली दिने स्थानको रूपमा नेपालको गढीमाई चिनिन्छ । यसले विश्वव्यापीरूपमै नकारात्मक सन्देश

दिएको छ। गर्भवती, रोगी पशुहरूको कुनै परीक्षण नगरी, पशुहरूलाई पानी दानासमेत खान नदिई राखिएका पशुहरूको अत्यन्तै बर्वरतापूर्वक ढंगले बली दिइन्छ। गढीमाई मन्दिरमा नेपालबाट मात्र नभई छिमेकी राष्ट्र भारतबाट पनि धेरै पशुहरू ल्याई निर्ममतापूर्वक बली दिइने चलन छ। यस मेलामा पशुबली दिनका लागि राज्यका निकायहरूसमेतले स्रोत र साधन उपलब्ध गराउँदै आएको छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तिहरूले समेत पशुबली विरूद्ध आवाज उठाउने गरेको भए पनि यसमा नियन्त्रण कायम गरिएको छैन। बली दिएका पशुको सिनोले गढीमाई क्षेत्र निकै दुर्गन्धित हुने र त्यसले मन्दिर र आसपासको क्षेत्रको धार्मिक, सामाजिक पक्षमा असर पुर्‍याएको छ। गढीमाई परिसरमा बली दिएका पशु पंक्षीहरूबाट वातावरणलाई प्रतिकूल असर परेको छ। मृत्युवरण गरेका पशुको शरीरबाट संक्रमणको सम्भावना रहेको छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले क्वारेन्टाइन परीक्षणको व्यवस्था गरेको भए पनि उक्त कानूनबमोजिमको परीक्षण हुने गरेको पाइँदैन। बलीका लागि ल्याइएका पशुहरूको स्वास्थ्यको जाँच गर्ने, बधित पशुको मासु जाँच गर्ने, मासुको गुणस्तर परीक्षण गर्ने संयन्त्र र कार्यक्रम रहेको हालसम्म जानकारी पाउन सकिएको छैन। पशुहरू उपर निर्दयी व्यवहार हुने गरेका छन्। गढीमाई मेलामा हुने गरेको गतिविधिको कारणबाट मानिसको कतिपय मौलिक हक अधिकारमा आघात परेको अवस्था छ। तसर्थ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिम तत्कालै समिति गठन गर्न, पशुजन्य पदार्थहरूको उचित व्यवस्थापन गर्न, मासुको गुणस्तर तोक्न, पशुबलीलाई सांकेतिकरूपमा मात्र गर्न, तथा पशु बधशाला तथा मासु जाँच ऐन, २०५३ लागू गर्नलगायत रिट निवेदन मागअनुसार विपक्षीहरूका नाउँमा परमादेशलगायतका आदेश जारी हुनुपर्दछ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकारका विभिन्न निकायहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिमिल्सिनाले धार्मिक अधिकार व्यक्तिको मौलिक र मानव अधिकार हो। संविधानले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सास्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन गर्ने, अभ्यास र संरक्षण गर्ने हक प्रदान गरेको छ। गढीमाईमा लाग्ने मेला नेपालीहरू मात्र नभई छिमेकी मूलुक भारतका हिन्दु धर्मावलम्बीहरूको धार्मिक आस्था र विश्वासको केन्द्रविन्दु हो। पशुहरू प्रति निर्दयी व्यवहार गर्न नपाइने, खानयोग्य मासु मात्र उपभोगमा आउनु पर्ने, रोगी पशु पैठारी गर्न नपाइने, पशु तस्करी नहुनु पर्ने जस्ता रिट निवेदकहरूले उठाएका विषयहरूको सम्बोधन पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु बधशाला तथा मासु जाँच ऐन, २०५५, संक्रामक रोग ऐन, २०२० र वातावरण संरक्षण ऐन, २०५३ आदि ऐनहरूबाट पनि भएको छ। सरकारले समय समयमा क्वारेन्टाइन अधिकृत नियुक्ति गरी पैठारीकर्ताले पैठारी गरेका पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी परीक्षण गर्नुपर्ने व्यवस्थासमेत गरी आएको छ। मन्दिरमा बली चढाउने कार्य धार्मिक स्वतन्त्रता अन्तरगत नै भएको र प्रचलित कानूनले पशुबली प्रथालाई वर्जित नगरेको हुँदा नेपाल सरकारको तर्फबाट हस्तक्षेप गर्न मिल्ने देखिँदैन। रिट निवेदकको कुनै हक हनन भएको छैन, निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस जिकिर प्रस्तुत गर्नुभयो।

गढीमाई मेला आयोजक समिति र गढीमाई मन्दिर व्यवस्थापन समितिको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अरूण ज्ञवाली र विद्वान् अधिवक्ता श्री डिल्लीप्रसाद न्यौपानेले रिट निवेदकहरूलाई प्रस्तुत विषयमा सार्वजनिक सरोकारको निवेदन गर्न पाउने हक छैन। यस मेलाले पर्यटन विकासमा ठूलो टेवा पुर्‍याउँदै आई रहेको छ। गढीमाई मेलामा

चढाइने बलीको व्यवस्थापन, मन्दिरको संरक्षण, सञ्चालन, विकास, पर्यटन प्रवर्द्धन जस्ता कार्यहरूको उचित व्यवस्थापन गर्ने कार्य भई आएको छ। गढीमाई मन्दिरमा चढ्ने बली व्यवस्थापन, भेटी व्यवस्थापन, स्थानीयहरूको स्वास्थ्य, भक्तजनहरूले छोडी गएका पशुको मासुको उचित व्यवस्थापन गर्ने कार्यसमेत गरिएको छ । गढीमाई मन्दिरमा चढेको बलीले वातावरणमा कुनै नकारात्मक असर पारेको छैन र सो क्षेत्रमा बलीको कारणले कुनै रोग फैलिएको अवस्था छैन। वातावरणमा असर परेको तथा रोग फैलिएको जस्ता कुरा रिट निवेदकले पुष्टि पनि गर्न सक्नुभएको छैन । गर्भवती, रोगी पशुहरूको कुनै परीक्षण नगरी, पशुहरूलाई पानी दानासमेत खान नदिई राखिएको, पशुउपर वर्वरतापूर्ण व्यवहार गरिएको भन्ने कुरा सही होइन। रिट निवेदकले उठान गरेको कुराहरूमा कुनै सत्यता छैन। तसर्थ रिट निवेदन खारेज गरिनुपर्दछ भनी प्रस्तुत गर्नु भएको बहस जिकिरसमेत सुनियो।

निरूपण गर्नुपर्ने प्रश्नः

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। रिट निवेदन, लिखित जवाफ व्यहोरा तथा विद्वान् अधिवक्ताहरूको बहस जिकिरसमेतलाई दृष्टिगत गर्दा यसमा देहायका प्रश्नहरू सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयोः

(१) रिट निवेदकहरूलाई प्रस्तुत विषयमा सार्वजनिक सरोकारको निवेदन गर्ने हकदैया छ वा छैन ?

(२) गढीमाई मन्दिरमा दिइने बली प्रथा रोक्नु वा बन्द गर्नु भनी आदेश जारी हुने हो वा होइन ? यस सम्बन्धमा तत्काल के कस्तो व्यवस्था वा प्रबन्ध गर्नु पर्ने हो ?

(३) बली दिन ल्याइएका पशु पन्छीउपर निर्दयी, क्रुर वा पीडादायी व्यवहार हुन दिनबाट रोक्न र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिमको समिति गठन गर्न भनी आदेश जारी गर्नुपर्ने हो वा होइन ?

(४) गढीमाई मेलाका क्रममा बली दिन ल्याइने पशु पन्छीहरूको क्वारेन्टाइन परीक्षण गरी प्रमाणपत्र प्राप्त गर्नुपर्ने कुरालाई अनिवार्यरूपमा कार्यान्वयनमा ल्याउनु भनी आदेश जारी गर्नुपर्ने हो वा होइन ?

(५) बली दिइएका पशु पन्छीको मासुलगायतका पदार्थको व्यवस्थापन र यसबाट जनस्वास्थ्यमा पर्ने असर नियन्त्रण गर्न मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्नेलगायतका प्रबन्ध मिलाउन र वातावरण प्रदुषण नियन्त्रण गर्न भनी आदेश जारी गर्नुपर्ने हो वा होइन ?

(६) निवेदकहरूको मागबमोजिम उत्प्रेषण, परमादेशलगायतका अन्य उपयुक्त आदेश जारी हुने, नहुने के हो ?

आदेश जारी हुने आधार, कारण र निर्णयाधारः

२. सर्वप्रथम, रिट निवेदकहरूलाई प्रस्तुत विषयमा सार्वजनिक सरोकारको दाबी लिई निवेदन गर्ने हकदैया छैन भनी विपक्षीतर्फबाट उठाइएको प्रश्नको निरूपण गर्नु आवश्यक देखिन्छ। प्रस्तुत रिट निवेदन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) अन्तर्गत पर्न आएको छ। यो विवाद नै सार्वजनिक सरोकार सम्बन्धित पहिलो विवाद होइन। खासगरी २०४७ सालको संविधानको धारा ८८(२) को सन्दर्भमा अनेकौं विवाद निरूपणका क्रममा यस अदालतबाट पटकपटक सार्वजनिक विवादका सम्बन्धमा व्याख्या भई सिद्धान्त प्रतिपादन गरिएको छ। राजदूत नियुक्ति सम्बन्धमा अधिवक्ता राधेश्याम अधिकारीले दायर गर्नुभएको रिट निवेदनका सन्दर्भमा भएको व्याख्याबाट सार्वजनिक सरोकारसम्बन्धी

विधिशास्त्रको आधुनिक यात्रा प्रारम्भ भएको देखिन्छ।[1] यसबीच अनेकौं विवाद निरूपणका क्रममा सार्वजनिक सरोकारसम्बन्धी विवादको क्षेत्र, प्रयोजन, उद्देश्य, सीमा वा परिधि सम्बन्धमा विवेचना भएका छन। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२), नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) र २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा १३३(२) मा रहेका प्रावधानहरूले सारतः सार्वजनिक सरोकारको विवादका सम्बन्धमा समान मान्यता र दर्शनलाई आत्मसात् गरेको देखिँदा यस अदालतले यसभन्दा पहिले प्रतिपादन गरेका सिद्धान्तहरूको आलोकमा हकदैयासम्बन्धी प्रश्नको निरूपण गर्नु मनासिब हुन्छ।

३. सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सिमित भएको विवाद नभएर नेपाल अधिराज्यका सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवादको बोध हुन्छ।[2] नेपाल सरकार वा कुनै सार्वजनिक निकाय वा पदाधिकारीले संविधान वा कानूनबमोजिम गर्नु पर्ने कुनै काम नगरेको वा गर्न नहुने कुनै काम गरेको कारणबाट जनसाधारणको हक, हित वा स्वार्थमा प्रतिकुल असर परेको कुरा सार्वजनिक हक वा सरोकारको विषय बन्दछ। कुनै विषयलाई "सार्वजनिक" हो वा होइन भनी निर्धारण गर्दा मानिसको संख्या गणना गरेर निरूपण गरिने पनि होइन। जनसाधारणको सामान्य हक हितको प्रतिनिधित्व हुने विषय देखिन्छ भने संख्यात्मकरूपमा असर पर्ने मानिसको गणनाका आधारमा मात्र त्यस्तो विवादलाई सार्वजनिक सरोकारको विवाद होइन भन्न मिल्दैन। विवादको स्वभाव, प्रकृति वा चरित्रका आधारमा त्यस विवादलाई सार्वजनिक विवाद हो वा व्यक्तिगत विवाद हो भनी छुट्याउनु पर्दछ। सामान्यतयाः देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, साँस्कृतिक वा धार्मिक विषय, सामाजिक न्याय, वातावरणीय न्याय आदि विविध विषयहरू सन्दर्भअनुसार सार्वजनिक हित वा सरोकारको विषय बन्ने गर्दछन्। वस्तुतः सार्वजनिक हित वा सरोकारको विषय वा क्षेत्र यति नै हो भनेर सूचिकृत गर्न सकिँदैन। यो प्रत्येक विवादको तथ्यगत सन्दर्भमा (Case to Case Basis) निरूपण गरिने विषय देखिन्छ। तथापि अदालतबाट निरूपण गरिने सार्वजनिक सरोकारको विवादको अर्थ लगाउँदा संविधान वा कानूनद्वारा प्रदत हक अधिकारको सापेक्षतामा अर्थ लगाइनु पर्ने हुन्छ।

४. सार्वजनिक चासो र सरोकारका विषय अनेकौं हुन सक्दछन। तर, जनसाधारणका चासो वा सरोकारका सबै विषय न्यायिक निरूपणयोग्य सार्वजनिक सरोकारका विषय हुँदैनन्। अदालतबाट निरूपण गर्नु पर्ने विवाद काल्पनिक वा अनुमानित नभएर यथार्थपरक विवाद हुनु पर्दछ। अदालतबाट निरूपण गर्न सकिने प्रकृतिको जनसाधारणको संविधान वा कानून प्रदत्त हक, हित वा सरोकार सन्निहित रहेको विवाद भएमा त्यसलाई सार्वजनिक सरोकारको विवादको रूपमा लिन सकिन्छ। कसैको कुनै बौद्धिक जिज्ञासा, उत्सुकता वा चासोको सन्तुष्टी दिने माध्यमको रूपमा सार्वजनिक विवादलाई प्रयोगमा ल्याउन हुँदैन। न्यायिक निरूपण हुन नसक्ने वा गर्न नपर्ने प्रकृतिका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, बौद्धिक, नैतिक वा यस्तै अन्य कुनै विषयमा जनसाधारणको चासो छ भन्ने आधारमा मात्र त्यसलाई

1 अधिवक्ता राधेश्याम अधिकारी वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, ने.का.प.२०४८, नि.नं.४४३०, पृ.८१०

2 पूर्ववत; अधिवक्ता राधेश्याम अधिकारी वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, ने.का.प.२०४८, नि.नं.४४३०, पृ.८१०

सार्वजनिक हित वा सरोकारको विवादको रूपमा लिन पनि मिल्दैन । न्यायिक निरूपणयोग्य विषय (Justiceable) हो वा होइन भन्नेतर्फ सतर्कतापूर्वक न्यायिक दृष्टि दिनु आवश्यक हुन्छ । जनसाधारणका चासो वा सरोकारका विषय अनेकौं हुन सक्दछन्, सार्वजनिक निकाय वा पदाधिकारीबाट विविध प्रकारका त्रुटिहरू भएका हुन सक्दछन । यस्ता समस्त कुरामा सार्वजनिक सरोकारको विवादको माध्यमबाट न्यायिक उपचार प्रदान गर्नु न उचित हुन्छ न त सम्भव नै देखिन्छ । संविधान वा कानूनद्वारा अदालतलाई प्रदान भएको अधिकार, न्यायिक कामको प्रकृति र सीमा तथा निरूपण गरिने विषय उपरको सार्वजनिक सम्बन्ध जस्ता कुराहरूको मूल्याङ्कन गरेर मात्र अदालतले सार्वजनिक सरोकारको विषयमा हस्तक्षेप गर्नु पर्दछ ।

५. कुनै पनि विवादका सन्दर्भमा "हकदैया" को प्रश्न महत्त्वपूर्ण हुन्छ । जसको जुन कुरामा हक पुग्दछ, उसैले सो विषयमा दाबी गर्न पाउँदछ भन्ने हकदैयाको सामान्य सिद्धान्त रही आएको छ । सार्वजनिक सरोकारको विवादसम्बन्धी अवधारणाको विकासका क्रममा हकदैयाको आधार वा दायरा पनि फराकिलो बनेको छ । कतिपय अवस्थामा सार्वजनिक सरोकारको विवादलाई वोल्न नसक्नेहरूको आवाज (Voice of the Voiceless) को रूपमा पनि लिइन्छ । सामाजिक वा आर्थिकरूपमा पछाडी परेका कमजोर वर्ग र समुदायको हक, हित वा सरोकारको संरक्षणका लागि यो सार्वजनिक सरोकारसम्बन्धी अवधारणा कतिपय अवस्थामा वरदान पनि सिद्ध भएको छ । तर यसको तात्पर्य जुनसुकै सार्वजनिक चासोका विषयमा जो सुकै व्यक्तिले नालेस, उजुरी वा रिट निवेदन गर्न पाउदछ भन्ने होइन । विवादको विषयवस्तुसँग निवेदक वा उजुरीकर्ताको सार्थक सम्बन्ध (Meaningful Relation) वा तात्विक सरोकार (Substantial Interest) हुनुपर्दछ र सो विषयमा निजले उचितरूपमा प्रतिनिधित्व गर्न सक्दछ भन्ने कुरामा अदालतलाई सन्तुष्ट तुल्याइनुसमेत आवश्यक ठानिन्छ । यिनै वस्तुतथ्यलाई हेरेर यस अदालतबाट "जोसुकैले जस्तोसुकै सार्वजनिक हक वा सरोकारको विवादलाई यस अदालतको असाधारण क्षेत्रमा प्रवेश गराउन पाउने हो भने तत्सम्बन्धी निवेदनपत्रहरूको भेलले यस अदालतको कार्यक्षमता र कार्यदक्षता मै पनि असर पर्न सक्ने र उक्त संवैधानिक व्यवस्थाको प्रयोजन नै विफल हुने सम्भावना रहन्छ । संविधानको मनशाय त्यो होइन" भनी पूर्व उद्धृत राधेश्याम अधिकारीको रिट निवेदनका सन्दर्भमा व्याख्या भएको देखिन्छ । सार्वजनिक सरोकारसम्बन्धी विवादको अवधारणा र यस अदालतबाट विभिन्न विवादका सन्दर्भमा प्रतिपादित सिद्धान्तहरू समेतलाई दृष्टिगत गर्दा रिट निवेदक र विवादको विषयवस्तुका बीच सार्थक सम्बन्ध देखिएको, तात्विक सरोकार रहेको, तथा संविधान वा कानूनद्वारा प्रदत हक अधिकारको प्रचलनका लागि न्यायिक निरूपणयोग्य विषय देखिएको अवस्थामा सार्वजनिक सरोकारको विवाद लिई अदालतमा प्रवेश गर्न सकिन्छ भन्ने देखिन्छ ।

६. माथि उल्लिखित अवधारणागत पृष्टभूमिमा रिट निवेदकहरूलाई सार्वजनिक सरोकारको प्रस्तुत विवाद सम्बन्धित विषयमा निवेदन गर्ने हकदैया छ वा छैन भनी विचार गर्नुपर्ने देखियो । विवादित विषयवस्तु तर्फ दृष्टिगत गर्दा मूलतः नेपाली समाजमा र खासगरी गढीमाई मेलाका क्रममा ठूलो संख्यामा दिइने गरिएको पशु बलीको विषयस यससँग सम्बन्धित कतिपय अन्धविश्वास वा रूढिवादीता जनावरउपर गरिने क्रुर, निर्दयी, बर्बर र अमानवीय व्यवहार बली दिइएको कारणबाट पर्ने वातावरणीय दुष्प्रभाव जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव विदेशबाट पैठारी गरिने पशु पन्छीको क्वारेण्टाइन परीक्षणको विषय र सम्भावित संक्रामक रोगको समस्या विधायिकाले ऐन निर्माण

गरेको १७ वर्षसम्म पनि त्यस्तो ऐन लागू (प्रारम्भ) नगरिएको विषय आदि विविध विषयमा प्रश्न उठाई न्यायिक निरूपणका लागि रिट निवेदकहरू अदालतमा प्रवेश गरेको देखिन्छ। उल्लिखित विषयहरू स्वभावैले तथा प्रथम दृष्टिमा नै सार्वजनिक चासो र सरोकारका विषय देखिन्छन्। देशका हिन्दु धर्मावलम्बीहरूका बीच कायम रहेको कतिपय रूढिवादीता र अन्धविश्वास यही देशका हिन्दु धर्मावलम्बी नागरिकको सरोकारको विषय हुनु स्वाभाविक छ पशु पन्छीको बलीका कारणबाट उत्पन्न हुने पर्यावरणीय समस्या, जनस्वास्थ्यमा असर पर्ने कुरा आम सचेत नागरिकको सरोकारको विषय बन्दछ। पशु पन्छीलाई बली दिन देशका पूर्व पश्चिम कुनै पनि भूभागबाट ओसारपसार गर्दाको क्रममा गरिने निर्दयी व्यवहारका विषयलाई गढीमाई क्षेत्रका स्थानीय मानिसको मात्र चासो र सरोकारको विषय ठान्नु उचित हुँदैन। विधायिकाले १७ वर्षभन्दा पहिले जारी गरेको ऐन कार्यान्वयनमा नल्याइएको विषयलाई केवल कुनै व्यक्तिगत हित, चासो वा सरोकारको विषय ठान्न सकिँदैन। उल्लिखित विषयहरू संविधानद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धार्मिक स्वतन्त्रताको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, उपभोक्ताको हकसँग सम्बन्धित देखिनुका साथै कानूनको यथोचित कार्यान्वयनको विषय पनि देखिन्छन्। यो सन्दर्भ लोककल्याणकारी राज्य व्यवस्था कायम गर्ने अभिप्रायले हाल प्रचलित संविधान र पूर्ववर्ती नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त र नीतिहरूसँग पनि जोडिएको विषय देखिन्छ। रिट निवेदकहरू कोही सांसद भइसकेको व्यक्ति, कोही कानून व्यवसायी अधिवक्ता र कोही पशु कल्याणको क्षेत्रमा कार्यरत सामाजिक अभियन्ता भएको कुरामा विवाद छैन। निजहरूलाई जनसाधारणको चासो र सरोकारको प्रतिनिधित्व गर्न सक्षम नभएको भनी मान्नुपर्ने कुनै कारण देखिँदैन। तसर्थ, रिट निवेदकहरूले सार्वजनिक हित र सरोकारसम्बन्धी प्रस्तुत विषयमा रिट निवेदन लिई अदालतमा प्रवेश गर्न पाउने नै देखिन आयो।

७. रिट नं. ०७१-WO-०३७२ का निवेदीका राज्यलक्ष्मी गोल्छासमेतको निवेदन मागबमोजिम गढीमाई मन्दिरमा दिइने बलीप्रथा रोक्नु वा बन्द गर्नु भनी आदेश जारी हुने हो वा होइन भन्ने दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा केही धार्मिक, साँस्कृतिक एवम् सामाजिक पक्षमा विवेचना हुन आवश्यक देखिन्छ। बली दिने प्रथा कतिपय मानिसको धार्मिक आस्थासँग जोडिएको विषय बन्ने गरेको पाइन्छ। यो प्रथालाई कतिपय सन्दर्भमा साँस्कृतिक महत्त्वको विषयका रूपमा चर्चा परिचर्चा गर्ने गरिएको पनि देखिन्छ। हिन्दु धर्म मान्ने समाजको एउटा वर्गले बलीप्रथालाई महत्त्वका साथ अनुशरण गरी आएको पाइन्छ। वस्तुतः यो एक सामाजिक यथार्थ वनेको छ र बली दिने प्रथाप्रति हिन्दु समाजको एउटा वर्ग वा समुहले आशक्तिपूर्ण लगाव राख्दै आएको छ। नेपाली समाजमा बलीप्रथा कायम रहेको छ र कैयौं मठ मन्दिरहरूमा तथा विविध पूजा विशेषका सन्दर्भमा नियमितरूपमा बली दिने गरिएको छ। यो हाम्रो समाजको आजको यथार्थ हो। यो सामाजिक यथार्थ र सन्दर्भलाई अझै पनि निरन्तरता दिनु उचित हुन्छ वा हुँदैन भन्ने पक्षमा अव गम्भीर चिन्तन हुनु वाञ्छनीय छ।

८. वर्तमान युग विज्ञान र चेतनाको युग हो। आधुनिक युगले रूढिवादी अन्धविश्वासलाई मान्यता दिइरहन सक्दैन। विगतका कतिपय अतार्किक, अमानवीय र समाजको विकास एवम् प्रगतिशील परिवर्तनको बाधकको रूपमा रहेका प्रथा, परम्पराहरूलाई समाजले परित्याग गरेका प्रसस्तै उदाहरणहरू छन। समाज परिवर्तनको विज्ञानसँग मेल नखाने कुराहरूलाई परित्याग नगर्ने हो भने हामीले अपेक्षा गरेअनुसारको परिवर्तनको गन्तव्यसमेत दुरूह वा दुष्कर बन्दछन्। नयाँ मान्यता स्थापित हुन पूराना

मान्यता विस्थापित हुनु आवश्यक हुन जान्छ। संस्कार, परम्परा, प्रथा वा यस्तै नाममा पूराना मान्यताहरू सबैलाई अनुशरण गर्दै जाने हो भने समाजको आधुनिक परिवर्तन सम्भव हुँदैन । महाकवि लक्ष्मीप्रसाद देवकोटाले कविताको भाषामा व्यक्त गर्नुभएको हाम्रो सामाजिक यथार्थ यहाँ उद्धृत गर्नु सान्दर्भिक देखिन्छः "मान्छेले कति के गर्‍यो, पिइसक्यो ब्रम्हाण्ड नै तनतनी हाम्रा बाहुन छामी मख्ख छ अझै टुप्पी, जनै, कन्दनी"। महाकविको यो अभिव्यक्ति प्रतीकात्मक छ र यसले सामाजिक परिवर्तनको गहिरो र जोडदार सन्देश बोकेको छ। हिजोदेखि जे गरिँदै आयो, त्यो सबै ठीक छ र अपरिवर्तनीय छ भनी मान्ने हो भने समाजको प्रगतिशील परिवर्तन सम्भव हुँदैन । गलत कुरालाई छाड्न र असल कुरालाई आत्मसात् गर्न सक्नु पर्दछ। यो मानव विकासको एक शुत्र पनि हो। यस कोणबाट पनि बलीप्रथालाई हेर्नु आवश्यक देखिन्छ।

९. सम्भवतः प्रस्तुत सन्दर्भमा धर्मशास्त्रको विश्लेषण गर्नु न आवश्यक छ, न त सम्भव नै । धार्मिक मान्यताका कुराहरू धर्मशास्त्रका ज्ञाताहरू (पण्डितहरू) ले निरूपण गर्ने विषय हो भन्ने कुराप्रति अहिले विवाद गरी रहनु आवश्यक नहोला। वस्तुतः धार्मिक मान्यता वा शुत्रहरूको निर्धारण अदालतबाट गरिने पनि होइन । तथापि, रिट निवेदकले धार्मिक मान्यता, विश्वास र अन्धविश्वाससम्बन्धी प्रश्न उठाएको र विपक्षीहरूले समेत धार्मिक स्वतन्त्रताको सन्दर्भ उल्लेख गर्दै पशु बलीप्रथाको औचित्य पुष्टी गर्न तर्क प्रस्तुत गरेको कारणबाट विवादको केन्द्रमा धार्मिक विषय जोडिन आएको देखिँदा विवादित प्रश्नको निरूपणका लागि संक्षिप्त वा साँकेतिक रूपमा भए पनि केही धार्मिक प्रसङ्ग उल्लेख गर्नु आवश्यक हुन आएको छ।

१०. हिन्दुधर्मका महान् ग्रन्थहरूको अध्ययन गर्दा अहिंसावादी दृष्टिकोण नै मूल धार्मिक प्रवाहमा स्वीकार्य रहेको स्थिति देखा पर्दछ । वेद, उपनिषद्, पूराण, रामायण, महाभारत, गिता आदि ग्रन्थहरूको अध्ययनबाट देवता, देवत्वगुण भएका मानिसहरू अथवा ऋषि महर्षी आदि सज्जन मानिस कसैले पनि पशु बली दिने गरेको दृष्टान्त देखा पर्दैन । अपितु, उल्लिखित धार्मिक ग्रन्थहरूले प्राणी मात्रको रक्षा गर्नु मानवीय कर्तव्य हुने सन्देश दिएको देखिन्छ। हिन्दुहरूका आराध्य देव राम वा कृष्ण कसैले पनि पशुबली दिएको वा पशु बली दिनुपर्छ भनी सन्देश दिएको पाइँदैन। योगी, महर्षी, सन्तसाधकहरू कसैले पनि यज्ञ वा होम कर्म गर्दा पशुबली दिएको भन्ने धार्मिक प्रमाण भेटिँदैन । अर्कोतर्फ, रावण वा कंशलगायतका आसुरी प्रवृत्ति राख्नेहरूले (राक्षसहरूले) भने पशुबली मात्र नभएर कतिपयले मानव बलीसमेत दिएका दृष्टान्त भेट्टाउन सकिन्छ। धर्म कै कुरा गर्ने हो भने पनि हामीले भगवान मानेको राम, कृष्ण आदिलाई हो – रावण वा कंशलाई होइन। जसलाई मानिएको हो, उसैको जीवन चरित्रबाट मार्गदर्शन प्राप्त गर्ने र अनुशरण गर्ने हो । जसलाई खलनायकको रूपमा हेरिन्छ, उसको चरित्र हाम्रो रूचि र अनुशरणको विषय हुन सक्दैन। आस्था एकातर्फ, प्रवृत्ति अर्कोतर्फ हुनु हुँदैन । हत्या, हिंसा जस्ता कार्य आसुरी प्रवृत्तिको परिचायक हो । यस अर्थमा हेर्दा बलीप्रथालाई धर्मसँग जोडेर हेर्नु तार्किक देखिँदैन । वास्तवमा हिन्दु धर्मले अहिंसालाई विशेष महत्त्व दिएको छ । अहिंसावादी, शाकाहारी धार्मिक मान्यता आत्मसात् गरेका ठूलो संख्याका मानिसहरूका लागि पशुबली ज्यादै पीडादायक विषय बन्दै आएको पाइन्छ। यो पीडा केवल हाम्रो धार्मिक विषयसँग मात्र जोडिएको छैन। सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने विषयसँग पनि पशु बली दिने चलन जोडिन पुगेको छ।

११. देवी भगवतीलाई खुसी पार्न भनी बली दिने गरिएको धारणा कतिपय मानिसमा रहेको पाइन्छ। विपक्षीहरूले (लिखित जवाफ प्रस्तोताहरूले) समेत यही कुरालाई अगाडि सारेर बली दिने कुराको

औचित्य पुष्टि गर्न खोजेको पाइयो। कतिपय मानिसमा बली दिइने पशु पन्छीकै मुक्तिको लागि बली दिनुपर्दछ भन्ने धारणासमेत रहेको पाइन्छ । धर्मशास्त्रअनुसार देवी भगवतीलाई "जगत् जननी" मानिन्छ । जननी भन्नाले आमा भन्ने बुझिन्छ। धार्मिक मान्यताअनुसार देवी भगवती सम्पूर्ण प्राणी मात्रकी जननी हुन् । आमाका लागि आफ्ना हरेक सन्ततीप्रति अतुलनीय ममता र करूणा रहन्छ। उनै जननीका नाउँमा उनकै सन्ततीको बली दिएर कसरी खुःसी र सन्तुष्ट तुल्याउन सकिने हो ? यो तार्किकरूपमा बुझ्न सकिने विषय देखिँदैन । कसैकसैमा शक्ति प्राप्तिको लागि पशु बली दिइन्छ भन्ने पनि धारणा रहेको पाइन्छ। यथार्थमा हेर्ने हो भने बलीप्रथाप्रति रूची नराख्ने कतिपय मानिसहरू शक्तिशाली बनेकै देखिन्छन र राज्य सञ्चालन गरी आएका छन्। बली दिनमा रमाउने कतिपय मानिसहरू दीन, कारूणिक, कमजोर अवस्थामा रहेका दृष्टान्त समाजमा यत्रतत्त्र जताततै पाउन सकिन्छ । शक्ति प्राप्त हुनु वा नहुनुसँग व्यक्तिको आफ्नो क्षमता, मेहनत, लगनशीलता, त्याग, समर्पण, ईच्छाशक्ति, परिस्थिति, संयोग आदि कुराको तादात्म्यता रहन्छ अदृष्य, कल्पनातीत विषयलाई धर्मको आवरण दिएर शक्तिको स्रोत देखाउने रूढिवादी प्रवृतिले समाजको अग्रगामी र प्रगतिशील परिवर्तन सम्भव हुँदैन । रूढिवादीता वा अन्धविश्वासलाई धार्मिक आस्था वा मान्यताको आवरण दिएर अन्धविधिको पक्षपोषण गर्नु उचित होइन । यस पक्षमा सामाजिक सचेतना जागृत हुन आवश्यक देखिन्छ।

१२. प्रत्येक प्राणीउपर दया, करूणा र मैत्रीभाव कायम राख्नुमा धर्मको मर्म निहित रहेको छ। हजारौं पशुलाई धर्म वा परम्पराका नाउँमा निर्घात हत्या गर्ने सिलसिला आधुनिक सभ्य समाजका लागि सुहाउने विषय होइन। यो सिलसिलाले थप विकृति नै भित्र्याउने खतरा रहेको छ। यही विकृतिको पराकाष्ठा स्वरूप मानव बली दिइएका तथा दिन लागिएका अत्यन्त घृणित, निन्दनीय, मानवता विरूद्धका घटनाहरू पनि यदाकदा सार्वजनिक हुने गरेको पाइन्छ । बलीप्रथा विरूद्धका दृष्टिकोणलाई हिन्दु धर्म र संस्कृतिलाई खलबल्याउने प्रयासको रूपमा बुझ्ने जमात पनि हाम्रो समाजमा विद्यमान छ । वस्तुतः धर्म र संस्कृतिलाई निर्दयी हिंसाको कारक व्यवहारको रूपमा बुझ्नु र यसैको पक्षपोषण गर्नु उचित होइन । रूढिवादीता, अन्धविश्वास जस्ता कुरालाई धर्मको आवरण दिएर सामाजिक परिवर्तनको प्रगतिशील प्रवाहलाई अबरूद्ध गर्न दिनु हुँदैन । बलीप्रथा एक्काइसौं सताब्दीको आधुनिक सभ्यता अनुकूलको विषय देखिँदैन। त्यसैले पनि बलीप्रथामा नियन्त्रण कायम गर्नु, यसलाई रोक्नु वा बन्द गर्नु अपरिहार्य छ।

१३. नेपाल अनेकौं ऋषिमुनी, साधुसन्त, महात्माहरूको पुण्य तपोभूमि हो । जनकको कर्मभूमि हो । सिता, गौतम बुद्धजस्ता विभूतिहरूको जन्मभूमि पनि नेपाल नै हो। "अहिंसा परमो धर्म" भन्ने भावनाबाट हाम्रा सामाजिक, धार्मिक एवम् नैतिक मूल्य मान्यता निर्देशित हुँदै आएका छन । दया, करूणा, प्रेम, सद्भावको जगमा हाम्रा धार्मिक एवम् सामाजिक मान्यता निर्माण भएका छन। वास्तवमा हामीले काम, क्रोध, लोभ, मोह, ईर्ष्या जस्ता आसुरी प्रवृत्तिको बली दिनु (त्याग गर्नु) पर्ने हो । लाखौं निर्दोष पशुहरूको विभत्स हत्या गरेर धर्म आर्जन गरेको ठान्नु उचित होइन। पवित्र नेपाल भूमि आज अत्यधिक पशु बली दिने देशको रूपमा विश्व सामु चित्रित हुँदै गएको छ। यस्तो कुरा आधुनिक समाजमा गर्व गर्ने विषय बन्न सक्दैन।

१४. पर्यावरणका दृष्टिले पनि बली प्रथाको औचित्य परीक्षण गर्नुपर्ने अवस्था देखिन्छ। यो संसार मानिस लगायत पशु, पन्छी, जलचर, वनस्पती सबैको साझा वासस्थान हो। केवल मानिसकै स्वार्थ वा हितका दृष्टिले विचार गर्दा पनि पर्यावरण संरक्षण मानिसको स्वस्थ र सुखद जीवनका लागि अपरिहार्य रहेको

देखिन्छ। यदि पर्यावरणीय सन्तुलन (Eco-System) खलबलियो भने स्वयम् मानिसको जीवनसमेत कष्टकर र दुष्कर बन्दछ । केवल एउटा गढीमाई मेलामा लाखौंको संख्यामा पशु पन्छीको बली दिइन्छ भने देश भरीका अनेकौं देवी देवताका मठ मन्दिरमा कति संख्यामा बली दिइएको होला ११ यकिन तथ्यांङ्कको अभाव भए पनि यो संख्या निकै ठूलो र कहालीलाग्दो छ भनी सहजरूपमा अनुमान गर्न सकिन्छ। यसबाट पर्यावरणीय सन्तुलनमा निश्चय नै नकारात्मक असर परेको छ। यस प्रकारको अवस्था कायम रहन दिनु मानवलगायत कुनै पनि प्राणी जगतको हितमा हुँदैन।

१५. अब गढीमाई मन्दिरमा दिइने बलीप्रथा तत्काल रोक्न आदेश जारी गर्नु कति उपयुक्त हुन्छ भन्ने पक्षमा विचार गर्नु सान्दर्भिक छ। यस दृष्टिबाट हेर्दा सामाजिक सन्दर्भ वा समाजको वस्तुगत यथार्थता विशेष विचारणीय पक्षको रूपमा रहेको देखिन्छ। हाम्रा मठ मन्दिरहरू सयकडौं छन, त्यसमा दैनिकरूपमा हजारौंको संख्यामा पशुबली दिने गरिएको कुरा स्वाभाविकरूपमा अनुमान गर्न सकिन्छ । गढीमाई मन्दिर यस्ता पशुबली दिइने मध्येको एक स्थान हो। प्रस्तुत मिसिल संलग्न कागजात एवम् इजलाससमक्ष छलफलका क्रममा उपस्थित मन्दिरका पुजारीलगायत मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरूले गढीमाई मेलाको समयमा एकै दिन करिब २५/३० हजार राँगासहित एक लाखभन्दा बढी संख्यामा पशु पन्छीको बली दिइने गरेको कहालीलाग्दो तथ्याङ्क उल्लेख गर्नुभएको पाइयो । यसबाट प्रस्ट हुन्छ – हजारौं मानिसहरूको आस्था यसमा जोडिएको छ। हिन्दु समाजमा बलीप्रथा निकै लामो समयदेखि चलिआएको छ र धेरै देवी मन्दिरहरूमा बली दिने गरी आएको छ। बली दिने कार्य व्यक्तिगत तवरबाट मात्र नभएर सरकारी खर्चमा समेत हुने गरेका दृष्टान्तहरू पनि छन्। सरकारी निकायबाट तथा सरकारी अनुदान प्राप्त गरी गुठीको माध्यमबाट पनि कतिपय चाड पर्वका सिलसिलामा पशु बली दिने गरिएको पाइन्छ । सही गलत जे भए पनि बलीप्रथाले नेपाली समाजमा जरो गाडेको छ र यो एक साँस्कृतिक मान्यताको विषय पनि बनेको छ। त्यसैले यो सामाजिक सन्दर्भ र यथार्थताको सम्पूर्णरूपमा अनदेखा गरेर बलीप्रथा तत्काल बन्द गर्नु भनी अहिले नै यस अदालतबाट आदेश जारी गर्नु मनासिब देखिँदैन। तर यसो भन्नुको तात्पर्य बलीप्रथा कायम रहनु पर्छ भन्ने होइन । धार्मिक, सामाजिक, साँस्कृतिक, पर्यावरणीय वा नैतिक तथा तार्किक हरेक दृष्टिले विचार गर्दा बलीप्रथामा रोक लगाउनु वाञ्छनीय देखिन्छ । तर यसका लागि सर्वप्रथम व्यापकरूपमा जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ । सामाजिक परिवर्तनको मुख्य आधार सामाजिक चेतना हो र सामाजिक चेतनाले स्वीकार गरेको परिवर्तन नै दीगो र टिकाउ हुन्छ । सामाजिक संरचना, मानिसको आस्था, साँस्कृतिक मान्यता आदि विविध पक्षलाई सम्बोधन गरी निश्चित समयसीमा भित्र बलीप्रथा समाप्त गर्ने रणनीतिक योजना तयार गरेर चरणबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ। यसरी बली दिने प्रथा बन्द गर्न केही समय लाग्ने हुन सक्दछ। तत्कालका लागि नियन्त्रणका उपायहरू अपनाउन सकिन्छ । दिन प्रतिदिन बढ्दै गएको बली दिने कार्यमा नियन्त्रण कायम गरी क्रमिकरूपमा यसको मात्रा घटाउँदै लैजाने उपाय स्वरूप बली दिनेबाट संस्थागतरूपमा आकर्षक दस्तुर असुल गर्ने, प्रक्रियागत सर्तहरू निर्धारण गर्ने, बली दिन पाउने अधिकतम संख्या निर्धारण गर्ने, बली दिने पशुको अधिकतम र न्यूनतम उमेर निर्धारण गर्ने, अस्वस्थ वा बिरामी पशु पन्छीलाई बली दिन नपाउने गरी प्रतिबन्ध लगाउने जस्ता आवश्यक र उपयुक्त सर्तहरू निर्धारण गरी निरोधात्मक उपायहरू अपनाएर पनि बली दिने कुरालाई निरूत्साहित वा हतोत्साहित गर्दै लैजान सकिन्छ। यस कुरामा गम्भीर ध्यानाकर्षण हुन आवश्यक भएबाट सोहीबमोजिम गर्न गराउन नेपाल सरकारका सम्बद्ध निकायहरूको नाउँमा निर्देशात्मक

आदेश जारी गर्नु मनासिब देखिन आयो।

१६. अब, बली दिन ल्याइएका पशु पन्छीउपर निर्दयी, क्रुर वा पीडादायी व्यवहार हुन दिनबाट रोक्न र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिमको समिति गठन गर्न भनी आदेश जारी गर्नु पर्ने, नपर्ने के हो भन्ने तेस्रो प्रश्नको सन्दर्भमा विचार गरिन्छ। यो प्रश्नको निरूपण गर्न सर्वप्रथम पशु अधिकार र अन्य मुलुकमा रहेका प्रचलन सम्बन्धमा केही उल्लेख गर्नु आवश्यक देखिन्छ।

१७. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूको अध्ययनबाट प्रत्येक जीवजन्तुको बाँच्न पाउने नैसर्गिक अधिकार छ र यसलाई कानूनद्वारा संरक्षित गरिनु आवश्यक छ भन्ने देखिन्छ। जनावरलाई पनि सम्मान र प्रतिष्ठाको अधिकार रहन्छ र यस्तो अधिकारको स्वेच्छाचारी तवरबाट अपहरण गरिनु हुँदैन भन्ने मान्यता समसामयिक विश्व समाजमा (Contemporary World Community) मा स्थापित हुँदै आएको पाइन्छ। जनावर संरक्षणसम्बन्धी विश्व समाज (World Society for the Protection of Animals) को प्रयासमा पशुउपरको अत्याचार रोकी कल्याणकारी व्यवस्था गर्ने अभिप्रायले पशु कल्याणको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Animal Welfare) जारी भएको छ। पशु स्वास्थ्यसम्बन्धी विश्व संगठन (The World Organization for Animal Health (OIE)[3] ले पशुको स्वास्थ्य र पशु कल्याणको क्षेत्रमा प्रेरणादायी कार्य गर्दै आएको छ। यो पशु स्वास्थ्यसम्बन्धी विश्व संगठनले "कुनै पनि पशु राम्रो अवस्थामा छ भन्ने मानिनको लागि त्यस्तो पशु स्वस्थ्य, सहज, उचित हेरचाह पुगेको, सुरक्षित, आफ्नो स्वभाव अभिव्यक्त गर्न सक्ने, तथा कुनै पीडा वा डर / त्रासबाट पीडित नभएको अवस्थामा हुनु पर्दछ" भनी मापदण्ड निर्धारण गरेको पाइन्छ।[4] OIE Guidelines को परिच्छेद ७.१.२ मा जनावरको निम्न ५ प्रकारका स्वतन्त्रता हुने कुरा उल्लेख भएको देखिन्छः[5]

भोक, तिर्खा र कुपोषणबाट स्वतन्त्रता (Freedom from Hunger, Thirst and Malnutrition);

डर तथा पीडाबाट स्वतन्त्रता (Freedom from Fear and Distress);

शारीरिक तथा उष्णीय वा तापीय असहजताबाट स्वतन्त्रता (Freedom from Physical and Thermal Discomfort);

पीडा, चोटपटक र रोगबाट स्वतन्त्रता (Freedom from Pain, Injury and Disease);

आफ्नो प्राकृतिक स्वभाव अभिव्यक्त गर्ने स्वतन्त्रता (Freedom to Express Normal Patterns of Behavior)

१८. पशुलाई मानिसको "सम्पत्ति" मान्ने आम प्रचलन रही आएको छ। तथापी, कतिपय पशु संरक्षित वर्गमा पर्दछन् भने कतिपय पशुउपर व्यक्तिको स्वामित्व भएर पनि उनीहरूको स्वास्थ्य र संरक्षणको दायित्व राज्यमा निहित रहने अवस्था रहन्छ।

3 यो OIE अन्तर सरकारी संगठन (Intergovernmental Organization) हो र यसको कार्यालय फ्रान्सको पेरिसमा रहेको छ। सन् १९२४ जनवरी २५ मा The Office International Des Epizooties नामबाट संस्थापित यो संगठनको नाम सन् २००३ मा World Organization for Animal Health राखिए तापनि OIE भन्ने यसको पुरानो छोटकरी नाम (Acronym) को ऐतिहासिक महत्त्व छ भनी यसलाई कायम नै राखिएको छ।

4 "An animal is in good state of welfare if it is healthy, comfortable, well nourished, safe, able to express innate behaviour and if it is not suffering from unpleasant states such as pain, fear and distress" - World Organization for Animal Health

5 कतिपय सन्दर्भमा "Brambell's Five Freedoms" भनिने उल्लिखित पाँच प्रकारका स्वतन्त्रतालाई पशुको आधारभुत हकको रूपमा लिने गरिएको पाइन्छ।

वस्तुतः कुनै सम्पत्ति व्यक्तिको निजी सम्पत्ति भए पनि त्यसको उपयोग व्यक्तिले जथाभावी तवरबाट गर्न पाउँदैन । कानूनद्वारा निर्देशित मापदण्डभित्र रहेर आफ्नो सम्पत्तिको उपयोग गर्नुपर्ने हुन्छ । पशु पन्छीमा पनि मानिसमा जस्तै जीवन वा प्राण रहने भएबाट अन्य सम्पत्तिको तुलनामा पशुधनको प्रयोग वा उपयोग गर्दा दया, करूणा जस्ता संवेदनायुक्त मानवीय मूल्य मान्यताहरू अनुकूलको व्यवहार गर्नु वाञ्छनीय हुन जान्छ भन्ने मान्यता अहिले अन्तर्राष्ट्रिय स्तरमा स्थापित हुँदै आएको देखिन्छ ।

१९. पशुको पनि बाँच्न पाउने हक छ भन्ने कानूनी मान्यता बिसौं शताब्दीको उपज हो । आधुनिक संविधानहरूले बाँच्न पाउने हकलाई मानिसको आधारभूत मौलिक हकको रूपमा स्वीकार गरेका छन् । यो एक अहरणीय, अविभाज्य हक हो । जीवनको यस हकमा सम्मान र प्रतिष्ठापूर्वक, स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकसमेत अन्तर्निहित रहेको छ । यो स्वच्छ र स्वस्थ वातावरणको विषयवस्तुभित्र पशु अधिकारको विषय पनि जोडिन पुग्दछ । यसका अतिरिक्त पशुको आफ्नै स्वतन्त्र हक पनि छ । खासगरी घरपालुवा पशुहरूको सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने हक, मानिसबाट अनावश्यक पीडा पुर्‍याउन नहुनेसम्बन्धी हक, आहारा खान पाउने, ओत वा छहारीमा बस्न पाउने पशुको हकको संरक्षण गर्नु सम्बन्धित पशुधनीको दायित्व हुन आउँदछ । त्यसैले प्रतिष्ठा र असल व्यबहार केवल मानिसका लागि मात्र नभएर पशुपंछीहरूसमेतको सरोकारको विषय बन्दछन । पशुलाई कुटपिट गर्ने, पुच्छर निमोठ्ने (बटार्ने), धेरै भारी बोकाउने, यातना दिने, क्रुर र यातनापूर्ण व्यवहार गर्ने जस्ता कार्य वा क्रियाकलाप स्वीकार्य हुँदैनन्, त्यस प्रकारका कार्य वा क्रियाकलाप आधुनिक समाजले अङ्गिकार गरेको मान्यता र कानून प्रतिकूल कार्य मानिन्छन । पशु उपर गरिने विभिन्न प्रकारका वैज्ञानिक परीक्षणलाई समेत नियमन र व्यवस्थित गरी वाञ्छित सीमाभित्र कायम राख्नेतर्फ पनि प्रयास हुँदै आएको पाइन्छ । यसरी विकसित हुदै आएका आयामहरूबाट हामीले पनि लाभ प्राप्त गर्न सक्नु पर्ने हो । तर हाम्रो यथार्थतातर्फ दृष्टिगत गर्दा त्यस प्रकारको उत्साहप्रद अवस्था देखा परेन ।

२०. Jeremy Bentham का अनुसार कसैको अधिकारको सम्बन्धमा निष्कर्ष निकाल्दा त्यो वस्तु बोल्न वा तर्क गर्न सक्दछ वा सक्दैन भन्ने आधारमा नभएर उसले पीडाबोध गर्छ, गर्दैन भन्ने आधारमा निचोडमा पुग्नु पर्दछ ।[6] उनले अधिकारको प्रत्याभूति गर्दा पीडाबोध गर्ने कुरालाई मुख्य आधारको रूपमा लिनु पर्ने मान्यता अगाडि सारेको पाइन्छ । जसरी मानिसले पीडा बोध गर्दछ, त्यसैगरी पशुले पनि पीडा बोध गर्दछ र आफ्नो भाषामा अभिव्यक्त पनि गर्दछ । कुन जनावर मानिसका लागि कति उपयोगी हुन्छ भन्ने आधारमा मात्रै उसको अधिकार निर्धारण हुने होइन । जनावरमा पनि पीडा, आनन्द, डर, निराशा वा हताशा, एक्लोपन तथा मातृत्व प्रेम महसुस गर्ने क्षमता र स्वभाव हुन्छ । यसैका आधारमा अधिकारको निर्धारण गरिन्छ, गरिनु पर्दछ । परम्परागत उपयोगितावादी तथा संरक्षणवादी अवधारणाअनुसार मूलतः पशुलाई उपभोग्य वस्तुको दृष्टिले हेर्ने गरी आएको भए पनि पछिल्लो समयमा आएर पशु अधिकारका प्रणेताहरूले पशुका पनि आधारभूत अधिकार छन् र त्यसको संरक्षण गर्ने दायित्व मानिसमा रहेको छ भन्ने मान्यता अगाडि सारेको देखिन्छ । Peter Singer ले आफ्नो Animal Liberation नामक पुस्तकमा "the basic principle of equality does not require equal or identical treatment; it requires equal

6 When deciding on a being's rights, "The question is not 'Can they reason?' nor 'Can they talk?' but 'Can they suffer?' भनी Jeremy Bentham ले An Introduction to the Principles of Morals and Legislation (1789) नामक पुस्तकमा उल्लेख गरेका छन् ।

consideration" भनी उल्लेख गरेका छन । पशु अधिकारको विषयमा यही विन्दुबाट विश्लेषण गर्नुपर्ने हुन्छ । पशुले पनि पीडा र शोषणबाट मुक्त रही बाँच्न पाउनु पर्दछ ।

२१. पशु अधिकारसम्बन्धी आधुनिक अवधारणाअनुसार मानिसबाहेकका अन्य प्राणीहरूको पनि यातना वा पीडाबाट मुक्त रही जीउन पाउने हक रहन्छ भन्ने मानिन्छ । जैविक भिन्नताका आधारमा नैतिक मूल्य र जीवनको आधारभूत संरक्षणको कुरामा विभेद गर्नु हुँदैन । यस पक्षमा सन् १९७० देखि अन्तर्राष्ट्रियरूपमा बहस हुँदै आएको छ । यसै सन्दर्भमा पशु अधिकारका प्रसिद्ध लेखक तथा अभियन्ता Richard D. Ryder ले "Speciesism" को अवधारणा अगाडि सारेको पाइन्छ ।[7] उनले Speciesism लाई जातीय विभेद, लैङ्गिक वा वर्णभेद जस्ता कुराहरूसँग तुलना गर्दै यसलाई नियन्त्रण गर्नुपर्ने धारणा अगाडि सारेका छन । केवल जैविक उत्पतिमा फरक रहेको आधारमा प्राणी मात्रको लागि अपरिहार्य पीडारहित तवरबाट बाँच्न पाउने हकबाट पशुलाई वञ्चित गरिनु हुँदैन भन्ने कुरामा यस अवधारणाले जोड दिन्छ । "मत्स्य न्याय" जसरी बलियाले निर्धाउपर अत्याचार गर्न पाइँदैन भन्ने मान्यतामा आधारित भएर यो अवधारणा विकास गरिएको देखिन्छ ।

२२. पशु अधिकारको विकासक्रमतर्फ दृष्टिगत गर्दा पशुको संरक्षण, उन्नति वा पशुहकको विषयमा अन्तर्राष्ट्रिय स्तरमा कुनै छुट्टै सन्धि सम्झौता भएको देखिँदैन । संयुक्त राष्ट्र संघले यसबीचमा मानिसको अधिकार सम्बन्धमा केन्द्रित भएर कार्य गरेको पाइन्छ । तर पशु अधिकारको विषयमा कुनै सन्धि सम्झौता हुन सकेको पाइँदैन । मानिसको सुःख दुःखमा साथ दिने, अनेक व्यवहारिक जीवनको सहयोगी र स्वयम् आहाराको वस्तुको रूपमा रही आएको पशु पन्छीको अधिकार सम्बन्धमा धेरै काम गर्न बाँकी छ । वातावरणीय न्यायको सन्दर्भमा पशु अधिकारका केही विषय सम्बोधित हुने गरेका छन । वातावरणीय न्यायशास्त्रीहरूका अनुसार पशु अधिकारका सन्दर्भमा अन्तर्राष्ट्रिय वातावरणीय न्यायको विकासक्रमलाई तीन चरणमा विभाजन गर्न सकिन्छ ।

२३. पहिलो चरणमा; मानिसको हित वा स्वार्थ संरक्षणका लागि प्रकृति संरक्षण गर्नुपर्ने धारणाको विकास भयो । यसै अभिप्रायबाट Declaration on the Protection of Birds Useful to Agriculture (1875), Convention Designed to Ensure the Protection of Various Species of Wild Animals which are Useful to Man or Inoffensive (1900), Convention for the Regulation of Whaling (1931) जारी भएको देखिन्छ । उल्लिखित महासन्धि तथा घोषणापत्र जनावरहरू उपयोग गर्न पाउने मानिसको हक प्रत्याभूत गर्नमा नै केन्द्रित रहेको देखिन्छ । दोस्रो चरणमा; अन्तरवंशीय समन्याय (Intergenerational Equity) सम्बन्धी अवधारणाको विकासक्रम प्रारम्भ भई परम्परागत anthropocentrism को धारणामा परिवर्तनको सिलसिला सुरू भएको पाइन्छ । उदाहरणको लागि सन् १९४६ को ह्वेल माछासम्बन्धी महासन्धिलाई लिन सकिन्छ । यसको प्रस्तावनामा भावी पिँढीको हितको लागि ह्वेलको संरक्षण गर्नु आवश्यक भएको व्यहोरा उल्लेख गरिएको पाइन्छ ।[8] यस अभिव्यक्तिबाट भविष्यको पिँढीको आवश्यकतापूर्तिको लागि ह्वेल माछाको संरक्षण गर्ने उद्देश्यले महासन्धि भएको देखिन

7 Oxford English Dictionary मा Speciesism भन्नाले "the assumption of human superiority over other creatures, leading to the exploitation of animals" भनी उल्लेख गरिएको छ ।

8 "It is in the interest of the nations of the world to safeguard for future generations the great natural resource represented by the whale stocks" - Preamble of the Whaling Convention, 1946

आउँदछ। यसैगरी Stockholm Decleration मा पनि वर्तमान तथा भावी पुस्ताको लागि पर्यावरण संरक्षण गर्नु र यसलाई सावधानीपूर्वक तथा योजनाबद्ध तवरबाट व्यवस्थापन गर्नु मानिसको कर्तव्य हो भनी उल्लेख गरिएको पाइन्छ।[9] पछि आएर यसलाई दिगो विकासको आधारको रूपमा उल्लेख गर्ने गरिएको छ र परिणामतः पशु संरक्षणको विषय पनि परोक्षरूपमा केही हदमा सम्बोधित हुन पुगेको देखिन्छ। तेस्रो चरणमा आएर मात्र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूमा प्रकृतिको अधिकारलाई एक छुट्टै महत्त्वपूर्ण विषयको रूपमा लिई यसको महत्त्व (intrinsic value) स्वीकार गरिएको देखिन्छ। UNEP Biodiversity Convention (1992) मा जैविक विविधताप्रतिको सचेतना स्वीकार गर्दै यसको पर्यावरणीय, जैविक, सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक, मनोरञ्जनात्मक आदि मूल्य भएको कुरालाई आत्मसात् गरी प्रत्येक जीवमा रहेको आत्मसम्मान र प्रतिष्ठाको बिना कुनै भेदभाव संरक्षण हुनुपर्ने उद्घोष गरिएको छ।[10]

२४. पशु अधिकार र संरक्षण सम्बन्धमा उपर्युक्तअनुसार केही प्रसङ्ग उल्लेख गरेपछि अब पशुउपर गरिने निर्दयी व्यवहारसम्बन्धी केही अवधारणा उल्लेख गर्नु प्रासङ्गिक हुनेछ। पशुउपरको क्रुरता वा निर्दयी व्यवहार भन्नाले मानिसद्वारा नियतवश दिइएको पीडा भन्ने बुझिन्छ। पीडा वास्तवमा पीडा नै हुन्छ, यसलाई कानूनद्वारा निषेधित गरिएको छैन भन्दैमा पीडाप्रतिको कुनै सामाजिक वा नैतिक दायित्व नै हुँदैन भन्ने होइन। पीडा, निर्दयिता, क्रुरताबाट आहत हुनु प्राणी मात्रको प्राकृतिक स्वभाव हो। यही मान्यताका आधारमा पशु अधिकारलाई हेर्नुपर्दछ। पशुलाई केवल उपभोग्य वस्तुको रूपमा मात्र हेर्नु हुँदैन। पशुमा अन्तर्निहित प्राणी स्वभावप्रति मानवीय संवेदनशीलता अपनाउन वाञ्छनीय छ।[11]

२५. जनावरउपर सक्रिय र निष्क्रिय (Active and Passive) गरी दुई तवरबाट पीडा पुर्‍याउने अवस्था रहन्छ। घर पाल्तु जनावरलाई आहारा वा पानी खान नदिई भोकै राख्नु, मौसमको प्रतिकुलताअनुसार ओत वा छहारीको व्यवस्था नगर्नु, विरामी परेको अवस्थामा पशु चिकित्सकबाट उपचार नगराई बेवास्ता गरी बस्नु आदि कुराहरू पशुउपर निष्क्रिय (Passive) रूपमा पीडा पुर्‍याउने अवस्थाहरू हुन। सक्रियरूपमा पीडा पुर्‍याउने कुराका दृष्टान्तहरू अनेकौं हुन सक्दछन। यसमा व्यक्तिको रिस वा आवेशको कारणबाट जानाजान पुर्‍याइने पीडादेखि धर्म, परम्परा, संस्कृति, व्यवसाय, मनोरञ्जनका दृष्टिले पुर्‍याइने पीडाका कुराहरू पर्दछन। पशुउपर गरिने अनावश्यक वैज्ञानिक परीक्षण (Unnecessary Scientific Experiments or Demonstrations) का कुरालाई समेत समसामयिक पशु अधिकारकर्मीहरूले पशु पीडाको आपत्तिजनक पक्ष हो भनी ठान्ने गरेको पाइन्छ। शारीरिक पीडाको तुलनामा मानसिक पीडा बढी दुःखदायी हुन्छ। पशुको पनि मानिसमा हुने जस्तै मानसिक संवेदना रहन्छ।

9 "Man bears a solemn responsibility to protect and improve the environment for present and future genreations... ...the natural resources of the earth must be safeguarded for the benefit of present and future generations through careful planning and management" - Stockholm Declaration

10 UNEP Biodiversity Convention (1992) मा "Conscious of the intrinsic value of biological diversity and of the ecological, genetic, social, economic, educational, cultural, recreational and aesthetic values of biological diversity and its components" भनी उल्लेख गर्दै "every form of life is unique, warranting respect regardless of its worth to man" भन्ने व्यहोरासमेत समावेश गरिएको छ।

11 Charles Darwin ले आफ्नो The Descent of Man (1871) नामक पुस्तकमा लेखेका छन्: "There is no fundamental difference between man and the higher mammals in their mental faculties."

यसैले Temple Grandin र Catherine Johnson ले आफ्नो "Animals in Transition" आलेखमा जनावरउपर गरिने सबैभन्दा पीडादायक व्यवहार भनेको उसलाई डर, त्रास देखाई आतङ्कित पार्नु हो भनी जोड दिएका छन ।[12]

२६. अन्य देशको प्रयोग र प्रचलनतर्फ पनि केही दृष्टि दिनु आवश्यक देखिन्छ । प्रत्येक प्राणीप्रति माया, दया वा करूणा (Compassion) राख्नु मानव मात्रको कर्तव्य हुन्छ । भारतीय सर्वोच्च अदालतले त्यहाँको संविधानको धारा ४८, ४८क. तथा धारा ५१क. को व्याख्या गर्दै प्रत्येक नागरिकमा प्राणीहरूप्रति दया वा करूणा राख्ने कर्तव्य रहेको छ भनी सिद्धान्त प्रतिपादन गरेको छ ।[13] यसैगरी मानवीयता (Humanism) अर्को संवेदनशील पक्ष रहेको छ । यसको तात्पर्य समस्त प्राणी जगतप्रति मानवीय संवेदना रहनुपर्दछ भन्ने हो । प्राणीउपर अमानुषिक पीडा वा कष्ट नदिने र संरक्षणकारी कार्य गर्ने कुरा प्रस्तुत प्रसङ्गमा मानवीयताका विषय मानिन्छ । भारतीय अदालतले पशु अधिकारको विषयलाई Eco-centric Principles का आधारमा हेर्दै आएको देखिन्छ । T.N. Godavarman Thirumulpad समेतका केही विवादका सन्दर्भमा भारतीय सर्वोच्च अदालतले गरेको व्याख्यालाई यस कुराको उदाहरणको रूपमा लिन सकिन्छ ।[14] अत्यावश्यक नभएका क्रियाकलाप (Non-essential Activities) मा जनावरको प्रयोग गर्ने गरिएको कुरातर्फ पनि आधुनिक पशु अधिकारकर्मीहरूको ध्यानाकर्षण हुने गरेको पाइन्छ । Bullock-cart Race, Jallikattu[15] जस्ता कार्य केवल मानिसको मनोरञ्जनका लागि खेलाइने खेल भएको, यसबाट पशुमा डर पैदा हुने, पीडा पुग्ने भएको र यसलाई "Non-essential Activities" मान्नु पर्ने भएबाट यसलाई निषेध गर्नुपर्ने दृष्टिकोण भारतीय सर्वोच्च अदालतले अपनाएको देखिन्छ ।[16] Prevention of Cruelty to Animals Act तथा Animal Welfare Act मा रहेको प्रावधानअनुसार भारत सरकारले Committee for the Prevention of Cruelty to Animals / Animal Welfare Board आदि गठन गरी कार्य सञ्चालन गरी आएको पाइन्छ । पशुउपर गरिने क्रुर र अमानवीय व्यवहारलाई दण्डनीय घोषित गरिएको छ । सरकारी स्तरमा मात्र नभएर नागरिक समाज वा निजी क्षेत्रबाट पनि जनावरउपर हुने गरेका अत्याचारपूर्ण, निर्दयी वा क्रुर व्यवहार विरूद्ध विविध कार्यक्रमहरू सञ्चालित हुने गरेका प्रसस्तै उदाहरण छन ।

२७. पर्यावरण केन्द्रित सिद्धान्त (Eco-centric Principles) मा आधारित भएर विभिन्न देशमा पशु अधिकार संरक्षणको व्यवस्था गरिएको पाइन्छ । जर्मनीको संविधानमा सन् २००२ मा गरिएको संशोधनबाट जनावरको प्रतिष्ठा ("Animal Dignity") को संरक्षण गर्ने दायित्व राज्यमा हुने व्यवस्था गरिएको

12 उनीहरूकै शब्दमा - "The single worst thing you can do to an animal emotionally is to make it feel afraid. Fear is so bad for animals, I think it is worse than pain. I always get surprised looks when I say this. If you gave most people a choise between intense pain and intense fear, they'd probably pick fear."

13 हेर्नुहोस्: State of Gujarat V. Mirzapur Moti Kureshi Kassab Jamat and Others (2005) 8 SCC 534

14 हेर्नुहोस्: T.N. Godavarman Thirumulpad V. Union of India and Others (2012) 3 SCC 277, T.N. Godavarman Thirumulpad V. Union of India and Others (2012) 4 SCC 362 तथा Centre for Environmental Law World Wide Fund, India V. Union of India and Others (2013) 8 SCC 234

15 भारतको तामिलनाडू राज्यमा प्रचलनमा रहेको गोरुलाई शारीरिक तथा मानसिकरूपमा यातना दिएर खेल खेलाई मनोरञ्जन गरिने एक प्रकारको परम्परा ।

16 हेर्नुहोस्: Animal Welfare Board of India Vs. A. Nagaraja & Ors, SC India, Civil Appeal No. 5387 of 2014 (Judgement delivery: May 07, 2014)

देखिन्छ । जर्मनीको पशु कल्याणसम्बन्धी कानूनले जनावर जुधाउनेलगायतका जनावरलाई पीडा पुग्ने वा शारीरिक नोक्सानी हुने किसिमका क्रियाकलाप गर्न नपाउने गरी संरक्षण प्रदान गरेको छ । स्वीट्जरलैण्ड, स्लोभेनिया, अष्ट्रियासमेतका केही देशहरूमा व्यक्तिको हक र पशु अधिकारका बीच सन्तुलन कायम गर्नुपर्ने र पशुउपर अनावश्यक पीडा, नोक्सानी वा डर, त्रास पैदा गर्न नहुने गरी संवैधानिक प्रत्याभूति प्रदान गरिएको देखिन्छ । बेलायती कानूनअनुसार पशुउपर क्रुर व्यवहार गर्नेलाई ५१ हप्तासम्म कैद र २०,००० पाउण्डसम्म जरिवाना हुन सक्दछ। बेलायतले शताब्दी पहिले नै सन् १९११ मा Protection of Animals Act बनाएको हो । त्यहाँको Royal Society for the Prevention of Cruelty to Animals ले दबाब समूहको रूपमा पशु संरक्षणको क्षेत्रमा कार्य गर्दै आएको पाइन्छ । पशुलाई कडा श्रममा लगाउनेलाई समेत कैद तथा जरिवाना सजाय तोकिएको छ । London Police Act, 1839, Protection of Animal Act, 1934, Abandonment of Animals Act, 1960, Criminal Damage Act, 1971, Animal Welfare Act, 2006 लगायतका कानूनहरूले जनावरउपर पीडा वा नोक्सानी पुर्‍याउन नपाउने गरी संरक्षण प्रदान गर्नेसम्बन्धी व्यवस्था गरेका छन् । नर्वेको Animal Welfare Act, 2010 मा "Animals have an intrinsic value which is irrespective of the usable value they may have for man. Animals shall be treated well and be protected from the danger of unnecessary stress and strain" भन्ने उल्लेख भएको छ । यस्ता प्रावधानहरूलाई पशु अधिकार संरक्षणतर्फ लक्षित कल्याणकारी कदमको रूपमा लिन सकिन्छ ।

२८. इजिप्टको कानूनले घर पालुवा जनावरलाई अमानवीय तवरबाट कुटपिट गर्ने वा मार्ने कार्यलाई दण्डनीय तुल्याएको छ । बेलायती प्रयासमा १०० वर्षभन्दा अगाडि स्थापना गरिएको "Egyptian Society for the Prevention of Cruelty to Animals" नामक संस्थाको सक्रियतामा त्यहाँ "राँगो जुधाउने" परम्पराउपर रोक लगाउन सफलता प्राप्त भएको छ । दक्षिण सुडानको अपराध संहिताले जवावरउपरको क्रुरता वा पीडा पुर्‍याउने कार्यलाई निषेध गरेको छ । जनावर माथि धेरै भारी लाद्ने र बोकाउने, वच्चा, बुढा, रोगी पशुबाट निर्मम तवरले सेवा प्राप्त गर्ने कुरालाई सुडानी कानूनले दण्डनीय घोषित गरेको छ । यसका साथै, दक्षिण सुडानको अपराध संहिताको दफा १९६ मा जनावरका सम्बन्धमा रहेको प्रावधान यहाँ उद्धृत गर्नु सन्दर्भिक देखिन्छः

> "Whoever cruelly beats, tortures or otherwise willfully ill-treats any tame, domestic or wild animal, which has previously been deprived of its liberty, or arranges, promotes or organizes fights between cocks, rams, bulls or other domestic animals or encourages such acts, commits an offence, and upon conviction, shall be sentence to imprisonment for a term not exceeding two months or with a fine."

२९. अर्जेन्टिना, कनाडाले पनि जनावरउपर क्रुर व्यवहार गर्ने कार्यलाई दण्डनीय बनाएका छन् । अमेरिकाको Animal Welfare Act, 1966 मा पशुउपरको व्यवहार, शोध वा अनुसन्धान कार्यमा यसको प्रयोग तथा पशुको कल्याणकारी व्यवस्थापन सम्बन्धमा उल्लेख भएको पाइन्छ । जापानको Welfare and Management of Animals Act, 1973 मा "no person shall kill, injure, or inflict cruelty to animals without due course" भन्ने

उल्लेख भएको छ । यस कानूनले गाई, घोडा, बाख्रा, भेडा, सुँगुर, कुकुर, बिरालो, परेवा, कुखुरा, खरायो, हाँस आदि सबै प्रकारका घर पालुवा जनावर तथा चरा चुरूङ्गीहरू उपर पीडा पुर्‍याउन नहुने, क्रुर व्यवहार गर्न नपाइने र उचित कारण बिना त्यस्तो कार्य गर्नेलाई अवस्थानुसार एक वर्षसम्म कैद सजायसमेत हुन सक्ने व्यवस्था गरेको छ । फ्रान्समा पशुउपर क्रुर व्यवहार गर्नेलाई दुई वर्षसम्म कैद तथा ३०,००० यूरोसम्म[17] जरिवाना हुने व्यवस्था रहेको पाइन्छ । जर्मनी तथा इटालीमा यो सजायको हद तीन वर्ष तोकिएको छ । इटालीमा जरिवानाको हद न्यूनतम ३००० यूरो र अधिकतम १,६०,००० यूरो[18] तोकिएको छ । अष्ट्रेलियामा पशु संरक्षण तथा पशुउपर गरिने क्रुर व्यवहार नियन्त्रण सम्बन्धमा विभिन्न कानूनी व्यवस्था गरी कतिपय कार्यलाई दण्डनीय घोषित गरिएको छ । संघीय तहको Animal Welfare Act, 1992 तथा प्रान्तीय तहका कानूनहरू अनुसार पशु संरक्षणका लागि कार्य भई आएको पाइन्छ ।

३०. माथि उल्लेख गरिएका कुराहरू केही संक्षिप्त प्रतिनिधिमूलक दृष्टान्त मात्रै हुन् । विश्वका अन्य कैयौं देशहरूमा पशु अधिकार संरक्षणका लागि प्रयास हुँदै आएका छन । पशुउपर गरिने निर्दयी व्यवहारलाई दण्डनीय बनाइएको छ । संरक्षणका विविध कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएका छन् । तर हाम्रो स्थिति भने फरक किसिमको देखिन्छ । कानूनी वा व्यवहारिक कुनै दृष्टिले हेर्दा पनि हाम्रा प्रयासहरू कमजोर अवधारणागत धरातलमा रूमलिएको अवस्था देखापर्दछ । प्रथमतः पशु अधिकारसम्बन्धी कानून स्वयममा अपर्याप्त र अपूर्ण छ । दोस्रो, भएका कानूनको कार्यान्वयनमा प्रभावकारिता कायम गर्न सकिएको पाइँदैन । पशुउपर गरिएको निर्दयी व्यवहारलाई फौजदारी कसुरको रूपमा परिभाषित गरी दण्डनीय घोषित नगर्नुलाई यस कुराको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । मुलुकी ऐन, चौपायाको महलमा पशुसम्बन्धी केही प्रावधान रहेका भए पनि सो प्रावधान गाई गोरुलाई कुट्न, घाइते वा अङ्गभङ्ग गर्न वा मार्न नहुने कुरामा नै सिमित रहेको देखिन्छ । गाईलाई लक्ष्मीको रूपमा पूजा गरिने हिन्दु धर्म र संस्कारबाट अभिप्रेरित भई यो कानूनी प्रावधान निर्माण भएको देखिन्छ । उक्त चौपायाको महलले गाई, गोरुबाहेक अन्य पशु पन्छीउपर गरिने निर्दयी व्यवहारका सम्बन्धमा कुनै कुरा उल्लेख गरेको देखिँदैन । गाई गोरुउपर हुने कतिपय क्रुर वा निर्दयी व्यवहारलाई पनि यस कानूनले समेट्न सकेको पाइँदैन । पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा पशु बधशाला र मासु जाँच ऐन, २०५५ लगायतका कानूनले पनि पशुउपर हुने क्रुर वा निर्दयी व्यवहारलाई दण्डनीय घोषित गरेको देखिँदैन ।

३१. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ मा पशुप्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सकिने प्रावधान रहेको भए पनि यसलाई समेत कार्यान्वयनमा ल्याइएको देखिँदैन । करिब १७ वर्ष पहिले जारी भएको उक्त ऐनको दफा २७ मा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशुप्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिदिएबमोजिम हुनेछ" भन्ने व्यवस्था गरिएको छ । तर अहिलेसम्म त्यस प्रकारको समिति गठन भएको देखिन आएन । निसन्देहः पशु अधिकार संरक्षणका लागि यो प्रावधान पर्याप्त छैन । सांकेतिकरूपको भए पनि १७ वर्ष अगाडि बनेको कानूनलाई अहिलेसम्म पनि प्रयोगमा नल्याउनु बिडम्बनाको विषय बनेको छ ।

३२. मानिस र पशुपन्छीबीचको सम्बन्ध अत्यन्त गहिरो र प्रगाढ छ । मानिसको आहारा पशुपन्छी हुने गर्दछन् । दैनिक उपभोगका लागि दूधको आपूर्ति पशुबाट नै हुदै आएको छ । मानिसको शरीर

17 करिब ३५ लाख नेपाली रूपैयाँ बराबर ।

18 लगभग दुई करोड रूपैयाँ बराबर ।

ढाक्ने वस्त्रको रूपमा पशु पन्छीका छाला वा भुत्ला प्रयोगमा आउदछन । मानव जीवन रक्षाका लागि अनेकौं औषधिहरू पशु पन्छीको अङ्ग प्रत्यङ्गबाट निर्माण हुने गर्दछन। कतिपय अवस्थामा पशु वा पन्छी मानिसको साथी बन्दछस मानिसको जीउ धनको रक्षा, सुरक्षाका लागि खवरदारी गर्ने कार्यसमेत कुकुर, सुगा जस्ता पशु पन्छीबाट हुने गरेको छ । मनोरञ्जनको माध्यम पशु पन्छी बनेका छन । सवारीको साधनको रूपमा तथा भारबहन गर्ने माध्यमको रूपमा पनि पशुको प्रयोग हुने गर्दछ। बाँझो जमिन आवाद गर्न पशुको सहारा लिइन्छ। पशु पन्छीको मल मुत्रले जमिनको उर्वर शक्ति बढाएको छ । कतिपय पशुको आहारासमेत अर्कोथरी पशुले नै भैदिनु परेको छ । यस प्रकारको अनुपम पर्यावरणीय चक्रप्रणाली प्रति संवेदनशीलता नअपनाई पशुउपर बर्बर, क्रुर, निर्दयी व्यवहार गर्नु स्वयममा पशुत्व व्यवहार हुन जान्छ। मानिस विवेकशील प्राणी हो । मानवीय विवेक व्यवहारमा मुखरित हुनुपर्दछ । पशुउपर गरिने दया, माया, करूणा, प्रेमबाट अन्ततः मानव सभ्यताकै प्रबर्द्धन र सम्बर्द्धन हुने हो। यो वस्तु तथ्यलाई शासन प्रणालीमा पनि आत्मसात् गरिनु आवश्यक देखिन्छ।

३३. गढीमाई मेलाका अतिरिक्त अन्य अनेकौँ सन्दर्भमा पशुउपर गरिने निर्दयी व्यवहार समाजमा यत्रतत्र देखिन्छन्। गोरु, राँगालाई पर्याप्त आहारा तथा पानी खान सम्म पनि नदिई लामो समयसम्म जोत्ने, निर्दयी तवरबाट कुटपिट गर्ने, गाडामा अत्यधिक भारी हाली भारबहन गराउने, घोडा, गधा, भेडा आदिलाई अत्यधिक भारी बोकाउने, ट्रक, ट्रेक्टर जस्ता सवारी साधनमा भैसी राँगा ओसारपसार गर्दा नाकमा प्वाल पारेर डोरीले बाँधी रगतपच्छे पार्ने, एक माथि अर्को जीवित पशु वा पन्छीलाई राखी हलचल गर्न नपाउने अवस्थामा राख्ने जस्ता घटना सामान्य दैनिकी बनेको प्रतित हुन्छ। कुखुरालाई निर्जीव वस्तु जस्तो गरी पोको पारेर ओसारपसार गर्ने गरिएका दृष्टान्त जतातत्तै देख्न सकिन्छ। नवजात पशु होस् वा वृद्ध, कुनै विभेद नगरी बली दिने सिलसिला पनि कायम नै छ । धर्मभीरू मनोविज्ञानबाट प्रभावित भएर नै भएपनि रोगी पशुको बली दिनु हुँदैन भन्ने मान्यता समाजका केही वर्गमा रहेको पाइन्छ । तर यसलाई सार्वजनिक उतरदायित्वको रूपमा परिभाषित वा निर्देशित गरिएको देखिँदैन । बलीको नाउँमा ठूलो संख्याको पशुलाई निर्मम तवरबाट सार्वजनिकरूपमा काटमार गर्ने गरिएको पाइन्छ । हेर्ने मानिस हुन वा पशु, सबैलाई आतङ्कित पार्ने कुरा समान्य बनेका छन। धर्म, संस्कृति, परम्परा, खेती किसानी, व्यापार व्यवसाय, सवारी यातायात, मनोरञ्जन आदि विविध नाममा पशुउपर निर्दयी व्यवहार हुने गरेका भए पनि त्यसलाई रोक्नेतर्फ कुनै सार्थक प्रयास भएको देखिँदैन । यस प्रकारको अवस्था कायम रहन दिनु उचित होइन। पशु अधिकारको प्रत्याभूति दिन, पशु कल्याणको प्रबन्ध गर्न र पशुउपर हुने सबै प्रकारका क्रुर, निर्दयी, निर्मम वा बर्बरतापूर्ण व्यवहार रोक्न नेपाल सरकारका तर्फबाट प्रभावकारी कदम चाल्नु वाञ्छनीय देखिन्छ। त्यसैले, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिमको समिति तत्काल गठन गर्नुस पशु अधिकारलाई कानूनी मान्यता दिँदै पशुउपर हुने गरेका निर्दयी, क्रुर, अमानवीय व्यवहारलाई परिभाषित गरी यसलाई दण्डनीय तुल्याउन आवश्यक कानून निर्माण गर्ने प्रक्रिया अपनाउनुस र कानूनको प्रभावकारी कार्यान्वयनका लागिसमेत जो चाहिने संयन्त्र तयार गर्नु भनी विपक्षीहरूका नाउँमा आवश्यक आदेश जारी गर्नु मनासिब देखिन आयो।

३४. गढीमाई मेलाका क्रममा बली दिन ल्याइने पशु पन्छीहरूको क्वारेन्टाइन परीक्षण गर्नेसम्बन्धी चौथो प्रश्नउपर विचार गर्दा विपक्षीमध्येको केन्द्रीय पशु क्वारेण्टाइन कार्यालयको लिखित जवाफबाट नेपाल सरकारले वीरगञ्जमा पशु क्वारेण्टाइन कार्यालय र वारा जिल्लाको मटिअर्वामा

पशु क्वारेण्टाइन चेकपोष्ट स्थापना गरी कार्य गरी रहेको भनी उल्लेख गरेको पाइयो। पशुको क्वारेण्टाइन परीक्षण गराउनु आवश्यक हुने कुरालाई विपक्षीहरूले स्वीकार गरेकै अवस्था देखिन्छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को परिच्छेद २, दफा ३ देखि १५ सम्म पशु क्वारेण्टाइनसम्बन्धी विविध व्यवस्था रहेका छन। पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ ले समेत क्वारेण्टाइन परीक्षण सम्बन्धमा थप प्रक्रियागत व्यवस्था गरेको देखिन्छ। स्थायी वा अस्थायी प्रकृतिको क्वारेण्टाइन चेकपोष्ट स्थापना गरिने, क्वारेण्टाइन स्थल निर्माण गरिने, क्वारेण्टाइन अधिकृतको नियुक्ति गरिने, पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि तोकिएको अवधिसम्म क्वारेण्टाइनमा राख्नु पर्ने, क्वारेण्टाइन प्रमाणपत्र दिनेलगायतका नियमनकारी व्यवस्था ऐन तथा नियमावलीमा समावेश भएका देखिन्छन। उल्लिखित प्रावधानहरूले मूलतः पैठारी गरिने "कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई" क्वारेण्टाइन परीक्षण गर्नु पर्ने गरी व्यवस्था गरेको पाइन्छ।

३५. कानून भएर मात्र प्रयोजन पूरा हुँदैन, प्रभावकारी कार्यान्वयन भएमा मात्र कानूनको सार्थकता व्यवहारमा मुखरित हुन्छ । त्यसैले क्वारेण्टाइन परीक्षणको कार्यान्वयन स्थितितर्फ दृष्टि दिनु आवश्यक छ। विपक्षीमध्येका कसैले पनि तथ्य र तथ्याङ्कको आधारमा क्वारेण्टाइन परीक्षणको स्थिति उल्लेख गरेको देखिँदैन। गढीमाईमा लाखौंको संख्यामा बली दिइने गरिएको कुरामा सन्देह छैन। यो संख्याका पशुलाई राख्ने पर्याप्त स्थान र परीक्षण गर्ने आवश्यक प्राविधिक जनशक्ति उपलब्ध छ वा छैन ? परीक्षण नियमितरूपमा गरिन्छ वा गरिँदैन ? कतिवटा पशुको क्वारेण्टाइन परीक्षण गरी प्रमाणपत्र उपलब्ध गराइयो ? के कति पशुको नेपाल प्रवेशमा रोक लगाइयो ? पशु निकासी गर्ने सम्बन्धित मूलुकमा फिर्ता पठाइएका कुनै उदाहरण पनि छन कि ? भन्सार नाकाबाहेक अन्य खुल्ला सिमानाबाट चोरी पैठारी भई आउने पशु पन्छीको निगरानी र नियन्त्रण गरिएको छ, छैन ? यी र यस्ता अन्य कतिपय प्रश्नहरू अनुतरित देखिन्छन् । केवल औपचारिकता निर्वाह गर्ने किसिमको परीक्षणबाट कानूनको उद्देश्य पूरा हुँदैन। सन् १९९५ मा धनुषा, महोतरी, सर्लाही, बारा, रौतहट र गोरखा जिल्लामा फैलिएको "Peste Des Petits Ruminants" नामक संक्रामक महामारी गढीमाई मन्दिरमा बली दिन भारतबाट ल्याइएको पशुबाट फैलिएको थियो र पछि सन् २००१ मा "Mass Vaccination" सुरू गर्दाको अवस्थासम्म यो संक्रमण देशको ५२ जिल्लामा देखा परिसकेको थियो भन्ने तथ्य पशु स्वास्थ्य निर्देशनालयअन्तर्गतको Veterinary Epidemiology Centre बाट सन् २०१२ मा प्रकाशित समाचारबाट देखिन्छ ।[19] क्वारेण्टाइन परीक्षणमा रहेको कमी कमजोरीको कारणबाट यो अवस्था आएको भनी सहजरूपमा अनुमान गर्न सकिन्छ।

३६. विदेशबाट पैठारी गरिने पशुको क्वारेण्टाइन परीक्षण गर्नु एउटा आवश्यक र महत्त्वपूर्ण कार्य हो। खुल्ला सिमाना भएको कारणबाट क्वारेण्टाइन परीक्षणका क्रममा "पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेण्टाइन चेकपोष्टको बाटो भएर गर्नुपर्ने" भन्ने पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ९ मा रहेको प्रावधानको कडाईका साथ पालना हुनु आवश्यक देखिन्छ । वीरगञ्जको पशु क्वारेण्टाइन कार्यालय र बारा जिल्लाको मटिअर्वाको पशु क्वारेण्टाइन

19 हेर्नुहोस्: Status of Animal Disease Outbreak and Identification of Provisional Disease Free Zone / Area, Volume -2, No.1, Veterinary Epidemiology Centre, Tripureshwor, Kathmandu, February 2012, Page -13.

चेकपोष्टबाट मात्र यस प्रकारको सेवा प्रदान भएको छ भनी विश्वस्थ हुन सकिने अवस्था देखिँदैन । मिसिल संलग्न कागजातको अध्ययनबाट क्वारेण्टाइन परीक्षणको कार्यलाई प्रभावकारी तुल्याउन आवश्यक सन्यन्त्रको निर्माण र चुस्त एवम् भरपर्दो व्यवस्थापन मिलाउन तथा क्वारेण्टाइन प्रमाणपत्र लिनु पर्ने कार्यलाई अनिवार्य तुल्याउन आवश्यक रहेको देखिन आयो ।

३७. निरूपण गर्नु पर्ने पाँचौं प्रश्न / बली दिइएका पशु पन्छीको मासुलगायतका पदार्थको व्यवस्थापन र यसबाट जनस्वास्थ्यमा पर्ने असर नियन्त्रण गर्न मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्ने लगायतका आवश्यक प्रबन्ध मिलाउन र वातावरण प्रदुषण नियन्त्रण गर्न भनी आदेश जारी गर्नुपर्ने हो वा होइन ? भन्ने रहेको छ । यो प्रश्नको निरूपणका लागि गढीमाई मेला र पशु बली सम्बन्धमा रिट निवेदकहरूबाट प्रस्तुत हुन आएका केही तथ्य संक्षिप्तरूपमा निम्नानुसार उद्धृत गर्नु आवश्यक देखिन्छः

> 'प्रत्येक पाँच वर्षमा लाग्ने गढीमाई मेलामा बोका, राँगा, हाँस, कुखुरा र मुसा गरी ५ जातका जीवलाई "पञ्चबली" भनी बली दिने गरिन्छ । प्रत्येक मेलामा हजारौं (करिब २५ – ३० हजार) राँगालगायत अन्य पशु पन्छी गरी एक लाखभन्दा बढी संख्यामा बली दिने गरिन्छ ।[20] यी पशुहरू नेपालका विभिन्न भागबाट तथा भारतबाट ल्याइएका हुन्छन ।[21] बारा जिल्लाको मटिअर्वामा एउटा चेकपोष्ट र वीरगञ्जमा एउटा कार्यालय रहेको छ भनिए तापनि पशुको क्वारेण्टाइन परीक्षणको प्रभावकारी र भरपर्दो व्यवस्था हुन सकेको पाइँदैन । बली दिन पशु पन्छीलाई ओसारपसार गर्दा तथा बली दिने क्रममा जथाभावी काट्ने, निर्दयी र क्रुर व्यवहार हुने गर्दछ । बली दिने स्थानमा लगिएका पशुहरूको ठूलो भीडमा पुजारीहरू लगायतले पशु उपर निर्दयी व्यवहार देखिने गरी "अन्धाधुन्द हतियारको प्रयोग गरी" पशु हत्या गर्ने गर्दछन । बली दिने कार्यमा राज्य कोषबाट समेत केही साधन स्रोत उपलब्ध हुने गरेको छ । बली दिन कुनै व्यवस्थित स्थान नभई खुल्ला मैदानमा काटमार गर्ने गरिएको छ । बली दिइएका पशु पन्छीको मासु वा सिनोको कारणबाट सो क्षेत्र दुर्गन्धित र प्रदूषित हुने गरेको छ र जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने गर्दछ । यसबाट स्थानीय धार्मिक, सामाजिक एवम् साँस्कृतिक जीवनमा नकारात्मक असर पर्ने गरेको छ । यो स्थानलाई संसारको सबै भन्दा बढी पशु बली दिइने ठाउँको रूपमा चित्रण गरी विभिन्न सञ्चार माध्यमहरूबाट

20 बली दिइएका पशुको संख्या कति हो भन्ने कुनै आधिकारिक तथ्याङ्क रहेको देखिँदैन । रिट निवेदक अधिवक्ता अर्जुनकुमार अर्यालसमेतको निवेदनमा एउटा मेलामा करिब पाँच लाख पशुलाई वली दिइन्छ भनी उल्लेख भएको छ । सो संख्या अन्य कुराबाट समर्थित भएको देखिँदैन । तथापि, सामान्यतया: प्रत्येक मेलामा एक लाखभन्दा बढीको संख्यामा पशुपन्छीलाई बली दिइन्छ भन्ने तथ्यलाई भने गढीमाई मन्दिरका पुजारी मंगल चौधरी, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र साहलगायतका पदाधिकारीहरूले इजलाससमक्ष छलफलको क्रममा उल्लेख गरेको पाइएको हुँदा कम्तिमा पनि प्रत्येक मेलाका क्रममा एक लाखभन्दा बढी संख्यामा पशुको बली दिने गरिएको मान्न सकिने देखियो ।

21 भारतीय सर्वोच्च अदालतले Gauri Maulekhi V. Union of India & Others को विवादमा सन् १९१४ को अक्टोबर १७ मा गैरकानूनी तबरबाट पशुलाई नेपालमा प्रवेश गर्न नदिनु भनी आदेश जारी गरेको छ । यो आदेशको कारणबाट पैठारीको मात्रा केही घटेको भएपनि भारतबाट पशु ल्याई गढीमाई मेलामा बली दिने सिलसिला कायम नै रहेको छ भन्ने कुरा इजलाससमक्ष उपस्थित विपक्षी मध्येका गढीमाई मेला व्यवस्थापन समितिका पदाधिकारीहरूबाट ज्ञात हुन आएको छ ।

प्रचार प्रसार हुने गरेको छ। बली दिने पशुको स्वास्थ्य परीक्षण, बली दिइएका पशुको मासु जाँच गर्ने, अखाद्य मासु बिक्री वितरण वा उपभोग गर्न नदिने जस्ता कुनै नियमनकारी कार्य हुन सकेका छैनन । मासु सडिगली नजाने व्यवस्थाको लागि चिस्यानको कुनै व्यवस्था गरिएको छैन। बली दिइएका पशुको मासु बिक्रीका लागि ठेक्का बन्दोबस्त गर्ने गरिएको छ । मिति २०७१।०७।१६ मा बली दिइएका पशुको मासु बिक्रीका लागि २ करोड ६७ लाख मूल्य खुलाई टेन्डर आह्वान गरिएको थियो। कतिपय अवस्थामा स्थानीय मानिसहरूले बली दिइएको पशुको मासु जबरजस्ती लुटपिटको शैलीमा लैजाने र उपभोग गर्ने गरेको पनि पाइन्छ।

३८. माथि उल्लेख गरिएका तथ्यहरू केही दृष्टान्त मात्रै हुन । तथापि, यति दृष्टान्त नै गढीमाई मेलामा दिइने पशु बलीको कारणबाट उत्पन्न भयावह स्थितिको आँकलन गर्न पर्याप्त देखिन्छ । यसरी जथाभावी पशु बली दिने कार्यबाट जनस्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्ने गरेको छ भनी सहजरूपमा अनुमान गर्न सकिने विषय देखिन्छ। व्यवस्थापन पक्षमा रहेका कमजोरी, अभाव वा रिक्तताको कारणबाट जनस्वास्थ्य र पर्यावरणीय समस्या थप जटिल र संवेदनशील वनेका देखिन्छन । मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्नेलगायतका पर्याप्त प्रबन्ध नमिलाइएको कारणबाट जनस्वास्थ्यमा परेको असरको मात्रा सम्बन्धमा कुनै खास अध्ययन भएको स्थिति देखा पर्दैन। संक्षेपमा भन्दा, जनस्वास्थ्य तथा वातावरण संरक्षणका लागि नेपाल सरकारका सम्बद्ध निकायहरूको तर्फबाट हुनु वा गरिनु पर्ने व्यवस्थापनसम्बन्धी न्यूनतम आधारभूत कार्यहरूसमेत भएको छ भनी सन्तुष्ट हुने अवस्था देखिन आएन।

३९. पशु बध र मासु परीक्षण सम्बन्धमा विधायिकाले कानून निर्माण गरी कतिपय विषय व्यवस्थित गर्न खोजेको देखिन्छ। यसका लागि पशु बधशाला र मासु जाँच ऐन, २०५५ जारी भएको छ । यस ऐनमा स्वस्थकर मासु बिक्री व्यवस्थापन सम्बन्धमा कतिपय उपयोगी प्रावधान समावेश भएको देखिन्छ । उल्लिखित ऐनमा पशु बध गर्ने सम्बन्धमा केही प्रावधान समावेश भएको पाइन्छ । ऐनको दफा ८ मा "कुनै पशु बध गर्नुभन्दा अघि पशु बधशाला स्थापना भएको क्षेत्रमा पशु बधशालामा र पशु बधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको स्थानमा त्यस्तो पशु जँचाउनु पर्ने" व्यवस्था रहेको छ। सोही ऐनको दफा ९ ले परीक्षण गर्दा "बध गर्न उपयुक्त देखिएको पशुलाई पशु बधशालामा बध गर्नु पर्ने", तर पशु बधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको समय र स्थानमा त्यस्तो पशु बध गर्नुपर्ने" व्यवस्था गरेको देखिन्छ । उक्त ऐनको दफा १६ मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परम्परादेखि चलिआएको चाडपर्व, धार्मिक पूजाआजा, कुनै भोजभतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पशु बधशालाबाहेकका स्थानमा पशु बध गर्न र छालासहितको मासु उपभोग गर्न बाधा पुर्‍याएको मानिने छैन" भन्ने अपवादस्वरूपको व्यवस्था रहेको देखिन्छ ।[22] ऐनमा रहेको यही प्रावधानलाई अगाडि सारेर विपक्षी लिखित जवाफ प्रस्तुतकर्ताहरूले गढीमाई मेलामा खुल्लारूपमा बली दिइने गरिएको कुराको औचित्य प्रमाणित गर्न खोजेको पाइयो। कानूनतः बाधा

22 उल्लिखित दफा १६ संविधानको समानतासम्बन्धी प्रावधानसँग बाझिएको नदेखिएको हुँदा बदर घोषित गर्नु नपर्ने भनी यस अदालतको विशेष इजलासबाट निवेदक: ल स्टुडेन्ट्स सोसाइटी, काठमाडौंको तर्फबाट विकल्प राजभण्डारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत (नेकाप २०७२, नि.नं.९३१९, अङ्क १) को विवादका सन्दर्भमा व्याख्या भएको समेत देखिन्छ।

नपर्ने भएकोसम्म कै कारणबाट लाखौं पशु पन्छीलाई खुल्लारूपमा बली दिने गरिएको कुराको औचित्य पुष्टि हुन सक्दैन। यसलाई उचित तवरबाट व्यवस्थापन गर्नु सरकारका सम्बद्ध निकायहरूको कर्तव्य हुन्छ। ऐनको मूल प्रावधानलाई एकातर्फ पन्छाएर अपवादस्वरूपको व्यवस्थाको आड लिनु तर्कसङ्गत हुँदैन । यसका अतिरिक्त ऐन नै लागू नगरी त्यस्तो ऐनले गरेको अपवादस्वरूपको व्यवस्थाको आड लिनु सरकारका लागि शोभनीयसमेत देखिँदैन।

४०. पशु बधशाला र मासु जाँच ऐन, २०५५ हेटौंडा नगर क्षेत्रका केही भागमा बाहेक अहिलेसम्म देशका अन्य भागमा लागू हुन सकेको देखिँदैन।[23] ऐन निर्माण भएको १७ वर्षसम्म पनि लागू नगरिनु स्वयम्मा अनौठो विषय देखिन्छ । विधायिकाले निर्माण गरेको ऐन उचित समयसीमाभित्र नै कार्यान्वयनमा ल्याउनु कार्यकारिणी अङ्ग (सरकार) को दायित्व हुन्छ । तर ऐन निर्माण भएको १७ वर्ष व्यतित हुँदासम्म पनि सरकारले यो दायित्व निर्वाह गरेको देखिन आएन । उक्त ऐन कार्यान्वयनमा ल्याउन आवश्यक प्रक्रियागत व्यवस्थाको लागि पशु बधशाला र मासु जाँच नियमावली, २०५७ समेत जारी भएको छ। "ऐन प्रारम्भ भएको क्षेत्रमा ऐन प्रारम्भ भएको मितिदेखि लागू हुने" भनी जारी भएको उक्त नियमावलीसमेत ऐन प्रारम्भ नभएको कारणबाट निष्क्रिय अवस्थामा रहेको देखिन्छ। विधायिकाले ऐन निर्माण गर्दा तोकेको मितिदेखि प्रारम्भ हुने व्यवस्था गर्नुको तात्पर्य सो ऐनलाई कार्यान्वयनमा ल्याउन गर्नुपर्ने पूर्व तयारी वा व्यवस्थापन प्रबन्धका लागि सरकारलाई समयको केही लचकता प्रदान गर्नुसम्म हो। यस्तो प्रावधानको तात्पर्य अनन्तकालसम्म ऐन नै लागू नगर्दा पनि हुन्छ भन्ने अवश्य होइन । यो पशु बधशाला र मासु जाँच ऐन, २०५५ लागू हुन सक्ने पूर्वाधारहरू यथासम्भव छिटै तयार गरी, गर्न लगाई ऐन लागू गर्नु भनी अधिवक्ता भोजराज ऐरले दायर गर्नुभएको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट २०६२ सालमा नै विपक्षीहरूका नाउँमा निर्देशात्मक आदेश जारी भएको देखिन्छ।[24] दश वर्षभन्दा पहिले जारी गरिएको उक्त आदेशमा ऐन लागू गर्ने सम्बन्धमा निम्न व्यहोरासमेत उल्लेख भएको छः

> "विधायिकाले सर्वसाधारण जनताको हितका लागि निश्चित उद्देश्य परिपूर्ति गर्ने मनशाय राखी ऐन बनाउँदै जाने र कार्यपालिकाद्वारा सोही ऐनले ऐन लागू अर्थात् प्रारम्भ हुने मितिका सम्बन्धमा गरेको व्यवस्थाको आडमा लामो समयसम्म मौनता देखाई सो ऐन लागू गर्नेतर्फ तत्परता नदेखाउने हो भने उक्त ऐनको उद्देश्य नै निष्प्रयोजन भई मानवीय संवेदनशील विषयहरूमा अस्तव्यस्तताको स्थितिसमेत सिर्जना हुन सक्छ । विधायिकाले कानून बनाई जारी गरिसकेपछि सो कानून एकै पटक लागू हुन नसक्ने स्थितिको रहेछ भने पनि कार्यपालिकाले चरणबद्धरूपमा लागू गर्नेतर्फ कार्ययोजना बनाई सो कानून आवश्यकता अनुरूप लागू गर्दै जानु पर्दछ, अनि मात्र ऐनको उद्देश्य परिपूर्ति भएको मान्न मिल्छ"।

४१. यसप्रकार विधायिकाबाट १७ वर्ष पहिले निर्माण भएको ऐन लागू गर्ने सम्बन्धमा यस अदालतबाट १० वर्ष पहिले जारी भएको

23 पशु बधशाला र मासु जाँच ऐन, २०५५ को दफा १(२) मा "यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ" भन्ने व्यवस्था रहेको छ। यस प्रावधानअनुसार मिति २०६०।१।८ को नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार हेटौंडा नगरपालिका क्षेत्रमा २०६० वैशाख १ गतेदेखि यो ऐन प्रारम्भ हुने गरी तोकिएको देखिन्छ। सोबाहेक देशका अन्य क्षेत्रमा उक्त ऐन लागू गरिएको देखिँदैन।

24 अधिवक्ता भोजराज ऐर वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, नेकाप २०६२, नि.नं.७५२२, पृ.४३५

आदेशअनुसार अहिलेसम्म पनि ऐन कार्यान्वयनमा नल्याइनु बिडम्बनापूर्ण र दुर्भाग्यपूर्ण अवस्था हो । यो अवस्था कुनै पनि लोकतान्त्रिक राज्य व्यवस्थाका लागि शोभनीय मान्न सकिँदैन । विधायिकाले ऐनको माध्यमबाट तथा न्यायपालिकाले फैसला र आदेशको माध्यमबाट निर्देश गरेको विषयलाई सरकारले अन्देखा गर्नुलाई उतरदायित्व वा जवाफदेहिता निर्वाह गरेको भनी मान्न पनि मिल्दैन । लिखित जवाफ प्रस्तुतकर्ता नेपाल सरकारका निकायहरूको लिखित जवाफ हेर्दा प्रचलित कानूनी व्यवस्था एवम् जनहितका दृष्टिले गर्नुपर्ने कार्यहरू सम्बन्धमा सचेष्ट रहेको भनी उल्लेख गरेको देखिन्छ, तर कार्यान्वयन तहका ठोस एवम् परिणाममुखी काम भएका कुनै उल्लेखनीय तथ्य र तथ्याङ्क प्रस्तुत गर्न सकेको पाइएन । यस प्रकारका आधारहिन जवाफबाट अदालत सन्तुष्ट हुने अवस्था रहँदैन । यस पक्षमा नेपाल सरकारका सम्बद्ध निकायहरूको तत्काल गम्भीर ध्यानाकर्षण हुन वाञ्छनीय देखिएको छ ।

४२. खाद्य ऐन, २०२३ को दफा २(ख) र (ग) ले क्रमशः "दूषित खाद्य पदार्थ" र "न्यूनस्तरको खाद्य पदार्थ" को परिभाषा गर्दा पशु पन्छीबाट बनेको पदार्थलाई पनि समावेश गरेको छ । सोही ऐनको दफा ३ मा "कुनै व्यक्तिले दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न वा सोमध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन" भन्ने व्यवस्था रहेको छ । उक्त प्रावधानविपरीत कार्य गर्ने व्यक्तिलाई कैद तथा जरिवानासमेत हुने गरी दण्डनीय घोषित गरिएको देखिन्छ । तर गढीमाई मेलाका क्रममा बली दिइने पशुको मासु सम्बन्धमा उल्लिखित खाद्य ऐनमा रहेको प्रावधानलाई प्रयोगमा ल्याइएको स्थिति देखा परेन । परिणामतः आम जनसमुदायको स्वास्थ्यमा प्रतिकूल असर परेको र पर्ने अवस्था कायम रहेको देखिन्छ । यसबाट वातावरणीय सन्तुलनमा समेत नकारात्मक असर पर्ने अवस्था रहेको कुरा स्वाभाविकरूपमा अनुमान गर्न सकिन्छ ।

४३. "स्वच्छ स्वस्थ्य वातावरण जीवनको समग्रताको अङ्ग भएकोले जीउने अधिकारभित्र स्वच्छ स्वस्थ्य वातावरणको हक पनि अन्तरभूत हुन्छ" भन्दै जीवनको अधिकार (Right to Life) भित्र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार पनि अन्तरनिहित रहेको छ भनी यस अदालतबाट गोदावरी मार्बलको विवादमा सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।[25] यसपछि पनि कतिपय विवादका सन्दर्भमा यस अदालतबाट पटकपटक व्याख्या भई बाँच्न पाउने मौलिक हकभित्र स्वच्छ वातावरणमा बाँच्न पाउने हक पनि समावेश भएको छ भन्ने सिद्धान्त कायम भएको देखिन्छ । स्वच्छ वातावरणमा बाँच्न पाउने कुरालाई संविधानले मौलिक हक भनी प्रस्टरूपमा उल्लेख नगरेको अवस्थामा पनि अदालतले यसलाई मौलिक हककै रूपमा हेरेको थियो । हाल प्रचलित नेपालको संविधानको धारा ३० को उपधारा (१) मा नै "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ" भनी उल्लेख भएको छ । धारा ३० को उपधारा (२) ले "वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षेतिबापत पीडितलाई प्रदुषकबाट कानूनबमोजिम क्षेतिपूर्ति पाउने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । वास्तवमा बाँच्न पाउने हकभित्र सम्मान र प्रतिष्ठापूर्ण स्वस्थ जीवन जीउन पाउने हकसमेत अन्तरनिहित रहेको छ । बाँच्न पाउने हकलाई केवल पशुवत अस्तित्व (Animal Existence) को रूपमा बुझ्ने गरिएको पूरातन अवधारणाको अब कुनै कानूनी र व्यवहारिक महत्त्व छैन । वस्तुतः स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने कुरा संविधानद्वारा प्रत्याभूत

25 सूर्यप्रसाद शर्मा ढुङ्गेल वि. गोदावरी मार्बल इन्डस्ट्रिज प्रा. लि.समेत, नेकाप २०५२, पृ.१६९ (सर्वोच्च अदालतबाट प्रतिपादित सार्वजनिक कल्याणसम्बन्धी केही महत्त्वपूर्ण नजिरहरू भाग - ८, २०६३, पृ.७)

मौलिक हक भएकाले यो हकको संरक्षण र प्रचलनका लागि राज्यका तर्फबाट आवश्यक प्रबन्ध गरिनु अनिवार्य र वाञ्छनीय देखिन्छ । यो हक प्रचलनका लागि रचनात्मक भूमिका निर्वाह गर्नु यस अदालतको समेत दायित्व बन्दछ । तसर्थ, गढीमाई मेलाका क्रममा हुने गरेको वातावरणीय प्रदुषण नियन्त्रण गरी स्वस्थ्य र स्वच्छ वातावरण कायम राख्न बली दिइएका पशु पन्छीको मासुलगायतका पदार्थको उचित व्यवस्थापन गर्न, मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्न, पशु बधशाला र मासु जाँच ऐन, २०५५ लागू गर्न, तथा गढीमाई मन्दिर र आसपासका क्षेत्रमा स्वच्छ र स्वस्थ वातावरण कायम गर्न तथा बली दिइएका पशुको रगत, मासु, छालालगायत अन्य कारणबाट स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन आवश्यक प्रबन्ध मिलाउनु भनी विपक्षीहरूका नाउँमा आदेश जारी गर्नु आवश्यक देखिन आयो ।

जारी गरिएको रिट आदेशः

४४. माथि विवेचित आधार र कारणहरूबाट पशु बली दिने प्रथामा नियन्त्रण कायम गर्न, पशु बलीको कारणबाट स्थानीय वातावरण र जनस्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन, पशुपन्छीउपर निर्दयी, बर्बर वा क्रुर व्यवहार हुन नदिन देहायबमोजिम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) सपठित नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम देहायबमोजिमको आदेश जारी गरिएको छः

अ. निर्देशात्मक आदेशः

धार्मिक, सामाजिक, साँस्कृतिक, पर्यावरणीय, नैतिक वा तार्किक, कुनै पनि दृष्टिले विचार गर्दा बलीप्रथा कायम रहनु उचित होइन । अन्ततः बली दिने प्रथा बन्द गरिनु पर्दछ । तर, सुधार र परिवर्तनका हाम्रा प्रयासहरू व्यवस्थित हुनु पर्दछ । सामाजिक संरचनालाई खलबल्याउने किसिमको हुन हुँदैन । बलीप्रथा रोकिनु पर्ने भए तापनि सामाजिक सन्दर्भ तथा साँस्कृतिक यथार्थलाई नहेरी लामो समयदेखी समाजमा प्रचलनमा रहेको बलीप्रथामा तत्काल रोक लगाउनु भनी अहिले नै परमादेशको आदेश जारी गर्नु मनासिब देखिएन । वस्तुतः बलीप्रथा रोक्न वाञ्छनीय देखिएको र यसका लागि प्रचलित सामाजिक एवम् सांस्कृतिक मान्यताहरूलाई पनि यथोचितरूपमा सम्बोधन गर्न आवश्यक देखिएको हुँदा बली दिने कार्य रोक्न वा बन्द गर्नका लागि देहायबमोजिमको कार्य गर्नु गराउनु भनी विपक्षीमध्येको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कृषि विकास मन्त्रालय, पशु क्वारेण्टाइन कार्यालयलगायत नेपाल सरकारका सम्बद्ध मन्त्रालय एवम् कार्यालयहरूसमेतका नाउँमा देहायबमोजिमको निर्देशात्मक आदेश जारी गरिएको छः

क. सामाजिक संरचना र सन्दर्भ, मानिसको आस्था, साँस्कृतिक मान्यता आदि विविध पक्षलाई सम्बोधन गरी निश्चित समयसीमा भित्र पशु बली दिने प्रथा समाप्त गर्न (बन्द गर्न) रणनीतिक योजना तथा कार्यक्रम तयार गरी चरणबद्धरूपमा कार्यान्वयनमा ल्याउनु र पशु बलीप्रथाको अन्त्य गर्ने गरी आवश्यक कानून निर्माण गर्ने प्रबन्धसमेत मिलाउनु भनी निर्देशात्मक आदेश जारी गरिएको छ ।

ख. उपर्युक्तअनुसार बलीप्रथा रोक्नका लागि व्यापकरूपमा जनचेतना अभिवृद्धि गर्ने, गराउने कार्य सञ्चालन गर्नु तथा निश्चित समयसीमा तोकी बलीप्रथाको अन्त गरिने सूचनार सन्देश प्रचारप्रसार गर्नु गराउनु भनी निर्देशात्मक आदेश जारी गरिएको छ ।

ग. उपर्युक्तअनुसार बली दिने कार्य बन्द हुने अवस्थासम्मका लागि दिन प्रतिदिन बढ्दै गएको बली दिने कार्यमा नियन्त्रण कायम गरी क्रमिकरूपमा यसको मात्रा घटाउँदै लैजाने उपाय स्वरूप बली दिनेबाट संस्थागतरूपमा आकर्षक दस्तुर असुल गर्ने, प्रक्रियागत सर्तहरू निर्धारण गर्ने, बली दिन पाउने अधिकतम पशु संख्या निर्धारण गर्ने, बली दिने पशुको अधिकतम र न्यूनतम उमेर निर्धारण गर्ने, अस्वस्थ वा विरामी पशु पन्छीलाई बली दिन नपाउने, खुल्ला ठाउँमा सार्वजनिक तवरबाट बली नदिने जस्ता आवश्यक र उपयुक्त सर्तहरू निर्धारण गरी, निरोधात्मक उपायहरू अपनाई बली दिने कुरालाई निरूत्साहित गर्दै लैजानु भनी निर्देशात्मक आदेश जारी गरिएको छ।

घ. पशु अधिकारलाई कानूनीरूपमा परिभाषित गरी पशुपन्छीउपरका सबै प्रकारका निर्दयी व्यवहारमा नियन्त्रण कायम गर्न वाञ्छनीय भएकाले पशु अधिकारको प्रत्याभूति दिन, पशु कल्याणको प्रबन्ध गर्न र नेपाली समाजमा पशु पन्छीउपर हुने गरेका सबै प्रकारका क्रुर, बर्बर, निर्दयी वा अमानवीय व्यवहारलाई दण्डनीय घोषित गर्न अन्य मूलुकका प्रचलनसमेतको अध्ययन गरी हाम्रो सामाजिक सन्दर्भ अनुकूल उपयुक्त कानून निर्माण गर्ने प्रक्रिया अबिलम्व अगाडि बढाउनु भनी निर्देशात्मक आदेश जारी गरिएको छ।

आ. परमादेशको आदेशः

पशु बली दिने प्रचलन बन्द गर्ने सम्बन्धमा निर्देशात्मक आदेश जारी गर्दा माथि उल्लेख गरिएका कुराहरूको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा देहायबमोजिम गर्न गराउन विपक्षीहरूका नाउँमा यो परमादेशको आदेश जारी गरिएको छः

क. बली दिने क्रममा वा बलीका लागि पशु पन्छीको ओसारपसार गर्दा तथा अन्य क्रियाकलापका सन्दर्भमा पशुपन्छीउपर क्रुर, बर्बर, निर्दयी व्यवहार हुन नदिने प्रभावकारी व्यवस्था मिलाउन पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिमको समिति तत्काल गठन गर्नेलगायत अन्य जो चाहिने थप संन्यन्त्र खडा गरी कार्य सञ्चालन गर्नु, गराउनु भनी परमादेशको आदेश जारी गरिएको छ।

ख. विधायिकाबाट १७ वर्ष पहिले निर्माण भएको पशु बधशाला र मासु जाँच ऐन, २०५५ लागू गर्ने सम्बन्धमा यस अदालतबाट १० वर्ष पहिले निर्देशात्मक आदेश जारी भएकोमा अहिलेसम्म पनि उक्त ऐन प्रारम्भ गर्नेतर्फ संवेदनशीलता नअपनाई उदासिनता कायम राखिएको बिडम्बनापूर्ण अवस्था देखिन आएकाले अब यस सम्बन्धमा जे जो व्यवस्था मिलाउनु पर्छ मिलाइस उक्त ऐनमा कुनै सुधार गर्नुपर्ने भए गरी सो ऐनलाई अबिलम्व पूर्ण कार्यान्वयनमा ल्याउनु भनी परमादेशको आदेश जारी गरिएको छ।

ग. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ बमोजिम विदेशबाट पैठारी गरिने पशुको क्वारेण्टाइन परीक्षण गर्ने तथा प्रमाणपत्र प्राप्त गर्नेसमेतका कार्यलाई अनिवार्य, भरपर्दो र प्रभावकारी तुल्याउनुस यसका लागि आवश्यक नाकाहरूमा क्वारेण्टाइन चेकपोष्ट खडा गर्नेलगायत आवश्यक नियमनकारी सन्यन्त्र खडा गरी चुस्त सेवा उपलब्ध हुने व्यवस्था मिलाउनु भनी परमादेशको आदेश जारी गरिएको छ।

घ. गढीमाई मेलाका क्रममा हुने गरेको वातावरणीय प्रदुषण नियन्त्रण गरी स्वस्थ र स्वच्छ वातावरण कायम राख्न बली दिइएका पशु पन्छीको मासुलगायतका पदार्थको उचित व्यवस्थापन गर्नु, मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्नु, तथा गढीमाई मन्दिर र आसपासका क्षेत्रमा

स्वच्छ र स्वस्थ वातावरण कायम गर्न तथा बली दिइएका पशुको रगत, मासु, छालालगायत अन्य कारणबाट स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन आवश्यक प्रबन्ध मिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिएको छ।

ङ. पशुबली दिने, दिलाउने कार्यमा प्रत्यक्ष वा परोक्षरूपमा प्रोत्साहन वा सहयोग पुग्ने गरी सरकारको तर्फबाट कुनै कार्य नगरी त्यस्तो कार्यलाई निरूत्साहित गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिएको छ।

४५. यो आदेशको कार्यान्वयन स्थिति सम्बन्धमा आवधिकरूपमा अनुगमन गर्न र पूर्ण कार्यान्वयनको अवस्था सुनिश्चित गर्न, गराउन यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई यसै आदेशद्वारा निर्देश गरिएको छ।

४६. यो आदेशको एकप्रति आवश्यक जानकारी र कारवाहीको लागि यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई र एकप्रति प्रतिलिपि विपक्षीहरूको जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू। अरू नियमानुसार गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत: यमप्रसाद बास्कोटा
इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम्

निर्णय नं. ९६८७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायधीश डा. आनन्द मोहन भट्टराई
माननीय न्यायधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७३।०५।१३
०७१-WO-०७०९

मुद्दाः परमादेश

निवेदक / वादी : जिल्ला काठमाडौं नैकाप पूरानो भञ्ज्याङ्ग गा.वि.स. वडा नं.७ बस्ने सृजन खरेल

विरूद्ध

विपक्षी / प्रतिवादी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

- **नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ। नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन। राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ। राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन। नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा**

सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण नहुने ।

(प्रकरण नं.९)

- **आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानूनी अधिकारप्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैँ संवेदनशील भई यो विषय वस्तुलाई हेर्नु वान्छनीय देखिने ।**

(प्रकरण नं. १२)

निवेदक/वादीका तर्फबाट : विद्वान् अधिवक्ता मिरा ढुङ्गाना र अधिवक्ता सुष्मा गौतम

विपक्षी/प्रतिवादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता संजीव रेग्मी

अवलम्बित नजिर :

- नेकाप २०६६, नि.नं.८१७५, पृ.१०१४
- नेकाप २०६८, नि.नं.८५५७, अङ्क २, पृ.२४७

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- नेपालको संविधान, २०७२ को धारा ११(४), ११(५), १८

आदेश

न्या. डा. आनन्द मोहन भट्टराई : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

म निवेदक सृजन खरेल नेपाली नागरिकताबाट वञ्चित भएको पीडित हुँ । कैलाली जिल्ला धनगढी नगरपालिका ३ स्थायी ठेगाना भई का.जि.का.म.न.पा. वडा नं. १५ डेरा गरी aस्ने विपिन खरेल र का.जि. नैकाप पूरानो भन्ज्याङ्ग गा.वि.स. वडा नं. ७ बस्ने शर्मीला गौतमको प्रेम विवाह भई सो विवाह सम्बन्धबाट म निवेदकको मिति २०५४।५।२३ मा परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल थापाथली काठमाडौंमा जन्म भएको हो । हाल म १७ वर्ष भए । मेरो आमा र बुबा नेपाली नागरिक हुनुहुन्छ । मेरो बाल्य अवस्थामा नै बुबाले मेरो आमा, दिदी र मलाई खान लगाउनसमेत नदिई विना सूचना डेरा छाडि बेपत्ता हुनु भएपछि आमाले म निवेदक र दिदीलाई आफ्नो माइती घर का.जि. नैकाप पूरानो भन्ज्याङ्ग वडा नं. ७ लग्नु भएको हो । हामीहरू हाल मामा घर बस्दै आएका छौं । मेरो शिक्षा हिमशिखर बोर्डिङ्ग स्कुल काठमाडौंबाट भएको हो । मेरो दिदीले एस.एल.सी. पास गरेपछि नागरिकताको आवश्यक परेकोले बुबा विपिन खरेललाई खोजतलास गरी नागरिकता बनाउन पहल गरिपाउँ भनी मेरो आमा शर्मिला गौतमले प्रहरी प्रशासन काठमाडौंमा निवेदन गरी सो निवेदनउपर कारवाही हुँदा मिति २०६८।१२।२० हाजिर हुने गरी ऐ। १९ गते महानगरीय प्रहरी परिसर, काठमाडौंमा कागज गरी गएपछि बुबा २० गते काठमाडौं महानगरीय प्रहरी परिसरमा अनुपस्थित रहनु भई आमा, हजुरआमा, प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयसमेतका विरूद्धमा पुनरावेदन अदालत, पाटनमा निषेधज्ञाको मुद्दा दिई सोही मुद्दामा मिति २०६८।१२।२० मा

पुनरावेदन अदालत, पाटनबाट उल्टो अन्तरिम आदेश जारी गराई बुबा सम्पर्कभन्दा बाहिर भई बस्नु भयो ।

म निवेदकले २०६९ सालमा एस.एल.सी. पास गरी २०७० सालमा नागरिकता बनाउनको लागि बुबालाई खोज्ने प्रयास गर्दा उहाँको थाहा जानकारी पाउन सकेको छैन । उच्च शिक्षाको लागि फाराम भर्न नागरिकता आवश्यकता परेको हुँदा आमाको नामबाट नागरिकता बनाउनको लागि आमाले सनाखत गर्ने गरी मिति २०७१।७।१४ मा नैकाप पूरानो भन्ज्याङ्ग गा.वि.स. को कार्यालयमा निवेदन दिई उक्त निवेदनउपर मिति २०७१।७।१९ गते रीत पूर्वकको सर्जमिन गरी सम्पूर्ण व्यहोरा खुलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा नागरिकताको प्रमाण पत्र पाउँ भनी नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम १ र ३ बमोजिमको दरखास्त फाराम भरी पेस गरेकोमा प्रमुख जिल्ला अधिकारीले तपाइँको बाबुको नागरिकताको प्रमाणपत्र पेस नभएसम्म नागरिकता दिन नमिल्ने भनी मौखिकरूपमा फिर्ता पठाएकोले म नेपाली नागरिकको छोरा र नेपालमा जन्म भई नागरिकता लिन चाहिने उमेर पूरा भएको अवस्थामा पनि राज्यविहीन र नागरिकताविहीन हुन पर्‍यो ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ धारा ८(२) (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुन पाउने व्यवस्था र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्ने पाउने व्यवस्थाविपरीत भएको साथै मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १५ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४ बाल अधिकारसम्बन्धी महासन्धिको धारा ७, महिलाउपर हुने सबै खालेसम्बन्धी भेदभाव विरूद्धको महासन्धि, १९७९ को धारा ९ को समेत प्रतिकूल भएको हुँदा कानूनबमोजिमको आमाको नामबाट नागरिकता दिनु भन्ने र देशभरिका हामी जस्ता पीडितको हकमा समेत व्याख्या हुने गरी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने व्यहोराको मिति २०७१।११।२५ को सृजन खरेलको रिट निवेदन ।

यस अदालतबाट मिति २०७१।११।२७ गते विपक्षीहरूको नाममा १५ दिनभित्र लिखित जवाफ पेस गर्नू साथै अग्राधिकारसमेत प्रदान गर्नू भन्ने आदेश ।

संविधान तथा कानूनले तोकेको प्रक्रिया पूरा गरी आवश्यक प्रमाण कागजातसहित निवेदकले अधिकारप्राप्त सार्वजनिक निकायसमक्ष नागरिकताको प्रमाणपत्र माग गरेको अवस्थामा कानूनबमोजिम सम्बन्धित निकायबाट कानूनी कर्तव्य पूरा हुनुपर्ने कुरामा कुनै विवाद छैन । निवेदकले कानूनी व्यवस्थाबाटै भेदभाव गरिएको भनी दाबी लिन सकेको अवस्था पनि छैन । अतः कुनै कानूनी व्यवस्थालाई चुनौती दिन नसकेको र यस मन्त्रालयको कानूनी कर्तव्यभन्दा बाहिरको विषयमा असम्बन्धित निकायलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको मिति २०७१।१२।१७ को कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट ऐ. मन्त्रालयका सचिव श्री भेषराज शर्माको लिखित जवाफ ।

रिट निवेदकले निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न नसकी यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने आधार र कारण खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०७१।१२।२३ को संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा.सोमलाल सुवेदीको लिखित जवाफ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट विपक्षी रिट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक हनन् भएको खुलाउन सक्नु भएको छैन । नागरिकता प्रदान गर्ने विषयमा यस कार्यालयलाई विपक्षी बनाइरहनू पर्ने होइन । नेपालको नागरिकताको

प्रमाणपत्र पाउँ भन्ने पक्षले नागरिकताको ऐन नियममा निर्धारित प्रक्रिया र कार्यविधिको पालना गरी सम्बन्धित निकायमा रितपूर्वकको निवेदन दिनुपर्ने कुरालाई अन्यथा भन्न सकिँदैन । विद्यमान कानूनको अधीनमा रहि नागरिकताको सिफारिस र नागरिकताको प्रमाण पत्र कानूनी कर्तव्य भएका पदाधिकारीले दिनुपर्ने हुन्छ । आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्ने सम्बन्धमा हेर्दा सविना दमाईसमेत निवेदक विरूद्ध नेपाल सरकारसमेत भएको (२०६७-WO-०७०३) को रिट निवेदनमा यस अदालतबाट मिति २०६७।११।१५ मा निवेदिकालाई आमाको नामबाट कानूनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु, नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाको आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. को नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाण पत्र उपलब्ध गराउन देशव्यापीरूपमा सबै प्रमुख जिल्ला अधिकरीको नाममा परिपत्र गरी आवश्यक व्यवस्था गर्नु र समाजमा रहेका खराब, परम्परा, प्रचलन प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशानात्मक आदेश जारी भएकोमा सोको कार्यान्वयनको लागि यस कार्यालयको मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखी पठाइएकोमा मिति २०६८।५।५ को गृह मन्त्रालयको पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई ३ बुँदे परिपत्र गरिएको बोधार्थ पत्रसमेत प्राप्त भएको हुँदा पुन सोही विषयका सन्दर्भमा यस अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिँदैन । अन्य निवेदनको दाबीको हकमा सम्बन्धित निकाय तथा पदाधिकारीको लिखित जवाफबाट स्पष्ट हुने नै छ । अतः उपर्युक्त आधार र कारणसमेतबाट विपक्षी निवेदकको मागबमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने मिति २०७१।१२।२० को प्रधानमन्त्री कार्यालयका सचिव श्री राजुमान सिंह मल्लको लिखित जवाफ ।

बुबाको नाम थर वतन थाहा भएको अवस्थामा स्थायी बसोबास भएको स्थानमा गई सम्बन्धित स्थानिय निकायको सिफारिस लिई जिल्ला प्रशासन कार्यालयसमक्ष जान रिट निवेदकलाई के कस्तो कारणले कठिनाई भएको यस तर्फ रिट निवेदनमा केही खुलाइएको छैन । नागरिकता ऐन नियमावली अनुसार नागरिकता प्राप्त गर्न पूरा गर्नुपर्ने दायित्व निवेदकहरूको हो र नागरिकता प्राप्त गर्न आवश्यक कागजात पूरा नगरेको र कार्याविधि अवलम्बन नभएको अवस्थामा नागरिकता उपलब्ध गराउन सकिँदैन । तोकिएको कार्याविधि पूरा गरी ऐन नियमावलीले पेस गर्नुपर्ने भनी निर्धारण गरेको कागजातसहित जिल्ला प्रशासन कार्यालयमा गएमा त्यहाँबाट नै सम्पूर्ण काम कारवाही हुन भएकोले यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको मिति २०७१।११।१२ गतेको गृह मन्त्रालका सचिव सूर्यप्रसाद सिलवालको लिखित जवाफ ।

जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंको म्यादभित्र लिखित जवाफ पेस नगरेको ।

नियमबमोजिम दैनिक तथा साप्ताहिक पेसी सुचीमा चढी आज इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता मिरा ढुंङ्गाना र अधिवक्ता सुष्मा गौतमले निवेदक सृजन खरेल नेपाली नागरिकताको प्रमाणप्राप्त नेपाली नागरिकको छोरा भएकोमा विवाद छैन । निजको बाबु छोराछोरीलाई बाबुको नामबाट नागरिकता नबनाउने दूषित मनसाय राखी बेपत्ता भई सम्पर्कमा नआएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी सृजन खरेल वंशजको आधारमा नेपालको नागरिक भएको तथ्य स्पष्ट छ । यस्तो पितृत्व, मातृत्व ठेगाना नभएको व्यक्तिले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रियाअनुरूप नागरिकता पाउने व्यवस्था छ । तर उल्लिखित कानूनी प्रक्रिया पूरा

गरी विपक्षी जिल्ला प्रशासन कार्यालयमा आमाको नामबाट नागरिकता पाउँ भनी सृजन खरेलले निवेदन दिएकोमा विपक्षी प्रमुख जिल्ला अधिकारीले बाबुको नागरिकता पेस नगरी नागरिकता बन्न नसक्ने भनी मौखिक आदेश गरेको हुँदा निज निवेदक सृजन खरेल नागरिकताविहीन र राज्य विहीनताको अवस्थामा बाँच्न बाध्य भई नागरिकता पाउने संवैधानिक हकलगायत नागरिकको नाताले पाउने कानूनीहकबाट वञ्चित हुनु परेको छ । विपक्षीको उक्त कार्य नेपालको अन्तरिम संविधान, नेपाल नागरिकता ऐन तथा नियमावली, २०६३ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय दस्तावेजसमेतको विपरीत हुन गएको छ । तसर्थ निवेदक सृजन खरेल र निज जस्ता पीडित व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या हुने गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकारसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री संजिव रेग्मीले नेपाल सरकारले निवेदक जस्ता नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न कुनै भेदभाव गरेको छैन । निवेदकले दाबी गरेको नागरिकता पाउने सारवान अधिकारको लागि केही कार्यविधिगत प्रक्रिया पनि पूरा गर्नुपर्छ । निवेदकहरूको आफ्ना बुबा भनी उल्लेख गरेको विपिन खरेलको नाता प्रमाणित कागजलगायतका प्रमाण कागज पेस भएका बखत नागरिकता दिने भनेकोमा निवेदकहरूको बाबुको राष्ट्रियता खुल्ने नेपाली नागरिताको प्रमाणपत्र तथा निवेदहरूको बाबु भएको नाता खुल्ने प्रमाण कागज पेस नगरी बाबुको हुन भन्ने नै नदेखिएको अवस्थामा नागरिकता नदिएको भनी व्यहोरा ढाँटी परेको रिट निवेदन खारेज गरिपाउँ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो ।

उल्लिखित बहस जिकिरसमेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो, वा होइन ? सो विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा यसमा निवेदक सृजन खरेल कैलाली जिल्ला धनगढी नगरपालिका ३ घर हुने विपिन खरेल र का.जि. नैकाप पूरानो भन्ज्याङ्ग गा.वि.स. वडा नं.७ बस्ने शर्मीला गौतमको वैवाहिक सम्बन्धबाट आफू जन्मेपछि बाबु विपिन खरेल शिशु अवस्थामा नै आमालाई जानकारी नदिई बेपत्ता हुनुभएबाट हालसम्म कुनै जानकारी र सम्पर्क नरहेकोले निवेदकको दिदीको एस.एल. सी. पास गरेपछि नागरिकताको आवश्यकता भएकोले नागरिकता बनाउनको लागि बुबा विपिन खरेललाई खोजतलास गरी नागरिकता बनाउन पहल गरिपाउँ भनी आमा शर्मिला गौतमले प्रहरी प्रशासन काठमाडौंमा निवेदन गरी सो निवेदनउपर कारवाही हुँदा मिति २०६८।१२।२० हाजिर हुने गरी ऐ.१९ गते महानगरीय प्रहरी परिसर, काठमाडौंमा कागज गरी गएपछि बुबा २० गते काठमाडौं महानगरीय प्रहरी परिसरमा अनुपस्थित रहनु भई आमा हजुरआमा प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयसमेतका विरूद्धमा पुनरावेदन अदालत, पाटनमा निषेधज्ञाको मुद्दा दिई सोही मुद्दामा मिति २०६८।१२।२० मा पुनरावेदन अदालत, पाटनबाट उल्टो अन्तरिम आदेश जारी गराई बुबा हामी निवेदकलाई बुबाको नामबाट नागरिकता नबाइदिने उद्देश्यले जानी जानी सम्पर्कभन्दा बाहिर भई बस्नु भएपछि हालसम्म सम्पर्क विहीन भई बसेको, म निवेदकलाई उच्च शिक्षा हासिल गर्नको लागि नागरिकताको आवश्यकता परेको हुँदा गा.वि.स.को सिफारिस साथ निवेदन गर्दा आमाको नामबाट नागरिकता लिन निवेदन गर्दा बाबुको नागरिकता पेस नगरी नागरिकता दिन नमिल्ने भनी मौखिकरूपमा नागरिकता दिन इन्कार गरियो भन्ने निवेदकको जिकिर देखियो ।

३. निवेदनसाथ संलग्न कागज प्रमाण प्रतिलिपि हेर्दा निवेदनको आमा शर्मिला गौतमको काठमाडौं जिल्ला नैकाप पूरानो भञ्ज्याङ्ग गा.वि.स.वडा नं.७ मा मिति २०३३।९।२५ मा जन्म भएको भन्दै निजको नाममा मिति २०६८।६।३० मा जिल्ला कार्यालय काठमाडौंबाट ना.प्र.नं ७६१०/१०४४६ को

नागरिकताको प्रमाणपत्र जारी भएको देखियो । साथै विपिन खरेल विरूद्ध शर्मिला गौतम र जिल्ला प्रशासन कार्यालय भएको (निषेधज्ञाको मुद्दा नं. २०६८-WO-०६२३) मा पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२० मा भएको फैसला भएको मिसिल संलग्न प्रतिलिपिबाट देखिन्छ ।

४. निवेदक सृजन खरेलको मिति २०५४।५।२३ मा जन्म भएको परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पतालको जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निजको बुबाले विना सूचना डेरा कोठामा नआई बेपत्ता भई सम्पर्क विहीन भएपछि मामा घरमा बस्दै आएको भन्ने स्थानीयले गरेको सर्जमिन मुचुल्का र पूरानो भञ्ज्याङ्ग गा.वि.स. कार्यालयको सिफारिस हिमशिखर बोर्डिङ्ग स्कुलको सिफारिससाथ आमाको नागरिकताको प्रमाण पत्रलगायत सम्पूर्ण कागजात र कानूनी प्रक्रिया पूरा गरी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता लिन लागि मिति २०७१।७।१४ नैकाप पूरानो भन्ज्याङ्ग गा.वि.स. को कार्यलयमा निवेदन गरेपछि उपर मिति २०७१।७।१९ गते रित पूर्वको सर्जमिन गरी उक्त सर्जमिन व्यहोरा खुलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन पेस गरेको भन्ने पनि रिट निवेदनमा उल्लेख गरेको देखियो । तर विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले यस निवेदनको विषयमा लिखित जवाफ पेस गरेको नदेखिँदा जिल्ला प्रशासनको के भनाइ रहेछ बुझ्न सकिएन ।

५. नागरिकताको सम्बन्धमा हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा २ खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको "बाबु वा आमा" नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तै किसिमको व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा २(ख) मा रहेको छ। संविधानमा रहेको नेपाल नागरिकतासम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वनेको नागरिकतासम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको "बाबु वा आमा" नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

६. संविधान र नागरिकता ऐनमा "बाबु वा आमा" भन्ने शब्दाबली प्रयोग भएको बाट बाबु वा आमामध्ये कुनै एक व्यक्ति नेपाली नागरिक भएमा तिनका सन्तानले १६ वर्ष उमेर पुग्नासाथ नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सक्ने देखिन्छ । बाबु वा आमामध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो । सो कुरा यस अदालतले स्वीकार गरी सकेको अवस्था पनि छ । (ने.का.प. २०६६ नि.नं. ८१७५ पृ.१०१४) तसर्थ बाबु वा आमामध्ये एउटाको नागरिकता राखी निवेदन दिएकोमा अर्कोको पनि नागरिकता खोज्न वा नागरिकता सहजरूपमा लिन अपायक पर्ने ठाउँमा जानु भन्न कानूनले मिल्दैन ।

७. जहाँसम्म निवेदकले बाबु बेपत्ता भएको भन्ने प्रश्न छ बाबु बेपत्ता हुदैमा निवेदकहरूले नागरिकता नपाउने भन्ने हुँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(३) र नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापक्षेतामा हेर्दा पितृत्व वा मातृत्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्मेको भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । वंशजको आधारमा नागरिकता लिएकोमा पछि बाबु विदेशी ठहरेमा आमाको नामबाट नागरिकता लिने व्यक्तिको वंशजको नागरिकता अङ्गिकृत नागरिकतामा परिणत हुने देखिन्छ । यहाँ निवेदकको बाबु आमा फेला नपरेको वा बाबुको पहिचान हुन नसकेको अवस्था होइन । निवेदकले आफ्नो बाबुको नाम र वतन स्पष्ट उल्लेख गरेका छन् । बाबु विपिन

खरेल बिना सूचना केही नभनी कोठा छाडी बेपत्ता भई सम्पर्कबिहिन भएको भन्ने निवेदकहरूको भनाइ रहेको छ । यो कुरा होइन भन्ने लिखित जवाफबाट देखिँदैन । मिसिल संग्लन पुनरावेदन अदालत, पाटनबाट २०६८।१२।२० मा निर्णय भएको निवेदक विपिन खरेल विपक्षी शर्मिला गौतम भएको निषेधज्ञाको निवेदन (०६८-WO-०६२३) मा भएको फैसलाको तथ्य खण्डमा नै निवेदकले शर्मिला गौतमसँग आफ्नो विवाह भई एक छोरा र एक छोरीको जन्म भएको कुरा स्वीकार गरेकै देखियो । यसबाट निवेदकको बाबुको परिचय वा निजसँगको सम्बन्ध खासै विवादास्पद रहेको पनि देखिएन । यहाँ विपक्षी जिल्ला प्रशासन कार्यलयबाट वंशजको आधारमा नागरिकता लिन बाबुको नागरिकताको प्रमाण पेस गरेमात्र नागरिकता दिने भनी मौखिक जवाफ दिएको भन्ने कुरा यहाँ उठाइएको छ । मुख्य कुरा बाबु वा आमामध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ। निवेदक त्यस्तो अवस्थामा बाबुको नागरिकता पेस गर्न नसकेको भन्ने अत्तो थापी नागरिकताको प्रमाण पत्र प्रदान गर्न इन्कार गर्न मिल्ने हुँदैन।

८. निवेदक सृजन खरेलको मिति २०५४।५।२३ मा परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल थापाथलीमा जन्म भएको भन्ने जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । निवेदक उमेर १६ वर्ष पूरा भन्ने विद्यालयको एस.एल.सी. को प्रमाणपत्रबाट देखिन्छ । निवेदकको आमा वंशजको नाताको नेपाली नागरिक भई काठमाडौं जिल्ला नैकाप पूरानो भन्ज्याङ्ग वडा नं. ७ मिति २०३३।९।२५ मा जन्म भएको र निजको नाममा मिति २०६८।६।३० मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट ना.प्र. नं.७६१०/१०४४६ नागरिकताको प्रमाणपत्र जारी भएको भन्नेमा विवाद नभएको हुँदा र निवेदकले नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा तोकिएबमोजिम सिफारिससमेत लिएको पाइँदा अझ नागरिता दिन इन्कार गर्नुपर्ने कारण देखिँदैन।

९. नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन। राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ । राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन। नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन।

१०. नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ । धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो । धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरिएको छ । लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८(२) मा उल्लेख गरिएको छ। यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ । यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान बहाल रहँदाको अवस्थामा दायर भएको छ तथापि नयाँ संविधान अर्थात् नेपालको संविधानद्धारा प्रत्याभुत हकहरू निवेदकहरूलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ देखिँदैन।

११. निवेदकहरूको आमा शर्मिला गौतम नेपालको नागरिक भन्ने कुरा निजको नेपालको

नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदकलाई निजको बाबु बेपत्ता भएकोमा बाबुको नागरिकताको प्रमाण पत्र पेस नगरेको कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकहरूको मात्र होइन निजको आमा शर्मिला गौतमको मौलिक हक हनन् हुने स्थिति यहाँ पर्न आएको देखियो। महिलाहरू उपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरातर्फ विपक्षीहरूको दृष्टि पुगेको देखिएन।

१२. यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं ०६७-WO-०७०३ ने.का.प.२०६८ नि.नं.८५५७ अंक २ पृष्ठ २४७) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जिल्ला प्रशासन कार्यलयको नाउँमा परमादेश जारी भएको देखिन्छ । तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मन्त्रिपरिषद्बाट मिति२०६८।६।६ गृह मन्त्रालयलाई र गृह मन्त्रालयबाट मिति २०६८।५।५ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्नेसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखियो । त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-WO-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जारी भएको देखिन्छ । रन्जिता थापाको निवेदनमा भएको निर्णय माथि उल्लेख भएकै छ। यसरी यस अदालतबाट यसपूर्व नै नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भइसकेको समेत देखिन आयो । आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन । आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नुभनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ। कानूनी अधिकारप्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ । निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैँ संवेदनशील भई यो विषय वस्तुलाई हेर्नु वान्छनीय देखिन्छ।

१३. अतः उल्लिखित आधार र कारणहरूबाट प्रस्तुत निवेदनमा निवेदक सृजन खरेलको आमा शर्मिला गौतम नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदक सृजन खरेलको नेपाली नागरिक शर्मिला गौतमबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिकता पेस गरी भएसम्मको प्रमाण राखी निवेदन दिएमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णयबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले मागबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने देखिएन। आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.
इति संवत् २०७३ साल भदौ १३ गते रोज १ शुभम्।